## अनुसूचि

१. इतिहास

१.१ – पृथ्वी नारायाण शाह भन्दा पहिलेको भव्य नेपाल

१.२ – नेपालको प्राचीनता

१.३ – अमात्य वंशजका आदि पुरूषहरू

१.४ – चक्रविहार र स्वठ ग्वाछेंको ऐतिहासिक महत्व र चिकुटी भारो

२. व्यक्तिगत जीवनी

२.१ – बाजे र बाबुहरूको सामान्य परिचय

२.२ – बाल्यकालको सम्झनाहरू (आमा बारे)

२.३ – शिक्षा (Education)

– क्याम्पस

२.४ – अविस्मरणीय घटनाहरू (Unforgettable Moments

- Memorable events in Lukhnow
- Participation in Indian Movements Against Britishers

२.५ – जागिर (Job)

२.६ – सामाजिक कार्यहरूमा संलग्नता (Involvement in social reforms)

राजनितिक जीवन

३.१ – अनौपचारिक राजनीतिमा (Involvement in Politics Indirectly)

३.२ – जेल भित्रको अबस्था : (२००४ साल भाद्र देखि फागुण सम्म)

३.३ – जेलपछि भारतको गान्धी आश्रमा भ्रमण

३.४ – दरभंगामा रहदाको आर्थिक समस्या

३.५ – हैजाको महामारी – (२००५ साल बैशाख – जेष्ठ दुई महिना)

३.६ – राणा विरोधी आन्दोलनमा सक्रिय भूमिका (२००५ श्रावणतिर)

३.७ – पञ्चायत आन्दोलन (२००५साल) (1948-March-April)

३.८ – कांग्रेसमा प्रवेश २००५ साल रक्सौल–मंसिर/पुस ? (1948 May-June)
-काङ्ग्र]समा प्रव]श / त्य:का आन्दा]लनहरूमा सक्रिय भ"मिका)

३.९ – काठमाण्डौं आन्दोलन ज्ञढद्धड व्गथि तय म्भअझदभच

३.१०   – २००५/०६ सालमा माघ, फागुण, चैत्र, बैशाख, जेठ, अषाढ, श्रावण (बर्षादमा काठमाण्डौ आन्दोलन)

३.११   – राजा त्रिभुवनसँगको भेट (२००५ साल बर्षात पछि अक्टोवर तिर)

३.१२ – नेपाली काङ्ग्रेसको गोरखपुर सम्मेलन -२))% साल, 1948 December)

३.१३ – केही कम्युनिस्ट हरू सँग भेटघाट र कम्युनिस्ट  पार्टी प्रति केही भ्रमहरू (Contact with communists and confusions about communist party)

३.१४   – ने.का. को गोरखपुर सम्मेलन

३.१५   – अखिल नेपाल किसान सङ्घको स्थापना

३.१६   – नेपाली काङ्ग्रेस छोडि कम्युनिस्ट  राजनीतिमा संलग्नता र पुष्पलाल सँग भेट (1949 Calcutta visit at the advice of DrabyaMan from Raxaul, Darbhanga, on January, February & March)

३.१७   – 1949 Culcutta Classes (March, April, May, गर्मी सुरू ३ महिनाको क्लास०

३.१८   – कम्युनिस्ट  पार्टीको सदस्यता ग्रहण वा कम्युनिस्ट  पार्टीमा प्रवेश (२००६ साल मार्च, अप्रेल, मे)

३.१९   – बैजनाथपुर फिर्ता (Return to Baijnathpur, worked for four months 1949 , June, July, August, September)

३.२० – कम्युनिस्ट  पार्टीको पहिलो केन्द्रीय सङ्गठन समितिको गठन (Formation of C.O.C of Communist Party of Nepal, 1949)

३.२१   – दिल्ली सम्झौताको बिरोध र जेल चलान

– मोतिहारी जेल र भागलपुर जेलमा

३.२२   – कम्युनिस्ट  पार्टीको प्रथम सम्मेलन (First Conference of N.C.P. Sep 27th, 1951)

३.२३   – का. पुष्पलाललाई महा–सचिवबाट हटाइनु र त्यसपछि प्रथम महाधिवेशन

३.२४   – किसान आन्दोलन (२००७ – २०१४)

– किसान आन्दोलन (तमसुक फट्टा आन्दोलन)

३.२५   – डा. रायमाझीको नेतृत्व र पार्टीको दोश्रो महाधिवेशन

३.२६   – २००७ सालको सशस्त्र सङ्घर्ष पछि प्रजातन्त्रको स्थिति र २०१४ सालको भद्र अवज्ञा आन्दोलन

३.२७   – २०१५ सालको चुनाव र कम्युनिस्ट  पार्टीको स्थिति

– संसदमा कम्युनिस्ट  पार्टीको भूमिका

३.२८   – आजको शासक दल र यसको विकल्प

३.२९ – २०१७ साल पछि कम्युनिस्ट पार्टीको भूमिका
३.३० – दरभंगा प्लेनम,२०१७ साल फागुन (१९६१ मार्च)
३.३१ – तृतीय महाधिवेशन
३.३२ – पार्टी फुट्ने क्रमको सुरूवात
३.३३ – पार्टी विरोधी प्रचार
३.३४ – कम्युनिस्ट पार्टी टुक्र्याउनुमा अमेरिकी साम्राज्यवादको हात

राजनैतिक दृष्टिकोण र विश्लेषण
४.१ – राष्ट्रिय प्रजातन्त्रको राजनीतिको स्रोत र यसमा माओको नेतृत्वमा रहेको चीनी कम्युनिस्ट पार्टीको भनाइ
४.२ – सोभियत विरोधी अभियान
४.३ – पार्टी एकता र संयुक्त मोर्चाको सवालमा
४.४ – राष्ट्रिय प्रजातन्त्रको विरोध र यसको फल
४.५ – पुँजीवादी प्रजातन्त्र र पुँजीवादी विकासले देशलाई कहाँ पुर्‍याउने हो
४.६ – विदेशी पुँजी र विदेशी ऋणमा विकास गर्न चाहने देशहरू
४.७ – नव–उपनिवेशवादको चरित्र
४.८ – अमेरिकी साम्राज्यवादको नयाँ तरिका
४.९ – प्रजातान्त्रिक आन्दोलनमा कम्युनिस्ट पार्टीको भूमिका र तेश्रो महाधिवेशन
४.१० – सामाजिक परिवर्तन
४.११ – संयुक्त जनमोर्चा र मसाल
४.१२ – रा.प्र.पा.
४.१३ – सद्भावना पार्टी
४.१४ – नयाँ समाजको निर्माणधध
४.१५ – हाम्रो राजनीतिक लक्ष्य □जनवादी राष्ट्रिय प्रजातन्त्र□ स्थापना गर्नु हो
**४.१६ – राष्ट्रिय सल्लाहकार समिति** (National Consultative Council)
४.१७ – प्रतिनिधि सभा
४.१८ – राष्ट्रिय सभा
४.२० – अर्थनीति
४.२१ – संस्कृति
४.२२ – धर्म
४.२३ – नयाँ मानिसको निर्माण

४.२४ – शिक्षा
४.२५ – मानव अधिकार
४.२६ – मानव अधिकार
४.२७ – साम्यवादी व्यवस्था अमर छ

१ – पृथ्वी नारायाण शाह भन्दा पहिलेको भव्य नेपाल

संसारको नक्सामा प्राकृतिक स्रोत र साधनले परिपूर्ण देश नेपाल आज विश्वको सबभन्दा गरीब मुलुकहरू मध्ये तेश्रो स्थानमा पुगेको छ । नेपालका ६०% जनसंख्या आज गरीबीको रेखा मुनि बाँचिरहेका छन् । धेरै जनताको अगाडि बिहान–बेलुका के खाने भन्ने समस्या छ र कतिले सिस्नुको खोले खाएर जिन्दगी गुर्जान बाध्य छन् । पहाडी क्षेत्रमा मात्र होइन अन्नको भण्डार तराई क्षेत्रको पनि ६०% भन्दा बढी जनताको यही हाल छ ।

नेपालको इतिहास खोतल्दा पुरानो सामन्ती जमानामा पनि नेपाल एउटा समुन्नत राष्ट्रहरू मध्ये गनिएको राज्य थियो । नेपालमा कला कौशलहरूका भग्नावशेषले यस कुरालाई छर्लङ्गाएको छ । हुयेन साङ्गको पालामा नेपालको कैलाशकुट भवन तथा अन्य कलाहरूबाट प्रभावित भई चिनले आजभन्दा २७०० बर्ष पहिले नै अरनिको को नेतृत्वमा ८० जना कलाकार र कालिगढहरू मगाएको थियो ।

विश्वका एक महान् विभूति गौतम बुद्ध नेपालकै छोरा थिए । सीता जस्ती आदर्श नारीको जन्म पनि नेपालमै भएको थियो । यस्तै महाभारतको समयमा अर्जुनलाई हराएर फेरि पनि मित्रवत व्यवहार गरी पाशुपतास्त्र प्रदान गर्ने किराँतेश्वर महादेव पनि नेपालकै राजा हुमति थिए । यही मित्रताको आधारमा हुमतिको उत्तराधिकारी राजा ँजिता दस्ती (किराँती राजा) ले महाभारतको युद्धमा पाण्डवहरूको पक्षमा भाग लिएका थिए । जस्को दरबारको भग्नावशेष पाटनको पटको टोलमा अद्यावधि छ । धेरै अत्याचार गरेपछि करीब २२ सय बर्ष अघि किराँती राजाहरूको बिरोधमा बिद्रोह गरी भगाई पठाउने कार्य पनि पाटनकै जनताको थियो । पाटनका जनताले किराँत राजा मात्र होइन अत्याचार गरेपछि कतिपय मल्ल राजाहरूलाई पनि भगाएका थिए । यसैगरी नेपालका अनेक ठाउँबाट त्यहाँका जनताले अत्याचारी र अन्यायी राजाहरूलाई भगाएका थिए । एकातिर नेपालका कतिपय राजाहरूले अनेक बीरता देखाए , आफ्नो देशको विकास गरे भने कतिपय राजाहरूले जनता माथि अन्याय गरेपछि जनताको समस्या समाधान नगरेपछि यस्ता राजाहरूलाई भगाउने तथा आत्मसमर्पण गराउने शक्ति पनि नेपाली जनताले देखाएका थिए । राजाहरू हटाउने कुरोमा इतिहासलाई बङ्गाएर उपद्रवी प्रधानहरूको कार्यको रूपमा चित्रण गरेको पाइन्छ । तर किराँती राजाहरूलाई भगाउने प्रधानहरू थिएनन् । काठमाण्डौ र पाटनको

राजा हरिदेवको बिरोधमा बिद्रोह गरी मन्त्रीहरू, पाटनको सिपाहीहरू र जनता मिलेर लडाइमा हराएर भगाएका थिए । काठमाण्डौको राजाको घोडाले जनताको खेतमा चरेर बाली खाएकोमा राजदरवार घेरी राजाको श्रीपेच Σयालबाट खसाल्न लगाई आत्मसमर्पण गराउने प्रधानहरू थिएनन् । उनीहरू थिए कान्तिपुर (काठमाण्डौ) को जनता । यसरी नेपालका राजाहरू मात्र बीर र शक्तिशाली होइनन् जनता पनि उत्तिकै जागरूक र शक्तिशाली भएको कुरा इतिहासले प्रष्टयाउछ भने त्यही शक्तिशाली जनता आज शक्तिहिन भएर सानो सिमानामा बाँधिन पुगेको छ ।
जनताको जागरूकता र प्रजातान्त्रिक स्पिरिट मार्ने पहिलो राजा पृथ्वी नारायण शाह थिए । जस्लाई पाटनको जनताले राजा हुनको निम्ति बोलाएका थिए । जनताले स्वेच्छाले बोलाएको बेला नआई फौंजी बलले जितेर जनतालाई दमन गर्ने कार्यको सुरूवात पृथ्वी नारायण शाह बाटै भयो ।
आजकल भनिन्छ कि श्री ५ पृथ्वी नारायण शाहले नेपाल एकीकरण गरेको हो । के श्री ५ पृथ्वी नारायण शाहको यही लक्ष्य थियो ? वहाँको पालामा यस्तो कुनै आवाज सुनिएन । पृथ्वी नारायण शाहलाई पाटनको जनता र मन्त्रीहरूले पाटनको राजा बन्न निम्तो दिएका थिए । तर वहाँलाई एकीकरण गर्नु थिएन, कब्जा गरी आफ्नो हुकुमशाही चलाउनु थियो । निमन्त्रणा अनुुसार गएर हुकुमशाही चल्ने थिएन । निमन्त्रणामा गएको भए मन नपरेपछि निकाल्न पनि सकिन्थ्यो । उपत्यकाको जनता असल राजालाई देवता जस्तो मान्ने गर्थे भने, खराब राजालाई लखेट्ने पनि गर्थे । जसरी कि पहिले नै उल्लेख गरीसकेको छ, पाटनको जनता, फौज र मन्त्रीहरू मिली राजा हरिदेवको बिरूद्ध बिद्रोह गरेका थिए र उनले काठमाडौंको फौज र आफ्नो मन्त्रीहरूको सहायताले सो बिद्रोह दबाउने प्रयास गरे । फेरि पनि नसकेर उनी भागेर गए र उनलाई ठमेल सम्म लखेटेर पठाए । यस्तै जात्रा हेर्न आउने राम्रा–राम्रा आइमाईहरू ताक्ने र बद–चलनीको कारण राजा सदाशिव मल्ललाई पाटनको जनताले उनी मनोहरा नुहाउन गएको बेलामा नोलहरू–मद्गलहरूले प्रहार गरी भक्तपुर भगाएर पठाए । र भक्तपुरमा उनको बद–चलनी थाहा पाएर एउटा चोकमा थुनि राखे, जुन चोक अहिले पनि सदाशिव मल्ल चोक भनेर भनिन्छ । पछि उनी त्यहीबाट गायब भए ।
काठमाण्डौंका राजा जय प्रकाश मल्ललाई पाटनको पनि राजा बनाएका थिए । तर २ बर्ष पछि उनले अपराधीहरूलाई पीठमा बलि चढाएको क्रुर कार्य देखेर टेकु नुहाउन गएको बेला निकालेर पठाए ।
एकातिर यो तस्वीर छ भने अर्कोतिर पाटनका जनताले असल राजालाई पूजा गर्न पनि जानेका छन् । म केटाकटी बेलासम्म पाटनका जनताले राजा सिद्धि नरसिंको नाउँ श्रद्धापूर्वक लिएको सुन्थे । पाटनको राजा सिद्धि नरसिं बारे एउटा ऐतिहासिक कथा अहिले सम्म प्रचलित छ । एक दिन राजारानी राजदरबारको Σयालमा बसी मच्छिन्द्रनाथको जात्रा हेरि रहेकी थिइन् । जात्रामा जनता राम्रा राम्रा लुगा लगाएर अनेक गहना लगाएर आएको दृश्य रानीले देखिन् । आफ्नो लुगा न त्यति राम्रो न त आफूसँग कुनै गहना । जात्रा सिद्धियो बेलुका रानीले राजालाई भनिन् ,

ँजनताको यस्तो राम्रो–राम्रो लुगा, त्यतिका गहनाहरू आफुलाई पनि राजाले गहना बनाई दिउन भन्ने आग्रह गरीन् । राजाले भने, ँतिमीलाई गहना बनाई दिन म सँग कुनै पैसा छैन, गहना बनाउने हो भने मैले अरू कुनै काम गरेर कमाउनु पर्छ । तिमीलाई अरू गहना किन चाहियो ? यी जनता नै तिम्रो गहना हो । रानीलाई चित्त बुझेन आफ्नो माँगमा अडिग नै रहिन् । राजाले प्रधानमन्त्रीलाई बोलाएर रानीको माँग र समस्या राखे । प्रधानमन्त्रीले सजिलै सँग भनी दिए , ँके भयो र, महारानी हामीहरूकै आमा हो, वहाँलाई गहना बनाई दिन सरकारी ढुकुटीबाट अलि पैसा लिएर बनाई दिए भई हाल्छ नि । यसमा राजा रिसाएर भने, ँयस्तो कुरा गर्छौ भने कि तिमीले प्रधानमन्त्री छोड कि मैले राजगद्दी छोड्नुपर्छ । सरकारी ढुकुटीको पैसा मेरो पैसा होइन जनताको पैसा हो । यो पैसा छोएपछि म चोर भई हालें नि, अनि म चोर भएपछि अरू चोरहरूलाई मैले कसरी दण्ड दिने ?”

प्रधानमन्त्रीले पनि पाटनका २४ वटै टोलका व्यक्तिहरू बोलाएर समस्या राखे । निर्णय भयो कि सबैबाट ६–६ चुनदाम (चुनदाम=१ पैसा) उठाएर गहना बनाइदिने । सबैले खुशीले दिए । गहना बन्यो रानीले सो गहना लाएर भण्डार खालमा पानी लिन गइन् । रानी आफैंले पानी ल्याउने, राजाको निम्ति खाना बनाई दिने र कपडा बुन्ने काम गर्थिन् । नोकर चाकरको चलन थिएन । पानी लिन गएको रानी चिप्लेर लडिछिन् । रानी पीडाले रोइन् । राजाले थाहा पाएर बोलाएर भने, ँहेर रानी, मैले तिमीलाई गहना नलगाउनु भनेको थिएँ, तिमी मानिनौ यसले गर्दा तिम्रो सिद्धि गयो, मेरो पनि सिद्धि नाश हुनेवाला छ, यो गहना फुकालिदेउ । रानीले गहना फुकाली दिइन् , जनताको पैसा जनतालाई नै फर्काइ दिए ।

राजा सिद्धि नरसिं सारा ऐश आराम त्यागेर ढुङ्गाको खाटमा सुत्ने गर्थे । त्यो ढुङ्गाको खाट अहिले पनि पाटन दरबारको सुन्दरी चोक भित्र छदैछ । राजाले काठमाडौ र गोरखासँग पनि सन्धि गरी शान्ति र मित्रता कायम गरे । मंगल बजारको कृष्ण मन्दिर बनाए जस्मा रामायण र महाभारतका कथा पूरै कुँदेर राखिएको छ । बुद्ध बिहारहरूको प्रबन्ध गरे । आफूलाई न हिन्दू भन्थे न बुद्धिष्ट । दुबै धर्मलाई समानरूपले कदर गर्थे । यस्तो राजालाई पुस्तौ पुस्ता मेरो बालक कालसम्म पाटनका जनताले श्रद्धाले नाउँ लिइरहन्थे मलाई याद छ ।

यस्तै पाटनको राजा नरेन्द्र देव जसले हिन्दू होस् या बौद्ध सम्पूर्ण जनताको साझा देवता मच्छिन्द्रनाथ ल्याए उनले पनि एक पैसा सरकारी ढुकुटी बाट छोएनन् । उनका छोरा थिएनन् , २ वटी छोरीहरू थिए । बुढेशकालमा उनले छोरीहरूलाई बोलाएर भने हेर, ”तिम्रो कुनै दाजुभाई छैन, काकाको छोराहरूले भन्ला वा नभन्ला तिमीहरूलाई दिनलाई मसँग यो मेरो पकडी र प्रज्ञापारमिता को एउटा किताब सिवाय अरू केही छैन । आजको चौथो दिनमा तिमीहरू नुहाइ धोइ आउनु, पहिले आउनेलाई र दोश्रो आउनेलाई यी दुईवटा मध्ये एउटा एउटा दिएर पठाउँला । उनीहरू चौथो दिन आएर लिएर गए ।

यस्ता राजाहरूलाई कस्ले नसम्झने अथवा श्रद्धा नराख्ने ? यस्तै अरूपनि धैरै राम्रा राजाहरू पाटनमा राज गरेर गए ।

पाटनको जनताले पृथ्वी नारायण शाहलाई पाटनको राजा बन्न निमन्त्रणा दिएका थिए । वहाँले आफु नआइ भाई दल मर्दन शाहलाई पाटनको राजा बन्न पठाए । त्यसबेलाको सबभन्दा ठूलो समस्या पृथ्वी नारायण शाहले नाकाबन्दी गरेकोले नून र कपासको थियो । दलमर्दन शाहले यो समस्या हल गर्न सकेनन् र पाटनको जनताले ६ महिना पछि वहाँलाई राजाबाट च्युत गरी निकालेर पठाए ।

श्री ५ पृथ्वी नारायण शाहले नेपाल एकीकरण गरेको कुरा गरिन्छ। पृथ्वी नारायण शाहबाट यस्तो कुरा सुनिएन । यो पञ्चायतकालको फर्मायस हो । एकीकरण गर्नेले निमन्त्रणा दिएपछि शान्तिपूर्ण तरीकाले आएर राज गरे भइ हाल्थ्यो, राम्रोसँग राज गरेको खण्डमा पाटनको जनताले पनि पूजानै गरेर राख्थे होलान् । तर होइन, श्री ५ पृथ्वी नारायण शाहलाई सम्पूर्ण नेवारहरूलाई नि:शस्त्र पार्नु थियो । भएभरको भारदारहरू गन्यमान्य व्यक्तिहरू नाश गर्नु थियो र अनि जनतालाई त्रस्त पारेर हुकुमशाही चलाउनु थियो । किर्तीपुरको जनताको नाक–ओठ काटिए । सम्पूर्ण पाटनको जनता के बूढाबुढी के बालक सबैको दाँया हात र ओंठ काट्ने धम्की दिए । कैयन मारिए, कैयन जलाइए, कैयन माथि फुटबल खेलिए । नेवार–क्षेत्रीले आफूलाई ँक्षेत्री नभनी ँछ थरि भन्न बाध्य गराए र सम्पूर्ण नेवार जातिलाई वैश्यमा दर्ता गराए । धार्मिक भेदभाव नभएको उपत्यकामा आफूलाई हिन्दू राजा को रूपमा स्थापना गराए ।

के एकीकरणको यही तरीका हो ? यसलाई श्री ५ पृथ्वी नारायण शाहको उपत्यकाको बिजय भन्न सकिन्छ ?

श्री ५ पृथ्वी नारायण शाहले एकीकरणको नाउँमा उपत्यका कब्जा गरीसकेपछि त्यहाँका जनतालाई विजित उपनिवेशक देशको जनतालाई झै नै व्यवहार गर्दै आएका थिए । त्यहाँका शासक मध्ये कोहीलाई जीउँदै छाला काढेर मारिए भने कतिपय ठाँउका जनताको नाक ओठ काटेर त्यो देशको नाउँ नै नाक कट्टा देश भनियो । कतिपयलाई झुकेर आदर गरेन भनेर, कतिपयलाई जुत्ता खोलेर सलाम गरेन भनेर मारिने काम भयो । काठमाडौ उपत्यकाका मूल निवासहीरूले क्षेत्री भनेपछि दण्ड पाइएला भनेर आफ्नो थर लुकाएर छ थरी भन्नु पर्यो र फौजमा भर्ति गर्ने अधिकार खोसिदिए र आफ्नो पहँुच पुगेको विदेशमा समेत फौजी नोकरीमा भर्ना हुनलाई चोरेर भर्ना हुन पर्ने स्थिति ल्याइदिए र उनीहरूको आर्थिक र सामाजिक स्थिति तल झारिदिए । जहाँसम्म फौजी भर्तीको सवाल छ नेवारहरू र तराई बासहीरूलाई फौजमा भर्ती हुन सम्पूर्ण रूपले बन्द गरी २ नम्बरिया नागरिकमा पारिदिए । अरू बिभिन्न जाति, जन–जातिहरूलाई पनि फौजी सेवामा ठूल्ठूला पद नपाउने थिति बस्यो ।

ँन्याय नपाए गोर्खा जानु भन्ने उखान उखानै रहयो । एकीकरणको अभियानमा काठमाडौ उपत्यका विजय पश्चात जङ्ग बहादुरको कोत पर्व सम्मको अवधि एक मानेमा दरबारिया

अराजकतावादी स्थितिमा रहयो । कुन बेला को मारिन्छ भन्न सकिदैन्थ्यो । बालचन्द्र शर्माको □नेपालको ऐतिहासिक रूपरेखा□ मात्र पढेपनि त्यसबेला नेपालको स्थिति के थियो भन्ने कुरा छर्लङ्ग देखिन्छ । शर्माजी आफ्नो इतिहासको पृष्ठ २९९ मा लेख्नुहुन्छ □दलबन्दीले कलुषित दरबारी वातावरणमा फरियाको नाताको महत्व, योग्यता, इमान्दारी, पूरानो सेवा, इन्साफ र खान्दानी इज्जत भन्दा अधिक थियो । यसैकारण आफ्नो पदोन्नति र प्रतिष्ठाको निमित्त राज्यको प्रत्येक भारदार वा जो सुकै पनि दरबारको कुनै न कुनै स्त्रीसित विशेष प्रकारको घनिष्टता बढाउने प्रयत्नमा हुन्थ्यो । शर्माजी लेख्नु हुन्छ, ”यसैको फलस्वरूप दरबारको सामान्य खवास गगन सिंह क्रमशः काजी, प्रधान सेनापति, मन्त्री मण्डलका प्रमुख सदस्य र राज्यका सर्वेसर्वा हुन सकेका थिए र स्वयं जङ्ग बहादुरको अप्रत्यासित उन्नतिको प्रसँगमा पनि यस्तै कारण देखिन्छ ।□ बालचन्द्र शर्माजी आफ्नो □नेपालको ऐतिहासिक रूपरेखा□ को पृष्ठ ३०० मा लेख्नुहुन्छ □राजेन्द्र विक्रम शाहका दरबारका घटनाहरूलाई लिएर आज नैतिकता र अनैतिकता उपर तर्क गर्नु व्यर्थ छ । त्यस समय अवसर उपर काम नगर्नु प्राण दण्डको खतरा देखि निरापद थिएन । जङ्गबहादुरले नीति, मर्यादा र औचित्यको बिचारै नगरी अगाडि आइपरेको काममा हात हाल्न नामन्जूर गरेनन् यही उनको आश्चर्यजनक अभ्यूदयको रहस्य पनि हो ।

बालचन्द्र शर्माद्वारा लिखित इतिहास अनुसार राजेन्द्र बिक्रम शाहले १५ अगस्ट १८४७ ई. मा गभर्नर जनरललाई जुन पत्र लेखे त्यसमा उनले स्पष्ट भनेका छन् , ँमाथवर सिंहले अवाञ्छनीय कामहरू गरेकोले मैले जङ्गबहादुरलाई डाकेर माथवर सिंहलाई मार्ने आज्ञा दिएँ ।□

माथवर सिंहमा आफू लोकप्रिय भएकोमा कम अभिमान थिएन, यसैकारण २६ फेरवरी १८४५ इ. मा एक पटक ब्रिटिस राजदूतसित कुरा चल्दा उनले निकै अभिमानका साथ भनेका थिए □पृथ्वी नारायण शाहकै पालादेखि नेपालका मन्त्रीहरू आफ्नो कालले मर्न पाएका छैनन, तर मलाई आशा छ कि म अस्वाभाविक मृत्यु देखि बाँचुला ।□

तर माथवर सिंहको आशा सत्य सावित भएन । उनी जङ्ग बहादुरको हातबाट मारिए । माथवर सिंहद्वारा नाता पर्ने देव बहादुरलाई निरपराधमा मारिएकोमा जङ्ग बहादुरले बिरोध गरेकोमा जङ्ग बहादुरलाई माथवर सिंहको जवाफ थियो, ँमहारानीको इच्छा बिरूद्ध म केही गर्न सक्तिन । यदि उनको आज्ञा भए तिमीले मलाई र मैले तिमीलाई पनि मार्नु पर्दछ ।□

यसरी नेपालको पञ्च भलादमीद्वारा शासन गर्ने प्रणाली नष्ट गरेर पठाउने काम भयो । फेरि पनि राणा शासनकाल भन्दा पहिले सम्म नेपाल एउटा पूर्ण स्वतन्त्र सामन्ती राज्यकै रूपमा थियो । राणा शासनको स्थापनाको सँगसँगै अङ्ग्रेज साम्राज्यवादी नव–उपनिवेशमा बदलियो, राणा शासनको मूल आधार अङ्ग्रेज साम्राज्यवाद थियो । राणा शासनकालमा नेपाल एउटा पश्चिमी साम्राज्यवादको खुला बजारको रूपमा परिणत भयो । पश्चिमी साम्राज्यवाद र पछि गएर जापानी पँुजीवादको सस्तो सामानको प्रतिस्पर्धामा नेपालको कला कौशल र घरेलु उद्योगहरू नष्ट भएर गए । भारतीय एकाधिकार पँुजीको प्रवेशले नेपालीको हातबाट उद्योग र व्यापार पनि खोसिदै

गयो । अङ्ग्रेज साम्राज्यवादको नीति अन्तर्गत गाउँ तथा देहातमा जमिनदारी प्रथा स्थापना भई किसानहरू माथिको शोषण, दमन र अत्याचार तिब्र भएर उनीहरूको जीवन झन झन सङ्कट ग्रस्त भएर गयो । जनताको उत्साह झन झन क्षीण भएर आयो ।

नेपालको प्राचीनता

जनता माथिको भेदभाव नेपालको इतिहासमा श्री ५ पृथ्वी नारायण शाहबाटै प्रथम पटक सुरू भयो । त्यसरी त मल्ल राजाहरूमा राजा यक्ष मल्ल विशेष पराक्रमी भएको बुझिन्छ । पछि हुने भादगाउँmका राजा जग ज्ज्योर्ति मल्लले शक संवत् ५३६ मा लेखिएको नरपति जय चर्याटीकामा यिनलाई (यक्ष मल्ल) मिथिला जितेर मगधसम्म पुग्ने भनेका छन । यसै ग्रन्थ अनुसार अनेक पहाडी राजाहरू (पार्वतान) लाई जितेर उनले नेपाललाई अकण्टक तुल्याएका थिए । उनले पूर्वमा वंगदेश (बंगाल) दक्षिणमा सुरनदी (गंगा) र गया तथा पश्चिममा गोरखासम्म आफ्नो राज्य बिस्तार गरेको कुरा पनि उक्त ग्रन्थमा लेखिएको छ । किर्तीपुरको बंशावली अनुसार यिनले उत्तरमा भोटसित पनि युद्ध गरेर यस प्रकार शिखर जोङ्ग (दिगार्चि) उनको हात लाग्यो । पाटन र काठमाडौंका बिद्रोही सामन्तहरू पनि उनको प्रतापको अगाडि दबेर गए (बालचन्द्र शर्माको इतिहासमा उघ्रित पेज नं. १४१) तर बालचन्द्र शर्माको मगजमा यो विशाल बिजय अट्न सकेन र यसमा शंका उठाएर टिप्पणी लेखिएको छ ।

डेनियल राइटले सम्पादन गरेको अंग्रेजी भाषाको इतिहासको पाना ११३ अनुसार पहिलेका लिच्छवि र मल्ल राजाहरूले टाढा–टाढा सम्म मुलुक जितेको कुरा इतिहासमा पाइन्छ । लिच्छवि वंशको ५ औं राजा भाष्कर वर्माले दक्षिणमा रामेश्वर सम्म अर्थात समुद्र किनारसम्म अनेक राज्यहरू जिती थुप्रै सुनहरू ल्याएर पशुपतिनाथलाई चढाए र पशुपतिनाथलाई सुन भएको पानीले नुहाइन्थ्यो जो पानी वागमती पुगेर बग्द थियो । देवपाटनको विस्तार गर्ने र यसकोनाम सुवर्णपुरी राख्ने र पशुपतिको पूजा बौद्ध आर्चाय द्वारा गराउने इत्यादि कार्य गरेको कुरा पाइन्छ । धेरै पछिसम्म नेपालको इलाका पश्चिममा काँगडा पूर्वमा दार्जिलिङ्ग भन्दा पर टिष्टा नदीसम्म तथा दक्षिणमा गंगा नदीसम्म थियो । यस मानेमा नेपाल आर्थिक रूपले मात्र नभएर राजनैतिक रूपले पनि धेरै सम्पन्न थियो । चन्द्रगुप्त प्रथम (३१९–३३५ इ.) ले नेपालको लिच्छवि राजाकी छोरी कुमारदेवी सँग बिवाह गरी लिच्छवि राजाको मद्दतले राज्य सिंहासन प्राप्त गरेका थिए । यसै कारण उनी आफ्नो सिक्कामा एकातिर आफ्नो र अर्कोतिर कुमारदेवीको नाम लेख्ने गर्थे । लिच्छीवी राजाहरू प्रति उनी अति अनुग्रहित थिए । चन्द्र गुप्त प्रथमको छोरा उत्तराधिकारी भारतको सम्राट समुन्द्र गुप्तको राज्य गंगा दक्षिण बिहार र उत्तर प्रदेशमा थियो भने नेपाल राज्य गंगाजीको उत्तरमा सम्राट समुन्द्र गुप्तकै इलाहाबाद अभिलेख अनुसार नेपालको क्षेत्रफल पूर्वमा (आसामको) कामरूप देखि पश्चिममा कर्टिपुर (जालन्धर जिले मोकार्तापुर र उत्तर प्रदेशमा कुमायु, गढवाल सुहेल खण्डको जिल्ला सम्मको भागलाई नेपाल भनिन्थ्यो ) सम्म थियो । जुर्येव परि शिष्ट जुला ईशापूर्व १५००

सय बर्ष अगाडि अर्थात आजको करिब ३५०० वर्ष अगाडिको भूमिलेखमा र अरू अभिलेखहरूमा पनि नेपालको नाम उल्लेख गरीएको पाइन्छ ।

चन्द्रगुप्त मौर्यलाई भारतको सम्राट बनाउन मद्दत गर्ने लिच्छवि राजा र भारत साम्राट समुद्र गप्तको पिता चन्द्र गुप्त प्रथम (ई. ३१९–३३५) बारे प्राचीन भारतको इतिहासमा (हिन्दी) यसरी लेखिएको छ । ँअभिलेखहरू र सिक्काहरूबाट पत्ता लाग्छ कि चन्द्र गुप्त प्रथमको बिवाह एक लिच्छवि बंशको राजकुमारी सँग भएको थियो । उनको सिक्कामा एकपट्टि चन्द्र गुप्त र अर्को पट्टि आफ्नो पत्नी कुमार देवीको नाम लेखिएको छ मुद्राहरूको अर्को पट्टि ँलिच्छवयः शब्दको उपस्थितिले यो संकेत गर्दछ कि चन्द्र गुप्तको राज्यमा लिच्छविहरूलाई अत्यन्त महत्वपूर्ण र प्रभावशाली स्थान प्राप्त थियो ।

त्यस इतिहासमा लिच्छवि राज्यले चन्द्र गुप्तको आधिपत्य स्वीकार गरेको छ भनी लेखिएको छ । चन्द्र गुप्तले सम्राट भएर गद्दीमा कब्जा जमाउन सक्यो, लिच्छवीहरूको मद्दतले । उही लिच्छविहरू चन्द्र गुप्तको अधिनमा किन बस्ने ? अनि चन्द्र गुप्तले लिच्छविहरूलाई आफ्नो मुटुमा किन स्थान दिने ? तसर्थ लिच्छविहरू कहिले पनि चन्द्र गुप्तको अधिन रहेनन् ।

डा. ओम प्रकाश (एम.ए., पि.एच.डी) प्राध्यापक इतिहास विभाग, किरोडी मल कलेज, दिल्ली विश्व बिद्यालय ले १९६७ मा प्रकाशित गरेको ँप्राचीन भारतको इतिहास मा लिच्छविहरूलाई चन्द्र गुप्तको अधिन जस्तो देखाउनु भारतीय संकुचित राष्ट्रवादको द्योतक मात्र हो । उनले बुद्धको जन्म स्थल पनि नेपाल भित्र होइन नेपाल सिमानामा (अर्थात भारतमा) देखाउने प्रयास गरेका छन् । वहाँको (डा.ओम प्रकाश) लिच्छवि कालमा नेपाल चन्द्र गुप्तको मातहत देखाउने प्रयास झूठमा आधारित कपोल कल्पित प्रयास हो । वहाँले ५ वटा राज्यहरू समतट, ड्वाक, कामरूप, नेपाल, कर्तपुर समुद्र गुप्तको अधिपत्यमा रहेको देखाउन चाहनुभयो । यस्तो हो भने अरू राज्यहरूको कुनै चिन्ह चन्द्र गुप्तले मुद्रामा देखाउनु नपर्ने, लिच्छवि राजकुमारी र लिच्छविहरूलाई वहाँको मुद्राको एकापट्टि देखाउनु पर्ने आवश्यकता के पर्यो ? जुन महत्व चन्द्र गुप्तले लिच्छविहरूलाई दिएको छ त्यसले जाहेर गर्छ नेपाल एउटा स्वतन्त्र देश नै थियो । भारतबाट ल्याइएको टेलिसिरियल चाणक्य मा चाणक्यले लिच्छविहरूले नन्दको पक्षमा हात नहालिदिए हुन्छ भन्ने आशय व्यक्त गरेका थिए । समुद्र गुप्तको इलाहावाद अभिलेखले पनि एक स्वतन्त्र विशाल नेपाल कै चित्रण गरेको छ । त्यस अभिलेखमा नेपाल पूर्वमा आसामको कामरूप र पश्चिम पंजाबको जालन्धर सम्म थियो भन्ने कुरा स्पष्ट गरेको छ । अनि कामरूप र कतृपुर कसरी समुद्र गुप्तको अधिन देखाइएको हो ? रूसी विद्वान्हरू द्वारा लिखित ँभारतको इतिहास ले स्पष्ट गर्दछ , यो भारतीय संकुचित राष्ट्रवादको द्योतक हो ।

ग्रि.म. बौगर्द–लेबिनद्वारा लिखित मास्को प्रगति प्रकाशनको भारतको इतिहास (हिन्दी भाषा) को पृष्ठ १५९ मा लिच्छविहरू बारे यसरी लेखेको छ । चन्द्र गुप्त प्रथमको पत्नी लिच्छवि थिइन् । मगधकाल देखि नै लिच्छवि प्राचीन भारतको राजनीतिक जीवनमा एक प्रमुख शक्तिको रूपमा रहि

आएको थियो । अनुमान लगाउन सकिन्छ कि यो गण सङ्घले प्रारम्भिक गुप्त राजाहरूको राज्य कालमा पनि आफ्नो सत्तालाई कायम राखेको थियो । लिच्छविहरू सँगको मैत्रीले निश्चय नै गुप्त प्रभुत्वलाई योगदान दिएको होला । लिच्छविहरू सँगको बैबाहिक सम्बन्धको उल्लेख खाली समुद्र गुप्तको शिलालेखमा मात्र होइन चन्द्र गुप्तको स्वर्ण मुद्राहरूमा यस्लाई आफ्नो लिच्छवि साम्राज्ञी सँग देखाएको छ । चन्द्र गुप्तको पुत्र राजा समुद्र गुप्त लिच्छविहरूको ँदौ हित्र थियो ।
१९४२ देखि १९४४ सम्म म लखनऊ विश्वविद्यालयमा पढ्दा लखनऊ कै मानिसहरूले नेपालको साँध लखनऊ शहर र लखनऊ विश्वविद्यालयको बीच रहेको ँगोमती नदी को पुल जस्लाई मन्की ब्रिज भनिन्छ त्यसको बीचमा लगाएको चिन्ह देखाएका थिए । यस मानेमा आजकालको लखनऊ विश्वविद्यालय पुरानो नेपालको भूभाग भित्र पर्न जान्छ ।
यस विशाल नेपालको पुरानो इतिहासलाई पन्छाएर काठमाडौ उपत्यका र यसका वरिपरिको जिल्लाहरू मात्र नेपाल थिए र श्री ५ पृथ्वी नारायण शाहले आजको नेपाल बिस्तृत गरेको देखाउने कार्य चाटुकारिता भन्दा बढि भन्न सकिन्न । आजको नेपाल पुरानो नेपालको चोइटा मात्र हो । यो पनि याद गरौं भारतको उत्तर प्रदेशको सिवान पुरानो सिमाना भएकोले नै सिवान भनिएको हो र भारतका पहिलो स्वतन्त्रता सेनानीहरूले १८५७ मा बिद्रोह गर्दा जङ्ग बहादुरलाई अंग्रेजतिर नलागि स्वतन्त्र सेनानीहरू तिर लागे पुरानो नेपाल गंगाजी सम्म छोडी दिन्छौ भनेका थिए । अंग्रेजको दलाली गर्नुपर्ने जङ्ग बहादुरलाई प्रस्ताव मन्जूर भएन ।
नेपाल एकीकरणको सवालमा यस एकीकरणले जनतालाई के दियो ? उही गरीबी, उही भूखमरी, उही बेराजगारी, उही अज्ञानता र शोषण–दमन । पश्चिमी पहाडको जनताहरू मध्ये कतिपयले गड्यौलाको तिउन खान बाध्य भई राखे । नेवारहरूको सम्पूर्ण अधिकार खोसियो । उनीहरूलाई निशस्त्र मात्र पारिएको होइन अनेक यातना दिई उनीहरूको नैतिक बल तोडियो र जात समेत ढाट्नुपर्ने हालतमा पुर्याइयो र अहिले प्रजातन्त्र आएर पनि उनीहरूले गुमाएको अधिकार प्राप्त गर्ने सट्टा उनीहरूलाई गैर सैनिक क्षेत्रबाट पनि बिस्थापित गर्दै लगिराखेको छ । अरू त के लोकसेवा आयोगको जाँचमा बस्दा पनि उनीहरूको योग्यताको वास्ता नगरी अधिकारीहरूले १०–२० जना पास भएकोमा एक आध जना मात्र अन्य जातिकाहरू घुसाएर पास गर्ने प्रथा पनि यहाँ सुनिनमा आएको छ ।
यहाँ अर्को नारा छ अनेकतामा एकता निश्चय पनि यहाँ अनेकता छ, एकता छैन । नेवारहरू माथि मात्र होइन आज शक्ति हातमा लिइ राख्ने एक जातिले सारा अरू जातिहरूलाई पनि पन्छाएर देशको राजनीतिक व्यवस्था र अर्थ व्यवस्था एक छत्र रूपले कब्जा लिने दाउ खेल्दैछ । तराई क्षेत्र उत्तिकै उपेक्षित छ । उही पिछडापन उही दरिद्रता, उही अज्ञानता, त्यसो भनेर आफ्नो जातिको श्रमिक वर्ग माथिको शोषण यथावत कायमै छ । अवश्य आफ्नो जाति र अरू जातिमा यिनीहरूले भेद गर्ने गर्छन् , तर आफ्नै जातिमा पनि आफ्नै नाता कुटुम्ब, भाइ , इष्टमित्र र प्रिय पात्रहरूले नै प्राथमिकता पाउने गर्छन् र अरू बाँकी उही हिलो, नाली, गरीबी, दुःख, दरिद्रतामा फ्याँँकि राखेकै

हुन्छ र कतिपयले दिनभरि डोको बोकेर पनि पेट पाल्न नसक्नेहरू छन् । कतिपयले यसलाई ब्राम्हणवाद भन्न थालेका छन् । मलाई लाग्छ यो ब्राम्हणवाद पनि होइन । ब्राम्हणवाद भएको भए कम से कम सबै बाहुनहरूको जीवन बन्नु पर्ने । सामन्ती बाहुनले गरीब बाहुनलाई उठिबास गराएर उसको घरखेत पनि मौका पायो भने छोड्ने होइन । तसर्थ बाहुनवाद होइन, घोर सामन्तवादको विस्तृत रूप मात्र हो ।

जब सम्म देशबाट यो सामन्ती प्रवृति मेटाउन सकिन्न, जबसम्म देशबाट सामन्ती व्यवस्था उखाड्न सकिन्न र विदेशी साम्राज्यवाद र विदेशी पँुजीवादको प्रभावबाट मुक्त गर्न सकिन्न नेपालको एकताले मूर्तरूप लिन सक्ने छैन ।

२ – अमात्य वंशजका आदि पुरूषहरू

चक्रविहार र स्वठ ग्वाछेंको ऐतिहासिक महत्व र चिकुटी भारो :–

म जन्मेपछि ज्योतिषले भनेको रहेछ यो ठूलो भएपछि राजाबाट ठूलो मान–पद पाउने छ, राजाबाट धन कमाउने छ । यसकै आधारमा काकाहरू बराबर कुराकानी गरेको मैले सुनेको थिएँ कि मलाई मिलिट्री तिर पठाउने । यो कुरा गर्दा काकाहरूले बिर्सिनु भयो कि श्री ५ पृथ्वी नारायण शाहको उपत्यका विजयपछि नेवार क्षेत्रीहरू लगायत सम्पूर्ण नेवारहरूलाई निशस्त्र गरीसकेको छ र उनीहरू सिपाही पनि हुन पाउदैनन् । निशस्त्र गरेर मात्र नपुगी नेवारहरूले जात लुकाउनु पर्यो र हामी पनि क्षेत्रीय हुँ भन्ने कुरो बिर्सी सकेका थियौं । मेरो जीवनमा मैले एउटैको मुखबाट सुनेको छु कि हामी ँक्षेत्रीय हौं । जेठो बुबा चक्रलालले मलाई यो भन्नुभएको थियो । यो सुनेर मैले आफ्नो किताबमा तुल्सी लाल ँक्षेत्री लेखें । एकपल्ट स्कूलबाट फर्केर आइरहेको थिएँ टोलको जेठो पाकोहरूले किताब पल्टाएर हेरेछन् । मेरो नाउँको पछाडि ँक्षेत्री देख्दा गिजाएर भन्न थाले, ँतिमी खस् हो ?" त्यसपछि मैले क्षेत्री लेख्न छोडेर ँअमात्य नै लेखें ।

यसले स्पष्ट बुझाउँछ कि सम्पूर्ण नेवारहरूले नेवारमा क्षेत्री हुँदै हुन्न भन्ने सोची सकेका थिए र नेपालमा जाति गन्दा बाहुन, क्षेत्री, नेवार, शुद्र भनेर गन्ने चलन चलिसकेको थियो । अर्थात नेवार भनेपछि एक तह वैश्य हो र उनीहरूको काम व्यापार गर्नु हो र उनीहरूले मिलिट्रीमा काम गर्ने होइन । यसरी उनीहरूलाई दब्बु बनाइएको थियो, मनमा राखि दिएको थियो कि क्षेत्री भनेको खस जातीको मात्र हुन सक्छ ।

पृथ्वी नारायण शाहबाट आतंकित नेवारहरूले आफ्नो थर लुकाउन थालेका थिए । आफूलाई क्षेत्री नभनी छथरी भन्न थाले (महाअमात्य नभनी ँमहाजु भन्न थाले, कसैले ँच्याँ भन्न थाले) । भक्तपुरका हाडाहरू अयोध्याबाट आएका क्षेत्री थिए , उनीहरूले हाडा भन्ने सट्टा ँबिजुक्छे भन्न थाले । एवं प्रकारले नेवारहरूको क्षेत्रीय जाति लोप भएर गयो र सबैले सोच्न थाले हामी वैश्य हौ, हाम्रो काम व्यापार हो, फौजसँग सम्बन्धित काम हाम्रो होइन । हो भनेर पनि के गर्ने फौजमा भर्ती गर्ने होइन, बरू उल्टै हबिगतमा पर्ने हो । पुरानो भारदारहरू कोही काटिए , कोही जलाइए

कोही माथि फुटबल खेलिएको थियो । ७ जना अमात्यहरूलाई समातेर लगिएकोमा एकजना फुतकेर भागेछ । ६ जनाले टाउको निहुराएनन् अर्थात कुनै माफि मागेनन् । बरू टाउको कटाएर गए । हुन पनि पहिलेका अमात्यहरू राजाको अगाडि टाउको निहुराउने चलन थिएन भन्ने कुरो ँचाणक्य कोटेलिसिरियलले पनि देखाउँछ । उनीहरूको काम सही बाटो देखाउनु हो, टाउको निहुराएर दासता स्वीकार गर्नु होइन । हाम्रो ग्वाछें अमात्यहरूको ७ पटक सर्वस्वहरण गरीएको थियो, त्यसपछि हाम्रो पुर्खा व्यापारमा लागेका हुन् ।

आफूसँग भएको हतियार बुझाइए र केही लुकाइए पनि । म बालक कालमा मेरो घरमा ५औं तल्ला बुइँगलमा एउटा सन्दुक भित्र फेरि पनि २ वटा तलबारहरू र एउटा ढाल लुकाइ राखेको देखेको थिएँ । ढालको काम थिएन अनि हरेक श्राद्धमा गैंडाको मासु चाहिन्छ भन्दै यसबाट सानो सानो टुक्रा निकाल्ने गरीन्थ्यो र मैले देख्दा त्यो ढालको २–३ अंगुल जति मुसाले काटे झैं काटिएको थियो ।

पाटनको सबभन्दा पुरानो टोलहरू मध्ये एउटा स्वठ ग्वाछें टोल पनि हो । पुरानो ग्रन्थहरूमा पनि ँस्वठछें भनेर उल्लेख गरीएको छ । यहाँ दुई तल्ले नारायण देउताको मन्दिर पाइन्छ जो स्वंठ नारायण को नाममा प्रख्यात छ । यस मन्दिर अगाडि एक सुन्दर विशाल गरूडको मूर्ति छ ।

ग्वाछें अमात्य कुलको सम्बन्ध लिच्छवि राजा मानदेव बर्मासँग रहेको बुझिन्छ । ग्वाछें मानदेव प्रथमले नै स्थपना गरेको बुझिन्छ र आदिकालमा लिच्छवि राजा मानदेव बर्माको एउटा केन्द्र ग्वाछें, स्वठ टोल बुझिन्छ । यसको प्रमाण स्वठ टोलमा ढल खन्दा निक्लेको भगवतीको मूर्ति हो जस्को पाद पृष्ठमा मानदेवको नाम उल्लेख छ । २०५२ असोज ६ गतेको सम्पादकीयमा लेखिएको लिच्छविकालीन अभिलेख शिर्षक सम्पादकीय दिइएको छ कि ढल खन्दा पाइएको भगवतीको मूर्तिको पादपीठमा अंकित अभिलेखमा लिच्छवि सम्वत् ४११ इस्वी सन् ४८८ बोध गराउने भएको हुँदा १५ सय बर्ष भन्दा अगाडिको सामाजिक धार्मिक स्थितिको पनि ज्ञान हुन्छ । उक्त अभिलेख मानदेवको शासनकाल सँग सम्बन्धीत रहेको कुरा पुरातत्व विभागले जनाएको हुँदा अहिले यसको अभिलेखलाई ऐतिहासिक एवं प्रामाणिक आधार मान्नु पर्दछ । लिच्छवि कालमा खास गरी बौद्ध चैत्यहरू बढी निमार्ण भएको पाइन्छ । शिबिलङ्ग माथि बुद्ध मूर्ति रहेको चैत्य बनाइनाले नेपाल बुद्ध एवं हिन्दू धर्म द्वारा अनुप्रणित रहेको छर्लङ्ग हुन्छ । यस सम्पादकीयले स्वठ ग्वाछें लिच्छवि राजा मानदेव सँगको सम्बन्धलाई स्पष्ट गर्दछ ।

चक्र बिहार मानदेव प्रथमले नै बनाएको हो र राजा सिद्धिनरसिंहले बिहारहरूको प्रबन्ध गर्दा ५ वटै बिहारहरूको नाइके छानिने र यी ५ वटा बिहारहरू मध्ये ग्वाछें चक्र बिहारको रूपमा देखाइएको छ । (History of Nepal: with introduction by Daniel Wright, M.A., M.D Resident Surgeon at Kathmandu and published by Cambridge University Press Page 234), डानिएल राइटले सम्पादन गरेको नेपालको इतिहास (अंग्रेजी संस्करण) को पृष्ठ २३४ मा चक्र

बिहार बनाउने मानदेव र ँग्वाछेंं भनेकै चक्र बिहार हो भन्ने बुझिन्छ । त्यो पृष्ठमा ग्वाछें लेखिसकेपछि कोष्ठ भित्र ५ वटा बिहार मध्ये ँचक्रं भनेर लेखिएको छ ।

वास्तवमा पछि गएर राजा मानदेव द्वितीयले १० वर्ष राज गरी जेठो छोरालाई राजगद्दी दिएर आफू पाटनको चक्र बिहारमा बौद्धमार्गी बाँडा भएर बस्न आएका थिए । पाटनको बिहारहरू मध्ये चक्र बिहार हराएको छ भनिन्छ । नेपालको पुरानो इतिहासकार पण्डित गुणानन्दको मद्दतले शिवशंखर मुन्सीले अंग्रेजीमा पुरानो इतिहास उल्था गरी काठमाण्डौमा त्यसबेला बेलाइती दूताबासको सर्जन डनियल राइटले भूमिका लेखि छापिएको नेपालको इतिहास (अंग्रेजी भाषा) पृष्ठ १६२ मा यस बिहारमा धेरै चक्र भएकोले यसलाई चक्र बिहार भनिएको भनि त्यस पुस्तकमा लेखिएको छ र यही इतिहासको पृष्ठ २३४ को अन्तिम पानामा पाटनको ५ वटा बिहारहरूको एक समूह मध्ये एउटा ग्वाछें लेखी त्यसको पछाडि कोष्ठ भित्र ( चक्र अर्थात चक्र बिहार) लेखिएको छ । यी ५ वटा बिहारहरू हुन विष्णुक्ष, ॐकुल , ग्वाछें (अथवा चक्र), सक्व र यन्चु । यी ५ वटै बिहारहरूको नाइके यी ५ वटा बिहारहरको सबभन्दा जेठो बौद्ध मार्गी हुन्छ । बाँकी बिहारहरू टङ्गल, टमा, बैष्णव बरण, हक्वा, हिरण्यवर्ण, जसोधरा र दत्त । हरेकको आ–आफ्नो छुट्टा छुट्टै नाइके हुन्थ्यो । बौद्धमार्गीमा सबभन्दा जेठोलाई नाइके बनाइन्छ र उनीहरूलाई ँतथागतं भनिन्छ । अरू ३ वटा बिहारहरू वमवहा, ज्योवहा, घुँमवहा सिद्धि नरसिंहको पालोमा स्थापना गरीएको हो । न्याखा चोक भन्ने ठाउँ त्यसबेला एउटा तांन्त्रिकलाई दिइएको थियो जसले कुनै जादुगरलाई हराएको थियो । पछि गएर यो चक्र बिहार (ग्वाछें) ले आजको रूप लियो । आज यहाँ बौद्ध मार्गीको कुनै चिन्ह देखिदैन । बौद्ध बिहारमा गाई पालेको देखिदैन र ग्वाछें भित्र पनि गाई आउन दिदैन, बौद्धमार्गीले गाईजात्रा मान्दैन, कुनै मर्दा पर्दा हिन्दू मार्गीहरूले झै गाईजात्रामा मान्छे पठाउँदैन । आज पनि ग्वाछें अमात्यहरूले पनि गाईजात्रामा गाई अथवा मान्छे पठाउँदैन । र आजसम्म पनि ग्वाछें अमात्यहरूको दिक्षीत व्यक्तिहरूले हिरण्यवर्ण महाबिहारको आगनमा पूजा गरी १० जना गुभाजु थकालीहरू राखी भोज खाने गुठी छदैछ । यसलाई ँखाइ संल्हु गुठीं भनिन्छ । हाम्रो पुर्खा चिकुटी भारोले हिरण्यवर्ण महाबिहारमा एउटा पिण्ड पात्र राखेको छ । र त्यहाँ भित्र ग्वाछेंकाहरूको एउटा खास देउता पनि छ ।

ग्वाछें अमात्यहरू एकातिर बौद्धमार्ग सँग सम्बन्धित थिए भने अर्कातिर ँतलेजु भवानीं जो हिन्दू देवी हुन र बौद्ध मार्गीहरूसँग पनि उत्तिकै मान्यता छ र दिक्षित अमात्यहरूलाई यहाँ पनि गएर पूजा गर्ने इजाजत छ ।

यसरी अमात्यहरू बौद्धमार्गी र हिन्दू मार्गीहरूमा समान रूपले सम्बन्धित छन् र दुईवटै धर्मलाई समान रूपले मान्दछन् । अमात्यहरू तथा शाक्यहरू लिच्छविकालीन क्षेत्रीय हुन भन्ने कुरो बुद्ध बचन त्रिपितक दीघनिकायले देखाइ राखेको छ र त्यसबेला यी क्षेत्रीहरू ब्राम्हणहरू भन्दा उच्च कोटीका हुन भनेर दीघनिकायमा बुद्ध बचनको रूपमा लेखिएको छ । अनि पाटनको स्वठ नारायण

स्थानको गरूडको पाद पीठको अभिलेखले ग्वाछेंका अमात्यहरू राजवंशका हुन् र मानदेवका पिढीहरू हुन भन्ने कुरा अझ स्पष्टसँग त्यसमा लेखिएको छ ।

१. ॐ नम । श्री कृष्णाय ।। शंख चक्र गधा पद्म धारित बनपालिस
  आदि नारायणस्त खरूडरश्वय नमाम्यहँ ।। आसी द्विज
२. य साजस्य बंशामात्यस्थ धार्मिक ।। पुत्र केशव राजोस्य धर्म कर्म
  यते सदा ।। मुकुन्द राज स्तत्पुत्रो राजभक्त विचजेन तत्पुत्र.....
७. स्या तिथौ जेष्ठापर मूला नक्षेत्र शुक्र योग शुक्र वासरे ।। थ्व
  कुन्दु स्वथ ग्वाछेंया विष्णुधर अमात्यन श्री श्री श्री नारायण प्रितिन

यसरी यस्मा (आसी द्विज य राजस्य बंशामात्य स्य धार्मिक पुत्र) भनेर त्यो गरूड स्थापना गर्ने ग्वाछेंका अमात्य बारे लेखिएको छ । यो गरूड नेपाल सम्बत् ८२५ जेष्ठ मास शुक्ल पक्ष चतुर्दशीको दिन ग्वाछेंमा बस्ने लक्ष्मीधर अमात्यले स्थापना गरेका हुन् ।

ग्वाछेंका अमात्यहरू लिच्छविकाल देखि राजकाजमा संलग्न भएर आएको र उपत्यका काठमाडौंको राजा कविन्द्र प्रताप मल्ल जो १५ भाषाको ज्ञाता, एक सुयोग्य राजा र विद्वान कवि थिए । जसले बालचन्द्र शर्माको ँनेपालको ऐतिहासिक रूपरेखा पृष्ठ १७० अनुसार नारायणहिटी अभिलेख उल्लेख गरी गोरखाका राजा डम्बर शाहलाई पराजित गरेका थिए ।ँ त्रिभुवन युनिभर्सिटीबाट प्रकाशित शिलालेखको आधारमा तैयार गरीएको लेखबाट स्पष्ट हुन्छ कि ग्वाछेंका थकाली चिकुटी भारो वहाँको विश्वास र भरपर्दो मन्त्री थिए र वहाँको देहान्त पछि वहाँको नाबालक छोरा नृपेन्द्र मल्ल काठमाडौंका राजा बनाइए र प्रधानमन्त्रीको पद चिकुटी नामक भारदारले सम्हाले । चिकुटी त्यसबेलाको एक प्रख्यात र सुयोग्य व्यक्ति हुनुहुन्थ्यो । ५ वर्ष जति गद्दीमा बसी १८ वर्षको उमेरमा नृपेन्द्र मल्लको पनि देहान्त भयो । अनि मल्लकालको अन्ततिर ३ शहरहरूको राजाहरूलाई एक आपसमा झगडा मच्चाई राख्ने षडयन्त्रकारी महादेव ओझा र कंतु ओझा हो भन्ने कुरा पाटन राजदरबारको मूल चोकमा नेपाल सम्बत् ८१८ मा लेखी टाँगिराखेको ताम्रापत्र (यल लाय कूया सिजः पौ) ले बुझाउँछ । यो ताम्रपत्र अहिले चोरि भइसकेको बुझिन्छ ।

यसकोप्रतिलिपी संस्कृत संदेश १०, ११, १२ भनि एउटा नेपाल भाषाको लेख सँग्रह पुस्तकमा लेखिएको पाइन्छ । यही भद्रगोलमा ग्वाछेंको थकाली ँचिकुटी भारोँ (देवदास चिकुटी भारो) पनि परेर मारिएका थिए । चिकुटी भारो बारे केही उल्लेख रेग्मीजीको मध्यकालीन इतिहासमा पाइन्छ ।

त्यसबेला उपत्यकाको राजनीति भद्रगोल गर्न महादेव ओझा र कंतु ओझा दुई बाबु छोराले अनेको षडयन्त्र गरी उसको कुरा उसलाई लगाउने, अर्काको कुरा फेरि अर्कालाई लाउने गरी झूठा कुराहरूको भ्रम फैलाएर काठमाण्डौ, पाटन, भक्तपुरका राजाहरूको बीच मनमुटाव फैलाएर एक दोश्रोसँग लडाउने काम गर्दै आइरहेका थिए । उसकै षडयन्त्रले कैयन मानिसहरू बिष खुवाएर मारिए , बिना अपराध मानिसहरू पक्राउने र थुनेर मार्ने काम भयो । भीम मल्ल जो ल्हासाबाट फर्केर राजाप्रति

इमान्दारी साथ सेवा गर्दै थिए, राजा लक्ष्मी नरसिंहको राज्य फैलाउन तिर लागेका थिए , को बिरोधमा चलाखी गरी उनी आफै राजा हुन चाहिरहेछ भन्ने भ्रम दिएर मारिए , अनेक श्रेष्ठहरू मारिए, देवताहरूको मन्त्र बिगारे, बाल–स्त्रीहरूको सतीत्व हरण गरे, मान्धातालाई सेवा गर्दै आएका जयकृष्ण ओझाको दुई बाबु छोरा मान्धाताबाट मार्न लगाए , धोजराज मारियो बदल ओझालाई धपाएर पठाए पछि चिकुटी भारोलाई मिलाएर मान्धातालाई मार्न लगाए अनि चिकुटी माथि षडयन्त्र गरी भगाउन लगाए र चिकुटी गोर्खा गएर बस्न गए । फेरिपनि उनलाई बोलाएर राखे र कविन्द्र प्रताप मल्लको देहावसान पछि उनको नाबालक छोरा नृपेन्द्र मल्ललाई राजगद्दीमा राखी चिकुटी प्रधानमन्त्री भएर राज्यभार सम्हाले । ६ वर्षपछि नृपेन्द्र मल्लको देहान्त भयो, चिकुटी माथि फेरि षडयन्त्र गरी भगाएर पठाए ।

पार्थिवेन्द्र मल्ल र जययोग नरेन्द्र मल्लको बीच झगडा मचाउन लगाए, जयले पार्थिवेन्द्र मल्ललाई मार्न लगाए , चिकुटीको परिवार सहीत मार्न लगाए ।

यी सारा जडमा महादेव ओझा र कंतु ओझा दुई बाबु छोरा हो भन्ने अठोट गरी ३ वटै शहरका राजाहरू– श्री श्री जय योग भूपतिन्द्र मल्ल देव, श्री श्री भूपालेन्द्र मल्ल देव, श्री श्री जय भूपतिन्द्र मल्ल देवले आपसमा बैठक गरी माथिका सबै घटनाहरू लेखी तलेजु माजु कहाँ ताम्रपत्र टाँगे । (पाटन राजदरबारको मूल चोकमा टाँगिराखेको यो ताम्रपत्र पञ्चायत कालमा चोरि भइ लोप भएको छ ।) यसै ताम्रपत्रमा महादेव ओझा र कंतु ओझा र उनका वंशलाई कुनै राजाले अथवा रानीले भित्रायो भने अथवा आगो, अन्न र बस्त्र आदि कुनै बस्तु दिएमा श्री श्री श्री तुलजा भवानीको कुदृष्टि परोस् , नेपालको पशुपतिनाथ आदि सबै देवताहरूको कुदृष्टि परोस् , कोटी पञ्च महापाप लागोस् इत्यादि इत्यादि लेखिएको छ ।

यो ताम्रपत्र निकाल्ने, बिगार्नेलाई पनि त्यस्तै श्राप दिएर लेखिराखेको थियो । फेरिपनि पञ्चायत कालमा यो लोप भयो । यसको प्रतिलिपी ँसंस्कृत संदेश को १०, ११, १२ मा छापिएको छ । यसले बुझाउँछ त्यसबेला चिकुटी भारोको नेपालको राजनीतिमा महत्वपूर्ण योगदान रहेर आएको थियो, नत्र कुनै भारदारको नाउँ नलेख्ने उनको मात्र ताम्रपत्रमा नाउँ उल्लेख हुनुपर्ने कारण छैन । उनको हिन्दू धर्म र बुद्ध धर्ममा उत्तिकै आस्था थियो भन्ने कुरा उनले हिरण्यवर्ण महाबिहारमा चढाई राखेको पिण्ड पात्रले देखाउँछ ।

उनी पछि ग्वाछें कै नन्दलालले श्री श्री जय योग नरेन्द्र मल्लको मदिर भएर चलाए । (मदिर – पहिलेको दर्जा यसको अर्थ प्रधानमन्त्री अथवा मन्त्री केही पनि हुन सक्छ) उनको नाउँ पनि उही पिण्ड पात्रमा पछि फेरि लेखिएको छ ।

यसरी ग्वाछें अमात्यहरू मानदेवको समय देखि अन्तिम मल्ल राजाहरू सम्म ँअमात्य पदमा रहेर राजनीतिकै काम गरेर आएका थिए । श्री ५ पृथ्वी नारायण शाहको उपत्यका बिजयपछि कसरी उपत्यका बासी नेवारहरूलाई आतंकित गराए । ६ जना अमात्यहरूको टाउको काटिए सर्वस्वहरण गरीए भन्ने कुरो माथि उल्लेख भइसकेको छ । मैले बालक कालमा जेठो बुबाबाट

सुने अनुसार ग्वाछेंका अमात्य कुलको ७ पटकसम्म सर्वस्वहरण गरीयो र त्यसपछि हाम्रो कुलले राजनीति छोडेर आफ्नो पेशा व्यापार समातेका हुन् । जेठो बुबा चक्रलालले मलाई भन्नु हुन्थ्यो हामीले व्यापार गरेपछि दाल, चावल, धान, गहुँ, अन्न, पदार्थ, नून, तेल, घ्यू, दूध र कपासको व्यापार गर्नु हुँदैन ।

म सानो छँदा महाभूकम्पको बेलासम्म एउटा ढाल र २ वटा तरबारहरू सन्दूक भित्र लुकाई राखेको देखेको थिएँ । भूकम्पपछि सो कोबहाल टोलको घर अर्काले निखनेर लाँदा यी ढाल र तरबार कहाँ गयो थाहा भएन । त्यसपछि त ग्वाछेंका अमात्यहरू क्षेत्री नभई छ थरी बन्न पुगे । इतिहास विद तथा पाटन क्याम्पसको इतिहासका प्राध्यापक के.बि. उदय आफ्नो लेख ँऐतिहासिक अन्वेषण मा लेख्नु हुन्छ ँअमात्य प्रशासनबाट पाएको थर भएको छ । राजा नरेन्द्र देवको समयमा नामको अगाडि अमात्य आएकोले यो शब्द थर नभइकन ँप्रमुख पद को नामबाट अमात्य रहेको स्वीकार्न सकिन्छ । त्यस्तै लिच्छवि अभिलेखमा धेरै पटक कुमार अमात्यको नाम उल्लेख भएकोले राजकुमारमा प्रमुख अमात्यको नामबाट प्रख्यात भएको इतिहास पाइन्छ । त्यसबेला कुमार अमात्य प्रियजीव थिए ।

यो ँप्रियजीव नरेन्द्र देवका विश्वासको पात्रमा रहेको देखिन्छ । राजालाई सहयोग गर्ने अमात्यलाई राजामात्य भने झै कुमारलाई सहयोग गर्नेलाई कुमारामात्य भनेको विशेषण वर्णन लिच्छविकालीन लेखमा इतिहास विद धनबज्र बाट भएको छ । प्राध्यापक के.बि. उदयको भनाई छ भारतको जैन कालिन इतिहासमा अष्टादश प्रकृतिमा अमात्य पाए जस्तो नेपालको अष्टादश प्रकृतिमा यसको उल्लेख पाउन नसकेता पनि वर्तमान अमात्यमा पाइने अनेक उपनामबाट यसको गुह्य लिच्छविकालमा रहेको देखिन्छ । यो अकाट्य प्रशासकीय पद कालान्तरपछि वंश परम्परा जातीय थर भएको प्रमाण महसुस गर्न सकिन्छ ।

राजा हरिदत्त वर्माबाट स्थापना भएको चाँगु नारायण नै अमात्यको कुल देवता भएकोले त्यसरी समकालीन प्रमुख जनजातिमा यो अमात्य पुग्नुमा चाँगु नारायणको प्रमाणको अकाट्य विषय भएको छ । जयस्थिति मल्लको सामाजिक सुधारमा पनि यो अमात्यले आफ्नो ऐतिहासिक गौरव गाथाको भूमिकाको मान्यता पाएको छ ।

अमात्यको आफ्नो ऐतिहासिक संस्कृतमा चाँगुनारायणमा पाए जस्तो कार्तिक शुक्ल द्वादशीको नारायण जात्रा पनि पाटन (स्वठ नारायण) मा पाइन्छ । अमात्य थर बौद्ध वैष्णवरतमा रहेको अगुवा जन जाति देखिन्छ । एकै थर अमात्यमा त्यसरी भैरवबाट शैव र बौद्ध तथा वैष्णवरत पाएकोले यो जन जातिबाट धर्मकै सहीष्णुता मात्र नभइ धार्मिक समन्वयको उदाहरण बनेको नेवारको एक जनजाति पाउन सकिन्छ । अहिले अमात्यको मातृभाषा नेवार भएकोले त्यसरी अमात्य नेवार देखिनु कुनै अस्वाभाविक छैन् । अमात्यको गोत्र कश्यप भएकोले अन्य गोत्रको इतिहासबाट पनि आदिबासी भएको ठहर पाउन सकिन्छ ।

ऋषिको गोत्रमा सर्वश्रेष्ठ आदि ऋषि नै कश्यप भएकोले त्यसरी आदिवासीलाई कश्यप गोत्र मानिनु पनि मूल बिषय हो ।

अर्कातिर कुल देवता नारायण हुनुबाट अमात्यले नेपालमा त्रेतायुगको रामायण आफ्नो जन जातिले इतिहास तुल्याएको संस्कृति पाइन्छ । महाभारतकालीन इतिहासमा नेपालको किराँती युग समकालीन भएको तथ्य अनुमोदन गर्दा अमात्य किराँतीमा रामायणको आदर्श रामभक्त बनेको संस्कार बिष्णु नारायणको अवतारमा रामको अनुयायीले त्यो वायु पुत्रको प्रतीकबाट आफ्नो कुलको घराना दर्शाएको लक्षण देखिन्छ । बुंगमतिको त्यो वायुपुत्रको आमा त्यस्तै काठमाण्डौको हनुमान ढोकाबाट लिच्छवि बैष्णवका अनुयायी भएकोले अमात्य पनि त्यसरी लिच्छवि वर्गको नजीकको नातामा परेको प्रमाण नरेन्द्र देव (लिच्छवि राजा) को अमात्य प्रियजीव बाट पाएकोले यो थर नयाँ मानिन सकिदैन । लिच्छवि र मल्ल दुबै सूर्य बंशका रघुवंश भएकोले अमात्यको इतिहासमा पाइने कश्यप गोत्र नयाँ विषय भएको पाइन्छ । पाटनको २४ टोलमा २५% स्थान अमात्यले ग्रहण गरेको देखिन्छ । इतिहासले वंश बनाउने होइन, वंशले इतिहास निर्माण गर्दछ । नेपालमा पनि त्यसरी नै जन जातिले इतिहास बनाएको छ । त्यसरी इतिहास बनाउनेमा नेवारको त्यो अमात्य इतिहासको स्त्रोत्र जन्म जन जाति मै भएको छ । नेवारमा पाइने उपनामको जनजातिले इतिहासको ज्ञान दिन्छ । प्राध्यापक के.बी. उदयको भनाई छ, ँअन्वेषक बाट अमात्यको वंशावली र भूमिका प्रकाशनमा आए अझ बढी नेपाली एक जनजातिले इतिहासको एक विषय पाउन मद्दत हुनेछ ।

## ३ – बाजे र बाबुहरूको सामान्य परिचय

मेरो जन्म वि.स. १९७३ जेष्ठ १४ गते (इ.सं. १९१६ मे २७) (चन्द्र मानेन) वैशाख कृष्ण दशमीको राती दुईवटा किसानहरूको घरको बीचमा कोवहाल टोलको एउटा साधारण घरमा भएको थियो । यी दुई परिवार किसानहरूमा एउटा परिवार अति गरीव किसानको थियो भने अर्को परिवार एउटा निम्न मध्यम किसानको थियो ।

मेरो पिताजीको नाम रिद्दि नरसिं अमात्य र माताजीको नाम हो योगमाया । पिताजीको ४ भाई : जेठो चक्रलाल अमात्य, माहिला मेरो पिताजी रिद्दि नरसिंह, साहिंला धोज नरसिंह र कान्छा किर्ति नरसिंह र बहिनी लक्ष्मीबाण थिई । वज्यैको नाम हो आनन्द लइरी जोशी र वाज्ये धनकृष्ण अमात्य र धनकृष्णको पिताजी थिए , सत्र सिंह । सत्र सिंहको दुई भाइ थिए , जेठो नरसिं र कान्छो रामकृष्ण अमात्य ।

जेठो चक्रलालको स्वभाव रइसतालको । सधैं हंस मुख । रिसाउन नजान्ने । केटाकेटीलाई पिट्न त के कहिल्यै मुखबाट कडा शब्द ननिकाल्ने । मलाई पढनु पर्छ भन्ने भावना वहाँले नै भरिदिनु भएको हो । म सानो छँदा वहाँले मलाई भन्नु भयो, ँपढेन भने भारी बोक्नु पर्ला, पढ्यो भने चाँद तारो भएको टोपी लाएर घोडा चढेर हिंडन पाउला । वहाँको यो शिक्षाले मलाई पछि कसैले

पढ भन्नु परेन बरू मलाई नपढाई देलान भन्ने डर भयो । ५ वर्ष लागे पछि श्री पञ्चमीको दिन मलाई छ्यौर कर्म गरी अक्षर सिकाउन थाले । पहिले केही समय मैले मामा कहाँ गएर पढें । त्यस पछि आफ्नै टोलको वयोवृद्ध जुजुमान बाजे (श्रेष्ठ ) ले टोलको सबै केटाकेटीहरूलाई आफ्नै घरमा मुफ्तमा पढाई दिन्थे । सबेरै वहाँ बागमती जाने नुहाइ धोइ हिन्दू र वौद्ध सबै मन्दिर, बिहार, चैत्य इत्यादि घुमी केटाकेटीलाई पढाउनु हुन्थ्यो । ९ बजेतिर आफ्नो खाना खाएर पाटन कोबहाल टोल बाट हिंडेर ज्ञानेश्वर आउनेबेला फेरि मन्दिर, विहार इत्यादि घुमेर आउनु हुन्थ्यो । एक निम्न वर्गको बुढो मानिस । मलाई याद भएसम्म एक चौथाइ भैंसीको दुध र उही निम्न स्तरकै खाना । फेरि पनि वहाँ ८५ वर्ष सम्म निरोगी भएर बाँच्नु भयो र ५ दिन ओछयानमा परि देहान्त हुनुभयो । देहान्त अघि विरामी भएर ओछयान पर्दा पनि वहाँको राम्रै होस चलिराखेको थियो।

मान्छे किन लामो उमेर बाँच्छ भन्ने प्रेरणा सर्वप्रथम मैले वहाँबाटै पाएको थिएँ । मैले भने शारीरिक श्रमलै नै मान्छेलाई बलियो पारि राख्दो रहेछ । नत्र ८५ वर्ष खाना उही गरीबी खाना कसरी ८५ वर्ष सम्म होसहवास नगुमाइकन बाँच्न सक्दथ्यो । वहाँको घरमा म विहान अध्यारैमा पुग्थे । कहिले काँहीं ढोका खुल्दैनथ्यो । पर्खेर बस्थे । पढाई तिरको यो लगन मेरो जेठो बुबा चक्रलालले दिएको शिक्षाको देन हो । वहाँ पनि ८३ वर्ष सम्म बाँचेर जानु भयो । वहाँको पनि खाना त साधारण दालभात र तरकारी हो । जुद्ध शम्शेरको चाकडी गर्नु हुन्थ्यो, रोजै ३-४ माइल गएर आएर । जुद्ध शम्शेरको चाकडीले वहाँलाई केही त दिएन तर रोजै ४-५ माइल हिंडन बाध्य गरायो, जसले वहाँलाई लामो जीवन दियो । त्यस माथि कहिल्यै नरिसाउने प्रसन्न चित्तले पनि मानिसको मानसिक र शारीरिक स्वास्थ्यमा मद्दत गर्दो रहेछ ।

माहिला पिताजी वहाँ ६० वर्ष पुग्दा नपुग्दै देहान्त हुनु भयो ।

साहिंला धोज नरसिं रिसाहा, रिसाए पछि केटाकेटीलाई बेस्सरी पिट्ने । वहाँ पनि करिब ६० वर्षको उमेरमा देहान्त भयो ।

कान्छा किर्ति नरसिं काम बिगारे पछि केटाकेटीलाई बेस्सरी हप्काउने तर कहिले हात नछोड्ने । चारैवटा दाजुभाइको रक्सी जुवाको कुलत थिएन । ३ भाइ एकातिर, बुबा एक्लै अर्कातिर । ३ भाइको सुरूको जीवन आर्थिक सङ्कटबाटै गुज्रेको थियो । तर ३ भाइ मिलेर काम गर्दा वहाँहरू पाटनको मानिएको साहु बन्न पुगे । चक्रलाल साहु भने पछि पश्चिम १ नम्बर, पूर्व १ नम्बर, दक्षिण हेटौंडा छेउ सम्मका ग्राहकहरू द्वारा प्रख्यात र विश्वासिलो हुन पुगे । मेरो बाजे धन कृष्णले आर्थिक सङ्कट भोग्नु पर्यो । वहाँ एक ठूलो साहु सत्र सिंको छोरा हुनुहुन्थ्यो । फेरि पनि वहाँले अर्थ सङ्कट भोग्नु पर्यो ।

बाजेको पिताजी सत्र सिं का ३ भाई थिए । जेठो नरसिं, बिचको सत्रसिं र कान्छा रामकृष्ण नरसिं (केशब) । सत्र सिंहरूको ठूलो कारोबार चल्थ्यो । राजनीतिबाट व्यापारमा लाग्दा त्यस पुस्ताको नरसिं, सत्रसिं बागमतीमा चाहे जतिसुकै बाढी आएको किन नहोस् दिनको ३ पटक बागमती

(त्यस बेला पुल थिएन) वारपार गरी काठमाण्डौ व्यापार गर्न जान्थे । यसरी वहाँहरूले आफ्नो मेहनतले रोजको एक रोपनीको हिसाबले ३६० रोपनी जमिन र हरेक पर्वको खर्चको निम्ति वर्ष भरिमा आउने दशैं, तिहार, भुजीया इत्यादि ७ पर्वको निम्ति धुनबेसी इत्यादि ७ गाँउहरूको साथै घरमा पाथीका पाथी अनेक हिरा माणिक जडेको औठीहरू कमाएर छाडेर गएका थिए ।
३ भाइको देहान्त पछि निजका सन्तानहरूमा बँटवारा (भागवण्डा) भयो । नरसिंको सन्तान थिएन । रहयो सत्र सिं र रामकृष्णको सन्तानहरू । मैले सुनेअनुसार बँटवारा गर्दा ३ भागमा २ भाग रामकृष्णको परिवार कहाँ पुग्थ्यो रे र १ भाग सत्र सिं कहाँ पुग्थ्यो रे । यसरी रामकृष्णको छोराहरू कहाँ प्रसस्त धन थियो । नीरको लक्ष्मी उनीहरू कहाँ नै परेको थियो । यतिको धन अल्प समयमा नै लोप भएर गयो । धन त पाए सो धन कारोबारमा लगाउन सकेनन् । नरसिंको कुुनै सन्तान भएन । त्यो सम्पतीको आधा रामकृष्णको भागमा गयो । बाँकी सम्पती सत्रसिंको ७ भाई छोराहरूलाई वितरण भयो ।
रामकृष्णका सन्तानहरूले त्यत्रो भाग पाएर पनि आखिर टिकेनन् । उनको जेठो छोरो प्राणेश्वर ज्योतिषिले ३ शहरमा नाम चलाएर जाला भनेको, नाम त चलायो बहुला को रूपमा चलायो, सारा सम्पत्ति सखाप । एक ठूलो साहुको छोरो बहुलाए पछि ३ शहरमा नाम फैलिने नै भयो । बहिनी लक्ष्मी बहुलाई । एउटा माहिंलो छोरो धुप बत्ति काटेर जीवन चलाउनु पर्यो । कान्छो रामेश्वरले चक्रलाल ध्वज नरसिं को कारोबारमा सहायक कर्मचारी भएर जीवन विताए । भनिन्छ लक्ष्मी ३ पुस्ता भन्दा बढता एक ठाँउमा बस्दैन ।
सत्रसिंको ७ भाई छोराहरू, जेठो मेरो बाजे धनकृष्ण । वहाँ गानबजानको सौकिन, राम्रो नामी गायक हुनुहुन्थ्यो । गानामा त विकास गर्नु भयो तर व्यापार थाम्न सक्नु भएन र आफ्नो जीवनमा वहाँले पनि ऋणमा दुख पाएरै जानुभयो । बाजेको एउटा भाइ काशीराजलाई बाहुन भन्थे । वहाँ संस्कृत र कर्मकाण्डमा निपुर्ण हनुहुन्थ्यो । आखिर वहाँले पनि व्यापार थाम्न नसकेर पछि तराईमा गएर पण्डित्याइ गरी जीविका चलाउनु भयो । अरू भाइहरू झन बिग्रे । ७ भाईमा कहिल्यै मेल भएन । पुर्खाले कमाएको धनले आखिर कति दिन चल्ने हो ?
यसरी ७ वटै भाइहरू आर्थिक सङ्कटमा फस्न गए । नरसिं र सत्रसिंले कमाएको आधामात्र रामकृष्णको कबलमा गयो । यो आधामा ७ भाग गर्दा बाजे धनकृष्णको भागमा १४ भागको एक भाग पर्न गयो । यसरी व्यापार टुक्रिएपछि थोक व्यापार गर्ने सवालै आएन, खुद्रा व्यापार गर्न आफ्नो कुनै पसल थिएन । यसरी ७ वटै भाइहरूको कलहले गर्दा सबैले अन्तमा दु:ख पाए ।
तर धनकृष्ण का ४ वटै छोराहरू मेहनती निस्के । मेरो बुबाको एकापटि कपडाको दुकान । अरू ३ भाइ एकापट्टि किराना मालहरूको दुकान । ३ भाइको मेल र मेहनतले आखिर चक्रलाल साहुको नाम पूर्व १ नम्बर देखि पश्चिम १ नम्बर र दक्षिणमा हिटौंडाको छेउ सम्म चल्यो ।
त्यस्तै चल्ति बुबाको कपडा दुकानको पनि थियो । एक्लो पिताजी रिद्धि नरसिंको सानो गल्तीले गर्दा त्यो भव्य दुकान टाँट पल्टीएर बस्नु पर्यो भने कुनै कुलतमा नलागेका ३ भाइ मिलेर भुँइ

पसलबाट एक ठुलो महाजन भएर आए । यसरी पिताजीले कपडा दुकान चम्काएर ल्यानु भएको थियो । ४ भाइमा सबभन्दा राम्रो आर्थिक स्थिति पिताजीको थियो । ३ भाइ जेठा, साहिंला र कान्छाको पसल थिएन र वहाँहरूले मंगल बजार ८ कुने कृष्ण मन्दिरको पेटीमा एक टुक्रा ठाउँ ओगटि भुइँमा पसल राखे । तीनै जना मेहनती र इमान्दार । पछि गएर आफ्नो मामा बाजे इन्द्रमंगलको भाइ गणेशमंगल जोशी मार्फत एउटा पसल बनाए । इन्द्रमंगल र गणेशमंगल दुइटै दाजुभाइ जंग बहादुरको पाला देखिको विश्वास प्राप्त ज्योतिष थिए । त्यतिन्जेल इन्द्रमंगलको देहान्त भैसकेको थियो र गणेशमंगललाई भनेर दुकान बनाएका थिए । पसल पाएपछि आलोपालो गरी ३ भाइमा २ भाई बिहान अँध्यारोमा बत्ति बालेर पसल खोलेर बस्थे र राती भएपछि फेरि बत्ति बालेर बस्थे । यसरी हर बखत खुला पसल, राम्रो सामान, मनासिब मोल पसल राम्रैसँग चल्न थाल्यो । पश्चिममा बत्रिटार, दक्षिणमा टुंगुन, माल्टा इत्यादि, र पूर्व १ नम्बरका ग्राहकहरू त्यो दुकानले तानी राखेको थियो । विश्वासले गर्दा एक चोटि झगडा गरेर गएको ग्राहकहरू पनि त्यहीं किन्न आउथे । एकदिन चक्रलालको छोरा र अरू युवकहरू मिलेर बत्तिटारमा सामान बेच्न गएको दिउसो ४ बज्यो एक सिन्को कसैले लिएको होइन । ४ बजेतिर हल्ला फैलियो कि चक्रलालको भतिजाहरूले सामान बेच्न आएका छन् । तुरून्तै सबै सामान बिकेर गयो । यति टाढा ठाउँसम्म यो विश्वास चक्रलालले पाएका थिए ।

४ – बाल्यकालको सम्झनाहरू (आमा बारे)

म दुई–तीन बर्ष भएको बेलामा मेरी आमाको देहान्त भएको थियो । मेरी आमा बारे एक दुई घटना मात्र याद छ । एउटा घटना हो म नासननीमा खेलेर घर आएर नास्ता माग्दा एउटा ढकिमा राखेर च्यूरा र हरियो तोरीको सागको तरकारी दिनु भएको । त्यस बेला वहाँ विरामी भएर ओछयानमा लडी रहनु भएको थियो ।

अर्को घटना हो, मेरो मामाको घरको कौशीमा मेरी आमाले मलाई काखमा बोकी च्यूरा खुवाई रहेको र त्यसबेला भण्डार खालको बगैंचाबाट एउटा ठूलो सेतो बाँदर छानामा आइरहेको र त्यसबेला मेरी आमाले मलाई खुवाउने च्यूरा राखेको ढकि घर भित्र फ्याँकेर पठाउनु भएको थियो । पछि मैले त्यो च्यूरा जमिनमा छयाल ब्याल परि रहेको देखें ।

अर्को घटना हो मेरी सानी आमा घर ल्याएपछि सौतासौतीको लुछाचुडी रौं तानेर झगडा गरिरहेको ।

सानी आमासँग सम्बन्ध वढेपछि पिताजीले मेरी आमा प्रति हेल्चक्राई सुरू गर्नुभयो । मैले मेरी आमाको दिदिबाट सुने अनुसार एक राती मेरो पिताजी मलाई लिएर सानी आमा कहाँ जानु भएको रहेछ । आधा रातमा आमा विंउझिनु भयो र आफ्नो पतिलाई कोठामा दख्रु भएन साथै मलाई पनि लगेको हुनाले आमा दिक्क भएर झ्यालबाट नास ननिमा हेरि रहनुभएको थियो । चन्द्रमाको उज्यालो थियो । आमाले त्यहाँ एउटा अनौठो दृश्य दख्रुभयो । २ वटा कुकूरहरूले २

पट्टिबाट एउटा मान्छे माथि हमला गरे झैं उभिराखेका थिए । मान्छेको आकृति भने आमाले देख्नु भएन । त्यो देखेर झट्टपट्ट झ्याल थुनेर आमा कोठा भित्र पस्नुभयो ।
मेरो पिताजीले मेरो आमा छँदै अर्को सानी आमा ल्याउनु भयो र वहाँको सङ्कटका दिनहरू पनि सुरूभयो । पिताजीले उनलाई पहिले बाहिर डेरा लिएर राख्नु भएको थियो । एकदिन मलाई पनि लिएर त्यहाँ जानु भयो र मलाई काखमा राखी सानी आमालाई घर ल्याउने इजाजत माग्नुभयो । मैले हुन्छ भने त्यस बेला म २ बर्षको बालकलाई सौतनी आमा के हो के थाहा । त्यसपछि सौतनी आमाको रूपमा वहाँ घरमा आएर बस्न थाल्नु भयो र आमासँग पनि झगडा भएको थियो ।
यसरी सानी आमा ल्याएपछि पिताजीलाई पनि समस्याहरूले घेर्न थाल्यो । एकातिर बज्यैले पिताजीमाथि अनुशासनको कारवाही गरी अलग राखिदिनु भयो । बज्यैले पिताजीलाई अलग राख्नुको मुल कारण पर्यो साहिंला र कान्छा भाइहरूको बिहे हुन पाएको थिएन । दाजुलाई यसरी एक माथि अर्को श्रीमती ल्याउन दिएमा भाइहरूले पनि यस्तै बिहा नगरीकन अरू आइमाई ल्याउने परम्परा बस्न जानेछ । त्यस माथि नेवार समाजमा एक जना व्याहिते भइकन अर्को ल्याउने चलनलाई समाजले राम्रो मान्दैन्थ्यो । यस कारणले पिताजीलाई अलग राखिदिएको हो । नेवार समाजमा विधिपूर्वक विवाह गरेर सुपारी लिएपछि मात्र भातभान्छा चलाउने गर्दछन् । त्यसै ल्याएको हुँदा बज्यैले सानीआमाको सुपारी पनि लिनु भएन । यसले गर्दा आमा बिरामी होस् अथवा परलोक होस् सानीआमाको भातभान्छा चल्न दिने कुरै भएन । फलस्वरूप आमा बिरामी हुँदा भात पकाउने मान्छे भएन । आमाको देहान्त भइसकेर पनि जीवन भर भातभान्छा चलाइदिएन । फलस्वरूप पिताजी आफैले आफ्नो दिक्षाको पूजा गर्नको निम्ति चोखो पानी ल्याउने काम देखिलिएर भान्छाको काम गर्न बाध्य हुनु भयो । यस्तो स्थितिमा ज्वरो आइराखेको आमाले भातको सट्टा सक्खर चिउरा भन्दा अरू के पाउन सक्ला । आमा प्रति पिताजीको माया लोप भएर गयो । बिरामीले पानी माग्यो त लोटाले हिर्काएर पठाइयो । मेरी आमा एउटा पीडित नारीको रूपमा जीउनु पर्यो । वहाँको बिरामीको गति झन तेज हुदै गयो र हनसम्म अपमानित जीवन सहेर सानीआमा ल्याएको एक महिना पुग्दा नपुग्दै वहाँको देहान्त भयो ।
पिताजीको आर्थिक स्थिति यहीं बाट ओरालो लाग्छ । बिभिन्न कारण बश वहाँले दुकानको सारा जिम्मा अरूलाई दिएर आफू बराबर दुकानबाट गैर हाजिर रहनुपर्यो । विश्वास गरेर एउटा राखेको, उनी मार्फत त पसलको पैसा र सामान हिनामिना हुनाले भव्य पसल झनझन सुकेर गयो । त्यसमाथि त्यही बेला आफन्तहरूले बिहेको निम्ति एक ठूलो रकम उधारो लगे जसको पैसा पिताजीले पाउनु भएन । अर्कोतिर सानीआमाको फुर्मायसी जीवन, सार्वजनिक शौचालय जानलाई पनि नयाँ नयाँ साडी लाउनु पर्ने । छरछिमेकीलाई देखाउन दिसा जान खेरी पनि नयाँ नयाँ साडी लाउने पर्ने । सानीआमाको जवाफ थियो, जिउ भएसम्म यस्तो साडी कति आउछ कति ।

पिताजीको आफ्नै फुर्मायस, अरूहरू ढाका टोपी लाएर हिंडथे भने पिताजीको कार्चोपी टोपी, तीन पत्रे ढाकाको लुगा सीपी भरेको हुक्का तानेर घर देखि पसल जाने रवाफ । यसरी खान र लाउनमा उत्तिकै शौकिन । तर वहाँमा रक्सी जुवाको कुलत भने थिएन । परम्परा अनुसार अमात्यहरूले जाँड, रक्सी, कुखुरा, प्याज, लसुन खाने चलन थिएन र यसले गर्दा उनीहरू अक्सर रक्सीजाडँको नशामा फस्दैनन् पनि । कपडाको दुकान झनझन सुक्दै गयो । आखिर खर्च भन्दा आम्दानी कम हुँदै आयो । मारवाडी साहु आएर पैसा ताकेता गर्न आएको मलाई याद छ । जसो तसो सबै तिरेर पठाए होलान् । पिताजीको पसल दिवालिया हालतमा पुग्यो र मैले देख्दा देख्दै त्यो भव्य दुकानमा एक गज कपडा पनि रहेन । तैपनि त्यो खालि दुकानमा पनि टाढाटाढा टुंगुन, माल्टा इत्यादि बाट ग्राहक आइनै रहन्थे । पिताजीले अन्तबाट ल्याएर कपडा दिनु हुन्थ्यो , ग्राहक खुशी भएर लान्थे । ग्राहकहरूको यो विश्वास र सद्भावना पिताजीले पाइराख्नु भएकै थियो । जे भए पनि समष्टीगत रूपमा हेर्दा वहाँको आर्थिक स्थिति बिल्कुल बिग्रेको थियो । पछि गएर मेरो बैङ्कमा जागिर भएपछि पिताजीले अलिकति सास फेर्ने मौका पाउनु भएको थियो । तर ३ वर्ष ४ महिनाको बैङ्कको नोकरी गरेपछि पक्राउ खाइयो, जागिर गयो । पक्राउ परेको तेश्रो दिन पिताजीको पनि देहान्त भयो ।

जुनबेला माताजीलाई घाटमा लगिदै थियो, त्यसबेला मैले आफ्नो आमालाई सेतो कपडाले छोपेर घाटमा लगेको घरको बार्दलीमा एक्लै बसेर हेरिरहेको थिएँ । मलाई थाहा थिएन कि मेरो आमालाई कहाँ लैजादै छन् । म त्यस बेला २ वा ३ वर्षको थिएँ । केही दिनपछि आमा नभएको मेरो मनमा खट्कियो र म आमा कहाँ जानको निम्ति खुब रोएँ । यसरी रोएँ कि मेरो रूवाई कसैले थाम्न सकेन । अनि मेरी आमाको दिदीको छोरी हेममाया म भन्दा ४ वर्ष जेठोले मलाई काखमा बोकेर तढननिमा लगिन् । मेरो घरबाट २ मिनेट पछि एउटा ठूलो चोक (चौर) त्यो चौरको चारैतिर घरहरू थिए तिन मध्ये कतिपय किसानहरूको घर थियो र उनले कसैलाई बोलाइन् । एउटी २५–२७ वर्षकी किसान महिला आएर घरको दैलोमा उभिई । खुट्टामा परालको डोरीले बुनेको चप्पल, कालो रंगको रातो किनारा भएको फरिया, उचाईमा मध्यम कदको ,रंग गहुगोरी महिला ढोकामा उभिइन् । अनि मेरो दिदीले भनिन् ँउ तिम्रो आमा, उही हो तिम्रो आमा, आमाको अस्तित्वमा मेरो चित्त बुझ्यो । न मैले आमा कहाँ जाउ भन्न सकें न त मेरो आमा होइन भन्न नै सकें । रून रोकियो मैले मेरी आमा त्यहाँ रहेछ भन्ठानेर फर्के । मनमा सन्तोष लाग्यो मेरो आमाको अस्तित्व रहेछ र त्यो घरमा बस्दो रहेछ । त्यसपछि मैले आफ्नो आमा कहाँ जाउ भनेर कहिल्यै भनिन, न कहिल्यै नाम लिएँ । दिदिले मलाई काखमा बोकेर घर ल्यायो । पछिपछि जब कसैले मसँग मेरीआमा कहाँ छ भनेर सोध्यो भने म टढंननी चौरको बीचमा भएको सानो मच्छिन्द्रनाथको मन्दिर र त्यस मैदानको पूर्व मुखको एउटा किसानको घरमा मेरी आमा रूपी त्यो किसान महिलालाई सम्झन्छु ।

जब मेरी आमा सिकिस्त भएर उनले आफ्नो जीवन अन्त नजिक आइरहेको देखिन् उनको सबभन्दा ठूलो चिन्ता मेरो बारेमा थियो । लोग्नेको त्यही हाल , सौताको हातमा छोरा छोडेर जानु पर्ने, बज्यै र काकाहरू अलग भैसकेका हुनाले उनीले आफ्नो दिदीलाई जिम्मामा छोडेर जानु सिवाय अरू विकल्प देखिनन् । दिनभरि त ठूली आमा कहाँ नै बित्दो होला । सुत्नलाई बज्यैसँग सुत्थे । उठ्नेबेला बज्यै भएन भने मेरो रूने बानी थियो । तर एक बिहान बज्यै उठेर आफ्नो घरायसी काममा लागिसकेकी थिइन् । बज्यै नपाउँदा एकछिन रोएँ , तर मनमा आयो बज्यै त माथि कहीं होला मैले किन रूने ? त्यो दिनदेखि रूने बानी हराएर गयो ।

आमाको देहान्त पछि पिताजी र सानी आमा कोबहाल टोलको घर छोडेर स्वठ ग्वाछें पुख्र्यौली घरमा बस्न गएछन् । त्यसपछि एकदिन सानीआमा आएर मलाई लिन आइन् । बज्यै दिन नचाहने, सानीआमा लैजान खाज्ने । मलाई लिएर २ जनाको बीचमा तानातान भयो । म त आकाशमा झुण्डिएको डोरी जस्तै । म कष्टले रून थाले । आखिर त्यहाँ उभिएकाहरूले भने बालकलाई कष्ट भयो छोडी देउ, बज्यैले छोडिदिनु भयो । सानीआमाले मलाई स्वठ, ग्वाछेंमा लगेर राखिन् । एकदिन मौका पारेर घरको ढोकाको आग्लो खोलेर भागाभाग गरी बज्यै कहाँ पुगें । त्यसपछि सानीआमा र बाले मलाई आफ्नो साथमा राख्ने प्रयास कहिल्यै गर्नु भएन , बरू झारफुक लगाएर मेरो मन फर्काउने प्रयास भने गरे, जसको असर मलाई परेन ।

यस बीचमा जेठा बुबा चक्रलालको दोश्रो पटक विवाह भएर गौरीमायाको गृह प्रवेश पछि मेरो हेरचार जेठी आमाले गर्न थालिन् । मेरी आमाको ठाँउ वहाँले लिन थाल्नु भयो । मेरो कर्मकाण्ड सबैमा आमाको काम वहाँले नै गर्नु भयो र जेठी, साहिंली, र कान्छी आमाहरू मध्ये म जेठी आमालाई नै मान्ने गर्थे । म ८ वर्ष बेलामा बज्यैको देहान्त भयो र बज्यैले गरेर आएको काम वहाँले सम्हाल्नु भयो ।

जेठा बुबा, साहिंला बुबा र कान्छा बुबाहरूले मेरो पढ्नमा आफ्नै छोरा जस्तै हरप्रकारको सहयोग गर्नु हुन्थ्यो । भनेको कुरा पुर्याइ दिनु हुन्थ्यो । अर्कातिर जेठी आमाको स्याहारले गर्दा मलाई आमा नभएको कुरा खट्केन र बाहिर टोलका मानिसहरू मलाई देखेर आमा नभएको लड्का जस्तो देखिन्न भन्थे । मेरो जन्म पिताजी रिद्धि नरसिं बाट भएपनि मेरो भविष्यको निर्माता ३ भाइ काकाहरू हुन् ।

मलाई पढ्ने प्रेरणा दिने जेठा बुबा चक्रलाल हुन् भने अंग्रेजी पढ्न पठाउने साहिंला ध्वजनरसिं हुन् र उच्च शिक्षा हासिल गर्नमा प्रेरक किर्तिनरसिं हुन् ।

## ५ – शिक्षा (Education)

जब म ५ बर्ष लागें, श्री पञ्चमीको दिन मेरो छयौर कर्म गरी मलाई ँनमोबागीश्वराय पढ्न र लेख्न सिकाए । केहीदिन मामाकहाँ पढन गएँ , त्यसपछि कोबहाल टोलको जुजुमान बाज्ये कहाँ

पढ्न पठाइयो । जेठो बुबा चक्रलाल अमात्यको एउटा सानो मन्त्रले मलाई दत्तचित्त भएर पढ्न सिकायो । वहाँले मलाई भन्नुहुन्थ्यो, "पढ्यो भने सुब्बा भएर घोडा चढ्न पाइन्छ अनि चाँदतारा भएको टोपी ( राणा कालमा दर्जा हेरेर यस्तो सरकारी टोपी लाउन पाइन्थ्यो ) लाउन पाइन्छ । चारैतिर चाँदी अथवा सुनले मोडेको अगाडि चाँदी अथवा सुनको कलापूर्ण पाता भएको र दर्जा हेरिकन चराहरूको प्वाँखले बनेको कल्की समेत भएको टोपी लाउन पाइन्छ भने, पढेन भने भारी बोकेर हिड्नु पर्ला" यस कुराले मेरो दिमागमा ठूलो असर पुर्यायो र मलाई पढ्नको निम्ति गाली गलौज अथवा मारपीट केही कुराको नौवत आएन र म विहान सबेरै झिसमिसे उज्यालोमा गुरूको ढोका नखोल्दै ढोकामा कुर्न जान्थे र पर्खेर बस्थे ।

म पढ्न जाँदा क,ख,ग,..... पढिरहेको विद्यार्थीलाई मैले छिट्टै टपें र उनीहरू भन्दा अगाडि पुगें । मलाई क का कि की.... सिकाएपछि ख खा खि खी ... पढ्न गाह्रो भएन र छिट्टै वर्णाक्षर सिकें । त्यसपछि मलाई चाणक्य नीति शास्त्र पढाइयो । संस्कृतमा श्लोकहरू कण्ठ गराइन्थ्यो । अर्थ भन्ने चलन थिएन । त्यसपछि मलाई ईखालखु टोलमा  संस्कृत पाठशालामा भर्ती गरीयो । त्यसबेला पाटनमा कुनै अर्को स्कूल अथवा पाठशाला थिएन । त्यसबेला नेपाल भरिमा एउटै अंग्रेजी स्कूल थियो, त्यो हो काठमाण्डौंको दरबार स्कू्ल । संस्कृत पाठशाला पाटनमा यही एउटा थियो, त्यो पनि एउटा सर्वजनिक सत्तलमा । बाहुनका छोराहरू त्यहाँ वेद पढ्ने गर्थे । मैले त्यहाँ नेपाली पढ्न र जम्मा घटाउ र गुणन गर्ने सम्म  सिकें । त्यसपछि मलाई केही समय सरकारी माल अड्डामा कागज लेख्न सिकाउन पठाइयो । त्यसकोकेहीपछि मलाई मानिकलाल श्रेष्ठकहाँ अंग्रेजी पढ्न पठाइयो । उनी त्यसबेला दरबार स्कूल काठमाण्डौमा ३ क्लासमा पढ्ने विद्यार्थी थिए ।

मलाई एउटा स्लेटमा ठूलो ए,बि,सि,डि लेखि दिन्थे । त्यहि पढथे र वैशाख, जेठको गर्मी, एक दुइपटक पढेपछि नींद लाग्थ्यो  र त्यहीं एकछिन सुत्थे, नींद खोलेपछि मलाई घर पठाइदिन्थे । ४ महिना गयो मैले सो अंग्रेजी अक्षरहरू चिन्न सकेको होइन । त्यसमाथि मलाई भनिन्थ्यो यस्तो त ४ प्रकारको अक्षरहरू छन् तिमीले कहिले सिक्ने? मलाई पनि मनमा लाग्यो यत्तिका अक्षरहरू मैले कहिले सिक्ने ? म त्यसबेला ८ बर्षको थिए । त्यस सालको आश्विन महिनातिर "पाटन स्कूल खुल्यो" । "श्री ३ महाराज चन्द्र शम्शेरको जय" भन्दै हामी पाटन स्कूलमा भर्ना भयौ । त्यसबेला पाटन स्कूलमा ७ कक्षासम्म थियो । मंसिरमा जाँच लिने वाला थियो । यस वीचमा मैले भन्न सकिन कसरी मैले चारै प्रकारका अक्षरहरू चिने । अंग्रेजी पहिलो किताबको आधा घोडा पृष्ठ सम्म सिध्याएँ । हिसाब संस्कृत पाठशालामा गुणासम्म सिकिसकेको थिएँ । मंसिरको जाँचमा म एक क्लास पास भएर दोश्रो क्लासमा पूगें ।

दोश्रो क्लासमा सबै कुरोहरू हिन्दीमा पढ्नु पर्ने । नेपाली भाषाको किताब थिएन । संस्कृत, वर्डबुक , ट्रान्सलेशन , अंग्रेजी ग्रामर सबै हिन्दीमा पढ्नु पर्ने ।

त्यसबेला हिन्दी त के कुरा नेपाली भाषा पनि मलाई राम्रोसँग आउदैन्थ्यो । पुरा पाटनमा नेपाली जान्ने नेवारहरू कमै थिए । बजारमा बस्नु े र अड्डा अदालतमा सम्बन्ध भएकाहरू बाहेक अरूलाई नेपाली भाषा थाहा थिएन ।

यस्तो स्थितिमा मैले नेपाली भाषा पनि राम्ररी नबु√नु स्वाभाविक थियो । यस्तो बालकहरूले हिन्दीमा लेखपढ गर्नुपर्दा एउटा ठूलो समस्या थियो । अनि मेरो त्यो २ क्लासको सालभरि पाठ भन्न नसकेर रोजै रोज शिक्षकको पालोभरि बेञ्चमा उभिनु र अर्को पिरियडमा अर्को शिक्षक आएपछि फेरि यस्तै नै मोटो बेतको लठ्ठी खानु र बेञ्चमा उभिनु गरेर ६ पिरियड सिध्याएर घर फर्कन सिवाय अरू केही काम भएन ।

शिक्षकहरूको यो विवेकहीन पिटाइले गर्दा २ क्लासदेखि ४ क्लास सम्मका धेरै नै विद्यार्थीहरूले स्कुल छोडेर पढाइ बन्द गरेर घर बसे । तर मैले मेरो जेठो बुबा चक्रलालले दिएको मन्त्र अर्थात नपढे भारी बोक्नु पर्छ भन्ने मन्त्रले गर्दा सालभरि पिटाइ खाएर पनि स्कूल अथवा क्लास छोड्ने काम गरीन र एक साल सबैजसो शिक्षकहरूको पिटाइ खाएर बिताए । दुई क्लासको जाँचमा फेल पनि भएँ ।

अर्को साल सुरू हँुदा मास्टर चन्द्रिकालाल मास्केले ट्रान्सलेशन, वर्डबुक इत्यादि नेपालीमा उल्था गरी छपाइसकेको थियो भने ज्वाला सिं हमालले अंग्रेजी ग्रामर नेपालीमा बनाएर छापिदिएका थिए । नेपालीमा किताबहरू उल्था गर्ने अथवा लेख्ने काम गरेर वहाँहरूले हामीलाई ठूलो सङ्कटबाट बचाउनुभयो । त्यसपछि क्लास ८ सम्म म सुरूसुरू पास भएर गएँ । ५ क्लास पुग्दा मलाई इतिहासले दुःख दियो । त्यसबेलामा मित्रलालले इतिहास र संस्कृत लिएर बि.ए. को तैयारी गर्दै हुनुहुन्थ्यो । इतिहासको निम्ति आफ्नो बि.ए. लाई तैयारी गरेको कुराहरू नै पढाउनु हुन्थ्यो । पाठ तैयार गर्नलाई हामीलाई प्रेस्काइब गरीराखेको किताबमा हेर्‍यो, क्लासमा पढाएको कुनै कुरा नपाइने । यस्तै गरेर क्लास १० मा पुगें । मनमा लागेको थियो इतिहासमा फेल हुन्छु भनेर तर भूगोल र इतिहास मिलाएर पासमार्क आए दुबैमा पास मानिन्थ्यो । भूगोल भने मलाई सजिलै लाग्थ्यो । फेरि पनि १० क्लासमा इतिहासमा भूगोलको नम्बर नजोडीकन नै पास भइहालेछु ।

क्लास ५ मा अर्को घटना हो माष्टर दुर्गाप्रसादको । वहाँले हामीलाई अंग्रेजी पढाउनु हुन्थ्यो । तर बीच बीचमा शिक्षाप्रद गफ पनि गर्नुहुन्थ्यो र आफ्नो गफमा हामीलाई सिग्रेट पिउने कुराको विरोध गर्नुहुन्थ्यो । वहाँ आफै एक नम्बरको सिग्रेट वाज । दिनको ३ बट्टा सिग्रेट चाहिने । आफ्नै उदाहरण दिएर वहाँ भन्नु हुन्थ्यो, मेरो तलब महिनाको रू ५०।– छ, त्यो सबै पैसाले पनि सिग्रेट खर्च पुग्दैन । तिमीहरूले सिग्रेट नखानु । १५– १६ वर्षसम्म सिग्रेट खाएन भने पछि तिमीहरूलाई यसको गन्ध पनि मन पर्ने छैन । त्यसबेला म १२ वर्ष लागेको थिए । वहाँको यो शिक्षाले धेरै प्रभावित पार्‍यो र जिन्दगीभर सिग्रेटको सङ्ग गरीन । माष्टर दुर्गाप्रसाद विद्यार्थीहरूको प्रिय शिक्षक थिए । हाम्रो समयमा पढेलेखेका लड्काहरू कमै थिए । तर मैले लड्कीहरूको पछि लाग्ने काम गरीन र रक्सी, जाँड, गाँजा र तम्बाकु आदिको लतमा फसिन पनि ।

क्लास ६ देखि सबै कुराहरू अंग्रेजीमा पढनुपर्ने भयो । ६,७, र ८ क्लाससम्म सरासर पास भएर गएँ । यस बीचमा नयाँ माष्टरहरूको फेला परियो ।

यसमा एकजना माष्टर सबभन्दा खतरा निक्ल्यो । वहाँ दिनभरी कहाँ कहाँ टियूशन पढाउनु हुन्थ्यो । क्लासमा पढाउदा रोजै नयाँ नयाँ हिसाब सिकाउने । आज एल.सी. एम. त भोली जि.सी. एम. । बोर्डमा एक पटक लेखेर पढाएपछि वहाँको ड्यूटी सिध्यो । त्यस हिसाबको सारा २५– ३०– ४० जतिवटा हिसाबहरू भएपनि गृह कार्यको रूपमा दिएर पठाउने, तर अर्को दिन सो गृहकार्य गरेर ल्यायो, ल्याएन वहाँलाई कुनै मतलब छैन, सोध न पुछ । अर्को दिन अर्को हिसाब सिकाई हाल्यो । वहाँको यो तरीकाले हिसाबमा म धेरै कमजोर भएर गएँ । रूपियाँलाई १६ ले गुनेर आना जोड्ने कि रूपियाँमा आना जोडेर पछि १६ ले गुन्ने ? सारा कन्फ्युजन भएर गयो । उही क्लास ८ मा वहाँ Rapid reading book पनि पढाउनु हुन्थ्यो । २–४ जना विद्यार्थीहरू आफ्नो वरिपरि जम्मा गर्यो, आफूले सो किताब पढदै गयो । वहाँको ड्यूटी सिद्धियो। म ८ क्लासमा फेल भएँ । त्यही ९० सालमा महाभूकम्प गयो । मेरो साथि रौनकमान प्रधानले मलाई बोलाउन आएर भने, "भूकम्पमा मद्दत गर्न स्वयंं सेवकहरूको भर्ती लिइदैछ। हामी दुबैजना काठमाण्डौ टुडिंखेलमा गई स्वयं सेवकमा नाम लेखाउन गयौं । भलन्टीयरको सङ्गठन गर्ने काममा काठमाण्डौ दरबार स्कुलको हेडमाष्टर रूद्रराज पाण्डे हुनुु हुन्थ्यो । नाम त लेखियो तर के काम कहाँ गएर गर्ने कुनै निर्देशन पाइएन ।

आठ क्लासको जाँच आयो, त्यो साल सबैलाई जाँच नलिइ पास भएको घोषणा भयो र म सजिलोसँग ९ क्लासमा पुगें । ९ क्लासमा अंग्रेजीमा Summary लेख्नुपर्थ्यो । तर Summary कसरी लेख्ने, भ्हउबिष्ल कसरी गर्ने कुनै कुरो सिकाइएको होइन । अंग्रेजीमा फेल हुनु स्वाभाविक थियो । ९ क्लासमा पनि फेल भएँ ।

हिसाबमा भने ८ क्लासपछिको २ महिना छुट्टीमा माष्टर मित्रलाल कहाँ महिनाको रू १५।– तिरेर ट्युशन पढन गएँ । त्यो दुई महिनाभरि वहाँकहाँ गएर एक घण्टा हिसाबमा बिताए । मैले कुनै कुरो वहाँसँग सोधेको होइन, न वहाँले नै कुनै कुरो सिकाइदिनु भयो । तर आश्चर्य २ महिना पनि सिद्धियो मलाई हिसाबको ढोका खुले जस्तै भयो । हिसाबको लजिक मैले आफैले पक्रें । मलाई हिसाब एकदम सजिलो भयो । जियोमेट्रीबारे म ६ क्लासमा छँदा एकपटक म भन्दा एक क्लास सिनियर विद्यार्थी रामप्रसादले ४–५ जना लडकाहरू जम्मा गरी जियोमेट्रीबारे गफ गरिरहेको सुन्न पाए । त्यस गफमा जियोमेट्रीको फिगर याद भएपछि कसरी सबै कुरो प्रमाणित गर्न सकिन्छ भन्ने सुने। मैले जियोमेट्रीको मन्त्र सिकिहालें । त्यसपछि मलाई जियोमेट्री बिना मेहनत सजिलैसँग सदा याद गर्न र प्रुफ गर्न सक्ने भएँ । जियोमेट्री पनि मलाई सबभन्दा सजिलो विषय बन्यो ।

नौ क्लासमा फेल भएर अर्को साल ९ क्लासमा Essay ,Letter इत्यादि सिकाउने जिम्मा माष्टर मित्रलालले लिनु भएको थियो । वहाँले सम्पूर्ण क्लासलाई हृसाको एउटा Essay लेख्ने काम

दिनुहुन्थ्यो । अनि लेखेर ल्याएको Essay मा त्यसको स्टायण्डर्ड हेरी A,B,C Mark दिने गर्नुहुन्थ्यो । मैले पहिलो लेख खुब मेहनत गरेर लेखेर लगे र त्यसमा +C पाएँ । केही लेखहरू गएपछि B पाएँ । अनि ग्र, B, +B,- A, A / +A पाउन थालें । हुन त म भन्दा राम्रो Essay लेख्ने विद्यार्थी पहिले नै थिए । तर मेहनतको क्रममा मैले अरू साथीहरूलाई टप्न थालें । मेहनतको साथै मेरो हातमा एउटा राम्रो लेखको पुस्तिका पर्न आयो । यसले मलाई लेख लेख्ने कलाको ज्ञान भयो र त्यसपछि good, very good / Excellent भन्ने Remarks पाउन थाले । यस भन्दा पनि अगाडि मैले "you will be a good Essayist" भन्ने remark पाउन थाले । कुनै पनि विषयमा भ्ककबथ लेख्न दिइएता पनि मैले ३६ पेजको कापी भरेरै लैजान थाले ।

अन्तिम वर्षको त्भकत भयो । पाटन स्कूलमा Head Master ले मलाई अंग्रेजी र संस्कृतमा फेल गराई S.L.C. को Test मा नै रोक्ने प्रबन्ध मिलाई राखेका थिए । माष्टर मित्रलाल जो मेरो Essay हरूबाट धेरै नै प्रभावित भइसकेका थिए, मलाई अंग्रेजीमा फेल गराएको चित्त बुझेन र हेडमाष्टरसँग मेरो निम्ति झगडा गर्न थाल्नुभयो । आखिर मलाई अंग्रेजीमा पास गर्न करै लाग्यो । अब संंस्कृत एउटामा फेल गराएर म Test मा नरोकिने भएँ र त्यसमा पनि पास गरी दिएछ र म Test Pass भएर S.L.C. परीक्षामा बस्न पाउने भएँ । हेडमाष्टर साहेब र मेरो काकाहरूको लेनदेनमा मनमुटाव भएको रहेछ र यसको बदला झण्डै म सँग लिन लागेको । क्लासमा म भन्दा राम्रो गनिएको अरू धेरै विद्यार्थीहरू थिए , तर परिक्षाफल निक्लदा उनीहरू तेश्रो श्रेणीमा र म दोश्रो श्रेणीमा पास भएछु । नेपालमा त्यसबेलामा पहिलो श्रेणीमा पास हुनेहरू अत्यन्त कम मात्र पाइन्थ्यो ।

मलाई एस.एल.सी जाँचमा इतिहासमा फेल होला भन्ने डर थियो । भूगोल मलाई सजिलो लाग्थ्यो । त्यसकारण भूगोलको नम्बर जोडेर पास होला भन्ने आशा थियो, तर म इतिहासमा पनि पास भएछु । अर्को डर Additional Math को थियो । Additional Math मा मैले मिलेर अभ्यास गर्न कुनै साथी नपाउँदा, अभ्यास नगरेर नै एस.एल.सी मा बस्नु परेको थियो । तर Compulsory Math मा कण्ट्रोल भएकोले कमनसेन्सको (common sense) साथै यसकै सुत्र लगाइ मैले मेन सुलुशनका हिसाब मिलाएँ । ट्रिगोनोमेट्री गाह्रो होला भनेको एक एक गर्दै सब हिसाबहरू सुरू सुरू मिल्दै गयो । सलिड जियोमेट्रीमा मेरो कमाण्ड छँदै थियो । सलिड जियोमेट्रीमा पनि राम्रो भएछ र S.L.C. मा सबैभन्दा राम्रो नम्बर मैले Additional Math मा पाएछु । लोकमान सिंहले झण्डै Test मा रोकिसकेको मानिस S.L.C. मा दोश्रो श्रेणीमा पास हुँदा ७ दिन सम्म मेरो हर्षको वारपार रहेन र मलाई मनमनै खुशी लागिरहन्थ्यो । म समेत गरी २ जना दोश्रो श्रेणी, २४ जना तृतीय श्रेणीमा पास भयौ , एकजना फेल भएको थियो । यसरी म इ.सम्वत् १९३६ मा S.L.C. पास भएँ ।

क्याम्पस

अब इन्टरमिडियटमा साइन्स पढ्ने कि आर्टस पढ्ने भन्ने सवाल उठ्यो । Guide गर्ने कोही थिएन । सोधेर सल्लाह दिन सक्ने मान्छे कोही पाइएन । नेपालको समाजमा एस.एल.सी पास हुनेहरू कम थियो । एस.एल.सी पास भएपछि कत्ति नै पास भएको ठानिन्थ्यो । अंग्रेजीमा पास भन्ने धाक चल्थ्यो । म भन्दा २–३ वर्ष सिनियर पाटनको श्याम बहादुर चिपालुले कलकत्ताबाट एस.एल.सी (म्याट्रिकुलेसन) पास गरेर आउनु भएको रहेछ । पाटनको एकजनाको घडी बिग्रेको रहेछ र बनाइदिनको निम्ति श्याम बहादुर चिपालु कहाँ लिएर आएछ । उनले बनाइदिने कुरै भएन र अंग्रेजी पास भएर आएर पनि एउटा घडी पनि बनाइदिएन भनेर सो मानिस रिसाएर गएछ । यो त्यसबेलाको समाजको हालत थियो । मेरो जेठा बुबा जसको प्रेरणाले पढ्नमा मेरो रूची बस्न गएको थियो । म एस.एल.सी पास भएपछि भन्न थाल्नुभयो, ँएस.एल.सी पास भयो, भैहाल्यो अब कति पढ्ने ?" तर कान्छा बुबा बराबर व्यापारको सम्बन्धमा कलकत्ता गइरहनु हुन्थ्यो, भारतको स्वतन्त्रता आन्दोलनले प्रभावित भएर मलाई उच्च शिक्षा दिनमा बढी चेतनशील हुनहुन्थ्यो । साहिंला बुबा मलाई पढाउनै चाहन्थे । म स्वयंले पनि ९–१० वर्षको उमेरदेखि भविष्यमा राजनीतिक जीवन बिताउनमा अठोट गरीसकेको थिएँ । तर मेरो अगाडि एउटा सवाल उभिएको थियो, राजनीतिमा लागेपछि कसले ख्वाउने ? लुगाफाटो इत्यादि खर्च कसरी चलाउने ? मेरो आर्थिक स्थिति अजिवको थियो । पिताजी पहिले नै पैत्रिक सम्पत्तिको रूपमा आफु बसेको एउटा घर र यसैसँग सम्बन्धित १/२ रोपनी खेत लिएर भाइहरूसँग अरू कुनै सम्पत्ति नलिइकन आफ्नो व्यापार लिएर अलग बसिसक्नु भएको थियो । कपडाको दुकान पनि सानीआमा ल्याएपछि बर्बाद भएर गएको थियो । अर्कातिर ३ जना जेठा, साहिंला , कान्छाले आफ्नै संयुक्त मेहनतले सम्पत्ति आर्जन गरेका थिए । अर्को खेतहरू जेठा बुबा चक्रलालको नाममा थियो जो मलाई र अन्य भाइहरूलाई पनि त्यति याद थिएन । त्यसकारण काकाहरूसँग मैले पुर्ख्यौली सम्पत्ति अंशबण्डामा माग्ने सवाल भएन ।

यसरी एक मानेमा म सर्वहारा थिएँ भने मलाई पठन पाठन इत्यादिको निम्ति जे जस्तो खर्च चाहिन्थ्यो कुनै कुराको नाहिं नास्ति नगरी ३ भाइ काकाहरूले नै सहयोग गर्दै आउनु भएको थियो । यसरी चाहिएको खर्च सबै चल्ने तर आफ्नो निजी सम्पत्ति नभएको सर्वहारा थिएँ म ।

यसै निम्ति मैले विचार गरें ५ वर्ष जति कमाउनेमा लाग्ने र रू. ५०,०००।– (पचास हजार) जति कमाएर राख्ने र ५ वर्षपछि पूर्ण रूपले राजनीतिमा लाग्ने ।

मैले सुनेको थिएँ नेपालमा विजुलीको इन्जिनियर – अङ्ग्रेज किलवर्नले महिनाको रू. २१ हजार तलब खान्छ भनेर । मैले भन्ठाने मैले पनि इलेक्ट्रीक इन्जिनियर बन्न पाए महिनाको रू. २१ हजार पाउछु भनेर । यसैकारण एस.एल.सी पास भएपछि मैले बिज्ञान पढ्न थालें । मेरो विषयहरू थियो, अंग्रेजी साहित्य, हिसाब, केमिस्ट्री र फिजिक्स । इलेक्ट्रीक इन्जिनियर बन्नको निम्ति मेरो कोशिस थियो फिजिक्समा बढता नम्बर ल्याउने । तर फिजिक्समा ५०–६०

प्रतिशतभन्दा बढी नपाउने र केमिस्ट्रीमा भने क्लासमा सबभन्दा बढी मार्क मैले नै पाउथे । प्राक्टीकलमा मैले सैकडा सय पनि पाउथे । केमिस्ट्री प्रो. लोहनीले पढाउनु हुन्थ्यो, एकदम सफा बु∑ने गरेर । पढ्दा पढ्दै बिचमा २ वटा दुर्घटना भयो ।

(क) केमिस्ट्री पढाउने एउटा नयाँ प्रोफेसर आउनु भयो । वहाँले पढाउने तरिका भिन्दै निक्ल्यो । वहाँले पढाउँदा केमिष्ट्री बोर्ड भरि लेखेर खर्रर पढाउनु हुन्थ्यो । बिस्तारै सम्झाउने कुरै थिएन । भरसक घरमा कण्ठ गरेर आई सरासर बोर्डमा लेख्दो होला । अब केमिष्ट्रीमा पनि मेरो स्पष्टता हराउन थाल्यो । एक दिन क्लास जाँचमा पासमार्क मात्र पाएँ । यो के भएको हो प्रोफेसरहरू पनि छक्क परे । यसरी केमिस्ट्रीमा पनि मेरो पहिलेको जस्तो कमाण्ड रहेन ।

(ख) अर्को दुर्घटना थियो, एउटा नेपालीले अमेरिकाबाट विजुलीको इन्जिनियर पास गरेर आएछ । निजलाई राणा सरकारले महिनाको रू. १००।– मात्र दिन थाल्यो । मैले भने मैले पनि इलेक्ट्रीक इन्जिनियर भएर आए भने महिनाको रू. १००।– त दिने होला । विजुलीको इन्जिनियर बन्ने मेरो इच्छा मर्यो ।

राणा शाहीले त्यसबेला तोकेको तलब हो एम.ए.लाई महिनाको रू. १००।–, बि.ए.लाई रू. ९०।–, आइ.ए.लाई रू ६०।– र म्याट्रिकलाई रू. ३०।– त्यही हिसाबले इन्जिनियरलाई पनि रू. १००।– दिए । राणाहरू आफै अनपढ उनीहरूलाई थाहा पनि छैन कि कुन विषयको पढाइ कुन विभागमा काम लाग्छ । कानुन पढेर आएकालाई जंगल बिभागको हाकिम बनाइन्थ्यो । एकचोटी जुद्ध शम्शेर अंग्रेजसँग कुरा गर्दै थिए । यो कुरो साँचो हो भन्नलाई ँसाँचो को अंग्रेजी आएन । दरबार स्कूलको हेडमाष्टर रूद्रराज पाण्डे नजिकै हुनुहुन्थ्यो । वहाँसँग साँचोलाई अंग्रेजीमा के भन्ने भनेर सोधेछन् । वहाँले पनि हडवडमा साँचोलाई प्भथ भनिदिनु भयो । जुद्ध शम्शेरले यो सत्य (साँचो) हो भन्नलाई This is the Key भनि दिए । पछि हेडमाष्टर साहबले सच्याउन खोज्नु भयो तर जुद्ध शम्शेरले भने, ँमैले जे भनें, भनें भनेर सच्याउन मानेनन् ।

विजुलीको इन्जिनियर योजना फेल भएपछि मैले अर्को योजना खोजें । मैले सुनिराखेको थिए जवाहरलाल नेहरूको पिता मोतिलाल नेहरू ठूलो वकिल हुनुहुन्छ । वहाँ दिनको एकहजार भा.रू.कमाउनु हुन्थ्यो । मैले भने म पनि वकालत पढुँला । जसो तसो I.SC. सिध्याएँ । नेपालमा त्यसबेला बि.एस.सी.को क्लास थिएन । I.SC को निम्ति जम्मा २४ सीट थियो । I.SC. सिध्याएर अर्थशास्त्र लिएर बि.ए. गर्नुभन्दा उच्च शिक्षाको निम्ति अर्को बाटो थिएन । यसैकारण मैले अर्थशास्त्र लिएर बि.ए. पढें । हिसाब र अ्रंग्रेजी साहित्य लिनै पर्ने । सबै बिषय ३००–३०० को मार्क र नेपालीमा १०० मार्क जम्मा १००० नम्बरको अयगचकभ थियो । त्रिचन्द्र कलेजबाट १९९९ मा बि.ए. र २००१ मा लखनऊ विश्वविद्यालयबाट एम.ए. पास गरें ।

म अक्सर समय विभाजन गरेर पढ्थें र हरेक एक घण्टापछि १० मिनेट आराम गर्थे । अर्थशास्त्र मेरो निम्ति नयाँ बिषय । जाँचको बेला रातीको १० घण्टा पनि पढ्थे । फेरि पनि अर्थशास्त्रमा म

पास हुन सकिन र एकसाल फेल भई अर्को साल मात्र मैले बि.ए. पास गर्न सक्रे । त्यसपछि मैले इन्जिनियरिङ पढ्ने योजना छोडेर Law मा M.L. गर्ने विचारले भारतको लखनऊमा गएँ । यताबाट २ वटा पत्र लिएर गएको थिएँ । एउटा त्रिचन्द्र कलेजको प्राध्यापक रत्न बहादुर बिष्टको राधा कमाल मुकर्जिलाई , अर्को प्राध्यापक लुम्बाको आफ्नै परिवारलाई । गएर लुम्बा प्रोफेसर कहाँ बसें । वहाँको दाजु लखनऊ विश्वविद्यालयको इतिहास प्राध्यापक हुनुहुँदो रहेछ । वहाँको अगाडि मैले आफ्नो प्लान राखें । वहाँले भन्नुभयो , ँयहाँ Law पढेर नेपालमा के गर्ने ?" वहाँको भनाई रहयो, ँनेपालको कानून अलग, यहाँको कानून अलग । अनि वहाँले भन्नुभयो, ँ५ वर्षसम्म ीबध पढेर केही कमाउन सकिन्न । ५ वर्षको उचबअतषअभ पछि बल्ल कमाउन थालिन्छ ।
५ वर्षसम्म कमाएर राजनीति गर्ने मेरो इच्छा Law पढेर पनि पुरा हुने भएन । यसैकारण मैले बिध पढ्ने योजना पनि छोडिदिएँ र अर्थशास्त्रमा एम.ए. गर्ने अठोट गरें । डा.राधा कमाल मुकर्जिकहाँ सम्पर्क गरें । वहाँ एसियाको मानिएको विद्वान् अर्थशास्त्री हुनुहुन्थ्यो र वहाँले कम से कम ३–४ महिनामा एउटा ठूलो किताब निकाल्नु हुन्थ्यो ।
मैले सोचें अर्थशास्त्र पढेर उद्योग विभागमा काम गर्छु ता कि नेपालमा उद्योगको विकास होस् र मजदुरहरूको जमात तैयार होस् । मेरो अर्थशास्त्रको पढाइमा अर्थशास्त्र मात्र नभएर Sociology Theory (समाजशास्त्र), Practical Sociology (व्यावहारिक समाजशास्त्र) विषयको साथै Anthropology (मानवशास्त्र) पनि थियो । ५ विषय अर्थशास्त्रको थियो । मेरो सम्पूर्ण पढाईमा M.A को पढाई अति सजिलो र हलुको लाग्यो जसरी S.L.C.,I.SC. र B.A. मा Strain परेको थियो, त्यस्तो Strain एम.ए. पढ्दा लागेन । मेरो बेलुका पढ्ने बानी थिएन, त्यसैकारण अक्सर बिहान १–२ बजे नै उठेर पढ्ने मेरो बानी थियो । S.L.C., I.SC. र B.A. मा म ठीक ४ बजे उठेर १० बजेसम्म पढ्थें । हिसाब अक्सर म दिउसो गर्थे । साँझ १ घण्टा घुम्न जाने काम मैले कहिल्यै छाडिन । कहिले काँहीं बिहान आधा घण्टा , एक घण्टा घुम्न जान्थें । नियमित रूपले बिहान केही समय आसन अथवा कुनै हल्का कसरत गर्थें ।
M.A २ भागमा थियो । $1^{st}$ year र $2^{nd}$ year . $1^{st}$ year मा मैले विद्यार्थी साथीहरूसँग सोधें, M.A मा जाँचमा कति पेज लेख्नुपर्ला ? एउटा विद्यार्थीले साह्रै ठट्टामा भने, ँएम.ए. हो कम से कम २५ पेज त लेख्नै पर्ला । मैले विश्वास गरीहालें । जम्मा ५ वटा सवालहरूको जवाफ मैले लेख्नुपर्ने । पहिलो सवालको जवाफमा मैले २५ पेज नै लेखें । यसले डेढ घण्टा खाइहाल्यो । बाँकी डेढ घण्टामा दोश्रो सवालको जवाफ १२ पेज लेखें १ घण्टा यसले खायो । तेश्रो सवालको जवाफमा ४–५ पेज लेखें , यसरी हतार हतार लेख्दा २०–२५ मिनेटमा ४–५ पेज लेखें र चौथो नम्बरको सवालको जवाफ कहिल्यै लेख्न नभ्याउने । यसरी टोटल नम्बरमा बल्ल पास मार्क पाइएछ ।
पहिलो वर्ष एम.ए.मा पास त भएँ तर लेख्न नभ्याउदा $3^{rd}$ डिभिजनमा पास भइएछ । यसै पहिलो वर्ष यो पनि थाहा पाएँ कि एउटा प्राध्यापकको पुस्तक कोट गर्दा अर्को प्राध्यापकलाई रिस उठदो

रहेछ । मैले हाम्रो प्राध्यापक राधा कमाल मुकर्जिको पुस्तकबाट एक लाइन कोट गरेको थिएँ । मानवशास्त्रको प्राध्यापकलाई पचेनछ र मलाई ठीक पास मार्क दिएका रहेछन् ।
जे होस् 1st year M.A. बाट 2nd year M.A. मा गएँ । दोश्रो वर्ष मैले जाँचमा समयलाई बँटवारा (विभाजन) गरें । ५ सवाल गर्नु थियो । आधा आधा घण्टाको समय हर सवाललाई बाडें । बाँकी आधा घण्टा मैले दोहऱ्याउनलाई लगाएँ । हरेक सवाल मैले तस्वीर लेखे जस्तै राम्रोसँग लेखें । मैले S.L.C. दिंदा हिसावमा पनि यस्तै हरेक सवाल एक एक पेजमा तस्वीर लेखे जस्तै लेखेको थिएँ । M.A. 2nd year को सवालको जवाफहरू यस्तै आफैलाई सन्तुष्ट हुने गरी ५–५ पेजमा सिध्याएँ । पहिलो वर्षको जस्तो धेरै पेज लेख्ने चेष्टा मैले गरीन र दुबै वर्षको मिलाएर म 2nd Division मा पास भएँ । मतलव भयो मेरो पहिलो वर्षको नपुग मार्क 2nd year को नम्बरले Cover गर्यो । यसरी M.A. को जाँच मैले 2nd Division मा पास गरी बि.सं. २००१ साल चैत्रमा मैले आफ्नो पढाइ सिध्याएर काठमाण्डौ फर्कें ।

**<u>अविस्मरणीय घटनाहरू</u>**

(Unforgettable Moments / Memorable events in Lukhnow)

ई.सं. १९४८ सालको श्रावण महिनामा साथी रौनकमान प्रधानसँगै उच्च शिक्षाको लागी नेपाल छोडें । उनी काश्मिरमा ऊनीको कपडा बुन्ने तालिममा जाने, म लखनऊ जाने । पटना पुग्यौं । नेपालको पुरानो समाजमा हुर्केको खानु अगाडि हात धोएँ र जुत्ता अलग राखें । तर खाना ल्याउनेले भने जुत्ता लाएर ल्याइदिएको रहेछ । मलाई लाग्यो अब त जात जाने भयो । तर एउटा आधार थियो । राणाहरूको गुरू, माहिला गुरूज्यूलाई ३३ पैसा राखेर गाई सम्झी दान दिएपछि पतिया पाउने रहेछ र मेरो जात फर्केर आउने रहेछ । यही आधारमा मैले खाना खाएँ । लखनऊ पुगियो र प्रो. लुम्बाको घर गएँ । त्यहाँको पाहुना बने । युनिभर्सिटी खुलेको रहेनछ , १२ दिन भयो । कति दिन अर्काको पाहुना बन्ने भनेर एक बिहानै एउटा होटलमा खान गएँ । त्यहाँ पनि उही जातको समस्या निक्ल्यो र समाधान गर्ने उपाय पनि उही रहेछ । अर्को दिन म एउटा बैष्णव होटेलमा खान गएँ । खान बस्ने आसनमा जान उफ्रेर जानु पर्ने । यहाँ त जात जाने समस्या आएन भन्ठानेको, सारा दालहरू बासी अमिलो । जात बच्ने भयो तर रोग भित्रने भयो । एकदिन होस्टेल खुल्यो । म बल्ल होस्टेलमा भर्ना भएँ । महिनाको भा.रू.८।– मा होस्टेलको कोठा पाइने । मैले बल्ल होस्टेलमा कोठा पाएँ । त्यही होस्टेलमा मुसलमान विद्यार्थीहरू पनि थिए । बाह्रेर नभ्याउने । भान्छाको निम्ति २–४ जना विद्यार्थीहरू मिलेर आ–आफ्नो अलग अलग भान्छा । महाराजजी आयो भनियो । मैले भन्ठाने कोही बाहुन होला । ३–४ दिनपछि थाहा पाइयो, महाराजजी त गाउँको किसान रहेछ । मैले सोचें आखिर यिनीहरूको हातको खाना खाएर के हुन्छ ? स्वर्ग नजाने हो कि ? यदि हो भने यो मान्छे जतिसुकै धर्मात्मा भएपनि कहिल्यै स्वर्ग

जाने भएन । अनि मैले जातीयताको सारा अन्धविश्वास उतारेर फ्याँकि दिएँ । मेरो निम्ति जो पनि चल्ने भयो ।

(Participation in Indian Movements Against Britishers)

केही समय नबित्दै भारतको १९४२ को, "अङ्ग्रेज साम्राज्यवाद भारत छोड भन्ने आन्दोलन सुरू भयो । यस आन्दोलनमा लखनऊ विश्वविद्यालयको विद्यार्थीको हैसियतले मैले पनि भाग लिएँ । पहिलो दिनको जुलुस Monkey Bridge (वादँरवाला पुल) को मुहानमा प्रहरीले रोक्यो । सबभन्दा अघिल्लो फाँटमा म पनि थिएँ । दिउसो २ बज्न लाग्यो । यता प्रहरीले अल्टिमेटम दियो, उता एउटा कम्युनिस्ट ले प्रस्ताव ल्यायो कि त्यो बाटो छोडी अर्को Iron Bridge (फलामको पुल) बाट अमिनावाद जाऔं । केही विद्यार्थीहरू उठेर त्यतै जान लागे । हामीहरू उठेर गएपछि एक दुई मिनेट भित्र लाठी प्रहार हुन लाग्यो । गोली चल्यो तर विश्वविद्यालय भिरालो भएकोले गोली कसैलाई लागेन । गोली क्लब हाउसमा लाग्यो, टाउको माथिबाट गयो, तर लाठी प्रहारबाट ८–१० जना बेहोस हुने गरी घाइते भए र सो जुलुस छिन्न भिन्न भएर गयो ।

त्यसपछि विश्वविद्यालय भित्र मात्र आन्दोलन सिमित रह्यो । विद्यार्थीहरूले गरेको हरेक आन्दोलनमा म सरिक थिएँ । आन्दोलन नरूक्दा विश्वविद्यालय ३ महिनाको निम्ति बन्द गरीदिए । विद्यार्थीहरू आ–आफ्नो घर गए केही विद्यार्थीहरू होस्टेलमा नै रहे । राधा कमाल मुकर्जिको सल्लाह बमोजिम म लखनऊमा नै रूकें । वहाँले भन्नु भएको थियो, तिमी अहिले नेपाल गयो भने फेरि फर्केर आउन सक्तैनौं । अरू काम नपाउँदा पुस्तकालय जाने गर्थे । ३ महिना पछि फेरि विश्वविद्यालयको पढाइ फेरि चालु भयो । M.A. को कोर्स सिध्याएर नेपाल आएँ ।

यसरी विद्यार्थी छँदा मैले रामायण, महाभारत, गान्धीको जीवनी, नेहरूको जीवनी, हिटलरको जीवनी, नेहरूको इतिहास (Glimpse of world History) पढिसकेको थिएँ । महात्मा गान्धीको वर्ग विहिन समाजको नाराबाट ज्यादै प्रभावित थिएँ । त्यसैले भारतको स्वतन्त्रता आन्दोलन बाट प्रभावित भई नेपाल बस्दा पनि पछि नेपालमा राणाशाहीको विरोधमा भूमिगत Meeting मा भाग लिएँ ।

## ६ – जागि/ (Job)

पढाई सिध्याएर लखनऊबाट फर्केर सर्वप्रथम मैले त्रिचन्द्र कलेजको प्रिन्सिपल रूद्रराज पाण्डेसँग सम्पर्क गरी एउटा काम मागें । वहाँले मलाई सरदार गुञ्जमान सिंहसँग सम्पर्क गराइदिनु भयो । सरदार गुञ्जमान सिं सँग सम्पर्क राखी मैले उद्योग विभागमा काम मागें । वहाँले भन्नुभयो, "नेपाल बैङ्कमा काम गर्नु बेश होला । कारण त्यहाँ अहिले राम्रो पढे लेखेको मान्छे छैन, ३ वर्ष जति सबै विभागमा घुमेर काम गरेपछि महाप्रबन्धक बनाइदिउँला र महिनाको रू.१०००।– म आफै

मिलाई दिउँला ।  २००१ सालमा नेपाल बैङ्क ज्वाइन गरें । २००४ सालसम्म कार्यरत । २००१ सालमा रत्नबाबा सँग प्रथम विवाह भयो ।

पहिले मलाई M.A ले पाउने रू.१००।– प्रति महिना तलब दिइयो । बैङ्कको नियम अनुसार ४ महिना तलब रू.४०।– दिएर आपग्रेडिङ्ग गरीयो । त्यसपछि मलाई शाखा विभागको अफिसर (इन्चार्ज) बनाइयो । यसमा मेरो काम विभिन्न शाखाहरूको साथै हेडक्बार्टरको Report चेक गर्ने , विभिन्न शाखाहरूसँग पत्राचार गर्ने र रिपोर्ट लिने आदेश पठाउने र हेड अफिसको Ledger हरू चेक गर्ने थियो भने केही समयपछि मलाई डाइरेक्टर बोर्डमा विश्वासनीय कर्मचारीमा (confidential clerk) नियुक्त गरीयो । तलव रू.१२५। – बनाइदियो र मेरो काम डाइरेक्टर बोर्डको बैठकमा Minute बनाउने, Circular बनाउने, दिउसो एक बजेसम्म Branch (विभाग) हेर्ने, एक बजेपछि Board को काममा Director General िकहाँ जाने र फर्केर आएर बैकको अरू कामहरू हेर्ने, चेकमा सही गर्ने र लेजरहरू हेर्ने । म साझँ ५ बजेसम्म बैङ्कमा काम गर्थे र त्यसबेला बसको चलन थिएन । अहिले जस्तो होटलमा चिया खाने चलन पनि थिएन र हिडेरै घर फर्कने, घर पुग्दा ६ बज्थ्यो । त्यतिन्जेल कपाल दुखेर असह्य हुन्थ्यो र घर पुगेपछि केही खाने कुरो खायो र एकछिन सुत्यो । कपाल दुख्न छोड्थ्यो ।

त्यसबेला मोहन शम्शेर चीफ साहब हुनुहुन्थ्यो र वहाँको माहिलो छोरा विजय शम्शेर नेपाल बैङ्कको पनि डाइरेक्टर जनरल थिए । बैङ्कको दैनिक रिपोर्टको साथै बैङ्कको निकास–प्रकाशको निम्ति रोजै म १ बजेतिर महाराजगंज पुग्थे । त्यसबेलासम्म राणाको चाकडीवाजहरूले महाराजगंज दरबारको मैदान भरिएको हुन्थ्यो । म जाने बित्तिकै खबर गर्थे । विजय शम्शेरले मलाई पर्खाएर राख्ने काम गर्नु हुन्न थियो । त्यसपछि म तुरून्तै बैङ्कमा फर्कने । चाकडीमा आउने अरूहरूले मलाई एक छिन पर्खन चीफ साहब सवारी हुन लाग्यो, दर्शन गरेर जानु भन्थे । मलाई चाकडी गर्नु थिएन । मैले कहिले पनि पर्खने काम गरीन । मलाई बैङ्क पुगेर धेरै काम गर्नु थियो । बैङ्कमा बसुन्जेल म त्यहाँ गफ गरेर समय बिताउदैनथें । मेरा सारा समय बैङ्कको काममा खर्च हुन्थ्यो । मैले गरेर हुने काम तुरून्तै गरीदिन्थें । म भन्दा जुनियर कर्मचारीहरू चाहे पियन नै किन नहोस् म आफ्नो साथी सरह व्यवहार गर्थे र यिनीहरूले नजानेको काम कुरा सिकाइ दिन्थें । जसले गर्दा थानामा थुनिदा पनि उनीहरू मलाई भेट्न आउथे ।

उनीहरूको तलब अलि कम । खान नपुग्ने, पूर्ण भन्ने पियनले मलाई बराबर खानको निम्ति घाँस खोज्न जाने कुरा भन्थे । मैले उनीहरूको यो हालत डाइरेक्टर जनरल कहाँ पनि सुनाए । तर उनीहरूको कानमा जनताको दःुखको कुरा कहाँ पस्ने हो र त्यसमा विचार गरोस् । राणाहरू देशको मालिक, कोही कोही नजन्मदै गर्भैमा जरनेल भएर जन्मन्थे । एउटा अंग्रेजले यि जरनेलहरूलाई TOY जरनेल (खेलौना जरनेल) भन्थे । राणाहरू सडकमा निक्लदा जनता एक छेउ लागेर उभिनु पर्ने र छाता खोलिराखेको भए छाता बन्द गर्नु पर्ने र २ वटै हातले सलाम गर्नु पर्ने । एकदिन साझपख म पाटन मैदानको बिचमा मान्छेहरू बसिराखेको साँघुरो बाटोबाट

गइराखेको थिएँ । एउटा राणा जुद्ध शम्शेरको नाती साइकल चढी एउटा आठपहरिया समेत साथ लिएर साइकलको घण्टी बजाउदै मेरो पछि आएछ । मैले बाटो छोडि दिइन र आफ्नै शुरमा गई रहें । पछि भन्न थाल्यो कस्तो बढेको न्यार रहेछ । मैले सुनेको नसुनै गरी अगाडि बढें । कानून–सानून एकातिर राणाको मुुखै कानून थियो ।

**सामाजिक कार्यहरूमा संलग्नता** (Involvement in social reforms)

यहीबेला राणा प्रधानमन्त्री श्री ३ पद्म शम्शेर भारतबाट नेपालमा राजनीतिक सुधारको केही माँगहरू मिलाएर विधान बनाउनको निम्ति श्री श्री प्रकाशलाई नेपाल बोलाएको थियो । पाटनको जनताले निजलाई अभिन्दन गर्ने जिम्मा मलाई नै दिएका थिए । पाटन बजारमा एउटा आमसभा गरी निजलाई अभिन्दन गर्ने कार्य मैले गरें । १९९७ सालको काण्ड अघि नै नेपालमा सामाजिक कार्यको लहर चलिराखेको थियो । मैले प्रौढहरूको निम्ति एउटा अंग्रेजी पढाउने क्लास चलाइ राखेको थिएँ ।

यहीबेला पाटन राजदरबारको एउटा कोठामा शारदा पुस्तकालय उद्घाटन मैले नै गरें । एउटा महिला स्कूल पाटनका युवकहरूसँग मिलेर खोलें र एक समय बिना तन्खा पढाउने माष्टरको रूपमा मैले पनि पढाएँ । यसरी सामाजिक कार्यहरू पनि साथसाथै बढ्दै गइरहेको थियो । शारदा पुस्तकालयलाई श्री ज्यान बहादुर नेवाज्यूबाट पाटन नगरपालिकाको मेयर हुँदा नगरपालिकामा गाभ्ने काम भयो । वहाँको पुस्तकालयलाई मद्दत गरौ भनेर गरेको यो कार्य पञ्चायती तानाशाहीको बेला ध्वस्त पारिदियो । नगरपालिकाको मातहतमा यो पुस्तकालय अहिले ढुकढुकी बाँचेको छ । यहाँ अखबार सिवाय सारा पुस्तकहरू बर्बाद छ ।

जब शारदा पुस्तकालय खुल्यो, सानासाना पुस्तकालयहरू टोल टोलमा खुल्नथाल्यो । यो पनि ठूलो पुस्तकालयलाई खत्तम गर्ने तरिका हो । कसैले सफल पार्न सकेको पनि होइन, यी नामधारी पुस्तकालयहरू खोलेर । एउटै ठूलो पुस्तकालय खोली सबैले हारगुहार गरेमा नै यस्तो सामाजिक कार्य फष्टाउन सक्छ । बिस्तारै राणाशाही तथा बैङ्क डाइरेक्टरहरूलाई मेरो राजनीतिक झुकाउमाथि शंका हुन थाल्यो । एउटा डाइरेक्टर भगतलाल सरदार तथा अर्को डाइरेक्टर गुञ्जमान सरदारले म सँग बराबर प्रश्न गर्न थाले, ँके तिमी कांग्रेसी हौ ?" मेरो जवाफ थियो, ँम कांग्रेसी होइन तर प्रजातन्त्रवादी हुँ ।

## ७ – <u>अनौपचारिक राजनीतिमा</u> (Involvement in Politics Indirectly)

यता राणाहरूले जनताको ध्यान राजनीतिबाट अलग गर्न ँहरे रामा हरे कृष्ण भजन खुब चलाइ राखेका थिए । यसले एक प्रकारको व्यापकता लिएर गइरहेको थियो । अर्कातिर बौद्ध मतकाहरूको

निम्ति तारे माम को भजन  चलाइ राखेका थिए । यसले पनि व्यापकता लिएर आइराखेको थियो । ईश्वरानन्द स्वामी जस्तो स्वामीभक्त, योगीहरूले उल्टो पुल्टो अर्थ लगाएर गीता प्रवचन बराबर गर्ने गर्थे । ईश्वरानन्द स्वामीलाई जुद्धशम्शेरले मान सम्मानको साथ राखेका थिए । अर्कोतिर शुक्रराज शास्त्री जस्तो सत्य कुरा अगाडि ल्याउनेलाई फासी दिइएको थियो । यही वातावरणमा १९४७ अक्टोवर १५ मा भारत स्वतन्त्र भयो । तुल्सी मेहरजी ,ज्यान बहादुर नेवाज्यू , म र अन्य ५–६ जना युवकहरूको बैठक तुल्सी मेहरजीको आश्रममा भयो । हामीले त्यस स्वतन्त्रतालाई स्वागत गर्ने एउटा कार्यक्रम बनायौं । जुलुस निकालौ भने नेपाल भरि Curfew थियो । ४ जना भन्दा बढी मानिस एकसाथ हिंडन नपाउने, कसरी जुलुस निकाल्ने हो ? एउटा समस्या पर्यो । राणाहरूले ँहरे राम र ँतारेमाम को भजन गरी जुलुस गर्नु हुन्छ भने यसै नाउँबाट हामीले किन नगर्ने ? हामीले ँहरे राम र ँतारेमाम २ वटै मिसाएर जुलुस निकाल्यौ । शंखमूलबाट मानिसहरूको ताँती लाग्यो । मंगलबजार पुग्दा प्रहरीले मोटो डोरीले बाटो छेक्यो । हामीले डोरी फालफुल गरी सुन्धारातिर अगाडि बढ्यौ । डोरी फालेर अगाडि बढ्दै थियौ प्रहरी इन्सपेक्टेरले पिस्तोल निकालेर तुल्सी मेहरजीलाई समात्यो । जसै तुल्सी मेहरजीलाई समातेर पिस्तोल निकाल्यो , भीडमा उत्तेजना फैलियो र जनताहरू झन इन्सपेक्टेरलाई घेरेर नारा लगाउन थाले । अनि इन्सपेक्टेरले तुल्सी मेहरजीलाई छोडि दियो । त्यसपछि सरकारले श:सस्त्र फौजको एउटा बैठक बसाल्यो । हामीहरू सुन्धाराको मोडबाट घुमेर महाबौद्ध नाघेर नांदो (टंगल) पुग्न लाग्दा सँगीन चढाएको बन्दुकको साथ मिलिट्री आएर पुरै जुलुसलाई घेरा दियो । घेरा दिंदा अलि खुकुलो घेरा लगाएर हामीलाई अघि भाग्न बाटो पनि छोडेको थियो । कतिपय घेराबाट उम्केर गए पनि । फेरिपनि २५०० जति मानिस अडेर बसे । त्यसपछि त्यो जुलुस भित्र नाङ्गो तरवार लिएर मिलिट्री अफिसरहरू घुसे । जुलुस थपक्क रूकेर नारा लगाएर उभिरहे । अनि त्यस भीडबाट २५ जना मानिसहरू टिपेर लिए र ट्रकमा हाली हनुमान ढोका थानामा पठाइदियो । बाँकीलाई लाठी चार्ज गरी छिन्नभिन्न गरी भगाएर पठाएछन् । यसले पाटनको जनतामा एक राजनीतिक चेतना जगायो र पाटनको जनतामा राजनीतिक जागृति बढ्यो ।

८ – **<u>जेल भित्रको अबस्था</u>** : (२००४ साल भाद्र देखि फागुण सम्म)

हामीहरूलाई काठमाण्डौको हनुमान ढोकाको थानामा थुन्न लगे । थाना भित्र पस्दा दुर्गन्धित अबस्थामा थियो । त्यहाँ पहिले नै ३०० जति चोर,डाँका, पाकेटमार र अन्य कैदीहरू थिए । उनीहरू सबैले चोक भित्र जहाँ पायो उहीं दिशापिसाब गर्ने हुँदा थाना दुर्गन्धले बसिनसक्नु थियो । यस्तो थानामा खाना समेत खान नसक्ने हालत थियो । सुत्नको लागि एउटा काठको पाटी थियो जहाँ मुश्किलले ५–६ जना अटाउथे र सुतेपछि जिउ पल्टाउने ठाउँ पनि थिएन र हामीहरू किताब दराजमा चाङ्ग राखे जस्तै एक पटक सुतेपछि बिहान नउठुञ्जेल उही हालतमा रात काट्नु पर्थ्यो । बाँकी मानिसहरू पाटी मुनी सुकुल बिछ्याएर सुत्दथे र त्यहाँ पनि ठाउँ नपाएर खुला

आकाशमुनि चोकमा पराल बिछ्याएर सुत्दथे । त्यो चोक भित्र चोर डाँका मात्र नभएर गाई भैंसी पनि समातेर ल्याएर हुल्थे । यसरी राँगो, भैंसी, गाई, बाख्रा समातेर ल्याएमा ती पशुहरूलाई पनि त्यही चोकमा छोडि दिन्थे र यिनीहरूले रातभरि मान्छे कुल्चेर यताउति घुम्थे ।

हामीले एक दिन त्यहाँ दुर्गन्ध कसरी हटाउने भन्ने सल्लाह गऱ्यौं । छलफलको दौरानमा गान्धीजीको याद आयो र गान्धीजीलाई ल्याएर यहाँ राख्यो भने उनले के गर्लान् । हामी २५ जना मध्ये १२ जनालाई ९ दिन पछि छोडिदिएको थियो । बाँकी रहेका हामीहरूले रोजै दिनको २ पटक साँझ बिहान त्यहाँ रहेका सम्पूर्ण कैदीहरूको मलमूत्र सफा गर्ने अठोट गऱ्यौं । कोही कुचो समात्ने कोही बेल्चा चलाउने, कोही बाल्टीबाट पानी ओसार्ने काममा लाग्यौं । दिनदिनै साँझ बिहान २ पटक चोर डाँकाहरूको पिसाब– दिसा सफा गर्ने काम गऱ्यौं । हाम्रो काममा सहयोग गर्न एउटा सफाई कर्मचारीलाई हामीले पैसा दिएर साँझ बिहान २ पटक सफा गर्न आउने प्रबन्ध गऱ्यौं । त्यसपछि एउटा कोठा पुरा फोहर माटोले भरेको थियो । यसलाई पनि हामीहरूले आफैले सफा गरेर भान्छा यहीं बनायौं । बल्ल रहन योग्य भयो । लुगा धुने बानी थिएन । पहिलो पल्ट लुगा धुँदा दिनभरी लाग्यो पछि यसकोपनि बानी पऱ्यो । चोरडाँकाहरूलाई पनि पिसाब– दिशा गर्न मनाही गऱ्यौ । उता प्रहरीहरू भने चोरडाँकाहरू भाग्लान् भनेर उनीहरूलाई घर पछाडि नपठाइकन चोकैमा पिसाब– दिशा गराउने । तैपनि हामीले उनीहरूलाइ चोकमा पिसाब– दिशा गर्न दिएनौ र कैद घर पछाडि पठाइ दियौं । हामीले घर पछाडिको नाली आफैले सफा गऱ्यौ । जेल भित्र एउटा Dispensary थियो । औषधी केही थिएन ।

सरकारको तर्फबाट खाना खुराकको हिसाबमा चार आना (१६ पैसा) दिने गर्थ्यो । हामीले यो रकम खर्च गरेनौ । एउटा साहु पाटनको कोबहाल बासी बेखानाथ नेवाज्यूले दिनको दिन बिहान बेलुकी २ पटक आलु काउलीको तरकारी र च्यूरा हामीहरू सबैलाई पुग्ने गरी दिनुहुन्थ्यो । यही हाम्रो खाना थियो । ४ महिना पछि हामीलाई जाँच गर्न आयो । जाँच गर्न आउनेहरूको अगाडि हाम्रो समस्या राख्यौं । त्यसपछि हामीलाई भद्रगोल जेल सारियो ।

त्यहाँ अलि खुला हावा पायौं । दौडने र खेल्ने ठाउँ पायौं । त्यहीं भित्र ३ वटा अलग अलग कोठाहरू भएको तर पर्खालले घेरेको Cell (सेल भनेको जेलभित्रको पनि जेल हो ) हरू थिए । एउटामा खड्गमान सिं एक्लै थुनिनु भएको थियो । १० वर्ष भयो, वहाँको असीम धैर्य सराहनीय छ । वहाँको साथी भँगेरा मात्र वहाँको कोठामा पस्न सक्ने न कसैसँग बोल्नु न चाल्नु । यस्तो आपतमा मान्छेलाई धैर्य दिने दर्शन मात्र हो । हर आपत चाहे त्यो राजनीकिक होस् वा अरू सङ्कटको बेला मानिसलाई धैर्य दिने उच्च दर्शन मात्र हो । नत्र कुन आधारमा मान्छेले बाँच्ने ? जो मान्छेसँग दर्शन छैन, त्यो छिटै विचलित हुन्छ , पागल हुन बेर छैन ।

खड्गमान सिहंजी यस्तै धैर्यका जीता जागता मूर्ति हुन् । त्यहाँको अरू Cell हरूमा श्री च्यूडा प्रसाद र गोबिन्द प्रसादजी हुनुहुन्थ्यो । टंकप्रसादजी भद्रगोल जेलसँगैको अर्को जेल सेन्ट्रल जेलमा हुनुहुन्थ्यो । वहाँहरू पनि धैर्यका नमुनाहरू हुनु हुन्थ्यो ।

हामीहरू जम्मा १३ जनालाई भद्रगोल जेलमा लगियो । त्यहाँ हामीहरूलाई खाना खुराक डेढमाना मोटो चामल र २ पैसा पाइन्थ्यो । चामल भात खानको निम्ति हो भने २ पैसा दाउरा, तेल, मट्टितेल, नून, साबुन, सबै थोकको निम्ति हो । यो २ पैसा भात पकाउने मान्छेलाई दिने गर्थे । महिनाबारी खर्च तिउन तरकारीको निम्ति घरघर बाट आउने महिनाको ५–१० रूपियाँबाट चलाउथे । थानामा बसुन्जेल हामी फुलेका रहेछौ । मोटाएको भन्ठानेको त सर्दीले फुलेको रहेछ । पछि जेलबाट छुटेर आए पछि सुकेर गयो । जेलमा हाम्रो समय एउटा कार्यक्रम मुताबिक चल्थ्यो । बिहान साँझ खाना खाएर सुत्ने । यस बाहेक हामीलाई पुस्तकहरू पढ्न दिदैनथ्यो । यस निम्ति ७–८ दिन अनसन पनि बसियो र किताबहरू पढ्न पाउने भयौ । ६ महिना पुग्न लाग्यो । पद्मशम्शेर प्रधानमन्त्री पद छोडेर भारतमा निर्वासित जीवन बिताउन जाने भए । तुल्सी मेहरजी नेपालमा चर्खा प्रचारक हुनुहुन्थ्यो, साथै खद्दरको पनि प्रचारक हुनुहुन्थ्यो । गान्धीजीको चेला हुनुहुन्थ्यो । तुल्सी मेहरजीलाई जेल राखेर आफु भारत जानु अप्ठेरो हुँदा हामीहरूलाई पनि छाड्ने भयो । यसरी तुल्सी मेहरजीको कारणले भारतको दबावमा र पद्मशम्शेर भारतमा आफ्नो गद्दी छोडेर प्रवास जीवन बिताउन जाने भएकोले ६ महिना पछि हामीलाई छाडि दियो ।

तर म छुट्नु १ दिन अघि मेरो पहिलो श्रीमती रत्नाबाबाको देहान्त भयो । मलाई पुलिसको प्रहरासाथ बागमतीको घाटमा लगिएको थियो तर त्यहाँ पुग्दा उनको दाह संस्कार गरी चितामा जलाइ राखेको थियो र आगोले सबै खाई एउटा खुट्टा मात्र वाहिर झुण्डी राखेको थियो ।

म पक्राउ परेको तेश्रो दिन पिताजीको देहान्त भएको थियो । मलाई ३ जना प्रहरी सहीत पिताजीको क्रिया गर्न पठाइयो र पछि अर्को २ जना थपी पठाए । २–३ दिन पछि मैले स्वप्नमा एउटा महादेवको मूर्ती देंखे । महादेवको मुखमा एउटा व्यंगात्मक हाँसो थियो । सो हाँसोमा एउटा सवाल थियो, ँके तिमी अहिले देखि आत्तिन थालेको ?" त्यस्तो मलाई लागेको थिएन । कारण मैले आफ्नो जीवन राजनीतिमा अर्पण गरीसकेको थिएँ । १४ दिनको दिन प्रहरीको साथमा मलाई फर्काएर थानामा लगियो । राणाहरूले त्यसबेला बरखी बार्न प्रतिबन्ध लगाएको थियो । मैले बरखी बार्न परेन । यो पहिलो पटक पक्रदा मेरो घरमा खान तलाशी गरी मेरो निजी किताबहरू र सबै सामानहरू प्रहरीले उठाएर लगेको थियो र यसरी यो मेरो प्रथम सर्वस्वहरण थियो ।

वास्तवमा म जेल जाने बेला एकातिर पिताजी Dibetis ले गर्दा ओछ्यानमा पर्नु भएको थियो भने ४ महिना अघि मेरो पहिलो श्रीमती रत्ना वालाको Gland T.B. ले ओछ्यानमा नै परिराखेकी थिइन् । उनको औषधी मैले नै डा. हल्डार लगाएर गराई राखेको थिएँ । यद्यपि बिरामीको कारण उनी ४ महिना देखि माइतमा नै थिइन् । बराबार उनको खबर लिएर ससुरालमा काम गर्ने मान्छे जेलमा भेट्न आउने र सञ्चो बिसञ्चोको खबर दिन्थे । ६ महिना जति भएपछि एक दिन आएर उनले भने अब त बिरामी अलि ठिक भएर आएको छ । खुसी लाग्नु स्वाभाविक तर उनी ठिक भएको रिर्पोट मर्न लागेको बत्ति उज्यालो भयो भने जस्तै रहेछ । अर्को दिन उनी आएर जेलमा खबर भने कि उनको देहान्त भइसक्यो । प्रहरी साथ दिएर मलाई सीधै उनलाई जलाइराखेको

वागमतीको शंखमूल घाटमा लगियो । घाटमा पुग्दा आगोले सबै खाई एउटा खुट्टा चिता बाहिर झुन्डी राखेको थियो । उनको दाहसंस्कार हुदै थियो । खबर मिल्यो कि सबै छुटे । प्रहरीहरू पनि गए ।

उनको देहान्त हुँदा छोरा रबिन्द्र २ वर्ष नाघि ३ वर्षमा थियो । पछि उनको १० दिनको कृया सिध्याएर वालकलाई मामा घरमा राखि तुल्सी मेहरजी, रूद्रलाल मुल्मीजी र म गान्धी आश्रम भ्रमणमा गयौं । मेरो क्लास फेलो भेडासिंको विजया नन्दको सहयोगमा मैले उसलाई बालाजु बोर्डिङ्ग स्कूल मा निःशुल्क भर्ना गरी दिएको थिएँ । विद्यालय नयाँ–नयाँ, आर्थिक रूपले कमजोर हालतमा थियो । मैले एक पैसा मद्दत गर्ने स्थिति थिएन । बालकले भोक मेटाउन दिउसो सुन्तालाको बोक्रो पनि खाने गथ्र्यो भनेर सुने । २००९ सालतिर ऊ ७–८ वर्षको हुँदा पाटनमा विफरको महामारी फैलिएको थियो । यसमा धेरै बालक– बालिकाहरू मरे । यही बेला म स्वयं पनि बिरामी परें । २०० पाइला पनि हिंडन नसक्ने, तुरून्तै थाक्ने मेरो रोग थियो । डाक्टर देखाएको कसैले ल्युसेरिया भने कसैले मुटु नै बिग्रको छ भने । जे जस्तो उपाय गरे पनि निको भएको होइन । नेपाल कम्युनिस्ट पार्टीले मलाई बम्बई पठाउने काम गर्यो । सर्बप्रथम म दिल्ली पुगि एक महिना जति बसें । यस बीचमा अर्थात करीब एक महिनामा का. मनमोहन पनि दिल्ली पुग्नुभयो र वहाँले मेरो छोराको बिफरले देहान्त भएको कुरा सुनाउनु भयो । चित्त दुख्यो, अक्सर आसँु नआउने आँखामा आसुँ आयो पनि । तर जे हुने भइगयो ।

म त्यसपछि बम्बई गएँ । त्यहाँ डा. बलिगा जो एउटा एसिया भरि प्रख्यात डाक्टर हुनुहुन्छ, वहाँले मेरो Case आफ्नो हातमा लिएर मलाई बम्बइ अस्पतालमा भर्ना गरीदिनु भयो । अर्को त्यस्तै ठूलो डाक्टर लगाएर मेरो छातीको Screening गर्यो । केही अरू थिएन, Epi Cardio Pad of Fat को पत्ता लागेछ । बम्बइमा महिना दिन अर्को एसियाको प्रसिद्ध ठूलो वकिल का.एस.आर. चारी कहाँ पाहुना भएर बसियो । त्यति ठीक भएको होइन, औषधी लिएर काठमाण्डौ फर्के । म रोगबाट पीडित नै रहें । पार्टीमा कहिलेकाँही मतभेद हुन्छ , मसँग पनि भयो । कहीं जान नसक्ने त्यसबेला वि.सं. २०१० सालतिर मलाई डा. केशरजंग रायमाझीले पाल्पा बोलाउन पठाउनु भयो । हुन त लामो बाटो , अहिले जस्तो बस सेवा पनि नमिल्ने । आफु माथि वारेन्ट छँदै थियो । मैले अठोट गरें मैले एक दिनमा नसके सात दिन लगाएर पनि पाल्पा पुगौला । बुटवल खस्यौली सम्म बस जान्थ्यो । त्यहाँ बाट हिड्नु थियो । हिंडे, दोभान पुग्दा अशक्त भएर चढ्न नसक्ने हालतमा पुगें । के गर्ने, फर्केर जाऊँ त्यति लामो बाटो आइसकेको अगाडि जाउँm कहाँ पुगे पछि डेरा (बास) पाउने हो ठेगान थिएन । मैले भने अगाडि नै जाऊँ, जहाँ पुग्ला पुग्ला । नदी पारी राई र लिम्बुहरूको आफ्नै जातीय नाच भइरहेको रहेछ । एकछिन उभिएर हेरें । पछि अगाडि बढें र एक किलोमीटर जति गएपछि डेरा पनि पाएँ । भोलिपल्ट बिहान उठेर गएँ , उही राती पाल्पा पुगें । मेरो रोग कहाँ गयो, गयो मैले अझसम्म भन्न सकिन । ४–५ दिन पाल्पा बसेर पछि फेरि

मलाई प्यूठान आउने खबर मिल्यो । प्यूठान गएँ । मैले रोग बिर्सेर गएछु अनेकौ औषधीले नछोएको रोग बीचैमा लोप भएर गयो ।

**<u>जेलपछि भारतको गान्धी आश्रमा भ्रमण</u> :**

**(२००४ साल फागुणमा जेल छुटेर चैत्र र २००५ को बैशाखमा गान्धी आश्रम भ्रमण । )**

जेलबाट छुटेर आएपछि तुल्सी मेहरजी, रूद्रलाल र म ३ जना गान्धी आश्रम भ्रमणमा निक्ल्यौ । हामी जेलमा हुँदा नै गान्धीजी को देहान्त भैसकेको थियो । अन्तमा वार्धामा पुग्यौं । त्यसवेला त्यहाँ सर्वोदय समाजको सम्मेलन थियो । त्यसमा नेहरू जी पनि भाग लिन आउनु भएको थियो । यस भ्रमणको नेतृत्व र खर्च तुल्सी मेहरजीको थियो । ३ महिना जति भारतको गान्धी आश्रमा घुम्यौ र काठमाण्डौं फर्कियौं । बार्धामा सर्वोदयको स्थापनाको निम्ति सम्मेलनमा भाग लियौ । गान्धीजीको सङ्गठन एक सुव्यवस्थित सङ्गठन थियो । ठाँउ ठाँउमा गान्धीजीको आश्रम थियो । एक ठाँउबाट अर्को ठाँउमा जाँदा बढ्ता खर्च पर्दैनथ्यो । त्यहाँ पुगेपछि आश्रममा पाहुना । सबैको जीवन सादा, लाउने खद्दर, आ–आफ्नो आश्रममा चर्खा चलाएर २ पैसा आम्दानी भइहाल्छ । यो एक किसिमको कमाउने बाटो थियो । मैले पहिले १२ वर्ष देखि २० वर्षसम्म खद्दर लाउने गर्थे । तुल्सी मेहरजीले चन्द्र शम्शेर प्रधानमन्त्री छँदा सिंहदरबार लगि चर्खा कटाएको थियो र हर व्यक्तिलाई ४–४ रूपियाँ इनाम दिइएको थियो । त्यो ४ रूपियाले मैले कपास किनेर ल्याइ कपास धुने काम गरें । त्यो कपास धुन पनि सिद्धियो कपास पनि लोप भएर गयो । केटाकेटीको बेला कसरी सो कपास लोप भयो भन्न सकिन । अर्को कपास किनिएन । कपास धुने काम पनि बन्द भयो । यसकोमहत्व मैले बुझेको थिइन र २० बर्ष छँदा मैले खद्दर लाउन छोडि दिएँ । मैले भने यो चर्खा चलाएर कसरी स्वरोज आउछ ?

का. माओको ँसँगठित भै जाउँ भन्ने अर्थ सम्बन्धमा नै अर्को लेख र अर्को हामीले आर्थिक कार्यमा पनि ध्यान दिनुपर्छ भन्ने लेखहरू पढेपछि गान्धीजीको चर्खा प्रचारको महत्व मैले बुँझे र मलाई गान्धीजीको याद आयो र मनमा लाग्यो भारतीय स्वतन्त्रता सँग्राममा सम्पूर्ण जनता संचालन गर्नमा महात्मा गान्धीजीको कत्रो ठूलो देन रहेछ । का. माओको भनाइ थियो, राजनीतिक कार्यकर्ताले काम पनि गर्नुपर्छ । नत्र कसले ख्वाउने ? कहाँबाट ल्याउने ? फलस्वरूप पार्टीमा जहिले पनि हुने खानेकै राज चल्छ । गरीब जनता मरि मरि काम गर्छन, आर्थिक अभावमा उनीहरू चल्न फिर्न सक्तैनन् । हुने खानेको त घरबाट पैसा निक्लन्छ, नहुने मेहनतकस जनता जहिले पनि दरिद्र हालतमा । हाम्रा मजदुरहरू, गरीब किसानहरू यही कारण अक्सर पार्टी नेतृत्वमा उठ्न सक्तैनन् । मध्यम वर्गीय युवकहरू पनि मरि मरि काम गर्छन । सके सम्म दःुख पाएर काम गर्छन, पछि बिहा–शादी भएपछि, छोराछोरी भएपछि आर्थिक सङ्कटमा फस्छन्, अनि पार्टी कार्य छोडेर कमाउन जान्छन् । एउटा गलत परम्परा पार्टीमा बस्न जाँदो रहेछ । पार्टीमा काम गरेपछि कमाउन नहुने, काम गर्न नहुने, कि पार्टीमा काम गर, कि कमाउन पट्टि

लाग । यस्ता मानिसहरू भोक प्यास, दरिद्रता र अरू धेरै धेरै धैर्यका साथ कष्ट सहेर मात्र पार्टीमा टिक्न सक्दो रहेछ ।

का. माओ भन्नुहुन्छ, ँहामीले आर्थिक कार्य पनि गर्न सिक्नु पर्छ ।ॅ का. माओको पार्टीमा ज्याला दिने चलन छैन । आफैले काम गरेर कमाउनु सिवाय त्यहाँ अर्को बाटो छैन । पूर्णकालिन एक–आधजनाले नै पार्टीबाट मजदुरी पाउने गर्छ, ीभखथ बाट होइन भने गुरिल्लाहरूले पनि सालको ३ महिना काम गरेर आफ्नो खर्च पूरा गर्छन । तिनीहरूले त्यसपछि ३ महिना पढ्नमा लगाउछन् र अनि सालको ६ महिना गुरिल्ला भएर लड्छन् । का. माओ भन्नुहुन्छ, ँ३ महिना खेती गऱ्यो भने त्यसको आम्दानीले अरू ३ महिना ट्रेनिङ्गमा बस्न र ६ महिना लडनको निम्ति खर्च निक्लन सक्छ । खेती मात्र होइन समयलाई बँटवारा गरेर अरू अनेकौ काम गर्न सकिन्छ, सिलाइ बुनाइ इत्यादि ।ॅ का. माओ भन्नुहुन्छ, ँकामबाट हात झिक्नु पँुजीवादी तरिका हो ।ॅ यसरी चीनी कम्युनिस्ट  पार्टीभित्र २ प्रकारका जत्थाहरू छन् । एक पालैसित काम गर्ने जत्था, अर्को पालैसँग लड्ने जत्था । का. माओ लेख्नुहुन्छ, ँहामीसँग लड्नको निम्ति एउटा फौज छ, परिश्रम गर्नको निम्ति अर्को फौज छ । लडनको निम्ति आठवीं राह सेना र नयाँ चौथौ सेना । तर उनीहरू पनि दोहोरो काम गर्छन, लडाइ लडछन् पनि र साथै उत्पादनको काममा पनि लाग्छन् र पढछन् पनि । यसरी दुई किसिमको फौज भएको हुँदा लडाइँलडनेहरू दुबै किसिमको काममा कुशल हुन्छ र हामी आफ्नो कठिनाइहरू दूर गर्न सक्छौं । जापानी साम्राज्यवाद माथि विजय हासिल गर्न सक्छौ । सीमान्त क्षेत्रको सिपाहीहरू  हरेकलाई प्रतिव्यक्ति १८ रोपनी जमिन खेतीबारीको निम्ति दिएका छौ र उनीहरूले लगभग हरेक चीज उत्पादन गर्न सक्छन् अथवा बनाउन सक्छन् । खाने कुरामा (सब्जी, मासु, खाने तेल ) कपडा (रूईदार भेडाको कपडा, ऊनी कपडा मोजा र जुत्ता ), बस्ने ठाउँ मेच, कुर्ची ,बेन्च , लेख्ने सामग्री तथा इनधन जलाउने लकडी, काठको कोइला र पत्थर कोइला । आफ्नै हातबाट काम गरी प्रशस्त खाने कुरो, कपडा पैदा गरेका छौ । हर सैनिकले खाली सालको ३ महिना काम गरे पुग्छ र बाँकी ९ महिना ट्रेनिङ्ग र लडाईमा लगाए हुन्छ । हाम्रो फौजले लडन सिवाय अरू केही काम नगरे पंगु बनेर जान्छ ।ॅ का. माओले आफ्ना कार्यकर्ताहरूको पढाइमा उत्तिकै ध्यान दिएको पाइन्छ । गुरिल्लाहरू लडाइका मैदानमा पनि माक्र्सवादी लेनिनवादी किताब लिएर हिंडछन् र लडनु नपर्ने बेलामा फ्रन्टमा बसेर पनि किताब पढिरहेका हुन्छन् । पढाईमा तात्कालिक पार्टीको सर्कूलर र पार्टी दस्ताबेजहरू मात्र होइन, माक्र्स लेनिनका किताबहरूमा उत्तिकै ध्यान दिएको हुन्छ ।

का. माओको बिचार छ, हर राजनीतिक कार्यकर्ताले हरेक काममा निपुण भइराख्नु पर्छ । अहिलेको समस्या सुल्झाउनको निम्ति र भविष्यमा योग्य शासक, प्रशासक बन्नको निम्ति ।

अक्सर गान्धीवाद भारत स्वतन्त्र भएपछि अनुपयुक्त भयो । किन ? गान्धीजीले चर्खा चलाएर आन्दोलनको दौरान आत्मनिर्भर भएर काम गर्न सिकाए, तर आन्दोलनपछि देश संचालन गर्ने योग्यता प्राप्त गर्ने कुनैकुरो सिकाउन सकेनन् । देश संचालन गर्नको निम्ति त पढेलेखेको

नौजवानहरू वाहिर बाट आए । प्रजातन्त्रका सेनानीहरू भत्ता खाएर बस्ने सिवाय उनीहरू पनि देश निर्माणमा काम लाग्न सकेनन् । अनि उनीहरूको आदर्श, जनताको निम्ति निस्वार्थ सेवा, देशको निम्ति लगनशीलता सबका सब बेकार भएर गए । भारत स्वतन्त्र भएपछि उनीहरूको उपयोगिता नै सिद्धिन थाल्यो । देश संचालन गर्नको निम्ति यी देशभक्तहरू होइन, बाहिरबाट आएका पँुजीवादी चरित्र, सामन्ती चरित्र बोकेका पढेलेखेका नोकरशाहीहरूको मात्र काम लाग्यो । अनि भारतमा गान्धीको स्वप्न लोप भएर उही शोषण पद्धति नै कामय रहन गयो ।
का. माओले एकातिर आन्दोलनको दौरान आत्मनिर्भर मात्र हुन सिकाएन, क्रान्तिपछि देश सम्हाल्न, देश निर्माण गर्न पनि सिकाए , जसले गर्दा का. माओलाई मानोस् नमानोस् उनको बिचारको सार सधैंभरि काममा लाग्यो ।
हामी जस्तो पीछडिएको देशका कार्यकर्ताहरूले न त आत्मनिर्भर भएर काम गर्न सक्यौं न त क्रान्तिकारी परिवर्तन आएपछि आइपर्ने कामनै सम्हाल्न सक्ने भयौं । नतिजा अक्सर कार्यकर्ताहरूले दु:ख पाउनसम्म पाएर सहन नसकेर पार्टी छोडेर अर्कै पेशा खोज्नु पर्ने हालतमा पुग्यौं । फलस्वरूप जो जति इमान्दार भएर काम गर्दै गए , उनीहरू पछि गएर पार्टी छोडेर अर्कै पेशा समात्न मजबूर हुन पुगे । यस्तो देशमा कम्युनिस्ट  सरकार भए पनि आखिर देश संचालन गर्न उही सामन्ती तथा पँुजीवाद तत्वहरूकै हातमा जाने गर्छ र देशको समस्या जस्ताको तस्तै रहेर मानिसहरू यसबाट उदासीन रहन जाँदो रहेछ ।
स्पष्टत : पार्टी नेतृत्वले आ–आफ्नो दुनो सो∑याएर पुग्दैन, पार्टी भित्र कुनै न कुनै कामको प्रबन्ध हुनैपर्छ । चँन्दा उठाउदै खर्च गर्नु भन्दा चँन्दाको सदुपयोग गरी विभिन्न  कामहरू गर्ने र सिकाउने गर्नुपर्छ । ताकि क्रान्तिपछि जिम्मेदारी निभाउन सकोस् । भविष्यमा देश चलाउन विभिन्न विभाग सम्हाल्न सक्ने योग्य व्यक्तित्वको आवश्यकता पर्नेछ । त्यस बेला आ–आफ्नो मान्छे भर्ती गरेर काम सम्हाल्ने छैन । ठिक ठाउँमा ठीक मान्छे भर्ती गर्न पाउने गरी अहिले देखि विभिन्न बिभागका निम्ति विभिन्न इमान्दार कार्यकर्ताहरूलाई ट्रेनिङ्गको इन्तजाम हुनु आवश्यक छ । कहाँसम्म सत्य हो भन्न सकिन्न, तर मैले सुनेको थिएँ , चीनी क्रान्तिको दौरान ४०,०००।– चिनिया कार्यकर्ताहरू सोवियत सङ्घमा विभिन्न क्षेत्रमा तालिम प्राप्त गरीरहेका थिए । हामीले आर्थिक काममा ध्यान दिनुपर्छ भन्ने लेखमा का. माओ भन्नुहुन्छ, ँनेतृत्वले सही ढङ्ग र कामको सही तरिका नअपनाइकन आर्थिक मोर्चा जोडसँग आन्दोलन बढाउन सम्भव हुदैन ।
यो पनि एक समस्या हो जसलाई यस सम्मेलनले सुल्झाउनु परेको छ , किन भने फर्केपछि तपाईहरूले तुरून्त न केवल धैरै धैरै काम आफैले गर्नुपर्नेछ । बरू धैरै धैरै मानिसहरूलाई निर्देशन पनि गर्नु पर्ने हुन्छ जो तपाईहरूले मिलेर काम गर्नु पर्ने हुन्छ ।
का. माओले आर्थिक काम गर्दा जम्मा वहाँसँग भएको २० लाख रूपिया र आम जनताले लगाएको पैसा थियो र यी रकमहरूबाट नै का. माओले आफ्नो पार्टीका आर्थिक कार्यहरू सुरू गर्नु भएको थियो ।

चीनमा त्यसबेला कोही कोही मान्छेको भनाई रहयो, ँआर्थिक काममा लाग्दा राजनीतिक आन्दोलन कमजोर हुन्छ र यस्तो काम युद्धपछि मात्र गर्न सकिन्छ ।ँ यस्तो साथीहरूको सोचाइ छ, कि आर्थिक निर्माणमा लाग्नको निम्ति समय कहाँबाट पाउने ? यसै निम्ति जब कसैले आर्थिक निर्माणको कुरा गरेको देख्छन् , उनीहरू माथि ँदक्षिणपंथी भटकावको बिल्ला लगाइदिन्छन् ।ँ उनीहरू यो बिचार गर्दैनन् कि आर्थिक निर्माण बिना क्रान्तिकारी युद्ध वा सङ्घर्षको निम्ति भौतिक परिस्थिति तैयार हुन सक्तैन र लामो सङ्घर्षको दौरान जनताले दुःख पाएर शक्तिहिन भएर जान्छन् । गान्धीजीले स्वदेशी प्रचार धैरैधैरै सङ्घर्ष गरेर मात्र सफल पारेका थिए । कम्युनिस्ट कार्यकर्ताहरूको आर्थिक समस्याबारे का. चाउइन लाईको भनाइ हो, ँहामीले पार्टीलाई उद्धार संस्था ठान्नु हुदैन ।ँ यस्ता धेरै कामरेडहरू छन् जो गरीब, बेकार र निसाहय छन् उनीहरू आफ्नो बाच्ने समस्याको समाधानका लागि पार्टीको मुख ताक्छन् । उनीहरू के कुरा बु∑दैनन् भने पार्टी कुनै उद्धार संस्था होइन, र पार्टीले मुख्य रूपमा जनताको बीचमा काम गर्छ, पार्टी कार्यालयमा होइन । पार्टी कार्यालयमा सबैलाई काम दिनु बिलकुल असम्भव छ । तर रोजगारी पाउनमा पार्टीले सदस्यहरूलाई मद्दत गर्ने विचार भने त्याग्नु हुन्न । बेकार कामरेडहरूले काम पाउनका लागि आफूले सकेको गर्नुपर्छ । पार्टी सङ्गठनहरूले यसमा उनीहरूलाई मद्दत गर्नुपर्छ । पेशागत शीप नभएका कामरेडहरूले शीप सिक्नुपर्छ र कारखानाहरूमा पसेर मजदुर बन्न विषेश प्रयत्न गर्नुपर्छ । काम पाउनका लागि परस्परमा मद्दत गर्नुपर्छ । पार्टी कार्य पार्टी नेताहरूको स्वार्थ पूर्तिको लागि होईन, सम्पूर्ण जनता र राष्ट्रको हितको निम्ति, समाजमा एक नयाँ परिवर्तन ल्याउनका लागि गरिन्छ। स्पष्टत : नेताहरूसँग रिसाएर पार्टी छोडने कुरो आउंदैन, आफ्नो खुट्टामा उभिएर कमाउने र सम्पूर्ण जनताको हितको निम्ति काम गर्नु नै कार्यकार्ताहरूको मूल जिम्मेदारी हो ।

यस्तो अनुभव हाम्रो पार्टी इतिहासमा प्रशस्त पाइन्छ । पार्टीमा पार्टी कार्यकर्ताहरू गंगाजीमा पानी जस्तै आएको हुन्छ । इमान्दार र कर्मठ साथीहरू, योग्य साथीहरू, तर जबसम्म जोश हुन्छ काम चल्छ । घर बलियो छ भने पनि काम चल्छ तर सबैको घर बलिया हुँदैनन् । आखिर इमानदारीसँग काम गर्दा गर्दै यस्तो ट्रापमा पर्छन, चलफिर गर्न सक्तैनन् र २ पैसाको निम्ति अर्काको मुख ताक्नु पर्छ ।

७ सालको क्रान्तिपछि १२ सालमा जब पार्टीमाथिको प्रतिबन्ध हट्यो । म स्वयं यस हालतमा पुगें । भूमिगत रहँदा यताउति कसै न कसैले ख्वाई दिन्थ्यो । तर पार्टी फुक्का भएपछि किन कसैले ख्वाउने ? मलाई लाग्यो यहाँ त अवसरवादीहरू बच्ने , जति इमान्दार भयो उति सङ्कटमा आउने रहेछ । पैसा आउने कुनै बाटो थिएन, काम गर्नु भएन । घरमा श्रीमती र एक बालक छोरा प्रविण थियो । उनीहरूको खाना खुराक र सबै खर्च चलाउनु थियो । इन्द्रचोकमा का. जुजुभाई दाइको पसल थियो । बिहान बिना चियापानी पाटन देखि काठमाण्डौ हिंडेर पार्टी अफिस धाउनु पर्थ्यो । भोकै फर्केर आउने सिवाय अरू उपाय थिएन । जुजुभाइ दाइसँग फर्कने बेलामा कहिले काँही दुई

तीन रूपिया मागेर ल्याइन्थ्यो । रोजै माग्नुपर्दा नराम्रो लाग्ने । घर पुगेपछि त्यही पैसाले पिठो किनेर ल्याउथें । २–२ वटा सुख्खा रोटीले पेट भरि हाल्थ्यो । तरकारी तिउनलाई आलु किन्थे । न तेल न घ्यू, अलिकति नून हालेर झोल बनायो पानी जतिले तिउन, चोक्टा जतिले तरकारीको काम दिन्थ्यो ।

मेरो श्रीमती कमलाले कागजको धुप बाट्न थालिन् । आज एक मूठ्ठा २५ पैसामा बेच्यो । भोलि बाटेको र आज मूठ्ठा नपुगेको मिलाएर ५० पैसाको जम्मा हुन्थ्यो । भोलि बेच्यो । एवं रितले दिन बित्दै जान्थ्यो ।

**दरभंगामा रहदाको आर्थिक समस्या :**

यस्तो गरीबी हालतको बारबार सामाना गर्नु पर्थ्यो । दरभंगाको लाहेरी सरायमा बस्दा खानेबाटो नपाउँदा एउटा प्रेसवाला सँग एक एक छाकको निम्ति चावल दाल मागेर ल्याएर पनि बराबर काम चलाउनु परेको थियो । दरभंगाको घटना हो, कान्छी छोरी गर्भमा थिइन् । घर खर्च गर्न एक लाल पैसा थिएन, न त घरमा एक दाना अन्न थियो । दिनको ४ बज्यो । पैसाको उपाय भएन । कुनै चीज न बन्धकी लिने मान्छे भेटियो, न त किन्ने मान्छे । केटाकेटी भोक लाग्यो भनेर रोइरहेका थिए । आफू भोकै बस्दा जो दिलले दुःख मानेन, केटाकेटी भोको देख्दा अलि असह्य पनि भयो । ४ बजे दालको आख्लाहरू जम्मा गरीराखेको मेरो श्रीमतीलाई याद भयो र यसलाई भिजाएर बारा बनाउने योजना बन्यो । तर आंख्ला नभिज्ने रहेछ र फेरिपनि जबर्जस्ती पिसेर बारा बनाइयो । श्रीमतीको पेट दुख्न थाल्यो । मनमा लाग्यो, महिना पुगिसक्यो राती व्यथा लाग्यो भने न एक थोपा तेल, न एक दाना अन्न, न अस्पताल लाने पैसा, धोका हुने सम्भावना देखें । अनि मैले १९६० मा चेकोश्लोभाकियामा पार्लियामेण्टरी डेलिगेसन जाँदा भा.रू. ४००।– मा किनेर ल्याएको श्रीमतिको घडि लिएर बाहिर गएँ , मुस्किलले जान पहिचान मान्छेसँग जम्मा भा.रू. १०।– मा बन्धकी राखें । ब्याज दिनको २ आना, १० दिनको म्याद, १० दिनमा ननिखने घडी पच । सो रू. १० लिएर घर आएँ । बाटोमा जाँदा मनमा लाग्यो यसबेला धैर्य टुट्यो भने त मान्छे पागल हुन्छ ।

यस बीचमा दरभंगामा सिलाई गर्ने एउटा मुसलमान कामरेडले मेरो अबस्था थाहा पाएर साँझ ६ बजेतिर रू. २।– दिन ल्याएको रहेछ र त्यस पैसाले मेरो श्रीमती कमलाले पीठो किनेर रोटी बनाइ राखेकी रहिछिन् । त्यहि राती साँच्चै नै व्यथा लाग्यो र हस्पिटल जानु पऱ्यो । घनघोर बर्षा तुफानले गर्दा सडकमा कम्मरसम्म पानी थियो । कुनै रिक्सा जान नमान्ने । एउटा मुसलमान रिक्सावाल रिक्सा लिएर आइरहेको थियो । उनलाई भनेको तुरून्तै मानिहाले । अस्पताल पुगियो पैसा दिने सवाल आयो । जम्मा रू ८।– साथमा थियो । दिनभरि भोकै परेकोले रू. २।– मैले कमलाको निम्ति खर्च गरीसकेको थिएँ । अस्पताललाई खर्च नपुग्ने समस्या छँदै थियो । मैले पैसा पछि दिउँला भनेको, उनी तुरून्तै मानी फर्के ।

त्यो रू. ८।– अस्पतालमा नै खर्च भयो । फर्कने पैसा थिएन । फेरि पनि २ वटा रिक्सा लागाउनु पर्यो । एउटा मुसलमान रिक्सावाल । घर पुगेपछि मैले मुसलमान रिक्सावाललाई ँपछि पैसा दिउँला भने। उसले सजिलैसँग मान्यो र फर्केर गयो । अर्को रिक्सावाल भने मान्दै मानेन । घरपतिसँग २–३......... रूपियाँ सापटी मागें । कसले पत्याउने ? रू. १००।– को नोट छ साट्नु पर्छ भने । मैले साटेर ल्याउछु भन्दा त्यो पनि मानेनन् र केही बेरपछि खोजेर ल्याएको भनि भा.रू. १२ आना दिन ल्याए । त्यो पैसा रिक्सावाललाई दिएर पठाएँ । घरमा सुत्केरीलाई खर्च गर्न १ पैसा रहेन । न मासु न दुध । सुत्केरीले त्यो महिनाभरि कहिले काँही मात्र एक आध पटक घ्यू खाने मौका पाइन् ।

आफूसँग पैसा छ भने सबैले पत्याइ हाल्दो रहेछ । जब पैसा नभएर दुःख पाउँछ, सबैजसो टाढा भाग्दो रहेछ । सामान बेच्न वा बन्धकी राख्न गयो, सस्तो भन्दा सस्तो मोलमा ५–७ दिन झुलाएर किन्ने । एउटा कुर्सी रू.५।– मा, टेवल रू.२० मा, कपडा पट्टा भएको खाट रू. २०।– मा, किताब राख्ने दराज २ वटा रू. ४५।– मा बेचें । यसरी छोरी पाएर एक महिनासम्म दरभंगामा नै बसेर, आफूसँग भएको दराज, कुर्सी, टेबल सब सस्तोमा बेचबिखन गरी हामीहरू दिल्ली गयौ । दिल्ली पुग्दा हामीहरूसँग रूपिया २०।– बाँकी थियो । सामानहरू (कितावहरू) फेरि तौलियो बढि भो भनेर रू. १००।– अर्को चाहिन्छ भने । मैले आफ्नो परिचय दिएँ । लिखित मागियो लेखेर दिएँ । रेलवेले रू.२०।– पनि नलिइकन छोडिदियो । त्यहाँबाट एउटा कुम्हालेको घर मासिक रू. ५०।– मा किरायामा लिएर बसें । एउटा ड्राइभरलाई मासिक रू. ४०।– मा Paying Guest को रूपमा भात पकाई दिने काम गरीयो । अनि एकातिर श्रीमती नेपालीहरूको लुगा सिउने काममा लागिन् भने बेलुकी एक समय कामरेडहरूलाई मैले मासिक रू. ५।–, रू १०।– मा अंग्रेजी पढाई दिने प्रबन्ध मिलाएँ । अंग्रेजी पढाउनको साथ एक समय मैले साथीहरूलाई माक्र्सवाद–लेनिनवादको अध्ययन गराउन थालें । करिब ४ महिनापछि वहाँहरूले पार्टीको सिद्धान्त बु∑न थाल्नुभयो र अंग्रेजी पढाइ छोडेर पार्टी सिद्धान्तमा ध्यान केन्द्रित गर्न थाल्नुभयो र मासिक फीको रूपमा तिरेर आएको रू. ५।–, रू १०।– बन्द गरी यसको सट्टा आ–आफ्नो शक्ति अनुसारको लेभि दिन थाल्नुभयो । यस लेभिले गर्दा पार्टीको पत्रिका निकाल्ने र यताउति जान आउन लागि साधारण खर्च निक्लन थाल्यो । यसरी एकपटक फेरि पार्टीको निर्माण भएर आयो ।

श्रीमतीले एउटा Garment Factory मा मजदुरको रूपमा काम गर्न गइन् । तर फ्याक्ट्रीवालाले सिलाईको काम दिने सट्टा घरेलु नोकरको काम लिन थाल्यो । बजारमा गएर कोकाकोला, फण्टा इत्यादि किनेर ल्याइ दिने र गिलासमा राखेर सबलाई टक्राउने काम दिन थाले । उनी Factory मा मजदुर भएर काम गर्न तयार थिइन् भने यो घरेलु नोकरी उनलाई राम्रो लागेन । केही दिनपछि मसँग सोधेर यो काम छोडि दिइन् र घरमा नै नेपालीहरूको लुगा सिउने गरीन् । केही समय मैले एउटा व्यापारी कहाँ दिनको ४ घण्टा हिसाब लेख्ने काम लिएँ । एकातिर अभ्यास छुटेको, अर्कातिर मगजभित्र राजनीति नै चलिरहने । गल्तीले General मा लेख्नु पर्ने हिसाब Cash

मा लेख्न गयो र उनको लेजरको एक पृष्ठ फोहोर भयो र व्यापारीले आफ्नो असन्तोष व्यक्त गरे अनि मैले यो काम छोडि दिएँ । आफूले १०–१५ दिन काम गरेको हिसाब मागिन ।

यसरी मेरो राजनीतिक जीवनमा मेहनत गरेर खर्च टार्ने ठूलो जिम्मेदारी मेरी श्रीमती कमलाकै देन रहेको थियो । पहिले पार्टी माथिको प्रतिबन्ध हट्दा केही रूपियाँ जुजुभाई दाईबाट ल्याएको बाहेक, पछि धूप बाटेर परिवार पालेको, दरभंगा र दिल्लीमा सिलाइ गरेर घर खर्च चलाउने भार श्रीमतीले नै बोकेकी थिइन् । उनको पिताजी र माहिला दाइ कर्णेल गम्भीर बहादुर राजभण्डारी र उनको आमाबाट बेलाबखत सहयोग चल्यो । उनकी बहिनीहरू ४ जनाकै बेलाबखत लुगा फाटोको निम्ति भने सहानुभुतिपूर्ण केही सहयोग रहयो । जे होस् पार्टीमा व्यवस्थित रूपले कुनै कामको प्रबन्ध भएन भने न कार्यकर्ता टिक्छ न उनीहरूको उन्नति हुन्छ ।

मैले पार्टीमा धेरै धेरै इमान्दार र देशको निम्ति मरिमेटेर काम गर्ने होनहार कार्यकर्ताहरू देखेको थिएँ र देख्दै छु पनि । तर उनीहरू आर्थिक सङ्कटमा परेर क्रमश: पार्टी छोड्दै जान करै लाग्छ । पार्टी कार्यकर्ताहरूलाई अगाडि आउन नदिने अर्को तत्व हो शिक्षाको अभाव । शिक्षाको अभावमा उनीहरूले धेरै कुरो पक्रन सक्तैनन् र जहिले पनि साधारण कार्यकर्ता नै रहन्छन् । कम्युनिस्ट पार्टी एउटा सर्बहारा मजदुर वर्गको पार्टी हो । शिक्षा पाएमा यिनीहरूबाट अनेक सुयोग्य नेताहरू पैदा हुनसक्छ । तर ट्रेनिङ्ग नभइकन यिनीहरूमा शिक्षा कहाँबाट आउने । पार्टीको सर्कुलर मात्र पढेर कोही शिक्षित हुदैन । उनीहरूलाई पढ्ने प्रबन्ध पार्टीबाटै मिलाइदिनु पर्ने हुन्छ । खुश्चोभ १६ बर्षसम्म अर्काको भेडा चराउने लडका थियो । २८ वर्षमा पर्टीले पढाई सुरू गरीदियो । ३ वर्षको ट्ेरनिङ्ग पछि त्यो लड्का आफै पढ्न सक्ने भयो । पछि गएर पुरा रूसको नेता र प्रधानमन्त्रीको रूपमा देखा परे । पार्टीमा यदि व्यवस्थित काम छैन भने कार्यकार्ता उठ्न सक्तैन र पार्टी एक जातीय पार्टी बन्न जान्छ । व्यक्तिगत रूपले गरेको काम बिग्रन पनि सक्छ । काम गान्धीजीले देखाएको चर्खा प्रचार जस्तो अथवा का. माओले देखाएको सामुहिक वा सहयोगी हुनुपर्छ र काम हेरिकन केही महिना एकले आर्थिक काम गर्ने । त्यसबेला अरूहरूले पार्टी काम गर्ने र पालैसित पछि अरूले केही महिना अथवा अवधि आर्थिक काम गर्ने र अरूहरूले पार्टी काम गर्ने गरी सामुहिक अथवा सहयोगी संस्थाहरू मार्फत काम गर्न सकिन्छ र पार्टीलाई कहिले पनि एक जातीय पार्टी बन्न दिनु हुदैन र सबै जातिबाट मान्छे भर्ना गर्ने, ट्रेनिङ्ग गर्ने, काम सिकाउने र नेतृत्वमा उठाउने गर्नु पर्छ । अथवा यस्तो काम पनि हुन सक्छ, दिनको केही घण्टा आर्थिक काम गर्यो , बाँकी समय पार्टीको काम गर्यो । दिन दिनको शिफ्ट मिलाएर काम गर्न सकिन्छ । दिनको २–४ घण्टा मात्र भए पनि आफ्नो अनुकुलता हेरी सबैले पार्टी प्रचारप्रसार र सङ्गठनमा लागेको खण्डमा पनि जिल्ला व्यापी रूपमा पार्टी दन्कन धेरै समय लाग्दैन ।

का. माओको पार्टीमा गुरिल्लाहरूले ३ महिना आर्थिक काम, ३ महिना पढाइ र ६ महिना मोर्चामा लड्ने गर्थे ।

दिल्लीमा भियतनामको राजदूतसँग कहिले काँही भेट हुन्थ्यो । उनले भने अब म गइरहेछु । कहाँ जाने भन्दा उनको भनाइ रहयो, अब म मोर्चामा बन्दुक लिएर लड्न जान्छु । यसरी एक अवधि राजदूत भएर कमाउन दियो, त्यही पैसाले अर्को समय पार्टीमा काम गऱ्यो । यसरी एक अवधि आर्थिक काममा लागेर अरू समय पार्टीको राजनीतिक कार्यलाई पालैसित समय दिन सकिन्छ । गान्धीजीको आश्रममा सबै ४ बजे उठ्थे । अनि हरेराम गायो । त्यसपछि सबैजना सौचालय जाने, नुहाउने काम हुन्थ्यो । त्यसपछि सबै एक लाइनमा बसेर नास्ता गर्थे । नास्ता तैयार गर्न ४–६ जना पालैसित लाग्थे । अनि सबै आ–आफ्नो जिम्माको ग्रामोद्योगमा लाग्थे । भन्नलाई चर्खा प्रचार भने पनि कोही कपडा बुन्थे, कसैले अरू पनि ग्रामोद्योगको काम गर्थे । १२ बजे खाने समयमा सबै एक लाइनमा बसेर खान्थे । खाइसकेपछि १ घण्टा आराम, अनि फेरि ४ बजेसम्म आ–आफ्नो जिम्माको आर्थिक कार्यमा लाग्थे । त्यसपछि सबका सब गाउँ पसेर भारतको स्वतन्त्रताको निम्ति प्रचार र सङ्गठन आदि गर्नमा लाग्थे । अनि बेलुका ६ बजे खाना खाएर राजनीतिक बहसहरू हुन्थे र १० बजे करिब सुत्थे ।

गान्धीजीको नियमित कार्यक्रम हो १० बजे सुत्ने, दिउसो खाइसकेपछि १ घण्टा आराम गर्ने र बिहान ४ बजे उठ्ने । यसरी अनुशासित जीवन गान्धीजीको थियो ।

स्पष्टत: अध्ययनको कमी र आर्थिक व्यवस्थाको अभाव पार्टीलाई अगाडि बढ्न नदिने रोगहरू हुन् । कम्युनिस्ट  पार्टीको सुरू सुरूको जीवनमा अध्ययन पनि गराउने चलन थियो । तर पनि त्यसबेला यो कुनै व्यबस्थित ढंगको पढाइ थिएन । सही ढंगसँग पार्टी चलाउन उपरोपक्त २ कमजोरीहरू हटाउनै पर्छ र कार्यकर्ताहरूलाई आफ्नो बिचार स्पष्टसँग राख्ने अधिकार पनि हुनैपर्छ र बरू उनीहरूलाई मनको भाव स्पष्टसँग राख्ने कुरोमा प्रोत्साहन पनि मिल्नुपर्छ । गलती गरेमा सम्झाउने र सुधार्ने काम पार्टी नेतृत्वको हो । का.माओको पार्टी कार्यकर्ताहरू ६ बजे उठ्थे । २ घण्टा रोजै पढ्थे । २ घण्टा रोजै पढ्न करै लाग्थ्यो । रोजको ८ बजे नास्ता, अनि आर्थिक कार्यमा लाग्ने । ११ बजेतिर खाना खान्थे । त्यसपछि १ घण्टा आराम । त्यसपछि फेरि आर्थिक कार्य र ४ बजेपछि आर्थिक कामबाट फुर्सद लिएर पार्टी कार्यमा जुट्थे । बेलुका ६ बजे राती खाना खायो साहेद त्यसपछि फेरि पार्टी कार्य र पार्टीको समस्याहरूमा बहस चल्थ्यो । यसरी समयलाई बँटवारा गरेर सबै लागेमा पार्टी बलियो नहुने सवालै छैन ।

यी कुराहरू हामीले पनि सिक्नु परेको छ । ज्याला मजदुरी लिएर पार्टीमा पूर्णकालिन कार्य गर्नेहरू नेतृत्वदायी कमिटीमा मात्र हुन्छ । हुन त नेपाल कम्युनिस्ट  पार्टी कुनै पूर्णकालिन कार्यकर्ताले पनि तलब ज्याला पाउने चलन भएन । सबैले जसोतसो आफैले खर्च मिलाएर , नभए भोकै बसेर पनि काम चलाउनु पर्‍यो ।

नेपाल कम्युनिस्ट  पार्टीमा आर्थिक कार्यक्रम चलाउन धेरै पटक कोशिस गरीयो । तर अनुभवको कमिमा हरबखत असफल नै रहे । जबसम्म सम्पूर्ण पार्टीले यस दिशामा ध्यान दिने छैन र सबैजना जबसम्म लाग्ने छैन यो कार्य सफल हुनेछैन । गान्धीजी आफै धागो काट्थे, नेहरूजी

आफैले चर्खा चलाएर धागो काट्थे । पार्टीका ठूलाठूला नेताहरूले दिलचस्पी राख्दा नै यस्तो कार्य सफल हुन्छ पनि । का. स्तालिन स्वयं खेत अथवा बगैचामा काम गर्थे । लेनिनले मुढा बोकेको तस्वीर एउटा प्रख्यात तस्वीर हो । लेनिन पुस्तकहरू उल्था गरेर जीवन निर्वाह गर्थे । हाम्रो देशमा किताब उल्था गरेको देख्यो भने, ए यसले जागिर खान थाल्यो भन्न थाल्छन् र नेता भएपछि कुनै काम गर्न नहुने सामन्ती भावना आज पनि नेपालमा व्याप्त छ । यही कारण हो या त निथल्ला भएर बेकारीको शिकार भएर भोकै बस, होइन भने पार्टी छोडेर कुनै काम गर्नु । नेता भएपछि काम गर्न नहुने सामन्ती संस्कारलाई तोडेर नै पार्टी सुव्यवस्थित ढंगले अगाडि बढ्न सक्नेछ ।

आफ्नो खर्चको निम्ति हुने खानेको भरोसामा दिन बिताउनु धोका खाने बाटो हो ।

चन्दादाताहरूको मनस्थिति यदि कोही राजनीतिक नेता वा व्यक्ति पावरमा छ भने  नमागेर पनि पाइन्छ जुनबेला आफू अथवा आफ्नो पार्टी सङ्कटमा फस्छ जति खुशामद गरे पनि मुख पछि नै फर्काइन्छ ।

मेरो एउटा विद्यार्थीले मलाई काङ्ग्रेसमा आयो भने रू.५०,०००।–(पचास हजार) को प्रेस किनिदिने भनेर बराबर भन्थे । एकदिन मैले भने म जुनसुकै पार्टीमा बसे पनि तिमीलाई के भयो ? प्रेस किन्ने भए किनिदेउ । जवाफ पाए, ँतपाई काङ्ग्रेसमा भए मन्त्री बन्नु होला, हामीले पनि कमाउने मौका पाउछौं । कम्युनिस्ट हरूले कमाउने मौका दिंदैनन् ।् मैले भने, भैगो त्यसो भए । चन्दा दाताहरूमा धेरै जसोले यो मेरो देश हो, मेरो पनि यसमा केही योगदान हुनुपर्छ भनेर होइन, आफूलाई तत्काल के कस्तो फाइदा हुन्छ हिसाब किताब गरेर चन्दा दिन्छन् ।

यो हो चन्दादाताको मनस्थिति । अरू पनि २–४ जना महानुभावहरूको पनि यस्तै मनस्थिति मैले देखें । राम्रो देश चलाउने हो भने भ्रष्टाचार र कमिशनखोरी मेट्नै पर्छ र कम्युनिस्ट हरूले पनि भ्रष्टाचार गर्ने हो भने देश बन्ने आशा नगरे पनि हुन्छ । गान्धीजीले पनि चन्दा उठाउथे, तर यसरी आएको चन्दाबाट नीजि खर्च नगरीकन कुनै न कुनै ग्रामोद्योगको कार्यमा लगाउने गर्थे । मैले पूर्णकालिन राजनीति गर्नुभन्दा अगाडि ५ वर्ष जति जागिर खाएर ५० हजार जति कमाएर राजनीति जीवन सुरू गर्ने कार्यक्रम राखेको थिएँ । तर परिस्थितिले मलाई जागिर खाएर ३ वर्ष ४ महिनाभित्र नोकरी छोडाएर राजनीतिक जीवनमा घच्याडिदियो । सबै कुरो आफूले सोचेजस्तो हुँदो रहेनछ, परिस्थितिले हावाले पात उडाए जस्तो उडाएर लैजाँदो रहेछ । बीचैमा नोकरी छुट्यो बेसै भयो । २००४ साल भाद्रमा भारत स्वतन्त्र भएको उपलक्ष्यमा जुलुस गर्दा पक्राउ खाइयो । हामीलाई जेलमा राखेर ६ महिना पुग्ने बेला पद्म शम्शेरले प्रधानमन्त्रीत्व छोडी भारतको राँचीमा निर्वासित जीवन बिताउन जादै थिए र जान अघि तुल्सी मेहरजीको कारण हामीलाई जेल मुक्त गरेका थिए । अनि फेरि नोकरीमा फर्कने बिचार मैले राखिन । हुन त पद्म शम्शेरले प्रधानमन्त्री पद छोडेर भारतको बिहार राज्यको राँची बस्न गइसकेका थिए र उनले मलाई निजी सचिव हुन खबर गरेका थिए र नोकरीको तलब अलवा १०–१२ हजार रूपियाँ मेरो निजी कारोबारको निम्ति

दिन तयार थिए । उता काकाहरू पनि मैले राजनीति गरेता पनि घरको व्यापार हेरिदेवस् भन्ने चाहन्थे । मलाई घर पनि हेर्ने, राजनीति पनि गर्ने दोहोरो काम चल्ला जस्तो लागेन र मैले घरवार त्यागि पूर्णरूपले राजनीतिमा नै आफ्नो ध्यान केन्द्रित गरें । व्यक्तिगत रूपले ५० हजार रूपिया त के कुरो १ लाख कमाएर राखेता पनि मेरो राजनीतिक जीवनलाई चाहिने खर्चले भ्याउदैनथ्यो । यसको निम्ति पार्टीको सामुहिक काम नै जरूरत पर्दछ ।

पार्टी संयुक्त छँदा पनि मेरो कोशिस पार्टीको कुनै काम होस् र यसको निम्ति पर्टीमा पाउने चन्दाको एक अंश निकालेर पार्टीगत रूपले कुनै काम सुरू गरौं । बनारसमा बस्दा पनि मैले यो प्रस्ताव पार्टीमा राखें । तर एउटा कानले सुन्ने र अर्को कानले बाहिर लाने नै काम भयो, यसले व्यावहारिक रूप लिन सकेन । चन्दा उठाउने र पैसा नभए पार्टीको सामान बन्धकी राख्ने नै काम भयो । यसरी ऋण पनि बढ्दै गइराखेको थियो । आखिर महासचिवको रूपमा यसलाई तिर्ने जिम्मेदारी मेरै टाउकोमा आयो । कसै गरेर तिर्ने काम पनि भयो ।

पार्टी अलग भइसकेपछि मैले फेरि एकपटक Levy उठाएर कुनै काम सुरू गर्ने योजना बनाएँ । अखिर यो पैसा पनि Levy तिर्ने मध्ये कसैले ऋणको रूपमा लगेको लगै भयो ।

त्यसपछि मैले एकमुष्ट पैसा कुनै सहयोगी साथी महानुभाव बाट पाएँ । मलाई डाइवेटिज रोगले छोएको मात्र थियो । डाक्टरले भा.रू. ६०।– को औषधि लेखिदिए । यही बेला का. माओको आर्थिक कार्य सम्बन्धी लेख मैले पढेको थिएँ । मैले भने पहिले कुनै काम सफल पारौं, त्यसपछि औषधि उपचारको समस्या हेरौंला । काम सुरू भयो । संसारभरि हल्ला मचाइयो कि तुल्ली लालले ३ लाख रूपियाँ पार्टीको हडप गरेको छ र उनको ९ वटा बस दरभंगा देखि जयनगर चल्छ रे । ठूलो चकलेट फ्याक्ट्री छ रे । स्पेशल कार छ रे । जमिनमा पाइतला हाल्दैन रे, अनि दरभंगामा ५ तले विशाल भवन बनाएर बसेको छ रे ।

हुँदा हुँदा मेरो कान्छा बुबा, मेरो बहिनी चक्रमाया समेत गाली गर्न आउनु भयो । अनि रौतहटको एउटा बुढो किसान मक्खन जसले मलाई असाध्यै मान्थे, दरभंगा आएर भन्न थाले, ँयह आपने क्या किया ?" मैले के गरें ? भन्न थालें, ँआपने पार्टीका लाख रूपियाँ लिया है ।□ मैले भने तिमीलाई त्यस्तो लाग्छ भने तिमीले मेरो सबै बाक्सा खोलेर हेर्न सक्छौ । साँचो यही हो भनेर दिएँ । भन्न थाल्यो , ँअच्छा हो गया, हो गया ।□ तर बुढोको मनको तुस नमेटिकन मरेर गयो होला ।

बहिनी पाटन जिल्ला पार्टीमा काम गर्थिन, नेपाल फर्केर आएर पार्टीसँग झगडा गरीछन् र केही समय सबैको मुख बन्द भयो, तर क्रमशः यो बदनाम गर्ने काम चालु रह्यो । म आफूलाई माओवादी नभन्ने, कारण म माओवादको नाममा अन्तर्राष्ट्रिय गुट श्रृजना गर्ने पक्षमा थिएन । का. माओ प्रति मेरो आस्था संस्कृतिक क्रान्ति भन्दा पहिले जस्तो थियो, उस्तै अहिले पनि छ । वहाँलाई एउटा क्रान्तिकारी नेताको रूपमा म मान्दछु । अहिले पनि मान्दछु , तर माओवादी भएर होइन । मैले आफूलाई माओवादी नभन्दा संसार भरी हल्ला फिजाइयो कि म रूसवादी हो,

त्यसैकारण संशोधनवादी हो । तर आश्चर्य छ, त्यसबेला आफूलाई माओवादी भन्नेहरू अहिले आएर संसारको कुन कुनामा लुकेर गए कसैले भन्न सकेन ।

९– **हैजाको महामारी** – (२००५ साल बैशाख – जेष्ठ दुई महिना)
यसरी जेलबाट छुटेर म गान्धी आश्रमहरूको भ्रमण गरें । २ महिना पछि काठमाण्डौ फर्के ।
यसरी २००४ सालको चैत्र महिना र २००५ सालको बैशाख महिनामा म भ्रमणमा थिएँ ।
भ्रमणबाट के फर्के नेपालमा हैजाको महामारी चल्न थाल्यो । नागबहालको एउटा सत्तलमा हेड क्वार्टर बनाएर हैजाको बिरामीहरूको सेवा गर्ने र मर्नेहरूलाई घाटमा लाने इत्यादिको निम्ति स्वयं सेबक दलको निमार्ण भयो र यसमा २०० जना युवकहरू स्वयं सेवकमा भर्ना भई काम गरे । म त्यसको Volunteer–in–Charge भएँ । स्वयं सेवकहरूले निस्वार्थ भावले डर–भय नमानिकन काम गरे । यो सरूवा रोगको सेवामा कतिपय स्वयं सेवकहरूले अरू भाँडो नपाउँदा बिरामीले बान्ता गरेको आफ्नो हातमा समेत थापेका थिए ।
त्यस स्वयं सेवक दलमा कविराज सिद्धी गोपाल बैद्य पनि सरीक हुनुहुन्थ्यो र वहाँको औषधी चल्ने गथ्र्यो । कलेरा वा हैजालाई झाडा बान्ता पनि भनिन्छ । आजकाल जस्तो त्यसबेला हैजाको कुनै औषधि उपचार पनि थिएन । बढि भन्दा बढि Saline water (नून–पानी) चढाइन्थ्यो । तर कम मान्छे बाँच्थे । बिरामीलाई खाना र पानी परहेज गरेर केही नखुवाउने, जसले गर्दा शरीर De–hydration हुन्थ्यो नै । झाडा मात्र भएपनि खाना पानी बन्द । यसरी De–hydration ले छिट्टै मान्छे मर्थे पनि । हैजा र बिफर २ वटै आयुर्वेदको औषधीले नभ्याउने खालको थियो । अहिले injection र खोपले दुबै बाटै रोग कन्ट्रोल हुन गएको छ । बिफरले मेरो ठूलो छोरो **रबिन्द्र** लगिदियो भने हैजाले साहिंली आमा लगिदियो ।
यो हैजाको बेला यो पनि देखियो कि एउटा स्वयं सेवक साथीलाई हैजा लागेछ । घरमा कोही थिएन, घैला भरिको पानी उसले प्यास सहन नसकी निकाल्दै पिउँदै गयो । त्यो घैला भरिको पानी पनि सिध्यो उसको झाडा बान्ता पनि रोकिएछ ।
हैजाको बेला पनि राणाहरू र तिनका सेवकहरूको निम्ति स्वयं सेवक दल आँखाको कसिँगर थियो । राणाहरूले मात्र होइन उनीहरूका सेवकहरू पनि यस स्वयं सवेक दलको बिरोध गर्थे । फेरि पनि यसलाई बन्द गराउने आँट राणाहरूमा हराइसकेको थियो । औषधीको त्यती राम्रो प्रबन्ध थिएन २ महिनापछि कलेरा शान्त भयो । स्वयं सेवकदलको पनि आवश्यकता रहेन र त्यो लोप भएर गयो ।
महामारी शान्त भएपछि एउटा साहुले घर बोलाएर लगी ५००।– रूपिया दियो । मैले लिन मन्जूर नगरेपछि उनले मलाई सम्झाउन थाले, पैसा नलिएर कसरी काम चल्छ यो मैले थैली चढाएको । त्यसपछि सो रूपिया मैले लिएँ । त्यो पैसा खर्च नगरी राखेकोमा परोपकारलाई औषधी भनेर औषधी दिएर रू १००।– लगें । बाँकी पैसा पछि म कलकात्ता जाँदा पैसा नभएर काठमाण्डौ घर

फर्कन नसकेका राजनीतिक कार्यकर्ताहरूलाई खर्च दिएर सिद्धियो । उही साहुले मलाई पछि रू २,०००।– दिएको थियो । त्यसबेला म कम्युनिस्ट पार्टीमा आइसकेको थिएँ । कम्युनिस्ट पार्टीमा भर्ना भइसकेपछि मैले उही साहुसँग रू ३००।– चन्दा माग्न गएँ । तर उनले दिन मानेनन् र पछि साह्रै कराए पछि सो रू. ३०० दिए ।

एउटा अनौठो कुरो उही साहु जसले पँुजीवादी तरीकाले काम गरून्जेल जति भन्यो उति चन्दा दिनेले कम्युनिस्ट पार्टीमा आएपछि एक–दुई सय रूपिया पनि दिन गाह्रो भयो र पछि उनीसँग चन्दा पनि मागिएन । एउटै व्यक्ति प्रति चन्दा दाताहरूको रूख पार्टी फरक हँुदा कसरी फरक हुन्छन् भन्ने एक यो उदाहरण हो ।

यस्तै मेरो एउटा पुरानो विद्यार्थीले मलाई भनेका थिए ॅतपाई काँग्रेसमा आउनुहुन्छ भने म तपाईलाई रू.५०,०००।–(पचास हजार) को प्रेस किनिदिन्छु ।ॅ मैले भने, ॅम काँग्रेसमा बसौ वा कम्युनिस्ट मा बसौ, तिमीलाई के ? यदि तिमी मलाई प्रेस किनिदिने भए किनिदेउन ।ॅ उनको जवाफ मिल्यो, ॅतपाई काँग्रेसमा बसे मन्त्री हुन्छ, अनि हामी पनि कमाउला, तपाई कम्युनिस्ट मा बसेर हामीलाई के फाइदा हुन्छ ?" मैले भने भैगो त ।

यो हो चन्दा दाताहरूको रवैया । पँुजीवादी पार्टीहरूसँग पैसा हुन्छ, काम चलाउछ, पार्टी पनि खुरूखुरू बढ्छ । कम्युनिस्ट हरूसँग पैसा हुदैन, दुःख पाएर काम गर्नुपर्छ अनि चलफिर गर्ने पैसाको अभावमा काम ढिलो हुन जान्छ ।

१०– **<u>राणा विरोधी आन्दोलनमा सक्रिय भूमिका</u>** (२००५ श्रावणतिर)

यसरी हैजाको महामारी सिध्यिएपछि पटनाबाट एउटा नेपाली साथीको पत्र आयो कि एकपटक तुरून्तै पटना आउनु । मैले कारण सोधि पठाउँदा जवाफ मिल्यो, पत्रमा जवाफ दिन मिल्दैन, त्यहाँ पुगेर चित्त बुझेन भने फर्किने बाटो खर्च दिन्छु । भरखर नेपाली राष्ट्रिय काँग्रेस (विश्वेश्वरजीको नेतृत्वको) बनेको शायद काँग्रेसले बोलाएको होला भनेर पटना गएँ । थाहा पाइयो कि पद्म शम्शेरले आफ्नो निजी सचिव बन्न बोलाएका रहेछन् । मलाई तलबको अलवा १०–१२ हजार आफ्नो निजी Business गर्नको लागि पैसा दिने कबुल थियो । मैले बैङ्कको नोकरी छोडेर राजनीतिमा लागेपछि अब म कसैको नोकरी नगर्ने अठोट गरीसकेको थिएँ । यसबारे माथि नै गइसक्यो । मेरो बिचार थियो नेपाल पुगेर गान्धीवादी तरीकाको रचनात्मक काम गरी जनतालाई जागृत गर्ने र जनतालाई सँगठित गर्ने । मैले पद्म शम्शेरलाई नभेटिकन फर्कन खोजें । त्यसबेला गंगाजीमा ठूलो बाढी आउन थाल्यो । तुरून्त फर्कन सकिन, स्टीमर जहाज चल्न बन्द भएको थियो । बाढी शान्त भएपछि बाटो खर्च नमागी पैसा सापट लिएर फर्के र काठमाण्डौ पुगेपछि पटनामा भएको खर्चमा भा.रू. ६०।– पठाई दिए ।

११ – **<u>पञ्चायत आन्दोलन</u>** (२००५साल) (1948-March-April)

फर्कदा मैले १३ बुँदाको रचनात्मक कार्य मनमा राखी फर्के । काठमाण्डौ पुग्न पाएको छैन केही साथीहरू गोपाल प्रसाद रिमाल तथा अन्य युवकहरूले पञ्चायत आन्दोलनको प्रस्ताव ल्याए । वास्तवमा पद्म शम्शेर भारत निर्वासित जीवन बिताउन जान अघि केही नागरिक अधिकारहरू दिएका थिए । तर मोहन शम्शेरले यसलाई व्यावहारिक रूप दिन चाहेन र पहिले जस्तै राणाशाही चलाई राखे । बबर शम्शेरको भनाई थियो, ँहामीले तलवारको बलले लिएको यो राज्य तलवारकै बलले अर्को ५० वर्ष चलाउने छौ ।ँ उसले दिएर गएको बिधान लागु गर्न जन आन्दोलन गर्ने प्रस्ताव ल्याए । म पनि यसमा सरिक भएँ ।

यसरी राणाहरूको बिरोधमा पञ्चायत नामाकरण गरी दिएको नागरिक अधिकारहरू व्यवहारमा ल्याउनको निम्ति हामीहरूले पञ्चायती आन्दोलन चलायौ । यस बीचमा मेरो रचनात्मक कार्यको कार्यक्रम त्यसै स्थगित भएर गयो । २ महिनाको आन्दोलनमा ४०० युवकहरू पक्राउ परे, आन्दोलन पनि सिथिल भयो । साथीहरूको प्रस्ताव आयो कि अब मैले जेल जाने गरी नेतृत्व दिनुपर्छ । मैले भने म जेल गएर निथल्ला बस्ने सिवाय अरू के काम हुन्छ, त्यो भन्दा त जेल बाहिर बस्दा सङ्गठन त गर्न सकिन्छ । त्यसपछि अर्को प्रस्ताव आयो कि म रक्सौल गएर सुवर्ण शम्शेरको नेपाल प्रजातन्त्र काङ्ग्रेस भर्ती भएर ती साथीहरूलाई पनि केही पैसा पठाई देवोस् ।

१२ – **<u>कांग्रेसमा प्रवेश</u>** <u>२००५ साल रक्सौल–मंसिर/पुस ?</u> (1948 May-June)

(काङ्ग्रेसमा प्रवेश र त्यस्का आन्दोलनहरूमा सक्रिय भूमिका)

मैले जंगलको बाटो पक्री रक्सौल गएँ । ७ दिन लाग्यो । रक्सौल बजारमा श्री गणेशमानजी भेट भयो । वहाँले मलाई आफ्नो अफिस आर्य समाज मन्दिर लैजानुभयो । साँझ हुन लागेको थियो । त्यसको देखादेखि दक्षिणतिर सिमन्टीको घरमा झण्डाहरूले सिँगारेको र एउटा ठूलो झण्डा समेत भएको एउटा घर देखें । सुवर्ण शम्शेरको ँनेपाल प्रजातन्त्र काङ्ग्रेसकोँ अफिस रहेछ, प्रेम बहादुर कंसाकार त्यसमा रहेछन् । यता गणेशमानजीको अफिस बाँसले बेरेको परालको अलि ठूलो झोपडि थियो । कुनै सजावट थिएन ।

मैले बिचार गरें यी २ वटा पार्टी मध्ये गणेशमानजीको पार्टी क्रान्तिकारी जस्तो लाग्यो । मैले सुवर्ण शम्शेरको पार्टी अफिस हेर्न पनि गइन र त्यहीं बसियो र केही समयपछि मलाई श्री केदारमान व्यथितजी, जो त्यसबेला गणेशमानजीकै अफिसमा बसिरहनु भएको थियो, ले गणेशमानजी संलग्न पार्टीको सदस्यता दर्खास्त लिनुभयो र यसरी मैले विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्व भएको र गणेशमानजी संलग्न नेपाली राष्ट्रिय काँग्रेसको सदस्य बनें । यसरी मैले त्यो सिमेन्टीको घर भन्दा झुग्गी रोजें ।

त्यो अफिसको इनचार्जको रूपमा गोपाल प्रसाद भट्टराई (किसुनजीको दाजु) बस्नुहुन्थ्यो । आर्थिक रूपमा दुराबस्था थियो । त्यहाँ बस्नेहरू, धेरैजसो दिनहरू भोकै काटिन्थ्यो, रातीपख कसैले

एक आना, कसैले २ आना जम्मा गर्थे, चना भुजा एक दुई फ्वाँक खाएर भुईमा नर्कटको चटाइमा इट सिरानी राखि सुतिन्थ्यो । यसको बाबजुत सबैजना हंसीखुसी रमाइलो नै थिए । कहिले काँही भात पाक्थ्यो । मैले यही जीवन रोजे ।

**१३ - काठमाण्डौं आन्दोलन** 1948 July to December

२००५/०६ सालमा माघ, फागुण, चैत्र, बैशाख, जेठ, अषाढ, श्रावण (बर्षादमा काठमाण्डौ आन्दोलन) करिब ४ महिनापछि नेपाली राष्ट्रिय काँग्रेस पार्टीले मलाई काठमाण्डौ खटाएर पठायो । विश्वेश्वरजी जेलमा हुनुहुन्थ्यो । वहाँको रिहाइ र नागरिक अधिकारको निम्ति सङ्घर्ष उठाउनु थियो । एउटा अर्को साथी लिएर बीरगंज रेल पक्री हिड्न थालें । बाटो खर्च जम्मा रू ११।– दिइएको थियो । रक्सौलबाट बीरगंज ल्याउने साथीले रातीको बेला, जून लागिरहेको कहाँ कहाँ घुमाएर दुई घण्टा लगाएर बीरगंज पुऱ्याइदिए । थकाइले चुर भएर पकेटको पैसा खसेको पनि थाहा भएन । गर्मीले मैले आफ्नो बुशर्ट हातमा झुण्डाएर गएको थिएँ । भोलिपल्ट बिहान बीरगंज छोडनलाई पैसा हेरे पैसा छैन । रू. ४।– अर्को खोजेर ल्याएर हामी २ जनाको निम्ति बाटो खर्च दिए । परवानीपुर सम्म हिंडेर पुग्यौं । पैसा बचाउनु थियो । खानलाई जौं को सत्तु किन्यौं र मुछेर खान थाल्यौं , घाँटीबाट तल गएन । फ्याँकी दियौं । कुकुरले एकचोटी सुघ्यो नखाइकन गयो । हामीले अर्को ४ अनाको चना भुजा किन्यौ । उही खायौ केही बचाएर पोको पाऱ्यौं । रेल आयो, त्यसमा बसेर अमलेखगंज रेल स्टेशन पुग्यौ । मलाई चिन्ने मान्छे कम थियो । त्यति आपत भएन । त्यहाँंबाट एउटा ट्रकमा बसि भिमफेदी पुग्यौं । एउटा चिनेको काँग्रेसी कार्यकर्ता कहाँ बस्न गयौं । वहाँकै पाहुना भएर उहीं बस्यौं, खायौं र सुत्यौं । भोलीपल्ट वहाँले तीन मोहर दिनुभयो र बिहान सबेरै उठेर पहाड चडेर गडी पार गरेर गयौं । राहदानीको चलन थियो । एउटा गरीब किसानको लुगा लाइराखेको मेरो नाउँ राहदानीमा बिष्णुलाल डंगोल थियो । पक्राउ परिन गडी पार गरें । १० बजेतिर कुलेखानी पुग्यौं । ३ मोहरको दालभात तरकारी खायौ २ जनाले । फेरि हिंड्यौ त्यसपछि चन्द्रागिरी नाघेर थानकोट पुगियो । एउटा ईटा ओसार्ने लरीले मान्छे पनि ओसार्ने गर्थ्यो, त्यसैमा बस्यौ । लरीलाई तिर्न २ जनाको निम्ति पैसा नपुग्ला जस्तो थियो । मनमनै के गर्ने बिचार गर्दै आयौ । भिमफेदीको ट्रकमा बसेर अगाडि बढ्यौं । चिन्ने मान्छे छ कि भन्ने शंका लागिरहेको थियो । रातको समय थियो । कलंकी पुग्दा नपुग्दै हुरी तुफान चल्न थाल्यो । झमझमी पानी पर्यो बत्तिहरू निभे, रूखहरू ढल्न थाले, मानिसहरू ट्रक छोडेर यत्रतत्र लागे । हामीलाई लाग्यो बेसै भयो । हामी पनि एउटा सुनसान झोपडिमा बस्न गयौं । तुफान बन्द भएपछि अरूहरू लरीमा गए । हामी त्यही रात काट्यौ । हाम्रो निम्ति यो पनि एउटा सुरक्षा नै भयो । नत्र कहाँ जाने , के गर्ने, काठमाण्डौ ओर्लदा अरूले चिन्ने हो कि भन्ने डर थियो । यो डर बाट हामी मुक्त भयौ । बिहान सबेरै ३ बजे उठेर अध्यारैमा हिंडन थालियो । चिंकमुगल, काष्ठमण्डप पुग्दा, बिहान ६ बजिसकेको र उज्यालो हुन लागेको थियो । मरूटोलमा जुजुभाइ दाइको पसल खुला थियो ।

वहाँलाई देखें । थाना र भद्रगोल जेलमा बसेकोले जान पहिचान थियो । वहाँको पसलमा गएँ । वहाँले मलाई धर्मरत्न एमीको घरमा राख्न लैजानु भयो । अर्को मसँग आउने साथीलाई वारेन्ट थिएन । वहाँ आफ्नो घर जानुभयो । एमीजी घर छोडेर भारत गइसक्नु भएको थियो । वहाँकी श्रीमती हिरादेबिले, दिसा पिसाब सफा गर्ने देखि लिएर भात पकाएर खुवाउने सबै सहयोग गर्नु भयो । यस मानेमा म वहाँलाई आफ्नै आमा सरह मान्दछु । २–४ दिनपछि जुजुभाई दाइले मलाई आफ्नो घरमा सार्नु भयो । हिरादेवी बारे मैले एउटा लेख ँधर्म रत्न यमि स्मृति नामक लेख सँग्रह मा दिएको छु । त्यहाँ डेरा गरी मैले नेपाली राष्ट्रिय काँग्रेस (आजकालको नेपाली काङ्ग्रेस) को सङ्गठन सुरू गरें । केही दिन पछि  एकपछि अर्को डेन सर्दै गएँ र Congress को आन्दोलन चालु नै राखें । त्यसबेला विश्वेश्वरजी पक्राउ परि अनशनमा हुनुहुन्थ्यो ।
पहिले रक्सौलमा नर्कटको सपाट चटाइमा ईट तकिया राखेर सुत्ने बानी परेको मान्छेलाई हिरादेवीको घरमा डसनामा सुत्दा यता खाल्टो उता खाल्टो जस्तो भएर अप्ठेरो लागेको थियो । केही दिन पछि नै डसनाको बानी लाग्यो । ६ महिना काठमाण्डौ बसें । अनेक ठाउँमा भूमिगत बिताएँ । कुनै ठाउँमा परिवारलाई पनि थाहा नहुने, मलाई एउटा कोठामा ताल्चा लाएर थुनेर जान्थे । बिहान सबैर टट्टि पिसाब गर्यो रातमा अध्याँरोसम्म थुनिएर पिसाब गर्न पनि नपाउने । यसले मेरो पाचनक्रिया नै गडबड गरीदियो । खाना आफैले कोठाभित्र इकमिक कुकरमा पकाएर खान्थें । रातमा मिटिङ्गको निम्ति निक्लन्थें । कहिले काँही दिउसै निक्लनु पथ्र्यो, इकमिक कुकरमा खाना बसालेर निक्लन्थे र २–४ घण्टा पछि आएर खान्थे । खाना तातै रहन्थ्यो ।

**<u>राजा त्रिभुवनसँगको भेट</u>** (२००५ साल बर्षात पछि अक्टोवर तिर)
केही समय साहित्यकार हृदयचन्दजी कहाँ भूमिगत बसें । वहाँ लेख्नलाई बसेपछि ४ घण्टा त्यो आसनबाट उठ्ने होइन र Σयालको पेटी नै वहाँको टेवल थियो । यसैबीच पूर्ण बहादुर एम.ए. को घरमा पनि केही दिन भूमिगत बसें । वहाँकहाँ बस्दा नै पूर्ण बहादुर एम.ए.बाट श्री ५ त्रिभुवनसँग भेट्ने संदेश  प्रस्ताव आयो र भेटघाटको कार्यक्रम मिलाइयो । यसको निम्ति मैले लैनचौरबाट पशुपती जाने बाटोको नारायणहिटी दरबारको पर्खाल चढेर जाने योजना मिलाएँ । मेरो पर्खाल चढ्ने बानी थिएन । ४–५ जना साथीहरू मध्ये १–२ जनाले बाटोमा कोही आए गएको गार्ड गर्थे । ३ जनाले मलाई पर्खाल चढन मद्दत गर्थे र उतापनि बाँसको झाडि थियो र बाँस पक्रेर तल झर्थे । म पर्खाल चढेपछि  एउटा अलि टाढाको कुकुरले देख्दो रहेछ, भुक्थ्यो पनि । त्यसपछि पर्खाल देखि करिब एक रोपनी चौडाइमा काँडावाल क्याक्टस रोपिएको थियो । काँडैकाँडा रोपेको हुन्थ्यो र त्यो नाघेर उतापट्टि जानुपथ्र्यो । मेरो खुट्टा नाङ्गै हुन्थ्यो । त्यसबेला १० बजे तोप पड्काउने चलन थियो । त्यसपछि मानिसहरू बाटोमा आउन जान मनाही थियो । यसै निम्ति म ९ बजेतिर त्यहाँ पुग्थे । श्री ५ त्रिभुवन आफ्नो २ जना राजकुमारहरूको साथै त्यहाँ सवारी होइबक्सिन्थ्यो ।

कुराकानीको दौरानमा श्री ५ त्रिभुवनको एउटा प्रस्ताव थियो आतंङ्गवादी तरिकाले राणाहरू खतम गर्ने । मलाई लाग्यो यस्तो आतंङ्गवादी तरिका सफल पनि हँुदैन र यसले प्रजातन्त्र पनि ल्याउँदैन । श्री ५ त्रिभुवनको प्रस्ताव थियो कि श्री ५ को नातीको पास्नी आँउदैछ त्यसमा राणाहरू बोलाउने र बम्बारी गरी सबै नाश गर्ने । मेरो राजनीतिक लक्ष्य राणाहरू खतम गर्नु मात्र थिएन, प्रजातन्त्र ल्याउनु थियो । मनमा लाग्यो, सफल भयो भने सारा शक्ति राजाको हातमा हस्तान्तरण हुने, असफल भयो भने आफ्नो ज्यानमात्र जाने । तसर्थ मैले आफ्नो प्रस्ताव राखें, ँयस्तो आतंङ्गवादी तरिका सफल हँुदैन, तसर्थ हामीले यसको सट्टा चीनमा चीनको कम्युनिस्ट पार्टीले चलाएर आए झैं क्रान्तिकारी गुरिल्ला युद्ध चलाउने ।" श्री ५ को प्रश्न थियो कहाँ बसेर लड्ने । मैले भने भारतबाट । भारत मानेन भने के गर्ने ? मेरो जवाफ थियो त्यसो भए हामी उत्तरबाट  लडछौ । श्री ५ लाई चित्त बु∑यो र यो प्रस्ताव स्वीकार भयो र हुकुम भयो, ँमैले के गर्नु पर्यो ?" मैले निवेदन गरें हामीलाई हतियार चाहिएको छ यसकोनिम्ति रू ३ लाख भए हामीले हतियार किनेर लडने छौ । किनकी मैले सुनेको थिएँ तिब्बतमा हतियार किन्न पाइन्छ र ३ लाख जति भए पुग्छ । श्री ५ बाट अर्को सवाल गरीबक्स्यो ँखानलाई के गर्ने ?" मैले निवेदन गरे, ँखानलाई हामीलाई चिन्ता छैन् हामी भोकै पनि काम गर्न सक्छौ ।" हामीहरू त्यसबेला खानेकुराको बिषेश चिन्ता लिदैन्थ्यौ, दिनभरि भोको बसेर पनि काम गर्न बाट पछि हट्दैन्थ्यौ । खानाको लागि पैसा माग्नु मैले उचित सम्झिन । श्री ५बाट हुकुम भयो, ँमैले दिने भएँ , मेरो जहवारात बेचेर भएपनि म दिउँला ।"

त्यसपछि श्री ५ त्रिभुवनको अर्को प्रस्ताव थियो ३ वटै काङ्ग्रेस मिल्ने । ती काँग्रेस हुन् : १. नेपाली राष्ट्रिय काँग्रेस (विश्वेश्वरजीको नेतृत्वमा भएको), २. नेपाली राष्ट्रिय काँग्रेस (रेग्मीजीको नेतृत्वमा भएको) र ३.नेपाली प्रजातन्त्र काङ्ग्रेस (सुबर्ण शम्शेरको नेतृत्व भएको ) ।

जहाँसम्म रेग्मीजीको नेपाली राष्ट्रिय काँग्रेसको सवाल छ म र अन्य केही साथीहरू बनारसमा पुगेपछि वहाँको डेरामा गएर विश्वेश्वरजीको नेतृत्वमा चलेको नेपाली राष्ट्रिय काँग्रेस र रेग्मीजीको नेतृत्वमा चलेको नेपाली राष्ट्रिय काँग्रेस एउटै मिलाऔं भन्ने कुरा गर्न गइसकेका थियौ । हामीले रेग्मीजीमा अलि घमण्ड र बडापन पायौं र वहाँ मिल्नको लागि तैयार हुनु भएन ।

श्री ५ त्रिभुवनको अगाडि यो कुरो त मैले व्यक्त गरीन तर मैले निवेदन गरें रेग्मीजी त कम्युनिस्ट  हो ।

म स्वयं त्यसबेला कम्युनिस्ट  पार्टी प्रति भ्रममा थिएँ । मैले सुनेको थिएँ समाजवादमा कसैसँग २ वटा कोट छ भने एउटा कोट नहुनेलाई दिनुपर्छ । यद्यपि यो समाजवादको नियम होइन, फेरि पनि बचपनमा मलाई यो कुरो राम्रो लागेको थियो । समाजवाद प्रतिको मेरो धारणा २ वटा घटनाले अझ सुदृढ पारिदियो । एउटा हो मेरो घर अगाडि देवलमा एउटा बूढीले एक भाग खानेकुरा मागेर ल्याएर त्यो मन्दिरको खुड्किलोमा बसेर खाइरहेको । मनमा लाग्यो यदि नेपालमा समाजवाद भएको भए त्यो बूढीको यो दशा हुने थिएन । अर्को घटना हो उही मन्दिरको

पछिल्तिर एउटै घर हवाङ्ग हवाङ्गती खाली थियो, तर अर्कातिर ३–४ जना गरीबहरू त्यो मन्दिरको पछाडी बोराले बेरेर चीसो ढुङ्गामा सुत्ने गर्थे । मनमा लाग्यो यदि नेपालमा समाजवाद भएको भए ती गरीबहरू त्यो मन्दिरको ढुङ्गामा बोराले बेरेर सुत्नु पर्दैनथ्यो होला, उनीहरू खालि घरमा सुत्थे होला । गीताको अध्ययनले पनि मलाई सबैलाई बराबर व्यवहार गर्ने र सबै समान हो भनी सबैको जीवन सुरक्षित गर्ने साम्यवादलाई पनि म राम्रै ठान्थें । तर यी सब कुराहरूको निम्ति माक्र्सवाद–लेनिनवाद र कम्युनिस्ट पार्टी चाहिन्छ र कम्युनिस्ट पार्टी के हो भन्ने कुरो म मा ज्ञान थिएन । २००४ सालको फागुणतिर जेलबाट छुटेपछि गान्धी आश्रमहरू घुमियो । वार्ता पनि गर्थे । त्यहाँ मैले सबै एकसाथ बसेर खाने व्यबस्था देख्दा साम्यवाद त यहाँ पो रहेछ भन्ने लाग्यो । तर त्यो सबको पछाडि बिडलाजी र बजाजहरूको पैसा मैले देखिन । गान्धीजीको वर्ग बिहिन र वर्ण बिहिन समाज स्थापना गर्ने नाराले पनि मलाई गान्धीवाद तिर आकृष्ट गरेको थियो । र कम्युनिस्ट पार्टी चाहिन्छ भन्ने कुरो म मा स्पष्ट थिएन । सन् १९४२ मा भारतमा भएको अङ्ग्रेज साम्राज्यवाद विरोधी ँभारत छोड भन्ने आन्दोलनमा कम्युनिस्ट पार्टीले विरोध गरी त्यो बेला चलिरहेको हिटलर विरोधी युद्धलाई देश भक्तिपूर्ण युद्ध भनेर ब्रिटिश, अमेरिकन र सोभियत सङ्घलाई समर्थन गरेको हुँदा मलाई लाग्यो कम्युनिस्ट हरूले आफ्नो भारतको स्वतन्त्रताको निम्ति नलडी अङ्ग्रेज साम्राज्यवादको पक्ष लिए । यस कारण मलाई लाग्यो कम्युनिस्ट हरू अङ्ग्रेज साम्राज्यवादको दलाल हुन् । एकदिन जेड.ए. अहमदको मिटिङ्गमा म गएको थिएँ । वहाँसँग मैले सोधें, ँकम्युनिस्ट हरूले किन भारतको स्वतन्त्रता आन्दोलनको विरोघ गरेको ?” वहाँले भन्नुभयो, ँरूस हाम्रो मुटु हो रूस नै खत्तम भएपछि के रहन्छ ?” म एउटा कोरा मान्छे एउटा विद्यार्थी मलाई राजनीतिको गहिरो ज्ञान थिएन । माक्र्सवाद के हो ? लेनिनवाद के हो ? त्यो लडाइमा हिटलर बिजय भए संसार के हुने हो, त्यो मलाई ज्ञान थिएन । त्यसबेला सिधा भारतीय अन्ध राष्ट्रवादलाई अंगालेको थिएँ । मलाई थाहा थिएन कि भारत स्वतन्त्र भएपनि विजयी हिटलरले भारतलाई पनि जितेर लिनेछ । यो अज्ञानताबस मैले भने कम्युनिस्ट हरू दलाल हुन् ।

यसै भावनाले प्रेरित भएर मैले श्री ५ त्रिभुवनको अगाडि रेग्मीजी बारे निवेदन गरें ँरेग्मीजी त कम्युनिस्ट हुनुहुन्छ । यो कुरो मैले कसैबाट सुनेर भनेको हुँ कि रेग्मीजी कम्युनिस्ट हुनुहुन्छ । वास्तवमा वहाँ कम्युनिस्ट पनि होइन । मलाई स्वयंं थाहा थिएन कम्युनिस्ट हुनलाई के गर्नुपर्छ ।

श्री ५ ले मेरो कुरा मानी बक्स्यो र रेग्मीजीसँग मिल्ने कुरा छोडि बक्स्यो । रहयो कुरा सुबर्ण शम्शेरको नेपाली प्रजातन्त्र काङ्ग्रेस । मैले यस कुरा बारे भने सुबर्ण शम्शेरको पार्टी हामीलाई पैसा दिएर काम गराउन चाहन्छ । हामी कसैको पैसा लिएर काम गर्न राजनीतिमा लागेको होइन । श्री ५ ले यसमा पनि स्विकृती गरी बक्स्यो ।

हुनपनि यदि हामीले आफ्नो राजनीतिक जीवन कसैले दिने पैसाको आधारमा सुरू गरेको भए यो लामो राजनीतिक जीवनमा जो हण्डर खानु पर्यो त्यसमा हामी टिक्न सक्ने थिएनौ । कम से कम कम्युनिस्ट  भएर टिक्न असम्भव थियो । सुरू देखि नै हण्डर खाँदै भोको बस्दै जे जस्तो पायो उही खाँदै उही लाउदै उस्तै ठाउँमा बितेको हुँदा पछि पछि पर्न आएको आपत बिपतलाई हाँसिहाँसिकन बिताउने क्षमता प्रदान गर्यो ।

ँनेपाली राष्ट्रिय काँग्रेस सुबर्ण शम्शेरको ँनेपाली प्रजातन्त्र काङ्ग्रेस सँग मिलि (बिलिन भएर) ँनेपाली प्रजातन्त्र काङ्ग्रेस बनेपछि काङ्ग्रेसकै नेतृत्व र कार्यकार्ताहरूको चरित्रमा परिवर्तन आयो । पहिले वहाँहरू कम्युनिस्ट  बिरोधी थिएनन् । गणेशमानजी स्वयं माक्र्सको ँपँुजी पढ्ने प्रयास गर्नुहुन्थ्यो । कृष्णप्रसाद भट्टाराईजी सोभियत कम्युनिस्ट  पार्टीको इतिहास पढ्ने प्रयासमा हुनुहुन्थ्यो । गणेशमानजीले मेरै सामुन्ने पुष्पलालजीलाई सानो रकम भएपनि कलकत्तामा आफ्नो खुशीले मद्दत गर्नु भएको मैले देखेको थिएँ । यसरी वहाँहरूसँग पहिले कम्युनिस्ट  बिरोधी भवाना देखिदैनथ्यो । तर नेपाली काङ्ग्रेसको गठन पछि वहाँहरूको जीवन शैली र कम्युनिस्ट  प्रतिको भावनामा फरक देखापर्यो । एउटै टुरको निम्ति सवालाख, दुईलाख नभई चल्दैन भन्ने कुरो जिम्मेवार नेतृत्वबाट सुनियो ।

२००७ सालको क्रान्ति, त्यो मेलले नजदीक ल्यायो तर यो क्रान्ति अधुरो मै टुङ्गियो । यदि नेपाली राष्ट्रिय काँग्रेस कै पालोमा झै स्पिरिट लिएर काम अगाडि बढाएको भए २००७ सालको क्रान्तिले जनक्रान्तिको रूप लिएर यसको फल अर्कै हुने थियो र आजको हबिगत नेपाली जनताले भोग्नुपर्ने थिएन । कम से कम भारतको जस्तो प्रजातन्त्र नेपालमा पनि हुने थियो ।

रेग्मीजीको  ँनेपाली राष्ट्रिय काँग्रेस मा यता विश्वेश्वरजी, गणेशमानजी भएको नेपाली राष्ट्रिय काँग्रेसको जस्तो त्याग र जोखिम उठाउने साहस थिएन । वहाँले कहिल्यै केही जोखिम उठाउनु भएन । वहाँसँग कम्युुनिष्टको भावना त झन थिएन ।

रेग्मीजी र सुबर्ण शम्शेर प्रति मैले आफ्नो राय व्यक्त गरीसकेपछि श्री ५ त्रिभुवनबाट ँनेपाली राष्ट्रिय काँग्रेस(विश्वेश्वरजी भएको) लाई नै सर्मथन गरीबक्स्यो । विश्वेश्वरजी त्यसबेला काठमाण्डौ जेलमा अनसनमा हुनुहुन्थ्यो । श्री ५ त्रिभुवन विश्वेश्वरजीको हालत देखि चिन्तित होइबक्सन्थ्यो र भनी बक्स्यो  ँविश्वेश्वरजीलाई आउँ भै राखेको छ र आउँमा रगत आउन लागेको छ ।

त्यसबेला ँनेपाली राष्ट्रिय काँग्रेस लाई मैले बाहुन र नेवारको पार्टी भनेको सुनेको थिएँ । यस प्रचारलाई खतम गर्न मैले श्री ५ त्रिभुवनसँग श्री ५ को एउटा छोरा (राजकुमार) काँग्रेसको निम्ति मागें । हुन त मैले राजकुमार शब्द जोडेको थिइन खालि श्री ५ को छोरो मात्र भनेको थिएँ । तर यस्तो शब्दहरूलाई लिएर श्री ५ त्रिभुवनबाट कुनै नराम्रो प्रतिक्रिया अथवा भावना व्यक्त गरीबक्सेन । श्री ५ बाट हुकुम भयो  ँके भारत लैजान सकिएला र ?" मैले निवेदन गरे  ँहामी जसरी भएपनि लैजान्छौ । श्री ५ त्रिभुवनबाट अर्को प्रश्न गरीबक्स्यो ँम आए कसो होला ?" मैले निवेदन गरे ँ त्यो त झन राम्रो ।

बिभिन्न कुराहरूको सन्दर्भमा मैले श्री ५ त्रिभुवनलाई निवेदन गरें ँहामी बेलायतको जस्तो प्रजातन्त्र चाहन्छौ र श्री ५ लाई हामी बेलायतको राजा जस्तै आदर गरेर राख्छौ ।ं श्री ५ त्रिभुवनबाट आफ्नो राय यसरी प्रकट गरीबक्स्यो, ँम बाहुनको हात छोएर भन्छु सत्य सत्य म पावरको लोभ गर्दिन ।ं बाहुन भन्नाले त्यसबेला श्री ५ कै पूजारी बाहुन ँशिबं त्यहीं उपस्थित हुनुहुन्थ्यो । हाम्रो सम्पक मिलाउने वहाँ नै हुनुहुन्थ्यो । श्री ५ को यस भावनालाई कदर नगर्ने कुरो थिएन । श्री ५ ले जे भनिबक्स्यो भित्री दिलले भनिबक्सेको थियो ।
यी सबै कुरोहरू एकै दिनको भेटघाटको कुरो नभएर पटक पटकको भेटघाटको कुरो थियो । मेरो यस सम्पकको कार्यक्रम ९ बजे राती सुरू हुन्थ्यो र १० बज्न ५ मिनेट अगाडि म उहि पर्खाल चढेर फर्कन्थे । कहिलेकाँही बाटैमा तोप लाग्थ्यो । फेरि पनि पक्रने स्थितिको सामना भने गर्नु परेन ।
यसैबीच मलाई नारायण हिटीको पर्खाल चढ्न मद्दत गर्नेहरू मध्ये भक्तपुरको एक साथी पूर्ण रक्सौल गएर मलाई नारायणहिटी भित्र पुर्याएको कुरो भन्न गएछन् । अनि म नारायणहिटी भित्रै छ भन्ने हल्ला चलेछ, राणाहरूलाई पनि श्री ५ त्रिभुवनसँग मेरो सम्पक बारे थाहा हुनगयो । त्यसपछि राणा सरकारले श्री ५ त्रिभुवनमाथि कडाइ गर्न थाले । पिसाव गर्न जाने ठाउँमा सम्म एउटा आठ पहरियाले नछोड्ने भयो । यता मलाई पक्रन १२ जना सि.आई.डी. खटाइए । पक्रनेलाई पाँचहजार रूपियाँ इनाम र एक प्रमोसन । यसपछि श्री ५ त्रिभुवनसँगको मेरो सम्पक टुट्यो । फेरि पनि म ६ महिनासम्म पाटन, भक्तपुर र काठमाण्डौ घुमि घुमिकन काम गर्थे । भक्तपुर जाँदा अक्सर राती हिड्थे र रामहरी शर्माजीको घरमा बास बस्थे, अनि बिहान सबेरै ३ बजेतिर नै हिंडेर उज्यालो नहुँदै भक्तपुर पुग्थे । साथमा रक्सौलबाट आउँदा सँगै आएको रमाइलो साथी जोशी हुनुहुन्थ्यो । बाटो भरि हिन्दी फिल्मी गीत गाएर बाटो काटिन्थ्यो । भक्तपुरबाट को–को साथीहरू आन्दोलनको दौरान जेलजानु भयो याद रहेन । तर महिलाहरूमा नानीमैयाजी जुलुसको नेतृत्व गरेर जेल जानु भयो । वहाँ बडो हिम्मतदार महिला हुनुहुन्थ्यो । वहाँको श्रीमान पहिले नै जेलमा हुनुहुन्थ्यो । नानी मैयाजीलाई राणाहरूले खुब यातना दिए, पिंडौला फुट्ने गरी पिटे, उठेर हिड्नै नसकिने हालतमा पुर्याइदिए , र एउटा सिङ्गै हलमा एक्लै थुने । त्यस हलको बिशेषता थियो, त्यहाँ पहिले कसैले झुण्डिएर आत्माहत्या गरेर मरेको थियो । त्यो डोरीको अंश त्यही झुन्डी रहेको थियो । वहाँमाथि पिटाइको मूल कारण थियो मेरो बारे प्रश्नहरूको जवाफ नपाएको हुनाले । आखिर दमतक वहाँले यी सब यातनाहरू सहेर आफ्नो दृढतालाई कायम राख्नुभयो र कुनै शब्द राणा अत्याचारीहरूलाई भन्नु भएन ।
वहाँलाई डर थियो, कही त्यो आत्महत्या गरी मरेको मान्छेको भूत आउने हो कि भनेर । यसै कारण वहाँले आफ्नो सारा भाडाँकुडा बटुलेर सँगै सुत्ने गर्नुहुन्थ्यो । वहाँको भनाइ थियो, यदि त्यो भूत आईमाई भए उसलाई सजिलै जितुला, लोग्ने मान्छे भए त्यही भाडाँकुडाहरूले भूतलाई हिर्काएर आफ्नो रक्षा गरूँला । आठ महिना यसरी जेल बस्नुभयो तर भूत भने आएन, खालि मनको त्रास

मात्र रह्यो । राणा शासनकालमा कैदीलाई कुनै ओछ्याउने ओढ्ने दिने चलन थिएन । यसकोसबै आफैले इन्तजाम गर्नुपर्ने । वहाँलाई ओढ्ने बाहिरबाटै पठाउने काम भयो ।

सङ्गठनको दौरान बराबर दिउसै पनि निक्लनु पथ्र्यो । बर्षाद सुरू भएपछि हिडडुल गर्न सजिलो भयो । छाताको आडमा मुख लुकाएर हिड्न पाइन्थ्यो । तुफान, हुरी, बतास, घनघोर पानी, बर्षा र बादलको गर्जन र चट्याङ्गको सम्भावनाहरूको बेला दिउसै पाटन, काठमाण्डौ ओहर दोहर गर्नको निमित्त सुनौलो मौका थियो ।

आन्दोलनको दौरान एकातिर भारतको दबाव, अर्कोतिर जन–आन्दोलनको दबावले गर्दा विश्वेश्वरजी जेलबाट छुटेर जानुभयो र भारतबाट मलाई एउटा पत्र पठाउनु भयो । जसमा वहाँले मलाई आन्दोलन बन्द गर्नु भनेर लेख्नु भएको थियो । मैले पत्र पठाएँ , म कुनै एक व्यक्तिको अर्डर मानेर काम गर्ने पक्षमा छैन । आन्दोलन बन्द गर्ने हो भने पार्टीको तर्फबाट पत्र पठाउनु होला । त्यसपछि मातृका बाबुले काङ्ग्रेस पार्टीको अध्यक्षको हैसियतले आन्दोलन बन्द गर्ने निर्णय लेखेर पठाउनु भयो र मैले आन्दोलन रोकिदिएँ ।

फेरिपनि काङ्ग्रेसको सङ्गठन गर्नु थियो म काठमाण्डौ, भक्तपुर र पाटन घुमेर काम गर्दै गएँ । म श्री पूर्ण बहादुर एम.ए. को घरमा गुप्तबासको रूपमा बसेको बेला एकदिन अचानक पुलिसले घेरा हाल्यो । वहाँको बहिनीले मलाई झटपट्ट अर्को घरमा लगेर एउटा कोठामा लगेर भोटे ताल्चा लगाई दिनुभयो । आँखि∑यालबाट बाहिर गल्लीमा पुलिस देखिन्थ्यो । (त्यहाँ बस्दा मलाई पिसाबले यसरी च्याप्यो कि रोक्न नसकिने हालतमा पुगें । यताउती खोज्दा धोएर राखेको एउटा कोप्रा देखें । बिना इजाजत उही कोप्रामा मैले पिसाब गरें ।)

पूर्ण बहादुर एम.ए. जीलाई पुलिसले पक्रेर लगे । वहाँ ९७ सालको काण्डमा पहिले पनि ६ वर्ष जेल बसिसक्नु भएको थियो । यसपालि पक्राउ भएर वहाँ ७ सालको क्रान्तिपछि नै जेलबाट छुट्नु भयो ।

त्यसपछि मेरो डेरा श्री हृदय चन्द्रसिं प्रधानको घरमा सऱ्यो । यहाँ बस्दा एकदिन श्री गजानन्द बैद्यजी र वहाँको दाजु श्री दयानन्द बैद्यजी झगडा गर्न आइ पुग्नुभयो । शायद मैले श्री ५ त्रिभुवनको अगाडि सुबर्ण शम्शेरको पार्टीसँग मिल्ने कुराको बिरोध गरेर हो वा किन हो, वहाँहरू ठूलो स्वरले कराएर झगडा गर्नुभयो र जानुभयो । तर वहाँहरूले पक्राउने आदि कुनै कुरा गरेर धोका दिने काम भने गर्नुभएन । वहाँहरू पनि त्यसबेला सम्म सकृय सहयोगि नै हुनुहुन्थ्यो । हृदय चन्द्रसिंज्यू सिंहदरबार मुन्सी खानामा खरदार हुनुहुन्थ्यो । तर वहाँ एक प्रगतिशील लेखक हुनुहुन्थ्यो । वहाँको कोठामा कुर्सी, टेबल केही थिएन । एक चकटीमा बसेर ∑यालको पेटीलाई आफ्नो टेबुल बनाएर वहाँ लेख्नु हुन्थ्यो र लेख्न बसेपछि कम से कम ३ घण्टा सम्म आफ्नो आसनबाट उठ्ने होइन र यताउती ध्यान पठाउने होइन । वहाँको घरमा बस्दा मैले पनि १–२ वटा लेख लेखेको थिएँ । एउटा हो, ँजग नभएको घर । मेरो लेखको मूल सार हो हुकुमशाही व्यवस्था जग नभएको घर हो । हेर्दा जतिसुकै भब्य र बिशाल भएपनि जग नभएको घर जसरी

टिक्दैन, उस्तै हुकुमशाही व्यवस्था पनि टिक्दैन भन्ने मेरो लेखको भनाइ हो । अर्को लेख हो ँराजा हुँदैमा भगवानको अवतार हुदैन□ भन्ने । त्यसबेला राणा प्रधानमन्त्री आफूलाई राजा मात्र होइन महाराजा भन्ने गर्थे । श्री ३ महाराज चन्द्र शम्शेर, श्री ३ महाराज भीम शम्शेर, श्री ३ महाराज जुद्ध शम्शेर इत्यादी । अनि यिनका दलालहरू यिनीहरूलाई नै राजा भनि भगवानको अवतार भन्ने प्रचार गर्थे । यसै निम्ति मैले एउटा लेख त्यसबेला लेखेको थिएँ कि राजा भन्दैमा भगवानको अवतार हुँदैन । मैले यस कुरालाई पुष्टि गर्न पुराणहरूबाट कंश, जरासंध, दुर्योधन, हिरण्यकश्यप इत्यादिको उदाहरण दिएको थिएँ । साथै १० वटै अवतारहरूलाई हेर्दा ँराम□ बाहेक तिनीहरू मध्ये कोहीपनि सच्चा राजा थिएनन् ।

तर ती २ वटै लेखहरू छापिएका थिएनन् र एक ठाउँबाट अर्को ठाउँमा डेरा सर्दा कहाँ पर्यो भन्न सकिन । त्यसपछि म एउटा यस्तो डेरामा परें जहाँ बिहान सबैरै अध्यारोमा पिसाब गरेर कोठामा पस्नुपर्ने र साथीहरू मलाई ताल्चा मारेर जान्थे अनि बेलुका अध्यारो भएपछि साथीहरू आउँथे । बल्ल बगैचामा गएर आत्तिएर पिसाब गर्न पाउँथे । एउटा अलग सिसी राख्ने पनि त्यसबेला बुद्धि आएन र दिनभरि आत्तिएर पिसाब जबरजस्ति रोक्ने स्थिति पनि थियो । खानलाई इकमीक कुकरमा आफै पकाएर खान्थे । र कहिलेकाँही मिटिङ्गको निम्ति दिउसै पनि बाहिर जानुपथ्र्यो र इकमीकमा चावल, दाल, तरकारी राखेर २ टुक्रा आगो त्यसको तल्लो डब्बामा राखेर गएपछि भात पाकि राख्थ्यो र ४ घण्टापछि आएर खान आएपनि भात, दाल, तरकारी तातै रहन्थ्यो ।

यसरी भूमिगत रहँदा मेरो पेट बिग्रियो र मैले एक महिनासम्म बैद्यको औषधी खाएर बल्ल ठिक भयो । बैद्य आफ्नै कोबहाल टोलको, तुल्सीलाल नामकै एउटा साधरण बैद्य थिए ।

काठमाण्डौमा भूमिगत रहँदा करिब ४ महिना हुँदा नहँुदा मेरो डेरा शहीद श्री चिनियाँ बहादुरको घरमा थियो । यसबेला त्यहाँ आएर सुश्री मंङ्गला देवी (काङ्ग्रेसको महिला नेतृ) र श्री केदारमान व्यथितजीको श्रीमती भेट गर्न आउनुभयो । केही बेर कुराकानी गरेर वहाँहरू जानुभयो । ३६ सालको जनमत सँग्रहपछि श्रीमती मंङ्गला देवीसँग भेट हुँदा वहाँले भन्नुभयो ँत्यसबेला तँपाईलाई देख्दा हामीलाई डर लाग्यो र झण्डै हामीले पुलिसलाई भन्न गएको ।□ सुकिलो लुगा लाएर आउनु भएका वहाँहरू । ४ महिना देखि मैले न बाल कटाउने मौका पाएको थिएँ न त नुहाउन नै पाएको थिएँ । एउटा गरीब किसानको मागेर लगाएको झुत्रो लुगा, जसमा प्रकृतिले सयकडौ जुम्रा सृष्टि गरीसकेको थियो र भरसक लुगा धुनेपनि व्यवस्था थिएन । आजकल जस्तो कसैको घरमा पानीको नलको व्यवस्था त्यसबेला थिएन कि कही लुगा धोऔ अथवा सुकाऔ । मलाई मेरो रूप के भएको छ, त्यो पनि थाहा थिएन । यस्तो रूप देखेर मंङ्गला देवीजी डराउनु भएको रहेछ । श्री ५ त्रिभुवनसँग सम्पक राख्न लाग्दा पनि मेरो यही लुगा र यस्तै कपालहरू थिए । जुत्ता नलगाएरै हिड्ने गर्थे । श्री ५ त्रिभुवनबाट मलाई भनी बक्सेको थियो ँभेष बदल्नु पर्ने□ तर मलाई लाग्थ्यो साधु सन्यासी भएर भेष बदल्नु भन्दा हाम्रो देशका लाखौ गरीबहरू मध्ये एक भएर हिड्नु नै सबभन्दा सुरक्षित भेष हो ।

शहरभित्र झुत्रो लुगा धोएर सुकाउनु पनि एउटा शंकाको कुरो हुन जान्छ र सवालहरू उठ्न थाल्ने संभावना हुन्छ । यसै कारण लुगा नधुनु र कहीं नसुकाउनु नै कल्याण थियो । शायद साथीहरूले बीच बीचमा कही लगेर लुगा धोएर ल्याइदिनु भयो वा भएन मलाई त्यति याद रहेन । तर लुगा अक्सर झुत्रा र मैला नै रहन्थ्यो । कहिलेकाँही का. गौरी भक्त कहाँ पनि मेरो बास पथ्र्यो भूमिगत जहाँ बसे पनि पाटन, भक्तपूर र काठमाण्डौमा ठाँउ ठाँउमा जाने र बैठक बस्न चालू नै रहन्थ्यो । एकदिन मंसिर पूर्णिमाको दिन य:मरी पूर्णिमा थियो । त्यो दिन पाटन घरमा गएर खान जाने रहर चल्यो । का. गौरी भक्तको काका काकीहरू र बुबाहरूले खाएर जाने कर गरेका थिए । फेरि पनि नखाइकन पाटन गएँ । घर पुग्दा अबेर भईसकेको र सबैजना खाइपिइ सुतिसकेका थिए । बोलाउछु कसैले सुनेनन् कसरी हो भन्न सकिन घरको आग्लो खुल्यो गएर भोकै सुतें । यो खाएर जाउ भन्दा नमान्दाको दण्ड थियो ।

यसरी ६ महिना काठमाण्डौ अपत्यकामा भूमिगत रूपले सक्रिय भएर काम गरें । यसैबिचमा एक पल्ट नाती नाउँ गरको साथीले कपाल काटिदिएको याद छ ।

**१५ - नेपाली काङ्ग्रेसको गोरखपुर सम्मेलन** (२००५ साल, 1948 December)

६ महिना पछि मैले एउटा पत्र काँग्रेसको केन्द्र (हेडक्बार्टर) बाट पाएँ । यसमा मलाई केन्द्रीय कारिणीमा लिएको र गोरखपुरमा काङ्ग्रेसको सम्मेलन गर्ने भएको हुनाले त्यहाँ उपस्थित हुन सूचना दिइएको थियो । त्यसबेला ँकेन्द्रीय कारिणी नै काँग्रसको सर्वोच्च निकाय थियो जसमा म समेत जम्मा ६ जना सदस्यहरू थियौं ।

म काठमाण्डौ छोडेर भारत गएँ । भारतमा जान जङ्गलको बाटो नरोजी यसपाली चन्द्रागढीको बाटो अपनाएँ । चन्द्रागढीमा राहदानी देखाउनु पथ्र्यो । राहदानीमा मेरो नाउँ बिष्णुलाल डंगोल राखेको थिएँ । लुगा एउटा गरीब किसानकै थियो । झुत्रो टोपी, खाली खुट्टा, गढी पास भयो । जङ्गलबाट जाँदा बाघ, भालु, हात्ति, सर्पको आपत पर्न सक्थ्यो । सात दिन लाग्थ्यो । चन्द्रा गढीबाट जाँदा २ दिनमै बीरगंज पुग्थ्यो । एकै दिनमा पदैल हिंडी कुलेखानी अथवा भीमफेदी पुग्थ्यो र अर्को दिन भीमफेदीबाट लरी अथवा बसमा अमलेखगंज अनि त्यहाँबाट रेलमा ।

**१६ - केही कम्युनिस्ट हरू सँग भेटघाट र कम्युनिस्ट पार्टी प्रति केही** भ्रमहरू

( Contact with communists and confusions about communist party)

रेलबाट बीरगंज जाँदा एक स्टेशन यतै परवानीपुरमै रेल छोडेर पैदल हिड्ने गर्थे । रक्सौल पुगें, त्यहाँ उही आर्य समाजको झोपडीमा बसें । त्यहाँ गफसफ गर्नका लागि २ जना कम्युनिस्ट हरू आइरहेका रहेछन् :– नारायण बिलाश जोशी भक्तपुरको र पाटनको प्रेमलाल हलुवाई । व्यक्तिगत रूपले वहाँहरू कम्युनिस्ट भइसक्नु भएको थियो । वहाँहरूले मलाई भन्नुभयो, ँतपाई कम्युनिस्ट पार्टीमा हुनुपर्ने, कहाँ काँग्रेसमा बसिराखेको । मैले भने, ँकाङ्ग्रेस भएपनि के ?

इमान्दारी सँग काम गरे कुनै पार्टीमा बसेर काम गरेपनि एउटै हो ।" फेरि मलाई कम्युनिस्ट पार्टीको बारे उनीहरू आफ्नो देशलाई नहेरी अर्काको दलाली गर्ने भन्ने गलत भावना म मा छँदै थियो । मैले भन्ने गर्थे "कम्युनिज्म ठीक छ, कम्युनिस्ट पार्टी गलत छ ।" जहाँ समाजवादी भावना म मा कसरी पर्यो भन्ने कुरो माथि लेखिसेको छु भने, कम्युनिज्म चाहिन्छ र सबै मान्छे बराबर हो, सबैको दुःख सुख एउटै हो भन्ने भवना मलाई श्री भगवत गीताले दिएको थियो । यसैकारण म साम्यवाद अथवा कम्युनिज्मको पक्षपाति थिएँ । फेरि पनि म कम्युनिस्ट पार्टीको बिरोधी थिएँ । एकातिर १९४२ सालको "भारत छोडो" भन्ने भारतको स्वतन्त्रता आन्दोलनमा कम्युनिस्ट पार्टीको बिरोध, यसबारे भारतीय कम्युनिस्ट पार्टीको नेता जेड.ए. अहमदसँग प्रश्न गर्दा "रूस हाम्रो मुटु हो, रूस नै खत्तम भएपछि अरू के रहन्छ ?" भन्ने जवाफबाट कम्युनिस्ट पार्टीप्रति मेरो भ्रम झन बढेको र अर्कातिर श्री जवाहरलाल नेहरूको मुज्जफरपुरमा भएको भाषणमा मैले सुनेको "कम्युनिज्म ठीक, कम्युनिस्ट पार्टी बेठीक" भन्ने भनाईले म मा कम्युनिस्ट पार्टी प्रतिको गलत धारणाले राम्ररी घर गरेर बसेको थियो । अर्कातिर म मजदुर बर्गबाट नआएर निम्न पुँजीवादी बर्गबाट आएको हुँदा म मा वर्ग चेतानाको अभाव थियो, वर्ग स्वार्थ के हो बुझेको थिइन । गान्धीजीको "वर्ग बिहिन, वर्ण बिहिन" नाराको प्रभावमा परेपनि यो "वर्ग बिहिन, वर्ण बिहिन" समाज कसरी बनाउने भन्ने कुरो म मा स्पष्ट थिएन । रूस प्रति मेरो आस्था थियो तर रूस हाम्रो मुटु नै हो भन्ने कुरा मलाई लाग्दैनथ्यो । जब हिटलरको प्रहारमा रूस एकपछि अर्को हार खादै पछि हट्दै थियो र हिटलर झण्डै मस्को पुग्न लागेको थियो, लखनऊको वत्लर होस्टेलमा एउटा विद्यार्थीको मुखबाट अनायास निक्लेको एउटा वाक्य मेरो मनमा गडेको थियो । उनले भनेको थिए, "एउटा ठूलो संस्कृति नष्ट हुन लाग्यो ।" यस वाक्यले सोवियत सङ्घ प्रति मेरो केही हदसम्म आस्था बढाएपनि आखिर हिटलरको नाजीवाद र सोवियत सङ्घको समाजवादमा के फरक छ र हिटलर जितेर सोवियत सङ्घ हारेमा विश्वमा के असर पर्नेछ भन्ने कुराको चेतना म मा थिएन । आजकालका कतिपय माओवादीहरूको नजरमा साम्राज्यवादी अमेरिका र समाजवादी सोवियत सङ्घको बीच कुनै फरक नदेखे झैं, मेरो नजरमा पनि त्यसबेला हिटलरको नाजीवाद र सोवियत सङ्घको समाजवादमा मैले कुनै खास फरक देख्न सकेको थिइन । गान्धीजीको "वर्ग बिहिन, वर्ण बिहिन" नारा पछाडिको वर्ग स्वार्थ पनि मैले देख्न सकेको थिइन । यसै कारण हिटलरले संसारमा जितेपनि भारत स्वतन्त्रतताको आन्दोलनको पक्षमा म थिएँ र कम्युनिस्ट हरूले सो आन्दोलनको बिरोध गरी हिटलरको बिरोधमा अंग्रेज, अमेरिका र सावियत सङ्घको संयुक्त सङ्घर्षको महत्व के हो ? म मा ज्ञान थिएन र यसै निम्ति भारतीय कम्युनिस्ट पार्टी प्रति नै मेरो गलत धारणा पैदा हुन गयो ।

हिटलर कसरी मानवता बिरोधी राक्षसी शक्ति हो भन्ने म मा ज्ञान थिएन । ठाउँ ठाउँमा हिटलरको तस्बीर, त्यसबेला हिटलरको बिरोधमा प्रचारको अभाव सबै कुरोले सर्बसाधरण जनताको नजरमा, मेरो नजरमा हिटलर एउटा बिश्व बिजयी एउटा बीरको रूपमा नै स्थापीत थियो ।

ल.पु. मङ्गल बजारमा दुईवटा साढे जुधाँउदा एउटाको नाउँ हिटलर र अर्कोको नाउँ अङ्ग्रेज राखिएको थियो । हिटलर साढे जित्यो भने दर्शकहरू खुशी हुने, अङ्ग्रेज साढे जित्यो भने दुखि हुने प्रवृति नै व्यापक थियो । हिटलरले चेकोस्लोभाकिया लिदाँ एउटा कार्टुन निक्लेको थियो । चेकोस्लोभाकियालाई मुसा बनाएर, मुसा मार्ने ट्रापलाई ँम्युनिच मा बनाएको भन्ने लेखेर । कार्टुन मज्जा लाग्दो थियो तर यसको रहस्य के हो पत्तो थिएन ।

हिटलरले जितेको देशहरूमा कसरी नरसंहार गरीदै थियो, पक्रिएका जनता मध्ये डाक्टरले कमजोर ठहर्याएकालाई ँग्यास च्याम्बर मा पठाउने, बलियालाई दिनको ४ स्लाइस पाउरोटी जाम हालेर र साथै एक कप चिया दिएर सडक बनाउने इत्यादि काममा लगाउने कुरो प्रचारमा सुन्न पाइदैनथ्यो । उनले बिजय गरेको देशको महिलाहरूलाई बन्ध्या बनाउने कुरो, केटाकेटीहरूको रौं समेत काटेर यसको बक्रम बनाउने, उनीहरूको जुत्ता खोसेर के बनाउने हो, केटाकेटीहरूको काँटा चम्चा खोसेर के बनाउने हो, मानिस मरेपछि मानिसको हाडबाट चक्कुको बिड आदि बनाउने गरेको कुरोको हामीलाई कुनै ज्ञान थिएन । ग्याँस च्याम्बरमा हजारौं मानिसलाई बिषालु ग्याँसले एकै छिनमा मारी बिजुलीको समशानमा जलाएर पठाउने कुरो हामीलाई ज्ञान थिएन । पँुजीवादी अखबारहरूले यो कुनै कुरो दिदैनथ्यो । कम्युनिस्ट हरूको अखबार “People's war” (जनताको युद्ध) हामी पढ्दैन्थ्यौ । भारतका पँुजीवादी नेताहरूपनि अङ्ग्रेज हारेपछि भारत स्वतन्त्र होला भन्ने कुरामा ढुक्क थिए । तर कम्युनिस्ट पार्टीलाई विश्वास थिएन । पछि मैले कम्युनिस्ट पार्टीको क्लासमा बस्दा मैले भाइ साहेब (त्यसबेला संयुक्त भारतीय कम्युनिस्ट पार्टीको एउटा नेता) सँग मैले सोधे कम्युनिस्ट पार्टीले १९४२ इस्वीमा भारतमा उठेको ँअङ्ग्रेज साम्राज्यवाद भारत छोड भन्ने आन्दोलनको किन बिरोध गरेको ? भाइ साहबले का. जेड.ए. अहमदले झैं हामीलाई भन्नु भएन, बरू उल्टै एउटा प्रश्न हामीसँग सोध्नु भयो ँके हिटलरले विश्वयुद्ध जितेपछि भारतलाई स्वतन्त्र छोडि राख्ला ? अनि भारतको स्वतन्त्रता कहाँ जान्छ ?” निश्चय पनि हो एउटा फाँसिस्टले संसार जितेर भारतलाई स्वतन्त्र छोडने थिएन । भारतको पनि उही गति हुन्थ्यो जो अरू देशहरूको हुन्थ्यो । भारत झन एउटा विरालोको पंजाबाट छुटेर अर्को बाघको पंजामा पर्न जाने थियो जस्को हातबाट भयंकर अमानुषिक नर–संहार बाहेक अरू केही आशा गर्न सकिदैन थियो । यसले स्पष्ट गर्छ त्यसबेला गल्ती भारतीय कम्युनिस्ट पार्टीको होइन, भारतको पँुजीवादी नेताहरूको अदुरदर्शिता नै हो ।

फाँसिवादको सिद्धान्तकार मुसोलिनी थियो । तर हिटलरले मुसोलिनीलाई नाघेर अगाडि बढ्यो । मुसोलिनीको फाँसिवाद वर्ग समन्वयको नारामा आधारित थियो । वर्ग समन्वय भन्नाले पँुजीपतीहरूको बिरोधमा मजदुर वर्गले सङ्घर्ष नगरी मिलेर काम गर्ने । हेर्दा राम्रो नारा तर यो वर्ग समन्वयको नारा भित्र बिरालो र कुखुरा मिलेर बस्ने जस्तै कुरो थियो । कुखुराले बिरालोको बिरोध नगर्ने बिरालोले कुखुरो खान पाउने समन्वयवादी समाज यो थियो । बिरालोले कुखुरा

खायो के भयो र ? कुखुरा बिरालोको पेटमा समन्वय भएर गयो । फाँसिस्ट समाजमा मजदुरहरूले आफ्नो समस्याहरूलाई लिएर चुइ पनि बोल्न नपाउने ।
जर्मनहरूको नमस्कार गर्ने तरीका थियो, "Hail Hitler" (हिटलरको जय) । सिनेमा हलमा हिटलरको फोटो देखाएर जर्मनको राष्ट्रिय धुन बजेपछि सबै खडा हुनुपर्ने । हिटलरको फोटोहरू यत्रतत्र फैलिएको थियो । यसरी व्यक्ति पूजाको खुब प्रचार थियो । नेपालीहरूको घर घरमा पनि हिटलरको फोटो हुन्थ्यो र सिंहरबार ग्यालरी हलको माथिल्लो तल्लामा राणाहरूले सुनौलो फ्रेम राखेर हिटलर र मुसोलिनीका ठूल्ठूला फोटोहरू टाँगिराखेका थिए । राणाहरूले भन्न थालेका थिए, "हामी पनि फासिस्ट हौं हिटलरले घोषणा गरीसकेको थियो अब २० हजार बर्षलाई विश्वमा हाम्रो निष्कण्टक राज रहनेछ । विश्वबाट कम्युनिस्ट लाई निर्मूल पार्ने उस्को लक्ष्य थियो ।
हिटलरले राणा शासकहरूलाई अंग्रेजहरूको समर्थन नगरी आफूलाई समर्थन गर्ने पत्र लेखेका थिए । राणा शासकहरूले यसको जवाफमा दिल्लीमा जसको कब्जा हुन्छ, उसलाई हामी मान्छौ भन्ने पत्र पठाएका थिए । यद्यपि राणाशाही निम्ति दिल्लीमा हिटलरको कब्जा भए आफ्नो तानाशाही शाषनलाई अझ अमानुषिक गर्ने स्थिति तैयार हुने थियो, तर दिल्लीमा अंग्रेजको कब्जा रहेको हुँदा अङ्ग्रेज शाषकहरूलाई नै मद्दत गर्न बाध्य थियो । फेरि पनि राणाहरूले हिटलर विजय होला र स्वागत गरौंला भन्ने नियतले हिटलर र मुसोलिनीको फोटो ग्यालरी बैठकको माथिल्लो तल्लामा सजाई राखेका थिए ।
अस्थाइ रूपले जतिसुकै बलियो भएपनि आखिर अत्याचारी शोषण टिक्दैन भन्ने कुरो आदिकालमा पौराणिक कथाहरूले प्रमाणित गरेर आएको छ भने, आधुनिक कालमा २० हजार बर्षसम्म अब विश्वमा नाजीहरूको अकण्टक राज रहनेछ भन्ने हिटलरको पतनले सावित गरीदियो ।
साथी नारायण विलास र प्रेमलाल हलवाई सँगको बहसको बेला हिटलरको पतन भइसकेको थियो, भारत स्वतन्त्र भइसकेको थियो । तर म मा वर्ग चेतनाको अभावले कम्युनिस्ट पार्टीको महत्व के हो, कांग्रेसको कार्य क्षेत्रको सीमा के हो मलाई याद थिएन ।
नारायण विलासजी र साथी प्रेमलाल हलवाई सँगको बहसमा यसकारण मैले साम्यवादको समर्थन गरेर पनि साम्यवादी पार्टीको बिरोध गर्दै गर्थे । वहाँहरू बहसमा हारेर जानु हुन्थ्यो, तर वहाँहरू फेरि अर्को दिन बहस गर्न आउनु हुन्थ्यो । १२ दिनसम्म बहस चल्यो फेरि पनि मलाई चित्त वुझाउन सक्नु भएन । आखिर केही नलागेर वहाँहरू उही आर्य समाजको झुक्की, जस्लाई आर्य समाज मन्दिर भनेर भनिन्थ्यो, को क्याम्पा भित्र एउटा टेबलमाथि बसेर आपसमा भन्न थाल्नु भयो, ँयो के भनेको होला, साम्यवाद ठीक छ रे साम्यवादी पार्टी गलत छ रे ।
यो कुरो मेरो कानमा पर्यो । १२ दिनको बहसले मेरो दिमागमा कुनै असर गरेको थिएन भने, वहाँहरूको यो कुराले मेरो दिमागमा एक ठक्कर दियो । मेरो मनमा एउटा कुरो उब्ज्यो र मनमा आयो कम्युनिज्म ठीक भएर पनि कम्युनिस्ट पार्टी वेठीक छ भने कम्युनिज्म आँउछ कसरी ।

मलाई मनमा लाग्यो, साँच्चै नै मेरो अडान त "सुन्तला ठीक छ, सुन्तलाको बोट खराब छ" भने जस्तै भयो । सुन्तलाको बोट नभइ सुन्तला कहाँ बाट आउँछ ? आखिर काङ्ग्रेस र कम्युनिस्ट पार्टीको बीचमा फरक के भयो ? मान्छे उही हो , इमान्दारीतासँग काम गरे त जसले पनि देश बनाउने काम गरीहाल्ला, बेइमान भयो भने कुनै पार्टीले गर्ने छैन । फेरि पनि मनमा कुरा खेलिनै राख्यो । आखिर फरक कहाँ पर्यो ? पुष्पलालजीले उल्था गरेर पहेलो कागजमा साइक्लो गरी रक्सौल आर्य समाज मन्दिरको ठेगानामा गणेशमानजीको नाउँमा पठाएको घोषणा पत्र याद आयो । मैले त्यो घोषणा पत्र पढ्न भने पाएको होइन, गणेशमानजीले सो घोषणा पत्र कहाँ राख्नु भयो, कहाँ पठाउनु भयो थाहा भएन ।

**<u>ने.का. को गोरखपुर सम्मेलन</u>**

मलाई लाग्यो कम्युनिस्ट पार्टीको एउटा लक्ष्य छ यो गर्ने भन्ने, तर काङ्ग्रेसको यस्तो कुनै घोषणा पत्र छैन । केही समय पछि ने.का.को गोरखपुर सम्मेलन अगाडि, कन्द्रीय कार्यकारिणी समितिको बैठक भयो । त्यसमा विश्वेश्वरजी, गणेशमानजी, गोपाल प्रसाद भट्टराईजी, किशन प्रसाद भट्टराईजी र अरू एक जना र म समेत ६ जना थियौं । मैले बैठकमा एउटा प्रस्ताव राखेर भने, "कम्युनिस्ट हरूको घोषणा पत्र छ, काङ्ग्रेसको घोषणा पत्र छैन, यसै निम्ति आर्थिक, राजनैतिक र समानताको आधारमा काङ्ग्रेसको पनि एउटा घोषणा पत्र तैयार गरौं ।" यस प्रस्तावलाई अरू सबैले समर्थन गर्नुभयो तर विश्वेश्वरजीले संशोधन ल्याएर भन्नुभयो, "समानता कसरी हुन सक्दछ, एउटा कमीज छ भने टुक्रा टुक्रा गरेर काट्ने ? तसर्थ समानता शब्दको सट्टा न्याय शब्द राखौं ।" आर्थिक, राजनैतिक, सामाजिक न्यायको आधारमा एउटा घोषणा पत्र लेख्ने तय भयो । मैले भने, "कसले लेख्ने ?" विश्वेश्वरजीले लेख्ने भन्ने कुरो निर्णय भयो । मैले अर्को प्रश्न राखें, "कहिले सम्ममा लेखि सिध्याउने ?" एक महिना भित्र लेखि सिध्याउने भन्ने कुरो पनि तय भयो । समय बित्दै गयो ६ महिना बित्यो घोषणा पत्र लेखेको होइन । यसरी त्यसपछि मैले काङ्ग्रेस र कम्युनिस्ट को वीचमा फरक छ भन्ने खोजि गर्न थालें र मैले नेपाली काङ्ग्रेसमा ३ कुरोको अभाव देखें ।

क) नेपाली काङ्ग्रेसको राजनीतिक, आर्थिक, सामाजिक समानताको आधारमा कुनै कार्यक्रम नहुनु
ख) मजदुर, किसान इत्यादी मेहनतकश जनताको कुनै जनवर्ग सङ्गठन नहुनु र
ग) पार्टी नेतृत्व मेहनतकश जनताको नभएर समान्तहरू र साम्राज्यवाद परस्त पँुजीवदीहरूको हातमा हुनु ।

त्यस बीचमा म कलकत्ता गएको थिएँ । इस्वी सन् १९४९ (२००६ साल) लागेको थियो । भारत स्वतन्त्र भएको २ बर्ष भई सकेको थियो । गान्धीजीको वर्ग बिहिन, वर्ण बिहिन समाज बनाउने स्वप्न बिल्कुल असफल रहेको मैले देखें । कम्युनिस्ट हरू आफुले भनेका कार्यक्रम व्यवहारमा ल्याउँथे । तर नेपालको नेपाली काङ्ग्रेस मात्र होइन गान्धी तथा नेहरू जस्तो इमान्दार नेता पाएर

पनि पँुजीवादी सरकारले आफ्नो कबूल पुरा नगरेको मैले देखें । गान्धीजीको साम्यवाद त गान्धी आश्रम भित्र मात्र सिमित रहेछ । नेहरूजीले भारतको औद्योगिक विकासमा योगदान दिनुभयो तर गरीब जनताको जीवन उकास्ने योजना भने दिन सक्नु भएन । गान्धीजी र नेहेरूजी बेइमान नेता भन्न सकिन्न । गान्धीजीले ४ हजार वर्ष पुरानो रामराज्य कल्पना गरी आत्मनिर्भर समाज बनाउन चाहनु हुन्थ्यो भने नेहेरूजी प्रजातान्त्रीक समाजवादी राज्य कल्पना गर्नु हुन्थ्यो । प्रजातान्त्रीक समाजवादले समाजलाई यो भन्दा अरू दिन सक्दैन । त्यहाँ मैले गरीबहरूको दुर्दशा देखें । मानिसहरूको भीड, सबैले फोहोर मैला फ्याँक्ने रक्षानको रूपमा राखेको ड्रममा हारालुछ गरी रोटीको टुक्रा खोजि रहेका थिए । एक टुक्रा रोटी पाए, पाउनेले यति प्रशन्न भएर खाए मानौ कुनै ठूलो भोजमा पार्टी खाइरहेको छ । दालको एक सानो टुक्रा पाए, त्यो पनि त्यत्तिकै खुशी भएर टिपेर खाए । जहाँ जहाँ रक्षानको रूपमा राखेको ड्रमहरू थिए, त्यहाँ त्यहाँ यस्तै दृश्य । फेरि चियाको दुकान मुनि अर्काले चिया पिएर फ्याँकेको माटोको कुल्लड (प्याला जस्तो) उठाएर त्यस बाट एक थोपा चिया खस्ला कि भनेर मुख आँ गरेर कुल्लड आफ्नो मुखको माथि उठाइ राख्ने त्यत्तिकै मानिसहरू जहाँ त्यही देखें । अन्त फेरि मानिसहरूले नरिवलको पानी पिएर फ्याँकेको नरिवलको दाप टिपी फोडेर त्यसभित्रको लेप जस्तो कुरो खाइरहेको त्यत्तिकै थिए । हामी बानी नपरेकाको निम्ति त्यसकोएक टुक्रा पनि मुखमा राख्यो भने बान्ता होला जस्तो स्वाद त्यसको थियो । त्यो पनि उनीहरूले खाइरहेका थिए । कही त मान्छे सडकमा मर्न लागेको , उनीहरू माथि धर्मात्माहरूले २–४ पैसा फ्याँकेर गइरहेका कही मगन्तेहरूको लाइन, माड्वाडीहरूले धर्म कमाउन बाड्ने गरेको एउटा सुख्खा रोटीको निम्ति लाइन । सारा बेहाल मैले देखें । अनि सत्यनारायण पार्क हो कि के हो त्यहाँ एउटा माड्वाडीले गरीबहरूलाई लाइन राखी हरेकलाई एउटा रोटी दिनदिनै बाड्ने गथ्र्यो । त्यस लाइनमा एउटा नेपाली देखें, अन्धो रहेछ । एक छिन पर्खे, रोटी लिएर सबै गइसकेपछि त्यो नेपालीसँग मैले सोधें, ँकिन कलकत्ता आएर मागेर खाएको ?" उनले भने, ँनेपालमा काम छैन, काम गरी खाउँला भनेर कलकत्ता आएको, कलकत्ता पुगेपछि आँखा दुख्यो । मैले औषधि उपचार गर्न सकिन, म अन्धो भएँ । यसैले मैले मागेर खाइरहेको छु । मलाई लाग्यो भारत स्वतन्त्र भएको २ वर्ष भइसक्यो यहाँ गान्धीजीको वर्ग बिहिन, वर्णबिहिन समाज बनाउने नारा किन लागु भएन ? मेरो मनमा अर्को सवाल उठ्यो कम्युनिस्ट हरूले क्रान्ति गरेर आफ्नो सरकार खडा गरेपछि आफुले भनेको कुरा व्यवहारमा लागु गर्छन, पँुजीवादी नेताहरूले आफ्नो कुरा व्यवहारमा किन लागु गर्दैनन् ?

**१७- अखिल नेपाल किसान सङ्घको स्थापना**

(२००५ साल र नेपाली अयलनचभकक को त्याग)

विश्वेश्वरजीले पनि एक महिना भित्र घोषणापत्र लेख्छु भनेको, आज ६ महिना भयो, लेख्नु भएको होइन । मलाई लाग्यो वहाँहरूले अहिल्यै आफ्नो बचन पूरा गर्नुहुन्न भने आफ्नो राज आएपछि

यस्तै आलटाल नगर्ला भनेर कसरी भन्ने ? फेरि मनमा आयो आखिर पँुजीवादी पार्टी र कम्युनिस्ट पार्टीमा फरक कहाँ पर्यो ? मनमा कुरा खेल्दै नै रहयो । पछि मेरो मनमा लाग्यो कम्युनिस्ट पार्टीको मजदुर किसान सङ्घ हुन्छ । काङ्ग्रेसको यस्तो कुनै सङ्गठनहरू छैन । शायद यही नै फरक होला भनेर मैले बि.सं. २००५ सालतिर नेपाली काङ्ग्रेसमा छँदै (as a mass organisation of Nepali Congress) अखिल नेपाल किसान मजदुर सङ्घ बनाएँ । यसकोएउटा सानो घोषणा पत्र निकालें । मेरो मनमा थियो पछि केही गरी काङ्ग्रेसले जनतालाई धोका दिएमा यही सङ्गठनले लडौंला । मेरो त्यो घोषणापत्र देखेर काङ्ग्रेसी साथीहरूले बडो राम्रो गर्यो, बडो राम्रो गर्यो भनि सराहना गर्नुभयो ।

म अकसर नेपालको तराई भेगको बारा जिल्ला र रौतहट जिल्लाको ठीक जोडिएको भारतीय सिमाना भित्र झरोखर गाउँ, रक्सौल र बैजनाथपुर, चैनपुर गाउँहरूमा बस्थें । एक दिन नेपालको बारा जिल्लाको सिमाना बाहिर भारतमा पर्ने झरोखर गाउँमा बस्दा काङ्ग्रेसको अध्यक्ष (त्यसबेला) मातृका बाबु भ्रमण गर्दै आउनु भयो । श्री गणेशमानजी र होरा प्रसादजी वहाँको साथमा हुनुहुन्थ्यो । मैले आफ्नो त्यो सानो हस्तलिखित पुस्तिका वहाँलाई पनि देखाएँ । सो पुस्तिका पढेर वहाँ झस्कनु भयो र भन्नुभयो यसरी त मेरो जमीन पनि जान्छ । मैले त्यो घोषणापत्रमा एउटा वुँदा मध्यम वर्गसम्मको खेत छोडेर सामन्ती जमीन खोसेर खेतहीन र गरीब किसानहरूको परिवार पाल्न पुग्ने सम्म छोडेर बाड्ने कुरो लेखेको थिएँ । जमिन खोस्दा शायद वहाँको पनि ५०–५१ बिघा जमीन पर्ने थियो । वहाँले त्यो घोषण पत्रलाई हुँदै हुन्न भन्न सक्नु भएन । उही दिनको राती रातभर बहस भयो । वहाँको भनाइ रह्यो यो सबै कुराहरू गर्नु पर्ने कुरोहरू हुन् , तर अहिले होइन, क्रान्तिपछि आफ्नो सरकार खडा भएपछि त्यो सरकारले गर्ने कामहरू हुन् । मेरो भनाई रह्यो यी सब कुराहरू अहिले देखि नै प्रचारमा जानुपर्छ र क्रान्तिको सँगसँगै यी कुराहरू भएर जानुपर्छ । मातृका बाबुको साथमा गणेशमानजी र होशप्रसाद जोशी, जसले मातृका बाबुलाई जहाँ गएपनि साथै जाने काम गर्नुहुन्थ्यो, ले पनि मातृका बाबुको साथ दिनुभयो । बहस भएको ठाउँमा २०–२५ जना गाउँबाट आएका किसानहरू पनि थिए ।

गणेशमानजी र होशप्रसाद जोशीजी दुबैले मातृका बाबुको अडानमा सही थाप्नुभयो । यसरी ३ जना नेताहरू एकापट्टि म एक्लै अर्का पट्टि । किसानहरूलाई मेरो कुरा सुन्दा म ठीक जस्तो लाग्यो तर ३ जना नेताहरू अर्का पट्टि हुँदा किसानहरूलाई वहाँहरूकै कुरो पो ठीक हो कि जस्तो पनि लाग्थ्यो । रातभरि बहस भयो तर न त मातृका जीले मलाई Convince गर्न सक्नु भयो न त मैले वहाँलाई Convince (विश्वास) दिलाउन सकें । कुरो टुङ्गो लाग्ने सवालै भएन । बिहान सबेरै मातृका बाबु फर्कनु भयो । गणेशमानजी र होराप्रसाद जोशीजी पनि सँगै जानु भयो ।

मैले झरोखर मा नै बसेर रौतहट र बाराका किसानहरू सङ्गठन गर्न थाले । यसरी मैले आफ्नो कार्यक्रम चालु राखें । किसानहरू वोर्डर भित्रबात आएर सुन्न आउथे । सिमाना पारि भारत भूमिमा रौतहट र बाराका किसानहरूको सभाहरू बराबर हुन थाले । मातृका बाबु फर्केको ५ औं

दिनमा त्यस झरोखर अफिसको इनचार्ज मोहन सिं कमानले मलाई भन्नुभयो, ॅमातृका बाबुले भनेर गएको, कि काङ्ग्रेस छोडिदेऊ कि किसान मजदुर सङ्गठन गर्न छोडिदेऊ ।ॅ मैले भने यदि मैले गरीबहरूको उत्थान गर्ने सङ्गठन गर्न पाँइदैन भने के भनेर काङ्ग्रेसमा बसिरहने ? देशको दुरावस्था देखेर नै म राजनीतिमा लागेको हुँ । मलाई अरू केही इच्छा छैन न राष्ट्रपति बन्ने न प्रधानमन्त्री बन्ने वा मन्त्री बन्ने । ट्ेरड यूनियन बारे मैले बि.ए. को कोर्शमा भारतीय अर्थशास्त्रमा पढेको थिएँ । पढाउने प्राध्यापक रत्न बहादुर बिष्टले यही सिलसिलामा सोभियत रूसको बोल्शेविक क्रान्तिमा मजदुर सङ्घको भूमिका बारे पनि बराबर भन्ने गर्नुहुन्थ्यो र कसरी अङ्ग्रेज साम्राज्यवाद भारतको ट्ेरड यूनियन आन्दोलनलाई दबाउन चाहन्थे भन्ने कुरो सुनाउनु हुन्थ्यो । यी सबै प्रभावले मैले भने नेपालमा पनि मजदुर किसान सङ्घ भएमा नेपाली काङ्ग्रेसले राज आफ्नो हातमा आएपछि गरीब जनतालाई दबाउन सक्ने छैन । यो एउटा रिजर्भ फोर्सको रूपमा रहने छ । मैले यो सङ्गठन मार्फत नेपाली काङ्ग्रेसको कुनै बिरोध गर्ने कार्य गरीन खालि आम किसानहरूलाई वर्गीय चेतना दिने, उनीहरूको हक अधिकार चिनाइ दिने र उनीहरूलाई जागृत र सँगठित गर्ने कार्य गरें र त्यो सङ्गठन नेपाली काङ्ग्रेसको बिरोधी नभइ सहायक शक्तिको रूपमै बिकास गर्न चाहन्थें ।

तर पनि नेपाली काङ्ग्रेसका नेताहरूको राणाशाही खतम गर्न चाहने अनि सामाजिक परिवर्तन नचाहने विचार बुझेर मैले नेपाली काङ्ग्रेस त्यागी दिएँ र स्वतन्त्र रूपले आफ्नो सङ्गठनमा लागें । सिमाना बाहिर किसानहरू नेपाल तराईबाट आएर सुन्न आउँथे । अफिसमा पनि मानिसहरू आउँथे । मेरो अफिस बैजनाथपुर (भारत) को गाउँको एउटा गरीब लोहार शिबनन्दन मिस्त्रीको ज्यासलमा थियो ।

## १८ - नेपाली काङ्ग्रेस छोडि कम्युनिस्ट राजनीतिमा संलग्नता र पुष्पलाल सँग भेट

(1949 Calcutta visit at the advice of DrabyaMan from Raxaul, Darbhanga, on January, February & March)

यसरी मैले नेपाली काङ्ग्रेस छोडी आफ्नो सङ्गठनलाई स्वतन्त्र रूपले चलाउन थालें र सङ्गठनमा मेहनतकश जनताको प्रधानतामा जोड दिए । २००७ सालको सशस्त्र सङ्घर्षको केही महिना अघि म आफ्नो प्रचार र सङ्गठनको निम्ति रक्सौल, दरभंगा इत्यादि घुम्दै थिएँ । एकदिन दरभंगा बस्ने (पाटनको) द्रब्यमान कर्माचार्यसँग भेट भयो । वहाँले भन्नुभयो, ॅएक चोटि कलकत्ता जानुस त्यहाँ पुष्पलाल मात्र होइन अरू पनि धैरै कम्युनिस्ट हरू छन् ।ॅ वहाँ कै सल्लाह बमोजिम इस्वी सन् १९४९ (२००६ साल) लागेको बेला म कलकत्ता गएँ । एउटा नेपाली साहुको कोठिमा धैरै नेपालीहरू बस्थे, उनीहरूलाई भेट्न गएँ । त्यहाँ मेरो गौरिभक्त प्रधानसँग भेट भयो । वहाँले यो

माथि उल्लेखित कार्यक्रम भएको मेरो पुस्तिका पढ्नु भयो र भन्नुभयो हामी मिलेर काम गरौं । मैले हुन्छ भनें । वहाँले ँपुष्पलालजीसँग भेट्नु हुन्छ ?" भनेर सोध्नुभयो । त्यो प्रस्ताव मैले पनि स्विकार गरें ।

कलकत्ताको भिक्टोरिया मेमोरियल को मैदानमा पुष्पलालजीसँग भेट भयो । वहाँसँग मेरो नेपालमा देखादेखि भएता पनि वहाँसँगको मेरो यो पहिलो भेट थियो । वहाँले ँमेरो माक्र्सवाद, मेरो कम्युनिस्ट पार्टी को शब्दहरू बराबर प्रयोग गर्नु भएको सुनें । मलाई आश्चर्य लाग्यो र मैले सोधे, के माक्र्सवाद र कम्युनिस्ट पार्टी तपाईले नै ठेक्का लिइराख्नु भएको हो कि के हो ?" वहाँ एकछिन अकमकिएर भन्नु भयो, ँहोइन, त्यसो भनेको होइन । मैले सोधे ँके भन्नु भएको त ?" वहाँले भन्नुभयो ँहामीहरू मिलेर काम गरौं । वहाँले पार्टीको क्लासमा सामेल हुने प्रस्ताव राख्नुभयो । मैले स्विकार गरें ।

त्यसबेला सम्मपनि मलाई कम्युनिस्ट पार्टी नै चाहिन्छ र यसकोमहत्व के हो भन्ने फेरि पनि प्रष्ट भएको थिएन । कम्युनिस्ट पार्टी प्रतिको भ्रम बाँकी नै थियो । यसको मूल कारण हो, इस्वी सन् १९४२ को ँअङ्ग्रेज साम्राज्यवाद भारत छोड (Quit India Movement) मा भारतीय कम्युनिस्ट पार्टीको भूमिका । यो भारतीय स्वतन्त्रताको मूल नारा थियो । १९४२ अगष्ट ९ देखि म स्वयंम भारतीय स्वतन्त्रताको पक्षमा थिएँ । त्यो दिन भारतमा सर्वप्रथम यस नारा लिएर निक्लिएको जुलुस लख्नौ विश्वविद्यालयको विद्यार्थीहरूको थियो । सबभन्दा अग्र पंक्तिमा म पनि थिएँ । हामीलाई मन्की ब्रीज (बाँदरवाला पुल) लखनऊ शहर र विश्वविद्यालयको बीचमा एउटा गोमती नदी छ, त्यस माथिको पुलमा अङ्ग्रेज साम्राज्यवादको घोड–चढी अफिसहरू र प्रहरीले रोकेको थियो र त्यही हामी धर्ना दिइराखेका थियौं । कम्युनिस्ट विद्यार्थीहरूले पनि सो जुलुसमा भागलिएका थिए । त्यो पुलको बीचमा त्यस बेला पनि एउटा चिन्ह थियो र मैले सुनेको थिएँ यो पहिलेको नेपाल र भारतको साँध थियो । भारत कै स्वतन्त्रता सङ्घर्षको रूपमा त्यहाँ हामी रोकिएका थियौं । प्रहरीले २ बजेको अल्टिमेटम दिए । त्यहाँ विश्वविद्यालय तिर अलिकत्ति भिरालो भएर बाटो गइरहेको थियो ।

२ बज्न लाग्दा एउटा कम्युनिस्ट विद्यार्थीले उठेर भने हामी यतैबाट जानुपर्छ भन्ने के छ र ? हामी अलि नजिकै Iron Bridge (फलामे पुल) छ त्यहाँबाट अमीनावाद जाऔं र केहि विद्यार्थीहरू उठे, मलाई पनि हो जस्तो लाग्यो र उठेर गोमतीको किनारै किनार फलामे पुलतिर लाग्यौं ।

मङ्गी ब्रीज छोडेर आइरन ब्रीज लाग्दै थियौं र १–२ मिनट के बित्यो प्रहरीले विद्यार्थीहरू माथि लाठ्ठी चार्ज गरी गोली छोडन लाग्यो । विश्वविद्यालय तिर अलिकत्ति भिरालो भएकोले गोली कसैलाई लागेन, माथि माथिबाट गएर क्लब हाउसमा लाग्यो । ८–१० विद्यार्थीहरू सिकिस्त घाइते भएर बेहोस भए । विद्यार्थी आन्दोलन दबाइयो । फेरि पनि विश्वविद्यालय भित्र जुलुस र सभाहरू चल्दै गरे । बाहिर पनि लुकिछिपी बिजुलीको तार काट्ने जस्ता कामहरू चल्दै गरे ।

विश्वविद्यालय ३ महिनाको निम्ति बन्द गरीयो । विद्यार्थी–विद्यार्थी बीच पनि तनाव थियो । मुस्लीम लीग र भारतीय काङ्ग्रेस बीच होड थियो । २ वटै प्रकारको झण्डा विश्वविद्यालयमा टाँगियो । कुनै विद्यार्थीहरूले २ वटै झण्डा निकाली तिनीहरूको झण्डा सट्टा कफि रङ्गको झण्डा, बीचमा कफिको कप चित्रण गरी फहराइन थाल्यो । यी सबै षडयन्त्रको वावजुत भित्र भित्र आन्दोलन चल्दै गयो, अंग्रेजहरू जहाँ देखेपनि कालो मोसो दल्ने प्रथा चल्यो र इस्वी सन् १९४५ पुग्दा नपुग्दै रेलको पटरीमा मानिसहरूको भीड जम्मा भई रेल यातायात बन्द हुन थाले र आखिर इस्वी सन् १९४६ मा भारतमा अन्तरीम सरकार खडा भयो । आखिर जसले जे गरोस् सत्यको बिजय हुन्छ भन्ने कुरोको प्रमाण हो ।

कम्युनिस्ट हरूको भारतीय स्वतन्त्रता आन्दोलनमा जो रोल रहयो त्यसैले गर्दा नेहेरूजीको प्रचार कि कम्युनिस्ट ठीक, कम्युनिस्ट पार्टी गलत भन्ने कुरो धैरै जसोले आत्मासात गरी लिए र म पनि तिनीहरू मध्ये एक जना ठहरिएँ । मैले यस बारे कम्युनिस्ट हरूको भूमिगत बैठकमा डा. जेड.ए. अहमदसँग पनि सोधें । वहाँको जवाफ रहयो , ँरूस हाम्रो मुटु हो, मुटु नै खत्तम भएपछि शरीर कहाँ बाँकी रहन्छ, अर्थात रूस खत्तम भएपछि संसारमा कम्युनिज्म कहाँ बाँकी रहन्छ ?" म यसबाट कनभिन्स हुन सकिन ।

**१९– 1949 Culcutta Classes (March, April, May,** गर्मी सुरू ३ महिनाको क्लास)

यसरी पुष्पलालजी बाट मिलेर काम गर्ने प्रस्ताव आएपछि वहाँले एउटा क्लास C.P.I. (United Party) को अयोध्या सिंह मातहत व्यवस्था गर्नुभयो । क्लासमा हिकमत सिं, डि.पी. अधिकारी र म जम्मा ३ जना थियौं । वहाँले तीनवटा बिषयमा क्लास चलाउनु भयो ।

1. **Leontiev's Political economy**
2. **On international situation**
3. **Principles of party organisaton : LENIN**

यद्यपि क्लासमा गएर म कम्युनिस्ट बन्ने बिचार थिएन । त्यस क्लासमा शिक्षा लिने मात्र मेरो मनसाय थियो । भाइसाहेब कलकत्ता मजदुर आन्दोलनको नेता थिए । वहाँको खास नाम अयोध्या सिंह हो, तर हामीलाई वहाँको नाम भने बताइएको थिएन ।

वहाँले पहिले अन्तर्राष्ट्रिय स्थिति बारे एउटा किताब सिध्याउनु भयो । राम्रो लाग्यो, यस्तो हुनुपर्छ र गर्नुपर्छ तर यसकोनिम्ति कम्युनिस्ट नै हुनुपर्छ भन्ने के छ र ? भन्ने मनमा लाग्यो । अनि वहाँले लिपन्तोवको ँराजनीतिक अर्थशास्त्र सिध्याउनु भयो । यो पनि राम्रो तर यसले पनि कम्युनिस्ट हुनुपर्छ भन्ने जस्तो लागेन, कुनै पार्टीमा बसेर पनि इमानदारीका साथ काम गरे भईहाल्छ भन्ने मनमा लाग्यो ।

तेश्रो किताब हो, ँप्रिन्सीपल्स अफ पार्टी अर्गानाइजेसन अर्थात पार्टी सङ्गठनको सिद्धान्त । यसमा पहिलो कुरा नै पार्टी मा नेतृत्वको आयो । यसले भने सर्बहारा मजदुर वर्गको समस्या समाधान गर्ने हो भने मजदुर वर्गकै नेतृत्व आवश्यक हुन्छ । जस्तो कि नेपाली काङ्ग्रेस, ँत्यहाँ त लखपति, करोडपति अथवा अरबपति नै नेतृत्वमा पुग्छन् । कम्युनिस्ट पार्टी नै यस्तो पार्टी हो जहाँ यस्तो नेतृत्व सम्भव छैन् यस्ता नेताहरू भित्र घुसेमा टिक्न पनि टिक्दैनन् । बिरालोको नेतृत्वमा कुखुराको रक्षा हुन सक्दैन । साञ्चै भन्ने हो भने ४ वटा लक्षणहरू कम्युनिस्ट पार्टीमा हुनै पर्छ ।

क) सर्वहरा− मजदुर वर्गको नेतृत्व

ख) सर्वहारा − दृष्टिकोण

ग) पार्टीको वर्ग आधार सर्वहारा नै हुनुपर्छ

घ) पार्टीको कार्यक्रम र सिद्धान्त सर्वहारा वर्ग कै रक्षा गर्ने खालको हुनु पर्छ ।

सर्वहारा नेतृत्व भन्नाले उनको जन्म होइन, उनको कृयाकलाप सबै सर्वहारा−करण भएको हुनुपर्छ । माक्र्स, एन्जेल्स, लेनिनको जन्म सर्वहारा कुलमा भएको होइन । माक्र्स एउटा ठूलो वकिलको छोरा थिए । एन्जेल्स १२ वटा ठूल्ठूला कारखानाहरूको मालिकको छोरा थिए , लेनिन स्कूल इन्स्पेक्कटरको छोरा थिए । तर उनीहरूले परिवार त्यागेर श्रमजीवी जनताको जीवनको निम्ति शोषण, दमन, भ्रष्टाचार छोडेर आफ्नो सम्पूर्ण त्याग गरी जीवन अर्पण गरेका थिए । यस मानेमा उनीहरू सर्वहारा हुन् ।

काम एउटा त गर्नै पर्छ, माक्र्सको भनाई हो पेशा यस्तो होस् जसले आफ्नो खर्च निकाल्नको साथै जनताको पनि भलो हुने काम होस् । माक्र्सले कुनै पनि लेख लेख्दा पँुजीवादको पक्षमा होइन शोषण, दमन,अत्याचार, र भ्रष्ट्राचारको बिरोधमा सर्वहाराको पक्षमा लेख्ने गर्थे र उनको लेख पँुजीपतिहरूले छाप्न पनि मान्दैनथे । यसले गर्दा माक्र्सले भुखमरिको समस्या झेल्नु पर्यो । औषधि नपाएर आफ्नो एक्लो छोरोको देहान्त भयो, कोट बन्दकी गयो, उधारो दिइराख्नेहरूले एकै चोटि पैसा असुल गर्न समात्न आए । सारा बस्तुहरू, ओछ्यानहरू लिलाम गरी बेचेर पैसा तिर्नु पर्यो । बिरामी लिएर माक्र्सको श्रीमती जेनी सिमेन्टीको खालि भुइँमा जीवन काट्नु पर्यो । तर माक्र्स तथा जेनी बिचलित भएनन् । एकदिन उनको साथी मैयर्सको चिठ्ठी प्राप्त भयो, जस्मा उनको भनाइ थियो, ँमाक्र्सले यो संसारलाई बु∑न सकेनन् तसर्थ उनले आफ्नो कलम बदल्न पर्यो भन्ने सल्लाह थियो । २ वर्षपछि माक्र्सले यसकोजवाफ पठाए । ँयदि म बैल(गोरू) भएर जन्मेको भए संसारको यो बिशाल जनसंख्याको गरीबलाई देख्या नदेख्यै गरी आफ्नो हाड−छाला बचाउनको निम्ति मैले आफ्नो कलम बदल्ने थिए , तर म मान्छे भएर जन्मेको कारण मैले यी सब मानिसहरूको दु:ख र दरिद्रतालाई हेरेर आफ्नो कलम बदल्न सक्दिन । यस्तो अठोटले नै माक्र्सलाई विश्व−सर्बहारा र मानव मात्रको महान् नेता बनायो । यस्तै अठोट एन्जेल्स र लेनिनका थिए ।

यस्तो अठोटले नै मानिसले अविचलित भएर यस समाजलाई बदल्ने नेता तैयार हुन्छन् । हो, अवश्य अठोटको पनि वर्ग चरित्र हुन्छ, सामन्ती वर्गको सेवामा, पँुजीवादको सेवामा गरीने अठोटले फाँसिवादको जन्म दिन सक्दछ । सर्वहारा मजदुर वर्गको पक्षका अठोट र अडानले नै मानिसलाई महामानव बनाउँछ । माक्र्स, एन्जेल्स, लेनिन र कतिपय कम्युनिस्ट नेताहरू महामानवको रूपमा देखा परे ।

नेतृत्वको वर्ग चरित्र पार्टी निर्माणको निम्ति नभई नहुने गुण हो । अर्को आवश्यक गुण हो, पार्टीको वर्ग आधार । लेनिनको भनाई हो, ँकरोडपतिहरूले दिने लाख रूपियाँले हामीलाई कमजोर बनाउँछ बरू गरीब जनताले दिएको एक पैसाले हाम्रो शक्ति बढाउँछ ।' शोषक साम्राज्यवादीहरूले चन्दा दिंदा आफूले कुन हदसम्म काम लिन सक्ने हो भन्ने बिचार गरी दिने हो, जब कि गरीबहरूबाट पाएको पैसाले उनीहरू प्रति हाम्रो कर्तव्य बोध गराउँछ र हाम्रो सर्बहारा प्रतिको अठोटलाई अझ सुदृढ गर्दछ । सोवियत रूसमा मेन्सेविकहरूको पतनको मूल कारण हो, उनीहरूले आफ्नो अस्तित्वको मूल आधार त्यहाँका पँुजीपति वर्गलाई बनाएका थिए ।

जहाँ हामीले आफ्नो अस्तित्वको मूल आधार मजदुर वर्ग तथा सर्बहारा किसानहरूलाई बनाउदछौं त्यहीं हामीले मध्यम वर्ग तथा राष्ट्रिय पँुजीपती वर्गसँग पनि संयुक्त मोर्चा बनाउन सक्दछौ । तसर्थ हाम्रो कार्यक्रमको चरित्र पनि यस्तै हुनु आवश्यक छ ।

यी सबै कुरोहरू बिचार गर्दा नेपाली काङ्ग्रेस जस्तो पार्टीको नेतृत्वमा सर्बहारा मजदुर वर्गको मात्र होइन, हाम्रो मध्यम वर्ग र राष्ट्रिय पँुजीपती वर्गको पनि समस्या समाधान हुनसक्दैन भन्ने कुरो स्पष्ट छ । किन भने नेपाली काङ्ग्रेसको आड भरोसा भनेको नै साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजी हुन् र देशमा उनीहरूको भरोसा सामन्ती वर्ग हुन ।

एकातिर एकाधिकार पँुजीवाद बिदेशी तथा साम्राज्यवादी पँुजी र विदेशी शक्तिको सेवा गर्ने अर्कातिर जनताको पनि भलो गर्ने, एकातिर सामन्त वर्गको स्वार्थ रक्षा गर्ने अर्कातिर आम– श्रमजीवी जनताको सेवा गर्ने दुईवटै काम एक साथ जान सक्तैन भन्ने कुरा अहिले सम्मको इतिहासले स्पष्ट गर्दछ । यही कुरो रा.प्र.पा. जस्तो सामन्ती पार्टीलाई पनि लागू हुन्छ ।

कम्युनिस्ट पार्टीले पनि अरू पार्टीहरूले जस्तै साम्राज्यवादी बिदेशी पँुजीको स्वार्थ रक्षा गर्दै हिड्ने हो भने पार्टी पनि नामधारी पार्टी भएर जनताको सेवा गर्न सक्तैन । माक्र्सवादी–लेनिनवादी दृष्टिकोणले लैस मजदुर वर्गीय चरित्र बोक्ने र मध्यम वर्ग तथा राष्ट्रिय पँुजीपती वर्गसँग संयुक्त मोर्चा बनाएर नै कम्युनिस्ट पार्टीले आफ्नो कर्तव्य पुरा गर्न सक्नेछ । तसर्थ कम्युनिस्ट पार्टी बनाऔं, देशको समस्या अवश्य सुल्झने छ । माक्र्सवादी–लेनिनवादी दृष्टिकोण अपनाएर नै सही कम्युनिस्ट पार्टीको निर्माण हुन सक्नेछ ।

यसरी वहाँले लेनिनको ँपार्टी सङ्गठनको सिद्धान्त' नामक पुस्तिकाबाट क्लास सुरू गर्नुभयो र त्यसमा पहिले नै पार्टीले सर्वहारा वर्गको हिरावल दस्ताको रूपमा काम गर्नुपर्छ भन्ने कुरो थियो र क्लासमा सर्वहारा वर्गको नेतृत्व आवश्यकता बारे सम्झाइयो । यसले मेरो दिमाग खोलिदियो ।

यी तीन किताब मध्ये यो लेनिनको किताबले मेरो निम्ति eye opener को रूपमा काम गर्यो र यसले मलाई सिकायो कि एउटा साँचो कम्युष्टि पार्टीमा यी चार वटा लक्षणहरू हुनु नै पर्छ ।

क) सर्वहरा– मजदुर वर्गको नेतृत्व

ख) सर्वहारा – दृष्टिकोण

ग) पार्टीको वर्ग आधार सर्वहारा नै हुनुपर्छ

घ) पार्टीको कार्यक्रम र सिद्धान्त सर्वहारा वर्ग कै रक्षा गर्ने खालको हुनु पर्छ ।

**( It taught me how a party has its class character, class basis, class leadership and class principle)**

र यसले मलाई convince गरायो कि कसरी कुनै देशमा कम्युनिस्ट प्रोग्रामहरू कार्यन्वियन (implement) गर्नको लागि कम्युष्टि पार्टी नै चाहिन्छ ।

मैले भने अरू पार्टी वा पार्टीहरूमा सर्वहारा वर्गको नेतृत्वको सवालै छैन, अकसर पँुजीपति वर्ग कै नेतृत्व हुन्छ । बाघको नेतृत्वमा गाईको रक्षा हुन सक्दैन बरू त्यो बाघले गाईहरू मार्दै खाने नै गर्दै जान्छ । न त बिरालोको नेतृत्वमा परेवाले सुखी र सुनिश्चित जीवन बिताउने छन् । यस्तै शोषकहरूको नेतृत्वमा जनता माथिको शोषण दमन कदापि खत्तम हुने छैन । यसकोनिम्ति सर्वहारा वर्गको हिरावल दस्ता कम्युष्टि पार्टी कै जरूरत छ, जस्को वर्ग आधारमा वर्ग नेतृत्व, वर्ग सिद्धान्त र वर्ग कार्यक्रम सर्वहारा मजदुर वर्गको हुन्छ । मलाई अब लाग्यो कि कम्युष्टि पार्टी कै जरूरत छ । तर पनि एउटा प्रश्न बाँकी नै थियो ँभारतको इस्वी सन् १९४२ को स्वतन्त्र आन्दोलनमा कम्युष्टि पार्टीले साथ नदिएको बारे ।  मैले यसबारे भाइसाहेब अयोध्या सिं सँग प्रश्न गरें । वहाँले भन्नुभयो, ँभारत स्वतन्त्र भयो रे, के द्वितिय विश्वयुद्धमा हिटलर विजय भएको खण्डमा भारतको स्वतन्त्रता रही रहने छ ? विश्व बिजयी हिटलरले अवश्य पनि भारतलाई आफ्नै उपनिवेश बनाउने थियो र यो उपनिवेश अत्यन्त खतरानाक रूपको हुनेथियो । यस कारण त्यसबेलाको आवश्यकाता हो, हिटलर, मुसालिनी र जापानको संयुक्त आक्रमणलाई हराउनु । यी ३ वटै शक्ति मिलेर विश्वमा आफ्नो कब्जा जमाउने योजना थियो । हिटलरको भागमा सम्पूर्ण युरोप र सोभियत सङ्घ थियो भने, मुसोलिनीको भागमा मध्य एशिया र अफ्रिका थियो अनि बाँकी एशिया जापानले कब्जा गर्ने प्रोग्राम थियो ।

भारतको क्रान्तिकारी नेता सुभाषचन्द्र बोस यस महायुद्धको बेला भारतबाट भागेर अफगानिस्तान हँुदै जर्मन पुगेका थिए । वहाँलाई जर्मनले पनडुब्बिमा राखी जापान पुर्‍याइयो । जर्मनदेखि जापान पुग्न पनडुब्बि जहाजले ४ महिना लगाइदिएको थियो । वहाँको बिचार थियो अङ्ग्रेज साम्राज्यवाद बिरोधी सङ्घर्षमा जर्मन र जापानले मद्दत देला भन्ने । जर्मनले भारतलाई स्वतन्त्रता दिने बचन दिएको थियो । तर याद गर्नुपर्ने कुरो विश्वमाथि कब्जा गर्न लडाइँछेड्ने हिटलरले आफू द्वितिय विश्वयुद्धमा विजय भएपछि भारतलाई स्वतन्त्र गर्ने कुरो दिवा स्वप्न मात्र हो । त्यस माथि यी क्रुर तानाशाहरूले भारतमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न दिने त कुरै

थिएन । जापानले सुभाषचन्द्र बोसलाई मद्दत गर्नु सट्टा आफैले भारतमाथि आक्रमण गर्न थाल्यो । कलकत्तामा जापानले रकेटका रकेट हान्न थालेको थियो ।
सुभाषचन्द्र बोस हवाई दुर्घटनामा मारिए । यसमा जापानको षडयन्त्र हुनु अस्वाभाविक थिएन । जापानले उत्तर कोरिया, भियतनाम, लावस, कम्बोडिया, बर्मा, सिँगापुर इत्यादि देशहरू कब्जा गरीसकेको थियो । जापान बिरोधी क्रान्तिकारी चिनियाहरूलाई जापानले लाइनका लाइन राखी पछिल्तिर हात बाँधि घुँडा टेकाएर कोतमा बोका काटे झैं काट्ने गऱ्थे ।
हिटलरी जर्मनी, इटालीको मुसोलिनी, जापानको फौजी आक्रामणहरू अमानुषिक राक्षसी शक्ति थिए । यो शक्तिले विश्व कब्जा गरेका भए विश्वको मानवले के के दुःख भोग्नु पर्ने स्थिति थियो । यो कुराको कल्पना गर्दा पनि आँङ्ग सिरिंङ्ग भएर आउँछ । भारतको पँुजीवादी नेताहरूले वहाँहरूको वर्गीय दृष्टिकोणको अभावमा यिनीहरूको चरित्र राम्ररी बुझि राखेका थिएनन् र भारतीय कम्युनिस्ट पार्टीले नै यस कुरोलाई ठम्याएर यस द्वितिय विश्वयुद्धमा यी फाँसिस्ट शक्तिलाई हराउने कार्यमा योगदान गरेका थिए ।
अन्तमा यो फाँसिष्ट शक्ति नेष्तानाबुद भयो । पुरा ट्रक भरी सुन राखेर भागिरहेको मुसोलिनीलाई एउटा किसानले पक्रे । हिटलरको पूरा परिवार बिष खाएर मरे । हिरोहिटो जस्लाई सूर्यकै सन्तान भनेर मोटरमा समेत पर्दा हालेर जनताले मुखपनि हेर्न नपाउने गरी अन्धविश्वास फैलाईराखेको थियो । द्वितीय विश्व युद्धमा जापानको हारपछि यी सब पर्दाहरू हटाएर एउटा सर्वसाधारण राजाको रूपमा देखा परे र जापानमा प्रजातन्त्रको सूत्रपात भयो ।
भारतीय कम्युनिस्ट पार्टीको अडान सही थियो र भाइसाहेबले तीन महिनासम्म क्लास लिएर कम्युनिस्ट पार्टी प्रतिको मेरो गलत धारणा धुजा धुजा गरेर च्याति दिनुभयो र मेरो आँखा खोलिदिनु भयो । यसपालि कलकत्तामा ओरियन्टल होम एउटा साधरण होटलमा बस्ने गरेका थियौं । एक सिटको दिनको भा.रू. ४।– हिकमतजी र अरबिन्द रिमालजी पनि उही कोठामा बस्नुहुन्थ्यो र पढिराख्नु भएको थियो ।

२०– <u>कम्युनिस्ट पार्टीको सदस्यता ग्रहण वा कम्युनिस्ट पार्टीमा प्रवेश</u> (२००६ साल मार्च, अप्रेल, मे)

एक दिन हिकमतजीले मसँग पार्टी सदस्यताको निम्ति दर्खास्त लेखाएर लैजानु भयो । क्लास ३ महिनासम्म चल्यो । तीन महिनासम्म क्लास लिइसकेपछि, केही दिन कलकत्ता बस्यौं । का. पुष्पलालको सल्लाह थियो कि Congress मा नै बसेर काम गरौं तर कम्युनिस्ट भएर मलाई दोहोरो चाल चल्नु ठिक लागेन र म पूर्णरूपले कम्युनिस्ट भएर नै काम गर्न थाले ।

**<u>२१- बैजनाथपुर फिर्ता</u>** (Return to Baijnathpur, worked for four months 1949 , June, July, August, September)

क्लास सिद्धि सकेपछि म अझ बढी (with more clearity of mind) जनताको माझँमा गएर फेरि ँकिसान मजदुर सङ्घ को सङ्गठन गर्नको निम्ति नेपालको तराई तिर गएँ । बारा, रौतहट र सर्लाही यी तीन जिल्लाहरूमा बढी ध्यान केन्द्रित गरी काम गर्न थालें र यसपालि मेरो अफिस रौतहटको नजिकै भारत सिमाना भित्र बैजनाथपुरमा शिवनन्दन (भारतको एउटा गरीब लोहार) को ज्यासलमा आफ्नो डेरा बसाएँ । वहाँले कुनै किराया लिनुहुन्नथ्यो । भारतीय जनता विशेष गरी गाउँले किसानहरूको बिशेष साहनुभूति नेपालको प्रजातान्त्रिक आन्दोलन प्रति भएको हुँदा वहाँहरूले आफ्नो घरमा अथवा कहीं केही राखेको किराया लिनुहुन्न थियो । बरू बराबर वहाँहरूले आफ्नो घरमा लगी भात पनि खुवाउनु हुन्थ्यो । शिवनन्दनजीको ज्यालसमा बस्दा भाटि फुक्दा सारा धुलो उडेर म र मेरो किताब ओछ्यान सबै ढाक्थ्यो । केही समयपछि शिवनन्दनजीले आफ्नो ज्यासललाई २ खण्ड गरी बनाई राखेको अर्को खण्ड– जस्मा वहाँले आफ्नो दुब्लो र पातलो गाईको गोठ बनाइ राख्नुभएको थियो, गाईलाई अन्त सारेर बाँसको एउटा मचान (दुइ हात जति अग्लो) बनाएर मलाई त्यहाँ डेरा दिनुभयो । गोठ सफा गर्दा मचान बनाउँदा गाउँलेहरूले पनि सहयोग गर्नुभएको थियो । यी सब कुरोहरू वहाँले आफ्नो राजी खुशीले गरीदिनु भयो । बीचमा बाँसको टाटी लगाइ दिंदा धुलोको समस्या भएन । अनि करीब १० बजेतिर बिहान काम सिध्याएर मिस्त्रिजी खाना खान जानुहुन्थ्यो । त्यसबेला भाटी खाली रहन्थ्यो र म त्यसैमा आफ्नो भात पकाएर खाने गर्थे । एकदिन मिस्त्रिजीले एउटा सानो बाल्टीको पिंद झिकेर उल्टाएर भाटीमा मिलाएर राख्न हुने गरी घोप्टो पारी भाँडा अडाउन सजिलो बनाई दिनुभयो । सबै गाउँले जनताले आफ्नो सहानुभुति दिएकै थिए । गाउँको सबभन्दा सस्तो रातो चावल किनेर ल्याउँथे । दाल बनाउने कुरो थिएन । गाउँलेहरूले आफ्नो बारीमा फलेको तोरिया, झिगुनी, लौका जे छ उही दिने गर्थे । तिउन तरकारी यसैको बन्थ्यो । घ्यू, तेल, मसला राख्ने कुरो थिएन । अलिकति नून हाल्यो, झोल जति तिउन भयो चोक्टा जति तरकारी । खाना पकाउनको लागि भाँडाकुँडाहरू गाउँलेहरूले नै दिइराखेका थिए । थालीको सट्टा केराको पातले काम चल्थ्यो । तर मेरो स्वास्थ्य भने राम्रो । बिहान, दिउँसो चिया नास्ताको चलन थिएन । दिनको दुई छाक खाने, पछि पैसा कम भएर गएपछि एक छाक चनाको सत्तु खान थालें । पाटनमा फैलिएको हैजाको महामारी पछि रू ५००।– दिने साहुले मलाई अरू रू. २०००।– दिएको थियो । यस चन्दा मध्ये रू १ हजारले नेपाली र अंग्रेजी टाइपराइटर र साइक्लो (गेस्नर साइक्लो) किनेर राखेको थिएँ । आफ्नो प्रकाशन कार्य यसैबाट गर्थे । बचेको पैसाबाट खर्च चलिरहेको थियो र झनझन पैसा कम हुँदै आउँदा पैसा बचाउने प्रयासमा मैले सत्तु खाने इन्तजाम गरेको हुँ । मैले बिचार गरें, दिनभरि काम गर्नुछ त्यसैले एक छाक बिहान भात खाने, बेलुका सुत्नको लागि तागतको आवश्यकता पर्दैन, त्यसैले सत्तु किनेर ल्यायो पानीमा मुछेर खायो ।

यस कुरोलाई किसानहरूले राम्रो मानेनन् र भन्न थाले, बिहान सत्तु खानु बेलुका भात खानु । तर वहाँहरूको कुरा नमानी बिहान भात बेलुका सत्तु नै खाने गरें । २–४ दिन गयो । मलेरिया ज्वरो

आयो । ५ दिनसम्म ज्वरोले बेहोस, भोला ठाकुर (गाउँको बैद्य) को औषधिले मलाई पछि ज्वरो छोड्यो । अनी मेरो स्वास्थ्य राम्रै भयो र किसानहरू छक्क परे र भने ँभगवानले बचाएको, भगवानले बचाएको ।

बारा–रौतहटबाट किसानहरू आउँथे, कुरा सुन्थे, खुशी भएर उत्साह लिएर जान्थे । जाने बेलामा चावल दाल ल्याई दिन्छु पनि भनेर जान्थे । तर ४ महिनासम्म यसरी आएकाहरूलाई सम्झाएर पठाउँदा एक पटक आएको मानिस फेरि दोश्रो पल्ट फर्केर आउँदैनथे । ४ महिना पछि मनमा लाग्यो यो काम नहुने हो कि ? एक दिन मोतीपुरको भोला ठाकुर आउनुभयो । वहाँ गाउँले बैद्य हुनुहुन्थ्यो । यसै निम्ति वहाँ एक हदसम्म समझदार मानिस हुनुहुन्थ्यो । मैले वहाँलाई सबै कुरो सम्झाएँ । कुरो सिद्धिएपछि वहाँले भन्नुभयो, ँतपाईलाई त मोहन शम्शेरको मान्छे भन्छ, तपाईले यहाँ आएका जतिको (टाइपराइटरलाई देखाएर) यसबाट फोटो खिचेर पठाउनु हुन्छ भन्छन् । मैले एक पटक आएको मान्छे फेरि नआएको रहस्य बल्ल बुझें । कम्युनिस्ट पार्टीको नाममा मेरो अफिस बैजनाथपुरमा थियो भने त्यहीं नजिकै छिमेकी गाउँ सुन्दरपुरमा काङ्ग्रेसको अफिस थियो । यी सबै कुराहरू त्यस अफिसमा बस्ने काङ्ग्रेसी कार्यकर्ताहरूले प्रचार गर्ने रहेछन् । त्यसबेला बारा र रौतहट भित्र काङ्ग्रेसहीरूकै बोलबाला थियो । अनि मैले भोला ठाकुरलाई त्यो टाइपराइटर र साइक्लोबारे सबै कुरो बताएँ र भने यी मेशिनहरू फोटो खिच्ने मेशिन होइनन् । गाउँलेहरूको अज्ञानता पनि हद थियो । कहिल्यै टाइपराइटर र साइक्लो नदेखेको, फोटो खिच्ने मेशिन कस्तो हुन्छ नदेखेको । त्यही टाइपराइटर बोकाएर घोडा शाहन स्टेशनबाट बैजनाथपुर आउँदा एक छिन बिश्राम गर्न बाँसको झाडिमुनी बसेको थियौं । बाटो ३ कोस जतिको थियो । मैले टाइपराइटर बोकेर ल्याउने मान्छे सँग सोधे, ँकति वर्ष भयौ ?" उनी जुङ्गा आइसकेका लक्का जवान थिए । उनले भने, ँभयो होला हजूर ९ बर्ष । हाँसो उठ्यो एकछिन रमाइलै भयो । आफ्नो उमेर सम्म यी गाउँलेहरूलाई थाहा थिएन ।

भोला ठाकुरको चित्त बुझयो । वहाँले घर–घर गई कम्युनिस्ट पार्टी र किसान मजदुर सङ्घबारे सम्झाउन थाल्नुभयो र प्रचार गर्नुभयो । वहाँमाथि बैद्यको नाताले गाउँले सबैले विश्वास गर्थे । यसरी रौतहट र बाराको किसानहरूमा हाम्रो प्रचार अब बढ्दै गयो । एकदिन रौतहटमा जिल्लाको अध्यक्ष (congress) शिबमङ्गलले गाउँमा किसानहरूको भेला गरेको रहेछ । यस बाहेक मैले बोर्डर पारी आमसभा गर्दा आउने एउटा तगडा जवान इनरवारीको किसान ँसिताराम राउत पनि थिए । पछि वहाँहरूले आफ्नो थर राउत बदल्लेर ँपटेल राख्नुभयो । उनी पनि प्रभावमा परेका रहेछन् । त्यसमा इनरवारीको सिताराम पटेल पनि आफ्नो ३५ जना साथीहरूसँग सुन्न आएका रहेछन् । सीतारामजीले पछि बताए अनुसार उनले हाम्रो भाषण पहिलै सुनिसकेका रहेछन् र यसै सिद्धान्तको आधारमा आफ्नो ३५ जना युवक साथीहरू जम्मा गरीसकेका रहेछन् । सीतारामजी यिनै ३५ जना साथीहरू लिएर नेपाली काङ्ग्रेसको भाषण सुन्न गएका रहेछन् । शिवमङ्गलले बोली सकेपछि सीतारामजीले उनीसँग सवालहरू राखेछन् । नेपाली काङ्ग्रेसको सङ्गठन

सिद्धान्तको आधारमा होइन झूठ हल्लाको आधारमा चलिरहेको छ । शिवमङ्गलले सवालको जवाफ दिन नसक्दा उल्टै रिसाएर ँयस्लाई पिट भनेछन् । सीतारामजीलाई पहिले नै थाहा थियो कि यसो होला भनेर, यसकारण उनले आफू सहीत ३६ जना नै लाठि सहीत सो भाषण सुन्न गएका थिए । जब शिवमङ्गलले सीतारामलाई पिट भन्न थाले ३६ जना लाठिधारी युवकहरू एकै चोटि लौ पिट भनेर उठ्न थाले । शिवमङ्गल मिटिङ्ग छोडेर भागे । सारा काङ्ग्रेसी कुरा सुन्न आएका किसानहरू कम्युनिस्ट  बनिदिए । यसरी रौतहटमा कम्युनिस्ट को प्रभाव बढ्दै गयो । यसरी काङ्ग्रेसी रौतहट कम्युनिस्ट  बन्यो । बारा, रौतहट र सर्लाही कम्युनिस्ट  बने । यसकोप्रमाण २०१५ सालमा रौतहटमा २ सिट कम्युनिस्ट ले जितेकोबाट अनुमान लगाउन सकिन्छ । दुई सोझा किसानहरू त्यहाँबाट सांसद भएका थिए । गाउँगाउँमा मिटिङ्ग हुन थाल्यो । यसमा दिनरात खटिएर काम गर्ने रत्नमान मास्के, विश्वरङ्ग (नीरजी), नारायण मानन्धर निक्ले । सबभन्दा सकृय नीरजी (विश्वरङ्ग) निक्ले, रत्नमान पनि निडर भएर काम गर्थे । कुनै एक पैसा पार्टी अथवा मैले दिन सक्ने होइन । जहाँ गयो उहींका किसानहरूले खुवाउने । रत्नमान मास्केजी त जान पहिचानका किसानहरूसँग भनेर पनि खाने । नीरजीको त्यस्तो भनेर खाने चलन पनि थिएन । वहाँ पहिले आतंकवादी दलमा हुनुहुन्थ्यो । पछि मसँग पार्टी तथा अखिल नेपाल मजदुर किसान सङ्घमा काम गर्न आउनु भएको थियो । वहाँ जाँदा जाँदा बाटोमा जहाँ भएपनि सक्खरखण्ड खेतबाट उखालेर आफ्नो झोलामा राख्नुहुन्थ्यो र जहाँ भोक लाग्यो परालहरू बटुलेर पोलेर खानु हुन्थ्यो । दिनको ३० किलोमिटर हिड्नु परेपनि हिड्नु हुन्थ्यो, प्रचार र सङ्गठन गर्नुहुन्थ्यो । श्री नारायण मानन्धरजी पनि नीरजी कै आतंकवादी दलको टीम सदस्य हुनुहुन्थ्यो । नीरजीले आतंकवादलाई छोडिदिएर आम जनसङ्गठनमा लाग्नुभयो, नारायणजी पनि लाग्नुभयो  तर छिटै सारा क्रान्ति सिध्याउनु पर्ने । वहाँले यो प्रवृति बोकेरै आउनुभयो । वहाँले भन्ठान्नुभयो, पहिले एउटा गाउँ मुक्त गरीलेलान, त्यही हेरेर अरू जिल्लाहरू पनि उठ्ने छन् र यसरी सम्पूर्ण नेपाल तुरून्तै मुक्त भई हाल्नेछ । आतंकवादीहरू यसरी सजिलैसँग देश मुक्त होला भन्ठान्दा रहेछन् र यही अधैर्यमा उनीहरू जनमानसबाट अलग भई जे पायो उही गर्न थाल्छन् र जनतालाई उल्टो दशकौं दशक सङ्कटमा पर्ने र नटुङ्गिने काम गर्छन् । यसै प्रयासमा नारायणजीको झण्डै ज्यान गएको, बच्नु भएछ । त्यस असफल प्रयासपछि वहाँ इलाका छोडेर घर जानुभयो । ज्यान त नीरजीको पनि लिन लागेको । वहाँलाई एउटा सामन्तले खान बोलाएको रहेछ । वहाँ खान जानु भएछ । भित्र कोठामा लिपपोत गरी वहाँलाई खान बसाले छन् र ८४ व्यञ्जन खाना टक्राए छन् । वहाँले यसो चारैतिर हेरेको भाला गंडासा लिएर घेर्न लागेको देख्नु भएछ र चिच्याएर बाहिर निक्लनु भयो, मार्न सकेनन् । वहाँले अब होसियारी गर्न लाग्नुभयो, क्षेत्र छोडेर जानु भएन । पछि वहाँको पिताजीको देहान्त भएपछि सारा परिवारको बोझ वहाँले बोक्नु पर्यो र वहाँले पार्टी कार्य छोडि नोकरी गरेर घर सम्हाल्नु जानुभयो

। माथि नै लेखि सकें कसरी होनाहार कार्यकर्ताहरू आर्थिक सङ्कटमा फँसेर पार्टी छोड्दै जाने गर्छन । यस्तो त मैले हजारौं इमानदार कार्यकर्ताहरूले पार्टी छोड्नु परेको देखेको छु ।

२२ – **कम्युनिस्ट पार्टीको पहिलो केन्द्रीय सङ्गठन समितिको गठन** (Formation of C.O.C of Communist Party of Nepal, 1949)

बैजनाथपुरमा बसेर ४ महिना (June, July, August, September) काम गरीसके पछि कलकत्ताबाट का. पुष्पलालको पत्र आयो । म फेरि कलकत्ता गएँ । कम्युनिस्ट पार्टीको पहिलो केन्द्रीय सङ्गठन समिति (C.O.C) बनाउने तर्खर रहेछ । पुष्पलालजी शैलेन्द्रजीलाई लिन बनारस गईराख्नु भएको रहेछ । शैलेन्द्रजीलाई लिएर पुष्पलालजी फर्कनु भयो । त्यसबेला शैलेन्द्रजीले बनारसको बिद्यार्थीहरूमा प्रगतिशील अध्ययन मण्डलहरू बनाएर पार्टी क्लासहरू चलाई राख्नुभएको रहेछ । शैलेन्द्रजी र पुष्पलालजी को कलकत्ता आगमन पछि भाइसाहेबको रेखदेखमा पहिलो ँकेन्द्रीय सङ्गठन समिति (C.O.C) बन्यो । यसरी पहिलो केन्द्रीय सङ्गठन समिति बनाउँदा का. पुष्पलाल बाहेक पहिले पार्टीको स्थापना हामीले गरेका भनी दाबी गर्नेहरू अरू कोही पनि त्यस बैठकमा थिएनन् । उक्त बैठकमा– १) भाइसाहेब (अयोध्या सिं), २) का.पुष्पलाल, ३) का.डी.पि.अधिकारी, ४) का.मनमोहन, ५) का.शैलेन्द्र कुमार र ६) म (तुल्सी लाल अमात्य) जम्मा ६ जना मात्र थियौं । पहिलेका संस्थापकहरूलाई प्रान्तिय कमिटीमा खटाइयो । का. डी.पि.अधिकारीलाई बिराटनगरतिर पार्टी केन्द्रीय सदस्यको रूपमा खटाइयो । का. पुष्पलाल पार्टीको महासचिव तथा हेड क्वाटर इनचार्ज भएर कलकत्ता बस्नु भयो । हामी सबै नयाँ भएकोले हामीलाई गाइड गर्ने र पार्टीको रेखदेख गर्ने भाइसाहेब हुनुहुन्थ्यो । का. अयोध्या सिंह सि.पी.आई. मा धेरै अघि देखि काम गरेर आएको अनुभवी नेता भएको हुँदा सुरूमा पार्टीलाई संचालन गर्ने र सल्लाह दिने काम वहाँ कै थियो । यो केन्द्रीय सङ्गठन समिति बन्दा का.नरवहादुर कर्माचार्य, का.निरञ्जन गोविन्द वैद्य अथवा का.नारायण विलास मध्ये कसैलाई उपस्थित गरीएन । यसले वुझाउछ कि वहाँहरू व्यक्तिगत रूपले कम्युनिस्ट बनिसकेता पनि वहाँहरू वसेर कुनै केन्द्रीय सङ्गठन समिति बनि सकेको थिएन । २००६ साल २२ अप्रिलमा कम्युनिस्ट सङ्गठन बनेको होस् वा नहोस् २००६ साल १५ सेप्टेम्बरमा बनेको (C.O.C) सँग त्यसको कुनै सम्बन्ध थिएन । आजको नेपाल कम्युनिस्ट पार्टीको शूरूवात २००६ भाद्र ३० अर्थात १५ सेप्टेम्बर देखि भएको हो । केन्द्रीय सङ्गठन समिति वने पछि नै नेपाल कम्युनिस्ट पार्टीले आमजनतामा व्यापकरूपले काम गर्न थालेको हो । बाँकी पार्टी संस्थापकहरू मध्ये निरन्जन गोबिन्द बैद्य, नरबहादुर र नारायण बिलासलाई प्रान्तिय कमिटीहरूमा समावेश गरीएको थियो । तीन जनामध्ये एक जना सुरूदेखि निस्कृय नै भन्नु पर्छ । मोती देवी के गर्नु हुन्थ्यो मलाई थाहा थिएन । नर बहादुर कर्माचार्यले पाटनमा र नारायण बिलासले भक्तपुर र काठमाण्डौमा काम गर्नुहुन्थ्यो ।

केन्द्रीय सङ्गठन समिति बनिसकेपछि वहाँहरूलाई केन्द्रीय कमिटीमा ल्याइएन भन्ने वहाँहरूको गुनासो सुनियो । जहाँसम्म वहाँहरूलाई पार्टी स्थापनाकर्ता भन्ने सुन्निथ्यो, वहाँहरूले ँनागरिक अधिकार समिति बनाएर नागरिक अधिकारको निम्ति पर्चा दिनुभएको हो । साथै कम्युनिस्ट को रूपमा मसँग बहस गर्न आउने भक्तपुरको नारायण बिलास जोशी र पाटनको प्रेम हलवाई हो । यस मानेमा मैले वहाँहरूलाई म भन्दा सिनियर भन्नु पर्छ तर पार्टीको सङ्गठित रूपले संस्थापक होइन । वहाँहरू व्यक्तिगत रूपले कम्युनिस्ट भइसकेको भन्ने कुरा बुझिन्छ । वहाँहरूलाई प्रान्तिय कमिटीमा सिधै खटाएर पठाउने काम का.पुष्पलालले गर्नु भएको थियो ।

जहाँसम्म मलाई याद छ (२००६ साल) १९४९ सेपटेम्बर १५ को दिन यसै केन्द्रीय कमिटीको बैठकले पार्टीको पहिलो घोषणा पत्र छलफल गरेर पास गर्यो । यो घोषणा पत्र सोभियत सङ्घको समाजवाद बाट प्रभावित थियो । यो घोषणा पत्र एकैचोटि समाजवाद लागु गर्ने खालको थियो । यसमा सबै जमिन मालिकहरूको जमीन किसानहरूमा बितरण गर्ने योजना थियो । दुई–चार रोपनी भएका गरीब जग्गा धनीहरू जस्को अरू कुनै आम्दानी छैन र जीउतीउ बाँचीरहेका थिए उनीहरूको जमीन पनि किसानहरूमा वितरण गर्ने कुरो यसमा थियो । यो कुरो मलाई ठीक लागेन र मैले यस कुरोको बिरोध गरें । मेरो भनाई हो सबैको खेत यसरी हचुवा रूपले खोसी बितरण गर्नु हुन्न र एउटा हद छोडर मध्यम वर्ग भन्दा माथिल्लो तहको मात्र बितरण गर्नु पर्छ । अनि मैले जवाफ पाएँ सबैले एउटा एउटा काम पाइहाल्ने छन् , कोही भोकै मर्दैन । मेरो मुख थुनियो । जवाफ मसँग थिएन । आखिर उही घोषणा पत्र पास भयो । यसरी यो एकै पल्ट समाजवादमा जाने कार्यक्रमलाई ने.क.पा.ले अपनायो ।

आज व्यावहारिक रूपले यो बुँदा गैर वैज्ञानिक सावित भएर यो भूमि सुधार फेल भएको छ । जनवादी चीनमा भूमि सुधार हुँदा चिनियाँ कम्युनिस्ट पार्टीले बहुत सोची सम्झी यो कदम चालु गरेको थियो । चीनले वर्गीय बिश्लेषण गरेर ठूल्ठूला जग्गा धनीहरूको जग्गा मात्र बिना मुआब्जा कब्जा गरी खेतहिन र गरीव किसानहरूमा वितरण गरेको थियो । सामन्तहरूको जग्गा पनि उनीहरू पालिन पुग्ने जति छोडि बाँकी जमीन कब्जा गरी सर्वहारा र गरीव किसानहरूमा बितरण गरेको थियो ।

आज द्वैध स्वामित्व खत्तम गर्ने नाउँमा एउटा गरीव किसानको जमिनमा पनि मोहियानी हक कायम हुने र रसिद नभएमा एउटा सर्वहारा र गरीव किसानको पनि मोहियानी खारेज गर्ने जस्तो अवैज्ञानिक भूमि सुधार गरेर श्रमजीवी जनतालाई सङ्कटमा पार्ने काम गर्दैछ ।

तर जब १९४९ को अक्टोबरमा साम्राज्यवादी र सामन्ती पंजाबाट चीन मुक्त भएर जनवादी चीन स्थापना भयो त्यहाँको दस्तावेजहरू हामीले पढ्न पायौं । यी दस्तावेजहरूबाट यो कुरो स्पष्ट भयो कि नेपाल जस्तो अबिकसित देशमा एकैचोटि समाजवादी व्यवस्था स्थापना हुन सक्दैन । अर्कातिर यो पनि सत्य हो कि पँुजीवादी व्यवस्थाले पनि हामी जस्तो अविकसित देशमा जनताको समस्या समाधान गर्न सक्दैन । साम्राज्यवादीहरू र विश्व एकाधिकार पँुजीपति वर्ग

चाहदैन कि हाम्रो जस्तो देशले पँुजीवादी तरीकाले बिकास गरेर उनीहरूसँग होड गरोस् र उनीहरूको कब्जाबाट कच्चा मालको स्रोत, सस्तो श्रम र बजार खुस्कियोस् । बेलायतमा पँुजीवादी बिकास हुँदा उनीहरूलाई बाधा दिने कोही थिएन र यस्तो स्थितिमा उनीहरूले पँुजीवादको बिकास गर्ने मौका पाए। तर आज पँुजीवादले साम्राज्यवादको रूप लिइसकेको हुनाले उनीहरूले हाम्रो जस्तो देशमा उनीहरूसँग प्रतिस्पर्धा गरेर कदापी पँुजीवादी बिकास हुन सक्दैन । जनवादी चीनको दस्तावेजहरूले हाम्रो आँखा खोलिदियो र हामीले समाजवादी कार्यक्रमलाई त्यागेर ँनयाँ जनवादी कार्यक्रम अपनायौं । जो न त पँुजीवादी व्यवस्था हो न त समाजवादी व्यवस्था हो । यो पँुजीवादी भन्दा भिन्दै समाजवादमा जाने बाटो हो यहाँ मूल रूपले अर्थ व्यवस्थाको आधारको रूपमा ठूल्ठूला उद्योगहरू, भातृ उद्योगहरू, आधार उद्योगहरू राजकीय क्षेत्रमा चलाइन्छ र नोकरशाही पँुजी र दलाल पँुजीको राष्ट्रिय करण गरिन्छर अरू कारखानाहरू निजी क्षेत्रमा चल्न दिइन्छ र यस्तो निजी क्षेत्रमा चल्ने कारखाना सफलताको निम्ति चाहिने कच्चा माल, सस्तो ऋण, टेकनिक र बजारको पनि प्रबन्ध गरीदिन्छ र उनीहरूलाई एक चक्र (Turn Over)मा ८ प्रतिशत नाफाको ग्यारेन्टी गरिन्छभने सालमा २५ प्रतिशत नाफा उनीहरूले आफ्नो खुशीमा खर्च गर्न पाउने र त्यसमा बढी नाफाले या त यस्तै कारखानाहरू अरू बृद्धि गर्दै लैजाने र मजदुरहरूको सुविधामा र कल्याणमा खर्च गर्ने नीति जनवादी चीनले अपनाएको थियो । र यही नीति नेपाल कम्युनिस्ट  पार्टीले अपनाउने काम भयो ।

कृषि क्षेत्रमा भूमि सुधार गर्दा नाबालक, बूढाबूढी, बिरामीहरू तथा मध्यम वर्ग सम्मको जमीन नछुने र सामन्तहरूको उनीहरूको जीवन पाल्न पुग्ने सम्म उनीहरूको भाग छोडेर बाँकी जमीन खेतीहीन र गरीब किसान र निम्न मध्यम किसानहरूमा निशुल्क बाडिदिने गरिन्छर वैज्ञानिक तरिकाले गरेर आएका कृषि फर्महरू भने जफत गरी वितरण नगरी राष्ट्रिय उद्योग सरह व्यवहार गरिन्छ। नयाँ जनवाले साम्राज्यवाद तथा विदेशी पँुजीको विरोध नोकरशाही तथा दलाल पँुजीको विरोध र सामन्ती व्यवस्थाको उन्मूलन गर्ने कार्य सम्पन्न गर्दछ ।

नेपाल कम्युनिस्ट  पार्टीको केन्द्रीय सङ्गठन समितिले यस सङ्गठनका सदस्यहरूलाई आ–आफ्नो इलाकामा खटाएर पठायो । का. नरबहादुर , का. निरन्जन गोबिन्द बैद्य तथा का. नारायण बिलाशलाई केन्द्रीय समितिका सदस्यहरू अन्तर्गत अंचल अथवा प्रान्तिय समितिमा बसेर काम गर्न खटाएर पठाउने काम भयो । का. निरन्जन गोबिन्द बैद्यलाई मसँग नै बारा, रौतहट, सर्लाही जिल्लाहरू हेर्न खटाएर पठाउने काम भयो ।

नयाँ जनवादको राजनीति अपनाएपछि नेपाल कम्युनिस्ट  पार्टीले नेपालमा मजदुर वर्गको एक क्षत्र सरकारको सट्टा सर्वहारा वर्गको नेतृत्वमा मजदुर– किसान एकताको अधारमा देशको तमाम क्रान्तिकारी वर्गहरू (अर्थात राष्ट्रिय पँुजीपति वर्गसँग) र अरूपनि गैर कम्युनिस्ट  र देशभक्त र प्रजातान्त्रीक पार्टीहरू सँग संयुक्त मोर्चा बनाएर संयुक्त रूपले सरकार चलाउने नीति अपनाइयो ।

ने.क.पा. को महासचिवमा का. पुष्पलाल चुनिनु भयो यद्यपि म किसान मजदुर सङ्घ बनाएर काम गर्दै थिएँ , मलाई ँअखिल नेपाल शान्ति समिति को अध्यक्ष बनाइयो । म भन्थे मलाई पार्टीको काम देउ, पुष्पलालजी भन्नु हुन्थ्यो ँअखिल नेपाल शान्ति समिति पनि पार्टीको काम हो । तर मेरो मन शान्ति समितिमा थिएन । मैले सम्पूर्ण समय किसान मजदुर सङ्घलाई नै दिंदै आएको थिएँ । पछि मैले पहिले देखि ँअखिल नेपाल किसान मजदुर सङ्घ बनाएर आएकोमा पार्टीको निर्णय भयो कि ँमजदुर सङ्घ र ँकिसान सङ्घ अलग अलग गरेर काम गर्ने । मजदुर सङ्घको महासचिव पदमा का. मनमोहन नियुक्त हुनुभयो र वहाँ बिराटनगर तिर लाग्नु भयो । म ँअखिल नेपाल किसान सङ्घ को अध्यक्षमा नियुक्त भएँ । हुन पनि मैले ँअखिल नेपाल मजदुर तथा किसान सङ्घ एउटैमा सङ्गठन गरेता पनि मेरो कार्य क्षेत्र कृषि प्रधान क्षेत्र थियो । बैजनाथपुरमा केन्द्रीय कार्यलय बनाएर रौतहट, बारा, सर्लाही, महोत्तरी (जस्लाई उत्तर गण्डकी क्षेत्र भनियो) को सङ्गठनको जिम्मा मलाई सुम्पियो । पार्टीको केन्द्रीय सङ्गठन समितिको सदस्यको रूपमा दक्षिण गण्डकको इन्चार्ज र सम्पूर्ण नेपालको किसान सङ्घको अध्यक्षको रूपमा काम दिइयो । मलाई सहयोग गर्न अखिल नेपाल किसान सङ्घको महासचिव तथा पार्टीको प्रान्तिय कमिटिको सदस्यको रूपमा निरञ्जन गोबिन्द बैद्य खटाइयो । केही समयसम्म वहाँ मसँगै बैजनाथपुर बस्नु भयो र त्यसपछि सो इलाका छोडेर जानुभयो । वास्तवमा अब बैजनाथपुरको अफिसमा २ जना भयौ, म र निरञ्जन गोविन्द बैद्य । एकदिन शिवमङ्गलजी र अर्को एउटा काङ्ग्रेसी कार्यकर्ताले मलाई अलि अँध्यारो भएपछि रौतहटमा मिटिङ्ग गराउछु भनेर बोलाएर लगे । ३ कोस जति हिंडेर गएँ मलाई एउटा गोठमा राखियो । त्यहाँ लामखुट्टे र गाईको गोबर सिवाय कोही थिएन । रात बित्यो कोही आएको होइन । बिहान अध्यारैमा मानिसहरूसँग बाटो सोध्दै म फर्कें । म फर्केपछि जोखिम लिएर भित्र गयो भनेर निरञ्जन गोबिन्द बैद्यजी मसँग रिसाउनु भयो र सो इलाका छोडेर जानुभयो ।
६ महिनासम्म बैजनाथपुरमा बसी काम गरें र त्यसपछि कहिले काही रक्सौल पनि आएर बस्ने गरें । २००७ सालको सशस्त्र सङ्घर्षको ६–८ महिना अघि मैले एउटा अफिस रक्सौलको आर्यसमाज मन्दिरलाई पनि बनाएर काम गरें । नेपाली रा.का., ने.प्र. काङ्ग्रेससँग भेट्न गइसकेका थिए । तसर्थ आर्य समाज मन्दिर खाली थियो । आर्य समाज मन्दिर हाम्रो आश्रय थियो । यतिन्जेल सम्ममा निरञ्जन गोबिन्द बैद्यजीले बैजनाथपुर अफिस पनि छोडेर शायद कलकत्ता फर्कनु भयो वा कहाँ जानुभयो मलाई याद भएन । रक्सौल बस्दा पहिले त म एक्लै थिएँ । नेपाली काङ्ग्रेसहरू कलकत्ता सम्मेलन गरी मिलिसकेको हुँदा सुवर्ण शम्शेरको ँनेपाली प्रजातान्त्रिक काङ्ग्रेस को अफिसलाई दुइटै पार्टीहरू मिलेर बनेको ँनेपाली काङ्ग्रेस को अफिस बनाएर उता सरिसकेको थियो । यसपछि वहाँहरूको जीवन शैलीमा केही परिवर्तन देखा परेको थियो । अब वहाँहरूलाई के खाउँ, कहाँबाट ल्याउँ भन्नु परेको थिएन । यो मेल भन्दा पहिले काङ्ग्रेसी साथीहरू खास गरी ँनेपाली राष्ट्रिय काङ्ग्रेस(विश्वेश्वर) समूहलाई धेरै आर्थिक सङ्कट

थियो । दिनदिन भरि भोकै रातमा २–४ मुठ्ठी चना, भुजा खाएर सुत्नु पथ्र्यो । कहिले काहीं पैसा भएको बेला भात पनि पाक्थ्यो । यहाँको बिशेष जिम्मेदारी गणेशमानजीको थियो । अब काङ्ग्रेसी साथीहरूलाई यो समस्या भएन । आर्य समाजको मन्दिरमा म एक्लै बस्थें । मेरो आर्थिक सङ्कटले आफ्नो बोली बोलिसकेको थियो । म कहिले सिसीमा चना भिजाएर खान्थे र कहिले भात पकाउँथे । एक दिन दाल तरकारी थिएन, सक्खर हालेर भात पकाएँ । पानी सुकिसक्यो भात पाकेको होइन, पानी थप्दै गएँ पानी सुक्दै गयो र कराहिनी भने लाग्यो तर भात पाकेको होइन । अनि कायल भएर त्यही भात नै खाएँ । एकदिन दिउँसो एक्लै थिए । गोमन सर्प आयो । म खाट माथि बसेर हेरि रहें । त्यसले हमला गर्ने काम गरेन, जहाँ जानु थियो गयो । यत्तिका दिन रक्सौल बसें भुइँ मै सुत्थे, हामीलाई कहिल्यै सर्पको आभास भएको थिएन ।

एक रात वीरगंजबाट आएका अरू पनि २–४ साथीहरू थिए । हामीहरू सुतिरहेका थियौ । रातको १२–१ बजे रक्सौल आर्य समाजका अधिकारीहरू, रक्सौलको एउटा साहु र २–३ जना अरू हामीहरूलाई उठाएर त्यो मन्दिर तुरून्तै छोडिदेउ भन्न आए । हामीले बिनम्रका साथ भन्यौं ँयो राती हामी कहाँ जाने ? भोलि बिहान छोडिदिउँला चिरञ्जीबिलाल माडवाडी जो पहिले देखि नेपालको राजनीतिमा संलग्न थिए, उनले भनि हाले र भोली बिहानै छोड्ने गरेर हामीलाई त्यो रात त्यही बस्न दिए । यसरी वहाँहरूको अनुकम्पाले हामी रात त्यही बिताउँन पायौं । भोलिपल्ट बिहान अलि अलि उज्यालो के भयो, आर्य समाज मन्दिरका अधिकारीहरू फेरि आए । रक्सौलमा कामरेड—कामरेड नाउ राखेर एउटा गरीव युवकले कहिले काहीं मद्दत गथ्र्यो । उ विहान सबैर हामीलाई त्यो आर्य समाज मन्दिरसँगै जोडिएको एउटा परालको झोपडी थियो जस्मा टाँगा तान्ने टट्टु घोडा (खच्चड) राख्ने तवेला थियो त्यहीं महिनाको रू ४ हामीलाई डेरा दिए र टट्टु घोडा अन्तै सारियो । हामीसँग डेरा भाडा तिर्ने पैसा पनि थिएन । यसकोभाडा महिनै पिच्छे उसले नै तिर्ने गथ्र्यो ।

झोपडीको जमीन भिजेको थियो । हामीले परालसराल मागेर बिछाएर त्यसमाथि दरी बिछाएर बस्ने गर्यौ । पराल अलि मोटो बिछाए पनि रात भरिमा माथिसम्म भिजेर आउथ्यो र हरेक दिन घाममा सुकाएर बस्ने गथ्र्यौ । झोपडी पातलो परालको थियो र बाहिरबाट सूर्यको किरण आउन सक्थ्यो । त्यहाँ बस्दा ७ सालको सशस्त्र क्रान्तिमा बिरगंज फेरि राणाहरूले कब्जा गरीसके पछि बिरगंज फ्रन्टमा पि.एन. राणा र त्यस फ्रन्टमा बन्दुक बोकेर लड्ने पूर्व २ नं. रामेछापको (हाल सिंन्धुली बस्ने) बासुदेव श्रेष्ठ कम्युनिस्ट को अफिस रक्सौलमा छ भन्ने थाहा पाएर त्यही झोपडीमा आइपुगे । पि.एन. राणाले पनि फ्रन्टबाट आएको भन्थे । बासुदेव श्रेष्ठ पहिले भारतको बंगालमा सशस्त्र प्रहरीमा नोकरी छोडेर फ्रन्टमा लड्न गएका हुन् । बिरगंजको गणेश बहादुर श्रेष्ठ सप्तरीका केदार उपाध्याय, धंबहिलका पि.एन. राणा, रामेछामका बासुदेव श्रेष्ठ र म समेत त्यहाँ ५ जना भयौं । मैले बासुदेव श्रेष्ठलाई २५ दिन जति क्लास लिइसके पछि वहाँ रामेछाप फर्कन चाहनु भयो, तर बाटो खर्च रू २५।– नहँुदा उही रूक्नु परेको थियो । आर्थिक रूपले हामी बेहाल

थियौं । बीच बीचमा काङ्ग्रेसमा काम गर्दाको बिरगंजका साथीहरूले केही पैसा छोडेर जानुहुन्थ्यो । कहिलेकाहीं बजारमा भेट हुँदा २–४ किलो चामल किनेर दिनु हुन्थ्यो । तर अर्को थरि यस्ता पनि थिए जो झूठमूठ प्रचार गरेर हामीलाई पक्राएर पठाउने दाउमा थिए । उनीहरूको प्रचार थियो कि हामी बन्दुक बेच्छौं भनेर । उनीहरूको प्रचार हो कि मैले म कहाँ आउनेहरूको तस्वीर खिचेर मोहन शम्शेर कहाँ पठाई दिन्छ भन्ने । यसरी २ थरी काङ्ग्रेसी कार्यकर्ताहरूको म प्रति दुई थरि भूमिका थियो ।

एक चोटि एउटा किसानले एक टिन फूलगोभी लिएर आयो । फूलगोभीको रङ्ग पञ्चरङ्गी थियो । फूलगोभी एउटै ढिक्का नभएर चारैतिर छरिएर बसेको थियो । मैले सोधें के गर्न ल्याएको ? उसले भन्यो, ँबिग्रेकोले नदीमा फाल्न ल्याएको । मैले त्यो फूलगोभी त्यही रोकेर लिएँ । त्यसैलाई पकाएर हामीले कति छाक टार्यौं । म बैजनाथपुर बस्दा मासु खान्नथे । रक्सौलको त्यो झोपडीमा बस्दा कहिले काहीं कसै कसैले ल्याई दिएको मासु खान थालें । मेरो स्वास्थ्य बन्ने सट्टा झनझन बिग्रेर दुब्लाएर जान थाल्यो । मेरो तौल पहिले ११७ पाउण्ड थियो, त्यो झोपडीमा मेरो तौल गिर्दै ८० पाउण्ड पुग्यो । मेरो जेठा बाले मलाई एउटा मन्त्र दिनु भएको थियो कि यो मन्त्र जप गर्‍यो भने आपत् पर्दैन । त्यो झोपडीमा जुन आपद झेले मैले यो भन्दा बढी आपद के ? मैले त्यो मन्त्र जप्न छोडिदिएँ ।

**२३- दिल्ली सम्झौताको बिरोध र जेल चलान**

नेपाली काङ्ग्रेसले पुरै आफ्नै नियन्त्रणमा (control) मा १९५० मा स:शस्त्र क्रान्ति सुरू गरीसकेको थियो । यिनीहरूले कुनै पनि कम्युनिस्ट हरूलाई यस्मा संलग्न गराउन चाहेनन् । यो चाडै नै ँदिल्ली सम्झौता (१९५०) अन्तर्गत टुङ्गियो पनि । यस सम्झौताको बिरोध नेपालको कम्युनिस्ट पार्टीले पनि गर्‍यो ।

त्यसबेला म त्यही झुग्गीमा यी चार जना साथीहरूसँग बसिरहेको थिएँ । कति महिना पछि हो मलाई याद भएन एकरात मैले झुग्गी वरिपरी मान्छे हिडेको चाप सुनें । भन्ठाने साथीहरू पिसाब गर्न गएको होलान् । आधा घण्टा बितेर पनि उही चाप सुन्दा मैले ढोका खोलेर हेरेको त चारैतिर सँगीन चढाएर बन्दुक लिएका चारैतिर प्रहरीहरू रहेछन् र भित्र जाउ, भित्र जाउ भनेर भित्र आए । त्यसकोकेही दिन अघि कसैले मलाई तपाईलाई काम लाग्लान् भनेर ४ वटा बन्दुकको गोली छोडेर गएको थियो । त्यो गोली त्यसै परिराखेको थियो, कारण नेपाली काङ्ग्रेसको सशस्त्र क्रान्तिमा कम्युनिस्ट लाई हतियार छुन दिने सवालै थिएन । काङ्ग्रेसकै कार्यकर्ताहरू प्रति पनि यही नीति जस्तो देखिन्छ । लड्नेहरू राजनीतिक चेतना नपाएका भूतपूर्व सैनिकहरू र पहाडतिरका मानिसहरू थिए । हामीले हतियार प्रयोग गर्ने सवालै थिएन । तर अर्कातिर काङ्ग्रेसको तर्फबाट भरमार प्रचार थियो कि तुल्सीलाल ले फ्रन्टमा लड्नेहरूसँग बन्दुक किनेर बेच्छ । शायद यही प्रमाणित गर्न त्यो ४ वटा गोली छोडेर गएको होला । मलाई त्यो गोली याद आयो र परालको

छानामा लुकाई दिएँ । उही राती करिब १० बजेतिर त्यो कामरेड भनाउन रूचाउने पहिले बाँटिसकेको एक थुप्रो पर्चाहरू र केही कम्युनिस्ट किताबहरू हाम्रो त्यो झुग्गीमा राख्न ल्यायो । त्यस मध्ये एउटा हो, ७ सालको सशस्त्र सङ्घर्षमा नेहरूजी, मोहन शम्शेर र विश्वेश्वर बीच भएको ३ पक्षिय ँदिल्ली सम्झौता को बिरोधमा लेखिएको पर्चाहरू पनि । मलाई मनमा लागेको थियो किन यसले ल्याएको होला ? सोचे भोली सबेरै अन्त फ्याँकी दिउँला । मध्यरातमा यो सब काण्ड गर्नु थियो, ल्याई दिएको रहेछ । नेपाली काङ्ग्रेसको राजनीति भनेकै झूठ प्रचार गर्नु हो । बैजनाथपुरमा मेरो टाइपराइटारहरू र साइक्लोलाई तस्वीर खिच्ने यन्त्र भनि प्रचार गरी मान्छे अलमल्यायो भने, रक्सौलमा मैले बन्दुक बेच्छु भन्ने व्यापक प्रचार थियो । त्यो गोलीहरू त्यसलाई साबित गर्न नै ल्याइदिएको होला । त्यसबेला भारत सरकार घोर कम्युनिस्ट बिराधी थियो । त्यसमा पनि बन्दुक बेच्ने भने पछि किन छोड्थे ?

कम्युनिस्ट पार्टीको घोषणापत्र (जस्लाई केन्द्रीय सङ्गठन समितिले पास गरेको थियो), किसान सङ्घबारे दस्ताबेज, माओत्सेतुङ्गको गुरिल्ला युद्ध बारेको किताब र अरू केही किताबहरू थिए । कम्युनिस्ट पार्टीको घोषणा पत्र टाइप गरी साइक्लो गरीएको, किसान सङ्घको दस्ताबेज जुन जनकपुर सम्मेलनले पास गरेको भने छापिएको रूपमा थियो । दुईवटैलाई हामीले सुत्ने बस्ने गरेको पराल मुनि लुकायौं । माओत्से तुङ्गको त्यो किताब मैलें पकेटमा हालें ।

एकछिन पछि सशस्त्र पुलिसहरू र एउटा सि.आइ.डी. भित्र घुस्यो । त्यो सि.आइ.डी. पहिले पनि आउने गर्थ्यो र खुब मिजासिलो थियो । तर आज उसको अनुहारको आकृति बदलेको थियो । साधारण बेला गौमन सर्प राम्रै देखिन्छ तर जब यसले आफ्नो फन फैलाएर टाउको उठाउँछ यसको रूप भयङ्कर देखिन्छ । त्यो सि.आइ.डी. यसपालि साधारण सर्प होइन फन उठाएको गौमन सर्प जस्तै देखिन्थ्यो । सारा खोजतलास गरे, पराल मुनि लुकाएको घोषणा पत्र र किसान दस्तावेज पनि पाए । हाम्रो जीउ पनि पुरै खोजतलास गर्यो तरपनि हामी त्यो गुरिल्ला बारेको किताब छल्न सफल भयौं । त्यसबेला भारतमा यो किताबमाथि प्रतिबन्ध थियो र यसै किताबको आधारमा जेल दिन सक्थ्यो । हामीलाई त्यो झोपडी त्यसै छोडेर जानु पर्ने गरी ५ जनालाई नै समातेर लग्यो ।

हामीहरू मानौ ठूलो अपराधी झैं डेढ इञ्च मोटो डोरीले हात, कम्मर, छातीसम्म बाँधेर रक्सौल थानामा लगियो । त्यहाँ भित्र पसाउँदा पनि हाम्रो जीउ एक एक गरी छामियो । फेरिपनि त्यो किताब हामीले छल्यौं । हामीलाई केही समय थानामा राखी केही समयपछि रेलमा राखेर मोतिहारी जेल पुर्‍याइयो । गुरिल्ला किताब साथमा थियो, बचाउने उपाय नपाउँदा बिरगंजको साथी गणेशले यो पुस्तक रेलवे पाइखाना भित्र गएर त्यहाँबाट खसालेर पठाए ।

मोतिहारी जेलमा फेरि चेकिङ्ग भयो । राती भारतीय सि.आइ.डी. बिभागले सारा रिपोर्ट लिए, कहिले छुट्ने सो पनि लेखेर लिए । त्यसबेलाको भारतीय सरकारको तरिका हो छोड्ने बेलामा ढोकामा कुरी फेरि उही जेलभित्र पठाइदिने । मुद्दा पछि चल्दै गर्ला । मोतिहारी जेल पुगेपछि हामी

५ जनालाई ५वटा सेलमा राखियो । सेल सानोसानो कोठा थियो । यही सेलहरूको लाइनमा ज्यानमाराहरू पनि थिए । सेलमा अगाडिबाट डण्डीहरूको ढोका थियो । अगाडिबाट एक मानेमा पुरै खुला हावा आउन सक्ने । जाडोको मौसम थियो । पछिल्तिर पिसाब गर्नुपर्यो भने एक इञ्च पाइपको प्वाल थियो । दिशा गर्नुपर्यो भने अलकत्रा लेपेको बिर्को नभएको सानो टोकरी थियो । अनि एउटा थोत्रो आलुमिनियमको थाली र पानी खाने ग्लास थियो । सुत्न,बस्न ३ वटा पुरानो रगहरू थियो । २ वटा ओछ्याएर सुत्यो भने एउटाले ओढ्दा माथिबाट चिसो आउने । २ वटा ओढ्यो भने एउटा बिछ्याउँदा तलबाट चिसो आउने । त्यो सेलहरू पुरा पर्खालले घेरिएको र त्यो पर्खाल सेलबाट ६ फुट जति पर थियो । बिहान एकछिन पर्खालमा घाम आँउथ्यो र हामीहरू पर्खाल नजिकै उभिदा टाउकोदेखि कम्मरसम्म घाम लाग्थ्यो, तर त्यसको तल चिसै हुन्थ्यो । नास्तामा किरै किरा भएको चना, भिजाएको र कुहेको सक्खर दिइन्थ्यो । खानामा फर्सिको लट्टि(बोट) को दण्डाहरूको (डाँठहरू) तरकारी, पानी पानी भएको, किराहरू भएको दाल र त्यस्तै नराम्रो चामलको भात । दुई छाक यस्तै खाना, त्यो थोत्रो थालिमा दिइन्थ्यो । अनि ४ बजे दिउँसो हामीहरूलाई आ–आफ्नो सेलमा राखी ताला मारेर जान्थ्यो र ५ बजे बिहान ताला खोल्न आउथ्यो । ४ बजे बन्द भएपछि एक घण्टासम्म त हामी अर्को सेलहरूमा बन्द साथीहरूसँग कुरा गरेर बिताउथ्यौं । एक घण्टा कराएपछि थाकिहाल्थ्यौं र ५ बजे नै नींद लाग्थ्यो र सुत्थे । अनि राती १२–१ बजे नीद खुलिहाल्थ्यो । घडीको घण्टी बजाएको सुन्दै समय बिताएर बिहान ५ बज्थ्यो । त्यसरी बल्ल हामीहरू एक ठाउँमा बसेर कुराकानी गर्थ्यौं । यस घोर अन्यायको बिरोधमा हामीले यताउती पत्र लेख्न थाल्यौं । पठाई दिन्थे दिंदैन्थे थाहा हुन्थेन, प्रहरीलाई दियो, प्रहरीले लैजान्थ्यो, मन चित्त बुझाएर बसिन्थ्यो ।

यी सब यातनाको बावजुद हामीमा कुनै ग्लानी थिएन, प्रशन्न नै थियौं । त्यो सेलहरू थिए, ज्यानमाराहरूलाई पँmासी दिनु अगाडी राख्ने सेल । उही सेलहरू मध्ये एउटामा फासी दिइन्थ्यो भन्ने सुनेको थिएँ तर देखेको होइन । चार दिनपछि हामीहरूलाई सेलबाट जनरल वार्डमा सारिदियो । चोर डाँकाहरूलाई हटाएर एउटा ठूलो हलमा हामीलाई राखियो । यहाँ आएपछि अलि सुबिधा भयो घामको दर्शन पाएँ, जाडोको मौसम थियो । हुन त ३ वटा नै रगहरू हो तर रगहरू नयाँ थिए । दिनभरि घाम लाग्ने हुँदा जाडोले सताएन । तकियाको निम्ति हामीहरू अखबार मिलाएर राख्थ्यौ । बीच बीचमा डाक्टर आएर हेर्ने गर्दथ्यो । खाना चोर, डाँकाहरू सरह उनीहरूकै लाइनमा बसेर खानुपर्ने □ग□ क्लासको थियो । रहँदा, बस्दा चोर, ज्यानमारा, डाँकाहरूपनि एक प्रकारको साथी बन्न आए र आफ्नो मुद्धा बारे हामीसँग सोध्न थाले । दाल, भात, तरकारी जेलको तर्फबाट नै पकाएर बिहान, बेलुका चोर, डाँका, ज्यानमारा  सबैलाई जेलकै भान्छामा एक लाइनमा बसाएर खुवाउथ्यो । जाडो मौसममा हप्ताको २ पटक  मासु र गर्मी लागे पछि मासुको सट्टा दही दिन्थ्यो । तर जेलरहरूको भ्रष्टाचारले गर्दा यी खाने बस्तुहरू राम्रा हुदैनथे । यसबारे ठाउँ ठाउँमा लेख्ने गर्यौं । केही समयपछि उही खाना भएपनि हामीलाई केही राम्रो दिन थाल्यो ।

एक रात अबेरै भैसकेको थियो । खानामा भात नदिई गतिपति नभएको खालि सुख्खा मकैको रोटी खानाको निम्ति दिईयो । दाल तरकारी अथवा अरू कुनै चीज थिएन । हामीले नखाइकन हामीलाई थुन्ने कोठाबाट बाहिर आएर बस्यौ, भित्र जान मञ्जूर गरेनौ । त्यसपछि जेलरले प्रहरी लिएर र डाँकाहरू समेत गरी ११–१२ जना लाठीवालाहरू लिएर उही मकैको रोटी खान भन्यो । हामीले भन्यौं हामी यस्तो कुरो खादै खान्नौं, चाहे लाठीचार्ज किन नहोस् । हामी लाठी खान तयार थियौं तर त्यो अपमान सहन तैयार थिएनौं । पहिले त लाठी चार्ज गर्ने शुर कस्यो, हाम्रो दृढता देखेपछि आफै हट्यो र पछि शान्त भयो, अर्को खाना ल्याइदियो । भोलीदेखी राम्रो खुवाउन थाल्यो र खाना ठिक छ छैन सोध्न थाल्यो । खाना त थर्ड क्लासकै हो तर अलि राम्रो ।

जेलभित्र हामीले आफ्नो बिशेष समय पढ्न, लेख्नमा दियौ, क्लास चलायौं । मलाई पक्रनाको मूल कारण थियो, मैले दिल्ली सम्झौताको बिरोध गरेको । कोशिस रहयो आर्मस Act लगाउने । प्रमाण फेला पार्न सकेन र त्यसपछि केही नपाएर Press Act को मुद्दा चलायो । १५ दिनको एकचोटि कोर्टमा हाजिर गर्थ्यो १० बजे, अनि ४ बज्न ५ मिनेट बाँकीमा हामीलाई अर्को १५ दिनमा हाजिर हुन सुनाएर पठाउथियो । एवं प्रकारले ६ महिना बित्यो, बल्ल फैसला गरीदियो । मलाई अर्को ३ महिना र अरू ४ जना साथीहरूलाई अर्को १–१ महिना जेल बस्नुपर्ने भयो । ७ महिना पुर्याएर वहाँहरू निक्लनु भयो । राजबन्दीको रूपमा भएकैले म एक्लै मोतिहारी जेलमा थिएँ । एउटा मुसलमान पुलिस थियो, मेरो निम्ति गार्ड, तर उनले मौका हेरी बन्दुक एकातिर थन्काइ दिन्थे र मलाई उर्दु पढाउँथ्यो । ५ वटा किताबहरू सम्म मैले सिध्याएँ । यसैबीच मैले सुने भागलपुर जेलमा धेरै कम्युनिस्ट हरू छन् भनेर, मैले मलाई त्यहाँ पठाउन माँग गरें र मलाई भागलपुर जेल पठाइयो । त्यहाँ खालि कम्युनिस्ट हरू मात्रै थिए । नजिकै एउटा जेलमा डाँकाहरू मात्रै थिए, तर कम्युनिस्ट हरूको हावामा उनीहरू पनि कम्युनिस्ट भइसकेका थिए र साँझ भयो कि अन्तर्राष्ट्रिय गीत गाएर ल्याउँथे ।

भागलपुर जेलमा क्लास चल्थ्यो र बहसहरू हुन्थ्यो । सुरक्षा कानूनमा लागेका कम्युनिस्ट हरूलाई ॅगॅ क्लास भन्दा माथिको खाना, बस्न इत्यादिको अलि राम्रो प्रबन्ध थियो ।

भारतमा क, ख र ग क्लास मध्ये ॅगॅ क्लासलाई पकाएको चामल, दाल, तरकारी, २ छाक हप्ताको २ पटक मासु र गरम मौसममा दुईपटक दही दिइन्थ्यो र बिहान नास्तामा चनाको छाटा भिजाएको दिइन्थ्यो । ॅखॅ क्लासलाई रूपियाँ लिएँ भा. रू. दुई, सामान भए मसिनो चावल, दाल (छाटा मुगीका)े, तरकारी, एक छटाक घ्यू, चिनी, एक पाउ दूध, हलुवा बनाउने सुजी, एक पाउ मासु, फूल, एउटा झुल, विछ्यौना, सिरक, तकिया र एउटा अखबार दिइन्थ्यो । ॅगॅ र ॅखॅ क्लासकोले जेलको लुगा लगाउनु पर्छ । लुगा वर्षको दुइपटक सिलाई दिन्थ्यो र कार्तिकको आधा आधिमा एउटा राम्रै खालको ओभर कोट ॅखॅ क्लासलाई दिइन्थ्यो । ॅकॅ क्लासको लाई अरू सबै ॅखॅ बराबर तर ॅकॅ क्लासकोले जेलभित्र आफ्नै लुगा लगाउन पाउँथ्यो ।

नेपालमा क र ख क्लास छ तर क क्लासको प्रबन्ध ग क्लासमा जति पनि छैन । ४ महिना सम्म हामीलाई ँग क्लासमा नै राखियो । एक त भारतको नियम अनुसार स्नातक पास भएकालाई ँख दिनुपर्ने, त्यसमा पनि राजनीतिक कैदीहरूलाई, सुरक्षामा समातिएको भए सुरक्षा कै अनुसार रासन दिनुपर्ने होइन भने ँख को दिनुपर्ने । ४ महिनासम्म यताउति पत्रहरू लेख्न थालेपछि हामीलाई ँख क्लास दिइयो ।

म भागलपुरमा जेल काटिरहेको बेला भारतीय कम्युनिस्ट पार्टीको सेक्रेटरी चम्पारन बेटिया बस्ने जिल्ला बिहारको नेता पिताम्बर सिंहले हामीलाई दिएको सजायँको बिरोधमा वकिल राखेर मुकदमा चलाई राखेका रहेछन् । पहिलेको नियर्ण अनुसार मेरो कैद ३ महिना अर्को बाँकी थियो । तर का. पिताम्बर सिंहको प्रयास र वकिलको सहयोगले मैले मुद्दा जितें र ८ महिना जेल काटिसकेको थिएँ र मलाई तोकेको ९ महिनाको कैद नपुग्दै जेलबाट मुक्त भएँ ।

यहाँ का. पिताम्बर सिंहले कम्युनिस्ट अन्तर्राष्ट्रिय भाइचाराको एक उत्कृष्ट नमूना पेश गर्नु भएको छ । वहाँसँग मेरो कुनै परिचिय थिएन न कहिल्यै भेटघाट भएको थियो । फेरि पनि वहाँले एउटा कम्युनिस्ट को नाताले म माथीको मुकदमा मा मेरो तर्फबाट आफैले वकिलको प्रबन्ध गरी अदालतमा लडिदिनुभयो र मलाई मुक्त गराइदिनु भयो । वहाँको घर शायद बेतियामा थियो, तर मेरो मुद्दाको निम्ति वहाँ बारबार मोतिहारी आउनु जानु पऱ्थ्यो । यो सहयोग बिना शर्तको थियो । एउटा कम्युनिस्ट चाहे जुनसुकै देशको होस्– ले अर्को कम्युनिस्ट लाई सहयोग गर्दा कुनै शर्त हुदैन । यस्तो सहयोग गर्दा आफूलाई पछि कुनै फाईदा होला अथवा अहिले पनि कुनै कुरो प्राप्त होला भनेर गरीन्न ।

हामी अर्को नमूना माक्र्सलाई एंगेल्सले गरेको सहयोगलाई लिन सक्छौ । माक्र्स आर्थिक रूपले बेहाल थिए । एंगेल्स जर्मनको १२ वटा कारखानाको मालिक, एउटा ठूलो पँुजीपतिको छोरा थिए । तर एंगेल्स एउटा कम्युनिस्ट भएको हुँदा बाबुले एक पैसा पनि सहयोग गर्न मान्दैन्थे । एंगेल्सले देखे माक्र्सले काम गर्न सकेनन् भने विश्व कम्युनिस्ट आन्दोलनमा ठूलो नोक्सान हुनेछ । वहाँले गर्दै आउनु भएको पार्टी कार्यलाई थाती राखी बाबुको फर्ममा नोकरी गर्न जानु भयो । नोकरीमा पाएको तलबले वहाँले १२ बर्षसम्म माक्र्सलाई मद्दत गर्नुभयो र पछि आफ्नो भागको सम्पत्ति बेचेर बैङ्कमा माक्र्सको नाउँमा राखिदिनु भयो ताकि माक्र्सले निश्चित भएर काम गर्न सकुन् । यसो गर्दा एंगेल्सले न मुक्तिको कामना गरे न त धर्म कमाएर स्वर्ग पुगुँला भने, न त यो संसारमा कुनै ँऐश कमाउँला भन्ने बिचार राखें । यो भन्दा निस्वार्थ सहयोग कस्को हुन सक्छ । कम्युनिस्ट घोषणा पत्र लेख्दा वहाँको उत्तिकै योगदान थियो । पँुजीको २ वटा भलुम माक्र्सको मृत्यु भैसकेकोले माक्र्सले टिपी राखेको प्वाइन्टहरूको आधारमा आफैले लेखिदिनु भएको थियो । तर वहाँले कहिल्यै भन्नु भएन कि यिनीहरूमा मेरो पनि उत्तिकै योगदान छ अथवा मैले लेखेको हुँ । वहाँले सम्पूर्ण श्रेय माक्र्सलाई नै दिनुभयो । यो भन्दा निस्वार्थ सहयोग र मैत्रिपूर्ण व्यवहारको अर्को नमूना के हुन सक्छ । मेरो राजनीतिक जीवनमा कतिपय साथीहरूको नि:स्वार्थ

सहयोग मैले पनि पाएको छु । कम्युनिस्ट –कम्युनिस्ट को बीचमा सहयोग जातीयता, सम्प्रदायिकता , इलाकावाद अथवा राष्ट्रियताको आधारमा हुदैन । जहिले होस् एक कम्युनिस्ट ले अर्को कम्युनिस्ट लाई आपद बिपदमा बिना शर्त नि:स्वार्थ भावले सहयोग गरेकै हुन्छ । यस कुरोलाई पँुजीवादीहरू तथा सामन्त परस्त तत्वहरूले बु∑न नसक्दा कुनै समाजवादी देशलाई नैतिक समर्थन गरेकोमा उनीहरूले भन्ठान्छन् ँफल्नाले फल्नाको दलाली गर्‍यो । अफगानिस्तानको क्रान्तिकारी सरकारको पक्ष लिएकोमा प्रतिक्रियावादी षडयन्त्रको भण्डाफोर गर्दा साम्राज्यवाद तथा प्रतिक्रियावादको दलालहरूले रूस र चीनको दलाली गरेको भन्ठान्छन । अस्ति मनमोहन अधिकारी, बिष्णु बहादुर मानन्धर र म मिली छिमेकी देश भारतसँग मनमुटाव बढाउने सट्टा आपसमा कुरा गरेर समस्या सुल्झाउ भन्ने बक्तव्य दिदा मेरो नजीकको एउटा आफन्तले मेरो छोरालाई भनेर ल्याए । ँतिम्रो बाबुलाई रूसले कति पैसा दियो ?" सामन्ती शोषकहरूको हावा लागेपछि कुनै सत्य कुरो बोल्दा पनि कुनै स्वार्थ नराखी बोल्न सक्छ भन्ने कुरो सोच्न पनि सक्दो रहेनछ । हामीले कुनै लोभबस यस्तो बक्तव्य दिएका होइनौं । हाम्रो एकमात्र उद्देश्य थियो छिमेकी देशहरूसँग सम्बन्ध नबिगारौं । यसरी सम्बन्ध बिग्रन जाँदा प्रतिक्रियावादलाई फाईदा भएता पनि जनताले नोक्सान नै व्यहोर्नु पर्छ । हाम्रो भनाई हो सोबियत सङ्घ, जनवादी चीन र प्रजातान्त्रिक भारतसँग सौहार्दपूर्ण वातावरण बनाएर असल छिमेकीको रूपमा बसौ । यो भन्दा बढी हामीले कुनै निजी फाईदा चाहेका होइनौं । कुनै पञ्च परस्त अखबारहरूले लेखे हामीले नेपाललाई भारतको हातमा बेच्यौं रे । यस्तै गलत प्रचारले गर्दा आज नबढनु पर्ने तनाब पनि बढ्दै गएको छ । सौहार्दपूर्ण वातावरणको सट्टा तनावपूर्ण वातावरण श्रृजना हुन गएको छ । शान्तिपूर्ण तरिकाले हुन सक्ने काममा बाधा उत्पन्न हुन गएको छ ।

कम्युनिस्ट हरूले आफ्नो नीति निर्माण गर्दा आफ्नो निजी स्वार्थ सेवा गर्ने हिसाबले नीति निर्माण गर्दैन । नक्कली कम्युनिस्ट हरू अथवा अबसरवादीहरूले नै यसो गर्न सक्छ । हामी आफ्नो नीति निर्माण गर्दा विश्व मानव खासगरी शोषित, पीडित र पद दलित जनतालाई यसको असर के पर्छ भन्ने कुरोलाई सोचेर नीति निर्माण गर्दछौ, चाहे त्यो कुरो अफगानिष्तानको सवाल होस् वा कम्पोचियाको सवाल होस् , नीकारागुआको सवाल होस् , वा पोलैण्ड–हंगेरीको सवाल होस् , तिब्बतको सवाल होस् वा तियानमेन स्क्वायरका विद्यार्थीको सवाल होस् , सोवियत सङ्घको सवाल होस् वा जनवादी चीनको सवाल होस् । यहि कम्युनिस्ट हरूको अन्तर्राष्ट्रवाद हो । यसो गर्दा हामी कसबाट के फाईदा अथवा बेफाईदा होला भन्ने सोच्दैनौ । हाम्रो अन्तर्राष्ट्रवाद एक देशको कम्युनिस्ट पार्टीले अर्को देशको कम्युनिस्ट पार्टीलाई अर्डर दिएर नीति निर्माण गर्ने अन्तर्राष्ट्रवाद होइन । हामी आफ्नो नीति आफैले सोच बिचार गरेर बनाउछौ । आफ्नो देशको जनताप्रति बफादार भएर, विश्वको शोषित, पीडित र पद दलित जनताप्रति बफादार भएर । हामी विश्वको क्रान्तिकारी अनुभवबाट सिक्दछौ । विश्व कम्युनिस्ट आन्दोलनबाट शिक्षा ग्रहण गर्दछौ, ठूल्ठूला नेताहरूको कृतिहरू अध्ययन गर्दछौ र आफ्नो देशको भौतिक स्थितिमा काम लाग्ने

सकरात्मक कुरोहरू ग्रहण गर्दछौ । कहीबाट अर्डर आएर अर्डर मुताबिक काम गरेर कुनै देशको कम्युनिस्ट आन्दोलन सही ढङ्गले अगाडि बढ्न सक्ने होइन । हरेक देशको कम्युनिस्ट हरूले जनताबाट पनि सिकेर काम गर्नु जरूरी छ र दूर देशमा रहेको कुनै कम्युनिस्ट पार्टीले त्यो देशको पार्टी र जनताको समस्या केही बु∑न सक्दैन । यस कारण उनीहरूबाट पनि कहिलेकाँही ठूल्ठूला गल्तीहरू हुन् जान्छन् र उनीहरूले पनि गलत धारणाहरू पालिराखेका हुन्छन् । विश्व कम्युनिस्ट आन्दोलनको साझा समझदारीहरू भने अवश्य पालन गर्नुपर्छ र पार्टीको स्वतन्त्र अस्तित्वको नाममा साम्राज्यवाद तथा विश्व प्रतिक्रियावादको समर्थन गर्ने र समाजवादी मुलुकहरू नव–स्वतन्त्र प्रगतिशील देशहरूको बिरोध गर्ने सवालै आउँदैन । क्रान्ति र प्रतिक्रान्तिलाई छुट्टयाएर क्रान्तिकारी परिवर्तनको समर्थन गर्ने र प्रतिक्रान्तिको बिरोध गर्नु पनि हाम्रो कर्तब्य हुन आउँछ । विश्वको सबै आन्दोलन क्रान्तिकारी हुदैन, कतिपय आन्दोलन साम्राज्यवाद तथा विश्व प्रतिक्रियावाद बाट समाजलाई उल्टो दिशामा लैजानको निमित्त उक्साएको हुन्छ, यस्तो प्रतिक्रान्तिकारी आन्दोलन प्रति सजग भएर बिरोध गर्न करै लाग्छ । राष्ट्रवादको सवालमा हामी स्वस्थ राष्ट्रवादको समर्थन गर्छौं । राष्ट्रवादको नाउँमा अगाडि विकृत अथवा संकुचित राष्ट्रवाद (National Chauvinism) को हामी बिरोध गर्दछौ ।

यस्तो राष्ट्रवाद सर्वहारा अन्तर्राष्ट्रवाद सँग मेल खान्छ र स्वस्थ राष्ट्रवाद र सर्वहारा अन्तर्राष्ट्रवादको बीच कुनै अन्तरबिरोध पैदा हुन सक्दैन ।

मैले पिताम्बर सिंहलाई कोर्टमा देख्दा वहाँको लुगा झुत्रो र मैलो पनि थियो । तर एउटा कम्युनिस्ट को व्यक्तित्व उनले लाएको लुगामा होइन, उनले लिएको सही अडान, सही सिद्धान्त र सही व्यवहार र कार्यमा निर्भर गर्दछ । जुनबेला स्तालिनले लेनिनलाई पहिलो पटक देखे, स्तालिन भन्नुहुन्छ, ँमेरो त मन ३ हात तल खस्यो ।ँ ५ फुट १ इन्चको पुड्को मान्छे, मजदुरहरूको बीचमा बसिरहेको । स्तालिनले भन्ठानेका थिए लेनिन ६ फुट अग्लो एउटा सामन्ती जनरलको जस्तो फुर्तिलो होला । तर जब स्तालिनले लेनिनको भाषण सुने, स्तालिन भन्नुहुन्छ ँलेनिन पहाड माथिको गरूड रहेछ ।ँ पिताम्बर सिंहजी पछि बेतियाबाट बिहारको बिधान सभाको सदस्य चुनिनु भएको थियो । यही एकआधा साल अघि वहाँको असमयमा नै देहान्त भएको थियो । यस्तो नेतालाई मेरो हृदय देखि नै नमस्कार छ ।

भारतमा एकातिर पिताम्बर सिंह जस्तै सहानभूति र सद्भावना राख्ने अरू अनेकौ व्यक्तित्वहरू पाइन्छ भने सुतिरहेको बेला आधा रातमा उठाएर पठाउन खोज्ने धार्मिक नेताहरू पनि भारतमा पाइन्छ । नेपालमा नै पनि यस्ता धार्मिक नेताहरूको कमी छैन ।

आज सामन्तहरू र पँुजीपतिहरूले धर्मलाई आफ्नो पेशा बनाएर आफ्नो वर्गीय स्वार्थ रक्षा गर्ने हतियार बनाएका छन् । आजकल धर्म गुरूहरूको ऐश आराम र जीविका सामन्तहरू र पँुजीपति वर्गले दिएको दान र अनुदान स्वागत सत्कारमा निर्भर हुने हँुदा यी धर्म गुरूहरूले सामन्तहरू, साम्राज्यवादीहरू र पँुजीपति वर्गको स्वार्थ रक्षा गर्नु स्वाभाविक हो ।

महादेवको कुरा गर्ने हो भने, महादेवको आमाबाबु अथवा जातपात, कुल कुनै कुराको पत्तो थिएन । सम्पति हेर्ने हो भने महादेवको एउटै झोली थियो, जसमा सबै कुरो छ्यासमिस राख्ने गर्थे । गहना त परै रहोस् महादेवको लुगा पनि थिएन र हात्ति र बााघको छालाले बेरेर हिडथ्यो । तर सामन्तहरूले महादेवलाई पूरा सामन्त बनाइदिएका छन् । शिरमा हिरा, जवाहरात जडेको मुकुट र गहनाहरू, दूघ, दही, मह, र घ्यूले स्नान गर्ने, सयकडौं रोपनी वा बिगाहा जमीनको मालिक अनि ब्राम्हण बिशेषले मात्र छुन हुने, ठूल्ठूला सामन्तको स्वागत गर्ने र तल्लो जातीकालाई भित्र पनि पस्न नदिने कट्टर जातिवादी बनाइदिएका छन् ।

आर्य समाज निस्क्यो साम्राज्यवादी अंग्रेजको बिरोधमा भारतीय स्वतन्त्रता आन्दोलनको दौरान । यसको प्रवर्तक ँस्वामी दयानन्द हुनुहुन्छ । तर वहाँले सबै हिन्दु एउटै हो भनी जातपातको बिरोध गर्नुभयो । मुसलमान र क्रिश्चियनलाई पनि धर्म परिवर्तन गरेर हिन्दु बनाउने चलन निकाल्नु भयो । महिलाहरूलाई पनि जोड दिएर पुरूष सरह बनाउने प्रयास गर्नुभयो । किनभने सारा हिन्दू एक भएर, अझ सम्पूर्ण भारतबासी एक भएर अङ्ग्रेज साम्राज्यवाद सँग टक्कर लिन सक्नेछ भन्ने वहाँले देख्नु भयो । यस धर्मले सामन्ती रूढीवादीलाई तोडेर पँुजीवादको प्रतिनिधित्व गर्‍यो । स्वभवत : यस्तो धर्मले साम्यवादको बिरोध गर्छ गर्छ ।

आजकल भारतमा अनेकन हिन्दू धर्महरू निक्लेका छन् । श्री कृष्ण चैतण्य (Krishna Consciousness) बाल योगेशवर, भगवान रजनीश, ब्रम्ह कुमारी इत्यादि, इत्यादि । यी सबै धर्मले पँुजीवाद कै प्रतिनिधित्व गर्दछन् । यसै कारण यी सबै धर्महरू साम्यवादको बिरोधी पनि छन् ।

साँच्चै भन्ने हो भने श्री कृष्ण स्वयम साम्यवादी बिचारको एक महान व्यक्तित्व हो, श्री कृष्णको नजरमा सबै मानिस बराबर हुन । कृष्णले मानिसहरूलाई २ भागमा मात्र बाँडे, एउटा शोषक अत्याचारिहरू, दुष्टहरू, अर्को सर्वसाधरण जनता, सज्जन व्यक्तिहरू र वहाँले आफ्नो जीवनको लक्ष्य दुष्टहरूको नाश गरी मानवताको रक्षा गर्न बनाउनु भएको थियो । वहाँले अर्जुनलाई बारबार ँदरिद्रान भर कौन्तेय भनी ँदरिद्रको रक्षा गर भन्नुहुन्थ्यो ।

तर श्री कृष्णलाई पनि सामन्तहरूले आफ्नो ढाँचामा मोढेर सामन्तहरूको स्वार्थ रक्षा गर्ने साधन बनाएको छ । आज कृष्ण चैतन्य दलहरू पँुजीवादी परिधीबाट बाहिर गएर साम्यवादको समर्थक बन्न सकिरहेका छैनन् ।

स्पष्टत: हिन्दूधर्म एउटै सिँगो धर्म होइन । यो धर्म बिभिन्न वर्ग स्वार्थ सेवा गर्ने दलहरूमा बिभक्त छ ।

ॐ सहना भवतु..... जस्तो खाने मन्त्र, अनि ॐ भूर्भुव स्वा ... जस्तो ब्रम्ह गायत्री, श्रीमद भगवत् गीता पनि बलि दिने र दासहरूलाई शूद्रमा परिणत गरेर काम लिने र उनीहरूलाई सधैभरि दासतामा जकडी दरिद्र बनाई राख्ने धर्म, दास समाजको अवशेष हो । जो सामन्ती समाजले आफ्नो एउटा अङ्ग बनाइ लिएको छ, यो रूढिवादी धर्मले सामन्ती स्वार्थको प्रतिनिधित्व गरेको छ भने आजकाल देखा परेका बिभिन्न धर्महरूले पँुजीवादको प्रतिनिधित्व गरेको छ ।

यही कारण हो, आर्य समाजका धार्मिक नेताहरूले हामीलाई कम्युनिस्ट  भनेर थाहा पाएर आधा रातमा उठाउन आएको ।

यस्तै  घटना मैले दिल्लीको विड्ला मन्दिरमा भोगेको छु । विड्ला मन्दिर पनि आधुनिक मन्दिर हो , जसमा अंग्रेज, अमेरिकन, मुसलमान जो गएपनि प्रतिबन्ध छैन । कुनै जातको मान्छे त्यहाँ जान सक्छन् , धर्मशालाको भान्छामा पैसा तिरेर खान सक्छन् । म पनि त्यही धर्मशालामा बस्ने गर्थे । काम सोध्थ्यो, ँव्यापार भन्थे । व्यापारी भएपछि कालो धन्दा गर्नेहरू, स्माइक बेच्नेहरू सबै त्यहाँ अटाँउछन् र कतिपयलाई मन्दिर बाटै पक्रेर लगेको पनि देखियो । हिप्पीहरू पङ्कहरू सबै त्यहाँ अटाउँछन् । व्यापारीको रूपमा मैले त्यहाँ कोठा पाउँथे ।

एकदिन म्यानेजर थिएन, सर्बसाधारणको निम्ति बनाइराखेको बरण्डाको दराजमा सामान राखेर त्यही बसिरहें । मेनेजर आउनु भयो, मैले कोठा माग्न गएँ । मेनेजरको रूप अर्कै थियो, सोध्न लाग्यो ँतपाई कम्युनिस्ट  हो ?" म कम्युनिस्ट  भन्ने कुरो मेनेजरलाई सि.आई.डी. ले पहिल्यै भनी राखेको रहेछ । अनि कम्युनिस्ट  भएको नाताले मेनेजरले मलाई कोठा मात्र नदिएको होइन, त्यो सर्वसाधारण बस्ने बराण्डामा पनि बस्न दिएन, दराज दिने कुरोपनि आएन र धर्मशाला छोडेर जाने आदेश दियो । त्यहाँबाट निक्लेर म हिन्दु धर्मशालामा बस्न गएँ । कम्युनिस्ट  भन्ने थाहा पाएको भए अवश्य त्यहाँ पनि मलाई रहन दिने थिएन । यो हो धर्मले प्रतिनिधित्व गरेको वर्गीय स्वरूपको नमूना ।

आजकल दलित जातिहरू यसबाट मुक्त हुन आफ्नो दलित जातिय मूक्ति समाज बनाउदै छन् । यस्तो समाजले दलित जातिहरू मध्ये एकआध जना राष्ट्रिय पञ्चायतको सदस्य बनाउन सफल हुन सक्छ, एकआधा जनालाई मन्त्री अथवा प्रधानमन्त्री पनि बनाउन सफल होला । तर यसले दलित जातिको समस्यालाई समूल नष्ट गर्न कदापि सफल हुने छैन् ।

यस्तै आज नेपालको बिभिन्न जातिहरू र जन–जातिहरू शोषण, दमन र पद दलित जीवन बिताउन परिरहेका छन् । चेपाङ्ग जाति सबभन्दा पिछडिएका हालतमा छन् । उनीहरू अछुतमा गनिदैनन् तर उनीहरूको जीवन दलित जातिको भन्दा कुनै मानेमा राम्रो छैन । त्यसपछि सबभन्दा शोषित, पीडित र पद दलित जनजातीमा थारूहरू पनि छन् । धेरैजसो तराई र भित्री मधेस, यिनीहरूले आवाद गरे तर यिनीहरू कहिल्यै आफूले आवाद गरेको जग्गामा खेती गरी जीवन निर्वाह गरेर बस्न पाएनन् । यिनीहरूले औलो सहेर जङ्गल आवाद गर्छन, यिनीहरूलाई भगाएर जग्गा सामन्तहरूले हात पार्छन । सरकारको पनि यसमा सामन्तहरूलाई नै सहयोग रहेर आयो । यस्तो दुर्दशा भरसक दलित जातिहरूले पनि भोग्नु परेको होला । तामाङ्ग, गुरूङ्ग, मगर, राइ, लिम्बु इत्यादि अरू अनेकौ जातिहरू सामन्ती शोषणमा पिसिएरै आए । नेवारहरू माथि अर्कै प्रकारको दमन चलेर आयो । बाहुन होस् वा क्षेत्री कुनै यस्तो जाति छैन जसलाई सामन्ती शोषणले बरबाद नगरेको होस् । यी तमाम जातिहरूको समस्या, दलित जातिहरूको समस्यासँग जोडेको समस्या हो । दलित जाति आदिम साम्यवादी समाजको अन्त भएर दास समाजको साथै

उत्पन्न भएको हो । दलित जातिलाई सामन्ती समाज शुद्रको रूपमा समावेश गरे । सामन्ती समाजको सुरूमा यद्यपि शोषणको सम्पूर्ण भार शुद्रहरू माथि थियो । समय बित्नको साथै सामन्ती समाज पनि बिग्रदै जाँदा देशको सम्पूर्ण शोषणको अधिकार मूठिभर सामन्ती समाजमा रहन गयो र देशको अरूपनि हरेक जातिको मेहनतकश जनतामाथि शोषण, दमन, र अत्याचारको चक्कि चल्न थाल्यो ।

आज कतिपय बाहुनहरू, अझ संख्या नै गन्ने हो भने बाहुनहरूमा अत्याधिक बहुसंख्याले दरिद्र जीवन बिताउनु परेको छ । मुढा बोकेर जीविका चलाउनु परेको छ । कपालमा नाम्लो, शरीरमा झुत्रो लुगा आज बहुसंख्यक बाहुनहरूको पनि छ । क्षेत्री, नेवार, तामाङ्ग, गुरूङ्ग, मगर इत्यादि सबैको यही हाल छ । कुनैपनि जातिमा सामन्तहरूको संख्या अलि बढी होला, कुनै जातिमा नगन्य होला । तर बाहुन सामन्तले बाहुन गरीब जनतालाई यो मेरो जातिको हो भनेर कुनै मोलाहिजा गरेको हुदैन बरू पायो भने त्यो गरीबको बचेखुचेको घरबारी, जग्गा जमीन पनि हात पारेर उसलाई बिल्लिबाठ पार्ने काममा लागेकै हुन्छ । एउटा सामन्त थारूले गरीब थारूलाई यस्तै व्यवहार गरेको हुन्छ । १६ जना थारू लगाएर आफूलाई बोकाएर हिड्नु सामन्ती थारू आफ्नो गौरब सम्झन्थे । दलित जातिबाट हिरालाल विश्वकर्मा मन्त्री भएर गए तर दलित जातिलाई उनले कति उठाएर गए ? यस्तै कुनैपनि जातिको मान्छे मन्त्री बनोस् वा प्रधानमन्त्री त्यस जातिको समस्या समाधान हुने होइन । आज थारू जातिबाट परशु नारायण चौधरी पुरा मन्त्री हुनुहुन्छ । वहाँले थारू जातिलाई कति उठाउन सक्नुभयो त ?

आज कतिपय जातिहरूले जातीय सदन बनाएर हर जातिको प्रतिनिधित्व गर्न सदन बनाउने आवाज उठाइ रहेका छन् । यसले पनि कुनै जातिको समस्या समाधान गर्ने छैन । एकदुई जना जातिबाट त्यस्तो सदनको सदस्य होलान् तर कुनै जाति माथिको शोषण, दमन, अत्याचार, गरीबी, अपमानित जीवन यस्तो सदनले हटाउन सक्ने छैन । दलित जातिको समस्या पनि यसले हटाउन सक्ने छैन । हाम्रो देशमा मुलुकी ऐन बन्यो तर दलित जातिको समस्या जहाँको तही रह्यो । किन ?

किनभने जबसम्म कुनै देशमा सामन्ती समाज रहेनछ यो समस्या सुल्झने छैन । सामन्ती समाजलाई तोडेर नै सामन्ती व्यवस्थालाई तोडेर नै यो समस्या समाधान हुनेछ । जहाँ पँुजीवादी समाज छ त्यहाँ छुवाछुतको भावना कम नै पाइन्छ । शहर बजारको क्षेत्र अथवा ठूल्ठूला उद्योगहरू भएको ठाउँमा छुवाछुतको भावना अत्यन्त कम छ । गाउँघरमा यसकोमात्रा बढी छ किन ? किन भने गाँउघरमा सामन्ती व्यवस्था प्रवल छ, शहर बजार र ठूल्ठूला उद्योगहरूमा सामन्ती व्यवस्थाको सट्टा पँुजीवादी व्यवस्थाले ठाउँ लिएको हुन्छ । फेरि पनि गाउँले घेरेको हुँदा यी इलाकाहरूमा पनि छुवाछुतको भावनाको अवशेष बाँकी नै रहेको हुन्छ ।

यसले स्पष्ट गर्दछ छुवाछुत भावना खतम गर्न सामाजिक परिवर्तन नै एकमात्र बाटो हो । हाम्रो जस्तो देशमा पँुजीवाद पनि राम्ररी विकास गर्न नसकिने हुँदा नेपालमा पँुजीवादको सट्टा गैर

पँुजीवादी तरीकाले औद्योगिक विकास गरेर नै दलित मानिएका जातिको छुवाछुतको समस्या समाधान भएर जानेछ ।

अब लिउँ बिभिन्न जातिहरू माथिको शोषण, दमन, अत्याचार र पिछडापनको सवाल । जबसम्म देशमा सामन्ती शोषण रहेनछ तवसम्म बिभिन्न जातिहरूको समस्या पनि समाधान हुन सक्दैन । बिभिन्न जातिहरूले आ–आफ्नो जातिय सङ्गठन बनाएर कुनै जातिले पनि आफ्नो जातीय समस्या समाधान गर्न सक्दैन । बरू यस्तो जातिय सङ्गठनको नेतृत्व अक्सर उही जातिको भएपनि सामन्ती तत्वकै हातमा रहन जाँदा यस्तो जातिय सङ्गठनले देशको एक जातिसँग अर्को जातिलाई उचालेर लडाएर साम्प्रदायिक भावना फैलाएर सामन्ती प्रभुत्ववादकै शक्तिलाई टेवा दिने गर्दछ र पिल्सिएको जनता पिल्सिएरै रहनेछ ।

दलित जातिले पनि आफ्नो अलग सङ्गठन बनाएर सामन्ती प्रभुत्ववादकै सेवामा आफूलाई अपर्ण गर्नेछ । यसले पनि सामन्ती व्यवस्था तोड्नु सट्टा जातिय दङ्गा, जातिय मनमुटाव र अलगाववादलाई बढवा दिएर सामन्ती शक्तिको जगमात्र मजबूत गर्नेछ ।

पँुजीवादले जातीय समस्या त हल गर्नेछ यदि पँुजीवादले अमेरिका, बेलायत, फ्रान्स, जापानमा जस्तो बिकास गर्न पाए । तर नेपाल जस्तो पिछडिएको देशको निम्ति पँुजीवादको बिकासको निम्ति नेपालसँग न बजार छ न पँुजी छ , न टेकनिक छ । यहाँ पँुजीवादी विकास भन्नु विदेशी पँुजीको प्रभुत्व भएको नव–उपनिवेशवाद नै हुनेछ । नव–उपनिवेशवादको योजना नेपाललाई आर्थिक रूपले आत्मनिर्भर बनाउने होइन । यसले आधारभूत आवश्यकता पूरा गर्न जस्तो जनतालाई अलमलाउने नारा दिएर देश र जनतालाई सदाको निम्ति पिछडापनमा जकडि राख्ने हो । यसले घरेलु र सानातिना गा्रमीण उद्योगहरूमा अलमलाएर देशलाई पिछडापनमा अलमलाई राख्ने हो र देशलाई झन–झन ऋणमा डुबाएर बिदेशीको निमित्त फराकिलो बजार बनाएर हामी नेपाली माथिको शोषणलाई झनझन तीब्र पारेर लाने हो । बाहिरबाट हेर्दा देश उन्नतितिर तर भित्रबाट देशलाई खोक्रो पारेर जन–जीवनलाई सदा दरिद्र हालतमा जकडि राख्ने यो योजना हो ।

तसर्थ पँुजीवाद हाम्रो देशको जातीय समस्या समाधान गर्ने बाटो होइन । पँुजीवादको बिकास नै भएता पनि आजको शोषित पीडित पद दलित जनतालाई मजदुर वर्गमा परिणत गरेर उही शोषण दमन र अत्याचारको चक्किमा पिसिएरै राख्नेछ । बरू यहाँ जातीय समस्या लोप भएर मजदुर वर्गीय समस्याको रूपमा देखा पर्नेछ ।

सबै जातिबाट आएका मजदुरहरूको उही समस्या, उही बेकारी, भुकमरी, शोषण, दमन, कामको अनिश्चिता, बसोबासको अनिश्चितता । आर्थिक समानताको अभावमा पँुजीपति वर्गले मजदुरहरू, यदि कुनै जातिको होस् , लाई उही दलित जाति सरह व्यवहार गरी राख्ने हो । घुमाई फिराइकन पँुजीवादले सबै जातिबाट आएका मजदुर वर्ग र मेहनतकश जनतालाई ँदलित जाति मा

बदल्ने हो । के करोडपति पँुजीपति थारू नै किन नहोस् उसले झुत्रे झाम्रे थारूसँग एउटै टेबलमा बसेर खान मञ्जूर गर्ला ? अथवा एउटा झुत्रे झाम्रे बाहुनसँग बसेर खान मञ्जूर गर्ला ?
हो अवश्य एउटा करोडपति पँुजीपतिले एउटा दलित जातिको मानिसले ल्याएको पानी, मिठाई इत्यादि खान सक्छ । यो खुवाउन पाउनु नै दलित जातिको समस्याको समाधान होइन ।
समस्याको समाधान हो, दलित जाति लगायत सम्पूर्ण जातिहरूको जीवनको सुनिश्चितता, शोषण, दमन र अपमानित जीवनबाट मुक्ति, उनीहरू सबैको शारीरिक, मानसिक, बौद्धिक बिकास इत्यादि चौतर्फि बिकासको निम्ति खुल्ला बाटो र यसको निम्ति चाहिने सबैकुरोको प्रबन्ध । के यी पँुजीपतिहरूले सम्पूर्ण दलित जातिको आर्थिक, राजनीतिक र सामाजिक समस्या समाधान होस् भन्ने चाहलान् ? अथवा हाम्रो ऋषिमुनिहरूले बनाएको खाने मन्त्र, ँॐ सहना भवतु, सहनौ मुनक्तु सहवीर्य करवा वहै, तेजस्वीनमाधित मस्तु मा विद्विषा वहै मा भने जस्तौ सँगै बस्ने, सँगै खाने (कोही मालिक कोही नोकरको रूपमा होइन) सबै बराबर भएर मिलेर काम गर्ने, सबैको तेज पराक्रम बढोस्, आपसमा द्वेषभाव नराखौ, सब सबैसँग मानिसको रूपमा मिलेर बसौ भन्न सक्छ ? चाहे त्यो पँुजीपति दलित जातिकै किन नहोस उसले माथी लेखिएको मन्त्रलाई कुनै मजदुर–चाहे बाहुन नै किन होस्– लाई व्यवहारमा लागु गर्न सक्ने छैन । आर्थिक समानता, सुनिश्चितता र राजनीतिक समान अधिकारले नै सामाजिक समानतालाई जन्माउने छ । बैज्ञानिक समाजवादले नै मानिसलाई मानिसको रूपमा एक पटक उही भूमिमा खडा गर्नेछ । यसको पहिलो कदम हो राष्ट्रिय प्रजातन्त्र जसले देशको सबै जनतालाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा आफ्नो देशको मालिकको रूपमा खडा गर्नेछ ।
दलित जाति होस् वा अन्य बिभिन्न पिछडिएका तथा शोषित, पीडित र अत्याचारमा परेका जातिहरू होउन् सबैको समस्याहरूलाई पूर्णरूपले निर्मूल पार्न एकमात्र यही बाटो हो ँराष्ट्रिय प्रजातन्त्र ।
यसको निम्ति चाहिएको छ आफ्नो जाति बिशेषलाई भुलेर माक्र्सले भने झै ँसम्पूर्ण मजदुर एक हुने र लेनिनले भने झै ँसम्पूर्ण मजदुर तथा पद दलित जनता एक हुने । यो एकता राष्ट्रिय मन्त्र नभएर अन्तर्राष्ट्रिय पनि हुनु जरूरी छ ।
ँविश्वका सम्पूर्ण मजदुर एक हौ – माक्र्स
ँविश्वका सम्पूर्ण मजदुर तथा शोषित, पीडित पद दलित जनता एक हौ– लेनिन ।
कम्युनिस्ट पार्टी नै त्यो पार्टी हो जसले यस कुरोलाई व्यावहारिक रूप दिन्छ । कम्युनिस्ट पार्टीको नेतृत्वमा चल्ने मजदुर तथा किसान सङ्गठनहरू र अरू वर्गीय तथा जन सङ्गठनहरूले नै यसलाई व्यावहारिक रूप दिनमा सत् प्रयास गर्दै जानेछ र अन्तमा यस प्रयासलाई सफल पारेर छाड्नेछ ।

## **मोतिहारी जेल र भागलपुर जेलमा**

मोतिहारी जेलमा नेपालीको नाममा ७ महिनासम्म हामी ५ जना थियौ, हामी मध्ये ४ जना छुटेपछि म एक्लै भएँ । त्यस जेलमा बाँकी सबै कैदी भारतीय थिए । हामी कैदीहरूको बीच हामी नेपाली र उनीहरू भारतीय भन्ने भावना थिएन । हामी सबै मानिस र भारतीय सरकारको कैदी थियौ । यदि उनीहरूमा हामी बिदेशी नेपाली र उनीहरू भारतीय भन्ने भावना भएको भए, हामीहरूको जीवन त्यहाँ मुस्किलै पर्ने थियो । तर यस्तो भावनाको अभावमा उनीहरू सबैको हामीप्रति सद्भावना नै थियो र उनीहरूलाई परेको  समस्या बारे केही लेखाउन पर्यो भने हामी कहाँ नै आउथे । अरू त अरू एउटा मुसलमान पुलिसको मनमा यो भावना पनि थिएन कि उनी मुसलमान र हामी हिन्दू , अथवा उनी भारतीय हुन र हामी नेपाली । हामीहरूको सम्बन्ध एउटा मानिसको अर्को मानिससँग जस्तो हुनुपथ्र्यो उस्तै थियो । मानिस–मानिसको बीचमा जातीय भावना अथवा संकुचित राष्ट्रिय भावनाले मानिस–मानिसको बीचमा एउटा मनोबैज्ञानिक अल्गाइको पर्खाल खडा गरी मानिसको जीवन नरक बनाइ दिन सक्छ ।

म मोतिहारीबाट भागलपुर जेल सरें । भागलपुर जेल सर्दा मनमा एउटा भावना थियो कि त्यहाँ धेरै कम्युनिस्ट हरू होलान् । त्यहाँ धेरै नेपाली होलान भन्ने भावनाले गएको होइन । त्यस जेलका सबै कम्युनिस्ट हरू भारतीय थिए । तर हाम्रो बीचको सम्बन्ध एउटा नेपाली र अरू भारतीय भन्ने भावनामा आधारित थिएन । हामी सबै कम्युनिस्ट  भन्ने भावनाले नै त्यहाँ काम गरीराखेकै थियौं । हामी सबैको एउटै भान्छा, सँगै सुत्ने, बस्ने,पढने, छलफल गर्ने गर्दथ्यौं । यहाँ हाम्रो बीच अरू देश र जनताप्रति घृणा फैलाउने कुनै संकुचित राष्ट्रवादको भावनाले काम गरी राखेको थिएन । वहाँहरू भारतीय भएर पनि भारत सरकारकै दमनमा पिल्सिराख्नु भएको थियो । वहाँहरूको सङ्घर्ष मे अरू देशबाट आएको नेपालीसँग होइन, वहाँहरूको सङ्घर्ष आफ्नै देशको पँुजीवादी सरकारसँग थियो । मानिस–मानिसको बीचको सङ्घर्ष वर्गीय स्थितिले निर्धारण गर्दछ, न कि एक देश र अर्को देशको मानिस भएको कारणले ।

बाघ र गाईको सम्बन्ध, उही जङ्गलको हो वा अरू जङ्गलबाट आएको हो भन्ने कुराले टुङ्गयाउदैन । बाघ आफ्नै जङ्गलको भएर पनि गाईको रक्षा गर्ने काम गर्दैन मारेरै खान्छ । गाई कुनै अरू जङ्गलबाट आएको किन नहोस सबै मिलेर बाघको सामना गर्दछ । यसै कारणले माक्र्सले भनेका थिए विश्वका मजदुर एक हौं लेनिनले भनेका थिए , ँविश्वका मजदुर र शोषित, पीडित र पद दलित जनता एक हौं संकुचित राष्ट्रवादले अरू देश र जनताप्रति घृणा फैलाएर जनता–जनताबीच लडाउँछ र जनतामाथि शोषक र अत्याचारीहरूको शोषण–दमन र अत्याचार गर्ने कार्यलाई सघाउ पुर्याउछ । यसै कारण उनीहरू आफ्नै देश भित्रपनि जातिवाद र इलाकावादको सवालमा विशेष जोड दिएर देश भित्रकै जनताको बीचमा पनि मन मुटाव र अल्गावको भावना तीब्र पार्दै लानेकाम गर्दछन । जब कि शोषण, दमन र अत्याचारबाट पिल्सिएका जनता आपसमा मिली जातीय भेदभाव, इलाकीय भेदभावबाट मुक्त भएर, संकुचित राष्ट्रवादको पनि बिरोध गरेर विश्व भरकै मजदुर वर्ग, मेहनतकश जनता, शोषित, पीडित र

अत्याचारमा पेरका जनताहरू एक हौ भन्ने भावनालाई जगाउने कार्य गर्दछ । चाहे नक्कली कम्युनिस्ट को मुकुण्डो ओढुन्, को क्रान्तिकारी अथवा को प्रतिक्रान्तिकारी भन्ने कुरो विश्व प्रतिको यही दृष्टिकोणले टुङ्गयाउँछ । कुनैपनि प्रगतिशील र क्रान्तिकारी जनताले जातिवादी, इलाकावादी अथवा संकुचित राष्ट्रवादी भावना लिएर काम गर्दैन । प्रतिक्रान्तिकारीहरू शोषकहरूका सागिर्दहरूले नै यस्तो भावना फैलाउने गर्दछ ।

हाम्रा ऋषि मुनिहरूको भनाइ पनि माक्र्स र लेनिनकै भनाईसँग मेल खान्छ । महाउपनिवेश छैठो अध्याय श्लोक ७१–७२ मा भनिएको छ, ँअयं बन्धुरयं नेति कलना लघु चेतसामू । उदार चरित्रनां तु वसुधैव कुटुम्बकम् ।। यो मेरो बन्धु बान्धव हो, र अरूहरू परका हुन भन्ने भावना संकुचित बिचार राख्नेहरू सानो चित्त भएकाहरूको हुन्छ जस्को हृदय बिशाल छ त्यसको निम्ति यो विश्व नै बन्धु बान्धव हुन् । स्पष्टतः जातिवाद, इलाकावाद, नातावाद, कृपावाद, संकुचित राष्ट्रवाद सानो चित्त भएकाहरूले अपनाउने नीतिहरू हुन् । कुनैपनि विवेकशील तथा मानवको कल्याण चाहने मान्छेले यस्तो संकुचित भावना राख्दैन । र उनको निम्ति सबै बराबार हुन र विश्वकै जनता उनको बन्धु बान्धव हुन् र बिदेश र बिदेशी भन्दैमा घृणा गर्ने र घृणा फैलाउने काम गर्दैन । कृष्णले विश्वका मानिसहरूलाई दुई खेमामा मात्र बिभक्त गरेका छन् । एउटा खेमा दुष्ट अत्याचारीहरूको हो भने अर्को खेमा निरपराध जनता–जो नै साधुहरू हुन् , को खेमा जसले अरूमाथि शोषण, दमन र अत्याचार गर्दैनन् , जातलाई लिएर, धर्मलाई लिएर संकुचित राष्ट्रियतालाई लिएर जनता–जनताको बीच बैमनस्थता फैलाउनु दुष्टहरूको काम हो । कृष्णको जीवनको लक्ष्य थियो,

ँपरित्राणाय साधूनां बिनाशायचं दृष्कृताम् ।
धर्म संस्थापनार्थायं संभवामि युगे युगे ।।–

श्रीमद भगवद गीता अ.४.श्लोक ८

दुष्ट कर्म गर्नेहरूलाई नाश गर्नको निम्ति, साधुजन अर्थात निरपराध मानिसहरू जसले अर्काको कुभलो गर्दैनन् , हरूलाई बचाउनको निम्ति अनि सही धर्म स्थापना गर्नको निम्ति म बराबर जन्मन्छु ।

कृष्णले अन्त अध्याय १८ श्लोक ६६ मा भन्नुहुन्छ ँसर्व धर्मान् परित्यज्य मामेकं शरणं ब्रज । अहं त्वा सर्व पापे म्यो मोक्षायि ष्यामि मा शुच ।

सारा धर्महरूलाई छोडि ँम एउटाको शरणमा लेउ । त्यस ँम ले तिमीलाई सारा पापबाट मुक्त गर्नेछ चिन्ता नगर ।

कृष्णले धर्म संस्थापना गर्ने जो कुरा गर्नुभयो त्यो आजकल चलेको अन्ध विश्वासमा आधारित धर्म होइन भन्ने कुरो उही अध्याय १८ श्लोक ६६ ले स्पष्ट गर्दछ । कृष्ण भन्नुहुन्छ, आजकल धर्म भनेर गरेर आएका सबै धर्महरू छोडि एउटै ँम लाई चिन । त्यो ँम स्वयम श्री कृष्णको पार्थिव शरीरले प्रतिनिधित्व गरेको कृष्णको व्यक्तिगत आत्मा नभएर सबमा व्याप्त ँम हो ।

ँसर्व धर्मानू परित्यज्यू मामेक शरणं व्रज यस कुरोलाई उही अध्याय को श्लोक ६१–६२ ले स्पष्ट गर्दछ । ँईश्वर सर्वभूतानां हृदेश्यें डर्जुन तिष्ठति ईश्वर भनेको सबैको हृदयमा बसेको छ । कृष्णले आफू मात्र भगवान अरू सबै म भन्दा मुनिका भनेर कहिल्यै भनेनन् । पञ्च पाण्डवको आमा कुन्तिले भन्नुभएको छ ँश्री कृष्ण आफू र अरूमा फरक नदेख्ने, जगतको परम हितैषी र मित्र हुन् । साथै अनाथ र दीन दुःखिहरूको ,बेसहारा र कमजोरहरूको एक मात्र सहारा र सबैलाई उत्तिकै माया गर्ने प्राणी हुन् ।

सबैलाई माया गर्नुको मतलब आम दुनिया र गरीब निरीह जनतामाथि शोषण, दमन र अत्याचार गर्नेहरूलाई पनि उत्तिकै माया गर्ने नभई व्यक्तिगत रूपले यस्तो मानिसहरू माथि इर्ष्या नराख्दा राख्दै पनि शोषण, दमन, अत्याचार जस्ता दुष्कर्म गर्नेहरूको नाश गर्नु श्री कृष्णको जीवनको लक्ष्य हो । श्री कृष्णले रूकमणीसँग तकरार हुँदा भन्नुहुन्छ, ँविदर्भ राजकुमारी तिमीले मसँग बिहे गरेर ठूलो भूल गर्यौ । म जरासंध आदि राजाहरू देखि डराएर समुद्रको शरणमा आएर बस्नु परेको छ । अरूलाई मानिस नगन्ने ठूल्ठूला बलवानहरू सँग मेरो शत्रुता छ । मसँग कुनै राज्य छैन । म कुन सिद्धान्तमा लागिरहेको छु, मेरो सिद्धान्त के हो ? त्यो पनि मानिसहरूलाई थाहा छैन । हामीहरू समाजमा चलिरहेको सामाजिक व्यवहार पनि राम्रो सँग गर्दैनौ । हामी स्त्रीहरू सँग अनुनय बिनय गरेर रिझाउन पनि जान्दैनौ । जुन स्त्रीले हामी जस्तो मानिसको साथ दिन्छ उनीहरूले अक्सर दुखै भोग्नु पर्दछ । सुन्दरी π म त सधैको घरहीन (अकिन्चन) हुँ । म सँग न कहिल्यै केही थियो न हुनेछ । यस्तै गरीबहरू सँग म प्यार गर्दछु । अनि उनीहरू पनि मलाई प्यार गर्दछन् । यसै कारण आफूलाई धनी सम्झने मानिसहरू मसँग प्रेमभाव राख्दैनन् । श्री कृष्ण भन्नुहुन्छ , ँम स्त्री, सन्तान र धनको लोभी होइन ।

संक्षेपमा भन्ने हो भने विश्वको सबै मानिस आफू नै हो, सबै बराबर हुन् । मानिस दुई खेममा बिभाजित छन् । एउटा शोषण, दमन र अत्याचार गरेर आफ्नो मोजमज्जा र ऐेश आराम गर्ने, अर्को हो, अर्काको शोषण, दमन र अत्याचार सहेर जीउनुपर्ने । एकातिर अर्कालाई मान्छे नगन्ने र अर्कातिर विश्वका सबै मजदुरहरू र मेहनतकश जनताको दुःख, सुख र समस्याहरू एउटै हुन् भनेर मानिसहरूको दुःुख–सुखमा साथ दिने र सम्पूर्ण जनता मिलेर शोषण, दमन र अत्याचारबाट विश्व मानवलाई नै मुक्त गर्ने कार्यमा सदा तप्पर रहने । एउटा खेमा हो साम्राज्यवाद, उपनिवेसवाद, नवउपनिवेस–वाद र पँुजीवादी शोषकहरू, अर्को हो विश्व समाजवादी खेमा नव–मुक्त प्रगतिशील देशहरू शोषण, दमन र अत्याचारबाट मुक्त हुन निरन्तर सङ्घर्षमा लागिरहेको मजदुर वर्ग, मेहनतकश किसानहरू, अरू पनि मेहनत गरेर आफ्नो जीवन पाल्ने गरेका मेहनतकश जनता । सामन्ती तथा पँुजीवादी तत्वहरूले पहिलो खेमालाई समर्थन गर्छन भने विश्वको प्रगतिशील जनता र कम्युनिस्ट हरूले दोश्रो खेमामा लागेर काम गर्ने गर्दछन् ।

यहाँ आएर जातीय भेदभाव, धार्मिक भेदभाव र संकुचित राष्ट्रवाद सबै लोप भएर जान्छ । राष्ट्रवाद एक सिमासम्म काम लाग्छ । आफ्नो देशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षाको निम्ति,

देशलाई साम्राज्यवाद, नव–उपनिवेस–वाद र बिदेशी एकाधिकार पँुजीको शोषण, दमनबाट मुक्त गरेर, सामन्ती व्यवस्थालाई उन्मूलन गरेर, पँुजीवादी व्यवस्थालाई नाघेर देशको स्वतन्त्र बिकास गरी देशका जनतालाई राजनीतिक, आर्थिक र सामाजिक हरेक क्षेत्रमा देशको मालिकको रूपमा स्थापना गर्नको निम्ति स्वस्थ राष्ट्रवादको आवश्यकता छ । आफ्नो देशमा साम्राज्यवाद तथा उपनिवेशवाद र बिदेशी पँुजीको शोषण र दमन चल्न दिएर अरू देशहरू र जनतासँग बैमनस्यता फैलाउने कार्य विकृत राष्ट्रवाद सिवाय केही होइन । स्वस्थ राष्ट्रवादले अरू देश र जनतासँग समानताको आधारमा सदभावना र मैत्री बढाउनु स्वाभाविक मात्र हो ।
धर्मको सवालमा नाना थरिका धर्महरू छोडीदेउ मानिसले मानिसको आत्मालाई चिनेर सबैले सबैको हितमा लाग्नु यो कृष्णको भनाई हो भने, बुद्धको भनाई ँधर्म नैरात्यम हो । यसकोकुनै रूपरेखा छैन । बुद्ध भन्नुहुन्छ, ँमैले धर्म प्रचार गरिरहेको छैन । आफ्नो ज्योति आफै बनेर सम्पूर्ण मानव कल्याणको निम्ति काम गर्नु नै धर्म हो । आफ्ना चेलाहरूलाई बुद्धको पहिलो आदेश हो, धेरै मानिसहरूको हित गर्नको निम्ति उनीहरूलाई सुख दिनको निम्ति तिमीहरू बिचरण गर ।
आज मानवता साम्राज्यवाद, नव–उपनिवेसवाद, बिदेशी एकाधिकार पँुजी, आफ्नै देशको सामन्ती शोषक तथा उत्पीडकहरू बाट शोषण, दमन र अत्याचारको चक्कीमा पिल्सिएको छ । कम्युनिस्ट हरू यस शोषण, दमन र अत्याचारबाट मानव जातिलाई मुक्त गर्नको निम्ति विश्वको तमाम जनता आफै सम्झी संकुचित राष्ट्रवादको घेरा तोडी सबैसँग भाइचार, मित्रता जोड्नु आफ्नो कर्तव्य सम्झन्छन् । भागलपुर जेलमा भारतबासी कम्युनिस्ट साथीहरूसँग बसेर मैले यही कुरो महसुस गरें ।
रक्सौलमा बसेर बिग्रेको मेरो हेल्थ स्वतः बनेर आएपछि अर्कै रोगमा एक्सरे गराउँदा त मेरो छाती क्याल्सिफिकेशन भएर निको भइराखेको रहेछ । त्यो पक्राउ नपरेको भए भरसक टि.बी. भएर मऱ्थे होला । तर कहिले काहीं एउटा आपदले अर्को आपदलाई छोपेर नष्ट गरिदिंदो रहेछ, नत्र कहाँ गएर कुन पैसाले मैले टि.बी. को उपचार गर्ने ? ६२ किलोको मान्छे झन तौल कम भएर ४० किलोमा पुगिसकेको थियो । कहिलेकाँही एक दुर्घटनाले अर्को दुर्घटनाको असरबाट बचाउँदो रहेछ । एकचोटि ट्याक्सीमा आइरहेको थानकोट पुग्दा एउटा पांग्रा फुतकेर टाढा भागेछ तर त्यही बेला अर्कोपट्टिको पांग्रा खाल्टोमा परि बैलेन्स मिलेछ । यस्तै घटना रौतहट चुनावको प्रचारमा जाँदा म चढेको जीपको भयो ।
यसरी पक्रेर जेलमा बस्दा, १५ दिनको एक पटक १० बजे कोर्टमा हाजिर गर्न लाने र ४ बज्न पाचँ मिनेट अघि अर्को तारेख दिई पठाउने । ६ महिना यसरी बिताएर, ६ महिनाको पुगेपछि अरू ४ जना साथीहरूलाई एक–एक महिनाको कैद तोके र मलाई ३ महिनाको कैद तोकिदिए । सवाल ३ महिनाको होइन सवाल हो छुट्ने दिन फेरि पक्राउ गरी सुरक्षा कानूनमा जेल हाल्ला कि भन्ने । जे होस मैले जेल भोग्नै पर्छ । त्यसपछि चम्पारने वेतिया बस्ने जिल्ला सेक्रेटरी पिताम्बर सिंहले

मेरो केस हातमा लिनुभयो । एउटा वकिलको प्रबन्ध गर्नुभयो । ६ महिनापछि अर्को २ महिना गएपछि मैले केस जितें र मलाई मोतिहारी ल्याएर छोडिदियो । अरू साथीहरू ४ जानै छुटेर गएपछि भागलपुर जेल सरूवा गरीदेउ भनेर माग गरे अनुसार मलाई सो ७ महिनापछि भागलपुर जेल राखेको हो । त्यहाँ कम्युनिस्ट नै कम्युनिस्ट हरू सुरक्षा कानून लगाएर थुनिराखेको थियो ।

८ महिना पार गरीसकेपछि केसमा जितेर छोड्दा मलाई मोतिहारी जेल ल्याएको थियो र छोड्दा एउटा इन्टर क्लास (३ क्लासभन्दा माथिल्लो तर २ क्सासभन्दा तल्लो दर्जाको) टिकट जेलले नै दिएको थियो । मैले भने के भरोसा ? सि.आइ.डी. लागेर फेरिपनि समातिन सकिन्छ । मैले त्यो टिकट फालिदिएँ । मसँग ३६ रूपियाँ थियो । एउटा ३ क्लासको टिकटले जाने गरेर लिएँ र कलकत्ता गएँ ।

मलाई पक्रनाको मूल कारण हो मैले दिल्ली सम्झौताको बिरोध गरेकोले । कोशिस रहयो आर्मस एक्ट लगाउने । प्रमाण फेला पार्न सकेन र त्यसपछि, केही नपाएर प्रेस एक्ट लगाई दण्ड दिएको हो ।

कलकत्तामा संजोगले बाटोमा पाटन इखालखुको नारायण कृष्ण श्रेष्ठसँग भेट भयो । ४–५ दिन वहाँकहाँ नै बसियो । त्यसपछि काठमाण्डौ फर्कें । चन्द्रागिरी पहाडको शिखरमा पुगेपछि केही साथीहरू मलाई लिनको निम्ति आइरहेको देखें । वहाँहरूसँगै तल झरी थानकोट पुगें । त्यहाँ मानिसहरूको भीड रहेछ । ६० वटा ट्रकहरू आएको रहेछ । बाटोको दुबैपट्टि मान्छेहरूको भीड । यो स्वागतको प्रबन्धको मूल श्रेय का. पुष्पलाललाई जान्छ । मलाई ट्रकमा हालेर काठमाण्डौ घुमाइयो र सानो टुंडिखेल जहाँ आजकलको रंगशाला छ, मा एउटा आमसभा राखियो ।

यो सानो टुंडिखेलभरि र ठूलो टुंडिखेलको भिरालोमा मान्छेको भीड थियो । ४५ मिनेट बोलियो । पहिलो पटकको भाषण भएपनि जेल र थानामा अभ्यास गरीराखेको कारण मलाई भाषण गर्न गाह्रो लागेन । त्यसपछि त्यहाँबाट पाटन गइयो ।

यसरी कलकत्ताबाट फर्केर म बैजनाथपुर नै बस्न आएँ , पार्टी तथा किसान सङ्गठनमा लागें । मैले किसान सङ्घलाई पार्टीबाट अलग गरेर लानु सट्टा पार्टीकै अंङ्ग अथवा शाखा–हाँगाको रूपमा सङ्गठन गरेर लगें र अगाडि बढाएँ । मैले अक्सर जन वर्गीय सङ्गठनहरूलाई पार्टीसँग सम्बन्धित नभएको सङ्घ–संस्था जस्तै लगेको देख्थें । तर मेरो काम भने उस्तै चल्थ्यो, पहिले कम्युनिस्ट पार्टीको सिद्धान्त सम्झाउने, पछि गएर पार्टीसँग सम्बन्धित किसान सङ्घको कार्यक्रम सम्झाउने गर्थें । फलस्वरूप किसान सङ्घमा लाग्नेहरू कम्युनिस्ट पार्टीलाई मोटा–मोटी बुझ्रेर लाग्थे र बाहिर बाट कोही आएर ँहामी पनि किसान सङ्घका हौं र यसमा भर्ती हुने भनेर भन्न आए भने किसानहरूको सोझै प्रश्न हुन्थ्यो, कुन चाहिं किसान सङ्घको ? अर्थात् कम्युनिस्ट पार्टीको हो होइन ? यद्यपि कतिपय मानिसहरूको प्रस्ताव थियो यो सङ्गठनलाई कम्युनिस्ट पार्टी अन्तर्गत नराखी अलग सङ्घको रूपमा लानु पर्दछ । तर कम्युनिस्ट सिद्धान्तलाई राम्रोसँग

सम्झाउँदा नै मानिसहरू किसान सङ्घलाई पनि आफ्नै सङ्घ सम्झन्थे । यसले गर्दा अखिल नेपाल किसान सङ्घलाई व्यापक बनाउन सजिलो भयो, कम्युनिस्ट हरूप्रति किसानहरूको पूर्वाग्रह छिट्टै खत्तम भएर गयो ।
कतिपय मानिसहरू, जो किसान सङ्घलाई कम्युनिस्ट सङ्गठनबाट अलग गर्न चाहन्थे, उनीहरूको प्रयास असफल भयो । किसानहरूमा वर्गीय चेतनाको विकास गर्न सजिलो भयो । साम्प्रदायिक विचार नष्ट भएर गयो । वर्ग चेतनाको अभावमा आज फेरि एक चोटि नेपालमा सम्प्रदायिकता र जातीयताको विष फैलिइँदै छ, आफूलाई कम्युनिस्ट भन्नेहरूबाट पनि आ–आफ्नो निजी स्वार्थ सिद्द गर्नको निम्ति राष्ट्रियताको भावनाको सट्टा जातीयताको विष फैलाइँदैछ र उनीहरू देशमा भेदभाव बढाउँदै छन् । यस्तो नीति प्रतिक्रियावादीहरूको स्वार्थको पृष्ठपोषक नै सावित हुँदैछन् । यसरी कोही–कोही अति संख्यामा अवसरवादीहरू पनि ननिक्लेका होइनन् । यसरी अखिल नेपाल किसान सङ्घ जन मानसमा फैलियो र रौतहट, बारा, सर्लाहीमा यो व्यापक रह्यो ।
म बेला बखतमा महोत्तरी पनि जाने गर्थें, तर त्यहीं बसेर सङ्गठन गर्ने मौका पाइनँ । जहाँसम्म उपत्यकाको सवाल छ, २००७ सालको सशस्त्र सङ्घर्षपछि मोतिहारी र भागलपुर जेलबाट छुटेर मात्र जान पाएँ र किसान सङ्घ ३ शहरमा (काठमाडौं, पाटन र भक्तपुर) मात्र सिमित नभई काँठ–काठँमा पुग्यो । कहिले पैदल, कहिले साइकलमा ३ शहर वरिपरि किसानहरूमा पुग्थें । यसरी अब मेरो कार्य क्षेत्र रौतहट, बारा, सर्लाही, महोत्तरीको अलवा उपत्यका पनि भयो । जहाँ बसेपनि म आफै खटेर काम गर्थें । घरघर चहार्ने , टोलि मिटिङ्ग, ग्राम मिटिङ्ग गर्ने, सङ्घर्ष गर्ने काममा जुटथें । कमिटीमा आफ्नो मान्छे राख्ने र उनीहरू मार्फत पार्टी कब्जा गर्ने नीति मेरो थिएन । उपत्यकाको किसान सङ्गठन ८ साल, ९ साल काम गर्ने कार्यमा का. शम्भुराम पनि उत्तिकै संलग्न हुनुहुन्थ्यो । निश्चय पनि यो कार्य हामी २ जनाको मात्र थिएन, अरूपनि धैरै कमरेडहरू यसमा लागेका थिए । किसानहरू मध्येबाट नाती दाइ, सानु दाइहरू थिए । मेरो धैरै जसो भूमिगत समय नाती दाइकहाँ बित्यो र सानु दाइकहाँ पनि बस्ने गर्थें । खासगरी किसान सङ्गठनमा लागे देखि अरू पनि धैरै किसान साथीहरूकहाँ बास परेकै थियो ।
पार्टी खुलेर किसान सङ्घमा काम गरेपछि तराईमा मेरो केन्द्र थियो इन्दुबारीमा गेनाजीको टहरा । गेनाजी तराईको एउटा निम्न मध्यम वर्गीय किसान हुनहुन्थ्यो । वहाँ पार्टीमा होल टाइमर भएर काम गर्ने, वहाँहरूका भाइहरू घर हेर्ने । सीतारामजी वहाँकै कान्छो भाइ हुन् । गेनाजीकहाँ बस्दा सुत्ने, बस्ने, खाने वहाँकै जिम्मा थियो । वहाँकै आफ्नो घरायसी आम्दानीबाट । जहाँ जहाँ भूमिगत बसेपनि जसकहाँ बस्यो उसैबाट खाना खर्च इत्यादी चल्थ्यो ।
किसानहरूको बैठक अक्सर राती खाई पिईकन चल्थ्यो । दिनभरी खेतमा काम गर्नु पर्ने । दिउँसो भेटघाटको निम्ति आउने मानिसहरू हुन्थे । एकपटक सम्पूर्ण किसान समस्याहरू र यसको समाधान भनिदिएपछि किसानहरू बिना गाइडेन्स आफ्नै पहलकदमीमा काम गर्न सक्दारहेछन् र

आफ्नै प्रयासले सङ्गठन फैलाएर लान सक्दारहेछन् । हुँदा हुँदा टोलबासी र घरायसी झगडाहरू किसानहरू आफंै बसेर सुल्झाउने गर्थे, तराईमा पनि गाँउ सभा बसी सुल्झाइन्थ्यो । २००७ सालको क्रान्तिमा यद्यपि ने.क.पा. ले खुला रूपमा भाग लिन मौका पाएन, तर पनि मजदुर......–किसान छात्र युवकहरू र कति स्वतन्त्र रूपबाट पनि भए–भरका कम्युनिस्ट हरूले सो क्रान्तिमा भाग लिएका थिए, साथै क्रान्ति विरोधी र क्रान्तिका कमजोर तत्वको पनि कम्युनिस्ट पार्टीले विभिन्न माध्यमद्वारा विरोध गर्दै आएको थियो, जस्को संचालन गर्न हामी कम्युनिस्ट हरूले स्वतन्त्ररूपमा भएर पनि पूर्ण सहयोग दियौं । यसैले यो आन्दोलन मात्र काङ्ग्रेस (Congress) ले गरेका हुन भन्न न्यायसङ्ग अथवा तर्कसङ्ग होइन ।

## कम्युनिस्ट पार्टीको प्रथम सम्मेलन (**First Conference of N.C.P. Sep 27th, 1951**)

६ जनाको केन्द्रीय सङ्गठन समिति बन्यो जस्मा निम्न व्यक्तिहरू थिए :

१) का. पुष्पलाल

२) का. डि.पी. अधिकारी

३) का. शैलेन्द्र कु. उपाध्याय

४) का. मनमोहन अधिकारी

५) का. अयोध्या सिंह (C.P.I.)

६) का. तुल्सी लाल अमात्य । का. तुल्सी लाल अमात्यको नेतृत्वमा नै पार्टीको पहिलो सम्मेलन कलकत्तामा १९५१ को सेप्टेम्बर २७ (२००८) देखि अक्टोबर २ सम्ममा सम्पन्न भयो । त्यस सम्मेलनले का. पुष्पलाल लाई फेरि महासचिव चुन्यो तथा का. शैलेन्द्र र का. मनमोहन सहीतको ३ जनाको सेक्रेटरियट गठन भयो र ५ जनाको पोलिटब्यूरो सहीत केन्द्रीयसङ्गठन समितिको ठाउँमा एउटा केन्द्रीय कमिटी गठन भयो । यस सम्मेलन पछि का. अयोध्या सिंह पार्टीको केन्द्र कमिटीबाट हट्नु भयो । ने.क.पा. को नेतृत्वको सम्पूर्ण जिम्मेवारी नेपालकै कम्युनिस्ट को काधमा आयो ।

**का. पुष्पलाललाई महा–सचिवबाट हटाइनु र त्यसपछि प्रथम महाधिवेशन**

एक दिन पोलिटव्यूरो बैठक गरी का. पुष्पलाल माथि काम गर्न सकेन भन्ने चार्ज लगाएर पार्टी महा–सचिवबाट हटाउने काम भयो । हामीहरूले पार्टीको मित्रको चाल बुझेका थिएनौं । त्यसकारण हामीहरूले का. पुष्पलाल माथिको चार्जमा राम्रो छलफल गर्ने माग राख्न सकेनौं र सम्मेलनले चुनेको महा–सचिवलाई सजिलैसँग पोलिटव्यूरो बैठकले महासचिवबाट हटाउने काम भयो र वहाँलाई पोखरा, बन्दिपुर, गोर्खा इत्यादि पश्चिमी इलाकामा काम गर्न खटाएर पठाउने काम भयो ।

का. पुष्पलालको सट्टा का. मनमोहन महासचिवमा नियुक्त भए । २०१० साल माघ १७ गते (३० जनवरी १९५४) मा का. मनमोहनको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशन भूमिगत रूपले सम्पन्न भयो । यस महाधिवेशनमा का. शैलेन्द्रले पोष्ट अफिसबाट पाएको भन्दै एउटा पत्र पेश गरे । त्यो पत्र का. निरन्जन गोविन्द वैद्यले महोत्तरीको का. इन्द्र बहादुरलाई लेखेको रे । त्यो पत्र बारे न त इन्द्र बहादुरलाई थाहा, न निरन्जन गोविन्द वैद्यलाई थाहा, न मलाई नै थाहा । त्यो पत्र कसको हस्ताक्षरले लेखेको हो त्यो पनि थाहा भएन, न का. इन्द्र बहादुर मल्ललाई बोलाएर अगाडि राखेर पुर्पक्ष भयो । त्यो पत्र कसैले पढ्न पाएन र हेर्न पनि पाएन । यसलाई एकतर्फी का. शैलेन्द्रले पढे । त्यसमा का. निरन्जन गोविन्द वैद्यले का. इन्द्र बहादुर मल्ललाई र तुल्सी लाललाई समर्थन गर्नु पर्छ भनेर लेखेको रहेछ । त्यो डेढ हात लामो चिठी एक्कासी निरन्जन गोविन्द वैद्यले इन्द्र बहादुर मल्ललाई लेख्नु पर्ने कुनै कारण थिएन । मलाई लाग्छ त्यो नक्कली चिठी थियो र त्यो कीर्तिया चिठीको आधारमा म माथि र साथै निरन्जन गोविन्द वैद्य र रतनमान मास्केमाथि गुटबन्दीको आरोप लगाइयो र विना छानवीन हामीहरूलाई ६ महिनाको निम्ति भनेर पार्टी सदस्यताबाट हटाइयो । यस कार्वाहीको विरोधमा काठमाडौं, पाटन, भक्तपुर जिल्लाहरूको साथै बारा, रौतहट र सर्लाही जिल्लाहरूले विद्रोह गरे, यस कार्वाहीको विरोधमा अनेक दस्तावेजहरू लेखे । तर यी सबैकुरोलाई कुनै वास्ता गरीएन । अर्कातिर का. डि.पि. अधिकारी र का. गोपाल प्रशाई माथि पनि पार्टीमा सामन्ती घुसायो भन्ने आरोपमा पार्टी सदस्यताबाट हटाइयो । ६ महिना गयो, एकसाल वित्यो, १५ महिना गयो पार्टी सदस्यता दिने नामै लिइएन । १५ महिना पछि बसेको केन्द्रीय कमिटीको बैठकमा डा. रायमाझीले हामी बारे सवाल उठाउनु भयो र वल्ल फेरि हाम्रो पार्टी सदस्यता फर्काइयो र मलाई केन्द्रमा लिइयो र सायद पोलिटव्यूरो सदस्य बनाइयो ।

त्यो प्रथम महिधिवेशनको का. शैलेन्द्र र का. मनमोहनले हामीलाई गलत आरोप लगाएर पार्टी सदस्यताबाट निकालिएको थियो भने अर्कातिर उही महाधिवेशनको अन्तिम दिनहरूमा का. शैलेन्द्र र का. भाष्कर – का.मनमोहनको दायाँ बायाँ हातहरू माथि गम्भीर आरोपहरू आइपरे र वहाँहरूलाई पार्टी सदस्यताबाट हटाउन का.मनमोहन बाध्य भए ।

फेरि पनि का. मनमोहनको पकड पार्टीको केन्द्रीय कमिटीमा राम्रै थियो । १५ जना केन्द्रीय कमिटीका सदस्यहरू मध्ये १० जना वहाँ कै निजी घनिष्ट साथीहरू थिए, सबै एक जातीय । निश्चय पनि पार्टी निमार्णमा यो कुनै स्वस्थ परम्परा हो भनेर भन्न सकिन्न ।

यसैवीच जनबादी चीनबाट चिनीया कम्युनिस्ट पार्टीको महाधिवेशनमा भाग लिन नेपाल कम्युनिस्ट पार्टीलाई निम्तो आयो । का. मनमोहन, का. शम्भुराम र का. कमर शाह पार्टी प्रतिनिधिको रूपमा कम्युनिस्ट पार्टीको सो महाधिवेशनमा भाग लिन गए । का. मनमोहन विमारीको कारण ३ वर्ष चीनमा नै रोकिनु पर्यो । वहाँको छत्रछायाँ नपाएपछि वहाँले पार्टी केन्द्रमा ल्याएका वहाँका साथीहरू पार्टी केन्द्रबाट कसरी झरेर गए थाहा पनि भएन । वहाँहरू को को हुन्

अहिले सम्झना गर्न पनि गाह्रै छ । आफ्नो बलबुताले पार्टी कार्य गरेर योग्यताको आधारमा पार्टी केन्द्रमा पुगेको भए उनीहरू यसरी लोप भएर जाने थिएन । तर उनीहरू सजिलैसँग आए सजिलैसँग गए ।

प्रथम महाधिवेशन अगावै २००८ सालमा का. मनमोहनको महामन्त्री कालमा डा. के.आई. सिंहबाट २४ घण्टा सिंहदरवार कब्जा गर्ने काम भयो । महासचिवको हैसियतले का. मनमोहनबाट यसलाई समर्थन गरी सम्पूर्ण जनतालाई आ–आफूसँग भएको जे जस्तो हतियार छ लिएर बाहिर निक्लने आव्हान गरी पर्चा छरियो । का. मनमोहन कहाँ लुक्नु भयो कसैलाई थाहा भएन । वहाँले आव्हान गर्ने वित्तिकै जनता किन निक्लन्थे ? न पार्टीले त्यसबेला कुनै क्रान्तिकारी दस्ता नै तयार गरेको थियो । क्रान्ति भन्ने कुरो कसैको इच्छामा हुँदैन भन्ने कुरो शायद वहाँलाई याद भएन । यस्तो स्थितिमा त्यसबेला जो कार्य भयो वामपन्थी बचपना कार्य भन्दा अरू भन्न मिल्दैन । नतिजा यो भयो कि जनता त हतियार लिएर बाहिर आएनन् , २४ घण्टा पछि डा. के.आई. सिंह स्वयं सिंहदरवार छाडी भागेर तिव्वत भएर जनवादी चीनमा शरण लिन पुगे र नतिजा यो भयो कि मातृका सरकारबाट नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउने काम भयो र नेपाल कम्युनिस्ट पार्टीले एक पटक फेरि भूमिगत भएर काम गर्नु पर्‍यो ।

वामपन्थी उग्रवादी नाराले पार्टीलाई नोक्सान सिवाय कहिल्यै फाइदा गर्दैन र ४ वर्षसम्म पार्टीले प्रतिबन्धित रूपमा काम गर्नु पर्‍यो । टंक प्रसाद आचार्य प्रधानमन्त्री भए पछि नै वहाँले पार्टीले सम्वैधानिक राजतन्त्र मान्ने शर्तमा २०१३ बैशाख ४ गते पार्टी माथिको प्रतिबन्ध हटाई दिनु भयो र पार्टीले फेरि कानूनी रूपले खुल्ला काम गर्ने मौका पायो ।

यसरी दिल्ली सम्झौताको विरोधको कारण म मोतिहारी जेलको ६ महिने कैदबाट छुटे पछि खुला रूपले खुला वातवरणमा चार महिनासम्म काम गर्न पाएँ , तर १९५१ (२००८) मा मातृकाप्रसाद कोइरालको प्रधानमन्त्रीत्व कालमा नेपाली काङ्ग्रेसले कम्युष्टि पार्टीमाथि प्रतिबन्ध लगायो । जो चार वर्ष पछि टंक प्रसाद आर्चायको प्रधानमन्त्रीत्व कालमा १९५५(२०१२) मा हटाइयो । यस अवधि भरि हामीले भूमिगत रहेर काम गर्‍यौं ।

**किसान आन्दोलन (२००७ - २०१४)**

२००७ साल सम्म नेपालमा राणा प्रधानमन्त्रीत्वमा राणाशाही व्यवस्था कायम भयो । त्यसपछि सशस्त्र सङ्घर्ष पछि (राणा–नेपाली कांग्रेस) को संयुक्त सरकार बन्यो । पछि यो सरकार मातृका प्रसाद कोइरालाको प्रधानमन्त्रीत्व (नेपाली कांग्रेस) मा एकलौटे सरकारमा बदि्लयो । २०१० सालको आषाढ महिनामा दोश्रो पल्ट मातृकाको नेतृत्वमा अर्को मन्त्री मण्डल बन्यो । यस मन्त्रीमण्डले प्रजातन्त्रको मौलिक मूल अधिकारमा आघात पुग्ने गरी सर्वोच्व न्यायलयको अत्तिम निर्णय गर्ने अधिकार खत्तम भयो । २०१० सालकै फागुन महिनामा यस सरकारमा मन्त्रीहरूको फेरबदल गरी मातृकाको नेतृत्वमा अर्को मन्त्रीमण्डल बन्यो ।

**किसान आन्दोलन** (*तमसुक फट्टा आन्दोलन*)

नेपालमा ३ करोड आबाद योग्य जग्गा छ । तर यत्तिको जग्गा भएर पनि मेहनत गरी खाने जनताको हातमा या त खेत छैन अथवा सालभर  खान पुग्ने खेत छैन । हजारौं बिघा खेतहरू आजपनि सामन्तहरू कै हातमा छ । किसानहरू काम गरी खान चाहन्छन् तर उनीहरूको हातमा खेतवारी छैन । उनीहरू ऋणमा डुबेका छन् । सामन्तहरूको खुशामद नगरी किसानहरूको पेट भर्दैन । यस बाहेक सामन्तहरूले किसानहरूलाई मारपिट गर्ने  र मन चाहे दण्ड दिने हक उनीहरूको हातमा आज पनि छ । फलस्वरूप यिनीहरू र घरमा पालिएका पशुहरूको जीवनमा कुनै फरक छैन, आज कालान्तरको दास प्रथा नभएता पनि दासको ठाँउ किसानहरूले र मालिकको ठाउँ सामन्तहरूले लिएका छन् ।

बारा, रौतहट, जिल्लाका किसानहरू माथि शोषणका विभिन्न तरीकाहरू लादिएका थिए । हनुवई, पंतुगिरी, गडीबानी, चलिसाह, पथलपुजाई सलामी दस्तुर बेदखली, जनौरी, जालसाजी, किर्ते व्याज आदि विभिन्न तरीकाद्वारा उनीहरू कहिल्यै माथि उठ्न नसक्ने अवस्थामा थिए । यी मध्ये ँजनौरी हनौरी बाराको सबभन्दा घृणित शोषणको तरीका थियो । यसमा यदि कुनै किसानले ऋण तिर्न नसकेको खण्डमा ऊ त्यस साहू , जमीन्दार वा सामन्तको घरमा बन्धकको रूपमा बसी जिन्दगी भर काम गर्नु पर्दथ्यो । उसले अरू कसै कहाँ काम गर्न पाउँदैनथियो । यदि अरू कसै साहूले साँवा व्याज समेत ऋण तिरी दियो भने त्यो किसान नयाँ साहूकहाँ गएर कमारो बस्नु पथ्र्यो । यो एक प्रकारको दास प्रथानै थियो । बारामा एक मन धान शोषकसँग ऋण लियो भने साढे दस पसेरी अथवा सावाँ भन्दा व्याज बढी लिइन्थ्यो । झूठो ज्यानमारा र डकैतीको उजूर गराएर किसानहरूलाई मुद्दामा फसाउने धम्की दिइन्थ्यो । झूठो दर्खास्त निवेदन वा आफूलाई मन लागेको कागजमा सही गराएर पछि तमसुकमा परिणत गरीन्थ्यो । नक्कली सही र जाली कागज तैयार गरेर बाबु बाजेको ऋण भनेर झूठो तमसुक तैयार पारी छोरा नातीलाई दुख दिइन्थ्यो । डेढी व्याजले किसानहरू पिसिएका थिए । उनीहरूले कमरा र कमारी भएर जीवन विताउनु पर्ने हुन्थ्यो । यस्तो जालसाजी र किर्ते काम गरेर जाली फटाह र सामन्तहरूले गाँऊ गाँऊका किसानहरू पशु समान जीवन विताई रहेका थिए ।

यी किसानहरूमा व्यापकरूपले काम गर्दा यिनीहरूमा वर्ग चेतनाको भावना आइसकेको थियो । अब यिनीहरू धर्म जस्तो कि हिन्दू–मुस्लिम को आधारमा होइन, न त जातपातको आधारमा तर सबै गरीब र शोषित किसान जनताहरू सबै शोषकहरूको विरूद्धमा एक भएर गोलबद्ध भए । अब पार्टीको आव्हानमा सबै प्रकारको सामन्ती शोषणको विरोधमा जुध्न तैयार भए । यिनीहरूले ठाँउ ठाँउमा ँसमानताको सङ्घर्ष गरे । पार्टीको आव्हानमा हली, गोठाला, कामी, कर्मी, धोबी, नाऊ सबै कामदार जनताले शोषककहाँ काम गर्न जान बन्द गरीदिए र यो एक प्रकारको ँसामाजिक बहिष्कार हड्ताल थियो । यसमा कतिपय पुलिसहरूले कुरा बुझ्दा खेरी जनताकै साथ दिए ।

किसानहरूले आफ्नो स्वयंसेवकहरू तैयार पारेका थिए र यिनीहरूले कतिपय लोक हितकारी कार्यहरू पनि चालु राखेका थिए । पुलिस र प्रशासनबाट आतंकित जनता किसान अफिसमा गएर न्याय माग्थे र उजूर गर्थे किसान सङ्गठन किसान जनता जनतासम्म पुग्थे । किसानहरू पार्टीलाई चन्दा दिन स्वयं अफिसमा पुग्दथे । पार्टीको आर्थिक अवस्था बलियो हुँदै गयो । १९५२ मा बारा, रौतहट र सर्लाहीमा एउटा ठूलो किसान "तमसुक फट्टा आन्दोलन" आन्दोलन भयो । जनताको एकतामा कत्तिको तागत छ भन्ने कुरो सर्लाही, बारा र रौतहटको किसान आन्दोलनले अरू साफ गरीदिएको छ । जुन किसानहरूलाई सामन्तहरूले आफ्नो गाई गोरू भन्दा पनि लापर्बाही र निर्दयता पूर्वक व्यवहार गरी आएका थिए, उही किसानहरूको सँगठित इनक्लाबी नाराले सामन्तहरूको सातो लिएका थिए । सामन्तहरू तथा सामन्ती सरकारका अफिसरहरूलाई नै पक्रेर ल्याएका थिए र सामन्ती सरकारका अफिसरहरूले किसानहरूको सँगठित आन्दोलनदेखि डराएर जिल्ला छोडी भारतमा शरण लिन जानु परेको थियो ।

यस आन्दोलनमा यी जिल्लाहरूका तीन लाख किसानहरूले सक्रिय भाग लिएका थिए । यी किसानहरूका २० लाख वटा (रू. दुई करोड बरावरको) जति जाली तमसुक (debt bond) लाई सार्वजनिक रूपमा जलाइएको थियो ।

यस आन्दोलनका नाराहरू थिए– "जाली तमसुक रद्द गर", "जाली फटाहालाई दण्ड देऊ", "वारेण्ट भएका किसान कार्यकर्ताहरूको वारेण्ट रद्द गर", "मोहियानी हक कायम गर", "कम्युनिस्ट पार्टी माथिको प्रतिबन्ध रद्द गर","प्रति मजदुरलाई ४ सेर धान देऊ",(पहिले खेतहीन किसानको ज्याला डेढ सेर मात्र थियो) "एक मन धान ऋण लिएमा एक पसेरी मात्र व्याज होस्"। (पहिले त्यसको डेढ मन व्याज थियो) । पार्टीले किसानहरूलाई आव्हन गर्दा सबै एक गोल भई यस सङ्घर्षमा के बच्चा, के बूढा, के आइमाई सबै निस्के । बारा, रौतहट, र सर्लाही सङ्घर्षको आगोले रातो भयो । एक–एक गर्दै सबै सामन्तीहरूको घरमा गई तमसुक सुर्पुद गर्ने आदेश दिन्थे । कागजात जफत गर्थे र नक्कली तमसुक च्यातेर जलाई दिन्थे ।

राजनैतिक चेतना कमजोर भएको इलाकामा आर्थिक नारा र लाभ नभैकन किसान आन्दोलन अगाडि बढाउन मुश्किल हुन्छ । आर्थिक सङ्घर्षले किसान सङ्गठनलाई झन् मजबुत बनायो । यस विशाल किसान आन्दोलनबाट तर्सिएका कतिपय सामन्तीहरू आफैले यी जाली तमसुकहरू जलाउनमा स्वयंसेवीको रूपमा मद्दत पनि गरेका थिए । यी तीन जिल्लाहरूमा कुनै पनि सरकार थिएन । यिनीहरू सीमा पारी भारतको बैरगनिया भन्ने छिमेकी सानो शहरमा शरण लिन पुगेका थिए ।

किसानहरूमाथि भैरहेको अन्यायको विरूद्ध गरेका हरेक सङ्घर्षमा सरकारले किसानहरूको साथ दिई न्याय दिलाउने सट्टा अरू वखत सामन्तहरूकै पक्ष लिई किसानहरूलाई दबाउदै आएका छन् । किसानहरूलाई दबाउनको निम्ति सामन्तहरू तथा सामन्तहरूको प्रतिनिधित्व गर्ने त्यस सरकारले किसान तथा किसान कार्यकर्ताहरू माथि लाठी, गोली, जेल, झूठा मुद्दा देखि लिएर

किसानहरूको घर द्वार लुट्ने, महिलाहरूको बेइज्जती गर्ने तथा गुण्डा लगाई पिटाउने र कैयन किसानहरूलाई शहीदसम्म पनि बनाउने काम गरेका छन् ।

तर निश्चय छ, यस अत्याचार र दमनले किसानहरूको उत्साहलाई मार्न सक्ने छैन । एकपटक आँखा खोली सकेका किसानहरू फेरि किन सुत्छन् र ? किसानहरूलाई अझ बढ्ता एकीन भैसकेको छ कि विना सङ्घर्ष सामन्तहरू तथा सामन्ती सरकारले किसानहरूको कुनै पनि जायज माग पनि पूरा गर्ने छैन । रौतहट आन्दोलनले साफ देखाएको छ कि कानून समेत भङ्ग गरी शोषण व्यवस्था कायम गर्ने काममा सरकारले सामन्तहरूलाई खुले आम मद्दत दिएको छ । सरकार एकातिर कानून बनाउँदछ अर्कातिर सो कानून भङ्ग गर्ने काममा हर वखत सामन्तहरूको साथ दिन्छ । जे सुकै होस् अब मेहनतकश जनताले आफ्नो ताकतको साँचो पत्ता लगाई सकेका छन् ।

यसरी किसानहरूको आन्दोलनको दौरान मनमोहन अधिकारी जो कम्युनिस्ट पार्टीको महासचिव भैसक्नु भएको थियो, पोलिटव्यूरोको मिटिङ्गमा किसान आन्दोलनलाई (Extremist Struggle) उग्रवादीको संज्ञा दिई यसको विरोधमा पार्टीको तर्फबाट पर्चा छर्नुभएको थियो ।

यसरी डा.माझी भन्दा पहिलेका पार्टीको महामन्त्री मनमोहन–शैलेन्द्र गुटले पनि किसानहरको सँगठित ताकतमा आधारित किसान सङ्घर्षलाई बढाउनु सट्टा यस बाटोलाई त्यागी यस सङ्घर्षलाई अदालती मुद्दामा सिमित गर्नुभयो । समीक्षाको मदनमणि दिक्षीत र धनुष चन्द्र गौतम (then C.C.M. and now director of information department of the Panchayat Government) रौतहट किसान आन्दोलनलाई शान्त पार्न जानु भयो तर मदनमणि दिक्षीतले साप्ताहिक समीक्षामा लेख्नु भएअनुसार किसानहरूद्वारा यसरी लखेटिनु भयो कि वहाँहरू एउटा ट्र्याक्टरको गति भन्दा पनि तेज गतिले त्यहाँबाट भागेर आउनु भयो ।

विष्णु बहादुर मानन्धर, जो वहाँ आफै रौतहटको एक सामन्ती परिवारबाट आउनु भएको हो र नेपाली काङ्ग्रेसमा हुनुहुन्थ्यो, यस विशाल किसान आन्दोलनबाट धेरै प्रभावित हुनुभयो र १९५४ कम्युनिस्ट पार्टीमा आवद्ध हुनुभयो । भित्र आउनु (Entry) भए पछि वहाँले मलाई उग्रवादीको संज्ञा दिंदै आलोचना गर्नुभयो र किसानहरूको क्रान्तिकारी भावनालाई नै शान्त पार्ने प्रयास गर्नु भयो । यसरी वहाँको किसानहरूलाई शान्त पार्ने प्रयासले गर्दा पार्टी आज किसानहरूबाट झन् झन् टाढा हुन पुग्यो ।

सन् १९५६ मा भएको कम्युनिस्ट पार्टीको द्वितीय महाधिवेशन भन्दा केही समय अघि डा.केशरजंग रायमाझी नेपाल कम्युनिस्ट पार्टीको कायम–मुकायम महामन्त्री चुनिनु भएको थियो । वहाँको हातमा नेतृत्व गएपछि वहाँको पहिलो कार्य भयो आफ्नो अनुकुल एक गुट तैयार गर्नु । यस गुटले पार्टीलाई एक सङ्घर्षशील क्रान्तिकारी बनाउनु सट्टा यसलाई एक शिथिल र समझौतापरस्त पार्टी बनाउने काम गरे ।

सामन्तहरूप्रति वहाँको प्रस्ताव थियो, सामन्ती शोषण र दमनको विरोधमा किसान सङ्घर्षलाई तीब्र पारेर मेहनतकश किसानहरूमा वर्ग चेतना दिई क्रान्तिकारी सङ्गठन बनाएर लैजानु सट्टा

ँकिसान र किसानहरूको सम्बन्धलाई सामन्यीकरण गर्नु किसान र सामन्तहरूको बीच वर्ग सङ्घर्षको बदला वर्ग समन्वयमा जोड दिनु ।
थाहा पाइएको कुरो हो कि किसानहरू माथि सामन्ती शोषण र दमन किसानहरूका सँगठित ताकतमा आधारित किसान सङ्घर्षले मात्र हटाउन सकिने कुरो हो । स्पष्टतः वर्ग समन्वयनको नारा किसानहरूमाथिको शोषण र दमनलाई चिरस्थायी बनाउने नारा हो । हुन त डा. माझी भन्दा पहिलेका पार्टीको महामन्त्री मनमोहन–शैलेन्द्र गुटले पनि किसानहरूको सँगठित ताकतमा आधारित किसान सङ्घर्षलाई बढाउनु सट्टा यस बाटोलाई त्यागी, यस सङ्घर्षलाई अदालती मुद्दामा सिमित गर्ने कार्य गरीसकेका थिए । वहाँहरूले रौतहटको किसान सङ्घर्षलाई समर्थन गर्ने सट्टा यस सङ्घर्षलाई उग्रवादी सङ्घर्ष भनी यसको विरोधमा पार्टीको तर्फबाट पर्चा समेत छरेका थिए ।
डा. माझी पार्टी भित्र घुसेको संसोधनवादी विचारलाई खत्तम गर्ने सट्टा यसलाई अझ पुष्ट गर्ने कार्य गरे । किसानहरू माथिको शोषण र दमनको विरोधमा किसान सङ्घर्ष उठाउने सट्टा का.मनमोहन–शैलेन्द्र गुटले थालेको अदालतमा मुद्दा लड्ने कामसम्ममा पनि शिथिलता ल्याई किसान र सामन्तहरूको बीचको सम्बन्धलाई सामन्यीकरण गर्ने, किसान र सामन्तहरूको बीच मेल मिलापमा जोड दिने कार्य गरे ।
कम्युनिस्ट  पार्टीको नीति हो सामन्ती जमीन कब्जा गरी सो जग्गा विना मुआवजा अथवा बिक्रि वितरण गरी खेतहीन र गरीब किसानहरूमा नि:शुल्क वितरण गर्नु र यसको निम्ति किसानहरूमा वर्ग चेतना दिई भावी क्रान्तिकारी सङ्घर्षको निम्ति तैयार गर्नु ।
यस सिद्धान्तलाई छोडी डा. माझीको पार्टी भित्र एक नयाँ प्रस्ताव हो ँजमीन हदबन्दीको प्रस्ताव। आज राजाले गरेको भूमि सुधारमा जमीनमा हदबन्दी गरीएको छ । यस हदबन्दी भित्र जमीन लुकाउने, बढी जमीन बेच्ने प्रशस्त मौका पाए । खेतहीन, गरीब तथा निम्न मध्यम किसानहरूको हातमा एक टुक्रा जमीन पनि परेन ।
स्पष्टतः सामन्ती जमीन कब्जा गरी किसानहरूमा वितरण गर्ने कार्यक्रम त्यागी जमीनमा हदबन्दी गर्ने प्रस्ताव सामन्तहरूको स्वार्थ रक्षा गरी मेहनतकश किसानहरू खास गरी खेतहीन गरीब र निम्न मध्यम किसानहरूलाई धोका दिने राजनीति हो र संशोधनवादी राजनीतिले आम मेहनतकश किसानहरूलाई कसरी धोका हुन जान्छ भन्ने कुरोको एक नमुना हो ।
द्वितीय महाधिवेशनको तैयारीको दौरान बसेको केन्द्रीय कमिटीको बैठकमा डा.माझीद्वारा उपरोक्त प्रस्ताव ल्याँउदा का.शम्भुराम र डा.माझीसँग सहमत थिए । भूमिको सवालमा अहिले पनि पुष्पलाल र डा.माझी गुटले यस भूमि सुधारलाई क्रान्तिकारी भूमि सुधार भनेर समर्थन गरे भने पुष्पलालजीले पनि यसलाई पाँचौं केन्द्रीय कमिटीको वैठकले पास गरेको भूमि सुधारसम्बन्धी प्रस्तावद्वारा समर्थन गर्ने नै काम गरे । पुष्पलालसहीत अन्य केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरूको बहुमतद्वारा यो प्रस्ताव पास गरीएको थियो ।

यसरी रौतहट र वरिपरिका जिल्लाहरू सामन्ती शोषणको विरूद्व सङ्घर्षको लाल किल्लामा प्रख्यात भयो । यस सङ्घर्षमा कतिपय किसानहरूले पुलिसको अत्याचारबाट ज्यान गुमाउनु पऱ्यो भने किसान आन्दोलनको आक्रोसमा कतिपय कुख्यात जाली, फटाहा, सामन्ती र अत्याचारीहरू मारिए । र म किसानहरूको समस्या र उनीहरूलाई चेतनशील बनाउने कार्यमा यसरी आफुलाई विर्से कि १० सालमा पार्टी केन्द्रमा सम्बन्ध नराखी गुटबन्दी गरेको आरोपमा मलाई पार्टीको केन्द्रीय समितिबाट निस्काशन गरीयो ।

पछि मलाई अर्कै रोग भयो । ज्वरो आएको थियो । यही ज्वरोले यस्तो कमजोरी ल्यायो कि २–३ मिनेट हिंडेपछि चल्न नसक्ने । बम्बै गएर डा.वालिगाको रेखदेखमा उपचार गराइयो । बम्बै अस्पतालमा भर्ती गरीयो । यता काठमाण्डौंको डाक्टरले मुटु विग्रियो भनेको त्यहाँ स्क्रीनिङ्ग गरेर भनियो कि मुटु विग्रेको होइन, Epicardic pad of fat लेखिदियो । डाइटमा सुखा रोटी र सागमात्र खाएर बसियो । साना साना टाब्लेटहरू दिइयो । नेपाल फर्केर पनि उही डाइट र टाब्लेटहरू चालु रह्यो, निको भएको होइन ।

त्यसबेला पार्टीसँग कचमच चल्न थाल्यो । मलाई फूलझरी कुरा गरेर नेता भइ रहने एकदुई जनाको चाल–चलन मन परेन र त्यसै बसिवियाँलो यसबारे गफसफ निक्ले । यसैमा गुटबन्दी गऱ्यौ भनेर मलाई ६ महिनाको निम्ति पार्टी सदस्यबाट वर्खास्त गरीयो । पार्टी सदस्य नभए पनि किसान सङ्घको अध्यक्षको हैसियतले म काम गर्थे । मलाई डा. माझी र अन्य पाल्पाका साथीहरूले पाल्पा बोलाउनु भयो । ३ मिनेट पनि हिंड्न नसक्ने मान्छे २ वटा पहाड चढेर जानु पर्ने पाल्पा कसरी पुग्ने भन्ने समस्या रह्यो । मैले सोचें बोलाएको बेला जानुपर्छ, ७ दिन लगाएर भए पनि जाउँला । खस्यौली बजार भरखर बसेको । झारपातबाट बनेका होटलहरू थिए । त्यहाँसम्म बस जान्थ्यो । त्यहाँबाट ७ कोस जति हिंड्नु पर्ने र २ वटा पहाड नाघेर जानु पर्ने । खस्यौलीमा भात खाएँ । म माथि वारेण्ट थियो । खस्यौलीबाट हिडें । दोभान पुगेपछि अत्यन्त थकाई लाग्यो । हिंड्नै नसक्ने जस्तो भयो । तर के गर्ने ? फर्केर आउँ भने एक कोश जति हिंड्नु पर्ने । अगाडि बढ्यो डेरा (बास) कहाँ पाउने हो ठेगान छैन । नदी पारी पुगें । लिम्बूहरूको एउटा नाच भइरहेको थियो, एकछिन उभिएर हेरें, फेरि अगाडि बढें । १५–२० मिनेट गएपछि एउटा घर आइपुग्यो, त्यहीं बसें । भोलिपल्ट विहानै उठेर गएँ र उही दिन साँझ पाल्पा पुगें । आश्चर्य लाग्यो मैले त रोग विर्सेकोमा । २–४ दिनपछि प्यूठानबाट बोलाहट आयो । ठूलाठूला पहाड चढी त्यहाँ पनि पुगें । फर्केर पाल्पा पुगेपछि दाङ्गको बोलाहट पाएँ, फेरि त्यहाँ पनि गएँ । मैले भन्न सकिन मेरो रोगकहाँ कुनबेला कसरी गायव भयो ।

यस्तै अर्को एउटा रोग अनायस निको भएको छ । मेरो कपाल भारि भएर आधा किलोको बोझ राखेको जस्तो लाग्थ्यो । जहिले पनि भारी । एक रात स्वप्नमा मैले एउटा तगडा जवान पहेंलो रङ्गको लुगा र खुट्टामा खडाउ लगाएर आएको योगी देखें । उनले मेरो दायाँ कान मुनि एकचोटि थिचिदिए वा कान मुनि अर्को चोटि थिचिदिए, दायाँ कान थिच्दा त्यहाँबाट एकलाइन करेण्ट वायाँ

कोण हानेर माथि गए जस्तै भयो । वायाँ थिच्दा त्यहाँबाट अर्को कोण हानेर करेण्ट गए जस्तो लाग्यो । विहान उठ्छु त मेरो कपालको बोझ खत्तम ।
मलाई लाग्छ सङ्कट आयो भनेर डराउनु पर्दैन, एउटा सङ्कटले अर्को सङ्कटको असर मेटेर जाँदो रहेछ । मलाई रक्सौलमा समातेर नलगेको भए टि.बि. रोग बोकेर अहिलेसम्म मरिसक्थे होला । पछि जेलमा बस्दा ँबि क्लास खाना पाएपछि ती सबै कसर निक्लेर गयो ।

**डा. रायमाझीको नेतृत्व र पार्टीको दोश्रो महाधिवेशन**
का. मनमोहन अधिकारी जनवादी चीनको कम्युनिस्ट पार्टीको महाधिवेशनमा भाग लिन जानु भयो । पछि डा. रायमाझी पहिले कार्यकारी महासचिव बने र वहाँ कै नेतृत्वमा २०१४ जेष्ठमा पार्टीको दोश्रो महाधिवेशन भयो र का. पुष्पलाललाई हटाएर डा. रायमाझी पार्टीको महासचिव चुनिए । का. पुष्पलालको हारको मूल कारण हो राजतन्त्रप्रति वहाँको दोहोरो नीति ।
महाधिवेशनको हलमा जाँदाजादै बाटोमा पार्टी अखबार ँमशालमा वहाँको एउटा लेख छापिएको थियो, जस्मा डा. रायमाझीले लेखेको प्रस्तावित पार्टी कार्यक्रम लिखित रूपमा संवैधानिक राजतन्त्र नमानेकोले का. पुष्पलालले डा.रायमाझीमाथि अझ उग्रवादी हो भन्ने आरोप लगाउनु भएको थियो । हलमा पसेर जसै महाधिवेशन सुरू भयो, वहाँले हलको हावा कता वगिरहेछ भन्ने बुझेर तुरून्तै गणतन्त्रको पक्षमा बोल्न थाल्नु भयो । वहाँको यस पैतरेवाजीलाई धेरैले ठीक मान्न सकेनन् । मान्छेको आफ्नो अडान हुन्छ चाहे त्यो गणतन्त्रको होस् वा संवैधानिक राजतन्त्रको । यस्तो अडान खास राजनैतिक विश्लेषणमा आधारित हुनुपर्छ, न कि हलको रूख हेरेर निर्णय गर्ने । वहाँको यस चाललाई भारतीय कम्युनिस्ट पार्टीको महासचिव का. अजय घोषले, ँएक भयङ्गकर अवसरवादीताको संज्ञा दिएका थिए । यस गल्तीले गर्दा वहाँ महासचिवमा चुनिनु भएन र डा.माझी महाधिवेशनमा महासचिव चुनिनु भयो । त्यस महाधिवेशनको तैयारीको दौरान का.शम्भुराम र मेरो अडान सुरूदेखि गणतन्त्र नै थियो ।
डा. रायमाझी समूहले पेश गरेको दस्ताबेजमा पार्टीको पहिलेको अडान कि सामन्तहरूको जमीन उनीहरूको परिवार पाल्न पुग्नेसम्म छोडी बाँकी जमीन जफत गरी किसानहरूमा वितरण गर्ने भन्ने कुरो जो थियो यसलाई छोडी यसको सट्टा जमीन हदबन्दी गर्ने नयाँ नारा अगाडि ल्याए । का. शम्भुराम, का.गोपाल प्रशाईं र म, तुल्सी लाल अमात्यले यसको विरोधमा पुरानै माग रहनुपर्छ भन्ने अडान लिएका थियौं । हाम्रो भनाइ हो जमीन हदबन्दी गर्दा सारा जमीन सामन्ती परिवारमा लुकेर जान्छ । आखिर पञ्चायती व्यवस्थाले जमीन हदबन्दी गर्‍यो र कुनै जमीन खेतहीन किसानहरूमा वितरण गर्नको निम्ति निक्लेन पनि । नभन्दै सम्पूर्ण जमीन सामन्ती परिवारमा नै लुकेर गयो । महाधिवेशनमा पेश गरेको दस्ताबेजमा अर्को मार्काको बुँदा हो सामन्तहरू र किसानहरूको बीचमा सम्बन्ध सामान्यीकरण गराउनु र वर्ग सङ्घर्षको सट्टा वर्ग समन्वयको नीति अपनाउनु ।

जहाँसम्म वर्ग सङ्घर्षको कुरो छ, का. मनमोहनकै महासचिवकालमा यसलाई नकारी किसान समस्याहरू अदालतमा लैजाने कुरो उठिसकेको थियो । २००९ सालको बारा, रौतहट, सर्लाहीको किसान आन्दोलन हुँदा यसको विरोध गरी का. मनमोहनको नेतृत्वमा केन्द्रबाट पर्चा छरिएको थियो र यो सङ्घर्ष साम्य गर्न केन्द्रबाट का. मदनमणि दीक्षित र का. भाष्कर खटाएर पठाएका थिए , तर किसानहरूले वहाँहरूलाई डण्डा लिएर लखेटेर पठाएका थिए । का. मदनमणि दिक्षितको भनाई रह्यो वहाँहरू दिन्दू भएकोले मुसलमान किसानहरूले वहाँहरूलाई लखेटेको भन्ने वहाँहरूको गलत समझदारी हो, कारण त्यसबेला रौतहटका किसानहरूमा साम्प्रदायिकता वा धार्मिक भेदभावको रत्ति पनि भावना थिएन ।

जे होस् डा. रायमाझी समूहबाट पेश गरेको दस्ताबेज बैठकबाट अस्वीकृत भई त्यसै खारेज भयो । यसरी द्वितीय महाधिवेशनले कुनै स्पष्ट लाइन दिन सकेन । फेरि पनि पार्टीको काम भने राकिएन कारण डा. रायमाझीघनिष्ट कामरेडहरूले बाहेक अरूहरूले पार्टीको राजनीतिक प्रचार चिनीया कम्युनिस्ट  पार्टीको दस्ताबेजहरूको आधारमा अगाडि बढाउदै गए । समय समयको घटनाहरूमा पार्टी केन्द्रको बैठकको निर्णय भएर जाने गथ्र्यो र स्थानिय समस्याहरूलाई स्थानीय नेताहरूले नै टुंग्याउने र समाधान गर्ने काम हुन्थ्यो ।

डा. रायमाझीको महासचिवकालमा पार्टी भित्र वहाँको प्रयास वहाँ जस्तै नरमपन्थीहरूको एक समूह तयार गर्दै जानु रह्यो र का.डि.पि. अधिकारी, का.कमर शाह, का.पी.बि. मल्ल, का. विष्णु बहादुर मानन्धर इत्यादि वहाँको पक्षमा थिए । १७ जनाको केन्द्रमा ९ जना नरमपन्थी डा.रायमाझी जम्मा गरीराखेका थिए , ताकि केन्द्रमा वहाँको लाइन हरवखत पास हुन सकुन् ।

**२००७ सालको सशस्त्र सङ्घर्ष पछि प्रजातन्त्रको स्थिति र २०१४ सालको भद्र अवज्ञा आन्दोलन**

२००७ सालको शसस्त्र सङ्घर्षको विजयपछि फागुण ७ गते श्री ५ त्रिभुवनको घोषणाले ँहाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुुसार होस्ं भन्ने कुरो व्यक्त गरीएका थिए र यस्तै २००८ आषाढ १४ गते श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहको वक्तव्यमा निम्न कुरा व्यक्त गरीएको थियो ँआजको बीसौं शताव्दीमा यो कुरो निश्चय नै भइसकेको छ कि जबसम्म कुनै देशको शासन व्यवस्था लोकतन्त्रात्मक ढङ्गबाट हुँदैन तबसम्म त्यो देश तथा त्यो देशका जनताहरू फल्न फुल्न सक्तैनन् ।ं

यी घोषणा र वक्तव्यहरूको बावजूद संविधान सभाको चुनाव त एकातिर पन्छिदै गए भने अर्कातिर संसदीय चुनाव पनि असम्भव प्राय: भएर गयो । ९–९ महिनामा मन्त्री मण्डल फेरिन थाल्यो । प्रजातन्त्र झन् झन् टाढा हँुदै गयो । यसैकारण नेपाल कम्युनिस्ट  पार्टीले का. मनमोहनको महासचिवकालमा पार्टी प्रतिबन्धित हालतमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट  पार्टीको बीच एउटा ँलाय जोंं समिति बनाएर जन अधिकार सङ्घर्ष समिति बनाएर एउटा सङ्घर्ष गरे भने डा.केशर

जङ्गको महासचिवकालमा पार्टी वैधानिक हालतमा २०१४ सालमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टी मिलेर संयुक्त कार्वाही भयो, जसले पिकेटिङ्ग आमसभा र जुलुसको रूप लियो । यो सङ्घर्षहरू शान्तिपूर्ण सङ्घर्ष थिए । जुलुसमा जति लामो जुलुस नेपाली काङ्ग्रेसको झण्डा मुनि थियो, उति नै लामो जुलुस भरसक केही बढी नै होला, नेपाल कम्युनिस्ट पार्टीको झण्डा मुनि थियो । यसरी यो आम जनताद्वारा समर्पित एउटा सशक्त आन्दोलन थियो र फलस्वरूप श्री ५ महेन्द्र २०१५ सालमा संसदीय चुनाव गराउने घोषणा गर्न बाध्य भए ।
यस आन्दोलनमा नेपाली काङ्ग्रेसको माग संसदीय व्यवस्थासम्मको मात्र थियो भने कम्युनिस्ट हरू– मध्ये डा.रायमाझीको प्रभावमा परेकाहरूले संसदकै माग गरेर आन्दोलनमा भाग लिए भने अरू सबैले सो सङ्घर्षको बेला संविधान सभाको माग राखी जुलुसमा भाग लिए ।

**२०१५ सालको चुनाव र कम्युनिस्ट पार्टीको स्थिति**

The main organized political forces and on such the main rivalry during the election were the Nepali Congress and Communist Party of Nepal . During the election while the communists were giving political line and awakening the people for democracy, Nepali Congress wholly engaged itself in denouncing the communists, spreading false rumours that the communist would kill the people, take away the children and that husband and wife would be kept in separate camps and the people would have no property rights though they may be fed as oxen by their masters, ignorant people are easily carried away by such propaganda. Thus Nepali Congress won the election not by awakening the people and making them politically conscious but by misleading the people.
The Communist Party of Nepal was able to build mass basis at the three towns of Kathmandu Valley – Kathmandu, Lalitpur and Bhaktapur. Communist Party won a seat at Lalitpur and Kathmandu proper our party lost by narrow margin. During Municipality election the Communist Party won almost all the seats of Kathmandu and Lalitpur.

In the Terai region Communist Party won 2 seats from Rauthat one seat was lost by margin of 500 votes. Bara,Rauthat and Sarlahi districts had mass basis. Similarly, Palpa, Saptari, Dharan, Dhanusa and Mohattari have Communist mass basis. During Parliamentary election party had won one seat from Palpa. Under parliamentary system it was not the N.Congress party that was developing, it was the Communist Party that won spreading rapadily. At all local election Communist Party won major seats.

The Communist Party successfully built politically conscious mass bases at various districts. It won 4 seats in the parliamentary election and at place our party was defeated marginal votes. One more pecularity was that Dr. Rai Majhi and his close comrade generally even lost their deposits. Bishnu Bahadur too was Dr. Majhi's follower.

Bara, Rauthat and Sarlahi were on red areas, were some three lakhs peasants- uprising in 1952. Debt Bonds of some Rs. 2 Cores were split and burnt then. It was sure that we could have won five seats from these areas .But Bishnu Bahadur Manandhar's opportunism and in action cool down the revolutionary consciousness of the Peasants of three districts and the Party could win only 2 seats and that was possible only after my visit of these areas at other places election were already over.

Inspite of all these weakness the party was gaining strength and spreading all Nepal.

२०१५ सालमा संसदको चुनाव भयो । १०९ सीट मध्ये कम्युनिस्ट  पार्टीले ४ सीट मात्र जित्यो । सवाल आउँछ, जहिले पनि वाहिरको सङ्गठन शक्ति र आम जनताको समर्थन हेर्दा कम्युनिस्ट पार्टी  पँुजीवादी पार्टी वा पार्टीहरू भन्दा कुनै मानेमा कमजोर भन्न सकिन्न, तर आम चुनावमा जहिलेपनि जहाँपनि कम्युनिस्ट  पार्टीले धैरै कम सीट ल्याउने जित्ने गर्छ । किन ?
कुनै पनि देशको पँुजीवादी चुनावमा सिद्धान्त भन्दा पैसाको शक्तिले काम गरेको हुन्छ । मानौं कि सय कडा २५ जनतामा कम्युनिस्ट  पार्टीको सैद्वान्तिक प्रभाव छ र अर्कातिर सयकडा ५ जनतामा मात्र पँुजीवादी पार्टीको प्रभाव छ । कम्युनिस्ट  पार्टीको प्रभाव अक्सर मजदुर, किसान र अरू श्रमिक जनतामा हुन्छ भने, पँुजीवादी पार्टीको प्रभाव धनीहरू र चलाख चुस्त सिद्धान्तहीन दलालहरूमा हुन्छ । चुनावको बेला साम्राज्यवादीहरू, विदेशी एकाधिकार पँुजीपतीहरूको समर्थन कम्युनिस्ट हरूलाई होइन, पँुजीवादी पार्टीलाई हुन्छ । यसरी चन्दा र धनको स्रोत पँुजीवादी पार्टीको बलियो हुन्छ । जहाँ पँुजीवादी पार्टीको हातमा दशौं, बीसौं करोड रूपियाँ हुन्छ, कम्युनिस्ट पार्टीको हातमा एक आधा लाख रूपियाँ पनि मुस्किलले जम्मा हुन्छ । अब कम्युनिस्ट  पार्टीको प्रभाव नपरेको, देशको समस्या नबुझेका, जनता जो ७५ प्रतिशत हुन्छ उनीहरूलाई जाँड–रक्सी खुवाएर, भोजभतेर गरेर, पैसा बाँडेर, गुण्डा लगाएर बुथ कब्जा गरेर उनीहरूको भोट सजिलैसँग लिन सकिन्छ र यसरी चुनावको नतिजा पँुजीवादी पार्टीको पक्षमा जान्छ र उनीहरूले धैरै सीट जित्ने गर्छन् । यसैकारण लेनिनले भनेको हो ँआर्थिक समानता बिना राजनीतिक समानता हुन सक्तैन । देश भित्र आर्थिक समानता भएर पनि यदि कुनै पार्टीले साम्राज्यवाद र विदेशी एकाधिकार पूजीपतिबाट पैसा प्राप्त गर्दछ भने त्यस पैसाले पँुजीवादी प्रजातन्त्रमा यस्तो साम्राज्यवादको दलालहरूकै हात माथि पर्छ । यसरी उनीहरूले जो मत प्राप्त गरेको हुन्छ जनताले चेतनशील भएर बुझेर दिएको मत होइन, यसकारण पँुजीवादी प्रजातन्त्रमा पँुजीवादी पार्टीहरूले पाएको मतले जनताको स्वार्थको प्रतिनिधित्व गर्दैन, न त जनताको इच्छा र अरमानलाई नै प्रतिनिधित्व गर्दछ । यिनीहरूले जनतालाई झुक्याएर मत लिएका हुन्छन् र चुनावपछि जनताको समस्या जहाँको त्यहीं रहन्छ र जनता जति कराओस् उनीहरूलाई कुनै मतलब रहँदैन । साम्राज्यवादका दलालहरूले कसरी विदेशी पैसाको भरमा बहुमत प्राप्त गर्दारहेछन् भन्ने कुरो यसै

पाली रूसको जनमत सँग्रहको बेला एल्तसिनले पाएको ४२ अरब डलरको करामतले देखाएको छ । यसै कारण हाम्रो जस्तो अविकसित देशमा पँुजीवादी प्रजातन्त्रले जनताको स्वार्थ होइन साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पँुजीवादी वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ र यस्तो पँुजीवादी संस्कारले साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीको होडमा राष्ट्रिय पँुजीपती वर्गको पनि रक्षा गर्न सक्तैन ।

जहाँसम्म कम्युनिस्ट हरूले चुनाव जित्ने कुरो छ, कम्युनिस्ट पार्टीले अनेक दुःख कष्ट सहेर नै जनतालाई चेतनशील बनाउन सक्तछ र जहाँ जनता व्यापक रूपले चेतनशील भएर पँुजीवादी पार्टीको जाँड रक्सी, भोज–भतेर, पैसाको प्रभोलनमा फस्न मन्जूर गर्दैन र गुण्डाहरूसँग टक्कर लिन सक्ने हुन्छ र पँुजीवादी पार्टीको झूठा प्रचारलाई नकार्न सक्तछ, उही मात्र कम्युनिस्ट पार्टीले मत प्राप्त गर्न सक्नेछ । यही कारण हो संसारभरि कहीं पनि पँुजीवादी प्रजातन्त्र अन्तर्गत कम्युनिस्ट हरूले चुनावमा धैरै शीटहरू प्राप्त गर्न नसक्ने कारण ।

नेपालको १४ सालको होस् वा ४६ सालको आन्दोलनमा कम्युनिस्ट पार्टीको विशेष भूमिका रह्यो, तर यसको फाइदा २०१५ सालको चुनाव होस् वा ४८ सालको चुनाव होस् पँुजीवादी पार्टीहरूले नै लिए । जहाँसम्म एमालेको सवाल छ त्यस पार्टीले पनि पँुजीवादी पार्टीहरूसँग पैसाको होड गरेर मत लिएको हो र यस्तो पैसाको स्रोत जनता मात्र हो भन्न सकिन्न । यसैकारण यो पार्टीले ६९ सीट प्राप्त गरेर पनि विरोधी दलले खेल्नु पर्ने कुनै खास भूमिका खेल्न सकेन र जनतामा कुनै क्रान्तिकारी भावना जगाउन सकेन । बरू पहिले कम्युनिस्ट पार्टीले कमाई राखेको प्रतिष्ठालाई गुमाउँदै जाने काम मात्र हुन गयो । यसरी कम्युनिस्ट पार्टी भनेर आफ्नो नाउँ राखेर पनि पैसाको भरमा चुनाव जितेर यस्तो पार्टीहरूले देशमा कुनै सामाजिक परिवर्तन ल्याउन सक्ने छैन । अहिले एमालेले लिएको कम्युनिस्ट –कम्युनिस्ट बीच पनि घाटी कट्ुवा खुला प्रतियोगिताले कम्युनिस्ट आन्दोलनलाई तहस नहस मात्र गर्नेछ, कम्युनिस्ट हरूको प्रभाव जनतामा बढन दिने छैन बरू कम्युनिस्ट पार्टी नाउँ दिएर साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजी कै सेवा गर्न कर लाग्नेछ र यसरी देशमा सामाजिक परिवर्तन ल्याएर सम्पूर्ण जनताको समस्या समाधान गर्ने कार्य कदापि गर्न सकिने छैन । जब कम्युनिस्ट पार्टी स्वयम्ले साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीपरस्त पँुजीवादी राजनीति लिन कर लाग्नेछ र फलस्वरूप जनता यसबाट भाग्नु स्वाभाविक हो । र आज एमालेबाट पनि जनता भागिरहेको कुरा स्पष्ट देखिएको छ ।

हालसालै संयुक्त जनमोर्चाको एउटा घटना अगाडि आएको छ । पार्टी सम्मेलनको बहुमतले का. निर्मल लामालाई महासचिव पदबाट हटाएको थियो रे । तर पार्टीको आर्थिक स्रोतको रूपमा रहेको दाताहरूले निर्मल लामालाई महासचिव पदबाट हटाइएमा सो आर्थिक स्रोत बन्द गरीदिने धम्कि दिए पछि फेरि अल्पमत भएपनि का. निर्मल लामालाई नै महासचिवमा थमौति गर्न बाध्य भयो रे ।

पार्टीको सङ्गठनात्मक नीति सम्म बदल्न सक्ने आर्थिक स्रोत धैरै बलियो आर्थिक स्रोत रहेछ यो । जब कुनै पार्टी भित्रको नेता हुने भन्ने तय गर्ने कुनै आर्थिक स्रोत हुन्छ भने के त्यो आर्थिक स्रोतले नेपालको कम्युनिस्ट हरूलाई मिल्न देला त ?
यही कारण हो आज नेपालको कम्युनिस्ट आन्दोलन विभिन्न समूहहरूमा विभक्त भएर आपसमा मिल्न नसकेको । जब सङ्गठनमा हस्तक्षेप गर्न शक्तछ भने यस्तो आर्थिक स्रोतले ती विभिन्न समूहहरू वा पार्टीहरूको राजनीतिक लाइनमा पनि हस्तक्षेप गरीराखेकै हुन्छ र यस्तो समूहहरूले देशको तथा अन्तर्राष्ट्रिय स्थितिको विश्लेषण गरेर आपसमा छलफल गरी विचारको आदान प्रदान गरेर होइन, गलत सलत जे भए पनि उही लाइन लिइरहन बाध्य हुन्छ ।
कम्युनिस्ट पार्टीको विजयको एउटै बाटो छ , जनतालाई सही सैद्धान्तिक तथा राजनैतिक रूपले सचेत गर्नु र यसको निम्ति सही सिद्धान्त, सही राजनीति र सही सँगठानात्मक तौर तरिकाको आधारमा एउटा साझा समझदारी बनाएर मिल्न सकिने सबै कम्युनिस्ट हरूले आपसी एकता कायम गर्नु र सबैको एउटै मुख भएर जनतामा जानु । हाम्रो लक्ष्य चुनाव जित्नु र कुर्सी ओगट्नु मात्र होइन, देशलाई साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीको प्रभावबाट मुक्त गरेर प्रतिक्रियावादी सामन्तहरूको मूलजड उखलेर राजनीतिक, आर्थिक , सामाजिक स्वतन्त्रता कायम गर्दै सामाजिक परिवर्तन ल्याउनु र जनतालाई एक नयाँ जीवन ल्याउने बाटोमा डोऱ्याउनु ।

**संसदमा कम्युनिस्ट पार्टीको भूमिका**

२०१५ सालको संसदीय चुनावमा कम्युनिस्ट हरू ४ जना मात्र जितेका थिए र प्रतिनिधि सभामा ४ जना मात्र कम्युनिस्ट हरू थिए र महासभा (जसलाई आजकाल राष्ट्रिय सभा भनिन्छ) मा एक जना मात्र कम्युनिस्ट थियो । विरोधीदलको स्थानमा ँगोर्खा दल थियो । फेरि पनि त्यस संसदमा असरदार भूमिका गोर्खा दलको होइन कम्युनिस्ट हरूकै थियो । नेपाल कम्युनिस्ट पार्टीको प्रतिनिधिकोरूपमा एकातिर हामीले असरदार भूमिका खेल्यौं र संसद बाहिर पनि हर आन्दोलनमा लाखौं जनतालाई उठाउन सफल भयौं । फेरि पनि हामीले संसद भित्र कुनै हुज्जत गर्ने काम गरेनौं । न रोष्ट्रम कब्जा गऱ्यौं, न नारा बाजि गऱ्यौं, न माइक तोड्यौं । हामी तथ्य तथ्याङ्क र विश्लेषणको आधारमा नेपाली काङ्ग्रेस सरकारको गलत कुराहरूको खण्डन गर्थ्यौं र सोच्न बाध्य गराउँथ्यौं र बाहिर शान्तिपूर्ण आमजन सङ्घर्षहरूबाट दबाव दिन्थ्यौं पनि । यसरी नेपाली काङ्ग्रेसको सरकारबाट गर्न लागेको गलत कदमलाई सफलताका साथ राक्थ्यौं पनि । हाम्रो विरोधले गर्दा त्यसबेला नेपाली काङ्ग्रेस सरकारले भित्रयाईसकेको डाल्डा गायब गरेर पठाउन वाध्य भयो र हुन लागेको गण्डक सम्झौता रोक्न वाध्य भयो । त्यसबेला नेपाली काङ्ग्रेसको सरकारले गण्डक दिन सकेन र पछि पार्टीहरू माथि प्रतिबन्ध लगाएर पञ्चायती सरकारको

पालोमा नै श्री ५ महेन्द्रबाट गण्डक उद्धाटन गरेर सो नदी भारतको हातमा सुम्पिने काम भएको थियो ।

आज टनकपुरको सवालमा ८२ जना कम्युनिस्ट हरू संसदमा भएर पनि यसलाई रोक्न सक्ने छाँट देखिन्न । कम्युनिस्ट हरूले रोष्ट्रम कब्जा गरे, संसद भित्र नारा लगाए, सैद्धान्तिक र राजनैतिक सङ्घर्ष भन्दा वलजफ्तीको सङ्घर्षमा बढी शक्ति खेर फाले र जनताको समर्थन जुटाउने सट्टा जनताबाट झन्झन् टाढिंदै गयो र सारा सङ्घर्ष असफलतामा अन्त हुने लक्षण देखा पर्न थालेको छ ।

आज जसरी सङ्घर्षले बिकृत रूप लिन लागेको छ, सैद्धान्तिक तथा राजनैतिक चेतना जगाएर जन सङ्घर्ष वढाउने सट्टा ढुङ्गामूडा, आगजनि र नाराबाजीको आधारमा मुढेबलको सङ्घर्ष बढ्दै छ । यसले सामाजिक परिवर्तन ल्याउने सट्टा अराजकतावादी तत्वहरूले नै प्रोत्साहन गर्नेछ । र कम्युनिस्ट  पार्टीप्रति जनताको आस्था बढ्ने सट्टा जन–आस्था गुमाउदै जानेछ । विरोध विरोधका निम्ति गरेर हुदैन । विरोध देश र जनताप्रति जिम्मेदार भएर गर्नुछ र विरोध गर्दा आफुसँग यो भन्दा उच्चतम विकल्प पनि हुनु  आवश्यक छ ताकि जनताले बुझोस् कि कम्युनिस्ट को विरोध खाली अड्चन हाल्नको निम्ति होइन देश र जनताको हित रक्षा गर्नको निम्ति हो ।

सैद्धान्तिक, राजनैतिक र कार्यक्रमात्मक लक्ष्यको स्पष्टताको अभावमा विरोधको निम्ति विरोध गर्दै जाँदा यसकोफाइदा प्रतिक्रियावादी शक्तिले नै उठाउने छ । आज काङ्ग्रेस पनि हुन्न, कम्युनिस्ट पनि हुन्न बरू पञ्च नै हुन्छ भन्ने जो आवाज उठ्दैछ, यसकोपछाडि यस्तै सैद्धान्ते, राजनैतिक र कार्यक्रमात्मक लक्ष्यको अस्पष्टता र ढुङ्गामूढा र बलजफतीको सङ्घर्षले काम गर्दैछ ।

आजको शासक दल र यसको विकल्प ?

आज एकातिर शाषकदलको संकुचित र स्वार्थपूर्ण नीति, नातावाद, कृपावाद, भ्रष्टाचार, काङ्ग्रेसीकरणको नीति अपनाइदैछ भने अर्को तिर राष्ट्रियहित तथा जनताको स्वार्थको रक्षा गर्ने सट्टा साम्राज्यवादीहरू र विदेशी पँुजीको सेवा, उनीहरूको निम्ति हाम्रो देशको जनजीवन नष्ट भए होस् भन्ने खालको नीति अपनाइदैछ । स्वतन्त्र होड, खुला बजारको नीति स्वदेशी पँुजीलाई प्रोत्साहन दिने सट्टा विदेशी पँुजी भित्राउने र रिझाउने चिन्ता, राजकीय क्षेत्र पनि विदेशीको हातमा बेच्दै जाने कार्य, देशको प्राकृतिक स्रोत साधनहरू चुपके साथ विदेशीको हातमा सुम्पँदै जाने जस्तो राष्ट्रघातक कार्यहरू र अनि यी सबै कुरोहरूको फलको रूपमा देखा परेको महंंगी, बेकारी, जन–जीवन नै नेपाली काङ्ग्रेसको सरकारको कोशेली हुन आएको छ ।

एकातिर शाषकदलको यो हाल छ भने अर्कोतिर विपक्षमा रहेका दलहरूले यसको विपरित आफ्नो कुनै राम्रो विकल्प पेश गर्न सकेन । संसद भित्रको सङ्घर्ष सैद्धान्तिक, राजनीतिक या कार्यक्रम सम्बन्धी बौद्धिक सङ्घर्ष नभएर शारीरिक सङ्घर्ष हुन गएको छ । संसदभित्र रोष्ट्रम घेर्ने, नाराबाजी गर्ने, प्रधानमन्त्री वा मन्त्रीहरूलाई बोल्न नदिने र अपशब्दहरू प्रयोग गर्ने जस्तै असंसदीय तरिका

अपनाइन्छ भने यस्तो विरोधले जनताको चेतना जगाउदैन । विरोध यसरी हुनु परेको छ कि जनताले आफ्नो हक–अधिकार बुझ्ने र कसको कुरो ठीक हो भनेर बुझ्ने मौका पाओस् । आफ्नो हक र हित कहाँ छ भन्ने कुरो बुझ्दै जाओस् ।

सडक बाहिरको सङ्घर्ष पनि अहिलेको स्थितिमा ढुङ्गामूढा र आगजनी गर्ने सङ्घर्ष होइन, न त सरकारबाट अश्रुग्यास, लाठी चार्ज र गोली ठोकेर आन्दोलन दबाउने कामनै सही काम हो । शान्तिपूर्ण तरिकाले सैद्धान्तिक र राजनैतिक सङ्घर्ष जति असरदार हुन्छ, बलजफतको सङ्घर्षले बरू उल्टै असर दिन्छ । आज हामीले सङ्घर्षको दौरान जनतालाई चेतनशील बनाउनु छ र सरकारको नीति कत्तिको सही वा गलत छ स्पष्ट गरीदिनु परेको छ । तर आजको सङ्घर्ष अराजकतातिर नै गइरहेको देखिन्छ, र यस्तो सङ्घर्षले प्रतिक्रियावादी शक्तिलाई टाउको उठाउने मौका दिन्छ । आज भएको प्रजातन्त्र गुमाउने होइन, यो पँुजीवादी प्रजातन्त्रलाई बदलेर जनवादी प्रजातन्त्र स्थापना गर्नुछ । व्यापकरूपले जनताको चेतना जगाई यो काम हुन सक्ने छैन । सङ्घर्षै सङ्घर्षले यो काम हुन सक्तैन, आजको स्थितिमा हिंसात्मक सङ्घर्षले पनि यो काम हुन दिंदैन । यसै कारण हामी शान्तिपूर्ण व्यापक जन सङ्घर्षको पक्षमा छौं र सङ्घर्षको दौरान जनताको चेतना बढाउँदै जाने पक्षमा छौं ।

आजको वेढङ्गको शासन व्यवस्था, वेढङ्गको विरोध गर्ने तरिकाले गर्दा आज जनता अलमलिएर पूरानै पञ्चायत पो ठीक हो कि भन्ने भ्रममा पर्न गएका छन् र कम्युनिस्ट  पार्टी लोकप्रिय हुने सट्टा झन् झन् जनताबाट अलग हुँदै गएको देखिन्छ, जो नेपालको भविष्यको निम्ति एउटा चिन्ताको विषय बन्न गएको छ ।

२००७ सालको तुरून्त पछि पनि नेपाली काङ्ग्रेसको सरकारको तालमाल देखेर यो भन्दा त राणाशाही नै ठीक छ भन्ने झिनो आवाज न उठ्न लागेको होइन । तर कम्युनिस्ट हरूको सही नीतिले गर्दा जनताले त्यसवेला नेपाली काङ्ग्रेसको विकल्पको रूपमा नेपाल कम्युनिस्ट पार्टीमाथि नै आस्था वढ्दै गएको थियो । कम्युनिस्ट हरूको यो बढ्दो प्रभाव देखेर नै देशीय तथा अमेरिकी साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीको आर्शिवादमा २०१७ सालको काण्ड रचिएको थियो र प्रजातन्त्रलाईनै खाइदिएको थियो ।

त्यसवेला नेपालका मात्र होइन एशिया, अफ्रिका, ल्याटिन अमेरिकाका विभिन्न देशहरूमा अमेरिकी साम्राज्यवादले ठाउँ–ठाउँको प्रगतिशील व्यवस्थाहरूको साथै प्रजातान्त्रिक व्यवस्थाहरू समाप्त पार्दै फौजी हुकूमी शासनहरू खडा गरेका थिए । पाकिस्तानमा अयुव खाँ को फौजी कार्वाही, इरानमा जनता पक्षको साम्राज्यवाद विरोधी मुसाहिद्दिनमाथी फौजी कार्वाही गरी इरानको शाह पहल्वीको फौजी शासन, इण्डोनेशियामा सुकार्नोमाथि फौजी कार्वाही गरी सहार्तोको फौजी शासन इत्यादि इत्यादिको श्रङ्खलाको एक कडिको रूपमा नै नेपालको संसदीय व्यवस्थालाई खत्तम गरी पञ्चायती हुकूमी शासन स्थापना हुन आएको हो । पाकिस्तान अयुव खाँले स्थापना गरेको ँवेसिक डिमोक्रासी इरानको ँमजलीश, नेपालको ँपञ्चायती शासन एउटै प्रकारको थियो ।

यी सव फौजी शासनहरू पल्टाखाएर गए । फेरि पनि इरानमा अर्कै प्रकारको फौजी शासन खडा हुन आएको छ । नेपाली काङ्ग्रेसको नेतृत्वमा यो पँुजीवादी प्रजातन्त्रले राम्रो नतिजा दिन सकेन भनेर प्रजातन्त्रलाई नै खत्तम गरेर पठाउनु महामूर्खता हुनेछ । एकोहोरो ँगणतन्त्रको नाराले पाकिस्तान अथवा इरानमा जस्तै अथाव फिलिपीन्सको भूतपूर्व शासक फार्डीनाण्डाकोसको जस्तो फौजी हुकुमशाही चलाउने राष्ट्रपति शासन चल्न आयो भने जनताले अझ हुन सम्मको दुःख पाउने छ । एकोहोरो तरिकाले ँगणतन्त्र भन्नाले यस्तो फौजी हुकुमशाही गणतन्त्र पनि हुनसक्छ । हामीले यस पँुजीवादी प्रजातन्त्र खत्तम गर्ने सट्टा यसको ठाउँमा विकसित जनवादी प्रजातन्त्र जसलाई हामी जनवादी राष्ट्रिय प्रजातन्त्र भन्छौं, लाई स्थापना गर्नुछ । यो प्रजातन्त्र आजको पँुजीवादी प्रजातन्त्रमा जस्तो मुठ्ठीमा शोसक र अत्याचारीहरूद्वारा शासन गर्ने नभएर मजदुर किसान, बुद्धिजीवीहरू, मध्यमवर्ग तथा राष्ट्रिय पँुजीपती वर्ग समेतले संयुक्तरूपले शासन गर्ने सम्पूर्ण जनताको प्रजातन्त्र हुनेछ ।

जनताको सैद्धान्तिक र राजनैतिक चेतनाको स्तर र यस्तो चेतनामा आधारित सँगठित जुझारू शान्तिले नै नेपालमा कुन प्रकारको शासन व्यवस्था हुन्छ भन्ने कुरा निर्धारित गर्दछ । यसकोअभावमा गणतन्त्र होस् वा राजतन्त्र जनताले हुकुमशाही शासनको बुट भनि कुल्चिएर रहन करै लाग्नेछ । पाकिस्तानको अयुब खाँ र फिलिपिन्सको राष्ट्रपति मार्कोसको इतिहास यसको प्रमाणहरू हुन् । प्रधानमन्त्रीको हुकूमी शासन पनि उत्तिकै खतरनाक हुन्छ भन्ने कुरा राणाकालीन हुकुमशाही शासनले स्पष्ट गर्दछ ।

जहाँसम्म ँसंविधान सभा को चुनावको सवाल छ के आजको स्थितिमा यस्तो चुनावमा प्रगतिशील शक्तिकै विजय होला भन्ने निश्चित छ ? साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीको सेवक प्रतिक्रियावादीहरूले उनीहरूबाट प्राप्त हुने धनको खोलो बगाएर यस्तो चुनावमा हातमाथि नपार्ला भन्न सकिन्न । आज उनीहरूको बहुमत भएको ँसंविधान सभा ले बनाएको ँसंविधान आजको संविधान भन्दा कुनै मानेमा बढी प्रगतिशील होला भन्न सकिन्न । तसर्थ आजको स्थितिमा एकतर्फी ँगणतन्त्र अथाव ँसंविधान सभा को चुनावमा भन्दा पनि यो ँपँुजीवादी प्रजातन्त्र लाई कसरी ँजनवादी प्रजातन्त्र मा बदल्ने भन्ने कुरोमा विशेष ध्यान दिनु परेको छ । जनतालाई आफ्नो अधिकारप्रति कसरी सचेत र सजग गराउने भन्ने कुरोमा जोड दिनुपरेको छ । समाजमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्ने क्रान्तिकारी शक्ति जम्मा गर्नु नै हाम्रो काम हुन आउँछ ।

आजको संविधान हुकुमशाही व्यवस्थामाथि जनताको विजयको प्रतीक हो । हरेक कुरामा सकारात्मक र नकारात्मक कुराहरू हुन्छन, यस्मा पनि सकारात्मक र नकारात्मक दुईटै पक्ष नभएका होइनन् । हाम्रो प्रयास हुनु परेको छ  यसको नकारात्मक पक्षलाई नष्ट गरेर सकारात्मक पक्षको अभिबृद्धि गर्नु र देशमा ँजनवादी प्रजातान्त्रिक संविधान निर्माण गर्ने लक्ष्य लिएर अगाडि बढ्नु छ ।

यस वाहेक आज नेपाली काङ्ग्रेसको सरकारले जुन तरिकाले शासन चलाएर आइराखेको छ त्यसले नेपालमा प्रधानमन्त्रीको हुकूमी शासनको जग बसाल्न लागेको स्पष्ट छ । आफूलाई चाहियो भने प्रजातन्त्रको दुहाई दिनु , आफ्नो स्वार्थमा धक्का पर्‍यो भने अहिले हाम्रो नेपालले भरखर अनुभव गर्दैछ र यहाँ युरोपको जस्तो प्रजातन्त्र अथवा मानव अधिकार हुन सक्तैन भन्नु । जनतामाथि अन्धाधुन्द गोली चलाएर दबाउनु , अनि शान्तिपूर्ण सङ्घर्षलाई भने यस्तो त भइरहन्छ भनेर कुनै वास्ता नगर्नु । लोक सेवा आयोगलाई समेत निलम्बन गरेर मनमानी तरिकाले कर्मचारीहरू खोसुवा र भर्ति गर्नु । हर क्षेत्रमा नातावाद कृपावाद र काङ्ग्रेसीकरण गर्नु र काङ्ग्रेसी नभए जनताको कुनै कुरो सुनवाई नगर्नु र अरू पार्टीलाई जवर्जस्ती काङ्ग्रेस हुन वाध्य गर्नु सबै कुरोहरूले नेपालमा छिट्टै काङ्ग्रेसी सरकारको हुकूमी शासन चल्न गईरहेछ भन्ने कुरो इङ्गित हुन्छ ।

आज नेपालमा हुकुमशाही स्थापना हुन आयो भने सीधा राजाको फौजी कारवाहीबाट नभएर पहिलेका पञ्चहरू र पञ्च समर्थकहरूबाट बनेको विभिन्न पञ्च पार्टीहरूले बहुमत प्राप्त गरेर नेपालमा फेरि एक पटक प्रतिक्रियावादी शासन स्थापना हुन न आउला र संसदीय व्यवस्थामा धक्का नपुग्ला भन्न सकिन्न ।

जबसस्म जनताले व्यापकरूपले सही सिद्धान्त पक्रन सक्तैनन् र राजनीतिक क्षेत्रमा व्यापक रूपले सजग जनतालाई बनाउन सकिन्न, त्यस बेलासम्म यहाँ जनता पक्षको जनवादी प्रजातन्त्रले जग हाल्न सक्नेछैन । जनता सैद्धान्तिक तथा राजनैतिक रूपले पोख्त हुन सकेन भने जनताले आफूमाथिको शोषण, दमन नष्ट गर्ने समाजको निर्माण कदापि गर्न सक्ने छैन । जनताको राज, जनताको निम्ति, जनताद्वारा चलाउनको निम्ति जनतानै व्यापकरूपले सजग, सचेत र सही सिद्धान्त र सही राजनीतिको आधारमा सु–सँगठित हुनु परेको छ । यसको अभावमा चाहे गणतन्त्र स्थापना होस् अथवा संविधान सभाको चुनाव गराइयोस् जनताले आफूलाई शोषण, दमन र अत्याचारबाट मुक्त गरेर लिन सक्नेछन् । जनता कराही तातो भनेर आगोमा उफ्रेर गएको माछा जस्तै सङ्कटको सङ्कटैमा अल्झेर नाश हुनेछ । जहाँसम्म संवैधानिक राजतन्त्रको सवाल छ यसको अस्तित्व सामाजिक विकास क्रममा खेल्ने भूमिकामा नै निर्भर गर्नेछ । नेपालको सामाजिक विकासको क्रममा जहाँसम्म आतङ्कवादी, हिंसात्मक आन्दोलनका सवाल छ, यसले पनि जनतालाई मुक्ति होइन, कष्ट नै दिनेछ । पंजावको आतङ्कवादी आन्दोलन होस् वा श्रीलङ्काको आतङ्कवादी आन्दोलन आज असफलतामा टुङ्गिन गइरहेको छ । यस्तै आन्दोलनले आज सोमालियाको यो हालत भएको कि त्यहाँका जनता व्यापक भूकमरीको चपेटामा परी हाड–छाला मात्र रहन गएका छन् र फटाफट मर्दैछन् । दार्जलिङ्ग आतंङ्कवादी तरिकाले पर्वतीय विकास क्षेत्र बन्यो तर यसकोफल त्यहाँ जनता सुखी हुने सट्टा उनीहरूले आतङ्कको जीवन यापन गर्न परिरहेको छ । त्यहाँ जनजीवन झन असुरक्षित हुन गएको छ ।

नेपालमा आतङ्कवादी आन्दोलनले नेपाल नेपालको मात्र होइन भारतका डाँका–लुटेराहरूको लुटमारको अखडा बन्न जानेछ र यसलाई कन्ट्रोल गरी नसक्ने हालतमा नेपाल पुग्नेछ । नेपाली काङ्ग्रेसको गलत नीतिले नेपाल विग्रियो भने नेपाली काङ्ग्रेसको मात्र विकल्प खोजेर हुँदैन । विकल्प नेपाली काङ्ग्रेसको होइन, पँुजीवादी प्रजातन्त्रको विकल्प खोज्नु परेको छ । नेपाली काङ्ग्रेसको सट्टा अर्को सामन्ती अथवा पँुजीवादी प्रजातान्त्रिक पार्टी आउँदैमा देशको समस्या समाधान हुने होइन । आवश्यकता हो यो पँुजीवादी समाजलाई बदलेर यसको सट्टा अर्थात् जनवादी राष्ट्रिय प्रजातन्त्र छोटकरीमा जनवादी प्रजातन्त्रको स्थापना गर्नु ।

**२०१७ साल पछि कम्युनिस्ट पार्टीको भूमिका**

२०१७ साल काण्ड :– २०१७ साल पौष १ (१९६० डिसेम्बर) मा राजा महेन्द्रले सैनिक शक्तिको आडमा संसद भंग गरेर संसदमा ७४ सीटको बहुमत भएको नेपाली काङ्ग्रेसको मन्त्रीमण्डल विघटन गरेर आफ्नो प्रवल शासन सुरू गरे । जुनबेला राजा महेन्द्रबाट १७ सालको फौजी काण्ड भएको थियो , म पाटन बाहिरको गाउँमा थिएँ र घर पनि पुग्नु, यसको खबर पनि पाउने काम भयो र तुरून्तै भूमिगत भइहालें ।

विसौं दिन का. पुष्पलाल, का. नरबहादुर र म लुभूको रामदाइलाई साथमा लिएर जङ्गलको बाटो गरी रक्सौल पुग्यौं । त्यो समय बाटोमा हामीहरू छँदा विहानको सूर्य ग्रहण लागेको थियो । बाटोमा ७ दिन लाग्यो । रौतहट साँझतिर पुग्यौं । अँध्यारो अँध्यारो हुन लाग्दा रौतहटको सिमाना पुग्यौं । बाटोमा अकस्मात् का.अमीन भेट भयो र हामीहरू चूपचाप उनको घरतिर लाग्यौं र के बसेका थियौं त्यहीं राती रौतहटमा डाँका लागेछ । अमीनसँग हामीहरू लगाएत जम्मा ८–१० जना थियौं । तुरून्त हल्ला चल्यो अमीनले डाँका ल्यायो भनेर । अनि गाँउलेहरूको एक भीड लालटेन बालेर भाला–गँडासा लिएर का. अमीनको घरमा पसी हेर्न आए । गाउँलेहरूले मलाई देखेपछि नमस्ते गर्दै चूपचाप गए । त्यो रात हामीले का.अमीनको घर भित्र खाना–पीना गरेर सुत्यौं र भोलिपल्ट विहान सबेरै उठेर गयौं । बाटोको धूलोमा बाघका पंजाको छाप छोडेर गएको थियो । त्यहाँबाट हिंडेर हामीहरू रक्सौल पुग्यौं र दरभंगा गयौं ।

**दरभंगा प्लेनम,२०१७ साल फागुन (१९६१ मार्च)**

दरभंगामा पार्टी प्लेनमको प्रबन्ध गरीएको थियो । त्यस्तो आपतको बेला पनि हाम्रा पार्टी साथीहरू निडर भएर दरभंगा पुगेका थिए । पार्टीमा ३ राय देखिएको थियो । एउटा डा. केशर जङ्ग रायमाझीको, वहाँको राय हो राजाको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र स्थापना हुन सक्छ भन्ने । यो राय वहाँले यो १७ सालको काण्ड हुनु भन्दा धेरै अघि दिनुभएको थियो । तेश्रो महाधिवेशन गर्ने तैयारीमा वहाँको घरमा डा. रायमाझी, का. शम्भुराम र म ३ जना मिलेर एउटा कार्यक्रम तैयार गर्ने जिम्मा पार्टी केन्द्रले दिइराखेको थियो । यही कार्यको निम्ति म डा. रायमाझीकहाँ

पुगेको थिएँ । का. शम्भुराम आइपुग्नुभएको थिएन । हामीहरू वहाँलाई पर्खेर कुराकानी गर्दै थियौं । त्यस बीच डा. माझीले एउटा कुरो उठाएर भन्नुभयो “खोइ टी.एल. नेपाली काङ्ग्रेसको सरकारले त धेरै दुःख दियो ।” मैले भने “हो भएर के गर्ने ? अहिले तुरून्तै क्रान्ति गर्न सक्ने होइन, अर्को चुनाव गरेर हामीले बहुमत प्राप्त गर्न सक्ने होइन । अहिले त पार्टीलाई व्यापकरूपले सुदृढ गर्दै लाने काम मात्र गर्न सकिन्छ ।” वहाँले भन्नु भयो, “होइन , हामीले नेपालमा इण्डोनेशियामा जस्तो गाइडेड डिमोक्रासी (Guided Democracy) खडा गरौं ।” मैले भने “कसको निर्देशनमा (Guidance)?” वहाँले भन्नुभयो इण्डोनेशियामा राष्ट्रपति शुकार्नोको गाइडेन्समा जस्तै हाम्रो नेपालमा “राजा”को गाइडेन्समा ।

मैले भने के राष्ट्रपति शुकार्नो र राजाको इतिहास एउटै हो ? हामीले देख्या देख्यै छौं मौकामा जनताको अधिकार खोस्दै लाने राजाको इतिहास हाम्रो आँखा अगाडि छ भने कुन आधारमा हामीले राजाको गाइडेन्समा प्रजातन्त्र मान्ने, यसले त हामीमाथि हुकुमशाही मात्र लादिनेछ । त्यसपछि यस्तो कुरा डा. माझीले मेरो अगाडि गर्न छोड्नु भयो । तर वहाँले एक सानो जमात आफ्नो भनाइमा सहमत गराइ लिनुभयो र वहाँहरूको एउटा दल पार्टीभित्र निर्माण भयो । हामी ४ जनाको अलग्गै अडान रह्यो । चारजनाहरू का.शम्भुराम, का.पुष्पलाल, का.हिकमत सिंह र मेरो । हाम्रो भनाइ रह्यो, “भरखरै संसदीय व्यवस्था खारेज गरीएको हुँदा उही संसदलाई फेरि बोलाऔं” भने का. मोहन विक्रम सिंहको अडान रह्यो, “संविधान सभाको चुनाव र गणतन्त्र” । आखिर बहुमत यस विचारले पाएको थियो । तर यो माग अव्यावहारिक देखेर डा. केशर जङ्गको नयाँ रायमा सब फर्के । वहाँको नयाँ माग हो, “संसदीय व्यवस्थाको पुन:निर्वाचन” पोलिटव्यूरोको संख्या बढाइयो र प्लेनम टुङ्गियो ।

२०१७ सालको काण्डलाई देशका प्रतिक्रियावादीहरू र नेपाली काङ्ग्रेसको एक अङ्गले मात्र होइन कम्युनिस्ट पार्टी भित्रका संशोधनवादी अथवा दक्षिणपन्थी अवसरवादीले समर्थन गरे र हुकुमशाही व्यवस्था अन्तर्गत निर्देशित प्रजातन्त्रको रूपमा राष्ट्रिय प्रजातन्त्रको आशा गरे । राजनीतिक क्षेत्रमा पञ्चायती तानाशाही राखेर गैर–पुँजीवादी ढङ्गले देशको आर्थिक विकास गर्ने र क्रान्तिकारी भूमिसुधारको आशा गरे । राष्ट्रिय प्रजातन्त्र ल्याउने अत्यन्त सजिलो तरीका वहाँहरूले कल्पना गर्नुभयो ।

तर अर्को बहुसंख्यक अङ्गले यो कुरो असम्भव देखे र राजाको फौजी कार्यको विरोधमा अडान लिए । २०१७ सालको फाल्गुण महिनामा भारतको दरभंगा शहरमा ने.क.पार्टीको प्लेनमको प्रबन्ध गरीएको थियो । त्यस्तो आपतको बेला पनि हाम्रो पार्टीका साथीहरू निडर भएर दरभंगा पुगको थिए । यसमा ५२ जना जति मानिसहरूले भाग लिएका थिए । यसै प्लेनममा डा.रायमाझी माथि अनेक चार्ज लाएर पार्टी फुट्न ठीक ठीक हुन लागेको थियो तर प्लेनमलाई आव्हान गरी एकता बचाइयो । यस फुटलाई हाम्रो तर्फबाट नै निम्न ३ शर्तहरूमा हुन नदिएर पार्टी एकता बचाउने काम भयो ।

क) पार्टी भित्र देखा परेको समस्या तृतीय महाधिवेशन बोलाएर सो महाधिवेशनले टुङ्गाउने ।

ख) दरभंगा प्लेनमको ९ महिनामा पार्टी महाधिवेशन गर्ने ।

ग) त्यसबेलासम्मलाई भावी सङ्घर्षको निम्ति पार्टी सङ्गठनलाई बढाएर जाने ।

त्यसपछि बसेको केन्द्रीय बैठकले डा. रायमाझीलाई महासचिवबाट निकाली ३ जनाको सेक्रेटारियट गठन गरीयो । जस्मा निम्न कामरेडहरू रहे–

क) डा. रायमाझी,

ख) का. डि.पि.अधिकारी र

ग) का. शम्भुराम

यी ३ जना कामरेडहरूले काठमाडौं गइ हेडक्वार्टर सम्हाल्ने पार्टी महाधिवेशनको तैयारी गर्ने । अनि अर्को निर्णय थियो नेपाललाई ५ जोनमा विभाजित गरी हरेक जोनमा एउटा पोलिटव्यूरो सदस्यले त्यस जोनको कार्य संचालन गर्ने ।

पूर्व कोशी जोन– का. तुल्सी लाल अमातय

पश्चिम कोशी जोन– डा.रायमाझी र का. डि.पि अधिकारीले आफ्नो चाँजोपाँजो मिलाएर हेर्ने ।

वागमती जोन– का. पुष्पलाल

गण्डकी जोन– का. हिकमत सिंह

सुदूर पश्चिम कर्णाली जोन– का. पि.वी. मल्ल

डा. माझी, का.कमर शाह, का.डि.पि. अधिकारी र का.मल्लको टीम बनी सकेको थियो र वहाँहरू काठमाडौं सजिलैसँग फेर्के । का. पुष्पलाल, का. शम्भुराम, का. हिकमत सिंह र म दरभंगा नै आउने जाने खर्च नभएर रोकिनु पर्‍यो । ४ महिना गयो पैसा छैन, खानको लागि जिउँतिउँ दरभंगा बस्ने द्रव्यमान कर्माचार्यले चलाइराख्नु भयो । प्लेनम भएको ३ महिना भैसक्यो कहीं जान सकेको होइन । का. शम्भुरामले कलकत्ता गएर भा.रू.६००।– जति उठ्ला भन्ने प्रस्ताव ल्याएपछि पुष्पलालजी गएर लिएर आउन मिलाइयो । २ महिनामा पनि का.पुष्पलाल फर्कनु भएन र हामीले पार्टीको एउटा टाइपराइटर भा.रू.४००।– मा बन्दकी राख्यौं । ४ जनालाई भा.रू.१००।– बाट्यौं । मेरो जिम्मा पूर्व कोशी परेकोले औलको ठाउँ झापा इत्यादि जाने र बस्ने गर्नु पर्‍यो । यसै भा.रू. ४० मध्येबाट एउटा झूल बनायौं र इलाका जानलाई भा.रू.६०।– मात्र बच्यो । त्यही पैसा लिएर द्रव्यमानजीलाई लिएर हामी सिक्किम गयौं । त्यहाँ पुग्दा नपुग्दै त्यो पैसा सिद्धिन लाग्यो । प्लेनमको ८ महिना जाँदापनि पश्चिम कोशी जोनमा न डा. रायमाझी देखा परे न का. डि.पि । त्यहाँ काम नहँुदा पश्चिम कोशी जोनका कामरेडहरूले पूर्व कोशी जोनको इनचार्जलाई त्यो जोन पनि हेरिदिने आग्रह गरी चिठी पठाए । यसैकारण पूर्व कोशी जोनको इनचार्जले नै दुइटा जोन हेर्नु परेकोले २ वटा जोनको एउटंै सामन्जस्य समिति बनाउने निर्णय भयो । यसैबीच गण्डकी जोनबाट का. हिकमत सिंह, वागमती जोनबाट का. पुष्पलाल, र का.मोहन विक्रम सिंह दरभंगा आइपुग्नु भयो र सबैले भन्न थाले केन्द्रको निस्कृयताले गर्दा कहीं काम भैरहेको छैन ।

यसैकारण ५ वटै जोन मिलाएर एउटा अन्तर जोन समन्वय समितिको (Co-ordination Committee) गठन गरौं । यही अनुसार ५ वटै जोनको एउटा समन्वय समिति गठन गरीयो र निर्णय लिइयो कि यदि केन्द्र सकृय रहन्छ भने केन्द्रको मातहत यसले काम गर्ने, केन्द्र निस्कृय नै रहेको खण्डमा दरभंगा प्लेनमको निर्णय लागू गरेर यसले काम गर्दै जाने ।
यस अन्तरजोन समन्वय समिति सेक्रेटरीमा सर्वसम्मतिले म, तुल्सी लाल अमात्य चुनिएँ । यसरी ५ वटै अन्तरजोन समन्वय समिति गठन गरी तृतीय महाधिवेशन अन्तरजोन समन्वय समितिको सेक्रेटेरी भै काम गरेको हो ।

**तृतीय महाधिवेशन**

यो अन्तरजोन समन्वय समितिले पार्टीको सङ्गठनलाई अगाडि बढाउनुको साथै पार्टी केन्द्रीय कार्यालयमा समयमा महाधिवेशन गराउनको निम्ति चिठी लेखेर कोरिया पठाउने काम गरे । २ पटक पठाउँदा पनि पार्टी महाधिवेशन २–४ वर्ष हुन सक्तैन, तिमीहरूले नेपालको राजनीति बुझेका छैनौं, यहाँ २ जना कम्युनिस्ट  लिएर राष्ट्रिय सरकार बन्न लागेको छ भन्ने जवाफ आयो ।
हामीले भन्यौं २ जना होइन सम्पूर्ण मन्त्रीहरू कम्युनिस्ट  भएपनि देशमा जनतालाई प्रजातान्त्रिक अधिकारबाट बन्चित गरेर यस्तो सरकार राष्ट्रिय सरकार हुन सक्तैन ।
अनि अन्तरजोन समन्वय समितिले पार्टी विधान र सोवियत सङ्घको त्यसबेलाको पार्टी नियम हेरेर पार्टी महाधिवेशन बोलाउने निणर्य गरे । हाम्रो पार्टी विधान तथा सोवियत कम्युनिस्ट पार्टीको नियममा उल्लेख गरीएको छ कि पार्टीको एक–तिहाई सदस्यहरू प्रतिनिधित्व गरेको सङ्गठन वा सङ्गठनहरू मिलेर पार्टी महाधिवेशनको माग गर्न सक्तछ र यसरी माग गरेर ६ महिनासम्म पनि केन्द्रले महाधिवेशन बोलाएन भने माग गर्ने सङ्गठन वा सङ्गठनहरूले महाधिवेशन बोलाउने र यसकोनिम्ति चाहिने तयारी गर्न सक्छ ।
साथै त्यसबेलाको भारतीय कम्युनिस्ट  पार्टीको महासचिव अजय घोषले पनि यस्तो स्थितिमा तलबाट नै महाधिवेशन बोलाउने सल्लाह दिए । यसरी बोलाइएको महाधिवेशनलाई “Requisition Party Congress” भनिन्छ । यसरी पार्टी केन्द्रीय समितिको प्लेनमले जिम्मा लगाए अनुसार हेड क्वार्टरबाट महाधिवेशन बोलाउने काम नभएपछि बहुमत जिल्ला पार्टी कमिटीहरूको समर्थनमा त्यसबेला गठन गरीएको अन्तरजोन समन्वय समितिको आयोजनामा सन् १९६२ अप्रिलमा (२०१९ बैशाख) ने.क.पार्टीको तेश्रो महाधिवेशन विधिवत बोलाइयो र डा.रायमाझी लगायत सबैलाई सूचना दिइयो ।
यस महाधिवेशनमा डा. रायमाझी र वहाँका समर्थकहरू र का. मानन्धर लगायत वहाँका समर्थकहरूले भाग लिएनन् । यता का.शम्भुराम र का.डि.पि. अधिकारीले पनि महाधिवेशनमा भाग लिनु भएन । वाँकी सबै जिल्लाहरूबाट प्रतिनिधिहरू आईपुगे । महाधिवेशनमा जम्मा ८८ जना प्रतिनिधिहरू उपस्थित भए ।

तेश्रो महाधिवेशनले केशर जङ्ग रायमाझी र उनका समर्थकहरूलाई पार्टी सदस्यताबाट निलम्बन गऱ्यो । अन्तरजोन समन्वय समितिको सचिवको हैसियतले तुल्सीलाल अमात्यले राजनीतिक रिपोर्ट पेश गुर्न भयो । त्यस राजनैतिक रिपोर्टमा देश र जनताको मूलभूत समस्या समाधान गर्ने कार्यक्रमको रूपमा ँराष्ट्रिय प्रजातन्त्र को व्याख्या गरीएको छ भने सङ्घर्षको नाराको रूपमाँसर्वभौम सत्ता सम्पन्न संसद को नारा अघि सारिएको छ । राजनैतिक रिपोर्टको विचारमा ँसर्वभौम सत्ता सम्पन्न संसद को नारामा नै सबै प्रजातान्त्रिक शक्तिहरू मिल्न सक्छन् ।
पार्टीको तृतीय महाधिवेशनमा जम्मा ८८ जना प्रतिनिधिहरूले भाग लिएका थिए । त्यसमध्ये दुई जना (पुष्पलाल श्रेष्ठ र हिक्मत सिंह भण्डारी) तुल्सी लालद्वारा प्रस्तुत राजनीतिक रिपोर्टको विपक्षमा लाग्नु भयो भने ६ जना तटस्थ रहनु भयो र बाँकी सबै ७९ जनाले तुल्सी लाललाई समर्थन गर्नु भयो । तेश्रो महाधिवेशनमा तुल्सी लालद्वारा प्रस्तुत राजनीतिक रिपोर्टको विरूद्ध पुष्पलाल श्रेष्ठ र हिक्मत सिंह भण्डारीको नेपाली काङ्ग्रेस नै तत्कालीन अबस्थामा प्रमुख प्रजातन्त्रवादी पार्टी भएकोले त्यसलाई मान्य हुने नारा नै नेपाल कम्युनिस्ट  पार्टीको पनि नारा हुनु पर्छ भन्ने मत रहेको थियो । सार्वभौम सत्ता सम्पन्न संसद होइन कि पूरानो संसदीय व्यवस्थाको पुनस्र्थापना नै सबैलाई मान्य हुने नारा हो भन्ने वहाँहरूको विचार रहेको थियो ।
पार्टीको तृतीय महाधिवेशनको अवस्था सम्ममा सोभियत सङ्घ र चीन बीच विवाद सुरू भै सकेको भए पनि तेश्रो महाधिवेशनमा सोभियत सङ्घलाई समर्थन गर्ने कि चीनलाई समर्थन गर्ने भन्ने विवाद उठेको थिएन । त्यस्तै नयाँ जनवादी कार्यक्रम र राष्ट्रिय प्रजातन्त्रिक कार्यक्रम को सम्बन्धमा पनि विवाद उठेको थिएन ।
पार्टीको तेश्रो महाधिवेशनद्वारा गठीत राष्ट्रिय परिषदको महासचिवमा तुल्सीलाल अमात्य चुनिनु भयो ।
महाधिवेशनमा का. पुष्पलालसँग बहुमतको राय बाझिन गयो । वहाँको भनाइ रह्यो ँअहिलेको (त्यसबेलाको) स्थितिमा नेपालको राजनीतक क्षेत्रमा नेपाली काङ्ग्रेस नै निर्णायक शक्ति भएकोले हामीले उही राजनीति लिनु पर्छ, जो नेपाली काङ्ग्रेसलाई मन्जूर होस् ।
अर्कातिर बहुमतको राय रह्यो ँत्यसबेलाको स्थितिमा न नेपाली काङ्ग्रेस निर्णायक शक्ति बनि–सकेको थियो न कम्युनिस्ट  पार्टी नै निर्णायक शक्ति बनिसकेको थियो । निर्णायक शक्तिको निर्माण गर्न त बाँकी नै छ । ँयदि कम्युनिस्ट  पार्टीले जनतामा गएर मजदुर किसानहरूलाई चेतना दिएर सँगठित गरिन्छ भने यस्तो चेतनशील मजदुर किसान एकताको आधारमा अरूपनि तमाम क्रान्तिकारी वर्गहरू सँगठित गरी अरू पनि क्रान्तिकारी पार्टीहरूसँग एउटा व्यापक संयुक्त मोर्चा बनाएर प्रजातान्त्रिक क्रान्ति पूरा गर्न सकिन्छ । आजको (त्यसबेलको) स्थितिमा कम्युनिस्ट  पार्टीले पँुजीपति वर्गकै नेतृत्वमा क्रान्ति सम्पन्न गर्नुपर्छ भन्ने कुनै जरूरत छैन । भन्ने कुरो बहुमतको समझदारी थियो । बहुमतको समझदारीले यसरी प्रजातान्त्रिक आन्दोलन सफल भएमा यस्तो क्रान्ति वा आन्दोलनको फलस्वरूप स्थापना हुने प्रजातन्त्र पँुजीवादी

प्रजातन्त्र नभएर राष्ट्रिय प्रजातन्त्रको रूपमा स्थापना हुनेछ । यसै लक्ष्यलाई राखेर बहुमतले निम्न माँगहरू अगाडि बढायो ।

क) राजाको हातबाट सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्तरण गर्ने ।

ख) सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्ने ।

तेश्रो महाधिवेशनले पारित गरेको राजनीतिक प्रस्तावमा भनिएको छ, कम्युनिस्ट पार्टीको यो स्पष्ट मत छ कि आजको सङ्घर्ष राजतन्त्र र गणतन्त्रको होइन । आजको सङ्घर्ष राजाबाट शक्ति हस्तान्तरण गरी जनतामा निहित गराई देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु हो । र यस्तो प्रजातन्त्रले मात्र जनतालाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक स्रोतमा देशको मालिकको रूपमा स्थापना गरी उनीहरूको समस्या समाधान गर्दै लैजान सकिन्छ र एक सुखी, सम्पन्न जनजीवन निर्माण गरेर लान सकिन्छ ।

विगत संसदीय व्यवस्था रहँदाको सीमित प्रजातन्त्र र उक्त व्यवस्थाले जनताको मूलभूत समस्याहरूको समाधान गर्न नसकेको सर्वविदितै छ । नेपाली जनता एकातिर फौजी तानाशाहीको विरोधी छन् भने अर्कातिर सीमित पँुजीवादी प्रजातन्त्रबाट पनि संतुष्ट छैनन् । तसर्थ कम्युनिस्ट पार्टीको मत छ, सर्वशक्ति सम्पन्न सर्वभौम संसदको स्थापना गर्ने, सङ्घर्ष राष्ट्रिय प्रजातन्त्र कायम गर्ने, सङ्घर्षको एक अभिन्न अङ्ग हो । शक्ति सम्पन्न सर्वभौम संसदको स्थापनार्थ गरीने सङ्घर्षको बेलामा नै देशका तमाम क्रान्तिकारी तत्वहरूले व्यापक एकता बनाई यस सङ्घर्षलाई राष्ट्रिय प्रजातन्त्रसम्म लान अठोट गर्नु पर्दछ । कम्युनिस्ट पार्टी यसतर्फ सधैं कृयाशील रहने छ ।

ग्रेट ब्रिटेनमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद छ तर ग्रेट ब्रिटेन न त समाजवादी देश हो न त्यहाँ राष्ट्रिय प्रजातन्त्र नै छ । यसैकारण पँुजीवादी प्रजातन्त्रको अबलम्बन गर्ने होस् या राष्ट्रिय प्रजातन्त्रको पक्षपाती होस् दुबैको लागि सर्वशक्ति सम्पन्न सर्वभौम संसदको आवश्यता छ । सबै शक्ति जनताबाट निर्वाचित संसदमा नरहुन्जेल हाम्रो नेपालमा न पँुजीवाद कायम हुन सक्तछ, न त राष्ट्रिय प्रजातन्त्र । यस अर्थमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद एउटा ऐतिहासिक आवश्यकता हो र भिन्न भिन्नै कार्यक्रमको अनुशरण गर्ने प्रजातान्त्रिक शक्तिहरूको मिलनको विन्दू पनि हो ।

यसरी हाम्रो तेश्रो महाधिवेशन राजनीतिले नेपाली काङ्ग्रेससँग संयुक्त मोर्चा बनाउने कुरो नकारेको थिएन । नेपाल कम्युनिस्ट पार्टी संकुचित विचार राखेर अरू पार्टीलाई नकार्ने पार्टी होइन । कम्युनिस्ट परम्परा हो देशमा भएका सबै पार्टी र सङ्गठनहरूसँग संयृुक्त मोर्चा बनाएर क्रान्तिमा अथवा जनआन्दोलनमा विजय प्राप्त गर्नु र विजय प्राप्त गरेपछि सबैसँग मिलेर संयुक्त सरकारको गठन गर्नु । यस्तो कुरोलाई लिएर साम्राज्यवादीहरू र तिनका आसे–पासेहरू प्रचार गर्छन कि कम्युनिस्ट राजमा विरोधी दल हुँदैन । कम्युनिस्ट हरू अर्काको पार्टीलाई जवर्जस्ती खत्तम गरेर पठाउने पक्षमा छैनन् , बरू सबैसँग सौहाद्र्रपूर्ण तरिकाले विचारको आदान प्रदान गरेर

जनताको जीवन उकास्ने खालका एउटा साझा कार्यक्रम निकालेर यस्तो कार्यक्रमका आधारमा सबै मिलेर यस्तो कार्यक्रम कार्यान्वयन गर्ने पक्षमा नै छ । देश निर्माणको निम्ति शासक दल र विरोधीदलको रूपमा जनता विभाजित गरी एकले अर्कोकोमा बाधा दिएर देशलाई अलमलाई राख्नु वेश कि सबै एक जिउ एक प्राण भएर एउटै कार्यक्रम बनाएर देशलाई अगाडि बढाउनु बेश ? नेपाल कम्युनिस्ट पार्टीले विभाजनमा होइन व्यापक संयुक्त मोर्चाको सवालमा निम्न कुराहरू पास गरेको थियो ।

क) देशको सबभन्दा क्रान्तिकारी वर्ग मजदुर वर्गको नेतृत्वमा ।

ख) देशको सबभन्दा क्रान्तिकारी वर्ग मजदुर वर्ग भएर पनि हाम्रो देशको जनसंख्याको सवभन्दा ठूलो अङ्ग अर्थात ९५ प्रतिशत मेहनतकश जनता किसान नै भएको र यी किसानहरूमा अत्यधिक संख्या शोषित र पीडित खेतहीन तथा गरीब किसान भएकोले हाम्रो क्रान्तिको मुख्य ताकत किसान नै हुन् ।

ग) सबभन्दा क्रान्तिकारी वर्ग मजदुर वर्ग तथा क्रान्तिको मूल ताकत किसान भएको हुँदा मजदुर किसान एकता नै संयुक्त मोर्चाको मुख्य आधार बन्नु परेको छ

घ) मजदुर, किसान, शहरीया मध्यम वर्ग,क्रान्तिकारी बुद्धिजीवीहरू तथा राष्ट्रिय पँुजीपतिहरूसहीत तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर नै हामीले सामन्ती तथा साम्राज्यवादी प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी शक्तिहरूसँग मुकाविला गरी विजय हासिल गर्न सक्नेछौ र यो अविकशित देशलाई निर्वाधरूपले विकास मार्गमा लैजान सकिने छ ।

संयुक्त मोर्चाको सवालमा तृतीय महाधिवेशनले दूई किसिमको संयुक्त मोर्चालाई अगाडि बढाएको थियो ।

क) तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त मोर्चा ।

ख) प्रजातान्त्रिक पार्टीहरूबीचको संयुक्त मोर्चा ।

जहाँसम्म नेपाली काङ्ग्रेससँग संयुक्त मोर्चाको सवाल छ तृतीय महाधिवेशनले यस्तो मोर्चामा ँएकता र सङ्घर्ष को नीतिअन्तर्गत नेपाली काङ्ग्रेसको क्रान्तिकारी भावनासँग एकता र त्यस पार्टीको विदेशी साम्राज्यवाद तथा विदेशी एकाधिकार भारतीय पँुजीसँग सम्झौता र परस्तनीतिमा सैद्धान्तिक सङ्घर्षको नीति लिने नीति निधो गरेर भने कि ँनेपाली काङ्ग्रेससँग संयुक्त मोर्चा हुनु हुन्न भन्ने भनाइ गलत हो भने संयुक्त मोर्चाको नाउँमा हाम्रो स्वतन्त्र राजनीति, कार्यक्रम र सङ्गठनको जरूरी महशुस नगर्नु पनि अर्को गल्ती हो ।

कुनै पार्टी वा पार्टीहरूसँग सिद्धान्त र राजनीति र अर्थनीति नमिलेमा एकले अर्कामाथि आक्रमण गरी झगडा मच्चाउने कुरोको विरोध गरी पार्टीले सैद्धान्तिक, रानजीतिक तथा कार्यक्रमात्मक मत भिन्नतालई आपसी तथ्य तथ्याङ्क र विश्लेषणको आधारमा छलफल गरी टुङ्गाउनु पर्छ भन्ने नै तृतीय महाधिवेशनले लिएको एकता र सङ्घर्षको मतलब हो ।

तृतीय महाधिवेशनले ५१ जनाको राष्ट्रिय परिषद चुन्यो । यस परिषदले सर्वसम्मतिबाट तुल्सी लाल अमात्यलाई महासचिव चुन्यो तथा पुष्पलाल सहीत ७ जनाको सचिव – मण्डल चुन्यो र ४ जना सचिवहरू त्यसबेला जेलमा भएकोले उनीहरूको अनुपस्थितिमा प्रतिनिधित्व गर्न ४ जना बैकल्पिक सचिवहरू चुनिए ।

सचिव मण्डलमा निम्न कामरेडहरू चुनिएका थिए ।

| | | |
|---|---|---|
| १) | तुल्सीलाल अमात्य– | महासचिव |
| २) | का. पुष्पलाल– | सचिव |
| ३) | का. मनमोहन अधिकारी– | सचिव |
| ४) | का. हिकमत सिंह भण्डारी– | सचिव |
| ५) | का. कृष्णराज वर्मा– | सचिव |
| ६) | का. मोहन विक्रम सिंह– | सचिव |
| ७) | का.कमल राज रेग्मी– | सचिव |

का. मनमोहन अधिकारी, का. मोहन विक्रम सिंह, का. कृष्णराज वर्मा तथा का. कमलराज रेग्मी जेलमा भएको हुँदा वैकल्पिक सेक्रेटारियट सदस्यमा का. भरत राज जोशी, का. भरत मोहन अधिकारी, का. पुण्य प्रताप राणा, का. लाल सिंह चुनिएका थिए ।

**पार्टी फुट्ने क्रमको सुरूवात**

पार्टीको तेश्रो महाधिवेशनले निक्र्योल गरेको नीतिअनुसार एकमना एकताले पार्टी नेतृत्व अघि बढ्न सकेन । महाधिवेशनले फैसला गरी सकेको नीतिको विपरित पार्टी नेतृत्वका व्यक्तिहरू जाने काम भएकोले पार्टी विवादको खाल्डोमा फस्न गयो र तृतीय महाधिवेशनले चुनेको पार्टी नेतृत्व छिन्नविन्न हुन गयो । पार्टीको जनवादी केन्द्रीयतालाई तोडेर महाधिवेशनको फैसला विपरित मतहरू व्यक्त गर्ने, प्रचार गर्ने, गुटबन्दी गर्ने र गैर जिम्मेवारपूर्ण व्यवहारका घटनाहरू बढ्दै गएकोले पार्टीमा फूट पऱ्यो ।

पार्टीमा देखा परेको फूटको क्रममा तेश्रो महाधिवेशनका अत्यधिक बहुमतको समर्थन प्राप्त तुल्सी लाल अमात्य सन् १९६८(२०२५) सम्ममा बहुमत पुराना कार्यकर्ताहरूबाट अलग्गीइनु पर्ने स्थिति भयो ।

पार्टीको तृतीय महाधिवेशनको वेला का.पुष्पलालको राजनीतिलाई वहाँले लेख्नु भएको ँमूल बाटो ले धेरै हदसम्म प्रतिनिधित्व गर्दछ । यसमा वहाँले आफुलाई माओवादीको रूपमा पेश गर्नु भएको थिएन । वहाँको अडान कि हामीले उही राजनीति अपनाउनु पर्छ जो नेपाली काङ्ग्रेसले मन्जूर गरोस् । यस अडानको अनुरूप का. पुष्पलालले पहिले विघटित संसदको स्थापनासम्म नै वहाँको राजनीति मूलबाटोमा रह्यो । पछि जब का.भरत मोहनले खबर ल्याए कि काठमाण्डौंमा

माओवादको सवालले जोड पक्री राखेको छ, वहाँले आफूलाई माओवादी घोषणा गरी नयाँ जनवादको नारा दिन थाल्नुभयो ।

का. माओले स्वयम् ँनयाँ जनवादको नारा १९६० को मस्को सम्मेलनपछि छोडिसकेकोवारे पछि विस्तृत रूपले छलफल गरिनेछ।

जब देखि पार्टी महाधिवेशन सिद्धियो का. पुष्पलालले तृतीय महाधिवेशनले नकारेको राजनीति नै आफ्नो राजनीतिको रूपमा प्रचार गर्दै जानु भयो । यो कुरो थाहा पाएर केन्द्रीय सदस्य का. जय गोविन्द शाहले विरोध गर्दा वहाँलाई भनियो कि ँम आफ्नो राजनीति छोड्न सक्तिनँ यसैको आधारमा वहाँले नयाँ नयाँ विद्यार्थीहरू सम्पर्क गरी आफ्नो गुँट बनाउन थाल्नुभयो र पछि गएर का. पुष्पलाल, का. हिकमत सिंह र का. बलराम वाहेक सबैजसो नयाँ कार्यकर्ताहरू राखेर जम्मा २८ जनाको भारतको गोरखपुरमा ने. क.पा. तेश्रो सम्मेलनको नाउँको एउटा भेला गरेर आफ्नो अलग पार्टी केन्द्र निर्माण गर्न पुग्नु भयो । यसरी एक नयाँ समूहको जन्म भयो ।

ने.क.पा. को त्यो कथितँतेश्रो सम्मेलन ले तेश्रो महाधिवेशनको विपरीत विचारहरू व्यक्त गऱ्यो । त्यो सम्मेलनले तृतीय महाधिवेशनमा पारित सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुने ँराष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमलाई संसोधनवादी नाउँ दिएर ँनयाँ जनवादी कार्यक्रम नामको मस्यौदा अघि साऱ्यो । सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुने गैर पँुजीवादी राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमलाई संसोधनवादी भन्ने र नयाँ जनवादी कार्यक्रमको मस्यौदा अघि सार्दै भूमिबाट हटाइएका भूमिपतिलाई औद्योगिक क्षेत्रमा लगानी गर्न दिएर पँुजीपति बनाउने विचार अघिसार्नु पुष्पलाल श्रेष्ठको नेतृत्वमा सम्पन्न भएको ँतेश्रो सम्मेलनको अद्भुतको देन रह्यो ।

पुष्पलाल श्रेष्ठको नेतृत्वमा १९६८ मा गोरखपुरमा ँतेश्रो सम्मेलनहँुदा चीनमा सास्कृतिक क्रान्ति चर्किरहेको थियो र त्यहाँ उग्र सोभियत विरोधी प्रचार भैरेको थियो । चिनियाँँ ँसास्कृतिक क्रान्ति र उग्र सोभियत विरोधवादको प्रभाव पुष्पलाल श्रेष्ठमा परेको कुरा तेश्रो सम्मेलनमा ने.क.पा. को निर्देशक सिद्धान्तमा माओ त्सेतुङ्ग विचार धारालाई थप्नु र राष्ट्रिय प्रजातन्त्रको विरूद्ध नयाँ जनवादलाई उक्स्याउनुले स्पष्ट गर्दछ ।

यस प्रकार सन् १९६८ (२०२५) सम्ममा नेपाल कम्युनिस्ट  पार्टीको केन्द्रीय स्तर मै तीन पक्षमा विभाजित हुन पुग्यो ।

१) तुल्सीलाल अमात्य पक्ष

२) पुष्पलाल श्रेष्ठ पक्ष र

३) केशर जङ्ग रायमाझी पक्ष (२०१९ सालको तेश्रो महाधिवेशनले पार्टीबाट निकालेको पक्ष) ।

जेलमा परेका का. मनमोहन, का. महोन विक्रम सिंह जेलबाट छुटेपछि पार्टीसँग सम्पर्क राख्ने सट्टा आ–आफ्नो अलग समूहहरूको निर्माण गर्ने कार्यमा संलग्न भए । का. मनमोहन जेलबाट छुट्दा का. पुष्पलालको तेश्रो सम्मेलन अलग भैसकेको थिएन र का. मनमोहनलाई सेक्रेटारियट

वैठक बसौं भनी आग्रह गर्दा वहाँले आफूलाई सयकडा सय माओवादी भनि सेक्रेटारियट वैठक बस्न मन्जूर गर्नुभएन । र पछि गएर वहाँले आफ्नो अलग समूह बनाउनु भयो ।
का.मोहन विक्रम सिंह पनि माओवाद कै नाममा अलग रहनु भयो । वहाँहरूले पहिले केही माओवादी समूहहरू (मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहन विक्रम सिंह आदिद्वारा २०२४ साल मंसिरमा) मिली केन्द्रीय **"न्यूक्लस दल"** को निर्माण भयो । केही समय पछि नै मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ केन्द्रीय न्यूक्लस दलबाट अलग हुनुभयो । पछि का. मोहन विक्रमको नेतृत्वमा त्यही केन्द्रीय न्युक्लसले २०३१ सालमा ने.क.पार्टीको **"चौथो महाधिवेशन"** गऱ्यो र **"मशाल"** समूह गठन भयो । यो समूह केही समयपछि **"मशाल समूह"** र **"चौ.म."** समूहमा विभाजित भयो र मशाल समूह फेरि एकचोटि फुटेर मोटो **"मशाल"** र पातलो **"मसाल"** गरी दुई टुक्रा भयो ।
सबैले आफूलाई माओवादी भन्ने घोषणा गरे । तर माओवाद भनेको के हो भन्ने कुरो कसैले स्पष्टसँग अगाडि राख्ने काम गरेनन् । का. पुष्पलालले पनि गोरखपुर सम्मेलनमा आफूलाई माओवादी घोषणा गरे । का. पुष्पलालले माओवादको नाममा राष्ट्रिय प्रजातन्त्रको विरोध गरी नयाँ जनवादी कार्यक्रम अगाडि बढाउनुभयो । तर वहाँले नयाँ जनवाद भनेको पँुजीवादी प्रजातन्त्रको रूपमा चित्रण गरी हरवखत नयाँ नजवादको तुरन्त पछि कोष्ठमा पँुजीवादी प्रजातन्त्र राख्न विर्सनु भएन । अरूले आफ्नो कार्यक्रम नयाँ जनवाद भनेता पनि स्पष्ट रूपले आफ्नो कार्यक्रम राख्ने काम गरेनन् । का. मोहन विक्रम सिंहले नयाँ जनवाद भनेको सर्वहारा वर्गको राज तर आर्थिक क्षेत्रमा पँुजीवादको विकास गर्ने भनेर व्याख्या गर्नु भयो (वहाँको उग्र वामपन्थीको खण्डन पृष्ठ ८१ हेर्नु होला) । का. मोहन विक्रमले राष्ट्रिय प्रजातन्त्रलाई दायाँबाट हिर्काउनु भयो र यस्लाई उग्रवादी भनेर विरोध गर्नु भयो । यही राजनीति पछि गएर वहाँको निम्ति संशोधनवादी भयो । राष्ट्रिय प्रजातन्त्रको राजनीतिमाथि हमाला गर्ने अजिव तरीका । सबै माओवादीहरूको माओवादको मूल लक्ष्य रह्यो :–

क) राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलनको विरोध गर्नु ।

ख) तृतीय महाधिवेशनले चुनेको महासचिवको चरित्र हत्या गर्नु, भए नभएको झूठा मन गढन्ते कुराहरूको प्रचार गर्नु । उदाहरणको निम्ति एक–दुई कुराहरू तल प्रस्तुत छन् ।

अ) तुल्सी लालले पार्टीको ३ लाख पचाइराखेको छ रे

आ) तुल्सी लालको दरभंगामा ५ तल्ले विसाल भवन छ रे । त्यो घर मुनीको फाँट तुल्सी लालले किनिराखेको छ रे ।

इ) तुल्सी लालको ९ वटा बस दरभंगा देखि जयनगर चल्छ रे ।

ई) तुल्सी लालको स्पेशियल कार छ रे । उनले जमीनमा पाइतला पनि हाल्दैन रे । त्यसबेला मेरो आर्थिक स्थिति यति दयनीय थियो कि यताउती जान बस खर्चको पनि अभाव थियो । त्यसबेला मेरो सम्पूर्ण परिवार आर्थिक दुराबस्थाले गर्दा दरभंगामा भोकभोकै मर्ने

अबस्थामा थियो । यसरी दरभंगा बसेसम्म जति पार्टीलाई बनाउने कोशिस गरेपनि यिनीहरूको यस्तो हुनेसम्मका नाना थरी प्रचारले त्यहाँबाट दिल्ली जान बाध्य भएँ । यो त्यही बेला थियो जब मेरी कान्छि छोरी १ महिनाकी थिई ।

मेरो दरिद्र अवस्था देखेर दिल्लीका साथीहरू **(भीम प्रसाद उपध्याय, तेज बहादुर गुरूङ्ग इत्यादि)** ले मेरो परिवार सहीत दिल्लीमा ९तचबलकाभच० सरूवा हुने प्रस्ताव राखे र मलाई पनि मद्दत दिने बचन दिए ।

दिल्लीमा पुगेपछि मैले त्यहाँ नेपाली साथीहरूलाई राती English पढाउने काम सुरू गरें र मेरी पत्नी कमलाले एक ड्राइभरको निम्ति पैसा लिएर खाना पकाउन सुरू गरीन् र केही कपडा सिउन पनि सुरू गरीन् । तर फेरि अर्को हल्ला–प्रचार सुरू गरीयो ।

१) यो पनि प्रचार रह्यो कि उनी दिल्लीमा सोभियत राजदूताबासमा नोकरी गरेर बसेका छन् रे, अनि तुल्सी लालको दिल्लीमा घर छ रे ।

२) बम्बईको एउटा पत्रिकाले भने उनले जर्मन जनवादी गणतन्त्र (कम्युनिस्ट जर्मनी) को राजदूताबासमा नोकरी गरेर बसेका छन् रे ।

३) अनि अर्को प्रचार हो कि तुल्सी लालले दुई वर्षसम्म मिटिङ्ग नबोलाएकोले बाध्य भएर पुष्पलालले तृतीय सम्मेलन गरेर नयाँ कार्यक्रम दिएर पार्टी गठन गर्नु पर्‍यो । अनि अर्को प्रचार रह्यो तुल्सी लालसँग कार्यकारीको बहुमत छैन सबैले छोडेका छन् र उनलाई पार्टीबाट निकालिएको छ ।

४) थपाथप अर्को यो पनि प्रचार थियो कि तुल्सी लाल लकुवा लागेर औछ्यानबाट उठ्न सक्तैन र अब नेपाल आउँदैन ।

यसरी दिल्लीमा पनि हामीले सङ्गठनहरू बनाउने र जनतालाई जागरूक गर्ने कार्य गर्‍यौं, तर यी गुटहरूले विगार्ने बाहेक सपार्ने काम गरेनन् । आफ्नो आर्थिक दुरावस्थाले ](Finincial Crisis) गर्दा मैले यी घिन लाग्दा प्रचारहरू (Propoganda) विरूद्ध प्रभावकारी रूपमा आफूलाई बचाउन सकिनँ र जनताबाट धैरै Isolate हुनु पर्‍यो ।

५) भारतमा निर्वासित जीवन विताएर १९ वर्षपछि नेपालमा आएपछि जब उपरोक्त कुराहरू झूठ सावित भयो अनि कसै कसैको प्रचार रह्यो ँदाइ अरू सब ठीक छ, तर रूसको रुबलखाने एउटा काम ठीक भएन । यो पनि अर्को झूटो मनगढन्ते कुरो हो ।

६) अर्को प्रचार रह्यो तुल्सी लालले रूसको विरोध नगरेको कारण उनी रूसवादी हो रे ।

७) आजकल अरू केही नेपाएर मेची देखि महाकाली सम्म प्रचार छ कि उनको पार्टी छैन, उनी एक्लै छन् रे ।

यी विभिन्न महाधिवेशन समूहहरूको यो प्रचार पनि झूठा र मनगठन्त हो भन्ने कुरोको प्रमाण हो ।

नेपालमा फर्कनु भन्दा पहिलेदेखि गरीएका यी घीन लाग्दा प्रचारहरूले गर्दा जनतामा मैले हराएको विश्वास पाउनुको निम्ति धेरै कडा परिश्रम गर्नु पर्‍यो र अहिले पनि यी सबै भोग्दै छु ।
The hatred campaign in one way or other remained and I had to struggle very hard to gain back the confidence of the people I have to struggle hard still. The financial weakness made my party weak, party's weakness told on the financial position too. It is a vicious circle. But I am not disheartened I shall struggle on to the last and build my party.

**पार्टी विरोधी प्रचार**

पार्टी नेतृत्वको चरित्र हत्या पनि पार्टी विरोधी प्रचार हो । हाम्रो पार्टीलाई तहस नहस गर्नेमा चरित्र हत्याले ठूलो काम गरेको छ । यस कार्यमा साम्राज्यवादीहरू तथा प्रतिक्रियावादहिरू मात्र होइनन्, पँुजीवादी पार्टीको अलवा आफूलाई साम्राज्यवाद र सामन्तवादको हातमा बेचिसकेका तथाकथित कम्युनिस्ट हरू भन्ने विभिन्न समूहहरू पनि उत्तिकै दत्त–चित्त भएर लागेका छन् । यस्तै गैर सिद्धान्त गैर माक्र्सवादी मनगढन्त प्रचारहरू खासगरी काने खुसी गरेर मानिसहरू भ्रम दिएर आ–आफ्नो समूहहरू बनाउने काम भयो र यस्तो कामले कम्युनिस्ट आन्दोलनलाई मद्दत गर्ने सट्टा विश्व साम्राज्यवाद र घरेलु प्रतिक्रियावाद कै सेवा गर्ने काम गर्‍यो ।
यस्तो झूठा मनगडन्त प्रचार गर्ने कार्य र यसरी झूठ प्रचार गर्ने कार्यमा संलग्न रही कतिपय नक्कली कम्युनिस्ट हरूले आफ्नो प्रतिक्रियावादी चेहेरा उदाङ्ग पारेका छन् । यीनीहरूको सम्पूर्ण राजनीति माक्र्सवादी तथा लेनीनवादी सिद्धान्तमा आधारित न भै जुनबेला जुन कुरा भ्रम दिन सकिन्छ उही काम गरेर आएका छन् ।
निर्दलवादी प्रतिक्रियाबादको पक्षधर पञ्चहरू कै आवज अनुरूप कतिपय कम्युनिस्ट समूहहरूको प्रचार निम्न प्रकार छ ।
क) हामीलाई अरू देशहरूको कुरा गरेर के फाइदा ?
हेर्दाखेरि राष्ट्रवादी तर आम जनताको चेतनालाई मार्ने यो नारा हो । मानिसहरूको चेतना जङ्गल भित्र कुना काप्चामा वा गाउँ भित्र रहेर बढ्दैन । जति मानिसहरूले संकुचित घेराबाट बाहिर निक्ली आफ्नै देशको साथै विश्व भरिको कुराहरू अध्ययन गर्दछन् अनि गएर नै उही अनुपातमा मानिसको चेतना बढ्ने छ । हामीले कतिपय कुराहरू बेलायत, अमेरिका इत्यादि पँुजीपति मुलुकहरूबाट सिकेका छौं भने कतिपय कुराहरू रूस, चीन इत्यादि समाजवादी मुलुकहरूबाट सिक्नु परेको छ । ती देशहरूले किन यति छिटो उन्नती गर्‍यो त्यो कुरो बुझेर नै हामीले आफ्नो देशलाइै पनि दूरत गतिले कसरी विकास गर्ने भन्ने जान्ने छौं ।
आफ्नै देशको भानुभक्तको ँरामायण अथवा लेखनाथको ँपिंजडाको सुगा मात्र कण्ठ गरेर हाम्रो सभ्यताको विकास भएर आउदैन । रेडियो बनाउनु पर्‍यो, विजुली निकाल्नु पर्‍यो, हवाईजहाज उँडाउनु पर्‍यो, विदेशबाटै सिक्नु पर्‍यो । हामीले नदीहरूमा पुल बाध्छौं, विजुलीको पावर हाउस बनाउछौं, विदेशबाट सिकेर बनाएका छौ । अनि नक्कली कम्युनिस्ट द्वारा जनतालाई भ्रम दिएर

आएकाहरूको नारा कि "हामीलाई अरू देशको कुरा गरेर के फाइदा?" भन्ने नारा देशलाई जङ्गली हालतमा राखी छाड्ने प्रतिक्रियावादी नारा होइन भने अरू के हो ?

उनीहरूको चेहरा उनीहरूको अर्को निम्न कुरोले पनि स्पष्ट गर्दछ । जहाँ हामीलाई लेनिनले सिकाए "साम्राज्यवाद पुँजीवादको चरम अवस्था हो र पुँजीपति वर्गहरूले आफ्नै देशको मजदुरहरूलाई मात्र शोषण गर्छन् भने साम्राज्यवादीहरूले आफ्नो पुँजी विदेशमा निर्यात गरी विदेशको धनमाल र बजार कब्जा गर्नुको साथै त्यहाँको श्रम शक्ति पनि शोषण गर्ने गर्छन् । जति मात्रामा विदेशी पुँजी कुनै देश भित्र पस्छ, उति मात्रामा त्यो देश पराधीन रहेर शोषित र पीडित जीवन विताउनु पर्ने हुन्छ ।

विदेशी पुँजी देशमा भित्र्याउनु माक्र्सवाद–लेनिनवाद विपरीतको कुरो हो । तर आफुलाई कतिपय नक्कली कम्युनिस्ट हरू "विदेशी पुँजी आएपछि कारखानाहरू खुल्छन् र मानिसले आफ्नो योग्यता अनुसार काम पाउँछन् र सबै सुखी हुनेछन्" भन्ने गर्छन् ।

यो कुरो साम्राज्यवादको दलाली होइन भने अरू के हो ? कुनै पनि देशको जनता विदेशी पुँजी भित्राएर सुखी हुँदैन । देशको जनता सुखी बनाउने हो भने सबै कल–कारखानाहरू (अहिलेलाई साना र घरेलु उद्योगहरू छोडेर) जबसम्म सम्पूर्ण जनताको साझा सम्पत्तिको रूपमा खोलिदैन त्यो देशको जनताले सुख पाउँदैन । यही कारण हो कम्युनिस्ट हरूले समाजवादी व्यवस्थामा जोड दिने ।

तर यी कतिपय कम्युनिस्ट भन्नेहरूले समाजवादी व्यवस्थाको विपरित विदेशी पुँजीलाई स्वागत गरेर आफ्नो देशलाई नव–उपनिवेशवादमा परिणत गर्ने कुरोमा योगदान गर्छन् भने यिनीहरू माक्र्सवाद लेनिनवाद अथवा माओवादी हुन् अथवा साम्राज्यवादको तलुवा प्रतिक्रियावादीहरू हुन् ?

उनीहरूको प्रचार छ, "हामीलाई काम–माम पाएपछि अरू के चाहियो ?" एक त विदेशी पुँजी हाम्रो देशमा भित्र पसे र नेपाली जनतालाई काम–माम दिने सट्टा जनताको काम–माम छिन्दै लैजान्छ, अर्को कुरा काम–माम मात्र पाए मानिसलाई के चाहियो भन्ने नारा जनतालाई पाल्तु कुकुर बनाउने नारा हो । मानिसलाई आफ्नो पेट भर्न अर्काले दिएको रोटी पाए पछि भई हाल्यो भन्ने होइन । मानिसले आफ्नो देशको मालिक पनि बन्नु छ जब कि विदेशी पुँजीले नेपाली जनतालाई उनीहरूको दास बनाउने छ ।

स्पष्टत : यी कतिपय नक्कली कम्युनिस्ट हरू नेपालमा समाजवाद स्थापना गर्नको निम्ति बनेका कम्युनिस्ट समूह न भै कम्युनिस्ट समूहको नकाब धारण गरी कम्युनिस्ट आन्दोलनलाई फुटाएर देशीय प्रतिक्रियावाद र अन्तराष्ट्रिय साम्राज्यवादको सेवाको निम्ति बनेको सिद्धान्तहिन, कार्यक्रमहिन, नेताहिन भूमिगत गिरोहको इशारामा नाच्ने प्रतिक्रियावादी जमात हुन् ।

यस्ता प्रतिक्रियावादी दलको काम झूठा प्रचार गरी अर्काको चरित्र हत्या गर्ने सिवाय अरू के हुन्छ ? आश्चर्य छैन कि २०३७ साल श्रावण १३ गतेको राष्ट्रध्वनीमा उल्लेख भए अनुसार जनवादी

चीनको कम्युनिस्ट पार्टीले कतिपय कम्युनिस्ट हरूलाई व्यक्ति हत्यावादी, प्रतिक्रान्तिकारी चरमपन्थीहरू भनेर भनेका छन् ।

के मैले रूसको विरोध नगर्दैमा रूसवादी हुन्छु ? मैले सोभियत सङ्घको विरोध गरीनँ, कारण रूस पनि एउटा समाजवादी मुलुक हो र समाजवादी मुलुकको विरोध गर्दा साम्राज्यवादकै शक्ति बढ्ने हो । त्यसरी पार्टीगत मान्यता त्यसबेला सोभियत सङ्घले डा.माझी र विष्णु बहादुर मानन्धरलाई नै दिएर आइराखको थियो ।

हो, एकपल्ट मलाई दिल्ली बोलाएर सोधेको हो कि १९६९ को मस्को सम्मेलनमा आउने हो कि भनेर । मलाई लाग्यो त्यो सम्मेलन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा फुट ल्याउनको निम्ति भइरहेछ । त्यसैकारण मैले भनें म आउन सक्तिनँ ।

फेरि सोधियो चाइनाको नेतृत्वमा टिराना सम्मेलन भइरहेछ, त्यसमा जाने ? मैले भने म त्यहाँ पनि जान्नँ । अनि भन्न लाग्यो, "So! you are quiet neutral." मैले भने त्यस्तै भने हुन्छ । मैले त्यसबेला Moscow जान मन्जूर गरेको भए मैले नै Moscow को मान्यता पाउने थिएँ । मैले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन आफ्नो स्वार्थको निम्ति फुटाउनु मनासिव ठानिनँ । हाम्रो पार्टीको तृतीय महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको लाइन पास गरेको थियो । १९६० को Moscow सम्मेलनले यस्लाई पास गरेको थियो । चीनको पनि यस्मा सहभागी छँदै थियो । चीन र रूसको प्रजातन्त्र बलियो भएको ठाँउमा संसदको उपयोग गरेर पनि समाजवादी व्यवस्था स्थापना हुन सक्छ–यस्मा एउटै शर्त हो कि यसकोपछाडि क्रान्तिकारी शक्तिको टेवा हुनुपर्छ । तर बहस गर्नेहरूले यो कुरोलाई विर्सी कुरा बङ्गाएर एकातर्फि राष्ट्रिय प्रजातन्त्र संशोधनवादी लाइन हो भन्ने कुरामा जोड दिएका थिए । यसरी तृतीय महाधिवेशनको लाइनलाई जसरी भएपनि फेल गराउने काम भयो । हाहामा सारा यसको विरोधमा उत्रे र यस लाइनको बदलामा अर्को लाइन हो, ँनेपाली काङ्ग्रेस नै हाल (त्यसबेला) नेपालको राजनीतिमा निर्णायक शक्ति भएकोले हामीले उही लाइन लिनुपर्छ, जो नेपाली काङ्ग्रेसलाई मन्जूर होस् ।

यस मानेमा १५ सालको चुनावपछि राजा महेन्द्रले दिएको संविधान अन्तर्गतको प्रजातन्त्र नै हाम्रो प्रजातन्त्रको लक्ष्य हुनु परेको छ । मूलबाटोको अन्तिम पृष्ठहरू हेरे स्पष्ट हुनेछ ।

नेपाली काङ्ग्रेस मात्र होइन, सारा सम्राज्यवादीहरू, पँुजीवादीहरू र सामन्ती प्रतिक्रियावादीहरूको निम्ति राष्ट्रिय प्रजातन्त्र भन्दा, पहिलेको संविधान प्रदत्त प्रजातन्त्र सुपाच्य हुनु स्वाभाविक हो । तसर्थ सारा खप्टेर उल्टै राष्ट्रिय प्रजातन्त्र संशोधनवादी भन्ने आवाजले प्रधानता पाएर यसमा नयाँ जनवादको मुलम्मा लगाइयो ।

राष्ट्रियतालाई जोगाउने जनवादी प्रजातन्त्र नै राष्ट्रिय प्रजातन्त्र हो । जहाँसम्म यसलाई प्राप्त गर्ने निर्णायक शक्ति हो, मजदुर किसानहरूमा गएर उनीहरूलाई जगाउने र सँगठित गर्ने कार्य गर्दा नै यसकोनिम्ति उपयुक्त शक्ति तयार भएर आउने हो ।

<u>यी माथि उल्लेखित आरोपहरू पार्टी मिटिङ्ग राखेर छानबीन गरी यदि हो रहेछ भने तुल्सी लालमाथि कारवाही गरेर नयाँ महासिचव चुने हुन्थ्यो । कमसेकम पार्टी त फुट्ने थिएन</u> । तर वहाँहरूलाई सत्य र तथ्यसँग मतलब थिएन र छैन पनि आ–आफ्नो अलग पार्टीको निर्माण गर्नुछ र विभिन्न समूहहरू बनाउनमा वहाँहरू संलग्न रहनुभयो र विभिन्न कम्युनिस्ट  समूहरू देखा परे ।

माओवादको नाममा वहाँहरूको अर्को काम भयो–

ग) सोभियत विरोधी अभियान र सोभियत सङ्घको विरोध नगर्नेहरूलाई संशोधनवादी भनेर प्रचार गर्ने ।

माओवादको मुकुण्डो लाएर पार्टीलाई फुटाउने हरेकले मेचीदेखि महाकालीसम्म तुल्सी लालका चरित्र हत्या गर्ने कार्य गरे अनेक मनगढन्ते झूट्टा हल्लाहरू फैलाई र संशोधनवादको संज्ञा दिएर तुल्सी लालले लेखेको पुस्तक र पुस्तिकाहरू पनि पढ्ने हो र ? भनेर फ्याँक्ने काम गरे र कार्यकर्ताहरूको यस प्रति घृणा जगाए ।

<u>यो सब किन ? तुल्सी लालको राजनीति गलत हुन सक्छ, तुल्सीलाल पनि बदमास हुन सक्छ । यदि हो भने उनको राजनीतिलाई केलाएर विश्लेषण गरेर गल्ती देखाउनु पर्ने र उनले गरेको बदमासीलाई पनि पार्टी बैठक वा सम्मेलन गरेर सप्रमाण आरोप लगाएर अगाडि राख्नु पर्ने । यस्तो किन भएन</u> ? किन भन्दा यसो गर्दा आफंै उल्टो पर्ने र झूठ सावित हुने डर र पार्टी एकको एकै रहँदा आ–आफ्नो मनोकामना पूरा नहुने भयो । मूल कुरो पार्टी फुटाउनु हो र यसको निम्ति महाधिवेशनको राजनीति र यसले चुनेको नेतालाई बदनाम गर्नु नै एकमात्र अचूक बाटो हो र वहाँहरूले यही बाटो समाते । आज पार्टी अनेक टुक्रामा विभाजित छन् , यस विभाजनले नेपालको राजनीति तथा नेपालमा कम्युनिस्ट  आन्दोलनको भविष्यमा ठूलो प्रश्न चिन्ह लगाई दिएको छ । माओवादी साथीहरूको मूल जिम्मेदारी हो ँसोभियत सङ्घ लाई सोभियत सामाजिक साम्राज्यवादको रूपमा प्रचार गर्नु, सोभियत सङ्घको विरोध नगर्नेहरूलाई रूसको दलाल र संशोधनवादी भनेर प्रचार गर्नु, राष्ट्रिय प्रजातन्त्रको बदनाम गर्नु र राष्ट्रिय प्रजातन्त्रको राजनीति अपनाउने महासचिवको चरित्र हत्या गर्नु । यही वहाँहरूको क्रान्तिकारीताको मूल लक्षण हो । सबै जसोले नयाँ जनवादलाई अपनाउनु र नयाँ जनवादको नाउँमा पँुजीवादी अर्थनीतिको पैरवी गर्नु वहाँहरूको क्रान्तिकारीताको अर्को लक्षण रह्यो ।

मोटो मशाल नेता का. बाबुराम भट्टराईको यहाँसम्म भनाइ रह्यो कि सोभियत सङ्घ रहेसम्म विश्वमा समाजवादी क्रान्ति हुनै सक्तैन । यस अनुसार क्रान्तिकारीहरूको पहिलो कर्तव्य हुन आयो सोभियत सङ्घलाई नष्ट गर्नु । वहाँको क्रान्तिकारी कार्यलाई आज अमेरिकी साम्राज्यवादी षड्यन्त्र अन्तर्गत गोर्भाचोभ र एल्त्शीनको नेतृत्वमा सम्पन्न गरी सोभियत सङ्घ नरही एउटा पँुजीवादी देशमा परिणत भइसकेको छ र जनजीवन तहस नहस भै सकेको छ ।

सायद, अब मशालका नेता का. बाबुराम भट्टराईलाई समाजवादी क्रान्तिको बाटो सफा भइसकेको छ र अब सायद वहाँको नेतृत्वमा सजिलैसँग विश्व समाजवादी क्रान्ति हुने हो कि ?
यस बाहेक मोटो मशालको साथै पातलो मसाल र चौ.म.को निम्ति विश्वमा न कुनै कम्युनिस्ट देश छ न त पेरू र अफगानिस्तान र अमेरिकाको रिभोल्युशनरी कम्युनिस्ट पार्टी बाहेक अरू कही कम्युनिस्ट पार्टी नै छ । हो नेपालमा मोटो मशाल, पातलो मसाल र चौ.म.बाहेक वहाँहरूको नजरमा अरू कम्युनिस्ट पार्टी छैन । यी पार्टीहरूमध्ये पनि वहाँहरू हरेकको नजरमा आफ्नै एउटा समूह वाहेक अरू कुनै कम्युष्टि पार्टी होइन । वहाँहरू सबका सब एक से एक क्रान्तिकारी चाहे व्यवहारमा वहाँहरूबाट नारावाजी बाहेक अरू कुनै ठोस कदम नउठाएको किन नहोस् । यी सव गलत रवैयाहरको विरूद्ध हाम्रो सैद्धान्तिक र राजनैतिक सङ्घर्ष निरन्तर चालु रहनेछ र यी गलत रवैयाहरूलाई खत्तम गरेर नै कम्युनिस्ट एकताको निम्ति बाटो खुल्नेछ ।
यसरी यी सबै पार्टीहरूले म र तेश्रो महिधिवेशनको राजनीतिक सिद्धान्तको विरोधमा...........
This way they created people's hatred towards the 3rd party congress political line and me. Why¿ Because without denouncing me and the party congress line, they won't have the door open for splitting away from the party and give their own magic lines.

It is during the time that I was suffering from economic crisis and couldn't move well for party building. In 1965-66 some responsible leading comrade had said to Jay Govinda, national council member "put Tulsi Lal in economic crisis and he won't be able to work". The plan of his worked, I had my family and children with me. There is no economic resource, sane and except the hopes from party supporters. All my properties along with the personal belongings of my wife already confiscated by the Dictatorial regime in 1961 after we left Nepal.

The Rana regime too had confiscated my personal belongings thrice, once after my arrest in 1947 and other after my going U.G. after the release from Jail.

I believe, had the decisions of 3rd party congress been carried forward without splitting the party, the recent democratic struggle would have given us national democracy and the struggle would not have ended in Bourgeois Democracy,

There is still same credit of the communists in the eyes of the masses and even now if the communists' work united with one people's Democratic programmed. I feel sure and certain; the majority would be that of communists in the next election. In any case we can do better than Bengal (India) govt. C.P.I. (M) as we shall not be controlled by any Bourgeois centre of course we will have to move very consciously and wisely and with strong friendly relation with socialist countries in general and with people's Republic of

China in particular.

But they blame me for breaking left united front; I think this case must be studied deep in the root. कुनै वेला त यो देशमा यस्तो मानिस निस्किएला जसले निस्वार्थ भएर सच्चारूपले तथ्यको आधारमा यी सबै कुरोहरू खोजबीन गरेर सत्य र तथ्यको उजागर गर्नेछ ।

## कम्युनिस्ट पार्टी टुक््रयाउनुमा अमेरिकी साम्राज्यवादको हात

कम्युनिस्ट पार्टी टुक्रा टुक्रा गर्नमा अमेरिकी साम्राज्यवादको हात छैन भन्न सकिन्न भन्ने कुरो इस्वी सम्बत १९७७ डिसेम्बर २० तारेख (२०३४ पौष ४ गते) को वासिंङ्गटन खबर अनु्सार यसको१ दिन अघि अर्थात् पौष ३ गते सी.आई.ए.को यसबेलाको डाइरेक्टर ििबलयम कोल्बिले अमेरिकी सिनेटमा दिएको प्रतिवेदनले जाहेर गर्दछ । उनको भनाई रह्यो ँहामीले (त्यसबेला) संसारमा ८०० वटा सङ्गठनहरू बनाई सकेका छौं र अझ नयाँ नयाँ सङ्गठनहरू बनाउँदै जाने छौं किन भन्दा उनको भनाई ँकम्युनिस्ट हरूको प्रचारलाई असफल पार्नको निम्ति सी.आई.ए. ले र कोल्वीको बयान अनुसार अमेरिकीहरूको अलावा विदेशी पत्रकारहरू सम्वाद दाताहरू र सङ्गठनहरू प्रयोग गर्दै आएको हो । रेगन दोश्रो पटक राष्ट्रपति चुनिसकेपछि दिएको उनको व्क्तव्यले स्पष्टसँग भनेको छ कि ँहामीले अहिलेसम्म पत्रकारहरू र लेखकहरू लाई मात्र हात लियौं, हामी अब व्यापारीहरूलाई पनि हात लिनेछौं । आज अमेरिकाले व्यापक रूपले गैर सरकारी सङ्गठनहरूमा हात हालेको छ । यस्लाई सङ्गठनहरूको अमेरिकी साम्राज्यवाद प्रतिको नीतिले यो कुरोलाई स्पष्ट गर्दछ नेपालको कतिपय गैर सरकारी सङ्गठनहरू अमेरिकी साम्राज्यवादको चुङ्गलमा फँसि सकेका छन् । अमेरिकी साम्राज्यवादको स्वार्थमा धक्का पर्छ भने धेरैजसो मानिसहरू कराएर ल्याउछन् । जब अमेरिकाले अर्को माथि हस्तक्षेप गर्दछ, अन्याय गर्दछ, त्यसबेला यिनीहरू चूप रहन्छन् र अझ यसलाई न्यायोचित ठहऱ्याउने प्रयास गर्छन् । अमेरिकी साम्राज्यवादले उक्साएका समाजवाद विरोधी प्रति क्रन्तिकारी आन्दोलनको समर्थनमा यिनीहरू उत्रन्छन् । सबै गैर सरकारी सङ्गठनहरू यस्तै हो भन्ने हाम्रो भनाई होइन, कि कतिपय इमान्दार समाजसेवी पनि हुन्छन् । तर उनीहरूले अमेरिकी साम्राज्यवाद प्रति लिइने नीतिबाट हामी पत्ता लगाउन सक्छौं कि कुन कुन पत्रकार, प्रचार मिडिया, लेखक अथवा गैर सरकारी सङ्गठनहरू वा व्यक्तिहरू अमेरिकी साम्राज्यवादको चुङ्गलमा फँसी सकेका छन् भनेर । भविष्यको राजनीति शोधकर्ताहरूले अझ यसकोछानविन गर्नेछन् । कसरी नक्कली कम्युनिस्ट हरू अमेरिकी सि.आइ.ए. ले बनाउँछन् भन्ने कुरो सि.आइ.ए.को कप्तान फिलिप आगी जसले १९६९ सम्ममा १२ वर्ष सि.आइ.ए.को अफिसर भएर काम गरेका थिए, उनले लेखेको उनको आफ्नो डायरी ँसि.आइ.ए.डायरी ले स्पष्ट गर्दछ । सि.आइ.ए. को संचालन अमेरिकी राष्ट्रपति स्वयम्ले संचालन गर्दछ । सो डायरीको पृष्ठ ३३, ३४, ३५ मा फिलिप आगडि लेख्छन, (वासिँगटन डि.सी. अक्टोबर १९५९) ँहामीले कम्युनिज्म र सोभियत विदेशनीति बारे एक महिनाको अध्ययन सिध्यायौं ।

छिटै हामीले राष्ट्रिय सुरक्षाको निम्ति सरकारी सङ्गठनबारे अध्ययन सुरू गर्नेछौं । .....
वासिङ्गटनबाट धेरै टाढा ँफारम मा ६ महिनाको विशेष तालिम हुनेछ । उनको भनाई हो ँकम्युनिज्म बारेका लेक्चरहरू र पढाई विशेष चाख लाग्दो छ । तालिम दिनेहरू साम्यवादी दर्शनबाट टाढै रहन्छन् र द्वन्दात्मक भौतिकवादको कहिल्यै नाउँ लिएन । संम्पूर्ण अध्यापनको केन्द्र सोभियत युनियन थियो । लेनिनले व्यवहारवादलाई अपनाउनु नसक्नु , सोभियत युनियनको कम्युनिस्ट पार्टीद्वारा रूसको विस्तारवाद अर्थात साम्राज्यवादी कार्य अरू वाँकी पार्टीहरू रूसको दलाल हो र उनीहरूको लक्ष्य रूसलाई विश्वको तानाशाही बनाउनु हो भन्ने कुरो पाठको मूल केन्द्र बिन्दु थियो । विश्वभरि रूसद्वारा साम्राज्य फैलाउने र आफ्नो तानाशाही लाद्ने कुरो । 
सि.आइ.ए.को यही शिक्षा–दीक्षा अनुरूप नै विश्वभरि ँरूसी सामाजिक साम्राज्यवाद को नारा फैलाइएको हो र पञ्चायतकालमा यो नारा नेपालमा कैयन कम्युनिस्ट समूहरूले आफ्नो क्रान्तिकारिताको प्रमाणको रूपमा प्रचार गरीएको थियो । कतिपयले अमेरिका र रूस दुइटै साम्राज्यवाद भन्दै अमेरिका भन्दा खतरनाक साम्राज्यवादको रूपमा सोभियत सङ्घलाई चित्रण गर्ने गरेर आएका थिए र भन्ने गर्थे सभियत सङ्घ बढ्दो साम्राज्यवादी मुलुक हो र अमेरिका साम्राज्यवाद भएर पनि घट्दो साम्राज्यवदी हो । यसैकारण अमेरिकासँग मिलेर पनि पहिले सोवियत सङ्घलाई खत्तम गर्नु पर्छ । सि.आइ.ए. डायरीको पृष्ठ ८४ मा कसरी सि.आइ.ए. ले १९५४ मा ग्वाटेमाला माथि हमला गरे, कसरी १९५८–५९ मा चीन विरोधी सङ्घर्षमा तिव्वती विद्रोहीहरूलाई मद्दत गरेका थिए , १९५७–५८ मा शुकार्नो सरकारको विरोधमा विद्रोहीहरूलाई कसरी मद्दत गरेका थिए स्पष्टसँग देखाइएको छ ।
तिव्वतमा चीन विरोधी विद्रोह संचालन गर्ने कार्य अब आएर रोकिसक्यो भन्ने होइन । अहिले ४ कोणबाट संयुक्त रूपले जनवादी चीनमाथि सङ्कट पैदा गर्ने कार्य हुँदैछ । तिव्वतमा दलाइ लामाका अनुयायीहरू र समर्थकहरू, हंङ्गकको प्रतिक्रियावादीहरू र एकाधिकार पँुजीपतिहरू, टेनमेनस्क्वायरका विद्रोही विद्यार्थीहरू र टाइवन सरकार– ४ वटाको संयुक्त मोर्चा छ, जस्को नेतृत्व चीनको जनवादी क्रान्तिले भगाएका ताइवन सरकारको हातमाथि छ । यिनीहरूको सङ्घर्षलाई मानव अधिकारको मुकुण्डो लाएर समर्थन गर्नु गराउनु अमेरिकी सि.आइ.ए. को चाल अझ चालु नै छ ।
फेरि पनि अमेरिकी साम्राज्यवादले आदिकाल देखि चीनको भू—भागको रूपमा रहेर आएको तिव्वतलाई जनवादी चीनबाट स्वतन्त्र गरेर त्यहाँ पँुजीवाद प्रजातन्त्रको नाममा तिव्वतलाई आफ्नो नव—उपनिवेसमा वद्लेर त्यहाँ आफ्नो प्रभुत्व कायम गर्ने षडयन्त्र गर्दैछन् । तिव्वत चीनकै भूभाग हो भन्ने कुरो नेपालको विभिन्न इतिहासहरूले स्पष्ट गर्दछ । भोट (तिव्वत) र नेपालो लडाईमा यसकोरूक्षार्थ पेकिङ्गबाट खटिएर फुकाङ आनको नेतृत्वमा आएको फौंज र त्यसपछिको केरूङ्ग सन्धिले स्पष्ट गर्दछ, तिव्वत एउटा कुनै सर्वभौम सम्पन्न राष्ट्र नभएर चीनकै

भूभाग थियो । केरूङ्ग सन्धि भोट (तिव्वत) सँग होइन, चीनको वादशाहको हुकूमले चीनको सम्बा आइ कन भोट (तिव्वत) को र हाम्रो (नेपालको) घा वन्देज धर्म पत्र भएको हो । अङ्ग्रेज साम्राज्यवादले इष्ट इण्डिया कम्पनीद्वारा मिंग वादशाहको कमजोरीको फाइदा उठाएर तिव्वतमाथि आफ्नो प्रभूत्व जमाई राखेको थियो । दलाई लामाले साम्राज्यवादबाट मुक्त हुने आवाज कहिल्यै उठाएनन् र आखिर जनवादी चीनको सरकारले तिव्वतलाई अङ्ग्रेज साम्राज्यवादको हातबाट मुक्त गर्ने काम गऱ्यो । दलाई लामाको प्रथा स्वयं चीनको सम्राट कुव्लाई खाँ ले चलाएको हो र दलाई लामालाई धर्माधिकारी र शासक नियुक्त गरेका थिए । तिव्वत स्वतन्त्र र सार्वभौम देश भएको भए त्यहाँ शासकको रूपमा चीनले दलाई लामालाई नियुक्त गर्न सक्ने थिएन । यसले स्पष्ट गर्दछ तिव्वत चीनको एउटा राजनीतिक इकाई मात्र हो ।

१९७८ को मार्च ८ तारिकको खवर अनुसार जापान, पश्चिम युरोपका देशहरू र अमेरिका मिली बनेको त्रि–पक्षीय कमिशनले गैर कम्युनिस्ट  देशहरूलाई रूस र पूर्वी युरोपका देशहरूसँग आफ्नो व्यापारिक आर्थिक नीतिहरू माथि पुनर्विचार गर्ने आव्हान गर्दै एक रिपोर्टमा भनेको छ, ँभविष्यमा चीन पनि एक भयङ्कर डरलाग्दो शक्ति हुन सक्छ, तर अहिले सोवियत सङ्घ र चीनको टकरावलाई कायम राख्न लगाई चीनसँगको सम्बन्ध कायम राख्नु पर्छ ।

आज का. बाबुरामले चाहे जस्तै सोभियत सङ्घ खत्तम भयो । अब पालो जनवादी चीनको छ र कतिपय कम्युनिस्ट हरूको समूहले व्यवस्थित रूपले जनवादी चीनको बदनाम सुरू गरेका छन् र संसारमा स्थापित सबै कम्युनिस्ट  देशहरूप्रति आम जनताको आस्था खत्तम गर्नमा लागेका छन् । उनीहरूको भनाइ हो संसारमा कहीं समाजवाद छैन, कम्युनिस्ट  पार्टी पनि छैन, छ भने उनीहरूको पार्टी मात्र छ । यस्तो विचार कहाँबाट निक्लेको हो ? यो विचार वहाँहरूले अपनाउनु भन्दा धेरै धनी साम्राज्यवादीहरूले तैयार गरको हुन भन्ने कुरो जापानबाट प्रकाशित ँआम्पी भन्ने पत्रिका प्रकाशित भइसकेको थियो ।

यी सबै कार्यहरूको पछाडि माओवादको मुकुण्डो लगाई दिएको छ । १९७७ को सेप्टेम्बर १० तारिकको ए.एफ.पी. ले पेकिंगबाट दिएको खबर अनुसार चीनको जन दैनिक -Peoples' Daily) को संयुक्त सम्पादकीय मा भनिन्छ ँहाम्रो घरभित्र र घर बाहिरका दुश्मनहरूले अध्यक्ष माओको विचारलाई बुझ्नै नसक्ने गरी टुक्रा टुक्रा गरी दिएको छ । यी दुश्मनहरूले झूठा निर्देशनहरू पनि अविष्कार गरेर यिनीहरूलाई माओ विचारधारा पनि प्रचार गरेका छन । स्पष्ट छ नेपालमा जतिपनि माओ विचार धाराहरू भनेर निक्लेका छन् तिनीहरूलाई छानवीन गर्न सकेन भने हाम्रा वर्ग दुश्मनहरूले फैलाएको जालमा नेपालको राजनीति फसी यसले कहिल्यै देशलाई उभो लगाउन दिने छैन ।

उनीहरूको राष्ट्रिय प्रजातन्त्र विरोधी अभियान गरेर र यस राजनीतिलाई अगाडि बढाउने नेताको चरित्र हत्या गरी पार्टीलाई टुक्रा टुक्रा गर्नु, सोभियत सङ्घलाई सामाजिक साम्राज्यवादको रूपमा बदनाम गर्नु, चीनमा प्रतिक्रान्ति भयो भनेर कम्युनिस्ट हरू तथा श्रमजीवी जनताको बीचमा भ्रम

फैलाउनु, उत्तर कोरिया जस्तो शोषण व्यवस्थालाई पूर्ण रूपले खत्तम गरी साम्यवादतिर पाइला चाल्न लागेको देशलाई संशोधनवादी भनेर प्रचार गर्नु सबका सब के का लक्षण हुन् ? यी हुन् नेपालको कम्युनिस्ट आन्दोलन भित्र सी.आई.ए.को प्रभावित कति हदसम्म पसिसकेको छ भन्ने कुरोको लक्षण ।

**राष्ट्रिय प्रजातन्त्रको राजनीतिको स्रोत र यसमा माओको नेतृत्वमा रहेको चीनी कम्युनिस्ट पार्टीको भनाइ**

आफूलाई माओवादी भन्ने साथीहरूको प्रचार रह्यो कि राष्ट्रिय प्रजातन्त्र क्रुश्चोभको लाइन हो र नयाँ जनवाद नै माओको लाइन हो । के राष्ट्रिय प्रजातन्त्र ख्रुश्चोभले दिएको संशोधनवादी लाइन हो ? होइन, महान् क्रान्तिकारी लेनिनले मंगोलियालाई क्रान्ति दौरान एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका अविकसित देशहरूको निम्ति दिएको लाइन हो ।

यी सब अविकसित देशहरूमा समाज कहीं कविलाको युगमा छ, कहीं दास युगमा छ, कहीं सामन्ती समाज छ । यी देशहरूमा के माक्र्सले देखाएको सामाजिक परिवर्तनका तहहरू एक एक गरी पार गरी समाजवादी व्यवस्था स्थापना गर्ने हो ? यसरी त कविला समाजलाई पहिले दास समाजमा बदल्नु पऱ्यो, अनि यसमाथि क्रान्ति गरी सामन्ती समाज स्थापना गर्नु पऱ्यो, अनि जनताले यस समाजमा दुःख पाउनुसम्म पाएर वल्ल पँुजीवादी समाज स्थापना गर्नु पऱ्यो । अनि पँुजीवादी समाजको शोषण दमन शहन नसेकेपछि वल्ल अर्को क्रान्ति गरी समाजवादी समाज स्थापना गर्नु पऱ्यो । के हरेक देशहरूमा यी तहहरू जरूरत छन् ?

महान् विचारक लेनिनले भने, ँअविकसित देशहरूमा यी तहहरूको जरूरत छैन र यी तहहरू नाघेर जाऊ ।' के नेपालमा हवाई जहाजका कारखानाहरू खोल्न पहिले बेलुनको प्रयोग, अनि ग्याँस भरेको एअर–शीप, अनि एरोप्लेन र वल्ल गएर जेट कारखाना खोल्ने हो कि यी तहहरू नाघी जेट विमानको कारखाना खोल्ने हो ? सुरूमा प्लेनको विकास गर्दा ती तहहरू एक एक गरी पार गरी जेट विमानको तहमा पुगे, तर अब सबैको निम्ति यी तहहरू एक एक गरी पार गर्ने जरूरत छैन । यस्तै विश्व–जमानामा विभिन्न सामाजिक तहहरू नाघ्नु परे पनि अब अरू देशहरूले पनि यी तहहरू एक एक गरी पार गर्नु जरूरत छैन र लेनिनले भने यी तहहरू नाघेर जाऊ । र लेनिनले यसैकारण राष्ट्रिय प्रजातन्त्रको राजनीति अविकसित देशहरूको निम्ति प्रवर्तन गर ।

अब हेरौं राष्ट्रिय प्रजातन्त्र ख्रुश्चोभलेको लाइन हो अथवा यो संशोधनवादी लाइन हो भन्न उनीहरूको प्रचारमा कत्तिको सत्यता छ ।

जनवादी चीनको कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीले का. माओ कै अध्यक्षतामा ३ वटा दस्तावेजहरू प्रकाशित गरेका छन् , जुन दस्तावेजहरू अथवा पुस्तिकाहरूले राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनमा जोड दिएका छन् । ती हुन् :–

क) १९६३ को १४ जुनको चिठी, जस्लाई २५ सूत्रीय कार्यक्रम पनि भनिन्छ । यो चिठी चीनी कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीले सोभियत कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीलाई लेखेको चिठी हो । यो चिठी ६१ पेजको पुस्तिका हो । यस्मा जम्मा २५ वटा बूँदाहरू छन् , जसमध्ये आठौं बूँदाले भन्दछ,:

ँयी इलाकाहरू (एशिया, अफ्रिका र ल्याटीन अमेरिका) मा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलन र अन्तर्राष्ट्रिय समाजवादी क्रान्तिकारी आन्दोलन हाम्रो समयको दुईवटा महान् ऐतिहासिक धारहरू हुन् ।  यी इलाकाहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति हाम्रो समयको सर्वहारा विश्व क्रान्तिको सवभन्दा महत्वपपूर्ण अङ्ग हो ।

तर आश्चर्य छ, एउटा कामरेडले काठमाडौंका खुला मन्चमा बोलेर भन्नुभएको थियो, ँहामी २५ सूत्रीय कार्यक्रम मान्ने हो, यसैकारण हामी राष्ट्रिय प्रजातन्त्रको विरोधी छौं ।  उही भाषणमा वहाँले बोल्नु भएको थियो ँलेनिन सिकाएको छ कि हामीले २ कदम अगाडि राख्यौं भने एक कदम पछाडि हट्नु पर्छ ।  क्या राम्रो अध्ययन रहेछ कुनै समूहको पोलिटव्यूरो मेम्बर भएका त्यो कामरेडको । यस्तै उल्टो कुरा सम्झाएर वहाँहरू राष्ट्रिय प्रजातन्त्रको विरोधमा जनमत तयार गर्नु हुन्छ । लेनिनले भनेको त्यो कुरो थिएन मेनेशोविकहरूको नीतिलाई लिएर लेनिनले भनेको हो ँउनीहरू एक कदम अगाडि राख्दा २ कदम पछि भाग्छन् ।  लेनिन एउटा कुरा भन्नुहुन्छ वहाँहरू उल्टै कुरा सम्झाउनु हुन्छ र अनि पार्टीलाई टुक्राई राख्ने बाटो निकाल्नु हुन्छ ।

चिनी कम्युष्टि पार्टीको अर्को ५२ पेजको पुस्तिका हो ँख्रुश्चोभको संशोधनवाद  त्यस पुस्तिकाको झूठले सच्चाइलाई ढाक्न सक्तैन भन्ने अध्यायमा लेखिन्छ, ँअन्तर्राष्ट्रिय सर्वहारा समाजवादी क्रान्तिकारी आन्दोलन र एशिया, अफ्रिका र ल्याटीन अमेरिकाको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलन हाम्रो समयको २ वटा महान् ऐतिहासिक धारहरू भएका छन् ।

यस्तै का. माओ कै अध्यक्षतामा चीनको कम्युनिस्ट पार्टीको अन्तर्गत चल्ने जन दैनिक - Peoples' Daily) मा पहिलो पल्ट १९६५ सेप्टेम्बर ३ तारिकमा छापेको ँजन यद्धको विजय अमर रहोस्  नामक लेख जो १९६६ र १९६७ गरी फेरि पछि २ पटक पुस्तिकाको रूपमा का. माओको अध्यक्षतामा चल्ने चिनी कम्युनिस्ट पार्टीले छापेको थियो । सो ६८ पेजको पुस्तिका (अंग्रेजी संस्करण)को पृष्ठ ४९ मा लेखिन्छ, अक्टोवर क्रान्तिले पद दलित राष्ट्रहरूको क्रान्तिमा एक नयाँ युग सुरू गरेको छ । अक्टोबर क्रान्तिको विजयले पश्चिमी राष्ट्रहरूको सर्वहारा वर्गको समाजवादी क्रान्ति र पूर्वको उपनिवेशिक र अर्ध उपनिवेशिक देशहरूको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकोबीच एउटा पूल निर्माण गरेको छ । चिनी क्रान्तिले उपनिवेशिक र अर्ध उपनिवेशिक देशहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई समाजवादी क्रान्तिसँग कसरी जोड्ने भन्ने समस्यालाई सुल्झाई दिएको छ ।

का. माओ सेतुङ्गले अक्टोबर क्रान्ति पछिको युगमा कुनै उपनिवेशिक वा अर्ध उपनिवेशिक देशमा साम्राज्यवाद विरोधी क्रान्ति पूरानो पँुजीवादी विश्व क्रान्तिको अङ्ग  नभएर सर्वहारा समाजवादी विश्व क्रान्ति नयाँ विश्व क्रान्तिको अङ्ग हुन आएको भन्ने कुरो देखाउनु भएको छ । वहाँले यो क्रान्ति, जो अरू क्रान्ति भन्दा फरक छ र यो क्रान्ति साम्राज्यवाद, सामन्तवाद र नोकरशाही पँुजीवादको विरूद्ध सर्वहारा वर्गको नेतृत्वमा व्यापक जनताले गर्ने क्रान्ति हो । सो पुस्तिकाको पृष्ठ ५० मा लेखिन्छ, ँका. माओ सेतुङ्गले दुई क्रान्तिकारी तहहरूकोबीच अर्थात् राष्ट्रिय प्रजातान्त्रिक र समाजवादी क्रान्तिकोबीच सही रूपले कहाँ फरक छ र साथै ती दुई क्रान्तिकारी तहहरूको कसरी नजदीकीका साथ जोडिएको छ भन्ने कुरो पनि पछि सही ढङ्गले देखाए ।  राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति समाजवादी क्रान्तिको निम्ति नभई नहुने तयारी हो र समाजवादी क्रान्ति  राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको नभई नहुने फल हो । यी दुई क्रान्तिकारी तहहरू बीच कुनै ठूलो पर्खाल छैन । तर समाजवादी क्रान्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरेर मात्र सम्भव हुन्छ । राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति जति गहिरो रूपमा सम्पन्न हुन्छ, समाजवादी क्रान्तिको निम्ति उत्तिनै राम्रो स्थिति तयार हुन्छ ।

कोमिङ्गटाङ्ग प्रतिक्रियावादी र त्रोत्स्कीवादीहरूले ....राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई अगाडि बढ्नबाट रोक्ने प्रयास गरे र यसरी साम्राज्यवादको अगाडि घुँडा टेक्ने वहाना र बाटो बनाए । यही काम तृतीय महाधिवेशन पछि नेपाल कम्युनिस्ट  पार्टीलाई टुक्रा टुक्रा गरी बनेका नामधारी माओवादीहरू अथवा माओ विचार धाराको नाममा नेपालमा गरे । नेपालमा यो काम कोमिङ्गटान पार्टीले होइन त्रोत्स्कीवादीहरूले होइन, आफूलाई माओ विचार धारा मान्ने कामरेडहरूबाट भयो । ँमिया की जुत्ता मियाके शिर पर भने जस्तो माओवाद र माओ विचारधारको नाममा माओत्सेतुङ्ग कै सिद्धान्त असफल पार्नको निम्ति प्रयोग गरिए, पार्टीलाई टुक्रा टुक्रा गरिए । यस कार्य पछाडि सी.आई.ए. को हात छैन अथवा घोर प्रतिक्रियावादको हात छैन भनेर भन्न सकिन्न ।

राष्ट्रिय प्रजातन्त्रको विरोध गर्नु साम्राज्यवादको सेवा गर्नु हो । राष्ट्रिय प्रजातन्त्रको विरोधीहरूले राष्ट्रिय प्रजातन्त्रलाई ख्रुश्चोभको लाइन र संशोधनवाद भन्ने खुव हल्ला फैलाएर नेपालको राजनीतिलाई गलत मोड दिए जब कि माथि उल्लेखित पुस्तिकको पृष्ठ ५१ अन्तिम लाइनहरू यसरी लेखिएको छ, ँसंशोधनवादीहरूको उद्देश्य पद दलित देशहरूको सङ्घर्षलाई साम्राज्यवाद विरोधी सङ्घर्षबाट मोडेर अन्त लानु हो र राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई भताभुङ्ग पारि दिनु हो र यी सबै काम यिनीहरूले साम्राज्यवादको सेवामा गर्ने गर्छन् । 

उपरोक्त लाइनले राष्ट्रिय प्रजातन्त्र विरोध गर्ने नै संशोधनवादी हुन्, यस्लाई अगाडि बढाउन चाहनेहरू संशोधनवादी होइनन् भन्ने कुरो स्पष्ट गरेको छ । यो पनि स्पष्ट रहोस् कि राष्ट्रिय प्रजातन्त्रको लाइन क्रुश्चोवले दिएको लाइन होइन, यो लाइन हो १९२० तिर महान् क्रान्तिकारी लेनिनले मंगोलियालाई क्रान्तिको दौरान दिएको लाइन । र ख्रुश्चोभलेले यस्लाई प्रस्ताव राख्नु

भन्दा पहिले क्यूवा तथा उत्तर कोरिया इत्यादि विभिन्न देशहरूले सफलताका साथ सम्पन्न गरीसकेको क्रान्तिकारी लाइन । स्यवं जनवादी चीनले चीनको नयाँ जनवादी क्रान्तिलाई राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति परिणत गरेर भनेका छन् ।
का. माओ कै नेतृत्वमा चिनी कम्युनिस्ट  पार्टीले नयाँ जनवादलाई राष्ट्रिय प्रजातन्त्र तिर विकास गरेर आफ्नो क्रान्तिलाई राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति भने भने, नेपालको कतिपय कम्युनिस्ट हरूले माओको नाउँमा राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनको विरोधमा नयाँ जनवाद तेस्र्यायो र नयाँ जनवादलाई पँुजीवादी प्रजातन्त्रसँग जोडेर नयाँ जनवादको आत्मालाई पनि मार्ने काम गरेर यसकोसम्पूर्ण शार तत्वलाई खत्तम गरीदिएका छन् ।
का. पुष्पलाले आफ्नो दस्तावेजमा नयाँ जनवादको ठीक पछाडि कोष्ठमा ँपँुजीवादी प्रजातन्त्र लेख्नु हुन्थ्यो भने का. मोहन विक्रम सिंहले आफ्नो ँउग्रवामको विरोध गरौं नामक पुस्तकमा नयाँ जनवाद भनेको सर्वहारा वर्गको राज्य हो र यसको आर्थिक कार्य भने पँुजीवादी विकास हो भन्न थाले । का. मदन भण्डारीले आफ्नो राजनीति बहुदलीय जनवादलाई ँनयाँ खाले पँुजीवादी प्रजातन्त्र भन्न थाले र यसलाई ँपँुजीवाद–जनवाद भन्ने पनि संज्ञा दिए । यसरी आफूलाई नयाँ जनवादी भन्नेहरू सबैजसो कामरेडहरूले आफ्नो राजनीतिलाई पँुजीवादसँग लगनगाँठो जोड्न पुगेर राष्ट्रिय प्रजातन्त्रप्रति झूठा हल्ला फैलाएर यस प्रतिबाट जनताको ध्यान अन्ततिर पठाउने काम गरे र नेपालको प्रजातान्त्रिक आन्दोलनलाई राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनको रूपमा बढ्ने काममा भाँजो हालेर नेपालको प्रजातान्त्रिक आन्दोलन पँुजीवादी प्रजातन्त्रमा सीमित गरे । यसैको फल हो कि आज नेपाल अर्काको नव—उपनिवेशिक देश छ र प्रजातन्त्र आएर पनि जन–जीवन झन्झन् कष्टमय भएर गइरहेको छ ।

**<u>सोभियत विरोधी अभियान</u>**

नेपालको कम्युनिस्ट  आन्दोलन फुटाउने क्रममा अन्तर्राष्ट्रिय समझदारीमा अनौठौ परिवर्तन आयो । समाजवादी सोभियत सङ्घलाई ँसामाजिक साम्राज्यवाद भनी बदनाम गर्ने कार्यमा तीब्रता आयो । सोभियत सङ्घलाई सामाजिक साम्राज्यवाद नभन्नेहरू ख्रुश्चोभलवादी र रूसको दलाल भनिन थालियो । अमेरिकी साम्राज्यवादको विरोध गौण भएर गयो । पार्टीका दिग्गज नेताहरले पार्टी फुटाउने क्रममा ँअमेरिकी साम्राज्यवाद र ँसमाजवादी सोभियत सङ्घ लाई एउटै दाँजोमा राखी दुबैलाई साम्राज्यवाद भन्दै यी दुईटामा अमेरिकी साम्राज्यवाद भन्दा डरलाग्दो साम्राज्यवाद समाजवादी सोभियत सङ्घ हो भन्ने प्रचार सुरू भयो । कसैले त सोभियत सङ्घ भएसम्म विश्वमा समाजवादी क्रान्ति नै हुन सक्तैन भन्न थाले । समाजवादी सोभियत सङ्घलाई ढाल्नमा यी सबैखाले तथाकथित माओवादीहरू अथवा माओ विचार राख्नेहरूको नैतिक देन रह्यो भने अब आएर अमेरिकी साम्राज्यवादको प्रहार जनवादी चीनमाथि हुन थालेको छ र ताइवानको नेतृत्वमा हङ्गकङ्ग, तिव्वत र तेनमेन स्क्वायरको विद्यार्थीहरूको आन्दोलनको एक संयुक्त मोर्चा

गठन गरी भित्रबाट संचालन गर्दैछ र ऐन मौकामा यिनीहरूको आन्दोलन उठाएर तथाकथित मानव अधिकारको आडमा जनवादी चीनको बदनाम गर्ने र सके चीन भित्र हस्तक्षेप गर्ने भूमिकाको निर्माण गरीदैछ । मसाल, मशाल समेत भएको संयुक्त जन मोर्चाले अहिले नै चीनमा प्रतिक्रान्ति भयो भन्ने हल्ला मचाउदैछ भने निश्चित हो चीनमाथि अमेरिकी हस्तक्षेप हँुदा वहाँहरू चूप लागेर बस्ने हुन् अथवा नैतिक समर्थन दिने हुन् अहिले नै अनुमान गर्न सकिन्छ । भगवान करे, वहाँहरूद्वारा यस्तो काम नहोस् ।

कतिपयले मौखिक रूपले अमेरिकी साम्राज्यवादको विरोध गर्ने गरेता पनि यसकोचरित्रलाई उदाङ्ग पार्ने हिम्मत गर्दैन । कति यस्तो पार्टी पनि देखियो जसले खुलामन्चबाट अमेरिकी राजदूत च्याङ्ग व्लकको खूब विरोध गरे तर आफ्नो जन–सङ्गठनको सम्मेलनमा विशिष्ट अतिथिको रूपमा च्याङ्ग व्लकलाई नै निम्तो दिएर आदर गरे । यो दोहोरो चरित्र नबुझ्ने खालको छ र यस्तो चाल जनतालाई भ्रम दिएर अल्मलाउने कार्य मात्र हो ।

अर्को कुरो विरोध व्यक्तिगत रूपले च्याङ्ग व्लकको होइन, विरोध हुनु पर्छ अमेरिकी साम्राज्यवादी हरकतको । च्याङ्ग व्लक जस्तो त आउँछ जान्छ तर अमेरिकी साम्राज्यवादको षडयन्त्रकारी हरकत त विश्वव्यापी रूपमा हरबखत चालू रहन्छ । हाम्रो विरोध अमेरिका देशसँग होइन, न त त्यहाँका जनता अथवा कुनै व्यक्तिसँग हो, चाहे त्यो व्यक्ति अमेरिकी राष्ट्रपति नै किन नहोस् । हाम्रो विरोध हो अमेरिकी साम्राज्यवादी षड्यन्त्रको जसले विश्वको सम्पूर्ण अविकशित वा विकासशील देशहरूमा भित्र भित्र धमिराले खाए जस्तै खाएर गैरहेको छ र ती देशहरूलाई कहिल्यै उठ्न नसक्ने हालतमा पुर्‍याई दिएको छ । नेपाल यस्तो कार्यबाट मुक्त छ भनेर भन्न सकिन्न । नेपालभित्र पनि अमेरिकी साम्राज्यवादको जाल भित्रभित्र फैलिएर गइरहेको छ । भारतका पहिलेका प्रधानमन्त्री पं.जवाहरलाल नेहरूले भनेको डलर साम्राज्यवाद नेपाल भित्र पनि फैलिएर गइरहेको छ । सुनिन्छ अमेरिकी साम्राज्यवादले नेपालको राजनीति आफ्नो मुठीमा पार्नको निम्ति ८ करोड डलरको बजेट छुट्याएको छ । विस्तार विस्तारै यो डलर पहाडको कुना काप्चामा पुगिरहेको छ । आश्चर्य छैन आजकल नेपालमा अमेरिकी साम्राज्यवादको विरोध मन्द भएर गइरहेको छ । निश्चय पनि यो कुरो माओवाद अथवा सही किसिमको माओ विचारधारासँग मेलखाने कुरो होइन । का.माओले आफ्नै क्रान्ति साम्राज्यवाद, सामन्तवाद तथा नोकरशाही पँुजीको विरोधमा अगाडि बढाएका थिए । का. माओले अगाडि बढाएको क्रान्तिको लक्ष्य आफ्नो देश चीनलाई साम्राज्यवाद, प्रतिक्रियावादी समान्त वर्ग, विदेशी पँुजी दलाल पँुजी (विदेशी पँुजीसँग मिलेर उनीहरूको दलालको रूपमा काम गर्ने), नोकरशाही पँुजीबाट मुक्त गर्नु थियो । नेपालको वामपन्थीहरूले यस लक्ष्यलाई धेरै हदसम्म विर्सिदिएको छ । अन्तर्राष्ट्रिय दृष्टिकोणमा आएको परिवर्तन पनि यसैकारण अत्यन्त मनन योग्य कुरो हो र यो दृष्टिकोण प्रतिक्रान्तिकारी दृष्टिकोण हो र यस्तो दृष्टिकोण निश्चित रूपले राष्ट्रिय प्रजातान्त्रिक आन्दोलन विरोधी दृष्टिकोण हो र साम्राज्यवादको सेवा गर्ने दृष्टिकोण हो ।

राष्ट्रिय प्रजातान्त्रिक आन्दोलन भताभुङ्ग गर्नको लागि राष्ट्रिय प्रजातान्त्रिक राजनीतिको बदनाम गरेर पुग्दैन यसलाई अगाडि बढाउने व्यक्तिको पनि बदनाम गरेर चरित्र हत्या गर्नु जरूरी थियो, गरियो र गरिदैछ पनि ।

**पार्टी एकता र संयुक्त मोर्चाको सवालमा**

कम्युनिस्ट आन्दोलन नष्ट गर्ने सबभन्दा खतरनाक उपाय हो यसको विभाजन । पार्टीभित्र मत मतान्तर हुन सक्छ । यसलाई निराकरण गर्ने एउटै उपाय हो ँजनवादी केन्द्रीयता। हरेक समस्यामा विचारको आदन–प्रदान, प्रशस्त छलफल गरेर वैज्ञानिक विश्लेषणको आधारमा एउटा टुङ्गोमा पुग्न सकिन्छ । यसरी नटुङ्गिइएमा अल्पमत बहुमतको आधारमा पनि यसलाई टुङ्गयाउन सकिन्छ । तर हर कुरो अल्पमत–बहुमत गरेर पनि टुङ्गिदैन । हामीले पार्टी भित्र यसको अनुभव गरेका छौं । वि.सं २०१७ सालमा राजा महेन्द्रले फौंजी कारवाही गरी संसदीय व्यवस्थालाई भङ्ग गरी जनताले पाएका सबै अधिकारहरू खोसेर लिने काम भएको थियो । डा.रायमाझी, का.विष्णु बहादुर इत्यादि डा.रायमाझी पक्षकाहरू सबैले राजाको यो फौजी कार्यको समर्थन गरे । अब केन्द्रको बहुमत अल्पमत गर्ने हो भने डा. रायमाझीले केन्द्रमा १७ जना मध्ये ९ जना हात लिईराखेका थिए । यस्तो बहुमतले त जहिले पनि प्रतिक्रान्तिकारी शक्तिलाई नै मद्दत पुर्‍याउने गर्छ । यस्तो स्थितिमा सम्मेलन अथवा महाधिवेशन गरेर पनि समस्या समाधान हुन दिंदैन । तर डा.रायमाझीको नेतृत्वमा रहेको केन्द्रीय बहुमत यस्तो महाधिवेशन गराउने पक्षमा रहेन । केन्द्रलाई बारबार लेखेर माग गर्दा पनि महाधिवेशन गर्ने कुरोमा चासो राखेन । फलतः का. पुष्पलाल, का. हिकमत सिंह र मेरो नेतृत्वमा अन्तर्जोन समन्वय समितिमार्फत तेश्रो महाधिवेशन गर्नु पर्‍यो । डा. रायमाझीप्रति बफादार डफ्फामाथि महाधिवेशनले कारवाही गर्नुपर्‍यो र तेश्रो महाधिवेशनले राजनीति टुंग्यायो र राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनको लक्ष राखेर महाधिवेशन टुङ्गियो ।

महाधिवेशन पछि का.पुष्पलाल लगायत धैरैले माओवादको नाममा ँराष्ट्रिय प्रजातन्त्रको राजनीतिलाई झूठै ख्रुश्चेभ संशोधनवादको नामाकारण गरी हमला गरे । यो राजनीतिलाई अगाडि बढाउने महासचिवको चरित्र हत्या गर्ने र झूठा मनगढन्ते कुराहरू बनाएर बदनाम गर्ने कार्य गरे र माओवादीको मुकुण्डो लाएर वहाँहरू अलग भए । पछि ती तथाकथित माओवादीहरू एकपछि अर्को गरी टुक्रा भए । पुष्पलाल गुटबाट पनि विभिन्न गुटहरूको श्रृजना भयो । जस्तो कि मजदुर किसान सङ्गठन (रोहित), केशर मणि समूह र हरी शर्मा समूह which went into liquidation . The Mashal group1st separated into Mashal and 4th congress group and the Mashal group was again split into "Mashal" and "Masal" groups.

नेपाल कम्युनिस्ट पार्टीको पूरानो नेतृत्वदेखि असंतुष्ट भएका र भारतको नक्सलवादी आन्दोलन देखि प्रभावित झापा जिल्लाका युवा कम्युनिस्ट हरूद्वारा (ने.क.पा. झापा जिल्ला कमिटीद्वारा)

झापामा २०२८ सालमा नक्सलवादी सङ्घर्षको नक्कल गर्दै सङ्घर्ष भयो । व्यक्ति हत्याको राजनीति लिएर २०२८ सालतिर झापाकाण्ड सुरू भयो, जुन सङ्घर्ष झापा सङ्घर्षको नामले चर्चित हुन गयो । यस सङ्घर्षको दौरानमा केही सामन्ती तत्वहरू मारिए भने प्रतिक्रियावादी सरकारले कयौं क्रान्तिकारीहरूको हत्या गऱ्यो । उनीहरूको अलग समूह बने । त्यसबेला ँआट्म बम ,ँरातो तरवार आदि नाउँ दिएर अनेक समूहहरू बने । सबै मिली २०२८ सालमा मा.ले. पार्टीको निर्माण भयो ।

झापा सङ्घर्षबाट उम्रेका कम्युनिस्ट क्रान्तिकारीहरूले समान विचार राख्ने अन्य केही स्थानीय रूपमा सकृय समूहहरूसँग मिलेर ँअखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेशन केन्द्र (को.के.) को गठन २०३२ सालमा गऱ्यो । पूरानो नेतृत्वसँग असंतुष्ट र त्यससँग विद्रोह गर्ने देशको विभिन्न भागमा रहेका कम्युनिस्ट क्रान्तिकारीहरू कोअर्डिनेशन केन्द्रमा सामेल हुँदै जाने क्रम २०३५ पौष ११मा को.के. को आयोजनामा भएको भेलाद्वारा ँनेपाल कम्युनिस्ट पार्टी माक्र्सवादी–लेनिनवादी को स्थापना भयो ।

एकातिर झापा सङ्घर्ष, अर्कोतिर केन्द्रीय न्यूक्लसको गठन, अनि को.के. को गठन सँगसँगै २०२५ सालमा तेश्रो सम्मेलनद्वारा गठित पुष्पलाल समूहको विखण्डन पनि शरू भयो । विखण्डनको फलस्वरूप पुष्पलाल श्रेष्ठको नेतृत्वमा रहेको पार्टी सङ्गठनको केही पक्ष को.के. तिर र केही चौथौ महाधिवेशन तिर लाग्ने काम भयो । केही मात्र पुष्पलाल समूह मै कायम रहे । पुष्पलाल श्रेष्ठले माओ विचारधारा नयाँ जनवाद र सोभियत विरोधवादको आधारमा अलग्गै पार्टी केन्द्र गठन गर्नु भएको थियो भने त्यही धारणाहरूलाई वामपन्थी शव्दाडम्बरले अझ सिँगार्दै जोड दिने क्रममा नै को.के. र मोहन विक्रम सिंहको नेतृत्वमा चौथो महाधिवेशनको उत्पत्ति भएको थियो । नेपाल कम्युनिस्ट पार्टी फुट्ने जुट्ने यस प्रकृयाको क्रममा २०३५।३६ सम्ममा चौथो महाधिवेशन पक्ष सबभन्दा ठूलो समूहको रूपमा देखा परेको थियो ।

२०३५।३६ को आन्दोलनबाट देशमा केही खुकुलो वातावरण बनेको अवस्थामा २०३६ सालमा केही पुराना नेताहरू र कार्यकर्ताहरू भेला भएर अलग्गै नेपाल कम्युनिस्ट पार्टी केन्द्रको घोषणाभयो । यस बीच नेपाल मजदुर किसान सङ्गठन पनि बन्यो । कृष्णदास श्रेष्ठको नेतृत्वमा नेपाल माक्र्सवादी–लेनिनवादी पार्टी नाउँको गुट पनि बन्यो ।

२०३८ सालमा आएर ँशाही कम्युनिस्ट  भन्ने कुख्याती पाएको रायमाझी गुटमा पनि फूट भयो, जस्को फलस्वरूप विष्णु बहादुर मानन्धरको नेतृत्वमा अलग्गै समूह र केशरजङ्ग रायमाझीको नेतृत्वमा अलग्गै समूह देखा पऱ्यो । नेपाल मजदुर किसान सङ्गठनमा पनि फूट भयो र रोहित पक्ष, डि.बि. सिंह पक्ष र सर्वहारा श्रमिक सङ्गठन रूपलाल पक्ष देखा पऱ्यो । २०३८ सालमा आएर चौथो महाधिवेशन (मशाल) समूहले माओत्सुङ्गको मृत्युपछि चीनमा प्रतिक्रान्ति भएको निष्कर्ष झिक्दै अब संसारमा कुनैपनि समाजवादी देशको अस्तित्व नभएको र विश्व कम्युनिस्ट आन्दोलन गम्भीर सङ्कटमा फसेको दाबी गर्न पुग्यो । त्यस्तो दाबी गर्न

पुगेको दुई वर्ष पूरा नवित्दै त्यो समूह दुई फ्याँकमा टुक्रियो । एक टुक्राले आफ्नो न्वारान ँमशालभनेर गऱ्यो भने अर्कोले ँचौथो महाधिवेशन भनेर गऱ्यो । २०४० सालमा दुई फ्याक भएको दुई वर्ष नबित्दै फेरि दुई फ्याँक भयो । एउटा ँमशाल मोहन विक्रम सिंहको नेतृत्वमा बन्यो भने अर्को ँमशाल बहुमतवाला ँकिरणको नेतृत्वमा बन्यो ।

२०४० सालमा डि.बि.सिंहको नेतृत्वमा रहेको ँनेपाल किसान सङ्गठन नेपाल कम्युनिस्ट पार्टी मालेमा सामेल भयो । सामेल भएको केही समयपछि डि.बि. सिंह फेरि मालेबाट अलग भई साम्राज्यवाद विरोधी मोर्चा नेपाल नाउँको गुट बनाउन पुग्यो । २०४० सालमा नै केशर जङ्ग रायमाझीको नेतृत्वमा रहेको पार्टीमा फेरि फूट भयो र कृष्णराज बर्माको नेतृत्वमा नयाँ समूह देखा पऱ्यो । रायमाझीको नेतृत्वमा ँभातृ समूह कायमै रह्यो । २०४२ सालको अन्ततिर रायमाझीले २५ वर्षसम्म पञ्चायती मूल प्रवाहबाट अलग रही आफू जनताबाट टाढिन गएको र अब त्यस्तो गल्तीलाई त्यागेर पञ्चायतमा सामेल भएको वक्तव्य दिएपछि रायमाझी विनाको ँभातृ समूह नाउँको एउटा सानो गुट अझै रहेको छ ।

२०४० सालसम्ममा सोभियत सङ्घ र चीन बीच तटस्थताको नीति अंगाल्ने टि.एल.समूह, सोभियत पक्षधर रायमाझी, बर्मा, मानन्धर समूह, चीन पक्षधर ने.क.पा.(माले) , ने.पा.ले. पार्टी, सहाना समूह, रोहित समूह, मनमोहन समूह, संसारमा समाजवाद नै नदेख्ने चौ.म. समूह, मशाल समूह, सर्वहारा श्रमिक सङ्गठन, साम्राज्यवाद विरोधी मोर्चा अस्तित्वमा रहेका देखिन्छन् । २०४३ सालमा मनमोहन–सहाना समूह मिली एउटै समूह बन्नुका साथै ती समूहहरूले सोभियत सङ्घको विरोध गर्ने नीतिलाई त्यागे ।

हालैको अबस्थामा नेपाल कम्युनिस्ट पार्टी (मा.ले.) मा पनि अन्तर्राष्ट्रिय लाइनमा व्यापक परिवर्तन आईरहेको देखिन्छ । एउटा प्रमुख मित्र शक्तिलाई शत्रु पंक्तिमा राख्ने गल्तीलाई ने.क.पा.(मा.ले.) त्याग्दैछ र सोभियत सङ्घलाई समाजवादी मित्र शक्तिको रूपमा समर्थन गर्दैछ । यसले नेपाल कम्युनिस्ट आन्दोलनमा एउटा सकारात्मक मोडको संकेत गरिरहेको छ ।

यसरी विभिन्न टुक्रामा विभाजित कम्युनिस्ट हरूको संयुक्त गर्ने प्रयास निरन्तर जारी रह्यो । सर्वप्रथम का.पुष्पलालसँगै मेल–मिलाप गर्ने प्रयास भयो । नयाँ दिल्लीमा बि.बि. थापाको घरमा का. पुष्पलाल र मेरो भेटघाट भएर कुराकानी भयो । घरायसी भलाकुसारीको कुराहरू धेरै बेरसम्म राम्रो वातावरणमा भयो । मैले वहाँलाई पार्टी मिलाउने प्रस्ताव राखें । वहाँको जवाफ आयो वहाँको केन्द्रीय कमिटी बनिसकेकोले अब मिलाउन सकिन्न, बरू वहाँले भन्नुभयो, ँतिमी मेरो पार्टीमा आउँछौ भने पोलिटव्यूरोमा राख्नेछु । निश्चित रूपले यो मिल्ने तरीका होइन । त्यो प्रयास फेल भयो ।

पछि म बनारस जाँदा वहाँ विरामी हुनुहुँदो रहेछ । त्यसबेला मैले वहाँकहाँ जानु पर्ने, विरामी बेला जिस्काउन आयो भन्ठान्लान् भन्ने सोचेर म वहाँकहाँ जाने हिम्मत गरीन यो मेरो गल्ती थियो । मेरो त्यो दिनको समय का.मोदनाथ प्रश्रितकहाँ वित्यो । त्यसवेला वहाँले ँदेवाशूर सँग्राम

लेखिरहनु भएको थियो । पछि मैले थाहाँ पाएँ कि पुष्पलालले म बनारस आएको थाहा पाएर यताउति खोज्न लगाएका रहेछन् । यो कुरो थाहा पाएको भए अवश्य म वहाँ कहाँ जान्थे । पछि पनि वहाँले दिल्लीमा मसँग भेट्न मान्छे पठाउनु भएको रहेछ । संजोगले म दिल्ली बाहिर गइराखेको बेला परेकोले सो कामरेडसँग मेरो भेट हुन सकेन । यो कुरा सो कामरेडले मलाई कन्चनपुरको महेन्द्र नगरको एक होटलमा भेट्दा भन्नु भयो । वहाँले आफ्नो नाम ँ...... नेपाल भन्नु भएको थियो । धेरैपछि का. पुष्पलाल विरामी भएर दिल्लीको अस्पतालमा भर्ती भैराखेको कुरो अखवारबाट थाहा पाएँ । म भेट्न गएँ । वहाँको मुखमा प्रशन्नता नै पाएँ । विरामी मानिससँग राजनीति बहस गर्नु मैले ठीक मानिन र राजनीतिक कुरा मैले उठाइनँ । मनमा राखें निको भएपछि कुरा गरौंला । तर वहाँ निको हुनुभएन र वहाँ सदाको निम्ति यो संसारबाट विदा हुनुभयो । पार्टी एकताको सम्भावना पनि विलायो ।

का. पुष्पलालको देहावसानपछि वहाँको समूहसँग फेरि एकताको कुरा भयो । यो कुरा चल्दाचल्दै जनमत सँग्रह घोषणा भयो, नेपाल आएर का. सहाना प्रधानसँग एकताको कुरो चालु राखें । मेरो विचारमा ९५ प्रतिशत कुरा मिलीसकेको थियो । तर बीचमा के भयो वहाँ २ महिनासम्म देखा नपर्दा मैले वहाँको घरमा गएर भेट्न गएँ र मेलको कुरो फेरि उठाएँ । वहाँको जवाफ आयो, ँहामी आन्दोलनको बेलामात्र मिल्ने । मेलको कुरो यही अन्त भयो ।

त्यसपछि का. मानन्धर समूह, का. हिकमत सिंह र हाम्रो समूहकोबीच मेलमिलाप भएर ँवामपन्थी एकता मन्चको निर्माण भयो । त्यसबेला मानन्धरजी नेपालमा थिएनन् । वहाँ मस्कोबाट फर्केपछि कुरा बदि्लयो । हामी राजनीतिमा होइन, जन–वर्गीय सङ्गठनमा मात्र मिलेर जाने भन्ने कुरो वहाँले भन्न थाल्नु भयो । यो प्रयास पनि त्यत्तिकै सेलाएर गयो । पछि बर्माजीसँग मिल्ने कुरो भयो । वहाँको सम्मेलनमा भाग लिइयो । पछि वहाँहरूबाट प्रस्ताव आयो । वहाँको २१ जनाको केन्द्रीय कमिटीमा ८ जनाको ठाउँ खाली छ , ती ठाउँहरूमा हाम्रो तर्फबाट भरने र सचिव मण्डलमा ८ जना मध्ये ३ जनाको ठाउँ खालि छ त्यो ठाँउ पनि हाम्रो तर्फबाट भर्ने । यो त २ पार्टीको मेल नभएर वर्माजीको पार्टीमा हामी विलीन हुने मात्र भयो । यो प्रयास पनि फेल भयो ।

एकदिन पद्मरत्नजीको पहलकदमीमा १४ वटा कम्युनिस्ट समूहहरू बोलाएर एउटा चिया पार्टी भयो । त्यस चिया पार्टीमा मैले जे–जसरी सम्भव हुन्छ कम्युनिस्ट हरू मिल्नु पर्छ र कम्युनिस्ट हरू मिलेको खण्डमा नेपालको राजनीतिमा कम्युनिस्ट हरू नै निर्णायक शक्तिको रूपमा देखा पर्नेछन् भन्ने कुरा व्यक्त गरें । यसबीच का. भरत मोहनले ँवाई–लाटरल र ट्राइलेटरल टक (अथार्त दुई पक्षीय र तीन पक्षीय कुराकानी) भइरहेको कुरा बताए । आखिर ७ पार्टीको मात्र एउटा संयुक्त वाम मोर्चाको गठन भयो । यसको अध्यक्ष का. सहाना प्रधान र मानार्थ अध्यक्ष मलाई बनाइयो । यस मोर्चाले लोकप्रियता पनि हासिल गऱ्यो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाम मोर्चाको बीच समझदारी कायम गरी जन आन्दोलन सुरू भयो । यस आन्दोलनमा २०४६ को फागुण ७

गते ७ वटै घटकका नेताहरू र पद्मरत्न तुलाधरजी समेत गरी आठै जना नेताहरू एकसाथ दिनको १ बजे धरहरामा जाने निणर्य भयो । ७ गते आयो, १ बज्न लाग्यो कोही कतै खबर र सम्पर्क भएन । ठीक १ बजे बागबाजारबाट का. ऋतुप्रसाद गर्तौलाको डेराबाट टेम्पोमा बसेर कशजूलाई लिएर म नयाँ सडक पुगें । त्यहाँ अमेरिकी लाईब्रेरीको कुनाबाट आफ्नो पार्टीको झण्डा फहराएर एक्लै खिचापोखरीतिर बढ्यौं । खिचापाखरीबाट पुरानो भन्सार जाने मोडमा पुग्दा प्रहरी आएर पक्राउ गरे ।

त्यसको आधा घण्टा पछि का. मनमोहन अधिकारी र का. लालसिंह कम्युनिस्ट झण्डा प्रदर्शन गरेर भोटाहीटीमा देखा परे । वहाँहरू पनि पक्राउ परेर पुलिस क्लबमा ल्याइनुभयो । अरू नेताहरू कहाँ गए के गरे थाहा भएन । का.सहाना र का. मानन्धरलाई आ–आफ्नो घरबाट केही दिन अघि नै पक्राउ गरेर लगि सकेका थिए । ४–५ दिन अघि देखि नै नेताहरूको घर घर गई पक्रने क्रम चालु भइसकेको थियो । यसैकारण हामीहरूले त्यो भन्दा अघि नै आ–आफ्नो घर छोडी भूमिगत बसेका थियौं । यस आन्दोलनमा मलाई पाटनबाट काठमाडौं वागबाजार का. गर्तौलाको डेरासम्म पुऱ्याउने कार्य मेरी श्रीमती कमला अमात्यले गरिन् । गर्तौलाको डेराबाट अमेरिकन लाइब्रेरीको अगाडि पुऱ्याउने कार्य ठिमीको का. कशजूले गरे । अरू कामरेडहरू कहाँ गए, के भए पत्तै भएन । जे भएपनि त्यसपछि आन्दोलन चर्केर गयो, ४९ दिनको सङ्घर्ष पछि सफल पनि भयो , अन्तरिम सरकारको मन्त्रीमण्डल बन्यो जसमा ३ जना मन्त्रीहरू संयुक्त वाम मोर्चाबाट दिइएका थिए । तर वाममोर्चाबाट गएका मन्त्रीहरूले कम्युनिस्ट नैतिकताको पालन गरेर जनताप्रति बफादार भएर काम गर्न सकेनन् । वहाँहरूसँग कसैले काम लिनु पऱ्यो भने पहिले वहाँहरूको समूहको सदस्य हुनुपर्ने गैर जिम्मेदार तरीका वहाँहरूले अपनाए । ३ जना मध्ये २ जनाबारे वरावर अखवारमा भ्रष्टचार गरेको आरोप लगाएर खबरहरू छापिन थाले । कतिपय जनता मकहाँ आएर भन्न थाले,ँतपाइहरूका मन्त्रीहरू र पञ्चायतका मन्त्रीहरूमा के फरक भयो ?"

यसै बीच उत्तर कोरियाको निम्तो आयो र वाममोर्चा कै निर्णय वमोजिम म उत्तर कोरिया गएँ । म फकर्नु भन्दा पहिले नै का.नारायणमान विजुक्छें पहलकदमीमा वाममोर्चाबाट गएका मन्त्रीहरूले वाममोर्चाको निर्देशनमा काम गर्नुपर्ने गरेर एउटा निर्देशक समितिको गठन गरिराख्नु भएको रहेछ । तर यो निर्देशक समितिको वैठक गराउने काम अध्यक्षबाट भएन । मन्त्रीहरू २ जनाले आफ्नो चाल चल्दै रहे । यसै बीचमा मा.ले. समूहले वाममोर्चा भनेको हामी नै हौं भन्दै आफ्नै समूहको धमाधम सदस्यता बनाउदै लान थाले । अनि आफ्नै पार्टीको अलग्गै आमसभाहरू गर्न थाले । हाम्रो विचार थिया,े यही संयुक्त वाम मोर्चालाई आपसमा सद्धान्तिक र सङ्गठनात्मक बहस गरी एउटै संयुक्त पार्टीमा विकास गर्ने । मा.ले.को यो कार्यले संयुक्त पार्टीमा विकास गर्न सक्ने त कुरै भएन । अनि संयुक्त मोर्चाबाट गएका मन्त्रीहरूले कम्युनिस्ट क नैतिकताको वास्ता नगरी हामीलाई आ–आफ्नो पार्टीको सदस्य बन्नु पर्ने, मा.ले. मन्त्रीसँग काम लिनु परे मा.ले. हुनु पर्ने, माक्र्सवादीसँग काम लिनु परे माक्र्सवादी हुनुपर्ने र संयुक्त वाम मोर्चाको निर्देशक समितिसम्मको

बैठक नगराउने भएपछि यो वाम मोर्चाको अर्थ र उपयोगिता नै के भयो ? वाममोर्चाका ७ घटकमध्ये मन्त्रीमण्डलमा रहेका ३ घटकहरू वैठक बसी, वाममोर्चाको वैठक बसी, वैठक भयो भन्ने समाचार आयो । अब त मन्त्रीमण्डल भएको पार्टीहरूको स्वार्थपूर्तिमा बाधक ४ घटकको आवश्यकता भएन । फलस्वरूप ४ घटकले मिटिङ्ग गरी यस मोर्चाको ३ घटकको कारवाहीको विरोध गर्ने कार्य भयो । तर उनीहरूले सरकारमा रहेका ३ पार्टीहरूको यसमा फेरि मिटिङ्ग बोलाएर सच्याउने सट्टा चूपचाप बसे र हामी त्यसवेला अलग भयौं ।

यो वाममोर्चा फेरि कायम होस् भनेर साथी श्री बासुदेव ढुङ्गानाले बारम्बार आफ्नो घरमा सबैलाई बोलाएर मिटिङ्ग गराए । यी वैठकहरूमा हाम्रो पार्टीको तर्फबाट सधैंभरि भाग लिने काम भएको थियो, तर यसमा मा.ले. कै तर्फबाट दिलचश्पी कम देखाएकोले यो प्रयास पनि विफल भयो । यसरी कम्युनिस्ट  एकताको ठूलो सम्भावना नष्ट भयो । त्यसपछि ने.क.पा.(प्रजातन्त्रवादी) र ने.क.पा.(बर्मा) र हाम्रो पार्टी मिलेर ने.क.पा. (संयुक्त) को निर्माण भयो । यसमा मूलरूपले ३ कुरामा जोड दिइएको थियो ।

क) माक्र्सवादी – लेनिनवादी सिद्धान्तको आधारमा काम गर्ने,

ख) राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउने,

ग) हामी तीन गरी तीन दिशाबाट आएको हुँनाले एकैचोटि सबै कुरोहरूमा एकमत हुन नसक्ने हुँदा मिलेको कुराहरूमा मिलेर जाने, नमिलेका कुराहरू आ–आफ्नो विचार अनुसार स्वतन्त्र रूपले लैजान पाउने बहुदलवादको नीति स्वीकार गरियो ।

तर ने.क.पा.(प्रजातन्त्रवादी) को गलतनीति फलस्वरूप पहिले का.निलाम्बरले पार्टी छोडे, पछि का.कृष्णराज वर्मामाथि अपमानजनक तरीकाले व्यवहार गर्ने र मनपरि बोल्न थाले, वहाँले संयुक्त पार्टी छाड्नुभयो । हुँदाहुँदा ने.क.पा.(संयुक्त) को अध्यक्षप्रति मनपरि मुख छोड्ने काम भयो र आफ्नै एल्तसिन वादी नीतिलाई कमिटीमा बहुमतको नाउँमा सबैमाथि लाद्ने काम सुरू भयो । उनीहरूको यो विर्सजनवादी लाइन नमान्नेहरूमाथि अनुशासनको कारवाही गर्ने धम्कीहरू दिइन थालियो ।

जुन ३ कुराहरूलाई आधार बनाएर तीन पार्टीको मेल भएको थियो ती ३ वटै कुराहरू ने.क.पा. प्रजातन्त्रवादी (मानन्धर समूह) पक्षकाहरूले छोड्ने काम भयो ।

क) माक्र्स र लेनिनको प्रतिमाको टाउको फोडेकोमा माक्र्स र लेनिनप्रति जनताको आक्रोस भनिन थालियो । अनि माक्र्सवाद–लेनिनवादको नाम लिनु भन्दा उनीहरू यसलाई व्यवहारमा ल्याउने त कुरै भएन ।

ख) सोभियत सङ्घ विघटन भैसकेको र त्यहाँ कम्युनिस्ट  व्यवस्था खत्तम भैसकेकोले अब नेपालमा ँराष्ट्रिय प्रजातान्त्रिक आन्दोलनलाई असम्भव भन्न थालियो र यसलाई विलकूल त्याग्ने काम ने.क.पा.(मानन्धर समूह) को तर्फबाट भयो  र बहुमतको निर्णय भन्दै हामीले पनि छोड्नु पर्ने वाध्यता ल्याउन थालियो ।

ग) बहुदलबाद भनेको पार्टीभित्र मात्र चल्ने भन्दै हाम्रो विचार बाहिर लान नपाउने र एल्तसिनवादी–विसर्जनवादी, अवरसरवादी राजनीति नै हामीले पनि जनतामा प्रचार गर्नु पर्ने बाध्यता श्रृजना गर्न थालियो र उनीहरूको यो कुरा मन्जूर नगरेपछि अध्यक्षमाथि नै मनपरि मुख छाड्ने र कारवाही गर्ने धम्कीहरू सुरू भए ।

यसरी गैर सैद्धान्तिक तरीकाले मिल्ने भए डा. रायमाझीसँग हामीहरू अलग हुने जरूरत थिएन । डा.रायमाझी समूहसँग नफुटेको र हाम्रो एउटै पार्टी भए, हामी पनि हुकुमशाही व्यवस्थाकै सेवक भएर प्रजातान्त्रिक आन्दोलनमा हाम्रो भूमिका शून्य हुने थियो । डा.रायमाझी र हामी अलग भएर नै हामीले प्रजातान्त्रिक आन्दोलनमा आफूले सकेजति भूमिका खेल्नमा वाधा पुगेन र हामीले आफ्नो सम्पूर्ण समय प्रजातान्त्रिक आन्दोलनमा लगाउन सकेका थियौं । डा.रायमाझी तथा मानन्धर समूह राजनैतिक विचलनमा परी राजा महेन्द्रको फौजी कार्यलाई समर्थनमा गएको हुँनाले वहाँहरूलाई २०१९ सालमा भएको तेश्रो महाधिवेशनमा पार्टीले कारवाही गरेको थियो ।

**राष्ट्रिय प्रजातन्त्रको विरोध र यसको फल**

तृतीय महाधिवशेनको निर्णय हो गएका प्रजातान्त्रिक आन्दोलनलाई राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनको रूपमा अगाडि बढाउने र देशमा जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने । अमेरिकी साम्राज्यवाद तथा घरेलु प्रतिक्रियावादको षड्यन्त्रले पार्टी टुक्रा टुक्रा गरी पार्टीलाई कमजोर हालतमा पुऱ्याई दिंदा गत प्रजातान्त्रिक आन्दोलनले राष्ट्रिय प्रजातान्त्रिक रूप लिन सकेन । क्रान्तिकारी लफ्फाजीको आधारमा पार्टी फुटाउने कामले गर्दा कम्युनिस्ट हरूले गर्नु पर्ने जिम्मेदारी निभाउन सकिएन र आज नेपालको प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्र नभएर साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीबाट थिचिएको मिचिएको पँुजीवादी प्रजातन्त्र स्थापना हुन आयो र यस प्रजातन्त्रले जनताको समस्या समाधान गर्ने सट्टा जनताको सङ्कट बढाउने नै काम गर्दै लगेको छ । यहाँ जे जति भैरहेको छ शोषकदलको स्वार्थ पूर्ति गर्ने र साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीको सेवा गर्ने र आफ्नो देशलाई विदेशी ऋणमा डुबाउने, देशको अर्थ व्यवस्थामा राष्ट्रिय पँुजीलाई समेत दवाएर विदेशी पँुजीको शोषण क्षेत्र बनाउने काम हुँदैछ । स्पष्ट हामी सबैसँग मिल्ने पक्षमा छौं, तर मिलेर आफ्नै दुनो सोझो गर्नलाई होइन । देश र जनताप्रति वफादार भएर एक नयाँ समाज निर्माण गर्नको निम्ति हामी पार्टी एकीकरण गर्ने अथवा संयुक्त मोर्चा बनाउन जहिले पनि तयार छौं र यस दिशामा हाम्रो प्रयास निरन्तर जारी रहनेछ ।

पार्टी विभाजन देश र कम्युनिस्ट आन्दोलनको निम्ति सबभन्दा दुर्भाग्यपूर्ण घटना र यो एउटा ठूलो अपराध पनि हो । यदि तृतीय महाधिवेशनको राजनीति राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलन पूरा गर्ने राजनीतिमाथि कम्युनिस्ट हरूले नै माओवाद अथवा माओ विचारको वहानामा भित्रीघात ९क्बदयतबनभ० नगरी दिएको भए र सबै मिलेर यो राजनीति जनतामा लगेको भए र तेश्रो महाधिवेशनले निर्देशन दिए जस्तै मजदुर वर्ग, श्रिमजीवी किसान, बुद्धिजीविहरू, मध्यम वर्ग

तथा राष्ट्रिय पँुजीपत वर्ग र देशभक्त सामन्तहरू सम्ममा पनि गएर स्पष्ट राजनीति र आफ्नो कार्यक्रमलाई अगाडि राखेर सबै जनतालाई चेतनशील बनाएर सँगठित गरी उनीहरूसँग पनि व्यापक एकता गर्ने काम गर्दै विभिन्न अरू देशभक्त पार्टीहरूसँग पनि व्यापक संयुक्त मोर्चा कायम गरेर गएको भए २०४६ को जनआन्दोलन अझ व्यापक हुने थियो र एउटा क्रान्तिकारी शक्तिको निर्माण भएर त्यस आन्दोलनले पँुजीवादी प्रजातन्त्रको सट्टा जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना भै जाने थियो । यो सम्भावनालाई राष्ट्रिय प्रजातन्त्रको विरोध गरी त्यो राजनीति अगाडि ल्याउने व्यक्तिको बदनाम गरी, चरित्र हत्या गरी पार्टीको अनुशासन, विधान र जनवादी केन्द्रियतालाई तोडी पार्टीलाई एकपछि अर्को गरी दर्जनौं टुक्रामा विभाजित गरेर नपुगी अझ नयाँ नयाँ पार्टीहरू र सङ्गठनहरूको निर्माण गरी जनतालाई चेतना दिने सट्टा भ्रम फैलाएर एकभन्दा अर्को क्रान्तिकारी नारा दिंदै पार्टीको राजनीतिलाई बुझ्नै नसक्ने गरी भताभुङ्ग गरी अलमल परिदिने काम भयो र २०४६ को आन्दोलनले राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनको रूपलिन नगई यो आन्दोलन पँुजीवादी प्रजातन्त्रमा टुङ्गियो र चुनाव पनि पँुजीवादी तरीकाले नै सम्पन्न भएर देशमा राष्ट्रिय प्रजातन्त्र होइन, साम्राज्यवाद, परस्त विदेशी एकाधिकार पँुजीको सेवकको रूपमा पँुजीवादी प्रजातन्त्र स्थापना हुन आयो । यस दिशामा ध्यान दिने सट्टा कम्युनिस्ट हरू संशोधनवाद र क्रान्तिकारीताको बीचमा विभाजन गरी नेपालमा आखिर राष्ट्रिय प्रजातन्त्र होइन, पँुजीवादी प्रजातन्त्र स्थापना हुन आयो जसले स्वाभाविकरूपले आज देशलाई नव–उपनिवेशवादको खाल्टोमा धकेल्दै छ र नेपालको राष्ट्रियता, सार्वभौमिकता र स्वतन्त्रता खतरामा पर्न गएको छ र जनता कराउन थालेका छन् ँखोई प्रजातन्त्र ल्याएर के भयो ?” झन्झन् सङ्कट बढ्दै छ , भ्रष्टाचार बढ्दैछ ।

अन्तमा प्रजातन्त्र आयो तर जनवादको लक्षण देखिदैन । राजकीय क्षेत्र बेचिदै छन् । विदेशी पँुजी भित्राउँदै, देशलाई ऋणमा डुबाउँदै यो देश नव उपनिवेशवादतिर जान लागेको देखिन्छ ।

Now that the Bourgeois Democracy has been established, we know that this sort of Democracy cannot deliver any goods to the people. The weak bourgeoisies of Nepal cannot lead the country to prosperity but rather it in the name of capitalist development would invite foreign monopoly capital and foreign debt and the country would be turned into a new colony of imperialism and foreign monopoly capitalism.

Hence I think the very character of the Bourgeois democracy must be changed. As such I think the following 3 tasks remain before us and I shall devote my remaining life to fulfill the task:

a) Change the character of this money based democracy into people's Democracy.

b) An independent economic development with friendly ties with Socialist Countries

c) Guarantee the life of the people leading them to ever growing prosperity.

**The aim of my political life is not to capture power anyhow, but to change the society and implements the above-mentioned 3 tasks.**

I stand for the unity of Communist movement at the basis of correct ideological and political understanding and a common economic and social programmed.

**पँुजीवादी प्रजातन्त्र र पँुजीवादी विकासले देशलाई कहाँ पुर्‍याउने हो ?**

पँुजीवादी प्रजातन्त्र अन्तर्गत स्वयम् अमेरिका जस्तो विश्वको सवभन्दा धनी मुलुकको जनताको हालत वेहाल छ । अमेरिकामा ३ करोड जनता गरीबीको रेखामुनी बाँचिरहेका छन् र उनीहरू भोकमरीको शिकारमा छन् । अमेरिकाको ठूल्ठूला शहरमा मात्र होइन, अमेरीकाको भित्री भाग पनि भोकमरीले व्यापकता लिएर गैरहेको छ । १९८० देखि अहिलेसम्म भोकमरी ५० प्रतिशतले बढेको छ । मानिसहरूको गरीबी बढ्दैछ र आम्दानी घट्दै छ । १९८५ मा २ करोड अमेरिकी बालबालिकाहरूले कष्टमय जीवन विताइरहेका छन । उनीहरू कुपोषणको शिकार छन् र उमेर पाकेकाहरूमा विमारी बढ्दै छ । मजदुरहरूको उत्पादकत्व घट्दै छ, पहिले पहिले यो गरीबी र भोकमरी अल्पमतमा गनिएका कालाजातीहरूमा मात्र फैलिएको थियो भने अब आएर यिनीहरू मात्र होइन गोरा अमेरिकीहरू पनि भोकमरीको शिकार हुन थालेका छन् र यस्तो संख्या पनि बढ्दै गइरहेको छ । अमेरिकाको रोटीको टोकरीमा आजकल भोकमरी बसेको छ । पहिले कहिल्यै आर्थिक सङ्कट नभोगेकाहरू आज भोको सङ्कटमा फसेका छन् ।

अमेरिकाको एक करोड जनता घरवारविहिन छन् र उनीहरूले सडकमा सुतेर जीवन विताउनु पर्छ । १९८० को दशकमा २ लाख २० हजार बच्चाहरू कुपोषणको शिकारले गर्दा उनीहरूको दिमाग वृद्धिमा वाधा पुग्न गएको छ । अमेरिकी नागरिकहरूलाई भन्दा अविकसित देशका मजदुरहरूलाई कम ज्याला वा तलब दिएर पुग्ने भएकोले अमेरिकीहरूलाई काम नदिईकन वाहिरबाट आएकाहरूलाई काममा लगाउँछन् । अमेरिकी परिवारमा आमाबाबुको झगडामा छिन छिनमा पारपाचुके गर्ने नौबत आउँछ । उनीहरूको त पारपाचुके हुन्छ, यसको फल बालबालिकाहरूले भोग्नु पर्ने हुन्छ । दुइटैले वास्ता नगर्दा बालबालिकाहरू बर्बाद हुन्छन् र गरीबीको शिकार हुनपर्ने हुन्छ । त्यहाँ ५ लाख बालबालिकाहरू सडकमा सुत्छन् ।

अमेरिकाका श्रमिक जनता, डाक्टर—इन्जिनियहरूमाथि समेत एउटा नयाँ षड्यन्त्र सुरू भएको छ । उनीहरूलाई स्थाई कामबाट बञ्चित गरी अस्थाई ज्यालादारी काममा लगाउन थालिएको छ । काम गर, ज्याला लेउ अनि जाऊ । यस्तो श्रमिकहरूलाई न बुढेसकालको भत्ता हुन्छ, न विरामी विदा, न साप्ताहिक विदा । सारा खर्च किफायत गरी पँुजीपतिहरूलाई सालमा ८०० अरव डलर बच्न आउँछ । यस्तो अस्थाई मजदुर अथवा कर्मचारीहरूको संख्या अहिले एक तिहाइ भन्दा बढि छ भने इस्वी सन् २००० सम्ममा यो संख्या आधा भन्दा बढी हुने अनुमान छ । कारखानाहरू बन्द भएर गईरहेका छन् । यहाँ वेकारी बढ्दैछ ।

अमेरिकाको न्यूयोर्कबाट निक्लने अन्तर्राष्ट्रिय म्यागेजिन् ँन्यूज वीक (जून १४, १९९३) ले एउटा नयाँ नारा दिएको छ, ँविश्वका मजदुरहरू होसियार हौं -Workers of the World, be

warned.) सो म्याग्जिनले भन्दछ, ँभविष्यमा मध्यम वर्गीयहरूले झन् झन् कम पाउने छन् । जीवनभर काम पाउने कुरो लोप भएर जानेछ । यसवारे गल्ती नगर कि ९० को दशकमा आर्थिक, राजनीतिक र सामाजिक समस्या कामकै अभाव हुनेछ । अमेरिका मात्र होइन, धेरै पँुजीवादी युरोपका जनताहरू वेकारी समस्यालाई आफ्नो सवभन्दा ठूलो समस्या सम्झन्छन् । जापानमा जहाँ दसकौं सम्म वेकारी समस्या धेरै तल्लो तहमा थियो, त्यहाँ भने आजीवन कामको सुरक्षा अव हावामा उडेर जान सुरू भएको छ ।  सो न्यूजवीकमा िबलम वर्गर लेख्नुहुन्छ, ँदसौं लाख आज कामबाट वञ्चित छन् -Millions are out of work) Precious talents are being wasted, and dreams are dying.)। अमूल्य, निपुण वुद्धि खेर गैरहेको छ, मानिसको भविष्य यसो गरौंला भन्ने स्वप्न पनि खेर गैरहेको छ ।  सरकारको घाटा वजेट निको नहुने रोगले ग्रसित छन् । दसौं लाख जनताले अव उनीहरूले चाहेको काम पाउँदैनन् । आर्थिक मन्दिले ग्रसित पश्चिमी युरोपमा २ करोड भन्दा वढी कामदारहरू वेकार छन् अहिले कार्य शक्तिको ११ प्रतिशत वेकार छन् र यो दर बढ्दैछ । एक वर्ष भन्दा वढी भैसक्यो युरोपका वेकारीहरूमध्ये आधाले कुनै पनि काम नपाएको । 

अमेरिकामा धेरै लामो समयसम्म काम नपाएका वेकारीहरूलाई दिइने राहत युरोपमा भन्दा पहिले नै हराइसकेको छ । अव करौडौं मजदुरहरूले अस्थाइ वा आंशिक काम मात्र पाउँछन् जसले गर्दा उनीहरू स्वास्थय सेवा खर्च, पैन्सन इत्यादि बाट वञ्चित भएका छन् ।

वेलायतका १० जनामध्ये ८ जनाले वेकारी समस्यालाई नै अहिलेको सवभन्दा ठूलो सङ्कट भन्ने गर्छन् । ई.सि इम्प्लोइमेन्ट कमिशन र पेड्रिग फ्लिन भन्छन् , ँहामीले जनशक्ति बर्वाद गरिरहेका छौं ।  सो न्यूजवीकको पृष्ठ ६ देखि १७ सम्म  पढे यसबारे अझ विस्तृत विवरण पाइनेछ ।

आज अमेरिका, जर्मनी, फ्रान्स, बेलायत, इत्यादि कुनै यस्तो देश छैन, जहाँ पँुजीवादले देश र जनताको समस्या समाधान गर्न सकोस् । बेलायत जस्तो देश पनि पँुजीवादी व्यवस्था अन्तर्गत आज बेहाल छ र यो देशले अब भविष्यमा उठौंला भन्ने आशा छोडिसकेको छ । यही २०४९ सालको जाडोमा वेलायत अनिश्चितता, ऋण, निन्याउरो मुख र खस्किन लागेको हालतमा डुबेको छ । बेकारी १०.८ प्रतिशत भन्दा बढ्दै छ । बैङ्कहरू, अरू व्यापारिक केन्द्रहरू र कारखानाहरूबाट मानिसहरू धमाधम निकालिदै छन् । १० जनामा ८ जना यो पँुजीवादी सरकारसँग असन्तुष्ट छन् । ४९ प्रतिशत वेलायती जनताले मौका पाए देश छोडेर विदेश जान चाहन्छन् । ४१ प्रतिशत नौजवानहरूले बेलायत अब रहन अयोग्य देश बन्न गइरहेछ भन्ने कुरा महशुस गर्न थालेका छन् । थ्याचरको ११.५ वर्षको राजले देशलाई बचाउने सट्टा देशलाई बेचेको छ भन्न थालिएको छ । वेलायतलाई निरासको टापु शिर्षकमा लेखहरू लेख्न थालिएको छ । -Time International 1993, March 15) हेर्नुहोला ।

जब वेलायतको यो हालत छ, फ्रान्स, जर्मनी, अमेरिकामा आर्थिक सङ्कट बढ्दैछ र पँुजीवादी बाटो पक्रने थाइल्यान्ड, दक्षिण कोरिया सबै देशहरू बर्बाद छन् भने नेपालले पँुजीवादी बाटो अपनाएर देश विकास गर्ने होइन, देशलाई बर्बाद गर्ने पँुजीवादी विकास र पँुजीवादी प्रजातन्त्र वितिसकेको जमानाको व्यवस्था हो । हो, पँुजीवादी देशहरूमा सर्वसाधारण जनतालाई यो हाल बनाएर मुठिभर मान्छे करोडपति, अरवपति भएर ऐश–आरामको जीवन विताउँछन् । यो भयो विकसित पँुजीवादी देशको हाल । यो भयो आर्थिक जीवन । अब राजनीतिको सवालमा अमेरिका आफुलाई खूब प्रजातान्त्रिक देशको रूपमा धाक लाउँछ । तर त्यहाँ “Democratic Party” (प्रजातन्त्रिक पार्टी) र गणतान्त्रिक पार्टी -Republican Party) ले सिवाय जित्ने आशै गर्नुपर्दैन । दुइटै पँुजीवादी पार्टी हुन् र उनीहरूमध्ये कोही पनि अमेरिकाको एकाधिकार पँुजीकै सेवा गर्ने हो । यसपालीको राष्ट्रपति चुनावमा क्लिन्टनको खर्च ८ करोड डलर थियो  भने जर्ज बुसको खर्च यो भन्दा अलिकम ७ करोड डलर थियो र अरवपति पारोटको खर्च सायद ६ करोड डालर थियो । यसैकारण सबभन्दा बढी मत क्लिन्टनले पाए अनि जर्ज बुसले र तेश्रो पारोटले । यो हो त्यहाँको प्रजातन्त्र र जनताले मतदान ठानेमा कमै दिलचप्सी लिने गर्छन् र ३० प्रतिशत बढी जनताले चुनावमा भाग लिदैनन् । यो ३० प्रतिशतको ३ खण्ड बाँड्द कति प्रतिशत हुने भयो ? कुल जनताको १३ प्रतिशत मत पाएर सम्पूर्ण जनताको बहुमत पाए भनेर सम्पूर्ण जनतामाथि हैकम चलाउँछ त्यहाँको सरकारले ।

त्यहाँ मानव अधिकार छ रे, बोल्न, लेख्न, सभा सङ्गठन गर्ने अधिकार छ रे । त्यो घरवारविहिन गरीबी र भोकमरीले सताएका ३ करोड जनताको आवाज कहाँ गयो ? वेकारी समस्याले पिल्सीएको जनताको आवाज कहाँ गयो ? उनीहरूले किन बोल्न सकेनन् ? बोलेका भए उनीहरूको आवाज किन सुनिएन ? पँुजीवादी समाजमा गरीबको आवाज जङ्गलमा गएर बाघ भालुको अगाडि रून्नु जस्तै हो । कसलाई के वास्ता ? पँुजीवादी प्रजातन्त्र आफैं खाऔं, आफैं लाऔं भन्ने अमानुसिक प्रजातान्त्रिक व्यवस्था हो र प्रजातन्त्रको नाउँमा एकाधिकार पँुजीपति वर्गको मनपरि तन्त्र हो । मजदुर वर्गीय राष्ट्रिवाद नै सही राष्ट्रिवाद हो । त्यो केको राष्ट्रवाद, जहाँको सारा श्री सम्पत्तिको मालिक विदेशी बन्दछ । अनि अर्काको फौजी अखडा बन्दछ, साम्राज्यवादको इशारामा चल्नु पर्दछ । मजदुर वर्गको राष्ट्रवाद  समाजवादी राष्ट्रवाद हो, जसले नै नेपाली जनतालाई आफ्नो देशको खेत–वगान, खानी, कल–कारखाना र निर्माण कार्यहरू (जो आज ठेक्का–पट्टामा चल्दछ) को मालिकको रूपमा स्थापित गर्छ । समाजवादी राष्ट्रवादमा नै नेपाली जनता आर्थिक क्षेत्रमा मात्र होइन, राजनैतिक, सामाजिक तथा संस्कृतिक क्षेत्रको पनि मालिक बनाउँछ ।

स्पष्टतः राष्ट्रवादको पनि वर्गीय चरित्र हुन्छ र यसमा मजदुर र वर्गीय चरित्र भएन भने यसले साम्राज्यावद, नव–उपनिवेशवाद, विदेशी पँुजी तथा देशीय सामन्त वर्गको नै सेवा गर्दछ र राष्ट्रवाद एक धकोसला बन्न जान्छ । हाम्रो राजनीतिक, सामाजिक, संस्कृतिक क्षेत्रमा विदेशीको कब्जा जम्न थाल्छ । जहाँ औद्योगिक विकास भएको छैन त्यहाँ समाजवाद हुन सक्तैन, तर यसकोपूर्वरूप

राष्ट्रिय प्रजातन्त्र यहाँ हुन सक्छ । जसले समाजवादी खालका राष्ट्रवादलाई अगाडि बढाउदै जनता पक्षको प्रजातन्त्रलाई पनि विकास गर्दै लानेछ ।
राष्ट्रिय प्रजातन्त्र नयाँ जनवादको विकसित रूप हो । जहाँ नयाँ जनवादले राष्ट्रिय पँुजीपतिको विकास खोज्छ, उनीहरूलाई कच्चा माल, पँुजी, बजार र मुनाफाको ग्यारण्टी गर्दछ । राष्ट्रिय प्रजातन्त्रले पँुजीवादी प्रजातन्त्र तथा पँुजीवादी विकासलाई नाघेर अगाडि जान्छ र छिटो समाजवादमा पुग्ने काम गर्छ । पँुजीवाद एकचोटि विकास भएपछि झट्टपट्ट आफूलाई नास गरेर समाजवादमा जान चाहदैन र समाजवादी बाटोमा सकेसम्मको अड्चन खडा गर्दछ ।
यसैकारण जहाँ नयाँ जनवादी बाटो पक्रियो त्यहाँ मुश्किलले समाजवादमा जान सकियो जब कि राष्ट्रिय प्रजातन्त्रको बाटो पक्रने देशहरू छिट्टै समाजवादमा पुगे । भियतनाम – १९७४ – १९७८ , उत्तर कोरिया क्यूबा ।

**विदेशी पँुजी र विदेशी ऋणमा विकास गर्न चाहने देशहरू**

विकसित पँुजीवादी प्रजातान्त्रिक देशको जनताको यो हाल छ, पहिले विकास भैसकेको रूस र पूर्वी युरोपका देशहरूले पनि पँुजीवादी प्रजातन्त्रमा झरेपछि त्यहाँका जनताले ज्युन दुःख भोग्नु पर्‍यो, त्यो हाम्रो आँखा सामु छ । यी साम्राज्यवादी अमेरिका, वेलायत, जापान इत्यादि देशहरूको भरोसामा बाँच्न चाहने र विकास गर्न चाहने पँुजीवादी प्रजातन्त्रले नेपाली जनतालाई बाँच्न कहाँबाट सुख दिने ?
अमेरिकी साम्राज्यवादी विदेशी पँुजी र जापानी पँुजीको आधारमा विकास भएको दक्षिण कोरिया र थाइल्यान्डका जनताको के हाल छ ? त्यो पनि हाम्रो अगाडि छ । ती दुइटै देशहरू वाहिरबाट हेर्दा विकसित देशहरू हुन् । ती देशहरूमा बनेका सिमेन्ट र कारहरू हाम्रो देशमा आउँछन् । अरूपनि धेरै सामानहरू त्यहाँ बन्ने गर्छन् । थाइल्यान्ड हेर्दा भव्य देखिन्छ, ठूल्ठूला राम्रा घरहरू, राम्रा सडकहरू, संसारको सबभन्दा ठूलो हवाई ग्राउण्ड र विभिन्न कारखानाहरू । के त्यहाँ यिनले जनतालाई सुखी बनाए ?
दक्षिण कोरियाको कुरा गर्ने हो भने त्यहाँका जनता दयनीय हालतमा छन् । बेकारी भरमार छ, त्यहाँ पनि नेपालबाट जाने मजदुर सस्तो हुने हुँदा कोरियालीहरूका सट्टा उनीहरूले काम पाउँछन् । यसको मतलब त्यहाँका जनता पनि सबै सुखी छन् भन्ने होइन । आर्थिक सङ्कटले गर्दा त्यहाँ महिलाहरूले बाध्यतावश भ्रष्ट जीवन बिताइरहेका छन् । क्यामपसका लडकीहरू उस्तै चरित्र बेचेर हिँड्छन् । होटेल जाआँै भन्दा नाइँ नभन्ने लडकीहरू भरमार छन् र यतै रात बिताऔँ भन्दा त्यो पनि तयार । ती लडकीहरू देशमा व्याप्त आर्थिक सङ्कटले गर्दा मजबुर छन् । अनि, त्यो देश धेरै अगि नै ४५ अरब डलर ऋणमा डुबिसकेको थियो । ब्याज आठ अरब तिर्नुपर्थ्यो । अब त त्यो ऋण पहिलेभन्दा धेरै बढ्यो होला । एउटा नहर बनाउनलाई सरकारसँग पैसा छैन, तीन करोड डलर पनि ऋण लिएर सो नहर बनाउनुपर्ने । कुन हालतमा पुगेको रहेछ, त्यो साम्राज्यवादी

अमेरिकी तथा जापानी विदेशी पँुजीद्वारा विकसित दक्षिण कोरिया । यस देशको विकासबाट हुने सम्पूर्ण आम्दानी दक्षिण कोरियाका देशबासहीरूका हातमा होइन, अमेरिकी तथा जापानी एकाधिकार पँुजीपतिवर्गका हातमा पुग्छ ।

अब विकसित भनिएको थाइल्यान्ड हेरौँ । थाइल्याण्ड पनि बाहिरबाट हेर्दा अति विकसित छ, तर जनताका हातमा केही पनि छैन, जे छ सबै अमेरिकी तथा जापानी पँुजीपतिहरूका हातमा छ । त्यहाँको एउटा राजमार्ग पनि जापानी पँुजीपतिको सम्पत्ति हो । बिग्रियो भने बनाउने जापानले अनि त्यस राजमार्गबाट उठेको सम्पूर्ण रकम जापान जाने । एकचोटि मोटर त्यहाँबाट जान १० भाट (झन्डै आधा डलर) कर तिर्नुपर्छ । यस्ता कारहरू त थाइल्याण्डमा बाढी आएजस्तो आइ–गइरहन्छन् र यसबाट हुने करोडौँ डलरको आम्दानी रोजै जापान जान्छ । अब थाइहरू धनी हुन्छन् कहाँबाट ?

१९९२ अप्रिल १२ को थाइल्याण्डको अखबार ँब्याङ्कक पोस्ट पढौँ । यसमा दिइएअनुसार थाइल्याण्डको हालत यस्तो छ ।

विश्वमा आत्महत्या गर्ने देशहरू मध्ये थाइल्याण्डको स्थान तेस्रो छ । थाइल्याण्डको आत्महत्याको संख्या त्यसबेलादेखि बढ्न थाल्यो जबदेखि थाई सरकारले विदेशी ऋण र विदेशी पँुजी भित्र्याएरे औद्यौगिक रूपल एसियाको एक नयाँ विकसित देश बनाउने नीति लिन थाल्यो । यसले गर्दा उद्योगहरू अथवा अरू उद्यमहरूबाट हुने सम्पूर्ण आम्दानीले थाइल्याण्ड र दक्षिण कोरियामा रहेर जन–जीवन उकास्नमा मद्दत गर्ने सट्टा सबै आम्दानी अमेरिका र जापान पुग्यो । थाइल्याण्ड र दक्षिण कोरिया जस्ता देशहरू र त्यहाँका जनता तथा स्वयं त्यहाँको सरकार झन्झन् अर्थ सङ्कटमा पर्दै गए । सरकार झन्झन् ऋणमा फँसेर गयो र  सानातिना कामका निम्ति पनि ऋण लिएर चलाउनुपर्ने भयो । सरकार ४५ अरब डलर अर्थात् नेपाली रूपैयाँको हिसाबमा ४ खरब रूपैयाँ ब्याज तिर्नुपर्ने भएको छ । थाई रूपियाँको मूल्य घटेर गयो र यस्तो ऋणको सावाँ–ब्याज तिर्न जनतामाथि करमाथि कर लगाउनु पर्ने भयो । देशमा महँगी बढ्दै गयो र साधारण बिमारीमा पनि सयकडौँ डलर खर्च गर्नुपर्ने भयो । दक्षिण कोरियामा क्याम्पसशुल्क महिनाको १५० डलर अथार्त् नेपाली रूपैयाँको हिसाबमा महिनाको ७५०० जति तिर्नुपर्ने भयो , अस्पतालमा नाउँ लेखाउन ने.रू.को हिसाबमा ५०० र रगत पिसाब जँचाउन ७५०० ने.रू. जति तिर्नुपर्ने भयो । घरमा कलह बढ्न थाल्यो, पारपाचुकेका घटनाहरू बढे, बाल–बालिकाहरूलाई हेर्ने, माया गर्ने कोही भएन र दु:ख–कष्ट सहन नसक्दा साना–साना बालकहरूले पनि आत्महत्या गर्न थाले । १९९२ अप्रिलको ँब्याङ्कक पोस्ट अखबारका अनुसार १० वर्षकी लडकी आफ्ना १२ र ४ वर्षका दिदी–बहिनीसहीत विष खाएर मरिन् । जनजीवन निराशापूर्ण, जिउँने बाटोरहित भएर गयो । एक लाख जनसंख्यामा ७ जनाले आफ्नो आत्महत्या सफलताका साथ गर्थे भने बितेको १० वर्षमा यो संख्या बढेर दुई गुणा भएको छ र आत्महत्या गर्ने कोसिस गरेर असफल हुनेहरू उत्तिकै छन् । आत्मगौरव भन्ने कुरा खत्तम भएर गयो । आजकल त्यहाँ गरीब हुनुको मतलब हो मनुष्य

जीवनको रूपमा अस्तित्वविहीन भएर धूलोमा मिलेर जानु । आत्महत्या गर्नेहरूमा सबभन्दा बढी संख्या १५ वर्षदेखि ३० वर्षभित्रका छन् । त्यसपछिको बढी संख्या सरकारी कर्मचारीहरूको छ । गरिबीले सताइएको किल्ली पोङ्ग सोमारी भन्ने व्यक्तिलाई आत्महत्या गर्न नदिन प्रहरीले अनेक प्रयत्न गर्दा नि उसले आफ्नो जीवन लिइछाड्यो ।

यो हो साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीका भरमा देश विकास गर्न खोज्ने देशहरूको हालत । अब अर्को एउटा देश लिऔं, ल्याटिन अमेरिकाको ँब्राजिल जसले विदेशी पँुजी र विदेशी ऋणको भरमा देश विकास गर्ने नीति लियो । अहिलेसम्म त्यो देश १०० अरब डलरभन्दा बढी ऋणमा डुबिसकेको छ, ब्याज पनि तिर्न नसक्ने हालतमा छ । त्यहाँका कफी बगानहरू सबै विदेशी पँुजीका हातमा छन् । देशको प्राकृतिक स्रोतबाट आएको सारा पानी बगानहरूमा ठूल्ठूला पाइप हालेर लगिएको छ । करिब दई सालअगि आकाशबाट पानी नपर्दा लाखौं जनता पानीको प्यासले तड्पेर मरे । यी सब कुराहरू विदेशी पँुजी र त्यसको दलाली गर्ने सरकारलाई कुनै मतलब भएन ।

विदेशी पँुजी र विदेशी ऋणका भरमा देश विकास गर्न खोज्ने पँुजीवादी प्रजातान्त्रिक सरकारले नेपाललाई पनि यतै लगिराखेको छ ।

**नव-उपनिवेशवादको चरित्र**

पुरानो जमानामा साम्राज्यवादीहरूले कहिले अनेक षड्यन्त्र गरेर त्यसै देशभित्रका शक्तिहरूलाई एकसँग अर्को लडाएर, कहिले सिधै हमला गरेर अर्काको देश कब्जा गरी सिधै आफ्नो गभर्नर अथवा भायसरायजस्तो प्रतिनिधिद्वारा राज्य गर्थे । भारत कब्जा गर्नुभन्दा पहिले बेलायतले भारतमा इस्ट–इन्डिया कम्पनी भन्ने एक व्यापारिक कम्पनी खडा गर्‍यो । बेलायत सरकार यस कम्पनीको पछाडि थियो । यसले व्यापार मात्र गरेको होइन, व्यापारिक संस्थाको पर्दामा यसले भारतका एक राजासँग अर्को राजा लडाएर एक–एक गरी ती राज्यहरू कब्जा गर्दै गयो र दिल्लीको तखतलाई सबैतिरबाट अलग्यायो । दिल्लीका बादशाह बहादुर शाह जफरले पछि गएर महसुस गरे र भने ँअब मेरो आवाज लाल किल्लाभन्दा बाहिर जादैन । यसरी भारतको राज्य सञ्चालनको जिम्मा भारतका बादशाह र राजाहरूमा होइन, व्यापार गर्न आएका ँइस्ट–इन्डिया कम्पनीद्वारा बेलायत सरकारका हातमा गइसकेको थियो । सन् १८७५ मा भारतका राजाहरूले बहादुर शाहको नेतृत्वमा हिन्दू–मुसलमान मिलेर विद्रोह गरे । अङ्ग्रेज साम्राज्यवादको कब्जा भारतमा राम्रै जमिसकेको थियो र आखिर यो स्वतन्त्रता सङ्ग्रामलाई अङ्ग्रेज साम्राज्यवादले अमानुषिक तरिकाले दबाएरै छाड्यो । अङ्ग्रेज साम्राज्यवादको खुनी पन्जा भारतमा जम्यो र अङ्ग्रेज साम्राज्यवादको सिधा राज्य भाइसरायमार्फत चल्यो ।

यही अवधिमा इस्ट इन्डिया कम्पनीमार्फत अङ्ग्रेज साम्राज्यवादले चीनको मिङवंशी बादशाहहरूको कमजोरीको फाइदा उठाएर तिब्बतलाई पनि आफ्नो प्रभुत्वमा लिइसकेको थियो र भारतका

रजौटाहरूद्वारा शासित देशजस्तै दलाई लामाद्वारा शासित अङ्ग्रेज साम्राज्यवादको औपनिवेशिक देशका रूपमा तिब्बत रहन गयो ।
भारतजस्तै विश्वका अनेक देशहरूमाथि अङ्ग्रेज साम्राज्य फैलिएको थियो र त्यस बेला अङ्ग्रेज साम्राज्यमा घाम अस्ताउँदैनथ्यो । द्वितीय विश्वयुद्धले एकातिर अङ्ग्रेज साम्राज्यवादले लडाइँ जिते पनि यसको शक्ति क्षीण गरिदिएको थियो । ठाउँठाउँको राष्ट्रिय स्वतन्त्रता आन्दोलनले ती देशहरू अंग्रेजको हातबाट मुक्त हुँदै गए । यस्तै स्वतन्त्रता आन्दोलनले अन्य मुलुकहरू, अरू साम्राज्यवादीहरूका हातबाट मुक्त हुँदै गए । यसमध्ये चीन, उत्तर कोरिया, क्युबा, भियतनाम इत्यादि देशहरू जसले माक्र्सवादी लाइन लिएर सङ्घर्ष गरे उनीहरू साम्राज्यवादबाट पूर्ण रूपले मुक्त भए । अफ्रिका र ल्याटिन अमेरिकाका कतिपय देशहरू पँुजीवादी प्रजातन्त्रका रूपमा मुक्त भए । तिनीहरूले आफ्नो देशको राजनैतिक तथा आर्थिक स्वतन्त्रतालाई कायम राख्दै स्वतन्त्र रूपले आफ्नो देशको विकास गर्न सफल भए । उत्तर कोरिया यसको उदाहरण हो ।  ती देशहरू एकातिर राजनीतिक रूपले मुक्त भए तर आर्थिक रूपमा साम्राज्यवादका हातबाट मुक्त हुन सकेनन् फलस्वरूप राजनीतिमा पनि नदेखिने गरी अर्काको गुलाम रहे । साम्राज्यवादीहरूले पैंतरा बदले । उनीहरूले पहिलेजस्तो आफ्नो मान्छे पठाएर शासन गर्नुका सट्टा उही देशका राजनीतिक नेताहरूलाई आर्थिक मद्दतद्वारा हात लिएर शासकका रूपमा खडा गरी त्यस्ता शासकहरूका मार्फत ती देशहरूमा आफ्नो कब्जा जमाई नै राखेर आफ्नो शोषण र दमनलाई चालू राखे । दक्षिण कोरिया जापानका हातबाट मुक्त भयो तर अमेरिकी साम्राज्यवादले आफ्नो दलाल ँसिङ मैन हीे लाई त्यहाँको राष्ट्रपतिका रूपमा खडा गरी उत्तर कोरियाको डर देखाएर दक्षिण कोरियामा आफ्नो फौजी अखडा खडा गर्ने, त्यो देशलाई ऋणमा फँसाउने र त्यहाँ आफ्नो पँुजी घुसाएर त्यस देशको अर्थव्यवस्थालाई नै कब्जा गर्ने कार्य गरे । दक्षिण कोरिया हेर्दा स्वतन्त्र तर अमेरिकी साम्राज्यवादका इसारामा नाच्नुपर्ने दक्षिण कोरियाई सरकारले अमेरिकाको इजाजतबिना केही कदम उठाउन सक्तैन र देशलाई अमेरिकी तथा जापानी पँुजीबाट शोषण गराइराख्न बाध्य छ र आफूले ऋण बोक्दै हरेक सानो कामका निम्ति पनि ऋण नलिई काम नचल्ने भएको छ । जनजीवन भने बर्बाद छ । जुन हाल दक्षिण कोरियाको छ उही हाल थाइल्याण्डको छ । यस विश्वका कैयन देशहरू अमेरिकी साम्राज्यवादीका चङ्गुलमा फँसी हेर्दा स्वतन्त्र तर व्यवहारमा अर्काको गुलाम भएर साम्राज्यवादीहरू र विदेशी एकाधिकार पँुजीद्वारा शोषित–पीडित भएर बाँच्नु परेको छ । स्वयं चीन बाहिरबाट हेर्दा स्वतन्त्र तर आफ्नो दलाल सरकारद्वारा शासित देश नै नवउपनिवेशी देश हो । जनवादी शक्तिले मुक्त नगरेसम्म अमेरिकी साम्राज्यवादको दलाल चेङगद्वारा शासित र शोषित रह्यो । अमेरिका नै नवउपनिवशसवादको जन्मदाता हो । हरेक देशको अर्थव्यवस्थामाथि कब्जा गर्ने र सके त्यहाँ फौजी अखडा खडा गर्नु अमेरिकी साम्राज्यवादको नव–उपनिवेशवादी नीति हो । अङ्गोलामा ँयुनिताे पार्टीलाई माक्र्सवादी सरकारविरूद्ध उक्साउने र सहयोग गर्ने पनि अमेरिकी साम्राज्यवादी नै हो । अमेरिकी सरकार चाहँदैनथ्यो कुनै देशमा

समाजवादी व्यवस्था स्थापना होस् , कारण समाजवादी व्यवस्थाले आफ्नो देशभित्र अर्काको शोषण गर्ने इजाजत दिँदैन । तर युनिताले पनि जब अङ्गोलामा काबिन्दामा पसी त्यो इलाका कब्जा गर्ने स्थिति उत्पन्न भयो, अमेरिकी साम्राज्यवादले युनिताको विरोधमा शिर उठाउन थाल्यो । अङ्गोलाको पाँच लाख ब्यारेल तेलमध्ये दुई–तिहाई काबिन्दामा उत्पादन हुन्छ । त्यो तेल अङ्गोलाको प्राकृतिक स्रोतबाट उत्पादन भएको हो । तर अमेरिकाले यही सन् १९९३ को जनवरी २५ मा भन्दछ, ँत्यहाँका जनता हाम्रा हुन् र यहाँको तेल हाम्रो सम्पत्ति हो । त्यहाँको तेल छोइयो भने गम्भीर परिणाम हुन्छ ।ँ आश्चर्य छ अङ्गोलाको क्षेत्र अमेरिकाको कसरी भयो र त्यहाँको तेल अमेरिकाको सम्पत्ति कसरी भयो ?

यस्तै आफ्नो स्वार्थका निम्ति आज अमेरिकाले इराकमाथि अनेक अत्याचार गरिराखेको छ । त्यहाँका नेता र राष्ट्रपति सद्दाम हुसेन पावरमा रहुन्जेल त्यहाँको तेल कब्जा गर्ने सम्भावना नहँुदा नै अमेरिकाले जसरी भए पनि त्यहाँका लोकप्रिय राष्ट्रपति सद्दाम हुसेनलाई उखाड्ने प्रयास गरिरहेको हो ।

जुन समस्या अङ्गोलामा उत्पन्न गर्न सक्छ, जुन समस्या दक्षिण कोरिया र थाइल्याण्डमा उत्पन्न गर्न सक्छ, जुन समस्या इराकमा उत्पन्न गर्न सक्तछ त्यस्तो समस्या अमेरिकी स्वार्थका निम्ति नेपालमा अमेरिकाले उत्पन्न गराउँदैन भनेर भन्न सकिन्न । आज यो पँुजीवादी सरकारले नेपाललाई पनि अमेरिकाको स्वार्थमा डुबाउने र नव–औपनिवेशिक देशमा परिणत गर्ने नीति लिएको छ । पहिलेको साम्राज्यवाद हुँडार हो भने अहिलेको नव–औपनिवेशवाद ब्वाँसो हो । हुँडारले देखिने गरी बाहिरबाट हमलागरी मासु खान्छ भने, ब्वाँसोले कनाउदै खुसी पारेर पेट भित्रहात पसाएर आन्द्राभुँडी, कलेजो, फोक्सो, मुटु सबै खाइदिन्छ । बाहिरबाट हेर्दा सो पशु (सिकार) जस्ताको तस्तै, भित्रबाट कलेजो इत्यादि खाएर मृत्यु भइसकेको हुन्छ । यही हो आजको नवउपनिवेशवाद, जो पहिले मद्दतका नाउँमा भित्र पस्छन् ,अनेक आर्थिक मद्दत पनि दिन्छन् , अनुदान दिन्छन् तर ऋणमा फसाउँछन्, आफ्नो पँुजी घुसाउँछन् र क्रमशः राजनीति तथा आर्थिक व्यवस्थामा कब्जा जमाउँछन्, ऋणमा फँसाएर चल–फिर गर्न नसक्ने हालतमा पुर्‍याउँछन् र मौका पारेर फौजी मद्दतका नाममा त्यस देशमा आफ्नो फौजी अखाडा खडा गर्छन् त्यसपछि एक पटक फौज घुसाउन पाएपछि फर्कने नाम लिँदैनन् । आज दक्षिण कोरियामा ४५ हजार अमेरिकी फौज छन् र हजारौं अणुअस्त्रहरूका भण्डार छन् । बीरवलले सधैंभरि बाघ देखाएर तर्साएको बिरालो झैं अमेरिकी साम्राज्यवादले जहिले पनि उत्तर कोरियाबाट आक्रमण हुन्छ भन्ने डर देखाएर उठ्न नपाएको दक्षिण कोरिया अमेरिकी साम्राज्यवादको नवउपनिवेशवादको नमुना हो ।

हरेक देशलाई कसै–न– कसैसँग लडाएर ध्वस्त गरी उठ्न नदिनु अनि मद्दतका नाममा ऋणमा फँसाउनु , त्यहाँका प्राकृतिक स्रोतसाधनहरू कब्जा गर्नु , फौजी मद्दत भन्दै आफ्नो अखाडा खडा गर्नु आजको साम्राज्यवाद खास गरी अमेरिकी साम्राज्यवादको नव–उपनिवेशवादी चाल हो ।

**अमेरिकी साम्राज्यवादको नयाँ तरिका**

संसारभरिका विभिन्न देशहरूमा आज देखापरेका समस्या र भइरहेका आपसी लडाइँका पछाडि अमेरिकी साम्राज्यवादको नव–उपनिवेशवादी चाल लुकेको छ । मध्यपूर्वमा इजरायल र पेलिस्टाइनको झगडा अमेरिकी साम्राज्यवादको इजरायलप्रतिको पक्षपात तथा इराकमाथि अमेरिकी बर्बरता नभएर के हो ? पहिले कुबेतले तर्सो पारी नली घुसाएर इराकबाट तेल लिन लगायो, इराकले विरोध गर्‍यो, १९२२ सम्म आफ्नै भूभाग भएकाले यसमाथि इराकले कब्जा गर्न खोज्यो । यही कारण अमेरिकी साम्राज्यवदले इराकलाई ध्वस्त गर्ने बहाना पायो र आज अमेरिकी साम्राज्यवादले यसलाई निशस्त्र गरी अन्तमा कब्जा गर्ने र इराकको तेलमाथि आफ्नो खुनी पन्जा जमाउनका निम्ति अनेक बहनामा एकपछि अर्को हमला गर्‍यो । इराकमाथि कब्जा जमाएर त्यहाँ आफ्नो फौजी अखाडा जमाइसकेपछि सम्पूर्ण गल्फको खाडी इलाकाको तेल कब्जा गर्नु यसको अर्को कार्य हुनेछ । इराक गएपछि इरानको पालो आउने छ । भारतमा हिन्दू–मुसलमानको कहिल्यै नटुङ्गिने लडाइँ यस्तै हो । हेर्दै जाऊँ यदि हामीले सतर्क भएर साम्प्रदायिकतालाई खत्तम गर्न सकेनौँ भने यहाँ पनि एक धर्मावलम्बीलाई अर्को धर्मावलम्बीसँग लडाउने, एक जातिलाई अर्को जातिसँग लडाउने, तराइबासी र पहाडबासीको बीच लडाउने, पहाडबासीमा पनि एक जाति वा जातिहरूलाई अर्को जातीसँग लडाउने सबै काम सुरू हुनेछ । अहिले नै साम्राज्यवादीहरूले आर्थिक मद्दत, समाजसेवा इत्यादिको बहानामा आफ्नो जाल नेपालभरि फैलाइसकेको छ । कतिपय गैरसरकारी सङ्गठनहरूमा अमेरिकी साम्राज्यवादको हात छ र अमेरिकी साम्राज्यवादका विरोधमा यसले धेरैको मुख टालिसकेको छ । नेपाललाई ऋणको जालमा आयमूलक भन्दै साना–साना काममा अल्झाइदिएको छ । बिजुली, पानी, शिक्षा, स्वास्थ्य साधारण मान्छेको पहँचबाहिरको कुरो बनिसकेको छ । निजीकरण, खुलाबजार र खुला प्रतिस्पर्धाजस्ता देशलाई उठ्न नदिने, आफ्नो देशको अर्थ व्यवस्था अर्काको हातमा सुम्पनुपर्ने स्थिति ल्याइदिएको छ । राष्ट्रिय उद्योगहरू, उद्यमहरू र व्यापारले आफूलाई बचाउन नसक्ने स्थिति ल्याइदिएको छ ।

आफ्नो कब्जामा नरहेको देशलाई आपसी झै–झगडा, गृह–कलह इत्यादिमा फँसाएर, आफ्नो कब्जामा रहेको देशमा आफ्नो जी–हजुरी गर्ने दलाल सरकार खडा गरेर त्यहाँको अर्थव्यवस्थामा कब्जा गरेर त्यसभित्र आफ्नो व्यापक जाल पिँmजाएर पत्रकारहरू, बुद्धिजीवीहरू मध्ये जसलाई सकिन्छ आर्थिक सहायताका नाउँमा पैसाको लोभमा फँसाएर आफ्नो दलाल बनाएर कहिल्यै उठ्न नसक्ने गरी ऋणमा फँसाएर, जहाँ सकिन्छ उहाँ त्यस देशको रक्षाका नाउँमा आफ्नो फौजी अखाडा खडा गरेर ती देशहरूमाथि आफ्नो हैकम चलाउने गरिन्छ । यो नदेखिने कब्जा हेर्दा त्यो देश स्वतन्त्र, व्यवहारमा त्यस देशको सरकार मार्फत आफ्नो स्वार्थका निम्ति काम गराउनु नै आजको नवउपनिवेशवाद हो ।

डलेसको पालासम्म अमेरिकाको नीति सिधै हस्तक्षेप गरी त्यस देशमाथि कब्जा जमाउनु रह्यो भने यो नीतिले ठाउँठाउँमा हार पनि खानुपऱ्यो । उत्तर कोरियाजस्तो मुलुकले अमेरिकालाई हराएर भगायो, भियतनामबाट लात खाएर भाग्नुपऱ्यो । अमेरिकाको नाकमुनिको क्युबाले अमेरिकालाई हाँक दिएर मुक्ति प्राप्त गरी टिकेर बस्यो । यसरी डलेस–आइजन हावरको नीति फेल भयो । यस नीतिको अमेरिकाभित्र आलोचना हुन थाल्यो । चेस्टर बावेल्स, व्याल व्रेठ, जर्ज माक्थी जस्ताहरूले नयाँ नीति अगाडि ल्याए र चेष्टर वावेल्सले नयाँ नीति अगाडि ल्याए । उनले आफ्नो एक भाषणमा यसरी भनेका छन्–“नयाँ किसिमको विश्व बनाउन खोज्ने शक्तिहरूका विरूद्ध अर्थात् आफ्नो देशलाई साम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीको शोषणबाट मुक्त गरी नयाँ समाज बनाउन चाहनेहरुको कुरा हामीले एक नयाँ र कडा मनस्थितिले सम्झनुपरेको छ । ......हाम्रो निम्ति एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका आर्थिक र राजनीतिक विकासका समस्याहरूप्रति एक साहसपूर्ण नयाँ दृष्टिकोणको जरूरत छ ।”

यही नव–उपनिवेशवादको सूत्रपात हो । चुनाव प्रचारको दौरान डलेस र आइजन हावरका आलोचकहरूको दृष्टिकोण र उनीहरूको राजनीतिक माग अविकसित देशप्रति नयाँ सिमानावाहीहरूको (New Frontiers) को नीतिका रूपमा देखापऱ्यो र यो नै राष्ट्रपति चुनावको कार्यक्रमको एक अङ्ग बन्यो ।

डलेस–आइजन हावरपछि जोन क्यानेडीको पाँच वर्षे शासनकाल आयो । जोन क्यानेडी अमेरिकी इतिहासमा एक अत्यन्त सक्रिय र चलाक राष्ट्रपति हो । नयाँ सिमानाको नीति उसकै नाउँसित जोडिएको छ र नव–उपनिवेशवादको नीति यहीँबाट कार्यान्वयन हुन्छ ।

अमेरिकी नीतिमा पहिलो लक्ष्य ल्याटिन अमेरिका र अफ्रिका बन्यो । नयाँ सिमानावादीहरू - New Frontiers) को लक्ष्य हो नवस्वतन्त्र देशहरूलाई साम्राज्यवादका आधारमा यसका वरिपरि घुम्ने ग्रहहरूजस्तै राख्ने र ती देशहरूमा पँुजीवादी सामाजिक सम्बन्धलाई सुदृढ गर्ने । यसै निम्ति विभिन्न देशहरूको राष्ट्रिय क्रान्तिको नेतृत्व अमेरिकाले सम्हाल्ने र आफूलाई सुधारवादी परिवर्तनको हावासँग एकाकार गर्ने अनि आफूलाई सञ्चालक शक्तिका रूपमा स्थापना गर्ने ।

यसरी विकासशील देशहरूको राष्ट्रिय मुक्ति सङ्घर्षको लहरलाई मोडेर अमेरिकी एकाधिकार पँुजीको हितमा आफ्नो कन्ट्रोलमा ल्याउने नयाँ नीति लिइयो । यो नयाँ नीतिले विकासशील देशका जनतालाई क्रान्तिकारी परिवर्तन गर्ने आन्दोलनबाट हटाएर सुधारवादी नीतिलाई समर्थन गर्ने र पँुजीवादी सम्बन्धको विकासप्रति लाने अनि पँुजीवादी समूहलाई सुदृढ गर्ने तर अमेरिकी एकाधिकार पँुजीको प्रभुत्वमा धक्का पुग्ने गरेर नगर्ने अर्थात् ती नव–मुक्त देशहरूलाई अमेरिकी एकाधिकार पँुजीको सेवा हुने खालले त्यहाँ पँुजीवादी सामाजिक सम्बन्धलाई प्रोत्साहन गर्ने नीति अमेरिकाले लियो । पँुजीवादी समाजिक सम्बन्ध भन्नाले निश्चित रूपले उही देशको राष्ट्रिय पँुजीपतिवर्गलाई उठाएर होइन, उनीहरूलाई सानातिना काममा अल्झाएर त्यस देशको

अर्थतन्त्रमा आफ्नो कब्जा जम्न दिने गरी पँुजीवादी सामाजिक सम्बन्ध बढाउने कार्य नै अमेरिकी साम्राज्यवादले गर्ने हो ।

डलेसले जहाँ विशेष गरेर हतियारमा भर परे नयाँ सिमानावादीहरूले यो नीति (हतियारले दबाउने नीति) लाई पूर्ण रूपले नछोडिकन आर्थिक हतियारमा ध्यान दिए । जहाँसम्म हुन्छ शान्तिपूर्ण ढङ्गले आफ्नो देशको स्वार्थको सेवा गर्ने अर्थात आफ्नो शोषणक्षेत्र बनाउने, शान्तिपूर्ण तरिकाले नभएमा हतियार पनि प्रयोग गर्ने नीति अमेरिकाले लियो । यही नीतिअन्तर्गत आज अमेरिकी साम्राज्यवादले इराकमाथि हमला गर्दै छ र उत्तर कोरियालाई नि:शस्त्र पारेर कब्जा गर्ने नीति अमेरिकाले अख्तियार गर्दै छ । सोभियत सङ्घमा गोर्भाचोभ र एल्तसिन लगाएर शान्तिपूर्ण तरिकाले काम भयो, अमेरिकाको निम्ति राम्रै भयो । स्थानीय पँुजीपतिहरूको पछौटेपन र कमजोरीको फाइदा उठाएर तृतीय विश्व (एसिया, अफ्रिका र ल्याटिन अमेरिका) का देशहरूलाई कब्जा गर्ने नीति अमेरिकी साम्राज्यवादले अख्तियार गर्‍यो ।

आज पँुजीवादी पार्टीहरू मात्र होइन कतिपय आफूलाई वामपन्थी भन्नेहरू पनि अमेरिकाको यस चालमा फँस्न गएका छन् । गोर्भाचोभ, लेस वालेसा, एल्तसिन यसको जिउँदा उदाहरणहरू हुन् । नेपालमा पनि साम्राज्यवादविरोधी नीति त्याग्दै जानु , यसप्रति वामपन्थीहरूको आवाज सुक्दै जानु, अमेरिकी स्वार्थमा धक्का पुगे होहल्ला नमच्चाउनु , अमेरिकाबाट भइरहेको अत्याचारमा चुप लाग्नु, निजीकरण, विदेशी पँुजी, खुलाबजार, खुला प्रतियोगिताको स्वागत गर्नु, स्वागत गर्न अप्ठेरो भए कमसेकम यसको विरोध नगर्नु सबै केका लक्षणहरू हुन् ? यी सबै कुराहरू साम्राज्यवादसँग सम्झौताका लक्षणहरू हुन् । यसरी अमेरिकी साम्राज्यवादले शासकदललाई मात्र हात लिएको होइन, अरू पनि दलहरू, समूहहरू, सङ्गठनहरू, पत्रकारहरू, लेखकहरू र व्यक्तिहरू, संस्थाहरूलाई हात लिएर ती देशहरूमा आफ्नो शोषक पन्जा मजबुत गर्ने कार्य गरिरहेको छ । नवस्वतन्त्र देशहरूलाई आफ्नो नवउपनिवेश बनाउने षड्यन्त्र चालू राखेको छ ।

यस्तै नदेखिने तरिकाले सोभियत सङ्घको राष्ट्रपति गोर्भाचोभ र उपराष्ट्रपति एल्तसिनलाई हात लिएर सोभियत सङ्घलाई नै नष्ट गर्ने कार्य भयो । गोर्भाचोभले नोवेल पुरस्कार पाएपछि समाजवादलाई भत्काउने काम तीव्र रूपले सुरु भयो । एल्तसिन त सोभियत सङ्घको उपराष्ट्रपति छँदा नै अमेरिकी राष्ट्रपति जर्ज बुशको दर्शनभेट गर्न १० दिन पर्खेर बसे । त्यस बेला भनियो कि बुशले एल्तसिनलाई भेट दिएनन् । त्यत्रो महान् समाजवादी सोभियत सङ्घको उपराष्ट्रपति भएर पनि जर्ज बुशको चाकडी बजाउनु जानु निश्चय पनि एल्तसिनले आफूलाई कति हदसम्म गिराइसकेको रहेछ भन्ने कुराको द्योतक हो । फेरि पनि राष्ट्रपति गोर्भाचोभले एल्तसिनको यस कार्यमा कुनै आपत्ति जनाएनन् । जब एल्तसिन रूसको राष्ट्रपति बने उनको पहिलो काम भयो बुशको दर्शन गर्न जानु । यसले स्पष्ट गर्छ कि उनी अमेरिकी साम्राज्यवादका दलाल बनिसकेका थिए । गोर्भाचोभका भ्रमात्मक मीठामीठा नाराहरूमा सोभियत जनता भुले । सामाजवाद नष्ट गरियो, जनताको तकलिफ बढ्दै गयो, जनतालाई भनियो कि खुलाबजार भएपछि सब ठीक हुन्छ ।

खुलाबजार भयो पनि । खुलाबजारपछि जनताको समस्या झन झन सङ्कटमय भयो । देश विकासका नाउँमा विदेशी ऋण लादियो, विदेशी पँुजी भित्र्याइयो । राजकीय क्षेत्रहरू बेचियो । सामूहिक खेती पहिलेका सामन्ती मालिकहरूलाई फर्काइए, किसानहरुलाई खेतबाट बेदखल गरियो । जुन १ रूबलको सवा डलर (१.२५) थियो, त्यो रूबलको भाउ एक सालअगिसम्म १ डलरबराबर १०० देखि २०० रुबलथियो भने यसपालि अर्थात् सन् १९९३ को सुरू जनवरी महिनामा ४९३ रुबल पुग्यो र हाल रूबलको भाउ गिरेर १ डलरको ७५० रुबलपुग्यो । मुद्रास्फीति २० गुणाले बढ्यो । देशमा महँगी, बेकारी व्यापक रूपले बढ्यो । पहिले निश्चिन्त जीवन बिताइरहेका रूसी जनता भीख माग्नेमा परिणत भए, वेश्यावृत्ति बढ्यो । विश्वका दई महाशक्तिमा एक महाशक्तिका रूपमा रहेको सोभियत सङ्घको नामनिसान मेटिएर एक कमजोर देशको हालतमा पुग्यो । जब सोभियत सङ्घमा सङ्कट बढ्दै गयो र यसमा कुनै कुनै अमेरिकी जनता चिन्तित भए, अमेरिकी राष्ट्रपति जर्ज बुशले भन्न थाले,ँसोभियत सङ्घमा जे भइरहेछ हाम्रो हितमा भइरहेछ ।  सोभियत सङ्घ नष्ट भएपछि अब एउटै महाशक्ति बच्न आयो अमेरिका । अब अमेरिकालाई विश्वमाथि खास गरेर एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका अविकसित देशहरुमाथि आफ्नो हैकम चलाउने बाटो खुल्यो । अमेरिकी हैकम त युरोपमा पनि लाद्रे प्रयास भइरहेको छ ।

नेताका रूपमा दलाली गर्ने मानिस हो पोल्यान्ड वालेसा । उसले मजदुर सङ्घर्ष चर्काएर जब पक्राउ परेर छुटेर आयो तब उसको पहिलो सवाल थियो ँमलाई पश्चिमी देशका नेताहरू के भन्छन् ?” छुट्नेबित्तिकै उसलाई पश्चिमी देशहरूले खुलेआम डलरहरू टक्राउन थाले । आखिर मजदुर आन्दोलनकै नाउँमा वालेसाले पोल्यान्डबाट कम्युनिस्ट व्यवस्था उखेल्न सफल भयो । उसले पनि पोल्यान्डका जनताको सुनिश्चित जीवन नष्ट गरी जनजीवनमा सङ्कट नै थुपार्ने काम गऱ्यो । यहाँ एउटा याद गर्नुपर्ने कुरो के हो भने हरेक मजदुर आन्दोलन प्रगतिशील हुँदैन र मजदुरवर्गको नेतृत्व भन्नु पनि पर्याप्त हँुदैन । यही कारण हो लेनिनले ट्रेड युनियनिज्म (मजदुर सङ्घवाद) को विरोध गरेको । माक्र्सवाद—लेनिनवादले पोख्त मजदुर वर्गले नै समाजवादी आन्दोलनलाई अगाडि बढाउन सक्ने हुन्छ । कच्चा र स्वार्थी मजदुर नेताहरूले वालेसाले  झैँ मजदुरवर्गलाई खाल्टोमा पनि हाल्न सक्तछन् ।

सबै बर्बाद भइसकेपछि पहिलेको समाजवादी देशका जनताको आँखा खुल्न थाल्यो । रूसमा माक्र्स–लेनिन–स्टालिनको फोटो राखेर लाखौँको जुलुस निक्लन थाल्यो । यस्तो सङ्घर्ष ठाउँठाउँमा चालू नै छ । रूसमा एल्तसिनवादी प्रधानमन्त्री गैडरलाई हटाएर पहिलेका कम्युनिस्ट नेता प्रधानमन्त्री हुन आएका छन् । उनले प्रधानमन्त्री हुनेबित्तिकै जनतालाई सबै खाद्य पदार्थ सस्तो मोलमा पाउने गरी रासनको प्रबन्ध गरिदिए । आज १६ अप्रिल १९९३ को ँराइजिङ नेपाल को खबर अनुसार हिजो अप्रिल १५ देखि उपप्रधानमन्त्रीमा अर्का कम्युनिस्ट  वोलेसा लोबोव नियुक्त भएका छन् ।  तर पछि एकचोटीको बर्बाद भइसकेको देश फेरि सपार्न सजिलो हुनेछैन र त्यहाँ कम्युनिस्ट हरूले घोर परिश्रम गर्नुपर्नेछ र अन्तमा उनीहरू अवश्य सफल हुने छन् ।

यो भयो अमेरिकी साम्राज्यवादको अर्काको देश कब्जा गर्ने शान्तिपूर्ण बाटो ँडलर साम्राज्यवाद ।

आज अमेरिकाद्वारा विभिन्न देशहरूका जनतालाई अनेक बहानामा विभक्त गरी आपसमा लडाएर आफ्ना दलालहरूमार्फत ती देशहरूलाई कब्जा गर्ने कार्य भइरहेकै छ । सोमालिया र इथियोपियालाई लडाइयो, जब कि सोमालिया इथियोपियाकै भाग थियो । सोमालियालाई मद्दत गर्दै गइयो । आज सोमालीको जनता कुन दुर्दशामा बाँचिरहेका छन् हामीले बराबर टिभीमा हेरेका छौँ । लाखौँ जनता भोकमरीको सिकार भएर हड्डी–चमडा मात्र भएर बाँचिरहेका छन् र उनीहरू भटाभट मर्दै पनि छन् । तर आफ्नै कर्तुतले सोमाली जनतालाई यो दशामा पुर्‍याएर अमेरिका नै भाले भएर मद्दतका नाउँमा आफ्नो फौज त्यहाँ पठाउँदै छन् । आफैँ बोक्सी आफैँ धामी भनेको यही हो । आफ्नै षडयन्त्रले समाजवाद पक्षको इथियोपिया सरकारविरूद्ध लडाएर सोमाली जनताको यो गति बनाउने काम अमेरिकाबाटै भएको हो ।

अमेरिकाकै षड्यन्त्रले कोरिया विभाजित भएर उत्तरकोरिया र दक्षिण कोरिया बनेका हुन् । कोरियाई जनताले जापानी साम्राज्यवादलाई सन् १९५० मा धपाएर के पठाएका थिए जापानको ठाउँ अमेरिकाले लिन थाल्यो । तर महान् नेता किम इल सुङको नेतृत्वमा कोरियाई जनताले अमेरिकी फौजलाई दक्षिण कोरियाको दक्षिण सिमानासम्म धपाएर पठाइसकेका थिए । त्यसपछि अमेरिकाले संयुक्त राष्ट्र सङ्घका नाउँमा अरूहरूलाई पनि बटुलेर लड्न थाल्यो र दक्षिण कोरियामाथि कब्जा गर्‍यो । उत्तर कोरियाका देशभक्त जनता का. किम.इल सुङका नेतृत्वमा अमेरिकी साम्राज्यवादी फौजलाई उत्तर कोरियाबाट हटाउन सफल भए र कोरिया उत्तर र दक्षिण दई भागमा बाँडियो । दक्षिण कोरियामा अद्यावधि अमेरिकी फौज छ र अमेरिकाका कब्जामा त्यहाँको सरकार छ । दक्षिण कोरियाको अर्थव्यवस्थाको जीवननली अमेरिकी साम्राज्यवादका हातमा छ भने त्यहाँको अर्थव्यवस्थाको बाँकी भाग जापानको हातमा छ तर कोरियाई जनता भने बेहाल अवस्थामा छन् । त्यहाँ ४५ हजार अमेरिकी फौज तैनाथ गरिराखिएको छ र हजारौँ अणुअस्त्रहरू छन् । अमेरिका चाहँदैन कि दक्षिण कोरिया आफ्नो हातबाट मुक्त होस् र उत्तर र दक्षिण कोरिया मिलेर पहिलेजस्तै कोरिया पुनः एउटै देश बनोस् । दक्षिण कोरियाको मुक्तिको मतलब हो त्यस देशबाट आफ्नो आर्थिक शोषण पनि खत्तम हुनु अनि आफ्नो फौजी अखाडा त्यहाँबाट उखेलिनु । यसैकारण जहिले पनि उत्तर कोरियाको समाजवादी सरकारको झूटो डर देखाएर मिल्न नदिनु अमेरिकी नीति हो । नवउपनिवेशी देशअनुरूप त्यहाँको दलाल सरकारले बराबर टिम स्पिरिटका नाउँमा अमेरिकासँग मिलेर फौजी अभ्यास यही गर्ने गर्छ । सन् १९९३ को मार्च महिनामा पनि यो अभ्यास गरियो जसको निम्ति अमेरिकाले अर्को ५० हजार फौज दक्षिण कोरियामा ल्यायो । यसको साथै अमेरिकी साम्राज्यवादले अन्तर्राष्ट्रिय अणुशक्ति एजेन्सी - IAEA) सङ्ठनको सेक्रेटरियटलाई हात लिएर उत्तर कोरियामा अणुशस्त्र निर्माण अखाडा छ भन्ने शङ्का छ भन्ने बहाना बनाएर उत्तर कोरियाको सम्पूर्ण सुरक्षा व्यवस्था पत्ता लगाएर उत्तर

कोरियाको रक्षाशक्ति ध्वस्त गर्न चाहन्छ । देखाएमा उत्तर कोरियालाई ध्वस्त गर्न सजिलो भइहाल्ने र नदेखाएमा यु.एन.ओ. को झन्डामुनि इराकमा जस्तै हमला गर्ने बाटो खुलाउने षड्यन्त्र अमेरिकाको हो ।

अमेरिकी साम्राज्यवादले यस्तै गरी खाडीमा आफ्नो हात पसारेको छ । अमेरिका चाहन्छ खाडीको तेल आफ्नो हातान पार्न चाहन्छ । यसैकारण त्यहाँ अमेरिकाले आफ्नो फौजी जहाज लगिराखेको थियो । साउदी अरेबियामा पहिले नै आफ्नो दलाल सरकार खडा भइसकेको थियो  र कुबेतले निहुँ खोजेर सिमानावारिबाट तेर्सो पाइप पठाएर इराकभित्रबाट तेल खिच्ने कार्य सुरू गरेको थियो । इराकको विरोधको कुनै माने लागेन । कुबेत पहिले इराककै भूभाग थियो र कुवेत अलग देश बनाएर त्यहाँ कुनै धनी मानिसलाई राजा स्थापना गरी दिएको थियो । इराकले आफ्नो भूभागमाथि फेरि कब्जा गर्न खोज्यो । अमेरिकाले मौका पाएर कुबेतमाथि मात्र कब्जा गरेको होइन, इराकमाथि पनि हमला गरी आफ्नो कब्जा जमाएर आफ्नो दलाल सरकार स्थापना गर्न चाहेको छ । कुबेतलाई इराकका हातबाट छोडाउनु मात्र अमेरिकाको चाहना होइन, समुन्नत इराकलाई ध्वस्त गरी सद्दामलाई त्यहाँबाट हटाएर आफ्नो दलाली गर्न मन्जुर गर्ने सरकार त्यहाँ खडा गरी त्यहाँको सम्पूर्ण तेलमाथि आफ्नो कब्जा गर्नु अमेरिकाको चाहना हो र यो काम पूरा नभएसम्म एक–न–एक बहानामा बमवारी गर्ने कार्य अमेरिकाले रोक्ने होइन । आज रूसले आवाज उठाएको छ तर नेपाल मौन छ र यहाँका पँुजीवादी पार्टीहरूसँग वामपन्थी पार्टीहरू पनि मौन छन् अनि नेपालको सरकारी अखबार ँराइजीङ नेपाल ले आफ्नो साम्राज्यवादी चरित्र उदाङ्ग पारेर इराकमाथि अमेरिकाको बर्बरतापूर्ण हमलालाई जायज ठहराएर यही सन् १९९३ को जनवरी १५ तारिखको सम्पादकीय लेखेको छ । आजकल नेपालका कतिपय पत्र–पत्रिकाहरू र मिडियाहरू साम्राज्यवादपरस्त र जनविरोधीका रूपमा देखापरेका छन् ।

पत्रकारहरूले दिने खबर सत्य र तथ्यमा आधारित हुनुपर्छ भन्ने कुरा पत्रकारहरूको नैतिकता र विश्वसनीयताको कुरो हो । तर यही सन् १९९३ जनवरी १७ को ँराइजीङ नेपाल ले ँसिओल को १६ तारिखको खबर भनी उत्तर कोरियाका महान् क्रान्तिकारी नेताको चरित्रहत्या गर्ने कुरो छापेको छ । एउटा बक्सभित्र ँमहान् नेता जवान लडकीहरूसँग नुहाउने गर्छन् भन्ने शीर्षक राखेर छापेको छ । त्यस खबरमा ८० वर्षीय महान् नेता किम इल सुङ २० वर्षमुनिका केटीहरूसँग नुहाउँछन् र जिउनका निम्ति र स्वस्थ्य रहनका निम्ति उनीहरूको रगत झिकेर आफूमा भर्छन् भन्ने कुरा छापिएको छ र यसलाई दक्षिण कोरियाको सरकारले लगाएको आरोप भनिएको छ । कोरियाका महान् नेता किम इल सुङको चरित्रहत्या गर्ने उद्देश्यले गरिएको योभन्दा घृणित र नीच प्रचार अरू के हुन सक्तछ ? यस्तो मनगढन्ते झूटा कुराहरू प्रचार गराउनु सी.आई.ए.को एउटा सुनियोजित चाल हो भन्ने कुरो ँराइजीङ नेपाल को सम्पादकमण्डलले बुझ्नुपर्ने हो । फिलिप आगीको सी.आई.ए. डायरी, सी.आई.ए.को भूतपूर्व डाइरेक्टर ििबलयम कोल्बिले अमेरिकी सिनेटमा दिएको रिपोर्ट, भूतपूर्व राष्ट्रपति रेगन दोस्रो पटक राष्ट्रपति हुँदा दिएको वक्तव्यले यस्ता

झूटा कुराहरू पत्रकारलाई तथा लेखकहरूलाई हात लिएर कसरी प्रचार गराउँछन् भन्ने कुरो जगजाहेर गराएका छन् । अस्ति मात्र एउटा सज्जनले सुनाए कि वहाँलाई एम्नेस्टी इन्टरनेशनलसँग सम्बन्धित एउटा उच्च अधिकारीले उत्तर कोरियामा एक लाख राजबन्दीहरू छन् भनेर लेख लेख्न भनेका रहेछन् तर सो महानुभावले आफूले यस्तो झूटा कुरा नलेखेको भनेका थिए । यस्ता कैयन कुराहरू सी.आई.ए.द्वारा आफ्नो प्रभावमा परेका लेखकहरू र पत्रकारहरूद्वारा प्रचार गराउँछन् । यस्तै प्रचारहरूमध्येको एउटा प्रचार हो दक्षिण कोरियाको सरकारले भनेको भन्ने ए.एफ.पी. को खबर भनि छापिएको ँराजिइङ नेपाल को प्रचार ।

एउटा बुझ्नुपर्ने कुरो हो अर्काको खून (रगत) त्यो पनि लडकीहरूको खून भरेर कसैको स्वास्थ्य ठीक रहन सक्तैन । सख्त बिरामी भएका बेला, दुर्घटना हुँदा वा यस्तै बेला खून दिने अस्पतालको चलन हो । तर जवान लडकीहरूको खून भर्दैमा एउटा बुढाको आयु लम्बिँदैन न त अर्काको खून भरेर कसैको स्वास्थ्यरक्षा हुन सक्नेछ । यदि यसरी स्वनस्थ्यरक्षा हुन सक्ने भए पँुजीवादी करोडपति अरबपतिहरूका निम्ति लडकीहरूको के कमी हुने थियो र ? उनीहरू त चिरञ्जीवी हुने थिए । तर उनीहरू चिरञ्जीवी होइन असमयमा स्वर्गवास भएको पाउँछौँ । कुनै मानिसको स्वास्थ्य उसको नियम–निष्ठा र सुचरित्रमा निर्भर गर्दछ । जसको कुनै नियम–निष्ठा छैन, चरित्रहीन छ भने उसको न स्वास्थ्य ठीक हुन्छ न आयु नै लम्बिन्छ । बरू झन्झन् क्षीण भएर जान्छ । यो प्राकृतिक नियमलाई सायद हाम्रो ँराईजिङ नेपाल का सम्पादकहरूले बुझ्नुभएन । खुन दिँदैमा मानिसको दिमाग बढ्ने पनि होइन । दिमाग स्वस्थ र शक्तिशाली राख्नका निम्ति पनि चरित्र नै चाहिन्छ, शुक्र नै दिमागको खुराक हो । रोजै लडकीहरूसँग गरमपानीले नुहाउने कुनै पनि व्यक्तिको शुक्ररक्षा हुन सक्तैन र यस्ता व्यक्तिहरू असमयमा नै बूढो भएर स्मरणशक्ति क्षीण भएर छिटो मरेर जान्छन् । संस्कृतमा एउटा भनाइ छ,ँवृद्धस्य तरूणी विषम् अर्थात तरूणीहरू बूढाका निम्ति विष समान हुन् । बूढाहरू मात्र होइन जवानहरू पनि ज्यादा स्त्रीलम्पट भए भने बेकार भएर जान्छन् । जसले आफ्नो जवानी अनेक दुव्र्यसन अथवा मादक पदार्थहरूको सेवनमा र दुश्चरित्रमा लागेर बिताउँछ उनीहरू पनि असमयमा नै बूढो भएर अनेक रोगले पीडित भई मृत्युको मखमा पुगेको हामी पाउँछौं । मानिसको चरित्र एउटा आदर्श मात्र नभएर मनुष्य जीवनको शारीरिक, मानसिक र बौद्धिक विकाससँग पनि सम्बन्धित कुरो हो ।

लेनिनका समयमा एउटा अति कार्यकुशल, मेहनती र इमानदार लडका थियो । जब त्यो लडका लडकीहरूका पछि लाग्न थाल्यो लेनिनले भने अब यसबाट केही काम हँुदैन । लेनिन आफ्नो जीवनमा निम्न तीन कुराहरू कहिल्यै गरिनँ भन्नुहुन्छ । ती हुन्– (क) धूम्रपान, (ख) रक्सी आदि मादक पदार्थको सेवन र (ग) लडकीहरूको पछि लाग्ने काम । दक्षिण कोरियाको सरकारको आरोप भन्दै ए.एफ.पी. को खबर भन्दै ँराइजीङ नेपाल ले महान् नेता का. किम इल सुङको मात्र होइन कम्युनिस्ट  जगत्प्रति भ्रम फैलाउने काम गरेको छ । बिग्रेका नामधारी कम्युनिस्टहरूले बाहेक कुनै पनि माक्र्सवाद–लेनिनवादमा आस्था राख्ने व्यक्तिले आफ्ना विवाहित

श्रीमतीबाहेक दोस्री आईमाई वा लडकीसँग अनैतिक सम्बन्ध राख्दैन । कार्ल माक्र्सको घोषणापत्र तथा महान् नेता लेनिनले क्लारा जेट्किनलाई दिएको नसिहतपूर्ण कुराकानीले यसलाई स्पष्ट गर्दछ । लेनिनले ँशुक्र लाई नै शक्ति भनेका छन् र शक्ति खेर नफाल भन्ने नसिहत दिएका छन् । का. किम इल सुङ माक्र्सवाद–लेनिनवादका सच्चा अनुयायी र आफै पनि एउटा ठूला दार्शनिक हुनुहुन्छ, जसको दर्शन हो मानवको सेवा । त्यस्तो व्यक्तिबाट ए.एफ.पी र दक्षिण कोरियाको कुप्रचारजस्तो कुकृत्य कुनै हालतमा हुन सत्तैmन ।

आज साम्राज्यवादीहरू उत्तर कोरियाको समाजवाद सोभियत सङ्घ तथा पूर्वी युरोपमाजस्तै भत्काउन नसक्दा बहुलाएका छन् र यसलाई कसरी खत्तम गर्ने भन्ने षड्यन्त्रमा हरबखत लागेका छन् । तर उत्तर कोरियाले आफ्नै खुट्टामा उभिएर आफ्नो स्वतन्त्रता र समाजवादको रक्षा गर्न सक्ने शक्ति निर्माण गरी तयार भएर बसेको छ । जनवादी चीनको स्वशासित तिब्बतमा भद्रगोल मच्चाउनुका पछाडि दलाई लामाको हात छ भने तेनमेन स्क्वायरको विद्यार्थी आन्दोलन, हङकङको प्रतिक्रियावादीहरू र जनक्रान्तिले भगाएको प्रतिक्रियावादी ताइवान सरकार सबैमाथि अमेरिकाको नदेखिने हात पुगेकै छ र ताइवान सरकारको नेतृत्वमा माथिका तीन वटै प्रतिक्रियाक्रान्तिकारी शक्तिहरूको भित्रभित्रै एउटा संयुक्त मोर्चा पनि छ र ऐनमौकामा जहाँ जसरी सम्भव हुन्छ उचाल्ने काम अमेरिकाले गरिराखेकै छ । अमेरिकाको लक्ष्य हो दस वर्षभित्र जनवादी चीनमा पनि सोभियत सङ्घमा झैं गोलमाल उठाएर त्यहाँको समाजवादी व्यवस्था नष्ट गर्नु र त्यहाँ पँुजीवादी व्यवस्था स्थापना गर्नु ।

अमेरिकी साम्राज्यवादको मूलनीति हो मानवअधिकारका बहानामा विश्वबाटै समाजवादी व्यवस्थालाई नष्ट गर्नु । समाजवादी व्यवस्था भएका देशमा शोषणको ढोका बन्द रहन्छ । यसैकारण साम्राज्यवादीहरू र तिनका दलालहरू साम्राज्यवादी शोषणको ढोका खोल्न निजीकरण, खुलाबाजार, स्वतन्त्र होडमा जोड दिने गर्छन् । समाजवादको विरोध गर्न पाउनु नै अमेरिकी साम्राज्यवादका निम्ति नभइनहुने मानवअधिकार हो । यही मानवअधिकार र प्रजातन्त्रका नाउँमा आपसमा घाँटी कट्ुवा प्रतियोगिता गर्ने र आफ्नो पैसाले नचाउन पाउने विरोधी दलसहीतको बहुदलमा जोड दिन्छन् र राष्ट्रिय एकतालाई छिन्नभिन्न पार्ने व्यवस्थामा जोड दिन्छन् । अमेरिकाका नयाँ राष्ट्रपति बिल क्लिन्टन विश्वबाट कम्युनिस्ट व्यवस्था खत्तम भएकामा वहाँभन्दा अगिका राष्ट्रपति बुशलाई वधाई दिन्छन् । अमेरिकी साम्राज्यवादको अर्को लक्ष्य हो जनवादी चीनबाट समाजवादी व्यवस्था खत्तम गर्नु र यसैका निम्ति त्यहाँको राष्ट्रिय एकता खत्तम गर्न चाहनु । हरेक देशभित्र देखिने वा नदेखिने गरी हस्तक्षेप गर्नका निम्ति अमेरिकी साम्राज्यवादसँग एक–न–एक बहाना रहन्छ । तिब्बत, तेनमेन स्क्वायर, हङकङ र ताइवान बाहेक एउटा अर्को नयाँ बहाना अमेरिकाले जनवादी चीनका विरोधमा अघि सार्दै छ । यही सन् १९९३ को जनवरी २० को ए.एफ.पी.को खबरका रूपमा ँराइजिङ नेपाल ले लेख्दछ, ँअमेरिकी स्टेट डिपार्टमेन्टले जनवादी चीनमाथि मानवअधिकारको अवहेलना चालू छ भनेको छ । जनवादी

चीनमा मानवअधिकार अन्तर्राष्ट्रिय स्तरभन्दा कम छ रे । त्यस आरोपमा भनिएको छ सयकडौँ शहीद हजारौँ चेतनाका कैदीहरू जेल भित्र छन् । यस आरोपमा भनिएको छ, ँमुद्दा नचलाइकन मारेको अथवा गायब गरेको कुरो त थाहा छैन तर पनि बूढो क्याठलिन विसप फान् शेयान् मर्नुभन्दा पहिले पिटिएको हुनुपर्छ ।ँ यो कस्तो आरोप ? यस्तो आरोप जुनै बेला जसलाई पनि लगाउन सकिन्छ ? यस्तै बनावटी कुराहरूका बहानामा अमेरिकी साम्राज्यवाद जनवादी चीनभित्र पनि हस्तक्षेप गर्ने बाटो खोल्न चाहन्छ ।

यी आरोपहरू तथ्य र सत्यमा आधारित नभई काल्पनिक मात्र हुन् । पहिलो कुरो सयकडौँ–हजारौँ कैदीहरू जनवादी चीनमा छन् भन्ने कुरो अमेरिकी स्टेट डिपार्टमेनटलाई थाहा छैन । यसरी कैदीहरूको संख्या देखाउनु खालि काल्पनिक  मात्र हो । यहाँ तेनमेन स्क्वायर काण्डमा पक्रिएकाको मात्र हिसाब उल्लेख गरिएको छ ।

सबलाई थाहा छ तेनमेन स्क्वायरको विद्यार्थी आन्दोलन समाजवादी चीनको कमजोरी हटाएर यसलाई अझ सुसंस्कृत बनाउनका निम्ति बोल्ने–लेख्ने, सभा–सङ्गठनको अधिकार खोज्ने माग लिएर आएको होइन । उनीहरूको माग उपर्युक्त कुरो नभई चीनबाट समाजवादी व्यवस्थालाई उखेली क्रान्तिले भगाएर पठाएको साम्राज्यवादी अमेरिकाको पिछलग्गूका रूपमा काम गरेर आएको ताइवान सरकारको पुनस्र्थापना गर्ने र जनवादी चीनमा पँुजीवादी प्रजातन्त्रका नाउँमा अमेरिकी साम्राज्यवादको स्वार्थको सेवा गर्ने नव–उपनिवेशवादी व्यवस्था स्थापना गर्नु हो ।

अमेरिकी साम्राज्यवादका समझदारीमा मान्छेको जिउने अधिकार मानवअधिकारभित्र पर्दैन । अमेरिकामा आज तस्न करोड जनता गरिबीका रेखामुनि छन् र भोकमरीको सिकार भएर बाँचिरहेका छन् । एक करोड जनता घरबारबिहिन भएर सडकमा सुत्छन् र अर्काको जुठो–पुरो खाएर बाँच्ने गर्छन् रे । ५ लाख बालबालिकाहरू सडकमा सुत्न बाध्य छन् । जनताका यी सबै दुर्दशाहरूबाट मुक्त हुने कुरो अमेरिकाको मानवअधिकारभित्र पर्दैन । अमेरिकी एकाधिकार पँुजीद्वारा आफ्नै देशका जनता र विश्वका अविकसित देशहरूमाथि शोषण गर्ने बाटो बन्द भएपछि उनहीरू भन्दछन् मानवअधिकार हनन भयो ।

हो बोल्ने–लेख्ने, सभा–सङ्गठन गर्ने अधिकार चाहिन्छ तर ती सडकमा सुत्ने, जुठो–पुरो खाने मानिसहरू र सडकमा सुत्ने बालबालिकाहरूको निम्ति यस्तो मानिवअधिकार खोइ ? उनीहरूको आवाज कहाँ हराएर जान्छ ? जनवादी चीनमा ३० जना प्रतिक्रान्तिकारीहरूलाई जेल पठाइयो भनेर कराउने अमेरिकी सरकार आफ्नै देशका जनताको यो दुर्दशामा आँसु किन चुहाउँदैन ?

मान्छेका निम्ति खाने, बस्ने, लाउने र यसको निम्ति काम गरेर कमाउने जस्ता कामलाई ग्यारेन्टी गर्ने अधिकार पहिलो मानवअधिकार हो । जब मान्छेका निम्ति खाने, बस्ने र लुगा फाटोकै प्रबन्ध छैन भने जङ्गलमा गएर कराउन र रून पाएर के गर्ने ? आजकल रून कराउनलाई पनि पैसा नै चाहिन्छ । पैसा नहुनेले एउटा मिटिङ पनि गर्न सत्तैmन ।

तसर्थ यो पहिलो मानवअधिकारप्रति अमेरिकाले किन ध्यान दिँदैन ? अर्को अधिकार हो स्वास्थ्य जीवनयापन गर्न पाउनु । बिरामी भएको बेला औषधी–उपचारको प्रबन्ध हुनु । अमेरिकामा स्वयं यो अधिकार खोइ ? पैसा छ भने उपचार गर, होइन भने मरेर जाऊ । यही हो  अमेरिकाको मानवअधिकार ।

तेस्रोमा पढ्ने–लेख्ने र विद्वान् हुने अधिकार मानिसले मानिस भएर आत्मविकास गरेर आफूलाई माथि उठाउने अर्को मानवअधिकार हो । पैसा नहुनेहरूका निम्ति अमेरिकामा यो अधिकार खोइ ? पैसा हुनेहरूले पढाउँछन् , पैसा नहुनेहरू मूर्खका मूर्ख रहन्छन् र पढ्न पाएकाहरूमध्ये ४० प्रतिशतले पढाइ बीचमा नै छोड्न बाध्य छन् । यसमा पनि  अमेरिकी सरकारलाई चासो छैन किन ? किन बोल्दैनन् आज विदेशी पँुजीका भरमा विकास खोज्ने ? ब्राजिलमा १० लाख बालबालिकाहरू बर्बाद छन् साथै लावारिस छन् । हेर्ने कोही छैन ।  उनीहरूलाई सरकारले हेरचाह गर्ने सट्टा पर्यटकहरुको सुविधाका निम्ति आफ्नै सरकारले प्रहरी लगाएर हजारौँ हजार बाटाका आवारा कुकुरहरूलाई झैं निर्दयताका साथ गोलीको सिकार बनाएर पठाउने गर्छन् ।

कम्युनिस्ट  देशहरू नै यस्ता देशहरू हुन् जहाँ यी सबै मानवअधिकारहरूको ग्यारेन्टी हुन्छ । सबैका निम्ति खाना, बसोबास र लुगाफाटाको प्रबन्ध, बसोबासको नाउँमा अमेरिकामा जस्तो कागजका बक्साभित्र होइन, जुन बक्साहरूले जाडो धान्न् नसकेर मानिसहरू जाडाले कठेङ्ग्रिएर रातमा मरिराखेका हुन्छन्, न त जापानमा जस्तो परेवाका प्वालहरूमा हुन्, बरू गाउँघरका झुग्गी झोपडी पनि उखाडी त्यस ठाउँमा ग्रामीण शहर बसाएर किसानहरूका निम्ति पनि पक्का सिमेन्टीको घर, बिजुली, पानी, बाथरूमको प्रबन्धका साथै ग्रामीण शहरको स्थापना गरी पिचरोड र खेतका बीचमा समेत पिचरोडको निर्माण गरेर बसोबासको प्रबन्ध समाजवादी देशहरूले गरेर लगिराखेका छन् ।

कम्युनिस्ट  देशहरू नै यस्ता देशहरू हुन् जहाँ सम्पूर्ण मानिसहरूको जीवन सुखी, सम्पन्न र सुनिश्चित हुन्छ । उत्तर कोरियाले त चोर, डाँका, पकेटमार, वेश्या इत्यादि सम्पूर्ण समाजका रोगहरूलाई खत्तम गरिसकेको छ र आफ्नो देशलाई विश्वको सुखी देशमा परिणत गरी एक नयाँ समाजको निर्माण गरेको छ ।

त्यो विशाल जनवादी चीन जो अहिले समाजवादको प्रारम्भिक चरणमा छ र राष्ट्रिय प्रजातन्त्रको चरणबाट गुज्रिरहेको छ, त्यहाँ पनि सम्पूर्ण जनताको जीवन सुरक्षित र सुनिश्चित गरेर उत्तरोत्तर विकास गर्दै लगिराखिएको छ । त्यहाँ पनि चोरी, डकैती, मादक पदार्थको सेवन, पकेटमारी, वेश्यावृत्ति पूर्ण रूपले निर्मूल नभइसकेतापनि यस्तो सामाजिक रोगको कहीँ–कहीँ नाम मात्रको अवशेष बाँकी छ ।

अमेरिकी साम्राज्यवादका नजरमा यस्ता समाजवादी  देशहरूमा मानवअधिकार देखा पर्दैन । कारण यस्ता देशहरूमा उनीहरूले शोषण गर्ने मौका पाउँदैनन् र त्यस्तै देशहरूमा मात्र मानवअधिकार देख्दछन् जहाँ उनीहरूले आफ्नो पँुजी घुसाएर लुट्न पाइरहेका हुन्छन् । उनीहरू

कम्युनिस्ट  देशमा मानवअधिकार देख्दैनन् । सम्पूर्ण बालबालिकाहरूको निम्ति खाना, कपडा, बसोबास, किताब, कलमसहीत पढाइको इन्तजाम छ , युवक–युवतीहरूका निम्ति उच्च शिक्षाको ग्यारेन्टी समाजवादी देशहरूमा नै हुन्छ । निश्चय पनि कम्युनिस्ट  सरकार मानवअधिकारका नाममा यो मानवतावादी व्यवस्थालाई उल्टाउन दिने पक्षमा छैनन् । सबैले बोल्न, लेख्न र सभा–सङ्गठन गर्न पाउनुपर्छ तर मान्छेको रगत शोषण गरेर पिउनुपर्छ भन्ने कुरो प्रचार गर्नका निम्ति होइन । मानवअधिकारको आवश्यकता हो मानवसमाजलाई अझ कसरी समुन्नत र सुनिश्चित गर्ने र सम्पूर्ण जनतामाथिको शोषणदमन खत्तम गरी उनीहरूको जीवन सुखमय बनाउने भन्ने बाटो हो ।

अमेरिकाको लक्ष्य विश्वमा सबै मानिसहरू सुखी र सम्पन्न गर्ने मानवअधिकार स्थापना गर्ने होइन, बरू जहाँ सम्पूर्ण जनताका निम्ति एक सुखी, सम्पन्न र सुनिश्चित जीवन स्थापित भइसकेको छ त्यस्तो देशको जनवादी या समाजवादी व्यवस्था उखाडेर त्यहाँ प्रजातन्त्रको नाउँमा आफ्नो दलाली गर्ने सरकार खडा गरी आफ्नो नीति त्यस देशमा लाद्नु र शोषणका निम्ति बाटो खोल्नु ।

यही सन् १९९३ जुन १६ को ‘काठमाडौं पोस्ट’ को पृष्ठ नं. ५ ले अमेरिकी साम्राज्यवादको पोल खोलेको छ । अमेरिकाकै एक प्रख्यात पत्रिका ‘यू.एस.ए. टुडे’ (USA Today) का पत्रकार ली माइकेल कात्जले जुन २ तारेख आइतबारका दिन अमेरिकाका भूतपूर्व राष्ट्रपति जिम्मी कार्टरसँग अन्तवार्ता लिएर जुन ३ तारिख सोमबारका दिन त्यस पत्रिका (USA Today)  ‘आजको अमेरिका’ (USA Today) मा छापेको रहेछ । सवाल थियो, ँ के हाम्रो देश (अमेरिका) मा मानवअधिकारको समस्या छैन ?” कार्टरको जवाफ थियो, ँयो कुरो साँचो हो म आफ्नो देशको आलोचना गर्ने पक्षमा छैन, तर हामीकहाँ दई वटा अमेरिकाहरू छन् , दई वटा एटलान्टा, दई वटा वासिङ्गटन, दुई वटा न्यूयोर्क, दई वटा सिकागो इत्यादि । एउटा हो ‘समुन्नत’ अर्को हो ‘दरिद्रताले भरिएको’ जहाँ अति ज्यादा मात्रामा अपराध र गरिबी छ, घरबिहीन र बेकारी छ । फेरि कार्टरसँग सोधियो – आर्थिक अधिकारबारे के भन्नुहुन्छ ? भूतपूर्व राष्ट्रपतिको जवाफ रह्यो, ँम कल्याणकारी चेकहरूको कुरा गरिरहेको छैन । म खानेकुरो र सुत्ने ठाउँको कुरा गरिरहेको छैन । कुनै उत्पादनशील कामको कुरा गरिरहेको छैन ।ँ कार्टरको भनाइ रह्यो, ँमानवअधिकार भन्नाले हाम्रो व्याख्या आफूलाई सबभन्दा सजिलो हुने खालले गर्नुपरेको छ । यस तरिकाले गर्नुपर्छ ताकि अमेरिकालाई कुनै अप्ठेरो नपरोस् ।ँ उदाहरण दिएर वहाँ भन्नुहुन्छ, ँ हामीहरू विकासबारेको ‘प्रतिज्ञापत्र’ (Covenant) मा अनुमोदन गर्न चाहँदैनौं, कारण हामीहरू मानिसका निम्ति बसोबास, कमाएर खाने काम अथवा औषधोपचारको अधिकार छ भन्ने कुरो स्वीकार्न चाहँदैनौं ।ँ जब वहाँसँग ँगृहबिहीन अर्थात् बसाबासको प्रबन्ध नहुने अमेरिकामा मानवअधिकारको हनन होइन रँ भनेर सोधियो, वहाँको जवाफ थियो, ँत्यो सही हो र साथै जब मानिसहरूसँग खानेकुरो

हुँदैन, अदालतमा समान व्यवहार हुँदैन, यो पनि मानवअधिकारको हनन हो (अमेरिकामा) तर यस्ता चीजहरू संयुक्त राष्ट्र सङ्घले पास गरेको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पास गरेका यी कुराहरू हाम्रो देशले अनुमोदन गर्न स्वीकार गरेन ।
यही हो अमेरिकाको साम्राज्यवादको मानवअधिकारको सीमा 'अर्काको आङमा जुम्रा देख्ने, आफ्नो आङमा भैँसी नदेख्ने' । स्पष्टतः अमेरिकी साम्राज्यवादले उठाएको मानवअधिकार मानवकल्याणका निम्ति नभएर जनवादी या समाजवादी व्यवस्था भत्काएर त्यस देश वा ती देशहरूलाई आफ्नो नव–उपनिवेशमा बदल्नका निम्ति हो । आफ्नो शोषणक्षेत्र बढाउँदै लग्नका निम्ति हो ।
यस्तै ढोङ्गी नारा अगाडि बढाएर अमेरिकाले समाजवादी सोभियत सङ्घलाई नष्ट गरे, अब चीनमाथि आँखा गाड्दै छ र उत्तर कोरिया, क्युबा इत्यादि कम्युनिस्ट देशलाई पनि अनेक बहानामा नष्ट गर्ने षड्यन्त्र गर्दै छ । अमेरिकी साम्राज्यवादको षड्यन्त्रबाट नेपाल पनि मुक्त छैन र यस सरकारले विदेशी सरकारहरूको दलाली गरेर आफ्नो देशलाई अर्काको गुलाम बनाएर जनजीवन नष्ट गर्नमा तुलेको छ ।

**प्रजातान्त्रिक आन्दोलनमा कम्युनिस्ट पार्टीको भूमिका र तेश्रो महाधिवेशन**

नेपाली काङ्ग्रेसको नेतृत्व वर्ग तथा सरकारले आफ्नो गल्ती लुकाउन तथा साम्राज्यवाद र विदेशी एकाधिकार पुँजीवादी वर्गलाई खुसी पार्न सम्पूर्ण वामपन्थीहरूमाथि गलत आरोपहरू लगाउँदै छन् । प्रधानमन्त्रीको भनाई छ, "विरोधी दलले विकासकार्यमा बाधा दिइरहेको छ ।" प्रधानमन्त्रीको यो नारा विरोधी दललाई आत्मसमर्पण गराएर उनीहरूलाई कमजोर बनाउने तरिका हो । हामी अरू पार्टी वा समूहरूको जिम्मा लिन सक्तैनौँ तर जहाँसम्म हाम्रो पार्टीको सवाल छ हामी नेपाली काङ्ग्रेस सरकारको सकारात्मक कार्यमा सघाउन सक्छौँ तर देश र जनतालाई नोक्सान हुने कार्यमा विरोध गर्नु हामी आफ्नो कर्तव्य ठान्दछौँ । प्रधानमन्त्रीले पानी, मानवशक्ति र पर्यटनलाई राष्ट्रिय विकासको स्रोत भन्नु भएको छ । पानीको विकास जरूरी छ तर सम्पूर्ण पानी अरू देशलाई दिएर हो वा त्यो पानी आफ्नो राष्ट्रिय हितमा उपयोग गर्न लगाएर ? श्री मातृकाप्रसाद कोइरालाज्यूको प्रधानमन्त्रित्व कालमा कोसीको सम्पूर्ण पानी भारतलाई दिने काम नेपाली काङ्ग्रेसको सरकारले नै गऱ्यो । गण्डकको ४१ लाख एकड भूमि सिँचाइ गर्ने पानीमध्ये एक लाख एकडका निम्ति मात्र पानी लिएर, त्यो पनि अर्को एक लाख एकड जमिन पोखरी बनाउन पानीमा डुबाएर अरू सम्पूर्ण ४० लाख एकड सिचाइ गर्ने पानी भारतलाई दिएर पानीको विकास गर्ने हो ? टनकपुरमा यस्तै काम भएको छ । तीन हजार क्युसेक पानीमा एकसय पचास क्युसेक पानी मात्र नेपालले लिने २८५० क्युसेक पानी भारतले पाउने । के पानीलाई उपयोग गरी विकास गर्ने यही तरिका हो ? यस्तो कुराको विरोध गऱ्यो भनेर विकासकार्यमा बाधा पुऱ्यायो भनी आरोप लगाउनु नेपालमा प्रजातन्त्रका नाउँमा हुकुमशाही मनपरीतन्त्र थोपर्ने कामको जग बसाल्ने योजनाको प्रतिबिम्ब हो । यसको मतलब सम्पूर्ण नेपाललाई सिक्किम जस्तै भारतलाई सुम्पे पनि

हेरिरहनुपर्ने भयो । जहाँसम्म मानवशक्तिको कुरो छ, यो शक्ति पनि खेर गइरहेको छ । यो शक्ति उद्योगहरूको विकासमा लागिरहेको छैन । आज कतिपय तालिमप्राप्त इन्जिनियरहरू, बुद्धिजीवीहरू काम नपाएर हल्लिरहेका छन् र यताउतिको मामुली काम गरेर जीवन निर्वाह गरिरहेका छन् । अर्कातिर नेपालमा टेक्निक छैन भन्दै विदेशी पँुजी भित्र्याउने पनि यही सरकार हो । पञ्च सरकारको नारा थियो, ‘साना र घरेलु उद्योग’ । यो सरकारको नारा हो, ‘आयमूलक–सीपमूलक’ । दुइटै नाराहरू शब्दमा फरक भए पनि उस्तैउस्तै नारा हुन् जसले नेपाललाई औद्योगिक रूपले कहिल्यै विकसित हुन दिँदैनन् । आफ्नै राष्ट्रिय उद्योगहरूको विकासविना देश कहिल्यै उन्नत र बलियो हुन सत्तैmन । कुनै देश औद्योगिक रूपले जति विकसित भयो त्यति नै बलियो हुने हो । यहाँ त साना र घरेलु उद्योग भन्दै अथवा सीपमूलक र आयमूलक भन्दै डोको बुन्ने, नाम्लो बनाउने, राडी–पाखी बुन्ने, कपडा सिउनेजस्ता सानातिना कामहरूको शिक्षा दिइन्छ । ज्यादासेज्यादा कार्पेट बुन्ने काममा प्रोत्साहन गरिन्छ । बाँकी ठूल्ठूला कारखानाहरू सबै पश्चिमी देशलाई छोडिदिने गरिन्छ। यो सरकारले आफ्नो राष्ट्रिय उद्योगको विकासमा कुनै ध्यान दिइरहेको छैन, भएका उद्योगहरू पनि बेहाल अबस्थामा छन् । यसले त्यसलाई बचाउने कुनै काम गरिरहेको छैन । अर्कातिर विदेशी पँुजी भित्र्याउनका निम्ति विदेशभ्रमण गर्दै छन् । देशमा पैसा छैन भन्दै विदेशी ऋणमा देशलाई डुबाउँदै जाने, आफ्नो निजी धन पञ्चायतकालमा पञ्चहरूले विदेशी बैङ्कमा जम्मा गरेजस्तै आजका पँुजीवादीहरूले गर्न लागेको कुरो बीचबीचमा सुन्न थालिएको छ । नेपालीको काम पर्यटकहरूका भारी बोक्ने, ढुङ्गा फोड्ने, दाउरा चिर्ने, ढुङ्गामाटो बोक्ने, इँट ओसार्ने, बस जीवन यतिमै खत्तम । के मानवशक्तिको उपयोग यही हो ? साँच्चै भन्ने हो भने आज मानवशक्तिको उपयोग होइन कि दुरूपयोग भइरहेको छ । यही शक्ति आज जो लावारिस छन् , जो भिखमङ्गा, चोरी, बदमासी, पकेटमारी, गुन्डागर्दी, साथै डोको बुन्ने, राडी बुन्ने, कपडा सिउनेजस्ता सानातिना कामहरूमा लागेको छ । सबलाई समेटेर तालिम दिएर ठूल्ठूला काममा लगाउन सकिन्छ र विशेष गरेर ठूल्ठूला उद्योगहरूको विकासमा लगाउनपरेको छ । राम्रो सिद्धान्त, राम्रो राजनीति र राम्रो कार्यक्रमका साथै औद्योगिक विकास गरेर नै मानवशक्तिको सदुपयोग हुन सक्नेछ र देशबाट चोर, डाँका, पकेटमार, वेश्यावृत्ति सबै लोप भएर जानेछ । बेलायतका एक विद्वान् माकरले भन्थे, ँएउटा स्कूल खोल्नुको मतलब हो एउटा जेल बन्द गर्नु ।ँ मानिसहरूलाई शिक्षित गरेर उपयुक्त काम मिलाएर दिनसकेमा गलत काम गर्ने मानिसहरूको संख्या लोप भएर देशको सम्पूर्ण मानवशक्ति देशनिर्माणमा लाग्नेछ र देश द्रुत गतिले विकासित भएर अगाडि बढ्नेछ । नेपाली काङ्ग्रेसको सरकारको यस दिशामा कुनै योजना छैन । मानवशक्तिलाई सानातिना काममा अल्झाइदिनु देश विकासका ठूल्ठूला कामबाट मानवशक्तिलाई अलग्याउनु हो । यो मानवशक्ति खेर फाल्ने बाटो हो । नेपाली काङ्ग्रेसको सरकारले पहिलेका पञ्चे सरकारकै नीतिअनुसार हाम्रो देशको मानवशक्तिको दुरूपयोग गरिरहेको छ ।

प्रधानमन्त्रीले देखाउनुभएको तेस्रो स्रोत हो – 'पर्यटन' (Tourism) । पर्यटनको वृद्धिले जनजीवन बन्दैन, यसबाट मुठीभरले डलर कमाउन सफल भए पनि आम जनतामा महँगी र बेकारी बढाउने नै काम गर्छ । अर्काको गुलामी गर्ने काम सिकाउँछ, देशमा चरित्रहीनता बढाउँछ, एड्स रोग व्यापक बनाउँछ । ब्राजिलमा आज दस लाख बालबालिकाहरू लावारिस छन् । सरकारका तर्फबाट शिक्षा–दीक्षाको प्रबन्ध दिएर उठाउनुसट्टा उल्टै उनीहरूलाई पर्यटकको सुविधाका निम्ति प्रहरी लगाएर दिनहुँ हजारौं बालबालिकाहरूलाई गोलीको सिकार बनाइँदैछ ।
के यस्तै हो विकासको बाटो ? आजको सरकारले राजकीय क्षेत्र बेच्ने, विदेशी पँुजी भित्राउने, देशलाई ऋणमा डुबाउने, विदेशी पँुजीको र मालसामानका निम्ति खुलाद्वार खुला प्रतिस्पर्धाको बाटो खोलिदिएको छ र आफ्नो राष्ट्रिय धन भने विदेशी बैङ्कमा जम्मा गर्ने नीति लिएको छ । आफ्ना राष्ट्रिय उद्योगहरू तथा राष्ट्रिय व्यापार बढाउने र यसको सुरक्षा गर्नेपट्टि यस सरकारले कतै ध्यान दिएको छैन । उद्योगमन्त्रीको भनाई हामी दुई करोडभन्दा कममा विदेशी पँुजी लगानी गर्न दिने छैनौं । के साना र घरेलु उद्योगहरू नै नेपालको माग हो ? के दुई करोडभन्दा माथिका उद्योगहरू नेपालीको हातबाट हुन सञ्चालन नसक्ने ? दई करोडभन्दा कम पँुजी लागत भएका राष्ट्रिय उद्योगहरूलाई पनि यो सरकारले बचाउने अथवा प्रोत्साहन गर्ने काम गरिरहेको छैन । यो पनि विदेशी पोस्नेनीति भन्दा अरू केही होइन । यस्तो गलत नीतिको समर्थन गर्ने कि विरोध गर्ने ? यस्तै नीतिले सोभियत सङ्घलाई बर्बाद गर्ने काम भयो, पूर्वी युरोप खत्तम भयो, थाइल्यान्ड, दक्षिण कोरियाका जनताको जीवन बेहाल भयो । ब्राजिलका जनतालाई पशुलाई झैं निर्दयी व्यवहार गरियो । के यस्तै विकास नेपालले खोजेको हो ? यस्तो गलत नीतिको त विरोध गर्नै पर्छ । आफ्नो राष्ट्रिय पँुजीको विकास गर्ने, राजकीय क्षेत्रको पनि रक्षा गर्ने र स्वतन्त्र रूपले आफ्नो राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने नीति लेओस् , आफ्नो देशको पानी र अरू प्राकृतिक स्रोत र साधनहरूको रक्षा गरी सदुपयोग गरियोस् । यस्ता कार्यमा कसैले विरोध गर्ने छैन् र भरसक सहयोग नै गरिनेछ । गलत कार्य गर्दै जाने तर यसको विरोध गर्‍यो भनेर मुख थुन्ने कोसिस गर्नु देशमा फासीवाद ल्याउने बाटो रोज्नु हो । नेपाली काङ्ग्रेसको सरकारले आफ्नो राष्ट्रको राजनीतिक र आर्थिक स्वतन्त्रताको रक्षा गर्ने कार्य भने कदापि गर्ने छैन ।
नेपाली काङ्ग्रेसका अध्यक्ष श्री कृष्णप्रसाद भट्टराईज्यूको भनाइ छ – कम्युनिस्ट पार्टीले २०४६ सालमा बाहेक अरूबेला प्रजातान्त्रिक आन्दोलनमा साथ दिने काम गरेन । वहाँले नदेखेको हो कि थाहा नपाएको हो वा बिर्सेको हो भन्न सकिन्न, तर वहाँको उपर्युक्त भनाइ बिल्कुल गलत हो । यदि वहाँका हिसाबमा कुनै कुनै नक्कली कम्युनिस्ट पार्टी नै कम्युनिस्ट हो भने वहाँको भनाइमा केही सत्यता छ पनि । तर कम्युनिस्ट पार्टी भनेको नक्कली कम्युनिस्ट हरूबाट बनेको पार्टी मात्र होइन । कम्युनिस्ट पार्टीले अनेक सङ्कट पार गरेर अगाडि बढ्नुपर्ने भएकाले यो पार्टी कहिले वाग्मती सुकेझैं सुक्न पनि सक्छ, तर उही वाग्मतीमा कहिले बाढी पनि आउँछ । का. स्टालिनको भनाइ छ, ँपार्टीको प्रगति तरङ्ग या लहर (Wave) मा चल्छ । यो वाणजस्तो

सीधा बढ्दै जाँदैन । कहिले यसले धक्का खाएर रूकावटको पनि सामना गर्नुपर्छ । तर कसैले रोकेर यो सधैँभरि रोकिएर पनि रहँदैन ।  लेनिन पनि इस्वी सन् १९०९ तिर एक्लो पर्न गएका थिए । तर लेनिनको पार्टी सधैँभरि सानोको सानो रहेन । नेपाल कम्युनिस्ट पार्टी पनि आज धक्का खाएर सानो पार्टीका रूपमा छ, तर यो पार्टी निश्चय पनि विशाल रूपले बढ्ने छ किनभने हाम्रो पार्टी अवसरवादमा टिकेको पार्टी होइन । न त यो पार्टी साम्राज्यवादीहरू अथवा विदेशी एकाधिकार पँुजीको सहयोगमा टिकेको पार्टी हो । हाम्रो पार्टी अवसरवादमा नटिकेकोमा पनि यसको आफ्नै प्रकारको अस्तित्व छ र यसको अस्तित्व देश र जनताप्रति बफादार भएर सत्यमा टिकेको छ । जहाँसम्म हाम्रो पार्टीको सवाल छ यो पार्टी कहिल्यै प्रजातान्त्रिक आन्दोलनबाट अलग रहेर बसेन । नेपाल कम्युनिस्ट पार्टीका कतिपय मानिसहरूले पार्टी निर्माण नहुन्जेल कहिले स्वतन्त्र रूपले कहिले नेपाली काङ्ग्रेसमा नै बसेर पनि अनेक सङ्कट झेलेर प्रजातन्त्रका निम्ति सङ्घर्ष गर्दै आएका थिए । २००७ सालको राणाविरोधी सशस्त्र क्रान्तिमा एक त कम्युनिस्ट हरूलाई हतियार छुन दिने काम भएन फेरि पनि हाम्रा साथीहरू स्वतन्त्र रूपले नेपाली काङ्ग्रेसले बनाएको फौजमा बसी मोर्चामा गएर लडेका थिए । हो, त्यसबेला नेपाल कम्युनिस्ट पार्टी भर्खर स्थापना भएकाले सशस्त्र क्रान्तिमा यसले कुनै ठूलो निर्णायक भूमिका खेल्न सकेन । पछि प्रजातान्त्रिक व्यवस्था टाढिँदै जाँदा कम्युनिस्ट पार्टीले बारम्बार यसको निम्ति सङ्घर्ष गरेरै आयो । २०१३ साल वैशाखभन्दा अगाडि पार्टीमाथि प्रतिबन्ध छँदा पनि नेपाल कम्युनिस्ट पार्टीले जनअधिकार मञ्च बनाएर नेपाली काङ्ग्रेससँग ‘लायजो कमिटी’ बनाएर एक ठूलो सङ्घर्ष गरेकै हो । २०१४ सालको प्रजातान्त्रिक आन्दोलनमा कम्युनिस्ट पार्टीको सङ्घर्षको भूमिका नेपाली काङ्ग्रेसको भन्दा कुनै मानेमा सानो रहेन । त्यसबेलाको आन्दोलनमा दुइटै पार्टीको एकसमान जोडतोड रह्यो र यो आन्दोलन दुई वटा पार्टी मिलेर गरिएको थियो, आखिर सफल पनि भयो । २०१५ सालको संसदीय चुनाव गराएरै छोडियो र देशमा पहिलो पटक संसदीय व्यवस्था स्थापना भयो । डेढ वर्षपछि यो व्यवस्थामाथि हमला भयो र टुट्यो पनि । यस हमलापछि कम्युनिस्ट पार्टीको मात्र होइन, नेपाली काङ्ग्रेसको एक अङ्गले हुकुमशाही व्यवस्थालाई समर्थन र सहयोग गर्न पुगे । तर बाँकी सबै के नेपाली काङ्ग्रेस के कम्युनिस्ट सबैले अनेक दु:खकष्ट सहेर आ–आफ्नो तरिकाले सङ्घर्षलाई चालू राखेरै आएका हुन् । २०३६ सालको विद्यार्थी आन्दोलनमा नेपाली काङ्ग्रेसको विद्यार्थी सङ्घ मात्र होइन दुई वटा कम्युनिस्ट समूहहरूको उत्तिकै योगदान रह्यो । विद्यार्थी आन्दोलन पनि एउटा ऐतिहासिक आन्दोलन थियो । यसले जनमत सङ्ग्रह गराई छाड्यो । यो जनमत सङ्ग्रह पञ्चहरूको जाल–झेलले गर्दा निश्चय पनि बहुदलको जित हुन सकेन, फेरि पनि यसले जनतालाई केही–न–केही अधिकार दिलायो र राजनीतिक वातावरण खुकुलो भयो ।

२०४२ सालको सत्याग्रह आन्दोलनमा मा.ले. बाहेक झन्डै सबै कम्युनिस्ट समूहहरूले भाग लिएका थिए । कम्तीमा ५ वटा समूहहरूले संयुक्त मोर्चा बनाएर सङ्घर्षमा भाग लिएका थिए भने

अरू २ वटा समूहहरूले अलग–अलग भाग लिएका थिए । तसर्थ यस आन्दोलनमा पनि हचुवा रूपमा कम्युनिस्ट लाई दोष दिन सकिन्न र २०४६ सालको आन्दोलनमा त ७ वटा वामपन्थी पार्टीहरूले संयुक्त वाममोर्चा बनाएर नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाबीच कुराकानी भएर संयुक्त रूपले जन–आन्दोलन उठाएको हो जसलाई कृष्णप्रसादज्यूले पनि मान्यता दिनुभएकै छ । कृष्णप्रसादज्यूले सायद यही एक आन्दोलनलाई मात्र देखुभएको रहेछ । यस्तो स्थितिमा श्री कृष्णप्रसादज्यूले कम्युनिस्ट पार्टीले जो भूमिका खेलेर आएको थियो त्यसलाई बिर्सने जो काम गर्नुभयो त्यो कार्य इतिहासलाई नै तोडमरोड गर्ने काम हुन गयो । जे होस् , कम्युनिस्ट पार्टीले कहिल्यै प्रजातान्त्रिक आन्दोलनमा अडङ्गा हाल्ने अथवा यस्तो आन्दोलनबाट अलग बस्ने काम गरेन ।

नेपाल कम्युनिस्ट पार्टीको अगाडि अझ एउटा जिम्मेदारी बाँकी छ, त्यो हो यो प्रजातन्त्रको पँुजीवादी चरित्रलाई बदलेर नेपालमा जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्नु ।

**सामाजिक परिवर्तन**

नेपाली काङ्ग्रेसका नेताहरूले ‘प्रजातान्त्रिक समाजवाद’ को नारा दिँदै छन् । निश्चय पनि हामी प्रजातन्त्रविरोधी पनि होइनौं, समाजवादविरोधी पनि होइनौं । तर हामी यो पँुजीवादी प्रजातन्त्रलाई नै अब सही किसिमको प्रजातन्त्र भइसक्यो भन्न सक्तैनौ । कारण यो प्रजातन्त्र पैसावालका निम्ति प्रजातन्त्र हो । यो प्रजातन्त्रमा पैसा हुनेलाई सबै थोक छ नहुनेका निम्ति कुनै कुरो छैन । यहाँ पैसा नभएपछि प्रजातन्त्र पनि उपभोग गर्ने कुनै बाटो छैन । यसैकारण हामी यस्तो प्रजातन्त्रको पक्षमा छैनौं जसको उपभोग सम्पूर्ण जनताले गर्न पाइरहेका छैनन् । यस्तो पँुजीवादी प्रजातन्त्रअन्तर्गत जे हुन्छ पैसावालका निम्ति हुन्छ त्यसैले यस्तो प्रजातन्त्रअन्तर्गत समाजवादको कल्पना पनि गर्न सकिन्न ।

जहाँसम्म समाजवादको कुरो छ, नेपाली काङ्ग्रेसको सरकारले लिएको अहिलेसम्मको नीतिअन्तर्गत यहाँ समाजवादको कुनै लक्षण देखिँदैन । एकातिर विदेशी पँुजीद्वारा देशलाई लुट्न दिने, आफ्नो राष्ट्रिय पँुजी समेत बर्बाद हुने गरी विदेशी पँुजीको प्रधानता रहने अर्थव्यवस्था कायम गर्ने, समाजवादी अर्थव्यवस्थाको मूल आधार ‘राजकीय क्षेत्र’ का उद्योग र उद्यमहरू निजीकरण गर्दै जाने र यस्ता उद्योगहरूसमेत विदेशी पँुजीका हातमा बेच्ने, आफ्नो देशमा ऋणको बोझ थुपार्दै जाने, देशको जनतामा एकातिर महँगीको बोझ अर्कातिर करमाथि कर, करका रुपमा पानी–कर, घर–कर आदिका साथै बिजुली, पानी, शिक्षा, स्वास्थ्य साधारण जनताको पहुँचबाहिर हुने गरी शुल्क बढाउँदै जाने, कामको असुरक्षा, बीसौं हजार कर्मचारी विना कुनै बन्दोबस्त बर्खास्त गरेर हाहाकार मच्चाउने, सुकुमवासहीरूलाई कुनै कुराको प्रबन्ध नगरी उनीहरूको वासस्थानबाट कुकुर धपाएझैं धपाएर पठाउने यो कस्तो समाजवाद होला ?

समाजवादलाई त्यसै बेला समाजवाद भन्न सकिनेछ, जब त्यस व्यवस्थाअन्तर्गत सम्पूर्ण अर्थव्यवस्थाका मालिक जनता स्वयं हुनेछन् । जङ्गल, पानी, खानी जस्ता प्राकृतिक स्रोत र साधनहरूका साथै खेतबारी, उद्योग, व्यापार, निर्माणकार्य सबका सबमा जनताको सामूहिक अधिकार हुनेछ । यस्तो व्यवस्थामा न बेकारी रहन्छ न महँगी रहन्छ । जन्मदेखि लिएर मरणपर्यन्त कुनै बेलामा पनि मेरो पैसा छैन के गर्ने भन्नुपर्ने छैन । यस्तो समाजवाद कम्युनिस्ट देशहरूमा मात्र हुन सक्छ । प्रजातान्त्रिक समाजवादमा यो कुरो असम्भव छ ।

पहिलेको वैज्ञानिक समाजवादलाई भत्काएर गोर्भाचोभले प्रजातान्त्रिक समाजवादका नाउँमा सोभियत सङ्घलाई नै भताभुङ्ग पारिदिए । यस्तै हो 'प्रजातान्त्रिक समाजवाद' नाममा समाजवाद कामले पँुजीवाद, त्यो पनि विदेशी पँुजीले थिचिएको पँुजीवाद । नेपाली काङ्ग्रेसको प्रजातान्त्रिक समाजवाद भाषण दिनलाई काम लाग्छ, जनतालाई अलमलाउनलाई काम लाग्छ, व्यवहारमा ल्याउनका निम्ति होइन । यस प्रजातान्त्रिक समाजवादले जनताका जीवनमा कुनै सुख दिन नसक्ने बरू समाजवादको आस देखाएर जन–जीवन बर्बाद गर्दै जाने समाजवाद हो ।

हुकुमशाही व्यवस्थामाथि पञ्चायती प्रजातन्त्रको पर्दाझैँ यो पनि साम्राज्यवादपरस्त, विदेशी पँुजीपरस्त, सामन्तपरस्त पँुजीमाथि पर्दा मात्र हो । यो सही मानेमा समाजवाद होइन ।

फ्रान्समा सन् १९८६ देखि राष्ट्रपति मितराँका नेतृत्वमा प्रजातान्त्रिक समाजवादी पार्टीको शासन रहेर आयो । मितराँले पहिलो पल्ट जित्दा कम्युनिस्टहरूको पनि सहयोग थियो र चार जना कम्युनिस्टहरूलाई मन्त्रिमण्डलमा समावेश गराएका थिए । आफ्नो शासन मजबुत भइसकेपछि चार जनै कम्युनिस्टहरू मन्त्रिमण्डलबाट हटाइयो र प्रजातान्त्रिक समाजवादीहरूको एकलौटी शासन चलाइयो । साल वर्षको प्रजातान्त्रिक समाजवादी शासनपछि यस प्रजातान्त्रिक समाजवादीहरूको चरित्र पनि जनताले चिने । प्रजातान्त्रिक समाजवादी सरकारअन्तर्गत बेकारीको संख्या ३० लाख पुग्यो अर्थात् काम गरेर खान सक्नेहरूमध्ये १०.५ प्रतिशत बेकार रहे । जसले काम पाउँथे उनीहरूको नोकरीको सुरक्षा छैन, सरकारले उनीहरूलाई चाँडै–चाँडै नोकरीबाट बर्खास्त गर्न पँुजीपतिहरूलाई प्रोत्साहन गरे । फ्रान्सका मेरी वर्जाल नामक महिला भन्छिन्, ँजब मलाई एक जिम्मेदार, उत्पादक र मेहनती नागरिक बन्न व्यवस्थित ढङ्गले मनाही गरिन्छ तब मैले उनीहरूलाई किन मतदान गर्ने ?" प्रजातान्त्रिक समाजवादीहरूतिर व्यङ्ग्य गरेर उनी भन्छिन्, ँयी जोकरहरूमाथि म मेरो अमूल्य भोट खेर फाल्न चाहन्नँ । वैजु नरवेन यही सन् १९९३ फ्रेबुअरी ७ को 'सन्डे टाइम्स' को पृष्ठ ९ को लेखमा लेख्दछन्, ँआजकल पेरिसमा हिँडने निराश र रिसाएका व्यक्ति मेरी मात्र होइन , आज फ्रेन्च जनता निराश, क्रोधपूर्ण, अब केही पनि हुन्न भन्ने भावना राख्ने, उपायरहित, असन्तुष्ट र मन मरेको हालतमा छन् । (Marie is not the only frustrated and angry soul stomping the street of Paris these days. The French Sum up the current mood of despendency in just one word. Malaise, which is a mixture of frustration, anger, pessimism, helplessness, resignation, discontent and depression. - Vaiju Naravane.)

फ्रेन्च जनता के गर्ने कसो गर्ने हालतमा छन्, सबका सब दिक्क छन् वामपन्थी (प्रजातान्त्रिक समाजवादी भनाउँदाहरू) र दक्षिणपन्थी राजनीतिक नेताहरू सबै भ्रष्टाचारमा लागेका छन् । वैजु नरवेन लेख्नुहुन्छ, ँप्रजातान्त्रिक समाजवादीहरू यसपालि पिटिएलान जस्तो छ ।ँ सरकारी बजेटघाटा ४५ अरब अमेरिकी डलर पुगेको छ । कुनै आश्चर्य छैन कि यसपालि फ्रेन्च जनताले एक त चुनावमा विशेष अभिरूचि लिएको देखिएन र प्रजातान्त्रिक समाजवादको राजनीति अपनाएर शासन गर्ने मितराँको प्रजातान्त्रिक समाजवादी पार्टीले जन–आस्था गुमाई यसपालिको चुनावमा नराम्ररी हाऱ्यो पनि ।

यो हो फ्रान्सजस्तो विकसित पँुजीवादी राष्ट्रमा पनि प्रजातान्त्रिक समाजवादले ल्याएको दुर्दशा । यसको मतलब पँुजीवादमाथि फ्रेन्चहरूको आस्था जमेको छ भन्ने होइन । आज आफूलाई प्रजातान्त्रिक समाजवादी भन्ने नेपाली काङ्ग्रेसको सरकारले नेपालीलाई यही ठाउँमा डोऱ्याउँदैछ भन्ने कुरो देशमा दिनानुदिन बढ्दै गइरहेको महँगी, बिरोजगारी, भ्रष्टाचार, नातावाद, कृपावाद, काङ्ग्रेसीकरण, कर्मचारीहरूको लछार–पछार, सुकमवासहीरूको अरू कुनै प्रबन्ध नगरिकन उठीवास, नेपाली मुद्राको बढ्दो अवमूल्यन, देशका राष्ट्रिय उद्योगहरूप्रति बेवास्ता, भारतीय एकाधिकार पँुजीको सेवा, अमेरिकी साम्राज्यवादको चाकडी र उनीहरूको सक्तोजीहजूरी, नेपाली काङ्ग्रेसको सदस्य अथवा समर्थक नभइकन कुनै काम बन्न नसक्ने स्थिति, अरू पार्टी र सङ्गठनहरूमाथि आक्रामक भूमिका र दुःख दिने प्रवृत्ति, देशको राजकीय क्षेत्र बेच्दै जाने नीति, खुलाबजार र स्वतन्त्र होड, यी सबै कुराहरू केका लक्षणहरू हुन् ? के यही प्रजातान्त्रिक समाजवाद हो ? हो, यही प्रजातान्त्रिक समाजवाद हो । यस्तो प्रजातान्त्रिक समाजवादले सामाजिक परिवर्तन त के कुरो जनताको दैनिक समस्या पनि समाधान गर्न सक्ने छैन । प्रजातान्त्रिक समाजवादले यी समस्याहरूलाई झन्–झन् जटिल नै बनाएर लाने हो र लगिरहेको पनि छ ।

**ए.मा.ले. को बहुदलीय जनवाद**

झापाहत्याबाट आफ्नो जीवन सुरू गर्ने एमाले पार्टी आज बदलिँदा– बदलिँदा हुबहु नेपाली काङ्ग्रेसकै लाइनमा पुगेको छ । यस पार्टीको हत्या गर्ने प्रवृत्ति अझ रोकिएको छैन । क्रान्तिका नाउँमा मजदुरले मजदुरमाथि हमला गराउने काम गराइयो । यही सालको विराटनगर मजदुर आन्दोलनमा देखापरेको एमाले समर्थित स्वतन्त्र मजदुर युनियनद्वारा हाम्रा साथीहरूको विराटनगर जुट मिलको गेट मिटिङमाथि हमला, यता भरखरै एमाले समर्थित विद्यार्थी र संयुक्त जनमोर्चाको विद्यार्थीहरूबीच मारपिट, छुरा चलाचल र सयकडौं घाइते र फेरि दोहराएर यही २०४९ चैत्र २ गते नेपाली काङ्ग्रेस समर्थक विद्यार्थीहरू र अखिलका विद्यार्थीहरूबीच फेरि खुकुरी, चेन, छुरा प्रहार र ढुङ्गा हानाहान भयो र यसैमा नेपाली काङ्ग्रेसको विद्यार्थी तर्फ १२ जना, अखिलतर्फ १० जना घाइते भए । यो कुन प्रकारको क्रान्तिकारिता हो ? यो क्रान्तिकारिताको लक्षण होइन, यस्तो

कारबाहीले जनताका बीच आपसी वैमनस्यतालाई बढाउने छ र प्रतिक्रान्तिलाई नै बढावा दिने छ ।

यहाँ दोषी एमाले समर्थित स्वतन्त्र विद्यार्थी युनियन मात्र होइन नेपाली काङ्ग्रेस समर्थित ने.वि. सङ्घ पनि हो । के यसै गरेर नेपाली काङ्ग्रेसले देशमा अमनचयन कायम गर्ने हो ? अथवा यसै गरेर एमालेले सामाजिक परिवर्तन ल्याउने हो ? एकता मञ्चले के यस्तै तरिकाले नेपालमा नयाँ जनवाद स्थापना गर्ने हो ?

जहाँ देशनिर्माण गर्नका निम्ति मजदुहरू, किसानहरू, विद्यार्थीहरू र जनसाधारणको बीच एकता, भाइचारा, मैत्रीको जरूरत छ वहाँ यिनीहरूबीच विद्यार्थीले विद्यार्थीलाई मार्ने, पिट्ने, मजदुरले मजदुरमाथि हमला गर्ने, किसानले किसानमाथि हमाला गर्ने, एक पक्षले अर्को पक्षका जनसाधारणलाई दुःख दिने र साङ्घातिक प्रहार गर्ने  यो प्रजातान्त्रिक समाजवाद हो कि, जनक्रान्ति गर्ने बाटो हो ? अथवा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने बाटो हो ? ँफुट डालो राज करो यो त समान्तहरूको चाल हो, साम्राज्यवादीहरूको नीति हो । यही नीतिलाई नेपाली काङ्ग्रेसले, एमाले तथा संयुक्त जनमोर्चा तीनवटै समूहरूले अगाडि बढाइरहेका छन् भने यी कार्यहरू कसको हितमा भइरहेका छन् ? यस्तो नीतिले देशलाई कहाँ पुर्‍याउने हो ? यस्तो गैर–सैद्धान्तिक झगडा न वर्गसङ्घर्ष हो , न क्रान्तिकारिताको लक्षण हो । क्रान्तिको मूल उद्देश्य सामाजिक परिवर्तन गर्नु हो । देशविकास अथवा जनसमास्याको समाधानलाई यस्तो कार्यले असम्भव बनाइदिन्छ र यस्तो आपसमा हुने ढुङ्गामुढा र मारकाटले प्रतिक्रियावादी शक्तिहरूलाई नै देशमा अराजकता फैलाउन मद्दत गर्ने छ । यसले समाजमा क्रान्तिकारी परिवर्तनको बाटो बन्द गर्ने छ । लेनिनको एउटा कुरो याद गरौँ । लेनिनको शिक्षा हो, ँसङ्घर्षै सङ्घर्षले क्रान्ति आउँदैन । यो नीति त रूसमा अक्टोबर क्रान्तिभन्दा पहिले त्यहाँका अवसरवादी कम्युनिस्टहरू अर्थात् मेन्सेविकहरूले लिएको नीति हो ।

आजको आवश्यकता ढुङ्गामुढा र बलजफ्तीको आन्दोलन होइन । आजको आवश्यकता हो सही सिद्धान्त र राजनीति दिएर मजदुरू, किसान, विद्यार्थीहरू, बुद्धिजीवीहरू, मध्यमवर्गदेखि लिएर राष्ट्रिय पँुजीपतिवर्ग तथा देशभक्त सामन्तहरूसम्मको आपसी सद्भावना र एकतामा आधारित शान्तिपूर्ण आन्दोलन र कम्युनिस्ट  एकताको निर्माण गर्दै लानु तथा अन्य देशभक्त र प्रजातान्त्रिक पार्टीहरू, समूहहरू र व्यक्तिहरूसँग पनि व्यापक संयुक्त मोर्चाको निर्माण गरेर लैजानु । यस दिशामा नेपाली काङ्ग्रेसको मात्र होइन एमाले होस् वा संयुक्त जनमोर्चा कसैको पनि विचार देखिँदैन बरु निम्न पँुजीवादी सङ्कीर्णतावादी धारणाले एमालेलगायत अन्य वामपन्थी पार्टीहरूलाई समेत छोपेको छ ।

एमालेले अगाडि बढाएको राजनीति हो 'बहुदलीय जनवाद' र अन्य राजनीतिक समूहरू त्यो पनि कम्युनिस्टहरूबीच घाँटीकटुवा प्रतिस्पर्धा । आजको आपसी हानाहान यही घाँटीकटुवा प्रतिस्पर्धाको देन हो । विद्यार्थी–विद्यार्थी, किसान–किसान, मजदुर–मजदुर लडाएर के कहिल्यै कम्युनिस्टहरूले

चाहेको सामाजिक परिवर्तन आउने छ ? हुन सक्छ पैसा र मुढे बलको प्रयोगले चुनाव पनि जितोस् तर यसरी देशको निर्माण तथा सामाजिक परिवर्तनमा नेपाली काङ्ग्रेसजस्तै एमाले होस् वा अन्य पार्टी चाहे त्यो कम्युनिस्ट पार्टी नै किन नहोस् अवश्य फेल हुनेछ र देशमा प्रजातन्त्र होइन प्रतिक्रियावाद, साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीको सेवा गर्ने फासीवाद नै यहाँ हाबी हुन आउने छ । नेपाली काङ्ग्रेसको रवैया पनि आज यही दिशामा छ । नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले ठाउँठाउँमा अरू पार्टीका कार्यकर्ताहरूमाथि हमला गर्ने, अनेक दुःख दिने, षड्यन्त्र गर्ने काम चालू नै राखेको कुरा ठाउँठाउँमा देखिँदै आएको छ । यस्तै कामहरू नै फासीवादका जनक हुन् । हिटलरले अरू पार्टीमाथि हमला गरेर आफ्नो पार्टी निर्माण गरेको थियो । यस्तै काम आज नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले गर्छन् भन्ने गुनासो बराबर सुनिनमा आएको छ । यस्ता कार्यका विरूद्ध अरू सबै मिलेर प्रतिकार गर्नुपर्ने हुन्छ । आज शासकदलमा नेपाली काङ्ग्रेस भएकाले देशमा शान्तिपूर्ण तरिकालाई बढावा दिने मूल जिम्मेदारी नेपाली काङ्ग्रेसकै हुन आउँछ । अरूमाथि शासन गर्न चाहनेले सर्वप्रथम आफूमाथि शासन गर्नुपर्छ अनि नै अरूहरूबाट पनि शान्तिपूर्ण तरिकाको काम हुने आशा गर्न सकिन्छ । आपसी प्रतिस्पर्धाका नाउँमा अर्कामाथि मारपिट, ढुङ्गामुढा, छुरा, चेन, खुकुरी चलाउने कुराको हामी विरोधी छौँ । यस्तो कार्यले नेपालको राजनीतिलाई पार्टीहरूकोबीचको अराजकतामा लैजाने छ ।

आपसमा यस्तो मारपिटको सङ्घर्ष सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक सङ्घर्षसम्म नै सीमित हुनुपर्छ । यसले आपसमा र जनतामा पनि राजनीतिक स्पष्टता दिनका साथै आपसमा देखापरेका कमजोरीहरू, गलत राजनीति र गलत सिद्धान्तलाई सच्चाएर पार्टी एकता र व्यापक संयुक्त मोर्चाको निर्माणमा सहयोग पुऱ्याउने छ । यस्तो कार्य नेपाली काङ्ग्रेसबाट मात्र होइन, वामपन्थीहरूबाट पनि हुनु हँुदैन यदि हाम्रो लक्ष्य देशनिर्माण र सामाजिक परिवर्तन हो भने । माक्र्सले यसै कारण सिद्धान्तमा जोड दिएका हुन र भनेका हुन्, ँजब कुनै विचारले मानिसको मगजमा घर गर्छ त्यो विचार स्वयं भौतिक शक्तिका रूपमा देखापर्नेछ ।ँ यसै कारण अहिले विशेष जोड सैद्धान्तिक र राजनैतिक सङ्घर्षमा दिनुपरेको छ, मुढेबलमा होइन ।

जहाँसम्म एमालेको बहुदलीय जनवाद र प्रतिस्पर्धाको कुरो छ, यसले कम्युनिस्टहरूलाई कहिल्यै शक्तिमा पुऱ्याउने छैन, न त शक्ति प्राप्त गरेर देशनिर्माण नै गर्न सक्नेछ । २०४९ सालको पाटनको स्थानीय चुनाव यसको उदाहरण हो । कम्युनिस्टहरूले २७ हजार मत पाए, नेपाली काङ्ग्रेसले २१ हजार मत प्राप्त गऱ्यो । २७ हजार मतलाई २१ हजार मतले हराइदियो, कारण कम्युनिस्ट हरूको मत विभाजित थियो । यहाँ प्रतिस्पर्धा नेपाली काङ्ग्रेससँग मात्र नभएर कम्युनिस्टहरूको बीचमा पनि थियो । कम्युनिस्टहरूले विजय प्राप्त गर्ने हो भने सम्पूर्ण कम्युनिस्टहरूकाबीच प्रतिस्पर्धा होइन, एकता चाहिएको छ अनि देशनिर्माण गर्ने हो र सम्पूर्ण जनताको जीवन उकास्ने हो भने कम्युनष्टिहरूको एकताले मात्र पुग्दैन अरू गैर–कम्युनिस्टहरूसँग पनि एउटा साझा कार्यक्रमका आधारमा व्यापक मोर्चाको जरूरत छ ।

कम्युनिस्टहरू बहुदलका विरोधी होइनन्, बहुदलीय प्रतिस्पर्धाका विरोधी हुन् । उत्तर कोरियामा तीन पार्टी छन् । तीनै वटा पार्टीहरूको संयुक्त मोर्चा छ र त्यहाँ संयुक्त सरकार चलिरहेको छ । जनवादी चीनमा नौ वटै पार्टीको संयुक्त मोर्चाको सरकार चलिरहेको छ । यदि नेपालले पनि द्रुतगतिले विकास गर्ने हो भने यस्तै नीति अख्तियार गर्नु जरूरी छ । उत्तर कोरियाको नारा हो, ँसम्पूर्ण जनता, पार्टीहरू र नेताहरूको एउटै मन होस् ।" यो मन्त्र नेपाललाई उत्तिकै काम लाग्छ ।

यो कुरो एमालेले लिएको नीतिसँग मिल्दैन । उसले लिएको नीति हो मिले सबैलाई आफ्नो पार्टीअन्तर्गत मिलाउने होइन सबसँग घाँटीकट्टुवा प्रतिस्पर्धा गर्ने । यो कुरो उत्तर कोरियामा पनि देखिएको थियो । त्यहाँ पनि का. किम इल सुङले कम्युनिस्टपार्टीहरू मिलाउन खोज्दा सबै मिल्न तयार भए तर त्यहाँको माले पार्टी र मङ्गल बारे पार्टी मिल्न तयार भएनन् । मिल्ने भए आफ्नै अन्तर्गत मिलाउने, होइन भने कसैलाई मिल्न नदिने उनीहरूको नीति थियो र आखिर का. किम इल सुङले यी दुई वटा पार्टीहरू छोडेर अरू सबैलाई मिलाउने काम गर्नुपर्‍यो र गरे पनि ।

हाम्रो पार्टी आपसी प्रतिस्पर्धाभन्दा आपसी मेलमा विश्वास राख्दछ, तर यो मेल सही सिद्धान्त, सही राजनीति र सही कार्यक्रममा आधारित हुनुपर्छ । यी कुराहरू हामी कसैमाथि लादेर होइन, आपसी छलफल र विचारको आदानप्रदान गरी तय गर्न चाहन्छौँ ।

एमालेको अर्थनीति पनि दोधारे नै छ र अस्पष्ट छ, मौकाअनुसार विदेशी पँुजी घुसाउने नीति नै यसले लिएको छ । एमालेको चुनाव घोषणापत्रमा त यो कुरो स्पष्टसँग नै लेखिएको थियो । यसले राजकीय क्षेत्रको विकासमा विशेष जोड दिएको देखिँदैन । बरू राजकीय क्षेत्र बेच्दै गएकामा मौन सम्मति नै देखिन्छ । यो कुरो याद रहोस् राजकीय क्षेत्र जति कमजोर हुन्छ , जनतामाथि उत्ति नै करहरू बढ्दै जानेछन् र जनताको अर्थ सङ्कट बढ्दै जानेछ । यसको मतलब हामी निजी क्षेत्रको विरोधी होइनौँ। अहिलेको स्थितिमा स्वदेशी राष्ट्रिय निजी क्षेत्र र राजकीय क्षेत्र दुइटै विकास गरेर लानु आवश्यक छ ।

तर एमाले यस विषयमा बिलकुल स्पष्ट देखिँदैन । साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजी भित्र्याउने कुरामा एमालेको बिलकुल दोधारे नीति देखिन्छ । साम्राज्यवाद र विदेशी एकाधिकार पँुजीको समर्थन गरे आम जनता र इमानदार कार्यकर्ता रिसाउने, विरोध गरे साम्राज्यवाद तथा एकाधिकार पँुजीपतिवर्ग रिसाउने दोहोरो फन्दामा एमालेको नेतृत्व पँmसेको देखिन्छ । यही कारण हो एमालेको आमसभामा अमेरिकी राजदूत चाङ्ग ब्लकको घोर विरोध, तर त्यसको तुरून्तै पछि भएको वहाँहरूको जन–सङ्गठनको सम्मेलनमा चाङ्ग ब्लक नै मुख्य अतिथि । दासढुङ्गा काण्डमा पनि यस्तै कुरो देखिन आयो । कार्यकर्ताहरू अमेरिकी साम्राज्यवादतिर अङ्गुली देखाउन चाहने, नेतृत्व भने मौन रहन चाहने देखियो । अझ एमालेका दिग्गज नेताले यो काम पश्चिमा साम्राज्यवादबाट हुनै सक्तैन भनेर ठोकुवा गरेर भन्नुभयो । एमालेको यो नीति बुझ्न नसक्ने खालका कुराहरू हुन् । यही आषाढ २०५० को ४ गतेको जुलुसले अमेरिकन सूचना विभागको

झ्यालको सीसा फोडेकोमा अमेरिकी दूतावासको जिम्मेदार व्यक्तिले यो एमालेले होइन मसालले गरेको हुनुपर्छ भन्नु इत्यादि कुराहरू पनि बुझ्नै नसक्ने खालका भएका छन् ।

जे होस्, एमालेको साम्राज्यवादप्रतिको नीति बिलकुल स्पष्ट छैन । आज विश्वका हरेक देशमा अमेरिकी साम्राज्यवादले हात पसारेको छ र अमेरिकी पकड मजबुत रहुन्जेल कुनै देशले विकास गरेर खान सक्तैन भन्ने कुरो नबुझेर हो वा के हो नेपालको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति सर्वप्रथम पश्चिमा साम्राज्यवाद खास गरी अमेरिकी साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीको चङ्गुलबाट नेपाललाई मुक्त गर्नुपर्छ भन्ने कुरामा एमाले बिलकुल चिन्तित देखिँदैन । यसप्रतिको समझदारीलाई हेर्ने हो भने एमालेको समझदारी नेपाली काङ्ग्रेसको समझदारीसँग बिलकुल मेल खान्छ ।

सामाजिक क्षेत्रमा पनि एमालेको नीति बिलकुल भद्रगोल छ । छाडापनलाई वहाँहरू स्त्री–स्वतन्त्रता भन्ठान्नुहुन्छ र यो समाजलाई कहाँ लैजाने, के गर्ने कुनै स्पष्टता वहाँहरूसँग छैन । एमालेको राजनीतिले नेपालमा कुनै सामाजिक परिवर्तन आउने लक्षण देखिँदैन र यसरी नयाँ समाजको निर्माण पनि हुने छैन । यसैकारण देश र जनताको समस्या पनि समाधान हुने छैन । एमाले पँुजीवादी प्रजातन्त्रभन्दा अगाडि बढ्ने छैन ।

**संयुक्त जनमोर्चा र मसाल**

संयुक्त जनमोर्चामा चौम र मशाल समावेश छन् । यो संयुक्त जनमोर्चा र मशाल तीन वटैको राजनीति एउटै हो ।

उनीहरू आ–आफ्नो पार्टीबाहेक अरू कसैलाई कम्युनिस्ट  मान्दैनन् । उनीहरूको यो धारणा उनीहरू जन्मनुभन्दा धेरै अगि जनवादी चीनमा अध्यक्ष माओको नेतृत्व छँदा नै अमेरिकी साम्राज्यवादबाट प्रभावित ‘आम्पी’ नामक जापानी पत्रिकाले व्यक्त गरेको धारणा हो । यो पत्रिकाको तरिका हो समाजवादको तारिफ गर्नु तर समाजवाद के हो भन्ने कुरो स्पष्ट नगर्नु अनि अहिलेसम्म संसारमा कहीं पनि समाजवाद छैन भन्नु । यही धारणालाई उनीहरूले आज अगाडि बढाएका हुन् ।

वहाँहरू कम्युनिस्ट  आन्दोलन पेरूमा मात्र देख्नुहुन्छ । किन ? गन्जालोको मारकाटको आतङ्कवादी आन्दोलन नै वहाँहरूका निम्ति क्रान्ति हो र माओवाद हो । का. माओको तरिका र गन्जालोको तरिकामा आकाश–जमिनको फरक छ । का. माओले त्यत्रो क्रान्तिमा कहिल्यै कहीं गाउँ जलाउने काम गर्नुभएन । बरू वहाँले प्रतिक्रियावादी सरकारले खटाएका विरोधी सैनिकहरूलाई पनि भरसक नमार्ने अर्डर दिइराख्नुभएको थियो । का. माओको अर्डर थियो यस्तो सेनालाई भरसक घेराबन्दीमा हालेर पक्रेर ल्याउनू । अनि, अध्यक्ष माओले यिनीहरूलाई कुनै दण्ड दिने सट्टा कम्युनिस्ट  पार्टीको लक्ष्य के हो र माक्र्सवाद–लेनिनवाद के हो भन्ने क्लास लिएर उनीहरूको स्वेच्छामा उनीहरू घर जाने हो वा त्यही लाल सेनामा भर्ती हुने हो सोधेर जे भन्छन् उही

गरिदिने गर्नुहुन्थ्यो । कसैलाई थप्पड दिनु त परै जाओस् का. माओबाट स्वयं वा वहाँको अर्डरमा कसैलाई पनि यातना दिने काम भएको थिएन । यो मानवतावादी भावना, विरोधीमाथि पनि दया, करूणा, माया गन्जालोले कहिल्यै दिन सकेजस्तो लागेन । जहाँ–जहाँ चिनियाँ कम्युनिस्ट पार्टीका लाल सेना पुग्थे जनताको सेवा गर्ने र उनीहरूमा सामन्ती खेत वितरण गर्ने कार्य नै हुन्थ्यो । के का. माओले विद्यार्थीहरू हुन् या मजदुर हुन् वा किसानहरुका बीच आपसमा मारपिट, ढुङ्गामुढा हानाहान, छुराचेन चलाचल गराउनुभयो ? आज का. माओका नाउँमा यी सब हरकत भइरहेका छन् र यसैलाई वहाँहरू जनयुद्ध सम्झनुहुन्छ । धेरै वर्षअगि वहाँहरूको प्रभावमा परेका रौतहट पिपरियाका एक जना किसान नेता कुलदीप भन्ने गर्थे, ँक्रान्ति भनेको घरेलु युद्ध हो । ' यसैकारण क्रान्ति भनेको घरघरमा मारपिट गर्नु हो भाइ–भाइमा लडाइँ, मारपिट, लोग्ने–स्वास्नीमा मारपिट, बाबु–छोरामा मारपिट । क्या राम्रो शिक्षा दिइराख्नुभएको रहेछ वहाँहरूले । अनि, विद्यार्थी–विद्यार्थीमा मारकाट नभए के होला त ? वास्तवमा यो क्रान्ति होइन, यो क्रान्तिको विकृत रूप मात्र हो । के का. लेनिन अथवा का. माओले यस्तो कार्य कहीँ–कतै कहिल्यै गराउनुभयो ? वहाँहरूले का. माओको नाउँ लिँदै माओको विचार के हो भन्ने कुरो चिन्न नसकिने ठाउँमा पुर्‍याइदिनुभएको छ ।

यदि सामाजिक परिवर्तन ल्याउने हो, जनतालाई देशको मालिकका रूपमा स्थापना गरी समस्त जनताको समस्या समाधान गरी उनीहरूको जीवनस्तरको उत्तरोत्तर विकास गर्ने हो र देशलाई विकसित देशको दाँजामा पुर्‍याउने हो भने आजको गलत तरिकालाई छोडेर सम्पूर्ण विद्यार्थीहरूबीच आपसी भाइचारा, मैत्री र सद्भावना वृद्धि गरी उनीहरूलाई एकताबद्ध बनाउनु छ । मजदुर–मजदुरको बीच आपसी भाइचारा, मैत्री, करूणा र सद्भावना बढाउनु छ, यस्तै श्रमजीवी किसानहरूको बीच मैत्री, भाइचारा बढाउनु छ र देशका मजदुर, किसान, बुद्धिजीवीहरू, विद्यार्थीहरू, मध्यमवर्ग तथा राष्ट्रिय पँुजीपतिवर्ग तथा देशभक्त सामन्तहरूसम्म पनि आपसमा मिलेर एउटा व्यापक संयुक्त मोर्चा गठन गर्नुपरेको छ र विभिन्न देशभक्त पार्टीहरूबीच पनि मिल्नै नसक्ने गरी टकराव होइन सैद्धान्तिक, राजनैतिक तथा सङ्गठनात्मक सङ्घर्षलाई कायम राख्दै भरसक एउटा बलियो संयुक्त मोर्चा कायम गर्नु छ । सैद्धान्तिक र राजनैतिक कुराहरूमा भएका मतभेदहरूलाई आपसी वाद–विवाद र छलफल गरी राष्ट्रिय हित तथा जन–जीवन उकास्न सक्ने खालको एउटा साझा कार्यक्रम निकालेर सबै एक भएर अगाडि बढ्नु छ ।

माक्र्सले सिकाएका थिए, 'विश्वका सम्पूर्ण मजदुर एक हौँ', लेनिनको शिक्षा थियो, 'सम्पूर्ण मजदुर तथा पददलित जनता एक हौँ', का. माओको शिक्षा हो, '९५ प्रतिशत जनता एक हौँ' र का. किम इल सुङको नीति हो, 'सम्पूर्ण जनता, पार्टीहरू र नेताहरूको एउटै मन होस् ।' यस्तो मेलले देशलाई द्रुतगतिले कसरी विकास गर्न सकिन्छ र एउटा शोषण–दमनरहित नयाँ समाज निर्माण गरेर एक सुखी समाज कसरी बनाउन सकिन्छ भन्ने कुरो व्यावहारिक रूपले देखाइदिएको छ । हाम्रा अन्तर्विरोध साम्राज्यवाद तथा प्रतिक्रियावादी सामन्तवर्ग तथा दलाल पँुजीपतिहरूसँग तथा

विदेशी एकाधिकार पँुजीपतिसँग हो आफ्नो पार्टीमा नभएका अरू विभिन्न वर्ग तथा जनतासँग होइन । न त देश बनाउन चाहने अरू पार्टीहरूसँग हो । यस्ता पार्टीहरूसँग एकता, सैद्धान्तिक तथा राजनैतिक सङ्घर्ष र एकता नै हाम्रो नीति हुनुपरेको छ ।
लेनिनको कुरा याद गरौँ, 'वामपन्थी उग्रवाद बचकना रोग हो ।' यसले कुनै कुरो निर्माण गर्नका सट्टा देशमा भद्रगोल मच्चाएर अराजकतावादी स्थिति ल्याइदिनेछ र सोमालियाका जनताले भन्दापनि नपाएको दुःख नेपाली जनताले भाग्नु पर्नेछ ।

**रा.प्र.पा.**

पहिलेका पञ्चहरू नै साइन बोर्ड बद्लेर आज 'रा.प्र.पा.' को नाउँमा अगाडि आएका छन् । उनीहरूको भनाइ छ उनीहरूले नेपालको राष्ट्रियता बचाउने हो । के पञ्चायतकालमा नेपालको राष्ट्रियता सुरक्षित थियो ? गण्डकीको सम्झौता अवश्य नेपाली काङ्ग्रेसको सरकारका बेलामा भएको हो । तर नेपाल कम्युनिस्ट पार्टीको संसदभित्रको अडान र संसदबाहिरको जन–सङ्घर्षले नेपाली काङ्ग्रेसको सरकारले आफ्नो हात रोक्नुपरेको थियो । २०१७ साल पौष १ गतेको काण्डपछि नेपाल कम्युनिस्ट पार्टीलगायत सम्पूर्ण राजनीतिक पार्टीहरू तथा जन–वर्गीय सङ्गठनहरूमाथि प्रतिबन्ध लगाएपछि गण्डकको उद्घाटन राजा महेन्द्र स्वयंबाट भएको थियो । के पञ्चायती व्यवस्थाले देशको प्राकृतिक स्रोत र साधन यसरी नै रक्षा गरेको छ ?
नेपालको अर्थतन्त्रमा भारतीय एकाधिकार पँुजीको पकड पञ्चायतका पालामा नै सुरू भएको थियो । ५० हजार घूस दिएर रातारात भारतीय एकाधिकार पँुजीपतिलाई नेपालको नागरिक बनाउने काम पञ्चहरूकै राजमा भएको थियो । जहिले पनि साना र घरेलु उद्योगमा जोड दिई विदेशी नव–उपनिवेशवादी अर्थतन्त्र सुरू गर्ने पञ्चहरू नै हुन् । देशलाई ऋणमा पँmसाएर विदेशी बैङ्कमा निजी खाता खोल्नेहरू पञ्च नै थिए । विदेशीलाई नेपालका खानी, खेत, कल–कारखानाहरू, व्यापार सुम्पने र राष्ट्रिय पँुजीपतिहरूको ह्रास गर्ने काम पञ्चकै पालामा भएको हो । अर्कातिर आफ्ना निजी कारखानाहरू, ठूल्ठूला होटलहरू विदेशमा खोल्ने कार्य पञ्चहरूबाटै भएको हो ।
के आफ्नो अर्थतन्त्र विदेशीका हातमा सुम्पेर, देशलाई ऋणमा डुबाएर कुनै राष्ट्रको स्वतन्त्रताको रक्षा हुन सक्ने छ ? जसको हातमा अर्थतन्त्र छ उसैले राजनीतिमा पनि कब्जा गर्छ । अनि, सरकारी अधिकारीहरूलाई विदेशी पँुजीपतिहरूले नै नचाउने गर्थे भने के राष्ट्रियताको जगेर्ना गर्ने कार्य पञ्चहरूबाटै भएको रहेछ त ? भारतबाट प्रजातन्त्र आउला भन्ने डरले निश्चय पनि पञ्चहरूले भारतविराधी अभियान चलाए । एउटा प्लास्टिक खोज्न आउने गरिब भारतीय जनताप्रति पनि 'धोती' भनेर घृणा फैलाए तर भारतबाट आउने करोडपति अरबपतिहरूलाई एकै दिनमा नागरिकता दिएर स्वागत गर्ने कार्य गरे । त्यस बेला बचाउनुपर्ने कुरो थियो हुकुमशाही व्यवस्था, न कि राष्ट्रियता । पञ्चहरूका समझदारीमा राष्ट्रियता भनेको 'राजाको हुकुमशाही व्यवस्था अनि लवेदा,

सुरुवाल र टोपी ।' अनि, राजालाई गाली गरेको सहन नसकेर यस्तो काम गरेको भन्ने कुरा बनाएर अरूलाई मारे पनि हुने पञ्चे व्यवस्था चलाए । प्रेसको गल्तीले 'शाही शाही' दुई पटक दोहरियो भनेर जेल हालिदिने र अनिश्चित कालसम्म तारेखमा झुलाउने, यस्तै राष्ट्रवाद पञ्चायतका बेला चलेको थियो । प्रजातान्त्रिक आन्दोलनलाई दबाउन 'प्रतिकार समिति' हरू बनाउने र मण्डलेतन्त्र चलाउने यही हो पञ्चहरूको प्रजातन्त्रप्रतिको आस्था ।

यी सब कुराहरूमा रा.प्र.पा.को के भनाइ छ ? रा.प्र.पा.का नेताहरूमध्ये कसैकसैको आज पनि भारतीय नेताहरूसँग ज्यादै घनिष्ठ सम्बन्ध छ भन्ने कुरो नेपाली जनतालाई याद छ ।

राजा महेन्द्रबाट गण्डकको उद्घाटन हँुदा वहाँहरू के भन्नुहुन्छ ? आज नेपाली काङ्ग्रेस सरकारले नेपालका राजकीय उद्योगहरू भारतीय पँुजीपतिहरूलाई दिँदा के वहाँहरूले संसदभित्र कुनै आवाज उठाउनुभयो ? आज नेपाली काङ्ग्रेसले साम्राज्यवादपरस्त उद्योग र व्यापार नीति– राजकीय क्षेत्र निजीकरण गर्ने, विदेशी पँुजीलाई खुलाद्वार, खुला प्रतिस्पर्धामा छोड्ने जो लिएको छ त्यसप्रति रा.प्र.पा. को अडान के छ ? के वहाँहरूले यसबारे संसद्भित्र कुनै आवाज उठाउनुभयो ?

स्पष्टतः नेपाली काङ्ग्रेसले लिएको साम्राज्यवादपरस्त तथा विदेशी एकाधिकार पँुजी नेपालमा स्वागत गर्ने नीति, देशलाई ऋणमा फँसाउदै जाने नीति, आफ्नो राष्ट्रिय मुद्रा अवमूल्यन गर्दै जाने नीतिहरूमा कुनै खास फरक छैन भने नेपाली काङ्ग्रेसको सरकारले निम्ताएको अर्थसङ्कट, राष्ट्रिय अर्थतन्त्रको असुरक्षा, जनतामा बढ्दै गएको महँगी, बेकारी, भ्रष्टाचार, नातावाद, कृपावाद इत्यादि कुराहरूमा कुनै फरक आउने छैन । खैरो बाघले दुःख दियो भनेर कालो बाघ ल्याउँदैमा समस्याको समाधान हुने होइन ।

स्पष्टतः वहाँहरूको बढी झुकाव हुकुमशाहीतिर नै हुने हो । वहाँहरूले भर्खरै जो महाधिवेशन गर्नुभयो त्यसका निम्ति जुन अथाह धन खर्च भयो त्यसको मुहान कहाँ हो ? वहाँहरूको यो खर्च कि पञ्चको पालामा भ्रष्टाचार गरेर कमाइराखेको हुनुपर्छ कि त्यस्तै नदेखिने स्रोतबाट खनिएको हुनुपर्छ । वहाँहरूको आँखा अब अमेरिका र जापानले के–कस्तो गर्ला भन्ने आशामा लागेको छ भन्ने पनि जनताको भनाइ छ ।

जबसम्म देशमा पँुजीवादी व्यवस्था रहने छ, पँुजीवादी पार्टीहरूको भरोसा साम्राज्यवादीहरू र विदेशी एकाधिकार पँुजीमा नै हुनेछ । यस्तो व्यवस्थामा एक पँुजीवादी पार्टीलाई बद्लेर अर्को पँुजीवादी पार्टी सत्तामा आयो भन्दैमा देशको समस्या समाधान हुने होइन । नेपाल र नेपालीका निम्ति यो 'पँुजीवादी व्यवस्था' लाई बद्लेर 'जनवादी व्यवस्था' स्थापना गर्नु नै आजको राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समस्याको समाधान हो ।

**सद्भावना पार्टी**

नेपाललाई तराई र पहाड गरी विभाजन गर्ने तराईका प्रतिक्रियावादीहरूद्वारा गठित 'तराई काङ्ग्रेस' असफल भएपछि यस्तै नीति लिएर अर्को दल देखा परेको छ 'सद् भावना पार्टी' । नाउँ त सुन्दर

देखिन्छ सद्भावना । तराईवासी र पहाडवासी लडाउने यो कस्तो सद्भावना होला ? सद्भावना कसप्रति बफादार छ – नेपाली जनताप्रति कि कुनै विदेशी शक्तिप्रति ?
यसले कमसेकम नेपाली जनताबीच आपसमा सद्भावना बढाउने काम गरेको देखिएन । आजको आवश्यकता हो सम्पूर्ण नेपालीहरू बीच आपसी सद्भाव र राष्ट्रिय मेलमिलाप । यस पार्टीले आफ्नो नाउँको विपरीत उल्टै कदम चालेको देखिन्छ ।

यसले उठाएका सवालहरू हुन् 'हिन्दी राष्ट्र भाषा हुनु पर्छ' भन्ने, तराईवासहीरूको अलग्गै 'फौजी ब्रिगेड' हुनुपर्छ इत्यादि । भारतवासहीरूले पनि अहिलेसम्म हिन्दी भाषा राष्ट्रभाषाको रूपमा स्वीकारेका छैनन् । भारतीय सरकारको काम हिन्दी भाषामा होइन अङ्ग्रेजी भाषामा हुन्छ । भारतकै बङ्गालीहरू, मद्रासहीरू, पन्चाबीहरू आदि अनेक प्रान्तका बासिन्दाहरूले हिन्दीलाई राष्ट्रभाषा स्वीकारेका छैनन् भने नेपालमा यसलाई कसरी राष्ट्रभाषाका रूपमा लाद्न खोजेका होलान् ।
नेपालका तराईवासी जनताका निम्ति नेपाली जति गाह्रो छ उत्तिकै हिन्दी पनि गाह्रो र नबुझिने खालको छ । हाम्रा तराईवासहीरूको भाषा त 'भोजपरी, मैथिली, अवधि' हुन् । बङ्गाली भाषा मैथिली भाषाकै विकसित रूप हो । बङ्गाली भाषाभाषीहरूले हिन्दीलाई राष्ट्रभाषाको रूपमा स्वीकारेका छैनन् भने मैथिली भाषाभाषीहरूले किन स्वीकार्ने ?
हिन्दी भाषा तराईका सामन्तहरूले मात्र बोल्न र लेख्न सक्ने भाषा हो । तराईवासी सामन्तहरूको र भारतको विहार, उत्तर प्रदेशका सामन्तहरूको एउटै स्वार्थ हो । के हाम्रो तराई भारतकै उत्तर प्रदेश र विहारको अङ्ग हो ? यस्तै खिचलो उठाउने र राष्ट्रलाई विभाजन गर्ने हो भने काठमाडौँ उपत्यकामा बसोबास गरेर नेपालको नाउँ रहेदेखि बोलिएको नेपालको राष्ट्रभाषा नेवारी हो । गोपालवंश, महिषवंश, त्यसपछि लिच्छविकाल, मल्लकाल र शाहवंशको सुरूवात भएसम्म नेपालको राष्ट्रभाषा नेवारी थियो । अनि, के नेवारहरूले नेवार भाषा नै राष्ट्रभाषा भनेर माग गर्ने हो ? हो, नेपालका विभिन्न भाषाहरूले समान अधिकार पाउनुपर्छ र आ–आफ्नो भाषा विकास गर्ने मौका पाउनुपर्छ । फेरि पनि विभिन्न जातिहरूका बीच विचारको आदानप्रदान गर्न, कुराकानी गर्न एउटा भाषाका जरूरत छ र त्यो भाषाको रूपमा अहिलेको स्थितिमा नेपाली भाषाले नै काम गर्नुपरेको छ । तराईवासहीरूको विकासका निम्ति उनीहरूको मातृभाषा मैथिली, भोजपुरी, अवधीको पनि विकास गर्नु जरूरी छ, जसलाई सबै तराईवासहीरूले बुझ्ने गर्छन् । यस्तै अरूपनि भाषा–भाषीहरू छन् जसको विकास गरी उनीहरूको सांस्कृतिक स्तर विकास गर्न सकिन्छ । हिन्दी त कुनै हालतमा नेपालको राष्ट्रभाषा बन्न सत्तैmन । यो त तराईमा हिन्दी भाषा लादेर तराई नेपालको अङ्ग होइन भारतको अङ्ग हो भन्ने भावना जगाउने बाटो मात्र हो ।
तराईवासी आम जनताको समस्या भनेको तराईलाई भारतसँग जोड्ने कि नेपालसँग जोड्ने नभएर उनीहरूमाथि भइरहेको सामन्ती शोषण–दमन खत्तम गरेर साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजी जसमा भारतीय एकाधिकार पँुजी पनि पर्दछ त्यसबाट मुक्त गरेर उनीहरु आफ्नो देशको

मालिक , त्यहाँको खेतखलियान तथा आफ्नो देश नेपालका नदी, जङ्गल, खानीजस्ता प्राकृतिक स्रोत र साधनहरू, उद्योगहरू, व्यापार तथा निर्माणकार्यहरूको मालिक आफैँ बन्नु हो । यस कार्यलाई भारतसँग तराई मिलाएर अवश्य समाधान हुन सक्ने छैन । बरू भारतका शक्तिशाली पँुजीपतिहरूले तराईवासहीरूलाई यी सम्पूर्ण आर्थिक स्रोत र साधनबाट उखाडेर चरम शोषण गरी उनीहरूको जीवन कहिल्यै उठ्न नसक्ने गरी बर्बाद गर्ने छन् । सामन्ती शोषण–दमन तराईवासी जनतामाथि मात्र होइन पूरै नेपाली जनता (पहाडवासी, तराईवासी सब)ै माथि भएरै आएको छ र अक्सर यी शोषकहरू आ–आफ्ना इलाकावासहीरूनै छन् । तराईवासी जनतामाथि शोषण–दमन गरी उनीहरूलाई उठ्न नदिने तराईकै सामन्त शोषकहरू हुन् भने पहाडवासी जनतालाई यो दरिद्र हालतमा पुर्‍याउने पहाडकै सामन्त र अत्याचारीहरू हुन् ।

आज हाम्रो सम्पूर्ण अर्थव्यवस्थामाथि कब्जा गरी नेपाललाई विश्वको सबभन्दा दरिद्र हालतमा पुर्‍याउने विश्व साम्राज्यवाद, विदेशी एकाधिकार पँुजी र हाम्रै देशका प्रतिक्रियावादी सामन्तहरू हुन् । तसर्थ पहाड तथा तराईका जनताको अन्तर्विरोध पहाड तथा तराईका मजदुर अथवा किसानहरूको बीचमा होइन पहाडका वा तराईका सामन्ती शोषक र अत्याचारीहरू तथा साम्राज्यवादीहरू र विदेशी एकाधिकार पँुजीसँग हो । उनीहरूबाट मुक्त भएरै तराई र पहाडका जनताको जीवन बन्ने छ र उनीहरु साँचो अर्थमा आ–आफ्नो इलाकाका, खेतबारी, बगानका मालिक बन्ने छन्, देशको आर्थिक स्रोत र साधनका मालिक बन्ने छन् । मेहनतसँग लड्ने एउटै हतियार छ, त्यो हो जनताले चेतना प्राप्त गरी एकजुट भएर सङ्गठित कार्य गर्नु । हुन त विश्वकै शोषित जनता एक हुन आवश्यक छ । माक्र्सको शिक्षा हो आफूमाथिको शोषण–दमनबाट मुक्त हुन विश्वकै श्रमजीवी जनता एक हौँ । लेनिनले सिकाएका छन्, ँविश्वका श्रमिक जनता र शोषित–पीडित जातिहरू एक हौँ ।ँ अनि, का. माओको भनाइ हो – ९५ प्रतिशत जनता एक हौँ र ५ प्रतिशत शोषक र अत्याचारीहरूको विरूद्ध सङ्घर्ष गरौं ।

जबसम्म नेपालका सम्पूर्ण सर्वहारा मजदुरहरू, खेतहर मजदुरहरू, सुकुमवासहीरू, खेतहीन किसानहरू, गरिब किसानहरू, निम्नमध्यम किसानहरू, मध्यम किसानहरू एक हुँदैनन् तबसम्म किसानहरूले आफूलाई शोषण–दमनबाट मुक्त गर्न सक्दैनन् । नेपालका सम्पूर्ण किसानहरू, के पहाड के तराई सबै क्षेत्रका एक हुनपरेको छ । सामन्त शोषकहरू पहाडी हुन् वा तराईकै ती प्रतिक्रियावादी सामन्तहरूलाई उखेलेर किसानहरूमाथिको शोषण–दमन, अत्याचार नष्ट गर्नुपरेको छ र स्वयं किसानहरू जमिनको मालिक बन्नुपरेको छ ।

यस कार्यमा बाधा हाल्न नै पहाडी र तराईवासी किसानहरूको बीच मतभेद गरेर पहिलेकै तराई काङ्ग्रेसको अर्को रूप ‘सद्भावना पार्टी’ को नाम राखी हाम्रो अगाडि आएको छ , जसको मूल उद्देश्य हो– किसानहरूलाई दबाउनु र सामन्ती स्वार्थको रक्षा गर्नु ।

आज तराई र पहाडको मात्र सवाल लिएर प्रतिक्रियावादीहरू आइरहेका छैनन् स्वयं पहाडी जनतालाई टुक्राउन जातीय सङ्गठनहरू बनाएर एक–दोस्रोप्रति घृणा फैलाउनमा प्रतिक्रियावादीहरू व्यस्त छन् ।

तामाङ र गुरूङ लडाउने, गुरूङ र मगर लडाउने, मगर र बाहुन लडाउने, बाहुन र नेवार लडाउने, नेवार र अरू क्षेत्रीका बीच मतभेद गर्ने अनि नेवारमा पनि बुद्धिस्ट र हिन्दू भनेर लडाउने तथा जातिजातिका बीच लडाइँ गराउनेतर्फ आज साम्राज्यवादीहरू र विदेशी एकाधिकार पँुजीपतिहरू नेपालमा षड्यन्त्र हाल्दै छन् । हिन्दू धर्ममा पनि कोही सनातन, कोही रजनीशवादी, कोही आनन्दमार्गी, कोही ब्रह्मकुमारी आदि–इत्यादि नाउँले टुक्रिएका छन् । यसरी नेपाली जनतालाई विभिन्न टुक्रामा विभाजन गरी आपसमा लडाएर नेपाल कहिल्यै उठ्न पाउने छैन । तसर्थ नेपाली जनतालाई फुटाउने कार्य कसको हितमा भइरहेको छ ? यी सबै कार्यहरु साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पँुजी र प्रतिक्रियावादका सेवामा भइरहेको छन् । यी सब षड्यन्त्रहरुबाट नेपाली जनता मुक्त भएर नेपालका तराई एवं पहाडका सबै क्षेत्र र जिल्लाहरूका सर्वहारा मजदुरवर्गदेखि लिएर मजदुर, किसान, प्रगतिशील बुद्धिजीवीहरू, मध्यमवर्ग, राष्ट्रिय पँुजीपतिवर्गदेखि लिएर देशभक्त सामन्तहरूसम्मको एकता आजको आवश्यकता हो ।

यसरी नै हामीले आफूलाई शोषण–दमनबाट मुक्त गरेर राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको मालिक भएर उत्तरोत्तर विकास गरी एक नयाँ समाजको निर्माण गर्न सक्ने छौँ । तराई  र पहाड टुक्राएर तराईलाई विहार र उत्तर प्रदेशमा गाभ्दैमा तराईका मजदुरहरू, किसानहरू तथा बुद्धिजीवीहरू र मध्यमवर्गको जीवन सुखमय बन्ने होइन । भारतीय पँुजी तराईमा आउँदैमा तराईको जीवन बन्ने होइन, बरू तराईका किसानहरू आफ्नो गाउँघरबाट उखेलिएर अलपत्र पर्ने छन् ।

आज यस्तै प्रतिक्रियावादी षड्यन्त्रले युगोस्लोभिया टुक्रियो, सोभियत सङ्घ टुक्रियो, यसबाट कसलाई फाइदा भयो ? फाइदा भयो त अमेरिका तथा अन्य साम्राज्यवादी मुलुकरूलाई, जनताले त आज बेकारी, भुकमरी र बर्बादी मात्र भोग्नु परिरहेको छ । नेपालका सम्पूर्ण जनता एक हौँ, सबै समान अधिकारका निम्ति लडौँ । कसैले कसैमाथि शोषण र दमन गर्ने अधिकार नहोस् । सबैको समान रूपले उत्तरोत्तर विकास होस् । आज सद्भावना पार्टीले नेपाल र नेपाली जनताको यस पुनीत कार्यमाथि अडङ्गा हाल्दै छ ।

सद्भावनाले उठाएको अर्को सवाल हो– ‘तराईवासहीरूको अलग फौजी बिग्रेड’ कोसँग लड्नको निम्ति ? अथवा सद्भावना राख्नका निम्ति ? यसरी त नेवारहरूले पनि एउट अलग्गै ब्रिगेड माग्नुपर्‍यो अनि यस्तै अनेक जनजातिहरूले आ–आफ्नो अलगअलग ‘फौजी ब्रिगेड’  माग्नुपर्‍यो । यस्तै माग पहिले भारतमा सिखहरूले मागेका थिए । यस्तै मागको आधारमा पन्जाबमा आपसमा मारकाट र आतङ्गवाद चल्यो । आखिर सिखहरूले के पाए ? दसौँ  हजारको  ज्यान गएपछि आज यो  आन्दोलन फेल भएर गयो । निश्चित रूपले नेपालको हरेक जन–जातिहरूले मिलिट्रीमा

पनि आ–आफ्नो योग्यताअनुसारको पदमा भर्ती हुने अधिकार पाउनुपर्छ, नेपाललाई टुक्राउन र आपसमा लड्नका निम्ति होइन, नेपालको स्वतन्त्रता र सार्वभौमिकताको रक्षाका निम्ति, नेपाल र नेपालीको सुरक्षाका निम्ति । नेपाली भन्नाले पहाडी मात्र होइनन् तराईवासी सम्पूर्ण नागरिकहरू हुन् ।

हामी सबै एकै डुङ्गाका यात्री हौँ । हामी सबैको भाग्य एउटै हो । डुङ्गामा प्वाल पारेर पानीमा डुब्ने हो वा सो डुङ्गाको सदुपयोग गरी समुद्र पार तरी एक नयाँ भविष्यको निर्माण गर्ने हो । एकताले हामीलाई आफ्नो लक्ष्य प्राप्तिमा योगदान गर्ने छ, विभाजनले हाम्रो भविष्यलाई नष्ट गर्ने छ ।

नेपाल र नेपाली जनताको विकासका निम्ति विभाजन होइन, एकता नै जरूरत छ । हामी सबै एक हौँ र एक नयाँ समाजको निर्माण गरौँ ।

**नयाँ समाजको निर्माण**

हामीलाई यस्तो समाजवाद चाहिएको छ, जसले देशको सम्पूर्ण जनतालाई देशको मालिकका रूपमा स्थापना गरी सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गरोस् । जहाँ बेकारी, महँगी, भ्रष्टाचार, नातावाद, कृपावाद, पक्षपात, नोकरीमा धाँधली, कालाबजारी आदिको नामनिसान नहोस् । सबैका निम्ति आ–आफ्नो योग्यताअनुसार काम वा नोकरीको ग्यारेन्टी होस् । शिक्षाको ग्यारेन्टी होस् , स्वास्थ्यको ग्यारेन्टी होस्, खाना, कपडा, स्वस्थयकर र आरामदायी बसोबासको ग्यारेन्टी होस् । सही किसिमको समाजवादी देशमा चोर, डाँका, बगलीमारा, रन्डी–वेश्या, मादकपदार्थ सेवन गर्नेहरू र रक्सीबाज लोप भएर जाने गर्छन् । देशको राजनीति र अर्थव्यवस्थाको मालिक जनता हुने छन् । आज संविधानले देशका मालिक जनता नै हुन् भनेर सार्वभौमसत्ता जनताको हातमा राखेको छ । तर व्यवहारमा भने जनताको अज्ञानताको फाइदा उठाएर पिछडिएका जनतालाई जाँड र रक्सीमा भुलाएर उनीहरूको अमूल्य भोट ठगेर चुनाव जिती मनपरी गर्ने काम भइराखेको छ । आज प्रजातन्त्रका नाउँमा जसरी भए पनि चुनाव जित्ने अनि जितेपछि नातावाद, कृपावाद, भ्रष्टाचार जे गरे पनि हुने भएको छ । प्रजातान्त्रिक समाजवाद वा पँुजीवादी प्रजातन्त्रले एउटा नयाँ समाजको निर्माणबारे सोच्न पनि सक्तैन, बरू यसले उल्टै दिशामा काम गर्दै गएको हामी पाउँछौँ । हो, हाम्रो जस्तो पिछडिएको देशमा समाजवाद तरून्तै लागू हुन सत्तैmन । हामीले आफ्नै अनुभवबाट देख्यौँ न सामन्ती हुकुमशाही पञ्चायती व्यवस्थाजस्ताले सुखी जनजीवन निर्माण गर्न सक्यो, न पँुजीवादी प्रजातन्त्रले अथवा प्रजातान्त्रिक समाजवादले । यसैकारण आजको स्थितिमा हामीलाई चाहिएको प्रजातन्त्र हो, जनताको पक्षको राष्ट्रिय प्रजातन्त्र अर्थात् ‘जनवादी राष्ट्रिय प्रजातन्त्र’ वा छोटकरीमा ‘जनवादी प्रजातन्त्र’ । तृतीय महाधिवेशनले दिएको राजनीति तथा अर्थनीति र सामाजिक कार्यभार अझ पूरा गर्न बाँकी नै छ । तसर्थ हाम्रो आजको प्रमुख राजनीतिक कार्यक्रम हुनेछ ‘जनवादी राष्ट्रिय प्रजातन्त्रको स्थापना ।’ यसले नै जनतालाई

व्यनवहारिक रूपले राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा देशका मालिकका रूपमा स्थापना गर्ने छ । यसैले आज हाम्रो राजनीतिक आन्दोलनको दिशा यतै हुनुपरेको छ । यसका निम्ति निम्नलिखित कार्यक्रमहरु हुनु आवश्यक छ :

क) देशलाई सर्वप्रथम अमेरिकी तथा पश्चिमी साम्राज्यवादको षडयन्त्रबाट बचाउनु छ रसाम्राज्यवादी तथा विदेशी एकाधिकार पँुजीको प्रभुत्वबाट हाम्रो अर्थतन्त्रलाई मुक्त गर्नु छ । देशका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रहरूलाई स्वतन्त्र रूपले अगाडि बढाउनु छ ।

ख) राष्ट्रिय पँुजीको सुरक्षा गरी यसको विकास गर्नु छ र उनीहरूको कारोबारमा मनासिब मुनाफाको ग्यारेन्टी गरिने छ ।

ग) देशको अर्थतन्त्रको आधार राजकीय क्षेत्रलाई बनाएर लानु छ । निजी क्षेत्रको राष्ट्रिय पँुजीलाई राजकीय क्षेत्रको आधारमा र यसको संरक्षणमा विकास गरेर लानु छ । राजकीय क्षेत्र र निजी क्षेत्रका बीच प्रतिस्पर्धा होइन एक–दोस्रोको पूरकका रूपमा योजनाबद्ध तरिकाले विकास गरेर लानु छ ।

घ) निजीकरणका नाउँमा विदेशी पँुजी घुसाउने, राजकीय क्षेत्र बेच्नेजस्तो प्रतिक्रान्तिकारी कार्य रोक्नु छ र यसको विरोध गरेर यस नीतिलाई पल्टाउनु छ ।

ङ) खुला प्रतिस्पर्धा र खुला बजारलाई बन्द गरी यसलाई राष्ट्रिय हितअनुकूल योजनाबद्ध तरिकाले अगाडि बढाइने छ ।

च) सामन्ती कृषि प्रणाली खत्तम गरी वैज्ञानिक खेतीमा जोड दिनु छ । वैज्ञानिक तरिकाले खेती गर्न नसक्ने सामन्तीहरूका खेतहरू उनीहरूको परिवार पाल्न पुग्नेसम्म छोडेर बाँकी जमिन खेतहीन र गरिब श्रमजीवी किसानहरमा वितरण गरिनेछ ।

छ) वैज्ञानिक तरिकाले काम भइरहेका खेतहरूमा र बगानहरूमा काम गर्ने मजदुरहरूलाई कारखानाका मजदुरसरह सुविधा दिइने छ । उनीहरूको ट्ेरड युनियन अधिकारको रक्षा गरिने छ ।

ज) देशको कृषि क्षेत्रको उन्नतिका निम्ति वैज्ञानिक कदमहरू चाल्नका साथै देशको जलस्रोतहरूको सुरक्षा र विकास गरी सबैजसो खेतहरूमा पानी पुर्‍याउने प्रबन्ध गरिने छ ताकि खेतिबारीको निम्ति आकाशको पानीमा भर पर्न नपरोस् । आफ्नो देशको जलस्रोतको सदुपयोग गरी यसबाट कृषि क्षेत्रको विकास गर्नका साथै औद्योगिक विकास र अरूका कामका निम्ति उपयुक्त बिजुली उत्पादन गरिनेछ ।

झ) कृषि–उब्जाउ बढाउनका निम्ति आफ्नै स्वदेशी घरेलु मलको निर्माणमा प्रोत्साहनका साथै यसको पूरकका रूपमा रासायनिक मलको कारखाना खोलेर किसानहरूलाई सुपथ मोलमा मलको प्रबन्ध गरिनेछ ।

ञ) सबैका निम्ति शिक्षा नि:शुल्क र अनिवार्य गर्नु छ ता कि देशको सम्पूर्ण बालबालिकाहरू शिक्षित भएर उनीहरूबाट ठूल्ठूला वैज्ञानिक, डाक्टर, विद्वान्हरूका रूपमा देशलाई सम्हाल्न सक्ने इमानदार नागरिकरू तयार हाऊन् ।

ट) सबैका निम्ति कामको ग्यारेन्टी गरिने छ ।

ठ) सबैका निम्ति स्वास्थ्य सुलभ गरिने छ ।

ड) गाउँघरलाई शहरमा बदलिने छ र किसानहरूका निम्ति पक्का घर, पानी, बिजुली, इत्यादिको प्रबन्ध गरिने छ ।

ढ) मजदुरहरूको नारकीय बस्तीलाई स्वस्थ र सुन्दर बनाएर उनीहरूको जीवन पनि सुखमय बनाइने छ र उनीहरूका बाल–बच्चाहरू पनि योग्य नागरिकको रूपमा विकास गरिने छ।

ण) मजदुरहरूलाई ज्यालादारी दास होइन देशको समान अधिकारप्राप्त नागरिकसरह व्यवहार गरिने छ र सरकारमा पनि उनीहरूको उत्तिकै सहभागिता रहने छ । बूढा–बूढीहरूको रक्षा गरिने छ । उनीहरूको पनि प्रतिपालन गर्ने र आरामदायी जीवनको प्रबन्ध गर्ने काम गरिने छ ।

त) नयाँ काम वा प्रोजेक्ट सुरू गर्नुभन्दा अगि उनीहरूको उपयुक्त बसोबास र सुविधाको प्रबन्ध गरिने छ ।

थ) महिलाहरूको जीवन पनि पुरूषसरह अधिकारयुक्त र सुखमय बनाइने छ ।

द) नयाँ समाजको निर्माण गरिने छ ।

ध) नयाँ मानिसको विकास गरिने छ ।

न) देशबाट चोरी, ठगी, भ्रष्टाचार, लागू पदार्थ सेवन गर्ने कुलत इत्यादि हटाएर एक सुन्दर समाजको निर्माण गरिने छ।

प) सर्वप्रथम राजनीतिक क्षेत्रमा सर्वहारावर्गको नेतृत्वमा मजदुर, किसान, बुद्धिजीवी, मध्यमवर्ग, राष्ट्रिय पँुजीपति र देशभक्त सामन्तको संयुक्त सरकार गठन गरी  अरू वर्गहरूजस्तै मजदुरवर्ग इत्यादि श्रमिक जनतालाई पनि देशका मालिकका रूपमा स्थापना गरिने छ ।

चोरी, ठगी, डाँका, ज्यानमारा, पाकेटमारा, भ्रष्टाचार, लागू पदार्थको सेवन गर्ने कुलत यही सामन्ती तथा पँुजीवादी समाजको देन हो । मानिसले सही शिक्षा पाएर सही सङ्गत पाएर आ–आफ्नो योग्यतानुसारको कामको ग्यारेन्टी गरी काम नजान्नेलाई काम सिकाउने प्रबन्ध भएको खण्डमा उपर्युक्त सबै कुराहरू लोप भएर जाने कुराहरू हुन् । स्वस्थ शरीरमा रोग हँुदैन, यस्तै स्वस्थ समाजमा यी सामाजिक रोग पनि निक्लँदैनन् । आर्थिक सङ्कट र कुसङ्गतले नै यी सबै किसिमका सामाजिक रोगहरू पैदा हुने हुन् । हामी जेलमा बस्दा चोरडाँकाहरूसँग पनि सङ्गत गर्ने मौका पाइएको थियो । उनीहरू यस्ता थिएनन् जो सुधारेर नसुध्रने हुन् । तर परिस्थितिले उनीहरूलाई सुध्रने मौका दिँदैन । यो शोषक समाज स्वयं यसको बाधक भएर बसेको छ । जेलमा एउटा डाँकासँग कुराकानी गर्दै सोधियो, ँबाहिर गएर के गर्छौ ?" उनले भने, ँम व्यापार गर्छु तर मसँग पँुजी छैन, त्यसकारण एकपटक त डाँका नै डाल्नुपर्ला ।ँ अर्को डाँकाले भने,

ँमेरो त बाहिर कोही छैन जहानपरिवार, घर, गाउँ केही छैन, यहाँबाट गएर कहाँ बस्ने हो त्यो पनि थाहा छैन ।ँ एउटा चोरले केरकार गर्दा भने, ँस्वास्नीले फरिया मागी, मसँग पैसा थिएन, त्यसैले चोरेँ ।ँ लाचारवश मानिसहरू यस्ता काममा फँस्छन् ।

यसले चोर–डाँका किन हुन्छन् भन्ने कुरो स्पष्ट गर्दछ र उनीहरूलाई यातना दिएर जेल राखेर ज्यान लिएर मात्र हुँदैन । जेल एउटा सुधारगृह बन्नुपरेको छ, त्यहाँ उनीहरूलाई काम सिकाउनुपरेको छ, काम मात्र होइन शिक्षित पनि गर्नुपरेको छ । उपयुक्त शिक्षा दिएर उनीहरूको नैतिक स्तर उठाउनुपरको छ । काम गराएर खाने बानी बसाल्नुपरेको छ । छुटेपछि काम गरी खाने–बस्ने प्रबन्ध मिलाइदिनुपरेको छ । डाँका अङ्गुलिमाल अर्हत बने भने सही ढङ्गले सम्झाएर जिउने एउटा भरोसा पाएमा नसुध्रने सायद कोही हुँदैन ।

हालै अमेरिकी सरकारले जनवादी चीनको जेलमा बनेको मालसामानको आयातमा प्रतिबन्ध लगाउने नीति लिएको छ । यसको मतलब कैदीहरूलाई सुध्रने बाटो बन्द गरिदिनु हो । उनीहरूलाई अपराधीको अपराधी नै बनाइराख्नु र छुटेपछि उही आपराधिक काममा फर्कन बाध्य गर्नु हो ।

काठमाडौँ परोपकारले एउटा उदाहरण पेस गरेको छ । यसले सडकमा सुत्ने आवारा लडकाहरू ५० जनालाई पक्रेर ल्याएर शिक्षा दियो । उनीहरूमध्ये कोही पाइलट बने, कोही इन्जिनियर बने, कोही प्रोफेसर बने । हाम्रो देशका लडका–लडकीहरूको बर्बादी यही शोषक समाजको देन हो । उनीहरू सबैका निम्ति पठन–पाठन, खाने–बस्ने, सुत्ने प्रबन्ध भएका खण्डमा देशको कुनै बालक चोर, डाँका, पकेटमार, ठगका रूपमा निक्लने छैन । परोपकारले ५० जनालाई मात्र गर्न सक्यो । यहाँ हाम्रो देशमा लाखौँ–लाख बालबालिकाहरू बर्बाद भएर गइरहेका छन् । यिनीहरू सबैलाई पढाइ–लेखाइ, खानाखुराक, किताब–कलम, सुत्ने–बस्ने ठाउँ, कपडा–लत्ताको प्रबन्ध गरिदिएका खण्डमा यिनीहरूबाटै ठूल्ठूला व्यक्तित्वहरू पैदा हुनेछन् । आज यी होनहार बालबालिकाहरू जङ्गलका फूलझैँ माटोमा मिलेर बर्बाद भएर गइरहेका छन् । वैज्ञानिक समाजवादी व्यवस्था नै यस्तो व्यवस्था हो जहाँ सबैको जीवन सुनिश्चित हुनसक्ने छ ।

उत्तर कोरियाले यसको राम्रो उदाहरण पेस गरेको छ । त्यहाँ न चोर छ न डाँका, न कुलतमा लागेर लागू पदार्थ खानेहरू, न वेश्यावृत्ति । एउटा नयाँ समाज, नयाँ मानिसको सृजना त्यहाँ भइरहेको छ । अझ उनीहरू झन्–झन् परिष्कृत भएर गएका छन् । यी सबै लक्ष्य पूरा गर्नका निम्ति यस पुँजीवादी प्रजातन्त्र र पुँजीवादी समाजलाई बदलेर सामन्ती हुकुमशाहीतिर फर्कने होइन कि एक नयाँ समाज निर्माण गर्ने हेतुले जनवादी राष्ट्रिय प्रजातन्त्रबाट सुरू गरेर कदमकदम अगि बढी समाजवादी व्यवस्था स्थापना गर्नु जरूरी छ । यो काम तथाकथित प्रजातान्त्रिक समाजवादले पनि पूरा गर्ने होइन ।

निश्चय पनि हाम्रो जस्तो देशमा समाजवाद एकैचोटि स्थापना हुन सक्तैmन । जनवादी चीनमा पनि पूर्ण समाजवाद स्थापना भएको छैन, यो देश जनवादी राष्ट्रिय प्रजातन्त्रको स्तरबाटै गुज्रिरहेको

छ । आज जनवादी राष्ट्रिय प्रजातन्त्रको उच्च स्तरमा पुगेको छ र समाजवादको पहिलो चरणमा छ । जनवादी चीनका नेताहरू भन्नुहुन्छ, ँहामी अहिले समाजवादको पहिलो चरणमा  छौँ र पूर्ण समाजवादका निम्ति अझ समय लाग्ने छ ।

यस कुरालाई नबुझेर कतिपय उग्रवादी बचकना रोगले पीडित व्यक्तिहरू चीनमा पँुजीवाद आयो, प्रतिक्रान्ति भयो भन्ने होहल्ला मच्चाउँछन् र जनवादी चीनप्रति र समाजवादप्रति जनताको आस्था खत्तम गर्ने काम गर्दै छन् । गरिबी र बर्बादी यिनीहरूकै मात्र ठेक्का होइन । आजको करोडपति दिवालिया भएर उनीहरू सन्तान चोर, डाँका, भीखमङ्गा इत्यादि जे पनि हुन सक्छन् । कुन चाहिँ राणा प्रधानमन्त्रीले सोचेको थियो होला उसको सन्तान मगन्ते भएर हिँड्नु पर्ला भनेर । जबसम्म यो शोषक समाज रहने छ, कालचक्रमा पिसिएर यस्तो दुर्दशाबाट म अथवा मेरो सन्तान मुक्त रहन्छ भनेर कसैले भन्न सक्तैन ।

आज जनवादी चीनको अगाडि एकतर्फ आर्थिक विकासलाई तीव्ररूपमा अगाडि बढाउने कार्यभार छ भने अर्कातिर जनतामा कम्युनिस्ट  सिद्धान्त पनि व्यापक रूपले फैलाएर यसलाई सुदृढ गर्दै लानु छ । हो, अवश्य निजी क्षेत्रको विकासका साथै यसमा संलग्न व्यक्तिहरूले कम्युनिस्ट सिद्धान्तभन्दा पँुजीवादी सिद्धान्तलाई नै मन पराउनु स्वाभाविक हो र यसरी एउटा कम्युनिस्टविरोधी शक्ति फैलिएर जाने सम्भावनालाई नकार्न सकिन्न । यसैकारण चीनका राष्ट्रपति जियाङ जेमिनले हालसालै देशमा कम्युनिस्ट  पार्टीको पकड जो खुकुलो हुने लक्षण देखा पर्‍यो यसलाई पार्टीले सहने छैन भनेर एउटा जनाउ दिनुभएको छ । राष्ट्रपति जियाङ जेमिनले पार्टीको नेतृत्व मजबुत गर्नुपर्ने कुरामा जोड दिनुभएको छ । कतिपय निजी क्षेत्रमा लागेकाहरूको मुखबाट सुनिन्छ, ँहामीलाई चिनियाँ कम्युनिस्ट  अथवा चीन सरकारको कुनै मतलब छैन, हाम्रो कारोबार त स्वतन्त्र हो । यसरी उनीहरू आफ्नो कारोबारको पूर्ण स्वतन्त्रतामा कम्युनिस्ट  पार्टी तथा कम्युनिस्ट  सरकाका विरोधमा खडा हुने प्रतिक्रान्तिकारी शक्तिका रूपमा विकास भएर फैलिएर जाँदैनन् भन्न सकिन्न ।

चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा चीनका राष्ट्रपति जियाङ जेमिन समयमा नै होसियार हुन थाल्नु भएको कुरा अवश्य सराहनीय छ । वहाँ आफ्नो महत्वपूर्ण भाषणमा भन्नुभयो, ँचीनको सुधार खुलापन र आधुनिकीकरणका बेला हामीले कम्युनिस्ट  पार्टीको नेतृत्व अझ सुदृढ गर्नुपरेको छ । वहाँले भन्नुभयो, ँकम्युनिस्ट  पार्टीले मात्र चीनको आर्थिक सुधारका निम्ति आधारभूत ग्यारेन्टी दिन सक्छ र सामाजिक र राजनीतिक स्थिरता प्रदान गर्न सक्दछ । कुनै बेला पनि पार्टीको नेतृत्वलाई बेवास्ता अथवा खुकुलो पार्न सकिन्न । चिनियाँ नेताले तीन कुरामा जोड दिनुभयो :

क) पार्टीभित्र सैद्धान्तिक र राजनैतिक एकता,

ख) जनवादी केन्द्रीयता र

ग) चिनियाँ जनता र पार्टीबीचको सम्बन्धमा सुधार ।

हामीलाई विश्वास छ चिनियाँ कम्युनिस्ट पार्टीले चीनमा ल्याएको आर्थिक सुधारलाई पँुजीवादतिर कदापि जान दिने छैन र जनवादी चीन यथासमयमा एउटा शक्तिशाली समाजवादी देशका रूपमा देखापर्ने छ ।

**हाम्रो राजनीतिक लक्ष्य 'जनवादी राष्ट्रिय प्रजातन्त्र' को स्थापना**

समाजलाई बदलेर एक नयाँ समाजको निर्माण गर्ने हो भने हामीले यो पँुजीवादी प्रजातन्त्रलाई बद्लेर 'जनवादी प्रजातन्त्र' अर्थात् 'जनवादी राष्ट्रिय प्रजातन्त्र' स्थापना गर्नै पर्छ, जहाँ जनता व्यावहारिक रूपले राजनीतिक क्षेत्रसम्म पनि देशका मालिक बनेका हुन्छन् ।

जबसम्म देशको राजनीति सही ठाउँमा आउँदैन यसको अर्थनीतिले सही बाटो पक्रन सक्दैन, कारण अर्थनीति भनेको राजनीतिकै विस्तृत रूपमात्र हो र राजनीति अर्थनीतिको साररूप हो । राजनीति र अर्थनीति ठीक भएपछि नै समाज पनि सही ढङ्गले चल्ने छ र देशको संस्कृतिले सही बाटो पक्रेर अगाडि बढ्ने छ । समाज तथा संस्कृति राजनीति र अर्थनीतिको प्रतिबिम्ब हो ।

राजनीतिक तथा आर्थिक दुवै क्षेत्रमा देशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्दै स्वतन्त्र रूपले देशको आर्थिक विकास गर्नु नै राष्ट्रिय प्रजातन्त्रको मूल आधार हो । देशको स्वतन्त्रता भन्नाले एकातिर आफ्नो देशभित्र अर्काको हस्तक्षेप नभएको राजनीतिक स्वतन्त्रता हो जहाँ व्यावहारिक रूपले सम्पूर्ण जनता त्यस देशका मालिकका रूपमा काम गर्नेछन् । आज संविधानले सार्वभौम जनतालाई नै मानेको छ । जनता देशका मालिक हुन भन्ने कुरा स्वीकार गरेको छ । तर यो कुरो आजको पँुजीवादी प्रजातन्त्रले कागजभित्र सीमित गरिदिएको छ । व्यावहारिक रूपले आजको यो सरकारमार्फत हाम्रो देश विदेशीको खेलौना बन्न गएको छ । हाम्रो देशमा के नीति लागू गर्ने, चुनावमा कसलाई जिताउने र सरकार बनाउन दिने भन्ने कुरो विदेशीका हातमा गएको छ । यहाँ चुनाव सिद्धान्त र कार्यक्रम, उम्मेदवारको चरित्र र इतिहास हेरेर र उसको योग्यता हेरेर होइन कि चुनावमा कसले पैसाको खोलो बगाउन सक्छ भन्ने कुरामा निर्भर हुन गएको छ । स्वयं पार्टी निर्माण सिद्धान्तको आधारमा होइन कि पैसाको बलमा हुने गरेको छ । हिटलरको प्रचारमन्त्री गोवेल्सले भन्ने गथ्र्यो, ँसय पटक झूटबोले पछि उही कुरो सत्य भएर आउँछ ।ँ यस्तै झूटा प्रचारका आधारमा जनतालाई अलमलाएर पैसा र पदको प्रलोभनको देखाएर आजका पँुजीवादी पार्टीहरूको निर्माण हुन्छ ।

यस्तो पैसा जनताबाट मामुली उठाएर होइन, करौडौँ करोड रूपियाँ साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पँुजीपतिहरूसँग हात थापेर जम्मा हुन्छ र खर्च गरिन्छ। यस्तो खर्चले जितेको सरकार र यस्तो पैसाले फैलाएको धर्मले जनताको होइन यी साम्राज्यवादीहरू र विदेशी एकाधिकार पँुजीपतिकै स्वार्थको सेवा गर्न कर लाग्छ । उनीहरूले भनेको नीति व्यवहारमा ल्याउन करै लाग्छ ।

आज नेपाली जनताले चाहेजस्तो न सरकार चलेको छ न न्यायइन्साफ नै हुन पाउँछ । जनतालाई नाङ्गेझार बनाइदिएको छ । भन्ने बेलामा देशका मालिक तर नेपाली जनताका हातमा न नदी छ, न जङ्गल, न खानी, न उद्योग, न व्यापार, न निर्माणकार्य इत्यादि । सबका सब विदेशी पँुजीको हातमा हुन गएको छ । नेपाली जनता त भारी बोक्ने भरिया, अर्काको सेवाटहल गर्ने नोकर भएर अथवा काम नपाएर के गरौँ कसो गरौँ भनेर कष्टमय जीवन बिताउनुपर्ने हालतमा छन् । त्यसमाथि विदेशी ऋणका फन्दामा नेपाली जनतालाई फँसाइदिएको छ, जसको सावाँ ब्याज तिर्ने भार नेपाली जनताले नै बोक्नुपर्छ । यसरी नेपाली जनता व्यावहारिक रूपले न राजनीतिक क्षेत्रका मालिक, न आर्थिक क्षेत्रका मालिक, न सामाजिक क्षेत्रका मालिक नै भएका छन् ।
पँुजीवादी प्रजातन्त्रले योभन्दा अर्को देन नेपाली जनतालाई दिन सक्दैन । यसैकारण हामीलाई यस्तो प्रजातन्त्र चाहिएको छ जसले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गरोस् र उपर्युक्त सबै क्षेत्रहरूका मालिक जनतालाई बनाओस् र सामूहिक रूपले यी क्षेत्रहरू जनताका मुठीमा रहून् ।
लिङ्कनले दिएको व्याख्याअनुसार प्रजातन्त्रको मतलब हो, ँजनताको राज, जनताका निम्ति, जनताद्वारा ।ँ तर आज यो प्रजातन्त्रको स्वरूप जनताको राजका रूपमा हैन, यो प्रजातन्त्र पँुजीपतिहरू खास गरी साम्राज्यवादीहरू र विदेशी पँुजीपतिहरूको राज हुन गएको छ । यहाँ जे हुन्छ जनताका निम्ति होइन, साम्राज्यवादीहरू तथा विदेशी पँुजीपतिहरूका निम्ति हुँदै छ । हामी त उनीहरूका भरिया र सेवक मात्रै, अनि राज जनताको इच्छानुसार होइन, साम्राज्यवादीहरू र विदेशी पँुजीपतिवर्गका इच्छानुसार उनीहरूले दिएको नीति र निर्देशनअनुसार भइरहेको छ ।
प्रजातन्त्र भन्नाले कुनै खास एक विशुद्ध प्रजातन्त्र भन्ने छैन । यसका विभिन्न रूपहरू छन् र यसको वर्गीय स्वरूप छ । पञ्चायती तानाशाही व्यवस्थामा पनि पञ्चहरू यसलाई ‘पञ्चायती प्रजातन्त्र’ भन्ने गर्थे । पञ्चायती प्रजातन्त्र भन्नाले देशका सामन्तहरूका निम्ति मनपरीतन्त्र अरूमाथि हुकुमशाही तन्त्र थियो । यस हुकुमशाही व्यवस्थालाई नष्ट गरेर नेपाली जनताले ‘प्रजातन्त्र’ ल्याए । फेरि पनि यस प्रजातन्त्रले सही मानेमा जनताकै राज भने ल्याएको छैन । आजको प्रजातन्त्रले ‘पँुजीवादी प्रजातन्त्र’ को रूप लिएको छ । साम्राज्यवादीहरू, विदेशी पँुजीपतिहरू र दलाल पँुजीपतिहरूका निम्ति यहाँ प्रजातन्त्रै प्रजातन्त्र छ । आम जनतामाथि शोषण–दमन, महँगी, बेकारी र कष्टमय जीवन यथावत् चालू छ र यो प्रजातन्त्रले पञ्चायती व्यवस्थाभन्दा कुनै खास परिवर्तन ल्याउन सकेको छैन र सक्दैन पनि । यहाँ मालिक बदलेको छ, जनताको हातमा केही आएको छैन ।
अर्को प्रजातन्त्र हो ‘जनवादी प्रजातन्त्र’ जसलाई हामी ‘जनवादी राष्ट्रिय प्रजातन्त्र’ भन्ने गर्छौं । यस्तो प्रजातन्त्रले मुठीभर शोषक–सामन्तहरू अथवा साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीपतिवर्ग तथा तिनका दलालहरूको मनपरीतन्त्र नभएर सही मानेमा सम्पूर्ण श्रमजीवी

जनतालाई पहिलो पल्ट देशको मालिकका रूपमा स्थापना गर्दछ र जनताको राज, जनताका निम्ति, जनताद्वारा भन्ने सिद्धान्तलाई चरितार्थ गर्दछ ।

यसभन्दा विकसित प्रजातन्त्र हो 'समाजवादी प्रजातन्त्र' । यसले नै सम्पूर्ण जनतालाई राजनीतिक क्षेत्रमा मात्र होइन आर्थिक क्षेत्र, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समान अधिकार दिन्छ र सम्पूर्ण जन–जीवनको उत्तरोत्तर विकास गर्दै लानेछ । सम्पूर्ण जनतालाई समाजवादी व्यवस्थाप्रति सजग नगरिकन र सही नेतृत्व नभइकन यस्तो समाज दिगो हुन सक्दैन । जब नेतृत्व नै स्वार्थी हुन्छ र आफ्नै ऐस–आराम खोज्छ अनि समाजवाद पनि बिग्रन थाल्छ । रूस र पूर्वी युरोपमा ब्रेझनेभ कालदेखि हुर्केको भ्रष्टाचार र शासकहरूका ऐस–आराम र विभिन्न सहुलियत लिने स्वार्थपूर्ण नीतिले त्यहाँ स्थापना भइसकेको समाजवादी व्यवस्था पनि ढल्न गयो ।

हामीले माक्र्सवादी–लेनिनवादी सिद्धान्त मात्र अपनाएर पुग्दैन र देश र जनता पहिले अनि पछि मात्र आफू भन्ने माक्र्स, एन्जेल्स र लेनिनको जीवनशैली पनि अपनाउन सक्नुपर्छ अनि मात्र यस्तो नेतृत्वमा समाजवाद फुल्ने र फल्ने छ ।

हाम्रो देश समाजवादी व्यवस्थाका निम्ति अहिले तयार छैन । त्यसो त पँुजीवादी प्रजातन्त्र अपनाएर पनि देशको कुनै समस्या समाधान हुन सक्दैन भन्ने कुरोको प्रमाण नेपालको आजको व्यवस्थाले दिइरहेको छ । आजको स्थितिमा हाम्रो जस्तो देशका निम्ति सबभन्दा उपयुक्त व्यवस्था एकमात्र 'जनवादी राष्ट्रिय प्रजातन्त्र' हो । यो व्यवस्था न पँुजीपतिवर्गको एकलौटी सरकार चल्ने व्यवस्था हो न यहाँ मजदुरवर्गकै एकलौटी सरकार चल्छ । बेलायत, फ्रान्स, जर्मन, अमेरिकाजस्ता विकसित मुलुकहरूमा नै पँुजीवादी व्यवस्थामाथि मजदुरवर्गले विजय प्राप्त गरी मजदुरवर्गको एकलौटी सरकार चल्छ र सर्वहारावर्गको अधिनायकत्व चल्दछ ।

हाम्रो जस्तो पिछडिएको देश जहाँ राष्ट्रिय पँुजीपतिवर्ग स्वयं साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजीको थिचोमिचोले उठ्न पाइरहेका छैनन्, यस्तो देशमा मजदुरवर्गको एकलौटी सरकार अथवा सर्वहारावर्गको अधिनायकत्व चल्दैन । यहाँ सर्वहारावर्गको नेतृत्वमा मजदुर, किसान, प्रगतिशील तथा देशभक्त बुद्धिजीवीको एकताका आधारमा मध्यमवर्ग, राष्ट्रिय पँुजीपतिवर्ग तथा देशभक्त सामन्तहरूसम्मको व्यापक संयुक्त मोर्चाको संयुक्त सरकार चल्दछ । कुनै एक वर्गले अरू विभिन्न वर्गहरूमाथि थिचोमिचो गरेर होइन कि यी सबै वर्गहरूको आपसमा सरसल्लाह गरेर सबैद्वारा स्वीकृत कार्यक्रमका आधारमा सबैको हितलाई ध्यानमा राखी चलाइने शासन व्यवस्था नै 'जनवादी राष्ट्रिय प्रजातन्त्र' हो । यस प्रकारको बाटो देखाउने काम अर्थात् नेतृत्व दिने काम सर्वहारावर्ग अथवा सर्वहारावर्गको पार्टी एक सिद्धान्तनिष्ठ कम्युनिस्ट पार्टीले गरेको हुन्छ । यहाँ यो पनि याद रहोस् कि 'कम्युनिस्ट पार्टी' भन्नु नै पर्याप्त छैन न त मजदुरवर्गको नेतृत्व भन्नु नै पर्याप्त हुन्छ । आजकल विश्वमा अनेकौँ नक्कली कम्युनिस्ट पार्टीहरू जन–वर्गीय सङ्गठनहरू, मजदुर सङ्गठनहरू स्वयं अमेरिकी साम्राज्यवादले बनाइराखेको छ भन्ने कुरा हामीले माथिल्लो अध्यायहरूमा सप्रमाण उल्लेख गरिसकेका छौँ । पोल्यान्डको मजदुर आन्दोलन उठाएर त्यहाँको

समाजवादी व्यवस्था ध्वस्त गरीदिँदा त्यहाँका जनता बर्बाद भइराखेको कुरो हाम्रो अगाडि ज्वलन्त उदाहरण छ ।
अमेरिकी साम्राज्यवाद, विदेशी एकाधिकार पँुजी तथा सामन्ती प्रतिक्रियावादीले आजकल अक्सर पार्टी तथा जन–वर्गीय सङ्गठनको नेताहरूलाई नै किनेर आफ्नो दलाल बनाई राख्ने गर्छन् । यस्ता नेताहरूको नेतृत्वमा चल्ने कम्युनिस्ट पार्टी हुन् वा जन–वर्गीय सङ्गठनहरू हुन् तिनले देशको कम्युनिस्ट आन्दोलनलाई गलत बाटामा डोर्‍याएर समाजवादी आन्दोलन या राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनलाई भताभुङ्ग गर्ने नै काम गरिरहेका हुन्छन् । यसैकारण कम्युनिस्ट पार्टीको चरित्र हेर्दा साम्राज्यवादप्रति लिएको यसको नीति, त्यस पार्टीको आर्थिक स्रोत, वर्गीय आधार, वर्गीय नेतृत्व, कार्यक्रम, इत्यादि र स्वयं नेताहरूको चरित्रलाई केलाएर हेर्नु आवश्यक छ । यसरी सही किसिमले माक्र्सवाद–लेनिनवाद, विश्व कम्युनिस्ट आन्दोलनको अनुभव र शिक्षाले युक्त कम्युनिस्ट पार्टीले नै सही किसिमले सर्वहारा दृष्टिकोणलाई प्रतिनिधित्व गर्न सक्नेछ । देश र जनताको समस्या समाधान गर्दै देशलाई अगाडि बढाउने क्षमता राख्दछ । सर्वहारावर्गको नेतृत्व भन्नाले यस्तै पार्टीको नेतृत्व सम्झनुपरेको छ न कि कुनै पार्टीेले आफूलाई राखेको नामले । का. माओले लाल झन्डा बोकेर लाल झन्डालाई नै नष्ट गर्नेहरूबारे बारबार जनाउ दिनुभएको थियो ।
यसैकारण आजको स्थितिमा नेपाल र नेपाली जनताको समस्या समाधान गर्दै एक नयाँ समाज, नयाँ मानिसको निर्माण गर्दै देशलाई द्रुत गतिले अगाडि बढाउने हो भने सर्वहारावर्गका नेतृत्वमा अर्थात् सर्वहारा दृष्टिकोणलाई सही ढङ्गले प्रतिनिधित्व गर्ने कम्युनिस्ट पार्टीको नेतृत्वमा अर्थात मार्गदर्शनमा देशका मजदुरवर्ग, श्रमजीवी किसानहरू र देशभक्त तथा प्रगतिशील बुद्धिजीवीहरूका एकताका आधारमा अरू पनि बुद्धिजीवीहरू, मध्यमवर्ग, राष्ट्रिय पँुजीपतिवर्ग तथा देशभक्त सामन्तहरूसम्मको व्यापक संयुक्त मोर्चा बनाएर र साथै अरू गैरकम्युनिस्ट देशभक्त प्रजातान्त्रिक पार्टीहरू र विशिष्ट व्यक्तिहरूसँग विचारको आदानप्रदान गरी एउटा सही समझदारीका आधारमा एउटा व्यापक संयुक्त मोर्चा बनाएर संयुक्त सरकार स्थापना गरेर राज्य सञ्चालन गर्ने ‘जनवादी राष्ट्रिय प्रजातन्त्रिक’ व्यवस्था स्थापना गर्नु नै हाम्रो राजनैतिक कार्यभार हुन आएको छ ।
जबसम्म चुनावको आधार पैसा हुनेछ, त्यस बेलासम्म श्रमजीवी जनताको जीवन बनाउने जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना हुनै सक्तैन । हुन त हाम्रो देशको अहिलेको चुनाव कानुनअनुसार एक क्षेत्रमा कसैले ७५ हजारभन्दा बढी खर्च गर्न सक्तैन भन्ने छ, तर व्यवहारमा एउटै गाउँमा ८५ हजार खन्याएर, ठाउँठाउँमा साम्प्रदायिकता फैलाएर मत प्राप्त गरेका उदाहरणहरू हाम्रो अगाडि छन् र एउटै क्षेत्रमा एउटै पार्टीले १० औँ लाख खर्च गरेका छन् । यो सबै जाँच गर्ने को ? शासकदल पैसाकै बलले जित्ने अनि विरोधी दलले किन कम पैसा खर्च गर्ने ? अनि पैसाको दुरूपयोगमा शासकदल पनि चुप विरोधी दल पनि चुप । कसले कसलाई चेक गर्ने ? जबसम्म चुनाव आयोगले चुनावको नियमलाई कडाइका साथ पालन गराउँदैन स्वतन्त्र र निष्पक्ष चुनाव असम्भव छ ।

चुनाव आयोगका अधिकारी नियुक्त गर्ने, वहाँहरूलाई सरूवा–बढुवा गर्ने काम सरकारी दलका हातमा रहेपछि यसले न निष्पक्ष तरिकाले चुनाव गराउन सक्नेछ न धाँधलीलाई रोक्नेछ अथवा धाँधली गर्नेलाई कारबाही गर्न सक्नेछ ।

चुनाव कम्प्लेन दर्ता गर्ने, यसको छानबिन गरेर पुर्पक्ष गर्ने अधिकार शासकदल अथवा विरोधी दलका प्रभावबाट मुक्त एउटा स्वतन्त्र निकायमा हुनु अत्यन्त आवश्यक छ । अनि, यो ७५ हजारको सीमा पनि मजदुर, किसान तथा सर्वसाधारण जनता जतिसुकै देशभक्त भए पनि एउटा ठूलो बोझ हो र श्रमजीवी जनताको पार्टीले त एउटा क्षेत्र मात्र होइन २०५ सिटका निम्ति खर्चको प्रबन्ध गर्दा करिब २ करोडभन्दा बढी खर्च चाहिने भयो जो श्रमजीवी जनताको पार्टीले आफ्नो सिद्धान्त नबेचिकन कदापि प्रबन्ध गर्न सक्तैन । यसैकारण यस्तो बाटो निकाल्नुपरेको छ जसले गर्दा  विनाखर्च चुनाव जित्न सकियोस् । खर्च कम गर्नका निम्ति सरकारका तर्फबाट निष्पक्ष तरिकाले प्रचार–प्रसार गराउन सबै उम्मेदवारहरूलाई रेडियो र टेलिभिजनको प्रयोगमा समान समय दिनु अति आवश्यक छ । उम्मेदवारहरूको पर्चा र कार्यक्रम सरकारतर्फबाट प्रकाशन गर्ने भएमा यसबाट चुनाव खर्च कम भएर जानेछ । उम्मेदवारहरूको पैसा धरौटीको चलन बन्द गरी उम्मेदवारहरूले उठ्नका निम्ति आफ्नो इलाकामा आमसभाहरू गरी जनताको स्वीकृति लिन र कमसेकम १००० मानिसको सही बटुल्न सक्नुपर्छ । यसरी जति कम खर्चमा चुनाव जित्न सक्ने स्थिति तयार हुन्छ उत्ति नै जितेर गएका प्रतिनिधिहरूले आफ्नो देश र श्रमजीवी जनताको हितलाई ध्यान दिएर काम गर्न सक्नेछन् । यसरी राष्ट्रिय प्रजातन्त्रले चुनावमा जति सक्यो उति कम खर्च गर्ने नियम बसाल्ने छ र देश र जनताका हितमा काम गरेर आएकाहरूको महत्त्व राखी चुनावमा उम्मेदवार खडा गराउने प्रबन्ध मिलाउने छ । यसरी देशका योग्य, इमानदार, सिद्धान्तनिष्ठ र क्रियाशील व्यक्तिहरूले चुनाव जित्ने मौका पाउनेछन् ।

राष्ट्रिय सल्लाहकार समिति (**National Consultative Council**)

बहुदललाई कुखुरा छोडेजस्तै छोडेर आपसमा लडाएर कुनै पार्टीले पनि देश बनाउन सक्ने छैन । देशका सम्पूर्ण देशभक्त पार्टीहरू, समूहहरू र व्यक्तिहरू एक भएरै देशलाई अगाडि बढाउन सकिने छ । तसर्थ एकातिर कम्युनिस्ट  पार्टीले एउटा जनवादी कार्यक्रमका आधारमा व्यापक संयुक्त मोर्चाको गठनमा जोड दिन्छ भने अर्कातिर सरकारको नीति निर्माणमा पनि राष्ट्रिय सहमतिको सृजना होस् भन्ने हेतुले राष्ट्रिय स्तरमा विभिन्न देशभक्त पार्टीहरू, समूहहरूको र विशिष्ट देशभक्त व्यक्तिहरूको एउटा सल्लाहकार समितिको पनि गठन गर्नेछ । यसले विभिन्न समस्याहरूमा आपसी छलफल गरी एक राष्ट्रिय सहमतिको कार्यक्रम निर्माण गरी सरकारको कार्य सञ्चालनमा एकरूपता ल्याउने छ र देशविकासको बाटो सुगम पार्नेछ ।

**प्रतिनिधि सभा**

कुनै–कुनै उग्रवादी कम्युनिस्ट हरूको समझदारी छ कि कम्युनिस्ट व्यवस्थामा चुनाव हुँदैन । उनीहरू भन्ठान्छन् कम्युनिस्ट शासनव्यवस्था राणाशाहीका पालामाभैँ सिधै कम्युनिस्ट हरूले शासन चलाउने हो । साम्राज्यवादीहरू र प्रतिक्रियावादीहरूले पनि यही कुरो प्रचार गर्छन् । यो गलत समझदारी हो । कम्युनिस्ट शासन पनि जनताले चुनेका प्रतिनिधिसभा र प्रतिनिधिसभाले चुनेको सरकारले नै चलाउने हो । जनवादी चीनमा यसलाई ‘जन काङ्ग्रेस’ (People's Congress) भनिन्छ । कम्युनिस्ट व्यवस्थाको प्रतिनिधिसभा सर्वशक्ति सम्पन्न र सार्वभौम नै रहन्छ । हाम्रो पार्टीको समझदारी हो यस्तो प्रतिनिधिसभाको चुनाव पैसाको बलमा घाँटी कटुवा प्रतिस्पर्धा गरेर स्थापना गर्नु सट्टा व्यापक राष्ट्रिय संयुक्त मोर्चा गठन गरी आपसमा छलफल गरी देशका योग्य तथा सिद्धान्तनिष्ठ व्यक्तिहरू पत्ता लगाएर उम्मेदवार खडा गर्नु हो । हामीले थाहा पाएअनुसार चीनको सरकारी पदमा ४० प्रतिशत मात्र कम्युनिस्ट हरू छन् । बाँकी ६० प्रतिशत त्यहाँका संयुक्त मोर्चामा रहेका विभिन्न पार्टीहरूबाट जितेर आएका छन् । संयुक्त वाममोर्चा कमजोर भएर विघटन हुनमा सबै सिट आफैलाई चाहिने एमालेको सङ्कुचित नीति एउटा मूल कारण बन्न गएको थियो । अब कमसेकम यस गल्तीबाट सिकी सबै समूहहरूप्रति मनासिब तरिकाले उम्मेदवार खडा गर्दा नै राष्ट्रिय एकता कायम रहनेछ र देशलाई सबै मिली अगाडि बढाउनमा मद्दत हुनेछ । चुनाव पैसा र मुढेबलका आधारमा होइन, सिद्धान्त र कार्यक्रम, उम्मेदवारको सक्रियता, इमानदारी र देशका निम्ति गरेर आएका कामका आधारमा जित्ने र जिताउने तरिका निकाल्नुपरेको छ ।

**राष्ट्रिय सभा**

आजको राष्ट्रिय सभाको बनावट बिलकुल त्रुटिपूर्ण छ । प्रतिनिधिसभाकै सदस्यहरूले आ–आफ्नो दलको अनुपातमा सो ‘राष्ट्रिय सभा’ का सदस्यहरू चुन्ने, स्थानीय निकायबाट चुनिनेहरू पनि संसद्मा बहुमतप्राप्त दलकै बलमा चुनिने हुँदा यसलाई प्रतिनिधिसभाकै सानो रूप भने पनि हुन्छ । प्रतिनिधिसभाको जुन अनुपातमा मत हुन्छ त्यही अनुपातमा ‘राष्ट्रिय सभामा’ पनि मत हुन्छ र प्रतिनिधिसभाको कुनै कुरो यसले फरक पार्ने सवाल आएन ।

अब रह्यो टनकपुर केसमा झैँ दुबै सदनको संयुक्त बैठकबाट ल्याउने मतभिन्नता । यो नियम प्रतिनिधिसभामा मात्र लागू गरे पनि उही नतिजा निस्कन्छ । शासकदल र विरोधी दल मिलेपछि खेल खत्तम । संसद् ती दई पार्टीहरूको खेलौना हुन जान्छ । यसैकारण राष्ट्रिय सभाको चरित्रमा परिवर्तन ल्याउनै पर्छ ताकि प्रतिनिधिसभाबाट पास गरेर ल्याएका कुराहरूमा सोचविचार गरी कुनै कुरामा गल्ती भएमा यसलाई विरोध गरी प्रतिनिधिसभालाई फेरि सोचविचार गर्ने मौका देऊन् र कुरा नमिले दुइटै सदन बसी छलफल गरी कुरो टुङ्ग्याऊन् ।

हाम्रो देशमा विभिन्न जाति र जनजातिहरू छन् । यसैकारण यी जाति–जनजातिहरूको समान प्रतिनिधित्व हुने गरी सबै जनजातिहरूबाट देशभक्त तथा जनताको सेवा गर्दै आएका व्यक्तिहरू

छानेर कमसेकम ५० प्रतिशत प्रतिनिधिहरू यसरी चुनिएर आएका होऊन् । बाँकी ५० प्रतिशत देशको राजनीतिक, आर्थिक, वैज्ञानिक, साहित्यिकार, समाजसेवी (विदेशी पैसामा चल्ने गैरसरकारी संस्थाहरूबाट होइन) र सरकारी पदमा रहँदा पनि देशप्रति खास देन रहेका सम्मानयोग्य व्यक्तिहरूबाट राख्ने गरेमा यस्तो सभाले राष्ट्रिय हितमा आफ्नो विचार दिएर देशविकासमा र राष्ट्रिय एकतामा योगदान गर्न सक्नेछ । हाम्रो पार्टी आजको राष्ट्रिय सभाको सट्टा यस्तो राष्ट्रिय सभाको निर्माण गर्ने पक्षमा छ ।

जनप्रतिनिधिसमा पनि पैसाको खोलो बगाएर होइन देश र जनताको हितमा काम गरेर आएका सिद्धान्तनिष्ठ, इमानदार र लगनशील व्यक्तिहरू के गर्दा बढीभन्दा बढी चुनिएर आउन सक्नेछन् यसको उपाय निकालेर जनप्रतिनिधिसभाको गठन गरिनेछ ।

जनवादी राष्ट्रिय प्रजातन्त्रले हरप्रकारको हुकुमशाहीको विरोध गर्नेछ, चाहे त्यो हुकुमशाही राजको होस् वा राष्ट्रिपतिको होस् वा प्रधानमन्त्रीको हुकुमशाही नै किन नहोस् । नेपालले राणाशाहीअन्तर्गत प्रधानमन्त्रीको हुकुमशाहीको व्यवस्था पनि भोगिसकेकै हो र आज यो पँुजीवादी प्रजातन्त्रको असफलताले शासकदलको र खास गरी प्रधानमन्त्रीको कदम हुकुमशाहीतिर चल्ने लक्षणहरू देखिन थालेको छ । हुकुमशाही व्यवस्थामा एउटै सर्वोच्च व्यक्तिको मात्र होइन उसको साराका सारा नाताकुटुम्ब र सेवकहरूको हुकुमशाही चल्न थाल्छ – चाहे प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा काङ्ग्रेसी हुकुमशाही होस् वा राजाको नेतृत्वमा पञ्चहरू अथवा अरू प्रतिक्रियावादी तत्त्वहरू हुन् , तरिका एउटै हो । यसैकारण ‘जनवादी राष्ट्रिय प्रजातन्त्र’ ले कसैको पनि हुकुमशाही चलाउने व्यवस्थाका रूपमा आफूलाई विकास गर्ने छैन । यो सही मानेमा जनताको प्रजातन्त्र हो ।

**अर्थनीति**

हरेक देशको अर्थतन्त्र आफ्नै देशका खुट्टामा उभिएर स्वतन्त्र रूपले विकास भएको हुनुपर्छ । हाम्रो देशमा पँुजी नभएर विदेशी पँुजी ल्याउनुपर्ने भन्ने कुरो सरासर देशलाई धोका दिने कुरो हो । यदि सरकार देशका निम्ति अर्पित छ र सरकारको नीति आफ्नो देशको उद्योग र उद्यमहरूलाई बचाएर फलाउने– फुलाउनेतिर छ भने यहाँ नेपालीको राष्ट्रिय पँुजीको कुनै कमी हुने छैन । राणाशाहीका पालामा मानिसहरूले पैसा निकाले भने अहिले निकाल्दैनन् भन्ने कुरो छैन । तर जनतामा यस्ता उद्योग र उद्यमहरू टिक्नेछन्, यिनको सुरक्षा हुनेछ र यिनले नाफा दिनेछन् भन्ने ग्यारेन्टी हुनुपर्‍यो । अर्को कुरो नेपालीको बचत रकम उपयोग गर्ने हो भने नेपाली बैङ्कलाई प्रोत्साहन गर्नुपर्‍यो । विदेशी बैङ्कमा जम्मा भएको रकम विदेशमै लगानी हुन जान्छ । उद्योगहरू नाफामा चलेका खण्डमा मानिसहरूले घरखेत बन्दकी राखेर अथवा बेचेर पनि औद्योगिक विकासमा लगानी गर्न थाल्छ । यसै पाला हिमाल बैङ्कको सेयर किन्न लागेको लाइनले यस कुराको पुष्टि गर्दछ । पँुजीको अर्को स्रोत हो समाजमा आज भइरहेको फाल्तु खर्चको कटौती,

ताम–झाम र देखावटी कुराहरूमा कटौती, यदि जनताले लगानी गरेर नाफा आउने ग्यारेन्टी भएमा यी सबमा लाग्ने रकमहरू पनि आफसेआफ औद्योगिक विकासका निम्ति निक्लने छ । अर्को स्रोत हो हाम्रा प्राकृतिक स्रोतहरू र कृषियोग्य जमिन जसबाट हामी सयकडौँ अरब निकाल्न सक्नेछौँ । हाइटेक्निकका निम्ति विदेशीसँग संयुक्त लगानी गर्न सकिन्छ । तर नेपालभित्र आएका विदेशी पँुजीपतिहरूले नेपालमा लगानी गर्दा सेकेन्ड हेन्ड मेसिनहरु थमाइदिने, यसको पैसा लिने, नयाँ उद्योगहरूलाई १० वर्षसम्म ट्याक्स फ्रीको फाइदा उठाउने, कारखानाहरूको सम्पत्ति कर्मचारीहरूलाई घूस दिएर परलभन्दा उच्च मूल्यमा बन्दकी राखेर कारखानामा लगाएको रकमभन्दा बढी रकम पहिले नै  हात पारिराख्ने अनि मौका छोपी विदेशमा टाप कस्ने गर्दछन् ।
यसैकारण हामीले बढीभन्दा बढी प्रोत्साहन आफ्नै देशको राष्ट्रिय पँुजीलाई दिनुपरेको छ । नेपाल कम्युनिस्ट  पार्टी आफ्नो अर्थतन्त्रको मेरूदण्डका रूपमा 'राजकीय क्षेत्र' लाई नै खडा गर्ने पक्षमा छ । आफ्ना देशका ठूला उद्योगहरू, इन्जिनियरिङ कारखानाहरू, मातृ उद्योगहरू सबै राजकीय क्षेत्रमा हुनुपर्छ । अन्य हलुका मध्यम कारखानाहरू, इन्जिनियरिङ कारखानाहरू निजी क्षेत्रमा पनि चल्न सक्छन् । राजकीय क्षेत्रका आधारमा साना, हलुका तथा मध्यम र अन्य विभिन्न खालका कारखानाहरू सहयोगी कारखानाका रूपमा वा निजी कारखानाका रूपमा चलाउने कुरामा प्रोत्साहन गरिनेछ । राजकीय क्षेत्रले निजी क्षेत्रलाई विदेशी प्रतिस्पर्धाबाट बचाउनेछ । यस्ता कारखानाहरूको सफलताका निम्ति यिनीहरूलाई चाहिने मेसिनहरू, कच्चा मालहरू, चाहिने बैङ्क ऋणहरू, टेकनिक र बजारको प्रबन्ध जनवादी राष्ट्रिय प्रजातान्त्रिक सरकारले गरिदिनेछ ।
आफ्ना देशका युवाहरूलाई बढीभन्दा बढी विदेश पठाएर पनि टेकनिकको ज्ञान हासिल गर्ने तालिममा पाठइनेछ । नेपालमा स्वयं पनि उच्च प्राविधिक तालिमको प्रबन्ध गरिनेछ । देशलाई सही रूपमा विकास गर्ने हो भने हामीलाई १० औँ लाख सुयोग्य र इमानदार टेक्निसियनहरूको आवश्यकता छ । आज हाम्रो जस्तै सानो मुलुक उत्तर कोरियामा बुद्धिजीवीहरूको संख्या १६ लाख पुगेको छ । गत साल यो संख्या १५ लाख थियो । यसरी साल सालै  त्यहाँ बुद्धिजीवीहरूको संख्या बढ्दै छन् ।
यो पँुजीवादी प्रजातन्त्रमा सुयोग्य व्यक्तिहरूको खोजी होइन, आफ्नै नाताकुुटुम्ब, सेवकहरूको र घुस दिन सक्नेहरूको खोजी हुन्छ र बाँकी दुनियादारी जस्तोसुकै तालिमप्राप्त भए पनि फाल्तु भएर बस्नुपर्छ । आज नेपालका तालिमप्राप्त सुयोग्य इन्जिनियरहरूले आफ्ना योग्यतासँग सम्बन्ध नभएका सानातिना कामहरू गरेर जीवन धान्नुपरिरहेको छ । आज एकातिर नेपालमा टेक्निसियनहरू कम छन् भनिन्छ र यसै बहानामा विदेशी पँुजी भित्राउने काम गरिन्छ । अर्कातिर तालिमप्राप्त इन्जिनियरहरू या त काम नपाएर सुरूदेखि नै अन्य काम गरेर बाँच्न बाध्य छन् अथवा जसले एकचोटि काम पाएका थिए उनीहरूलाई पनि शासकदलका समर्थक नभएपछि नोकरीबाट एक–एक बहानामा बर्खास्त गरेर उनीहरूको जीवन नष्ट गर्ने काम हुन्छ । जनवादी राष्ट्रिय प्रजातन्त्रले देशका नागरिकहरूमा यस्तो भेदभाव मेटाएर सबैको योग्यता, इमानदारीता र

लगनशीलताको कदर गर्ने छ । देशका राष्ट्रिय उद्योगहरूमा जोड दिएर देशको युवाशक्तिको सदुपयोग गरिने छ ।

हाम्रो राष्ट्रिय अर्थतन्त्र मूल रूपले दुई स्तरमा हुन्छ :

(क) राजकीय क्षेत्र र

(ख) निजी राष्ट्रिय क्षेत्र

- राष्ट्रिय पँुजीपतिहरूद्वारा सञ्चालित राष्ट्रिय क्षेत्र
- नेपाली जनताको सहकारी क्षेत्र
- सरकारी तथा जनताको संयुक्त लगानीद्वारा सञ्चालित क्षेत्र

राजकीय क्षेत्र हाम्रो अर्थतन्त्रको मेरूदण्ड हुनेछ । राजकीय क्षेत्रलाई मजबुत र व्यापक नबनाई सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्न सकिन्न । सबैलाई कामको ग्यारेन्टी, खाना, कपडा, आवासको प्रबन्ध, शिक्षा र स्वास्थ्यको प्रबन्ध, देशको चौतर्फी विकास राजकीय क्षेत्रलाई मजबुत र व्यापक बनाएर नै गर्न सकिन्छ । नत्र सरकारसँग यी सबै खर्चको निम्ति आम्दानी कहाँबाट आउँछ ? यो पँुजीवादी सरकारले एकातिर प्रजातान्त्रिक समाजवादको कुरा गर्छ अर्कातिर राजकीय क्षेत्र बेच्दछ अनि यो सरकारको प्रजातान्त्रिक समाजवादले उल्टो बाटो पक्री जनतालाई राहत दिने सट्टा जनतामाथि करमाथि कर थप्ने काम गर्छ । पानी नआए पनि धाराको महिनामा ७५ रूपैयाँ तिर्नुपर्ने बाध्यता छ । बिजुलीको सयकडौँ रूपियाँ तिर्नुपर्ने, क्याम्पसको फी ३००।–, औषधीउपचार गर्नुपर्‍यो भने घरखेत बेचेर गर्नुपर्ने, मनपरी नोकरी खोसिदिने, सुकमवासहीरूलाई अर्को कुनै कुरो प्रबन्ध नगरी उठीवास गर्ने, काम दिनु पर्‍यो भने पहिले काङ्ग्रेसी हुनुपर्ने । यो कस्तो समाजवाद हो नेपाली काङ्ग्रेसको ?

उल्टो काम गरेर सुल्टो नतिजा कहिल्यै प्राप्त हुने छैन । निमको रूख रोपेर सुन्तला कहिल्यै फलाउन सकिने छैन । यदि नेपाली काङ्ग्रेस सही मानेमा समाजवादी पार्टी हो भने यसले सर्वप्रथम त देशका दुई करोड जनताप्रति समाज दृष्टिकोण राखेर विनाभेदभाव सबैको समस्या समाधान गर्नुपर्ने हो । देशका विभिन्न पार्टीहरू वा समूहहरूसँग पनि विनाभेदभाव सबैसँग राम्रो सम्बन्ध राखी सरसल्लाह गरी एउटा राष्ट्रिय कार्यक्रम निकाल्नुपर्ने हो । देशको भएको राजकीय क्षेत्रलाई बचाएर यस क्षेत्रमा अरू नयाँनयाँ कारखानाहरू खोल्नुपर्छ । आफ्नो देशको निजी क्षेत्रको राष्ट्रिय पँुजी कसरी बचाउने भन्ने कुरामा ध्यान दिनुपर्छ । तर नेपाली काङ्ग्रेसको सरकारको सम्पूर्ण नीति उल्टो र गलत दिशामा गइरहेको छ ।

जनवादी राष्ट्रिय प्रजातन्त्रले यस्तो उल्टो नीतिलाई सुल्टाएर ल्याउने छ, जसले राजकीय क्षेत्रको विकासमा जोड दिनेछ, ताकि सम्पूर्ण जनताको खाने, बस्ने, लाउने, शिक्षा, स्वास्थ्य सबै कुराहरूको ग्यारेन्टी हुन सकोस् र हाम्रो देश निरन्तर रूपले विकासको बाटोमा अगाडि बढ्दै जाओस् ।

यसबाहेक हाम्रो देशका राष्ट्रिय पँुजीपतिहरू जो देशमा आद्यौगिक विकास गर्ने पक्षमा छन्, उनीहरूलाई प्रोत्साहन दिई उनीहरूले उठाएका उद्योगहरूलाई चाहिने कच्चा माल, आवश्यक ऋण र बजारको इन्तजाम गरिने छ ।

नेपाली काङ्ग्रेसको सरकारले लिएको साम्राज्यवाद वा विदेशी पँुजीको सेवा गर्ने नीतिअन्तर्गत लिइएको खुलाद्वार, खुला प्रतिस्पर्धाको नीति बन्द गरिनेछ । अमेरिकाजस्तो विकसित देशले जापानी प्रतिस्पर्धाबाट जोगाउन आफ्नो देशमा सुरक्षा ९एचयतभअतष्यल० को नीति लिनुहुने हाम्रो जस्तो अविकसित र उद्योगको जग हाल्न पनि बाँकी देशले खुलाद्वार, खुला प्रतिस्पर्धाको नीति लिएर आफ्नो देशको राष्ट्रिय उद्योग र व्यापार बर्बाद भएको हेरिरहनुपर्ने उचित देखिँदैन । यो नीति अमेरिकाले विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैङ्क (ADB) हरूमार्फत हामीमाथि लादेको छ । नेपाल कम्युनिस्ट  पार्टी यसै निम्ति विदेशी पँुजीलाई खुलाद्वार र विदेशी सामानसँग प्रतिस्पर्धाको पक्षमा छैन र हामो देशको राजनीति र अर्थनीति दुवैलाई स्वतन्त्र रूपले आफ्नै खुट्टामा उभ्याएर बढाउने पक्षमा छ ।

त्यो विशाल देश जनवादी चीन र यसको विशाल अर्थतन्त्रको देखासिखी गरी जनवादी चीनको नीतिको रहस्य नै नबुझी हामीले अन्धा–धुन्ध विदेशी पँुजी भित्र्याउने र खुलाद्वार प्रतिस्पर्धाको नीति लिनु बाँदरले सिकर्मीको नक्कल गरेजस्तै नक्कल गरेर धोका पाउने बाटो हो । हाम्रो देशका निम्ति यस्तो नीति राष्ट्रघाती नीति नै साबित हुनेछ । संयुक्त लगानी जनवादी चीनले कसरी गरिरहेको हो त्यो पनि बुझेरै लागू गर्नुपर्छ । हाम्रो नेपाल कम्युनिस्ट  पार्टीले प्राथमिकता हाम्रो देशको राजकीय क्षेत्र र त्यसपछि राष्ट्रिय सहयोगी उद्योग र उद्यमहरू र निजी क्षेत्रका अरू उद्योग र उद्यमहरूलाई पनि प्रोत्साहन गर्ने छ ।

जहाँसम्म राजकीय क्षेत्र असफल हुन्छ भन्ने कुरो हो त्यो असफलता राजकीय क्षेत्र भएको हुनाले होइन त्यस क्षेत्रमा चलेको भ्रष्टाचार र लापर्बाहीप्रति सरकारको उदासीनता नै जिम्मेदार छ । आज जनवादी चीनले राजकीय क्षेत्रमा ६ प्रतिशतले बढाउने लक्ष्य राखेकोमा आश्चर्यजनक तरिकाले यो देश २० प्रतिशत दरले अगाडि बढिरहेको छ । त्यहाँ किन राजकीय क्षेत्र असफल भएन ? त्यहाँका नेताहरू इस्पातजस्तै दृढ, योग्य, इमानदार र भ्रष्टाचारले छुन नसक्नेहरू छन् । जब कि नेपालका शासकवर्गले यस दाँजामा आफूलाई ल्याउने कुरो भएन । राजकीय क्षेत्रको सफलता र असफलताको मूल कारण यही हो । यो दोष राजकीय क्षेत्रको होइन, सरकारमा बस्नेहरूको असक्षमताको हो ।

राजकीय क्षेत्र र नेपाली जनताको निजी क्षेत्रको विकास भएमा नै हाम्रो देशमा स्थापित उद्योगहरूको नाफा नेपालमा रहन्छ र हाम्रो देश झन धनी भएर आउने छ । विदेशी पँुजी, विदेशी ऋणले हाम्रो राष्ट्रिय धन ब्लटिङ पेपर (कागज) ले मसी शोषण गरेजस्तै हाम्रो सम्पूर्ण राष्ट्रिय धन शोषण गरेर लाने छ । सुन्निएर मोटाएको मान्छे बाहिरबाट हेर्दा मोटो तर भित्रबाट रोगी र अशक्त भएझैं हाम्रो देशलाई बाहिरी रुपले विकसित र भित्रबाट खोक्रो पार्ने चाल हो यो । एउटा नाली

बनाउन परे पनि अर्काको दानमा वा ऋण काढेर बनाउनुपर्ने र जनतालाई हरबखत दरिद्र हालत राख्ने नीति नै आजको पँुजीवादी सरकारले अपनाएको छ । हाम्रो देशको पनि नैतिक पतन भएर हामी नेपाल आमाका सन्तान नेपाली महिलाहरूले दक्षिण कोरिया अर्थात् थाइल्यान्डमाजस्ते नैतिकता बेचेर जिउनुपर्नेहरूको संख्या बढ्दै जानेछ । ब्राजिलमा जस्तै हाम्रो देशका भविष्यका कर्णधार हुने बालवालिकाहरू पर्यटकहरूका सुविधाका निम्ति हजारौं, लाखौंका तादातमा मारिन थालिने छन् । हाम्रो देशका लाखौं जनता बेकारीका सिकार भएर आकाशमुनि सडक अथवा मैदानमा सुतेर अर्काले फालेको जुठा–पुरा खोजेर खानु पर्ने हालतमा पुग्नेछन् ।
यसैकारण हामीले देशविकास गर्ने हो भने विदेशी पँुजी र विदेशी ऋणको भरमा होइन, आफ्नै खुट्टामा उभिएर राजकीय होस् वा निजी क्षेत्रमा आफ्नै राष्ट्रिय सम्पत्तिका रूपमा विकास गर्नुपरेको छ र जनवादी राष्ट्रिय प्रजातन्त्रले यसै नीतिलाई दृढताका साथ अवलम्बन गर्ने छ ।

**संस्कृति**

हामीले आफ्नो राष्ट्रिय संस्कृतिको विकास गर्नु छ । राष्ट्रिय संस्कृति भन्नाले हाम्रो देशका पहाडवासी र तराईवासी सबैको संस्कृति नै बुझिन्छ । पहाडवासीमा पनि र तराईवासहीरूमा पनि अनेक जाति र जन–जातिहरू छन् । यिनीहरू सबैको सांस्कृतिक विकास नै हाम्रो राष्ट्रिय संस्कृतिको विकास हो । अक्सर विभिन्न जाति र जन–जातिहरूको संस्कृति उही पुरानो परम्पराजस्तो छ उस्तै मात्र देखाउने गरिन्छ । हरेक जन–जातिका नाचगान, रीतिरिवाज, जस्ताको तस्तै राखेर हुँदैन । यी सबै कुराहरू विकास गरेर अझ सुन्दर र सुसंस्कृत बनाएर लानु छ । संसारको कुनै कुरो यथावत रहँदैन । ती कुराहरू कि लोप भएर गइरहेका हुन्छन् कि विकास भएर आइरहेका हुन्छन् । जुन कुरो विकास भएर आउँदैन त्यो ह्रास भएर जान्छ । एउटा विरूवा कि झन्झन् ठूलो भई फुलेर फलेर आउँछ कि मरेर जान्छ । तसर्थ हाम्रो प्रयास हरेक कुरामा निरन्तर विकासतिर पाइला चालेर गइरहेको हुनुपर्छ ।
फूलबारी कार्यक्रम भनेर हप्ताको ५–७ मिनेट टि.भी.मा देखायो श्री ५ को सरकारको कर्तव्य पूरा भयो । यो सरासर विभिन्न जन–जातिहरूमाथि घोर अन्याय हो । सबैको सांस्कृतिक विकासका निम्ति समान अवसर दिनै पर्छ । अनि मात्र हाम्रो देशको फूलबारी राम्रो हुने छ । एकले अर्कामाथि अन्याय नगरे नै राष्ट्रिय एकता पनि सुदृढ भएर आउने छ । कुनै पनि जातिले कुनै पनि जातिमाथि दमन गर्दा नै राष्ट्रमा अनेकन् अलगाववादी भावना पैदा भएर आउने छ । आज नेपालमा अलगाववादी भावना फैलिएर गइरहेको छ जो हाम्रो राष्ट्रिय विकासमा मद्दत गर्ने नभई राष्ट्रलाई नष्ट–भ्रष्ट गर्ने दिशामा गइरहेको छ ।
हामीलाई हाम्रो राष्ट्रिय विकासका निम्ति हाम्रो देशका सम्पूर्ण जनता चाहे पहाडवासहीरू हुन् वा तराईवासी हुन् सबैका बीचमा मैत्री, प्रेम, भाइचाराको जरूरत छ । विभिन्न जन–जाति र धर्मावलम्बीहरूका बीच आपसी मैत्री, प्रेम, भाइचारा र सद्भावनाको विकास गर्नु परेको छ । धर्मका

सवालमा पनि धर्मनिरपेक्षता होइन, धार्मिक सहीष्णुता र समन्वयको जरूरत छ । सबै धर्मका पछाडिको दर्शनलाई गहिरिएर अध्ययन गरेका हामी धार्मिक कलह होइन, धार्मिक सामन्जस्यतामा नै पुग्ने छौँ । मानिसहरू अज्ञानतावश नै धार्मिक कलहमा फस्न जान्छन् । आज हाम्रो देशको सांस्कृतिक विकासका नाउँमा ड्रामा, नाच, फिल्म, फिल्मी गीतहरूले हाम्रा यी कुनै राष्ट्रिय समस्यामा छुने गर्दैन । यी सम्पूर्ण कुराहरूले घुमाइफिराइकन कान्छा र कान्छीको प्यार मोहब्बतसम्म नै आफ्नो विषयवस्तुलाई सीमित गरेको देखिन्छ । यस्तो भान हुन्छ मानौँ लडका–लडकीको सम्बन्ध नै जीवनको सार हो । देशका यत्रा समस्याहरू छन् के यी कुराहरूलाई लिएर कुनै गीत बन्न सक्दैन ? अथवा के यी विषयवस्तुहरूमा ड्रामा, नाचहरू र फिल्महरू, टेलिफिल्महरू बन्न सक्दैनन् ? के समाजलाई दिशाबोध गराउनु सांस्कृतिक कर्मीहरूको पनि कर्तव्य र जिम्मेदारी होइन र ? सांस्कृतिक क्षेत्रको जिम्मेदारी मनोरञ्जन मात्र होइन, मनोरञ्जनका साथै समाजलाई सही दिशाबोध गराउनु पनि हो ।

लडका–लडकीहरूको प्रेम पनि गीतहरू र फिल्महरूमा कोरा तरिकाले नै देखाइएको हुन्छ । धेरैजसो फिल्महरूमा एक–दुई पटक अङ्कमाल गरेर भुइँमा लडीबुडी खेल्यो एकआध ठाउँमा एकले अर्कालाई लखेट्यो अनि पक्रेर बच्चालाई जस्तो आकाशमा उठायो भयो सांस्कृतिक कलाको दर्शन । अनि, पप गीत, डिस्को डान्स उही कान्छाकान्छीको विषयवस्तु । यी सब संस्कृतिका विकृतिहरू हुन् । एउटा गीत याद आउँछ जसमा भनिन्छ, '१६ वर्ष लागिसकेँ लडकी नपाउँदा जीवनै बर्बाद भयो रे ।' अर्को गीतले भन्छ, 'जवानी खेर नफाल ।' खेर नफाल्नु कुन मानेमा । जवानीमा कुनै पुरूषार्थ गरेर होइन कि लडका–लडकी बीच सम्बन्ध बढाएर ? के यत्तिकै निम्ति मानिसको जन्म भएको हो ? यत्ति काम त कीट–पतङ्ग, झिँगाहरूले पनि जानेको हुन्छ । तर मनुष्य जीवन यतिसम्म सीमित छैन । मानिससँग अनन्त शक्ति लुकेको छ । मानिसले गर्न नसक्ने कुनै काम छैन, चाहे त्यो क्षेत्र विज्ञान, साहित्य, राजनीति इत्यादि कुनै क्षेत्र किन नहोस् । आज सांस्कृतिक कर्मीहरूले मानिसहरूमा लुकेको यो शक्ति निकाल्ने र विकास गर्ने कुरामा प्रोत्साहित गरेर बाटो देखाउनुपरेको छ । नेपाली भाषा अथवा विभिन्न अन्य जन–जातिहरूको भाषामा गीतहरू, नाचगान, नाटक, फिल्म, टेलिफिल्महरू बन्नेबित्तिकै राष्ट्रिय संस्कृतिको विकास भयो भन्न सकिन्न । रेडियो, टिभी, सिनेमा, ड्रामा आदि मनोरञ्जनका साधन मात्र नभएर समाजलाई सही दिशा दिन सक्ने सशक्त माध्यमहरू पनि हुन् । यी सबैको जिम्मेदारी पैसा र मनोरञ्जन मात्र नभएर समाजलाई सही दिशाबोध गराउनु पनि हो ।

संस्कृति यस्तो एउटा सशक्त माध्यम हो, जसले सुतेको आत्मालाई जगाउन सक्छ । दुश्चरित्र मानिसलाई सच्चा चरित्रमा बदल्न सक्छ, देशमा साम्प्रदायिकता, धार्मिक अन्धविश्वासलाई खत्तम गरेर राष्ट्रिय एकताको मजबुत जग हाल्न सक्छ । पाकिस्तानको टेलिफिल्मले पाकिस्तानी जनतालाई सही दिशा दिएर समाजलाई सुधार्नमा धेरै मद्दत गरेको छ । हाम्रै रामायण, महाभारत, श्रीकृष्ण यस्तै सार्थक फिल्महरू हुन् । हाम्रो देशका फिल्महरूले यस्तो उत्कृष्ट विषयवस्तु राखेर

समाजलाई सही बाटो देखाउने फिल्म किन बनाउन नसकेको ? हिन्दी फिल्ममा ‘रोटी’ फिल्म यस्तै एउटा राम्रो फिल्म हो । फिल्महरू उपयोगी हुनुका साथै उत्तिकै रोचक पनि बन्न सक्छन् । नेपाल कम्युनिस्ट पार्टीले नेपालको संस्कृतिलाई यस दिशामा विकास गर्ने प्रयास गर्ने छ । सांस्कृतिक क्षेत्रमा यसका निम्ति सङ्घर्ष गर्नेछ ।

**धर्म**

धर्म के हो ? अधर्म के हो ? आज मानिसहरू भ्रममा परेका छन् । श्रीकृष्णको भनाइ रह्यो, ँकर्म के हो, अकर्म के हो भन्ने कुरामा आजकल कविहरू पनि मोहमा परेका छन् । कवि भनेको एकआध वटा कुराहरू छन्दमा बाँध्न सक्नेबित्तिकै बन्दैन । वाल्मीकि, वेदव्यास जस्ता ठूल्ठूला विद्वान ऋषिहरूलाई भनेका हुन् । श्रीकृष्णले अन्तमा भने, ँसारा धर्म छोडिदेऊ, म एउटाको शरणमा आऊ । यहाँ **‘म’** भन्नाले श्रीकृष्णले आफूलाई भनेका होइनन् सबै मानिसमा रहेको साझा ‘**म’** लाई भनेका हुन् । श्रीकृष्णले आफूलाई अरूमा र अरूलाई आफूमा देख्ने शिक्षा दिएका थिए । श्रीकृष्णले यसो भन्दा धर्मलाई सङ्कुचित घेरामा राख्नु भएन । विश्वका सम्पूर्ण मानव चाहे ती कुनै जातका वा कुनै देशका किन नहुन् सारा मानव र आफू एउटै हौं भन्ने कुरो सिकाए । यहाँ सङ्कुचित जातिवाद र साम्प्रदायिकता तोडिन्छ र विश्वमानवप्रति नै मैत्री, करूणा, सदभावना राखेर नि:स्वार्थ भावले काम गर्ने कुरो सिकाउँछ ।

बुद्धले पनि आफूलाई पूजा गर्न सिकाएका थिएनन् । बुद्धको भनाई थियो, ँयो मेरो शरीर बुद्ध होइन, ज्ञानले भरिएको मानिस नै बुद्ध हो । बुद्धले पनि **‘बहुजन हिताय बहजन सुखाय’** भनेर सबैमाथि अनुकम्पा राख्ने कुरो सिकाए । सम्पूर्ण मानवप्रति मैत्री, करूणा, दया र सद्भावना राख्ने कुरा सिकाए । बुद्धले पनि जातीयवाद र साम्प्रदायिकताको घेरालाई तोडेर निस्के । बुद्धले त सुभूतिहरूलाई भनेका थिए, **“मैले धर्म प्रचार गरिरहेको होइन, धर्मको कुनै रूपरेखा छैन । धर्म नै रात्म्य हो ।** जुन काम गर्नाले विनाभेदभाव मानवमात्रको कल्याण हुन्छ उही मानव धर्म अर्थात् कर्तव्य हो । यसैकारण अक्सर बुद्ध धर्म भनिँदैन, बुद्ध–मार्ग भनिन्छ । सबै धर्मको सारमा जाने हो भने **“मानवताको सेवा नै धर्म हो ।”**

आज सबै धर्मका गुरूहरूले धर्मलाई अन्धविश्वासमा फँसाएर साम्प्रदायिकताको घेराबन्दिभित्र राखेर मानिस र मानिसका बीच मैत्री, करूणा, दया, सद्भावना, न्याय होइन, एक धर्मावलम्बीले अर्को धर्मावलम्बीप्रति घृणा–भावना तथा साम्प्रदायिक फैलाउने काम गरिरहेका पाइन्छ र धर्मलाई आफ्नो निजी स्वार्थ प्राप्त गर्ने भाँडो बनाइदिएको छ ।

हाम्रो समझदारीमा धर्मनिरपेक्ष भनेर पुग्दैन । हामीलाई राष्ट्रिय एकताका निम्ति धार्मिक समन्वय चाहिएको छ । धर्मनिरपेक्ष भन्नाले सरकारले धर्मप्रति वास्ता नगरी आ–आफ्नो धर्म मान्ने स्वतन्त्रता दिनु हो । यहाँसम्म कुरो ठीकै छ तर यत्तिले पुग्दैन । यसले धार्मिक कलह मेटाउँदैन । धर्मनिरपेक्ष भारतमा हिन्दू–मुसलमानबीचको काटमार यसको प्रमाण हो । हामी धर्मनिरपेक्षताका

नाउँमा धार्मिक कलह र काटमारको पक्षमा छैनौं । यसैकारण हामी धार्मिक समन्वय र आपसी मैत्री, प्रेम र सद्भावनाका पक्षमा उभिन्छौं । हामीहरूलाई मानवमात्रप्रति आपसी मैत्री, प्रेम, सद्भावना चाहिएको छ । धर्मभित्र घुसेका कुरीतिहरूबाट समाजलाई मुक्त गर्नपरेको छ ।
यसैकारण बुद्धले भनेका थिए, **"चित्तलाई कहीं नटाँस स्वतन्त्र राख ताकि हरेक कुरामा सही र गलत छुट्याएर काम लिन सकियोस् ।"**
माक्र्सवादले आफूलाई कुनै धर्ममा बाँध्ने कुरो सिकाउँदैन । यसले मानिसलाई मानिस बनेर जातिबाट, साम्प्रदायिकता, इलाकावाद सारा साँगुरो घेरालाई तोडेर विश्वका सम्पूर्ण जनताप्रति विनाभेदभाव आपसमा मैत्री, करूणा, दया, प्रेम र सद्भावना राख्ने कुरो सिकाउँछ र मानिसलाई व्यक्तिगत रूपले मात्र होइन सम्पूर्ण समाजलाई बदलेर मानिसले मानिसमाथि गरेर आएको शोषण–दमन, अत्याचारबाट मुक्त भएर आफ्नो मात्र होइन सम्पूर्ण मानवजाति र मानवसमाजलाई उत्तरोत्तर विकास गर्ने बाटो देखाउँछ । दुई–चार पैसा दान दिएर धर्म कमाउने सट्टा सम्पूर्ण मानवको जीवन सुखी, सम्पन्न र सुनिश्चित बनाएर चिन्तारहित जीवन निर्माण गर्ने बाटो देखाउँछ र मानिसले आफ्नो भाग्य आफै निर्माण गर्ने बाटो खोल्दछ । यदि धर्मको सारतत्व पक्रने हो भने विश्वमा योभन्दा अरू ठूलो धर्म कुनै छैन ।
कम्युनिस्टहरू धर्मविरोधी होइन, सहीमानव धर्मका रक्षक हुन् । कम्युनिस्टहरूले कसैको उपकार हुने काम गर्दा मलाई धर्म लाग्ला र स्वर्ग जाउँला भन्ने आशा राखेर गर्दैनन्, मानवप्रति आफ्नो कर्तव्य सम्झेर गर्दछन् । यदि कसैलाई धर्मप्रति आस्था छ भने यसको उपयोग साम्प्रदायिक भावना फैलाउनका लागि होइन विश्वमा एक नयाँ समाज निर्माण गर्न, नयाँ मानिस तयार गर्नका निम्ति प्रयोग गरौं ।
आदिकालदेखि नेपालमा धार्मिक कलह होइन, धार्मिक सामञ्जस्यतामा जोड दिइएको थियो । पाटनको मच्छिन्द्रनाथ यसको प्रतिमूर्ति हो । मच्छिन्द्रनाथको पूजा गर्ने बौद्ध आचार्यहरू हुन् भने मच्छिन्द्रनाथको रथ तान्दा हैया (साथ) दिने ब्राह्मण हुन् अनि रथ तान्नेहरू कुनै जाति नभएर सर्वजातिको हुन्छन् । यहाँ छुवाछूतको भेदभावसमेत मटेर जान्छ ।
त्यस्तै वौद्ध मार्गका सम्पूर्ण कर्मकाण्ड पनि मच्छिन्द्रनाथलाई गरिन्छ । अनि स्त्रीहरूका निम्ति गर्नुपर्ने सम्पूर्ण कर्मकाण्ड पनि गरिन्छ । पुरूषलाई गर्नुपर्ने सम्पूर्ण कर्मकाण्ड पनि गरिन्छ । यसरी मच्छिन्द्रनाथले कुनै खास जाति वा धर्मविशेषको प्रतिनिधित्व नगरी नेपालमा त्यस बेला चलेका दुइवटै धर्मको एकरूपले प्रतिनिधित्व गर्दछ र यसले कुनै जातिविशेषको प्रतिनिधित्व नगरी मानवताको प्रतिनिधित्व गर्दछ । यसकारण मच्छिन्द्रनाथलाई **'करूणामय'** (करूणाको खानी) पनि भनिन्छ । नेपालमा सम्पूर्ण हिन्दू नेवारहरूले बौद्ध मन्दिर र विहारहरूलाई उत्तिकै आदरका दृष्टिले हेर्ने गर्छन् र हिन्दू मन्दिरहरू र बौद्ध विहारहरूमा कुनै भेद गर्दैनन् । हुन त पहिलेका ऋषिहरूले बुद्धलाई नवौं अवतार मानेका छन् । अवतार भन्नाले एउटै व्यक्तिको आत्माले एकपछि अर्को गरी जन्मन आएको अवश्य होइन । यस्तो हो भने परशुराम जीवित

छँदाछँदै राम र कृष्णको जन्म हुने थिएन । परशुराम र रामका बीच टक्कर परेका बेलामा श्रीकृष्णलाई परशुरामले सुदर्शनचक्र भेट गरेका थिए । यदि उही एउटा आत्मा बारम्बार जन्मन आएको भए परशुरामको देहान्तपछि रामको जन्म हुने थियो र रामको पनि देहान्त भएपछि नै श्रीकृष्णको जन्म हुने थियो । तसर्थ १० अवतार भनेको स्वयं विष्णु एक जन्मपछि अर्को जन्म हुन आएका होइनन् । विश्वमा जन्मेका त्यस बेलासम्मका सर्वोच्च व्यक्तिहरू नै त्यस बेलाका अवतारहरू हुन् । एउटा व्यक्तित्व अझ च्भकभचखभ मा नै छन् ।
यस्तै कपिल ऋषिलाई २४ आँैं अवतार मानिएको छ, जब कि कपिलको जन्म कृष्णभन्दा अगि नै भइसकेको थियो । वहाँले सांख्य दर्शन– एक अनिश्वरवादी, भौतिकवादी दर्शन प्रवर्तन गरेका थिए । विश्वलाई उनको देनका निम्ति पनि एउटा अवतार भनियो र उनीहरूका पालासम्म उनी विश्वमा जन्मेका २४ महापुरूषहरू मध्ये एक रहेछन् । यदि एकपछि अर्को अवतार आउने भए उनी २४ औ होइन कृष्णभन्दा पहिले पाँचौं, छैटौं अथवा सातौं अवतार हुने थिए । कृष्णभन्दा पहिले जन्मेर पनि २४ औं अवतार भन्नाले उनीजस्ता महापुरूषहरू त्यस बेलासम्म उनी समेत २४ जना जन्मिसकेका थिए । तसर्थ गौतम बुद्ध कृष्णको देहवसानपछि कृष्णकै आत्माले फेरि जन्मन आएको व्यक्तित्व नभई त्यस बेलासम्म ९ जनामध्ये एक जना सर्वोच्च महापुरूष हुन् । तसर्थ बुद्धलाई हिन्दू धर्ममा गाभेको नभई उनलाई भगवानतुल्य एक सर्वोच्च मान्यता दिएका हुन् । श्रीरामलाई वशिष्ठ ऋषिले सम्झाएका थिए कि संसारमा कुनै ईश्वर छैनन् जुन मानिसले पुरूषार्थ गर्छ उही ईश्वर अथवा भगवान हो ।
यही शिक्षाले श्रीरामले आफूलाई भगवानका स्तरमा उठाएर छाडे । गौतम बुद्धले आफ्ना चेलाहरूलाई भनेका थिए, ँमभन्दा ठूला बुद्ध पहिले पनि भएर गएका होलान् र मेरा पछि अरू ममाथिको ठूलो बुद्ध नहुन पनि सक्नेछ, तसर्थ मलाई सर्वज्ञ नभन । तसर्थ कोही पनि व्यक्ति भगवान हुन सक्छ यदि उसले विनाजातीय अथवा साम्प्रदायिक भेदभाव विश्वकल्याणका निम्ति महान् कार्यहरू गरेर जान्छ भने ।
कुनै पनि धर्मका पछाडिको दर्शनमा जाने हो भने आखिर सबै धर्मको सारमा सो धर्म प्रवर्तन गरेका बेलाका सामाजिक स्थितिको छाप त्यसमा परेको हुन्छ । हरेक धर्म मानवकल्याणकै निम्ति निक्लेको हुन्छ । दया, प्रेम, सदभाव, करूणा त्यसमा व्यक्त भएको हुन्छ । माक्र्सलाई जब भनियो – उनले अलि कलम घुमाऊन् , उनले साफ जवाफ दिए विश्वका यी व्यापक दुःखी, दरिद्र, अत्याचारमा परेका मान्छेहरूलाई देखेको नदेख्यै गरी म आफ्नो कलम घुमाउन सक्दिनँ । म गोरु भएर जन्मेको भए म यसो गर्ने थिएँ तर म मानिस भएर जन्मेको हुनाले मैले आफ्नो हाडछाला बचाउन म अफ्नो कलम घुमाउन चाहन्नँ । माक्र्सले दया, करूणा, प्रेमका नाउँमा दुई पैसा दान दिने कुरो सिकाएनन् । उनले देखे यो सारा अन्याय–अत्याचार जो भइरहेछ त्यो सामन्ती अथवा पँुजीवादी शोषक समाजको देन हो । यसै कारण माक्र्सले यो शोषक र अत्याचारी समाजलाई नै बदलेर शोषणविहीन समाज बनाउने बाटो देखाए ताकि न शिक्षा लिने जरूरत पर्छ न भिक्षा दिने

जरूरत पर्छ । न दुई वटा कम्बल बाँड्ने जरूरत न दुईवटा कम्बल कसैसँग हात थापेर लिने जरूरत नै । एक नयाँ समाज, जहाँ सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित भएर एक निश्चित जीवन बिताउन पाउने सामाजनिर्माण गर्ने बाटो देखाए । माक्र्सवादभित्र मानवमानवबीच मित्रता, प्रेम, करूणा, सद्भावना आदि सम्पूर्ण कुरा एक भएर बसेको छ । साँच्चै धर्मको मर्म जान्नेहरूका निम्ति माक्र्सवाद स्वयं एउटा सर्वोच्च धर्म हो । तर माक्र्स आफ्नो सिद्धान्तलाई धर्ममा बदल्न चाहँदैनन्, कारण सिद्धान्तलाई धर्म भन्नेबित्तिकै अनेक अन्धविश्वास र साम्प्रदायिकता घुस्न आउँछ ।

बुद्धले पनि आफ्नो शिक्षा धर्मका रूपमा दिएका थिएनन् । बुद्धले सुभूतिहरूलाई भनेका थिए,ँमैले तिमीहरूलाई कुनै धर्म सिकाइरहेको छैनँ । धर्मको कुनै रूपरेखा छैन । धर्म नै रात्म्य हो । बुद्धले त आफ्ना चेलाहरूलाई भनेका थिए,ँयहाँ सत्त्व, बोधिसत्त्वहरूको सरोकार सत्य ज्ञानसँग हुन्छ, उनीहरू कुनै एउटा धर्मले बाँधिएका हँुदैनन् । अर्थात्, म बौद्ध, तिमी हिन्दू, तिमी मुसलमान वा इसाई भनेर आफूलाई कुनै पनि धर्ममा संलग्न गरिदिएको हुँदैन । उनीहरू न हिन्दू हुन् न बौद्ध, न मुसलमान, न इसाई, उनीहरू हुन् महामानव । ज्ञान नै बुद्ध हो । ज्ञानले परिपूर्ण मानिस नै बुद्ध हो । बुद्धको भनाइ हो, ँसंसारमा कुनै यस्तो धर्म छैन जसले सकृद्वामित्व प्राप्त गराओस् । त्यस्तो कुनै धर्म छैन जसले असल काममा सधैँभरि लागाइदेओस् । मानिस सही ज्ञान प्राप्त गरेर नै सकृद्वामित्व प्राप्त गर्दछ र सम्पूर्ण मानवका हितमा सधैँभरि लागेको हुन्छ । बुद्ध भन्नुहुन्छ, ँसुभूति १ बोधिसत्त्व, महासत्त्वहरूले कुनै एउटा धर्ममा नटाँसिएको चित्त, यही मेरो धर्म भनेर कुनै एउटा खास धर्ममा नटाँसिएको स्वतन्त्र चित्त नै अप्रतिष्ठित चित्त हो । यसरी स्वतन्त्र रूपले विचार गर्ने कुरो बुद्धले सिकाएर जानुभयो । तर आजकल बुद्धको सारा शिक्षालाई बिर्सी विभिन्न धर्मका मानिसहरू साम्प्रदायिक भावना जगाउने कार्यमा संलग्न छन् । यो मेरो धर्म भन्नेबित्तिकै सङ्कुचित धार्मिक घेराभित्र घेरिन्छ र अरूहरूप्रति स्वतन्त्र रूपले व्यवहार गर्न मान्छेले सक्दैन ।

यसैकारण माक्र्सले कुनै खास धर्मको कुरो नगरी मानवमात्रको कल्याणका निम्ति एक नयाँ समाज बनाउने बाटो देखाएर गए । यही धर्म नै रात्म्य हो । श्रीकृष्णले पनि सबै धर्म छोडेर ‘म’ लाई चन्न भनेका थिए । यहाँ ‘म’ भन्नाले सम्पूर्ण मानवमा भएको साझा ‘म’ हो । एक ठाउँमा भनेका थिए, ‘सर्व लोकहितेरता’ सारा मनुष्यजातिको हितमा लाग्ने नै सबभन्दा ठूलो भक्त हो । आज हरेक धर्मले यो उदार भावना बिर्सेर धर्मको नाउँमा आ–आफ्नो सानो साम्प्रदायिक घेरा बनाएका छन् । साँच्चै नै धर्म गर्ने हो भने यो साम्प्रदायिक घेराबन्दीलाई तोड्नु जरूरी छ र सबै धर्महरूप्रति उत्तिकै अभिरूचि लिएर अध्ययन गरी सबैको सार झिकी मानवमात्रको कल्याण गर्ने मानवधर्ममा लाग्नुपरेको छ । सही ज्ञान प्राप्त भएपछि को मुसलमान, को इसाई, को बौद्ध, को हिन्दू सारा भेदभाव मेटेर सबैलाई उनीहरू सबै म आफैँ हुँ भन्ने भावना जाग्न थाल्छ । धर्मको यही लक्षण हो । आज हामीलाई धार्मिक कलह हैन, धार्मिक सामञ्जस्यता चाहिएको हुनाले राम्रो

कुरो जुनै धर्मबाट पनि लिन सकिन्छ । नराम्रा कुराहरू त्याग्नु पनि पर्दछ । मानवमात्रमा प्रेम, मैत्री, करूणा र सद्भावना नै सबै धर्मको आधार हो । राग–द्वेष, घृणा त्यागी कुनै पनि मानिसले कुनै धर्म मान्ने वा नमान्ने किन नहोस् प्रेम, मैत्रीभावले व्यवहार गर्न सकौँ । यही नै मानवधर्म हो ।

माक्र्सवाद बुद्धले भनेझै कुनै धार्मिक जञ्जालमा बस्ने कुरो सिकाउँदैन । मानवमात्रमा विनाभेदभाव मैत्री, करूणा, दया, प्रेमको भावना जगाउने र यसअनुसार व्यवहार गर्न सिकाउँछ । कसैमाथि कुनै धर्म मान्ने वा नमान्ने कुरामा जोर जबर्दस्ती गर्ने कार्य माक्र्सवादको काम होइन । ज्ञान दिनु, आफैले सोचेर काम गर्ने क्षमता बढाउनु नै माक्र्सवादी दर्शन ‘द्वन्द्वात्मक भौतिकवाद’ ले सिकाउँछ । कम्युनिस्ट हरू कट्टर धर्मावलम्बी पनि होइन, धर्मविरोधी पनि होइनन्, मानवमात्रको कल्याण गर्ने समाजका निर्माताहरू हुन् ।

**नयाँ मानिसको निर्माण**

हामीले एक नयाँ समाजको निर्माण गर्नु छ, जहाँ धार्मिक कलह नहोस् एक जातिले अर्को जातिलाई नदबाओस्, सबैले सबैको उन्नति र विकासका निम्ति सहयोग गरून् । आज पिछडिएका जनता सधैँभरि पिछडिएर बस्नु नपरोस् । हाम्रो देशका दुई करोड जनताले सुशिक्षित, सुसंस्कृत, समुन्नत नागरिक भएर कसैका अगाडि शिर झुकाउनुपर्ने नहोस् । अर्काको भरिया, कुल्ली भएर जीवनयापन गर्नु नपरोस् । चोर, डाँका, पकेटमार, वेश्या भएर कसैले जीवनयापन गर्नु नपरोस् । रक्सीबाज अथवा मादकपदार्थ सेवन गर्ने चलन लोप भएर जाओस् । यसैकारण नयाँ समाज मात्र होइन, नयाँ मानिसको पनि निर्माण गर्नुपरेको छ । मानिस नीचभन्दा नीच हुन सक्तछ, महान्भन्दा महान् पनि बन्न सक्तछ । मानिस खस्दाखस्दा प्रेत, पिशाच पनि बन्न सक्तछ, उठ्दाउठ्दा महादेव, राम, श्रीकृष्ण, भगवान् बुद्ध, माक्र्स, लेनिन पनि बन्न सक्तछ । इसा, मसीह, महामदजस्तो पैगम्बर पनि बन्न सक्तछ । दुर्योधन पनि बन्न सक्तछ, युधिष्ठिर पनि बन्न सक्तछ, कंस पनि बन्न सक्तछ, रावण पनि बन्न सक्तछ । मानिसको प्रयासले आफूलाई जे चाह्यो उही बनाउन सक्दछ ।

बुद्धको शिक्षा हो – ँमनले मानिसलाई बुद्ध अथवा महाज्ञानी, महापुरूषार्थी बनाउन सक्तछ, अथवा मनले नै मानिसलाई पशु बनाउन सक्दछ । भ्रमले गर्दा बाटो बिरायो भने कुनै पनि व्यक्ति राक्षस हुन सक्दछ । ज्ञान प्राप्त गर्‍यो भने ऊ बुद्ध हुन सक्दछ । तसर्थ आफ्नो मनमाथि नियन्त्रण गर । बुद्धको अर्को शिक्षा हो – ँमानव शरीर बुद्ध होइन, जसले मेरो शरीर मात्र देख्दछ उसले यथार्थमा मलाई देख्दैन । मानिसमा अनन्त शक्ति लुकेको छ, यस लुकेको शक्तिको विकास गरौँ र सके विश्वकै निम्ति नसके आफ्नो देश र जनताको उत्तरोत्तर विकासका निम्ति सम्पूर्ण शक्ति लगाऔँ र मानिस भएर मानिस बन्न सिकौँ ।

अरू सबै प्राणीको शक्ति सीमित छ । चरा उडन सक्तछ, तर पानीमा माछाजस्तो खेल्न सक्तैन । घोडा दौडन सक्तछ, तर चराजस्तो उडन सक्तैन । भँगेरा एउटा रूखबाट अर्को रूखमा उडेर जान

सक्तछ, तर चन्द्रमासम्म उडेर जान सक्तैन । परिश्रम नगर्ने, उद्यम नगर्ने मानिस एउटा भँगेरो, एउटा माछा, एउटा घोडाभन्दा कमजोर साबित हुन्छ तर उही मान्छे आफ्नो परिश्रम, लगनशीलता र उद्यमद्वारा समुद्रभित्र र बाहिर जहाँ पनि खेल्न सक्तछ, उडेर चन्द्रमामा पुग्न सक्तछ । रेल, हवाईजहाजको निर्माण गरेर केही छिनमा संसारको एक छेउबाट अर्को छेउ पुग्न सक्तछ, घर बसीबसी संसार हेर्न सक्तछ । हामी नेपाली आज हरेक कुरामा पिछडिएका छौं । हामीले भोग गर्न जानेका छौं तर आफ्नो दिमाग लगाएर आफ्नै हातले कुनै कुरो निर्माण गर्न जानेका छैनांैँ । हामीले डोको, नाम्लो र राढीपाखी बुन्न अवश्य जानेका छौं । हाम्रो सरकारले हामीलाई सीपमूलक, आयमूलक भन्दै डोको बुन्न, नाम्लो बुन्न र बाँसका दराज बनाउने कुरामा सीमित राखेको छ । हामीले यसरी साना–साना कुरामा सीमित नभएर हवाईजहाज, रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर र अनेकौं इन्जिनियरिङका काम गर्नुपरेको छ । अरूले नगरेको काम पनि गनु सक्नुपरेको छ । हाम्रो जस्तो सानो देश उत्तर कोरियाले आज आफ्नै वुद्धि लगाएर ढुङ्गाबाट कपास  अनि कपडा बनाउन थालेको छ । नेपालीसँग पनि यस्ता नयाँनयाँ कुराहरू आविस्कार गर्ने क्षमता छ र यस क्षमतालाई सदुपयोग गरेर वृद्धि गर्नुपरेको छ । हामीले हरेक कुरामा अगाडि बढ्नु छ, सच्चरित्रवान्, लोभ, मोह, काम, क्रोधरहित  तर शक्तिशाली महामानव बन्नुपरेको छ । नयाँ मानिसको निर्माण गर्नुपरेको छ ।

कसैको पनि जन्म माता–पिताको परिस्थितिबाट हुन्छ । उसको शरीरको पोषण अन्न आदि खाद्य पदार्थबाट हुन्छ । उसको मनको पोषण अध्ययन र अनुभवबाट हुन्छ । शरीर र मनको सम्बन्ध परिस्थितिसित हुन्छ तथा परिस्थितिको परिवर्तनका साथ शरीर र मनको पनि परिवर्तन हुन्छ । त्यसैले हामी यस्तो समाजको निर्माण गरौं जुन समाजले यस्तो परिस्थिति तयार गरोस् जसमा सम्पूर्ण मानिसले आफ्नो पूर्ण विकास गर्ने मौका प्राप्त गरोस् ।

**शिक्षा**

शिक्षा नै त्यो माध्यम हो जसले नयाँ मानिसको निर्माण गर्दछ । महम्मदले एकपटक ध्यान गरिरहेको बेला सुने, ँपढ, पढ, पढ । उनले पढे र बाटो बिराएर बसेका जङ्गली जातिहरूलाई पनि सही बाटो देखाउने पैगम्बर बने । पढाइ भनेको बि.ए., एम.ए. डिग्री प्राप्त गरी सर्टिफिकेटको तस्बिर बनाएर झुन्डाएपछि पुग्यो भन्ने होइन । ज्ञान अनन्त छ, अध्ययन र त्यसपछि आफै सोचविचार गरी नयाँ ज्ञानहरू निकाल्न सक्नुपर्दछ । शिक्षाले नै मानिसलाई मानिस बन्न मद्दत गर्ने छ । यस्तो शिक्षाबाट बञ्चित गरेर आज हजारौं, लाखौं महादेवहरू, रामहरू, कृष्ण र बुद्धहरू, जङ्गलमा फुलेका फूलजस्तै, शिक्षाविना माटामा मिलेर गइरहेका छन् । हाम्रा अबोध बालबालिकाहरूको जीवन नष्ट भएर गइरहेको छ । यसैकारण जनवादी राष्ट्रिय प्रजातन्त्रले देशका सम्पूर्ण बालबालिकाहरूलाई विनाजातीय भेदभाव उत्कृष्ट मानव बनाउने हेतुले नि:शुल्क र अनिवार्य शिक्षा दिने प्रबन्ध गर्ने छ । यी बालबालिकाहरूको विद्यार्थी जीवनको पढाइको सम्पूर्ण

खर्चको भार सरकारले बेहोर्नुपर्ने गर्नुपरेको छ । एउटा स्कूल खोल्नु एउटा जेल बन्द गर्नुबराबर हो । स्कूलहरू खुल्दै जान्छन् जेलका ढोकाहरू बन्द हुँदै जान्छन्, जेलका पर्खालहरू भत्कँदै जान्छन् । शिक्षा र कामको प्रबन्ध होस्, जेलको आवश्यकता लोप भएर जानेछ । एउटा नयाँ मानिस, नयाँ समाज निर्माण भएर आउने छ ।

**मानवअधिकार**

सामन्तहरू गरिब किसानहरूलाई ऋणमा फँसाएर उनीहरूको घरखेत आफ्नो पार्नु आफ्नो अधिकार सम्झछन् भने किसानहरू उनीहरूको शोषणदमनबाट मुक्त भएर स्वतन्त्र जीवन विताउनु आफ्नो मानवअधिकार सम्झछन् । गाई मारेर खानु बाघले आफ्नो अधिकार सम्झन्छ भने सबै गाईहरू मिलेर बाघलाई भगाएर स्वतन्त्र रूपले विचरण गर्नु गाईहरूले आफ्नो अधिकार सम्झन्छन् । यस्तै हो मानवअधिकार ।

आजको विश्वमा मानवसमाज दुई खेमामा विभक्त छ । एउटा हो शोषक–अत्याचारी समाज, अर्को हो अर्काबाट शोषित–पीडित भएर अत्याचार सहेर अनेकौँ ठोक्कर खाएर हिँड्ने श्रमजीवी जनता । हाम्रो जस्तो अविकसित देशमा मजदुर तथा श्रमजीवी किसानहरू मात्र होइन वुद्धिजिवीहरू, मध्यमवर्ग तथा राष्ट्रिय पँुजीपतिवर्गसमेत साम्राज्यवादीहरू तथा विदेशी पँुजीद्वारा शोषित, पीडित र थिचिएर उठ्न नसक्ने हालतमा छन् । अनि, देशका प्रतिक्रियावादी सामन्तहरु जो गाउँका जनतालाई शोषण र दमन गरेर आफ्नो ऐस–आराम गर्न पल्केका छन् र समाजविकासमा अडङ्गा लगाउने गर्छन्, तिनीहरु पनि देशका दुस्मन हुन् । यसैकारण यी सबै शोषक प्रतिक्रियावादी सामन्तहरूको आधार रहेका साम्राज्यवाद तथा विदेशी पँुजीबाट मुक्ति भएर जनवादी राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्नु हामी सम्पूर्ण नेपालीलाई नभइ नहुने मानवअधिकार हो । जनवादी राष्ट्रिय प्रजातन्त्रबाट अगाडि बढेर समाजवादी व्यवस्थाको स्थापना गर्नु सम्पूर्ण श्रमजीवी जनताको सबभन्दा महान् मानवअधिकार हो । कारण, समाजवादी व्यवस्था नै सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्ने व्यवस्था हो । सोभियत सङ्घ र जनवादी चीन तथा प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको इतिहासले यस कुरालाई प्रमाणित गरेको छ । जुन सोभियत रूसमा समाजवादी क्रान्तिभन्दा पहिले त्यहाँका जनताले खान नपाएर दिनरात जङ्गल गएर जङ्गली कन्दमूल र फलफूलहरू खोजेर जीवन बिताउनुपर्थ्यो र आफ्नो जीवनको दुःख सहन नसकेर हजारौँ मानिसहरूको डफ्फाका डफ्फा एकैचोटि आगो लगाएर मर्नुपर्थ्यो । उही जनताले अक्टोबर क्रान्तिपछि सुनिश्चित जीवन बिताएर सबैका निम्ति खाना, कपडा, बसोबास, स्वास्थ्य, शिक्षाको ग्यारेन्टी हुनका साथै उनीहरूको शारीरिक, मानसिक, बौद्धिक र सांस्कृतिक विकासको बाटो पाएका थिए । जसै अमेरिकी षड्यन्त्रअन्तर्गत गोर्वाचोभ र एल्तसिनका नेतृत्वमामानव अधिकारका नाउँमा समाजवादलाई नष्ट गरेर पँुजीवाद लाद्ने काम भयो सोभियत जनता पाइला–पाइलामा ठोक्कर खाएर भोकप्यास मेटाउन नसक्ने हालतमा पुगे । कति भीखमङ्गा भए भने कति

महिलाहरूले वेश्यावृत्तिको पेसा अपनाउन बाध्य भए । सयकडा ४० प्रतिशतभन्दा बढी जनता गरिबीको रेखामुनी पुगे । जहाँ आम जनता यसरी बर्बाद भएर यसको संख्या बढ्दै छ त्यहीँ १५ करोड रूसीहरूमध्ये एक लाख रूसीहरू महिनाको दुई हजार डलरभन्दा बढ्ता कमाइ कालो धन्दा गरेर कमाइरहेका छन् । यो रकम रूसहीरूको सालाखाला आम्दानीको १५० गुणाभन्दा बढी छ । नव धनाढ्यहरू अक्टोबर क्रान्तिभन्दा पहिलेका कुलकहरू तथा पँुजीपतिहरूका सन्तान हुन् र उनीहरूले नै कम्युनिस्ट  व्यवस्था पल्टाउने काम गरेका हुन् र आज उनीहरूले एल्तसिनलाई दोष दिँदैछन् कि उनले छिटोछिटो पँुजीवादी व्यवस्था लागू गरिरहेका छैनन् । यी धनाढ्यहरू इटालियन अथवा जापानी होटलमा छाकको ७५ डलर अर्थात् नेपाली रूपैयाँको हिसावमा करिब ४ हजार खर्च गर्छन् । चोरी, डकैती, काला बजारी गरेर कमाउनेहरूका  निम्ति आजकाल रूसजस्तो राम्रो ठाउँ अरू छैन, यहाँ न्याय–निसाफको  राज होइन, बलियाले जे पनि गर्न हुने कानुन चलिरहेको छ । अमेरिकाले लादेको मानवअधिकारअन्तर्गत जनताले यो दुर्दशा भोगिरहेका छन् । रूसका सबभन्दा धनीमध्ये गनिने स्वातोहलाव फेडेरोभको भनाइ छ, ँसरकार अर्थात एल्तसिन सरकारले यहाँ गुन्डा बदमासहरूको समाजनिर्माण गर्दै छ । उनको भनाइ छ, ँयस देशमा मान्छेहरू चोरी कार्यमा प्रोत्साहित छन्, उत्पादनमा होइन । (अमेरिकी साप्ताहिक ‘न्युज विक, १९९३ फेब्रअरी १५ को पृष्ठ २४–२५ हेर्नु होला) कमाउने बाटो हो घूसखोरी, नक्कली ठेक्का र उच्च पदमा रहेका साथीहरू, यस्तो सारा कमाइ उनीहरू रूसबाहिर स्विस अथवा अमेरिकी बैङ्कमा राख्ने गर्छन् र अहिले रूसी नवधनाढ्यहरूको २५ अरब डलर स्विस अथवा अमेरिकी बैङ्कमा जम्मा हुन गइसकेको छ । जब कि सरकारसँग पैसा नभएर पाइ–पाइको निम्ति विदेशीहरूसँग ऋण माग्नु परिरहेको छ । अक्टोबर क्रान्तिभन्दा पहिलेको महाजनको पनाति जो हाल रूसका नवधनाढ्यहरूमध्ये एक हुन् ‘सिपाचेव’। उनी भन्दछन्, जसरी माक्र्सवादीहरूले भन्ने गर्छन् आजको रूसमा पँुजीवाद भर्खर सुरू भएको छ र यहाँ एकाधिकार पँुजी, भ्रष्ट अफिसरहरू र भ्रष्टाचार गर्ने सहस्र बाटाहरू हुन् । यो देश भद्रगोल हालतमा छ र आजकल यहाँ ठगहरू, बदमासहरू, डाँकाहरू, हुल्लडबाजहरू, लुटेराहरू र आमाबाबु ठेगाना नभएका बालबालिकाहरू जतातत्तै पाइन्छन् । किर्सानोफ भन्ने नवधनाढ्य आफ्नो अफिसमा ‘गरिबलाई मार’ भन्ने नाराको मुनि काम गर्ने गर्छन् (अमेरिकी साप्ताहिक ‘न्युज विक’ १९९३ फेब्रुअरी १५ हेर्नुहोला) । पँुजीवादले देशलाई कहाँ पुर्‍याउँछ भन्ने कुराको यो जीवित प्रमाण हो । यही हो अमेरिकाले अर्काका देशमा लाद्न चाहेको समाजवादविरोधी मानवअधिकारको नमुना । पँुजीवादअन्तर्गत मानवअधिकारको डिङ हाक्ने अमेरिकामा नै १ करोड मानवअधिकारबाट वञ्चित मानिसहरु छन् । उनीहरू घरबारबिहीन छन् र सडकमा सुत्छन् अनि अर्काको जुठो–पुरो खोजेर खाने गर्छन् । ५ लाख बालबालिकाहरू सडकमा जीवन बिताउँछन् । अमेरिकाका सुविख्यात गायक र कलाकार डिन–रिडले १९७७ को जुलाई १४ मा बर्लिनमा अमेरिकाको सी.आई.डी. विभाग एफ.बी.आई. को रिपोर्ट उद्धृत गरी भनेका थिए, ँअमेरिकामा हरेक ८ मिनेटमा एउटा–न–एउटामाथि बलात्कार गरिन्छ,

हरेक ६५ मिनेटमा अमेरिकाको सडकमा हिंसात्मक हमला हुन्छ, हरेक ५ सेकेन्डमा कुनै–न–कुनै घर फोडिन्छ र हरेक ३५ सेकेन्डमा एउटा–न–एउटा कार चोरी हुन्छ ।
१९७७ जुलाई १३–१४ तारिखको एकरात बिजुली बन्द हुँदा अमेरिकाको न्युयोर्क शहरमा रातभर लुटपाट चल्यो । त्यो रात दसौँ हजार लुटेराहरूको राज चल्यो, कैयन दोकानहरूमा एक पेनी पनि बचेन, यिनीहरूमध्ये पछि ३ हजार लुटेराहरू पक्राउ परे, अरू उम्के । यही एकरातमा मनहट्टन, ब्रुकलिन र ब्रोन्क्सका इलाकाहरूमा सयकडौँ दोकानहरू जलाइए र हजारौँ बेघर भए । बिहान हुँदा साराका सारा मानिसहरू आफ्नो कपाल समातेर निराश हालतमा थिए ।
यही हो अमेरिकी जनताले पँुजीवादअन्तर्गत भोगिरहेको मानवअधिकार र अमेरिकी सरकारले सोभियत सङ्घ र सोभियत जनताको जीवन नै नष्ट हुने गरेर लादेको पँुजीवादी मानवअधिकार र अमेरिकाले समाजवादलाई नष्ट गरेर अथवा आउन नदिएर अरू जनतामाथि लाद्न चाहेको मानवअधिकार । पँुजीवादी मानवअधिकारले बोल्ने, लेख्ने, सभा सङ्गठन गर्ने अधिकार दिन्छ, विरोधी दल बनाउने कुरामा जोड दिन्छ, तर यी सबै कुराहरू समाजवादको विरोध र पँुजीवादको रक्षासम्म सीमित छ र पँुजीवादले जनजीवनको रक्षा कहिल्यै गर्न सक्तैन र जनजीवन ववाृद गरी मुठीभर एकाधिकार पँुजीको स्वार्थपूर्ति गर्ने कार्य गर्दछ र पँुजीवादी मानवअधिकार यहीँसम्म सीमित रहन्छ ।
श्रीकृष्णले द्वन्द्वात्मक भौतिकवादको आत्मालाई पक्रेर श्रीमद्भागवतको अध्याय ४ श्लोक १७ र १८ मा भनेका छन्, ँहामीले गर्नुपर्ने कर्तव्य के हो त्यो पनि जान्नुपर्दछ र के गर्नु नहुने अकर्तव्य के हो त्यो पनि जान्नुपर्दछ, विशुद्ध कर्म के हो त्यो पनि बु∑नुपर्दछ, किनभने कर्मको गति अति गहन छ ।।१७।।
ँगर्नुपर्ने कामभित्र गर्नु नहुने काम अर्थात् कर्तव्यभित्र अकर्तव्यलाई र गर्नु नहुने कामभित्र गर्नुपर्ने कामलाई जसले देख्दछ, त्यो मानिस नै मनुष्यहरूमध्ये बुद्धिमान् हो र पवित्र काम गर्ने मानिस उही हो ।।१८।।
तसर्थ हामीले कुनै कुरालाई पनि यान्त्रिक तरिकाले व्यवहारमा ल्याउँदा धेरैधेरै अनर्थहरू भोग्नुपर्ने हुन्छ । यही कारण हो गौतम बुद्धले सुभूतिलाई भनेका ँतिमीले कुनै कुरो मैले भनेको भनेर नमान, किताब र शास्त्रहरूमा लेखिराखेको भनेर नमान, कुरालाई पहिले सुनारले सुन जाँच जस्तैअनेक तरिकाले जाँच अनि सबैतिरबाट सही ठहरेपछि आफ्नो ज्योति आफै भएर विचार गर अनि यसलाई व्यवहारमा लागू गर ।
यो कुरो मानवअधिकारका सूत्रहरूमा पनि लागू हुन्छ । साम्राज्यवादीहरू मानवअधिकारलाई बोल्ने, लेख्ने, सभा–सङ्गठन गर्ने अधिकारसम्म सीमित गर्न चाहन्छन् । उनीहरूका सोचाइमा प्रजातन्त्र भनेको पँुजीवादी शोषणव्यवस्था भएको देशमा मात्र हुन सक्छ र कम्युनिस्ट देशहरू प्रजातान्त्रिक देश होइनन् । उनीहरू भन्दछन् – विरोधी दल नभएको देश प्रजातान्त्रिक देश होइन अनि बहुदलको नाउँमा एकअर्कासँग लडाइराख्नु उनीहरूको मानवअधिकार हो ।

हो, अवश्य बोल्ने, लेख्ने, सभा–सङ्गठन गर्ने र विरोध गर्ने अधिकार मानवअधिकार हो । के यसको मतलब मनमा जे आयो उही बोल्ने, उही लेख्ने र प्रतिक्रियावादी तथा प्रतिक्रान्तिकारी सभा–सङ्गठनहरू बनाउने र समाजलाई उल्टो दिशामा लैजानका निम्ति विरोध गर्ने पनि मानवअधिकार हो ? पँुजीवादीहरू यसलाई नै मानवअधिकार सम्झन्छन् तर हामी कम्युनिस्टहरू यसलाई मानवअधिकार होइन आसुरी अधिकार भन्दछौँ । मानवअधिकार मानवसमाजलाई निरन्तर प्रगतिमार्गमा डोऱ्याएर यसलाई सुसंस्कृत बनाएर मानवजीवन सुखमय, सुसम्पन्न र सुनिश्चित बनाउनका निम्ति हो वा सुखी, सुसम्पन्न समाजलाई भताभुङ्ग पारेर उनीहरूमाथि नाटकीय जीवन लाद्नका निम्ति हो ? आज साम्राज्यवादीहरूले मानवअधिकारको दुरूपयोग गरेका छन्, बोल्ने, लेख्ने सभा–सङ्गठनको अधिकार आफ्नो दलाली गर्नेहरूको मुठीमा राख्ने षड्यन्त्र गरेका छन् । गरिब जनतालाई शिक्षाबाट वञ्चित गरी सभा गर्नुपऱ्यो भने सभाकक्ष, यसका निम्ति माइक इत्यादिलाई चाहिने खर्च जुटाउन नसक्ने गरी गरिब जनताको बोल्ने, लेख्ने र सभा गर्ने अधिकार कागजमा सीमित गरिदिएको छ । साम्राज्यवादीहरूले समाजवादलाई भत्काउने उद्द्ेश्यले सभा–सङ्गठन र विरोध गर्ने अधिकारको दुरूपयोग गरेको छ । हो, मजदुरले आफ्नो जायज मागका निम्ति सङ्घर्ष गर्ने अधिकार पाएको हुनुपर्छ । तर साम्राज्यवादीहरूले मानवअधिकारका नाममा मजदुरवर्गलाई नै उक्साएर उनीहरूको आफ्नो जीवन नष्ट गर्ने कार्य गरेको छ ।
पोल्यान्डमा साम्राज्यवादले दलाल वालेसालाई प्रयोग गरेर गदास्कका मजदुरहरूको जीवनलाई सुखी, सम्पन्न र सुनिश्चित होइन उनीहरूको जीवन महङ्गी पीडित, बेकारी र अनिश्चित बनाइदिएको छ र चिन्ताजनक बनाएको छ । आज पोल्यान्डमा मजदुरहरू र आम जनताले आँखा खोलेका छन् अनि वालेसाकै विरोधमा सङ्घर्ष थालेका छन् ।
मानवअधिकारकै नाममा अमेरिकी साम्राज्यवादले सोभियत सङ्घलाई भताभुङ्ग पारी जन–जीवन नष्ट गरी मुठीभरको ऐस–आराम गर्ने दुराचारीहरूद्वारा रजाई गर्ने देशमा परिणत गरेको छ ।
साम्राज्यवादीहरू जनवादी चीनलाई यस्तै हालतमा पुऱ्याउने षड्यन्त्र गर्दै छन् र उनीहरूको योजना थियो तेनमेन स्क्वायर काण्डको १० वर्षभित्र जनवादी चीनलाई सोभियत सङ्घलाई जस्तै नष्ट गरिदिने । यसका निम्ति अमेरिकी साम्राज्यवादको विश्वास थियो तेनमेन स्क्वायरको काण्डपछि जनवादी चीनमा पँुजीवादी प्रजातन्त्र ल्याइएन भने जनवादी चीनको अर्थतन्त्र पतन हुने छ भन्ने । तर आज उनीहरूमा डर पैदा हुन गएको छ कि जनवादी चीन अर्को शताब्दीको पूर्वार्धमा आर्थिक शक्तिमा जापानलाई मात्र होइन अमेरिकालाई पनि पछि छोडेर अगाडि बढ्ने छ ।
अमेरिकी साम्राज्यवादले जनवादी चीनभित्र खिचखिच गराउन चार वटा क्षेत्र चुनेको छ :
क) साम्राज्यवादबाट पालिएका तेनमेन स्क्वायर काण्ड गर्नेजस्ता विद्यार्थीहरू ।
ख) हङकङका प्रतिक्रियावादी शासक र तिनका पिछलग्गूहरू ।
ग) साम्राज्यवादबाट समर्थित तिब्बतका प्रतिक्रियावादीहरू र दलाई लामा समस्या ।
घ) ताइवान ।

ताइवानका नेतृत्वमा यी चार वटैको एउटा संयुक्त मोर्चा छ र उनीहरूको उद्देश्य हो जनवादी चीनको समाजवादोन्मुख राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था खत्तम गरेर त्यहाँ फेरि ताइवानका नेतृत्वमा साम्राज्यवादको पृष्ठपोषक पँुजीवादी व्यवस्था स्थापना गर्ने र बहुदलीय व्यवस्थाका नाममा आपसी घाँटीकट्टुवा प्रतियोगितामा लगाएर जीवनलाई कहिल्यै उठ्न नदिने ।

यस्तै उत्तर कोरियामाथि पनि अमेरिकी साम्राज्यवादको षडयन्त्र चलिरहेकै छ । अमेरिकी साम्राज्यवादले बराबर दक्षिण कोरियासँग मिलेर टिम स्पिरिटका नाउँमा युद्धाभ्यास गर्नु र आई.ए.ई.ए. लाई लगाएर छ पटक ठाउँठाउँमा हेरिसकेर पनि बारबार दोहऱ्याएर आणविक निर्माणस्थल हेर्ने नाउँमा उत्तर कोरियाको सम्पूर्ण सुरक्षाव्यवस्था पत्ता लगाउनु ताकि ऐनमौकामा हमला गरेर उत्तर कोरियाको अस्त्रभण्डार नष्ट गरी यस देशमाथि कब्जा जमाउनु र यस्तो कुरो हेर्न नदिएमा यसै बहानामा संयुक्त राष्ट्र सङ्घको झन्डा लगाएर त्यस देशमाथि हमला गर्ने षड्यन्त्र गर्दै छ । अमेरिकी साम्राज्यवादले सोभियत सङ्घमा मानवअधिकार ल्याउन मद्दत गरेको होइन बरू त्यहाँको समाजवादी व्यवस्था नष्ट गर्ने कार्य गरेको हो । यसैकारण हामीले मानवअधिकारको कुरो गर्दा श्रीकृष्णले भनेजस्तै त्यसभित्र लुकेको अमानवीय आसुरी अधिकार पनि हेर्न सक्नुपरेको छ । अमानव–अधिकारको अभावभित्र लुकेको मानवअधिकारलाई पनि हेर्न सक्नुपर्छ र बुद्धले भनेझैंm ँ संयुक्त राष्ट्र सङ्घले गरेको घोषणा भन्दैमा यान्त्रिक रूपले सबै कुरो आँखा चिम्लेर स्वीकार गर्ने सवाल आउँदैन ।

मानवअधिकार केको निम्ति ? मनुष्यजीवन सुखमय, सुसम्पन्न र सुनिश्चित बनाउनु नै मानवअधिकारको मूल लक्ष्य हुनु परेको छ, न कि मानवअधिकारका नाउँमा मनुष्यजीवन नष्ट गर्नका निम्ति ।

सामन्ती अधिनायकवादमा भन्दा पँुजीवादी प्रजातन्त्रमा मानवअधिकार निश्चित रूपले बढी छ, तर पँुजीवादी प्रजातन्त्रमा पाइने मानवअधिकार सम्पूर्ण जनताले भोग्न नपाएर कागजमा मात्र सीमित रहन्छ र यसको उपभोग शोषकवर्गले नै एकलौटी आफ्नो हात पार्ने गर्छन् । लेनिनले भनेका थिए, ँआर्थिक समानताविना राजनीतिक समानता हुन सक्तैन ।ँ यसैले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि शक्तिशाली देशनिर्माण नगरी समान मानवअधिकारको उपयोग गर्न सकिन्न । मानवअधिकारको उपभोग जनताले त्यही बेला गर्न सक्ने छन्, जब उनीहरूले आर्थिक रूपले पनि सुनिश्चित जीवन बिताउन पाउने छन् । समाजवादी व्यवस्था नै त्यो व्यवस्था हो जुन व्यवस्थाअन्तर्गत सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित रहने छ । यसको पहिलो कदम हो ‘जनवादी राष्ट्रिय प्रजातन्त्र’ जहाँ पहिलो पटक शासनव्यवस्थामा श्रमजीवी मजदुरवर्ग, श्रमिक किसानहरू, परिश्रमी बुद्धिजीवीहरू, मध्यमवर्ग र राष्ट्रिय पँुजीपतिहरू तथा पाइएका खण्डमा प्रगतिशील विचार राख्ने देशभक्त सामन्तहरू सबै मिलेर संयुक्त रूपले शासन चलाउने गरिन्छ । यस्तो व्यवस्थाले नै मजदुर वर्गदेखि लिएर राष्ट्रिय पँुजीपति वर्गसम्म र अझ देशभक्त सामन्तहरूले समेत सही ढङ्गले मानवअधिकारको उपभोग गर्ने मौका प्राप्त गर्दछन् ।

यसबाहेक कुनै पनि देशले आफूलाई विश्वका समुन्नत देशका दाँजामा पुऱ्याएर आफ्नो सुरक्षा आफ्नै खुट्टामा उभिएर आफैले एक सशक्त देशनिर्माण गरेर नै हरेक देशले र त्यहाँका जनताले आफ्नो जीवनरक्षा गर्न यथोचित मानवअधिकारको उपभोग गर्न सक्नेछन् र आफ्नो देशको स्वतन्त्रता र सार्वभौमिकताको पनि रक्षा गर्न सक्नेछन् ।

स्पष्टतः वैज्ञानिक समाजवादी व्यवस्था र समाजवादोन्मुख राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था नै सम्पूर्ण जनताको जीवन सुनिश्चित गर्ने सबभन्दा महत्त्वपूर्ण मानवअधिकार हो ।

समाजवादविरोधी, राष्ट्रिय प्रजातन्त्रविरोधी कार्य मानवअधिकारको दुरूपयोग मात्र हो र मानवअधिकारभित्र लुकेको अमानवीय अधिकार हो ।

## मानवअधिका/का] तुलनात्मक ि:थति

| | | | |
|---|---|---|---|
| | पँुजीवाद | | समाजवादी तथा<br>समाजवादोन्मुख राष्ट्रिय<br>प्रजातान्त्रिक व्यवस्था |

| | | | |
|---|---|---|---|
| != | बा]ल्न], ल]ख्न], सभा–सङ्गठन गर्न] अधिका/ त/ या] अधिका/ गा/ब तथा नि/ीह जनताल] उपभा]ग गर्न सक्तैनन् . का/ण, यिनीहरूस“ग सभा:थल छैन, माइक किन्न] वा भाडामा लिन] पैसा छैन . | | बा]ल्न], ल]ख्न], सभा–सङ्गठन गर्न] इजाजत हुन्छ, त/ सजग जनताल] समाजवाद तथा समाजवादा]न्मुख /ाष्ट्रिय प्रजातन्त्रका] /क्षा गर्दछ . |
| २= | यिनीहरूल] आ□ना] सम:यामा ब/ाब/ छलफल गर्न थाल] भन] भ/सक कम्युनि:ट आ/ा]प लगाए/ यिनीहरूमाथि का/बाही गा/न्छ, ना]की/ीबाट बर्खा:त गा/न्छ . या] प“ुजीवादी प्रजातन्त्रअन्तर्गत प“ुजीवादी समाजमा विद्वान्भन्दा विद्वान् मान्छ] डाक्ट/, इन्जिनिय/, प्राध्यापक इत्यादि सबैल] प“ुजीपतिवर्गका] निगाहमा जिउनुपर्दछ . | | बहुदल यहा“ पनि हुन्छ, ताकि सबैल] आ–आ□ना] विचा/ द]श / जनताप्रति बफादा/ भए/ :व:थ ता/काल] /ाख्न सक"न् . |
| ३ | समाजवादका] वि/ा]ध गा/ी भताभुङ्ग पा/ी जनजीवनलाई दु:खकष्टमा गाडि/ाख्न] बाटा] दिइन्छ / य:ता कु/ाहरू बा]ल्न, | | बहुदलका] नाममा आपसमा घा“टीकटुवा प्रति:पर्धा हा]इन, न त एकल] अर्कालाई पछार्न] काम हुन्छ, बरू यी विभिन्न दलहरू द]शभक्त |

| | | | |
|---|---|---|---|
| | ल]ख्न / सभा–सङ्गठन गर्न] भन] प"/f छुट /हन्छ . | | प्रजातान्त्रिक शक्तिका रूपमा द]श / जनताप्रति बफादा/ भए/ आपसमा मैत्रीप"र्ण त/काल] वादविवाद / छलफल ग/f एउटा साझा टुङ्गा]मा पुगी साझा कार्यक्रम निकाल]/ सबै एकजुट भई द]शविकासमा लाग्दछन् / स/का/पछि सबै मिल]/ स+युक्त रूपल] चलाउ"छन् . |
| ४= | घा"टीकटुवा प्रति:पर्धालाई / काटमा/ चलाई एकल] अर्काका] खुट्टा तानी द]शलाई अगाडि बढ्न दि"दैनन् / पैसाका] वलल] प"ुजीवादी पार्टीहरूल] शा]षण गर्न] शक्ति प्राप्त गर्दछन् . शासकदल / वि/f]धी दल अक्स/ प"ुजीवादी पार्टी नै हुन्छन् . | | यहा" मजदु/, किसान तथा अन्य श्रमजीवी जनताका निम्ति सभा गर्न] सभा:थलहरुका] पनि इन्तजाम हुन्छ . |
| %= | कामका] ग्या/]न्टी (Job Guarantee or Security) हु"दैन . | | स/का/मा :वय+ मजदु/ / किसानहरू हि:स]दा/ हुन] हु"दा यिनीहरूका] हक–अधिका/ मार्न] अथवा कामबाट बर्खा:त गर्न] काम हुन सक्तैन . |

| | | | |
|---|---|---|---|
| ६= | का]ही मानिस खान नपाए/ मर्‍या] भन] पनि का]ही जिम्म]वा/ ह"ुदैन . | | सबैका निम्ति काममामका] ग्या/]न्टी हुन्छ . |
| ७ | गा/ब जनताल] २–४ क्लासभन्दा बढी पढ्न] कुनै प्रबन्ध ह"ुदैन . | | सबैका निम्ति शिक्षा अनिवार्य / निःशुल्क हुनाका साथै पढ्ुन्ज]लसम्म खर्च स/का/ल] ब]हा]र्न] छ . |
| | का]ही बि/ामी भया] भन] पैसा भए उपचा/ ग/, हा]इन भन] म/]/ जाऊ . यही"सम्म प"ुजीवादी मानवअधिका/ सीमित छ . | | सबैका निम्ति निःशुल्क :वा:थ्या]पचा/ / औषधी इत्यादिका] प्रबन्ध हुन्छ . |
| | | | सम्प"र्ण जनताल] आफ"ल] प्रयास ग/]मा चौतर्फी विकास गर्न] बाटा] खुला /हन्छ / चाहिन] सहया]गका] प्रबन्ध /हन्छ . |

गर्न पाउने गरी सबैको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्नु छ र यो कार्य सम्पन्न गर्ने एकमात्र बाटो हो देशमा समाजवादोन्मुख राष्ट्रिय प्रजातन्त्र अथवा जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्नु । यसलाई ल्याउने र यसको रक्षा गर्ने मानवअधिकार नै सही मानेमा मानवअधिकार हो । सम्पूर्ण मानवको जीवनसुरक्षा गर्ने समाजवादी व्यवस्थामाथि प्रहार गर्ने अधिकार मानवतामाथि र मानवले मानवका रूपमा बाँच्ने र विकास गर्ने मूल मानवअधिकारमाथि हनन गर्ने अमानवीय अधिकार हो । यसकारण समाजवादको सुरक्षा गर्नु सबभन्दा ठूलो मानवअधिकार हो । जुन मानवअधिकारलाई साम्राज्यवादीरू र अन्तर्राष्ट्रिय पँुजीवादले निरन्तर प्रहार गरी मानवका हातबाट खोसी अर्काको देशमाथि आफ्नो शोषणदमन गरिरहन पाउने व्यवस्था थोपर्ने षड्यन्त्र चालू छ । यसैकारण विश्वका सम्पूर्ण श्रमिक जनता, बुद्धिजीवीहरू तथा राष्ट्रिय

पँुजीपतिवर्ग र देशभक्त सामन्तहरूलगायत शोषित र पीडित राष्ट्रहरू र जातिहरू मिलेर यस मानवअधिकारको प्राप्ति र सुरक्षा गर्नका निम्ति सङ्घर्ष गर्नु हामी सबैको कर्तव्य हुन आउँछ ।

**साम्यवादी व्यवस्था अमर छ ।**

एल्तसिनको मूल उद्देश्य हो रूसलाई पँुजीवादी मुलुकमा बदल्ने र निजीकरण, खुला प्रतियोगिता र खुला–बजारको नीति अपनाएर रूसको अर्थव्यवस्थामाथि अमेरिकी साम्राज्यवादको शोषणको द्वार खोलिदिने । यस कार्यमा बाधा दिएर रूसको समाजवादी व्यवस्था रक्षा गर्ने प्रयास त्यहाँको प्रतिनिधिसभाको रह्यो । एल्तसिनको प्रयास रह्यो प्रतिनिधिसभालाई रबर स्टाम्प बनाएर राष्ट्रपतिका नाममा आफ्नो हैकम चलाउने । नेपालमा २०१७ सालमा यस्तै इमर्जेन्सी दुई महिनाका निम्ति घोषणा गरी एकतन्त्री हुकुमी शासन चलाइएको हो । जुन तर्क आज एल्तसिनले दिएका छन् उस्तै तर्क फिलिपिन्समा फर्डिनान्ड मार्कोसले आफ्नो हुकुमीशाही चलाउनका लागि दिएको थियो । नेपालमा यस्तै तर्क दिएर २०१७ सालको काण्ड भएको थियो । दक्षिण कोरियामा पाक–चुङ हीले यस्तै तर्क दिएर राष्ट्रपतिको हुकुमशाही राज स्थापना गरेको थियो । विश्वका कुनै पनि प्रगतिशील जनताले एल्तसिनको कारबाहीको सराहना गर्न सक्तैनन्, तर रूसमाथि हुकुमशाही लाद्ने एल्तसिनको इमर्जेन्सी घोषणालाई अमेरिकी साम्राज्यवादले र युरोपका अरू साम्राज्यवादी मुलुकहरूले समर्थन गरे ।

मानवअधिकारको डिङ हाँक्ने अमेरिकी साम्राज्यवाद र अन्तर्राष्ट्रिय पँुजीवादले एल्तसिनको हुकुमशाही चल्न दिएर रूसलाई आफ्नो शोषणक्षेत्र बनाउन दिनका निम्ति गएको जनमतसङ्ग्रहमा जिताउनका लागि आज ४२ अर्ब डलर एल्तसिनको मद्दतमा खन्यायो ।

यसले अमेरिकी साम्राज्यवादको मानवअधिकार र प्रजातन्त्रप्रतिको धोकाबाजी उदाङ्ग पारेको छ । अमेरिकाको चाहना मानवअधिकार अथवा प्रजातन्त्र होइन, चाहना हो अरू देशभित्र शोषण गर्नका निम्ति आफ्नो खुनी पन्जा घुसाउन पाइन्छ कि पाइन्न ? पाइन्छ भने प्रजातन्त्रलाई मासेर हुकुमशाही चलाए पनि अमेरिकाले समर्थन नै गर्ने हो । एल्तसिनको इमर्जेन्सी लागू गर्ने कार्यलाई १९९३ मार्च २३ तारिखका दिन रूसको संबैधानिक न्यायालयले गैर–वैधानिक ठहर गऱ्यो ।

रूसी जनताले आफ्नै अनुभवबाट यो सिके कि जनजीवनको रक्षा पँुजीवादी व्यवस्थाले गर्न सत्तैmन र जनजीवन रक्षा गर्ने हो भने कम्युनिस्ट व्यवस्था नभइनहुने व्यवस्था हो भन्ने कुरो आज आएर रूसी जनताले आफ्नो अनुभवबाट सिके । तर याद रहोस् कम्युनिस्ट पार्टीको नाम राख्नु नै कम्युनिस्ट हुनको निम्ति पर्याप्त छैन । कम्युनिस्ट पार्टीभित्र कम्युनिस्ट सिद्धान्त र आचरण पनि जरूरत छ ।

विश्वप्रतिक्रियावाद तथा साम्राज्यवादीहरू तथा तिनका दलालहरूको प्रचार छ कि जनवादी चीन अब पँुजीवादमा गइसक्यो । यो उनीहरूद्वारा कम्युनिस्ट हरूको नैतिक बल तोड्नका निम्ति गरिएको झूटो प्रचार हो । यस्तो प्रचार गर्न उनीहरूले कतिपय लेखकहरू, पत्रकारहरू र

सङ्गठनहरूलाई पनि हात लिइराखेको कुरो माथि नै उल्लेख भइसकेको छ । जनवादी चीनको चरित्र मूलरूपले समाजवादी हो, जनवादी चीन अहिले विकसित जनवादी राष्ट्रिय प्रजातन्त्रको चरणमा छ र यो देश समाजवादको प्रारम्भिक स्तरमा छ भन्ने कुरा पनि माथि छलफलमा गइसकेको छ । जेजस्ता सुधार जनवादी चीनमा भइराखेका छन् ती सुधारहरू समाजवादको चरित्रलाई धक्का नपर्ने गरी जनवादी राष्ट्रिय प्रजातन्त्रअनुरूप समाजवादअन्तर्गत नै भइरहेका छन् । यस्तो सुधारले जनवादी चीनको समाजवादी चरित्रलाई कुनै फरक पार्ने छैन । भूकम्पले पनि न भत्कने घर बनाउन पहिले पोखरी खनिन्छ । यसको मतलब अब घर बन्दैन भन्ने होइन बरू यसै खाल्टामा बलियो जग हालेर पछि भूकम्परोधक घर बन्दछ । जनवादी चीनको अहिलेको सुधार पनि यस्तै हो । तसर्थ जनवादी चीन साम्यवादी चरित्र छाडेर अब पँुजीवादमा गइरहेको छ भन्ने कुरा गलत प्रचार हो । जनवादी चीनमा साम्राज्यवादको धक्काले नभत्कने समाजवादी व्यवस्थाको जग हालिँदै छ ।

यही २०४९ सालको फागुन २ र ३ गते त्यहाँ ५ लाख सदस्यता भएको रूसी कम्युनिस्ट  पार्टीको सम्मेलन भयो । यसबाहेक यो पार्टीको अरू पनि देशभक्त पार्टीहरूसँग व्यापक संयुक्त मोर्चा छ र प्रतिनिधिसभामा कम्युनिस्ट  पार्टीको राम्रो पकड छ । साम्राज्यवादी षड्यन्त्रका विरोधमा घोर सङ्घर्ष गरेर नै कम्युनिस्ट हरू फेरि शक्तिमा आउने छन् र निश्चित रूपले कम्युनिस्ट  व्यवस्था स्थापना हुनेछ । पहिलेको समाजवादी सोभियत सङ्घको १५ राज्यमध्ये कतिपय राज्यहरूमा फेरि कम्युनिस्ट हरूलाई नै चुनेर राष्ट्रपतिका रूपमा स्थापना गरेको छ । हालसालै मात्र पनि ताजिकस्तानमा फेरि कम्युनिस्ट लाई नै राष्ट्रपति बनाइएको छ । आज पूर्वी युरोपका विभिन्न देशहरूमा कम्युनिस्ट  पार्टीले बहुमत प्राप्त गरेका छन् ।

हालसालै रूस तथा विभिन्न पूर्वी युरोपका पहिलेका कम्युनिस्ट देशहरूको सर्वेक्षणले स्पष्ट गरेको छ कि ती देशका जनताले आज अमेरिकीले लादेको पँुजीवादी मानवअधिकार र पँुजीवादी व्यवस्थाको तीतो अनुभव गर्न थालेका छन् र आफ्नो देशमा फेरि कम्युनिस्ट  व्यवस्था फर्काउने प्रयासमा लागेका छन् । ती देशहरूका ५० प्रतिशतभन्दा बढी जनताले आज महसुस गरिसके कि पँुजीवादी व्यवस्थाले उनीहरूको जीवन नष्ट गरेको छ र रूस, हङ्गेरी, पोल्यान्ड, युक्रेनका ६७ प्रतिशत जनताले पहिलेको कम्युनिस्ट  व्यवस्था नै खोज्दै छन् र आजको पँुजीवादी व्यवस्थामा मानवअधिकार छैन भन्ने कुरा रूसमा ७५ प्रतिशत  र जर्जियामा ८६ प्रतिशतले व्यक्त गरेका छन् । अर्मेनियाका ६७ प्रतिशत जनता, मोल्दाभियाका ७७ प्रतिशत जनता आजको पँुजीवादी व्यवस्थासँग सन्तुष्ट छैनन् र उनीहरू सबै आ–आफ्नै देशमा कम्युनिस्ट  व्यवस्था फेरि फर्काउन चाहन्छन् । अमेरिकी साम्राज्यवाद तथा तिनका दलालहरूले लाख कोसिस गरून् पहिलेको सोभियत सङ्घ तथा पूर्वी युरोपका देशहरूमा फेरि कम्युनिस्ट  व्यवस्था नै फर्केर आउने छ र विश्वबाट पँुजीवादी व्यवस्थाले जनताको समस्या समाधान गर्न नसक्ता विश्वबाट पँुजीवादी व्यवस्था निश्चित रूपले नष्ट भएर जाने छ । अहिले नै बेलायत र फ्रान्समा यो लक्षण देखिन

थालेको छ र स्वयं अमेरिका अर्थसङ्कटबाट गुज्रिरहेको छ भन्ने कुरो आज कुनै गोप्य होइन र यसबाट उम्कने बाटो नयाँ राष्ट्रपति बिल क्लिन्टनले पनि देखाउन सकिरहेका छैनन् भन्ने कुरो आज स्पष्ट छ । अर्कातिर जनवादी चीनले एक शक्तिशाली देशका रूपमा विकास गर्दै छ र अर्को एक–दई दशकभित्र यो देश विश्वको एक महान् शक्तिका रूपमा देखापर्ने छ । जुन कुरो विश्वका सम्पूर्ण मानवका निम्ति एक शुभलक्षण हो । हामीलाई विश्वास छ, जनवादी चीनको यस शक्तिले विश्व कम्युनिस्ट आन्दोलनलाई नैतिक बल दिने छ । तेनमेन स्क्वायरको काण्डपछि यो देश भताभुङ्ग होला भन्ने साम्राज्यवादीहरू र तिनका दलालहरूको आशा आज हावामा उडेर गएको छ । उत्तर कोरिया, क्युवाजस्ता साना देशहरू पनि आफ्नै खुट्टामा उभिएर समाजवादको रक्षा गर्दै यसलाई सुदृढ गर्दै अगाडि बढिरहेका छन् ।

हाम्रो पार्टीले सोभियत सङ्घमा कालो बादल छाएको बेला पनि हतोत्साह भएर निराश हुने काम गरेन । हामीलाई विश्वास थियो विश्वमा समाजवाद फेरि पनि फर्केर आउने छ । आज फेरि समाजवादको किरण फैलिन लागेको छ । हामीले पनि अझ दुगुना उत्साह लिएर आफ्नो देशमा ‘जनवादी राष्ट्रिय प्रजातन्त्र’ अर्थात् ‘समाजवादोन्मुख राष्ट्रिय प्रजातन्त्र’ छोटकरीमा जनवादी प्रजातन्त्र स्थापना गर्नका निम्ति नि:स्वार्थ भावले दरो पाइला टेकेर अगाडि बढ्न कम्मर कसेका छौँ । मतमतान्तरका कारण अलग भएका कम्युनिस्ट समूहहरू वा व्यक्तिहरूसँग सैद्धान्तिक छलफल गरौ र उनीहरूलाई पनि सही बाटो पहिल्याएर सशक्त कम्युनिस्ट आन्दोलनको निर्माण गरौँ । यही हाम्रो कामना हो । हरबखत मनमा राखौँ ँपार्टी देश र जनताका निम्ति हो, देश र जनता पार्टीका निम्ति होइनन् ।ँ देश र जनताको सेवा गर्ने अठोट लिएर सम्पूर्ण जनतासँग एक भएर अगाडि बढौँ । देशको भविष्य निर्माण गर्ने शक्ति जनता नै हो र सम्पूर्ण जनता, पार्टी वा पार्टीहरू र नेताहरू एकमन भएर अगाडि बढेका खण्डमा हाम्रो बाटो कसैले रोक्न सक्ने छैन । हाम्रो पार्टी सङ्कुचित पार्टी होइन, हामी अरू पनि पार्टीहरूसँग मिलेर एक नयाँ नेपाल निर्माण गर्ने पक्षमा छौँ र देशमा जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न चाहन्छौँ ।

यो हाम्रो लक्ष्य अवश्य पूरा हुनेछ, चाहे जतिसुकै कष्ट सहन किन नपरोस् अन्तमा सत्यकै बिजय हुने छ ।

विश्व कम्युनिस्ट आन्दोलन बढ्दै जानेछ । विश्वका कम्युनिस्टहरू र शोषित पीडित जनता एक हौ ।

नेपाल कम्युनिस्ट पार्टी अमर छ, जनवादी राष्ट्रिय प्रजातन्त्र अवश्य स्थापना हुनेछ ।

सानो फिलिङ्गोले जङ्गलै सखाप पार्छ । आजको यो हाम्रो सानो पार्टीले भोलि निश्चित रूपले विसाल रूप लिएर देशलाई साम्राज्यवाद तथा विदेशी एकाधिकार पँुजी र प्रकृयावादी सामन्तहरूबाट मुक्त गरेर यहाँ सम्पूर्ण जनताका जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्ने एक नयाँ समाजको स्थापना गर्नेछ र नयाँ मानिसको निर्माण गर्नेछ साथै देशको भविष्य निर्माण गर्न विश्वका विकसित मुलुकहरूका दाँजामा खडा हुन सक्ने स्वतन्त्र र नयाँ नेपालको निर्माण हुनेछ ।